


Downloaded from http://dhamma.digital

# आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म

## (Buddhism In The Vision of Modern Science)

लेखक / Author

आर. बि. वन्द्य / R. B. Vandya

Dhamma.Digital

प्रकाशक

ज्ञान ज्योति कंसाकार / Gyan Jyoti Kansakar

लक्ष्मीप्रभा कंसाकार / Laxmi Prabha Kansakar

बुद्ध सम्बत् २५४६ (2546 B.E.) नेपाल सम्बत् ११२२ (1122 N.E.)

विक्रम सम्बत् २०५९ (2059 B.S.) ईस्वी सम्बत् २००२ (2002 A.D.)

Downloaded from http://dhamma.digital

**प्रकाशक**
**ज्ञानज्योति कंसाकार**
**लक्ष्मीप्रभा कंसाकार**
**क्वापुखू, ठंहिटी, काठमाडौं ।**

**यो पुस्तक धम्मदानको लागि हो, बिक्रीको लागि होइन ।**

प्रथम संस्करण : १,००० प्रति (वि.सं. २०५८, आषाढ)
द्वितीय संस्करण : १,००० प्रति (वि.सं. २०५९, बुद्धजयन्ती)

सर्वाधिकार © : लेखकमा सुरक्षित

बुद्ध सम्बत् : २५४६
नेपाल सम्बत् : ११२२
विक्रम सम्बत् : २०५९
ईस्वी सम्बत् : २००२

आवरण डिजाइन : स्वयम्भू रत्न बज्राचार्य

मुद्रक :
स्पेक्ट्रम अफसेट प्रेस
गणबहाल, काठमाडौं
फोन नं. २६६८९२, २६७१५६
ई मेल : spectro@wlink.com.np
spectrum_press@yahoo.com

Dhamma.Digital

Downloaded from http://dhamma.digital

"यो धम्मं पस्सति सो मं पस्सति ।"

(जसले धर्मलाई देख्तछ उसले मलाई देख्तछ ।)

– भगवान् बुद्ध

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# समर्पण

जीवनको अन्तिम घडीसम्म पनि
बुद्ध धर्मानुसारको
ध्यान भावनामा
अवस्थित रही अपरिमित
पुण्यको साधना गर्न सफल हुनु भएकी
प्रातः स्मरणीय
महोपकारी
सद्धर्मप्रेमी ममतामयी दिवंगत
माताश्री सानु माया शाक्यको
पुण्य स्मृतिमा
सादर
साञ्जली समर्पित

**- आर. बि. वन्द्य**

Downloaded from http://dhamma.digital

# प्राक्कथन

पालि वाङमयमा संरक्षित मूल बुद्ध–वचन र प्राकृतिक विज्ञानको आजसम्मको उपलब्धि बारेमा श्री आर. बि. वन्द्यज्यूको गहन अध्ययनको सार संक्षिप्त प्रस्तुति हो "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" । यस पुस्तकको बारेमा लेख्नु बौद्ध–दर्शन र विज्ञान विषय जस्ता उभय क्षेत्रका विज्ञको विषय हो । तसर्थ यी मेरा केही पंक्तिहरू पुस्तक–पाण्डुलिपि अध्ययन क्रमको एक आयामिक भाव–पुष्पाञ्जलि मात्र हो ।

पुस्तकको पहिलो परिच्छेदमा बुद्ध–धर्मको उदयकालतिरका दार्शनिक विभूतिहरूका साथ मानव वंशाणुकोष र आनुवंशिक उपचार–पद्धतिसम्मको विज्ञानको उपलब्धिसम्ममा विहंगम दृष्टिको चित्रण उपलब्ध छ । विज्ञान–प्रयत्नबाट जाति, जरा, व्याधि र मरण दु:खको आसन्न समयावधि पर पर सरिँदै गएको छ । परन्तु अन्तत: सत्य चाँहि "चतु अरिय सच्चं" नै हुन्छ । दोश्रो परिच्छेदमा बुद्ध–धर्म र विज्ञानको उपागम–समानताको चर्चा साथ सफलताको निरन्तर अनन्तता उन्मुख विज्ञानको उपपरमाणु र उर्जा शक्ति भित्रसम्म अन्वेषण–अध्ययनमा बुद्धको हेतुवाद प्रतिपादित छ । धम्म मनोमय छ । मनोविज्ञान र बुद्ध धर्म एउटै भावभूमिको क्षेत्र भएकोले दुबैमा अन्धविश्वासको यत्किंचित पनि स्थान नहुने नै भयो। तृतीय परिच्छेद वास्तवमा प्राचीनतम र सर्वयान वाङ्मयमा स्वीकृत बुद्धका ९, धर्मका ६ र संघका ९ गुणहरूका सार शुद्ध विवेचना हो । चतुर्थ परिच्छेदमा आजको विद्युत र सञ्चार माध्यम, आजको युवावर्गमा परावैजनी किरणको विनाश र भू–तपन प्रक्रियाबाट सावधानी ल्याई दिन, निश्चिन्त, निरव, शान्त निद्राको शान्त–सुख पाउन नसकिइ स्लीपिङ्ग पील्समा निर्भर हुने प्रवृत्तिबाट सजग र सचेत हुने आह्वान छ । पञ्चम परिच्छेदमा थेरवादी बुद्ध–धर्म र दर्शनको अभिधार्मिक आयाममा विश्लेषण भएको छ । षष्टम परिच्छेदमा संसारको सरसरती परिभाषा छ । साथै यस परिच्छेदबाट अनन्त ज्योतिर्मण्डल, अचिन्त्य अनन्त चक्रवाल व्याख्यामा विज्ञानको रजको एक सेकेण्डमा $१^{२२}$ वारका उत्पत्ति, स्थिति र विनाश, विज्ञान

Downloaded from http://dhamma.digital

विश्लेषण, अत्याधुनिक जेनोमिक्स र बुद्धधर्मानुसार मानव जन्मको संश्लेषण-विश्लेषण गर्दै अन्तत: अनात्मदर्शन र आधुनिक विज्ञानको उपलब्धिमा सामञ्जस्यता स्पष्टयाइएको छ ।

पुस्तकको अन्तमा आधुनिक विज्ञानको पर-परमाणु विज्ञान, आनुवंशिक विज्ञान, प्रतिसन्धि विज्ञानको सन्दर्भ, बुद्ध-धर्मको चतुर्महाभूत, तिलक्खना, कम्म-चित्त-ऋतु-आहारको अग्रण्यता, बुद्ध-धर्मको धम्मको "धातु", "विञाण" र नामक्खन्ध" को सूक्ष्म विवेचनाका साथ आधुनिक विज्ञानको सीमा र लौकिक ज्ञानभन्दा लोकोत्तर प्रज्ञा धेरै प्रणीत र सार-श्रेष्ठतर छ भन्ने सिद्ध गर्न पुस्तक पूरा सफल भएको छ ।

श्री आर. बि. वन्द्यज्यू नेपाली, नेपाल भाषा र अंग्रेजी भाषामा संघमहानायक प्रज्ञानन्द महास्थविरको जीवनी लेखनका साथ नेपालको बुद्ध-धर्मको इतिहास र बौद्ध सांस्कृतिक क्षेत्रमा कलम चलाउँदै श्री ५ को सरकारको सेवामा भारतका लागि इकोनोमिक मिनिष्टरसम्मको उच्च ओहोदा सम्हाल्दै "जीवनको प्रत्येक घडीमा अभिधम्मको उपयोग" जस्ता पुस्तकको अनुवादमा देखापर्नु भयो । त्यसको लगत्तै पछि बौद्ध दर्शन सम्बन्धी पुस्तकको अनुवाद गर्दै फेरि आजको विज्ञानको युगमा बुद्ध-धर्म र आधुनिक विज्ञान पुस्तक रचना गर्नु भयो । उहाँकै "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" पुस्तक आज पाठकहरूले पाउनु ठूलो हर्षको विषय भएको छ । मैले पुस्तकको बारेमा विशेष रूपमा लेख्नु उपयुक्त छैन किनभने म विज्ञान विषयवाट अपरिचित छु । तर म विश्वास अनुप्रेरित आकांक्षामा जरूर पनि छु कि विद्वान् लेखकबाट यस्तै-यस्तै युगापेक्षित धर्म दर्शन विज्ञान सम्बन्धी पुस्तकको सृजनमा निरन्तरता रहिरहने छ । अस्तु ।

रु।२।४

न. म. श्रीकीर्ति विहार,
कीर्तिपुर नगरपालिका-१७
मिति : २०५८।३।२९

**भिक्षु सुदर्शन महास्थविर**



Downloaded from http://dhamma.digital

# दुई शब्द

आजभन्दा २६२५ बर्ष पूर्व कपिलवस्तुका राजकुमार सिद्धार्थले सत्यको खोजीमा आफ्नी प्रिय पत्नी यशोधरा र नवजात पुत्र राहुललाई त्याग गरी राजमहल छाडी महाभिनिष्क्रमण गर्नु भएको थियो । यस संसारमा जन्म हुने सबै सत्वले जरा धर्म र व्याधि धर्मलाई भोग गर्दै अवश्यमेव अन्तमा एक दिन मृत्युलाई समेत वरण गर्नु पर्ने वाध्यता छ भन्ने तथ्यबाट गम्भीर रूपमा दु:खित भई राजमहलको भोगविलासको जीवनमा अनाशक्त रहनु भएका राजकुमारले आफ्नो राजकीय सुख सुविधाको आरामदायी जीवनलाई तृण समान सदाको लागि परित्याग गरी जाति, जरा, व्याधि र मरण दु:खबाट सदाको लागि विमुक्ति दिने शान्ति पदलाई देखाउन सक्ने सत्गुरुको खोजीमा निस्किनु भयो । यस खोजीको क्रममा सर्वप्रथम राजकुमार सिद्धार्थ "आलार कालाम" नामक तपस्वीकहाँ जानु भई ब्रम्हचर्य धर्म पालन गरी उहाँबाट सिकेर लिन सकिने सातवटा समापत्ति ध्यान अर्थात् आंकिञ्चन्यायतनको ध्यानसम्मको शिक्षा प्राप्त गर्नु भयो । आफ्नो उद्देश्यको निमित्त उक्त शिक्षा अपर्याप्त रहेको तथ्यलाई महशुस गरी राजकुमार यसपछि "उद्रक रामपुत्र" नामक तपस्वीकहाँ जानु भयो र उहाँबाट आठौं समापत्ति ध्यान अर्थात् नैवसंज्ञानासंज्ञायतनसम्मको ध्यानको शिक्षा प्राप्त गर्नु भयो । किन्तु आठौं समापत्तिसम्मको सो ध्यान ज्ञानको शिक्षाबाट पनि उहाँलाई आफ्नो अभिष्ट सम्बोधि धर्म प्राप्त न सकेन । न त उक्त ध्यानको शिक्षाबाट दु:खबाट पूर्ण निवृत्ति प्राप्त हुन सम्भव भयो । त्यतिञ्जेल प्राप्त भएका ध्यान समापत्तिहरूबाट उहाँलाई अतीत र अनागत कल्पहरूका कुरालाई जान्न सकिने सिद्धि भने अवश्य लाभ भयो । परन्तु ती ज्ञानहरू सम्पूर्ण लौकिक उपलब्धि मात्र थिए । बोधिसत्व सिद्धार्थलाई त जाति, जरा, व्याधि, मरणबाट पीडित सत्व प्राणीहरूलाई उक्त भव संसारको दु:खबाट पूर्णत: मुक्त गराउन सकिने सन्मार्गको खोजी



Downloaded from http://dhamma.digital

थियो । मज्झिम निकाय, पासरासि सूत्तका अनुसार सिद्धार्थले त्यतिञ्जेल आफूले लाभ गरेका ध्यान ज्ञान शिक्षालाई पर्यवेक्षण गरेर हेर्नु भयो । उहाँलाई ती शिक्षा न अर्थ उपयोगी लाग्यो, न धर्म उपयोगी लाग्यो । न आदिब्रम्हचर्य उपयोगी नै लाग्यो । उहाँलाई ती ज्ञानहरू कुनै पनि निर्वेदका लागि, विरागका लागि, निरोधका लागि, शान्तिका लागि, अभिज्ञाका लागि, सम्बोधिका लागि र निर्वाणका लागि उपयोगी लागेन । तसर्थ आफूले हालसम्म लाभ गरेका धर्महरूलाई दुःखबाट पूर्णतः मुक्तिको लक्ष्यको लागि अपर्याप्त सम्झेर उहाँले आफैं विमुक्तिको सत्य मार्गलाई खोजी निकाल्ने दृढ निश्चय गर्नु भयो । यसको लागि उहाँले ६ बर्षसम्म कठोर दुष्कर तपश्चर्या गर्नुभयो । ६ बर्षको कठोर तपस्याबाट उहाँको शरीर सुकेर गई कंकाल मात्र शेष रह्यो । किन्तु सम्बोधिको ज्ञान, दुःखबाट पूर्ण विमुक्तिको ज्ञान उहाँलाई प्राप्त हुन सकेन । सिद्धार्थले विचार गर्नु भयो कि दुष्कर तपश्चर्याको यो मार्ग पनि विमुक्तिको लागि उपयुक्त मार्ग होइन रहेछ । यसरी ६ बर्षसम्मको दुष्कर तपश्चर्याको अनुभवलाई पर्यवेक्षण गरेर हेरिसकेपछि उहाँले पुनः आहारको सेवन गर्न थाल्नु भयो । सिद्धार्थको शरीर पुनः स्वस्थ भएर आयो । तिनताकाको समाजमा कठोर तपस्याले नै मात्र मुक्तिको मार्ग पहिल्याउन सकिन्छ भन्ने आम धारणा थियो । सोही परम्परागत धार्मिक शिक्षा दीक्षा र मान्यतालाई प्रवल रूपमा धारणा गरी सिद्धार्थले मुक्तिको मार्ग पहिल्याउने आशाले ६ बर्षसम्म उहाँको सेवा टहल गरिआएका पञ्चभद्रवर्गीय सेवकहरू सिद्धार्थ कुमारले स्थूल आहार सेवन गर्न लाग्नु भएको देखेर निराश भई उहाँलाई छाडेर गए । किन्तु उहाँले यसबाट किञ्चित मात्रामा पनि विचलित नभई आफैंले बोधिज्ञान खोजी निकाल्ने दृढ संकल्प गर्नु भयो । तसर्थ उहाँ बोधगयामा बोधिबृक्षमुनि बज्रासन गरी बसेर चाहे जेसुकै होस् जबसम्म मलाई बोधिज्ञान प्राप्त हुदैन तबसम्म यो आसनबाट म उठ्ने छैन भनी दृढ प्रतिज्ञा गरी ध्यानमग्न हुनु भयो ।

यसरी २५९० बर्ष अघि वैशाख पूर्णिमाको रात्रीको प्रथम प्रहरमा उहाँले पूर्वजन्महरूका सबै कुरा जान्न सकिने ज्ञान – पूर्व निवासानुस्मृति ज्ञान अभिज्ञा लाभ गर्नु भयो । सोही रात्री उहाँले दिव्यचक्षु ज्ञान पनि प्राप्त गर्नु भयो र वैशाख कृष्ण प्रतिपदाको प्रातःकालमा अरूणोदय हुने बेलामा उहाँले लोभ, द्वेष र मोह



Downloaded from http://dhamma.digital

ामक सम्पूर्ण क्लेशहरूलाई जरा सहित शेष नरहने गरी नाश ारी निर्मूल गर्न सकिने आश्रव क्षय ज्ञान प्राप्त गरेर संसारका ावत् लौकिक एवम् लोकोत्तर धर्महरू, प्रज्ञप्ति र परमार्थ ार्महरूलाई पूर्णत: जान्न सकिने सर्वज्ञता ज्ञान प्राप्त गरी सम्यक् ाम्बुद्ध हुनु भयो । सम्यक् सम्वुद्ध हुनु भएका शाक्यमुनि तथागतमा हेका सबै नवाङ्ग गुणधर्महरूको बारेमा सविस्तार वर्णन यस स्तकको परिच्छेद ३ मा दिइएको छ ।

अब म यहाँ भगवान् बुद्धको सिद्धान्तका विषयमा केही ार्चा गर्दछु । भगवान् बुद्धको सिद्धान्त भनेको अरू होइन, नात्मवाद हो ।

बुद्धको अनात्मवादको सिद्धान्त अनुसार संसारभरिका जड – ार्जीव बस्तुहरू सूर्य, चन्द्र, पृथ्वी, नक्षत्र, तारा, वन, पर्वत, पानी त्यादि कसैले पनि श्रृष्टि गरिराखेका होइनन् । बल्कि ती जड स्तुहरू सबै नै पांचवटा तत्वहरू, पञ्चमहाभूत धातुका समूह मात्र न् । ती पञ्च तत्वहरू भनेको १. पृथ्वी धातु, २. आप धातु, तेज धातु, ४. वायु धातु र ५. आकाश धातु हुन् । त्यस्तै जीव प्राणीहरू पनि कसैले श्रृष्टि गरिराखेका होइनन् । केवल ६ त्वहरूका समूह मात्र हुन् । माथि लेखिएका पांचवटा तत्वहरूमा र हुने एक तत्व हो चित्त अर्थात् विज्ञान ।

धातु भनेको आफ्नो स्वभाव आफैंले अटूट रूपमा धारण रेरहनु मात्र हो । माथि लेखिएका ६ वटा नै धातुहरू जस्तो वी धातु, आप धातु, तेज धातु, वायु धातु, आकाश धातु र ज्ञान धातु कुनै पनि एक क्षणभरलाई पनि स्थीर रहदैनन् । रिवर्तन हुँदै जाने गर्दछन् ।

उपर्युक्त ६ धातुहरूमा सवैभन्दा आश्चर्यजनक धातुचाहिं म धातु हो । वुद्धोपदेश अनुसार नाम धातुमा १. वेदना–अनुभव स्वभाव, २. संज्ञा–संकेत गर्ने सञ्जानन स्वभाव, ३. सङ्खार– णा दिने संस्कार स्वभाव, ४. विञ्ञाण–थाहा पाउने स्वभावहरू ावेश हुन्छन् ।

चित्तकै पनि शक्ति विशेष छदैछ । चित्त भनेको कहिल्यै आरम्मण (=आलम्वन) बाट अलग भएर रहदैन । आरम्मण



Downloaded from http://dhamma.digital

भन्नाले अरू कुरो होइन, यस संसारका चित्तसित सम्बन्धित रहेका सजीव र निर्जीव बस्तुहरू नै आरम्मण हुन् । चित्त र आरम्मण बीच संघटन हुनासाथ तत्काल स्पर्श गर्न पुगेको चित्त निवृत्त भएर नयाँ चित्तको उत्पत्ति हुन्छ । त्यो नयाँ चित्तको पनि अर्को आरम्मणसंग संघटन हुन्छ । यसरी संघटन हुनासाथै त्यो चित्त पनि निवृत्त भएर पुन: अर्को नयाँ चित्तको उत्पत्ति हुन्छ । यस प्रकार चित्तको उत्पत्ति र निरोधको क्रम अनवरत रूपमा जारी रहिरहन्छ । यसरी चित्तको उत्पन्न हुने र विनाश हुने निरन्तर प्रक्रिया सार्है द्रुतगतिमा प्रवाहित भइरहन्छ । एक पटक आँखा झिम्काउंदाको अवधि वा एक पटक बिजुली चम्कंदाको अवधिभित्र लाखौं करोडौं चित्तहरू उत्पत्ति भएर विनाश भएर गइरहन्छन् । चित्तको उत्पत्ति र विनाशको प्रक्रिया अति द्रुततर गतिमा जारी भइरहने भएकोले एकजना व्यक्तिमा जन्मदेखि मृत्यु नहुञ्जेलसम्म एउटै मात्र चित्त रहन्छ भन्ने भ्रामक विश्वास मानिसहरूले लिइराखेका हुन्छन् । उदाहरणार्थ एक घडीभर बालिराखेको बिजुलीलाई दृष्टि दिएर हेरौं । बिजुलीको बल्बमा एक घडीभर मात्र बलिरहेको उक्त बिजुलीलाई प्राय: मानिसहरू एउटै प्रकाश बलिरहेको हो भनी धारणा राख्तछन् । वास्तवमा बिजुलीको स्वीच थिच्नासाथ बल्बबाट निस्केको प्रकाश त सो बत्ती बल्नासाथै लुप्त भएर गइसकेको हुन्छ । घडीभर बलिरहेको बिजुली भनेको त वास्तवमा अरू केही होइन, एक पछि अर्को टांसिसदै जोडिंदै उत्पत्ति भइरहेका क्षणिक क्षणिक प्रकाशका निरन्तर धारहरू मात्र हुन् । ती प्रकाशका धारहरू उत्पत्ति पनि हुंदै गइरहेका छन्, विनाश पनि हुंदै गइरहेका छन् । बिजुलीको प्रकाशमा हुने सो परिवर्तन ज्यादै द्रुततर गतिले जारी रहने भएकोले मानिसको चर्म चक्षुले देख्न छुटयाउन नसकेकै कारणले गर्दा रातभरि बलिरहेको बत्तीको प्रकाशलाई एउटै प्रकाश हो भनी प्राय: मानिसहरू सम्झिरहन्छन् ।

सजीव प्राणीहरूका शरीरभित्र रहेका चित्तको प्रवाह पनि यही क्रमानुसार उत्पत्ति र विनाशका रूपबाट अटूट रूपमा परिवर्तन भइरहेका हुन्छन् ।

एकजना सजीव प्राणीमा मर्नुभन्दा अगाडि अन्तिम रूपमा उत्पत्ति भएको चित्त पनि एउटा न एउटा आरम्मणलाई स्पर्श गरेर अन्त भएर जान्छ । त्यस अवस्थामा सो प्राणीको मृत्यु भएर गए



Downloaded from http://dhamma.digital

पनि उसको अन्तिम चित्त र सो चित्तले स्पर्श गरेको आरम्मणले जन्माएर गएको चित्तले त माथि भनिए अनुसार निरन्तर एकपछि अर्को चित्तको प्रवाहलाई अविच्छिन्न रूपमा उत्पत्ति गराउँदै जान्छ। एउटा कमिलालाई ठूलो घनले जोडले हानेर चूर्ण विचूर्ण पार्दाको अवस्थामा त्यो कमिला बेपत्ता हुने गरी धूलोपिठो भएर गए पनि अन्तिम चित्त र त्यो चित्तले स्पर्श गरेको आरम्मणले जन्माएर गएको चित्तको प्रवाह भने उत्पत्ति विनाशको रूपमा अटूट रूपमा परिवर्तन हुँदै गइरहेकै हुन्छ ।

यस प्रकार चित्तको प्रवाह – धार नछुटेसम्म नै त्यस्तो चित्तको प्रवाहले बगाइरहेको भूमिमा बारम्बार जन्म ग्रहण गर्न जानु पर्ने हुंदोरहेछ । बुद्धको उपदेशानुसार चित्तको प्रवाह जारी राख्न सकिने भूमि अर्थात् लोकहरू जम्मा ३१ प्रकारका छन्, जुन निम्न अनुसारका छन् :

| | | | |
|---|---|---|---|
| १. अपाय भूमि | – | ४ | (चार) |
| २. मनुष्य भूमि | – | १ | (एक) |
| ३. देव भूमि | – | ६ | (छ) |
| ४. ब्रम्हा भूमि | – | २० | (बीस) |
| जम्मा | | ३१ | (एकतीस) |

उपर्युक्त ३१ भूमिहरूमा बारम्बार संसरण भइरहनुलाई संसार भनिन्छ । बुद्धोपदेशित देशनाको मूलभूत उद्देश्य अरू होइन, सत्व प्राणीहरूलाई उक्त संसार दु:खबाट विल्कूल मुक्त गर्नु हो ।

संसार दु:खबाट विल्कूल मुक्त कसरी हुने हो भनी जान्न चाहने पाठकहरूले प्रस्तुत पुस्तकका लेखकले नै अनुवाद गर्नु भएको "पञ्च आलोक" नामक पुस्तक हेर्नु राम्रो हुने छ ।

लेखक श्री आर. बि. वन्द्यज्यूले आधुनिक शिक्षा प्राप्त वैज्ञानिकहरू, बुद्धिजीवीहरू र खासगरेर आजका युगका शिक्षित युवापिंढीका जिज्ञासा, मांग र चाहनालाई दृष्टिगत गरेर यस अधि २०४४ सालमा पनि "आधुनिक विज्ञान र बुद्ध धर्म" नामक पुस्तक लेखी प्रकाशनमा ल्याउनु भएको थियो । अहिले आएर उहाँले विभिन्न वौद्धग्रन्थहरू र सन्दर्भ सामग्रीहरूको अध्ययन गरी आधुनिक विज्ञानका हालसम्मका उपलब्धिहरूलाई समेत संगालेर बुद्ध धर्म र



Downloaded from http://dhamma.digital

आधुनिक विज्ञानका प्रगति, विकास र उपलब्धिका विषयमा तुलनात्मक विवरण समावेश भएको "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक महत्वपूर्ण पुस्तक लेख्नु भएको देख्दा म लेखकलाई हार्दिक साधुवाद र मंगल कामना व्यक्त नगरी रहन सकिंन । प्रस्तुत पुस्तकले नेपाली भाषामा समसामयिक बौद्ध वाङ्मयको एउटा ठूलो खाँचोलाई पूर्ति गर्ने काममा निश्चित रूपमा महत्वपूर्ण सहयोग पुग्ने छ भनी मान्न सकिन्छ । भविष्यमा पनि यसरी नै अमूल्य बौद्धग्रन्थहरू लेख्ने कार्य गर्दै जान सकोस् भनी म लेखकलाई हार्दिक शुभेच्छा प्रकट गर्दछु ।

भि. बुद्धघोष

श्री सुमङ्गल विहार,
ललितपुर ।
२९ असार २०५८ ।

**भिक्षु बुद्धघोष महास्थविर**
अध्यक्ष
अखिल नेपाल भिक्षु महासंघ

Dhamma.Digital



Downloaded from http://dhamma.digital

ध.नं. १८/०४२
बुद्धविहार
भृकुटीमण्डप, काठमाडौं
पो.ब.नं. : ४०५३
फोन : २२७१७६

# धर्मोदय सभा

(स्थापित बुद्धसंवत् २४८८, सन् १९४४ नोभेम्बर ३०)
*(राष्ट्रिय बौद्ध संस्था तथा विश्व बौद्ध भ्रातृत्व संघको क्षेत्रीय केन्द्र)*

च. नं. .........

मितिः २०५८।३।२९

# शुभकामनाका दुई शब्द

विगत पाँच दशकदेखि नेपालमा देखापरेको शैक्षिक जागरणको फलस्वरूप आज हाम्रो मुलुकमा पनि आधुनिक भाषा, साहित्य, कला वाणिज्य, विज्ञान, व्यवस्थापन र प्रविधि सम्बन्धी ज्ञान क्षेत्रमा आधुनिक शिक्षा प्राप्त गरेका शिक्षित, प्रशिक्षित र विद्वान्वर्गको सख्यामा क्रमिक रूपमा अभिबृद्धि भइरहेको पाइन्छ । बुद्धको जन्मभूमि, तपोभूमि र पुण्यभूमि नेपालमा विभिन्न प्रचलित धर्म र दर्शनका आचार्यहरू, भिक्षुहरू, अनागारिकाहरू, मुनी, योगी र साधकहरू र तिनका अनुयायीहरू, अनुचरहरू, सहचारीहरू र विभिन्न धर्म र मतका श्रद्धालु उपासक उपासिकाहरू, भक्त र भक्तिनीहरूको संख्यामा पनि कुनै कमी रहेको छैन ।

प्राचीन धर्म, मत, वाद र दर्शनका धर्मगुरुहरू, आचार्यहरू र अनुयायीहरूमा आ–आफ्ना प्राचीन धर्म र दर्शनका शास्त्रहरूका विषयमा ज्ञान प्रचुर मात्रामा रहे पनि उनीहरूलाई प्रायश आधुनिक विज्ञान र प्रविधिको क्षेत्रमा भएका अनुपम विकास र प्रगतिका सम्बन्धमा केही आधिकारिक जानकारी नरहने गरेबाट उनीहरूमा समय सुहाउँदो धार्मिक सहिष्णुता र दार्शनिक उदारताको भावनाको अभाव रहने गरेको पाइन्छ । यसैले गर्दा आधुनिक शिक्षाको प्रभावमा परेर पुरातन धर्म र शास्त्रको मान्यतालाई जिज्ञासावश प्रश्न उठाउने शिक्षित समुदायलाई पनि उनीहरूमा नास्तिकको संज्ञा दिन हत्तारिने प्रवृत्ति भएकोले आधुनिक शिक्षा प्राप्त बुद्धिजीवीहरू र युवावर्गलाई धर्म र दर्शनको क्षेत्रमा आकर्षित गर्न प्रायः असक्षम रहेको गुनासो बढी सुनिने गरेको छ । त्यसरी नै आधुनिक पश्चिमी शिक्षा प्राप्त युवावर्ग र बुद्धिजीवीहरूमा प्राचीन धर्म, दर्शन र मान्यताहरू सबैलाई कुनै अध्ययन, अनुसन्धान, विश्लेषण र विवेचना वेगर नै रूढिवादी, पुराना,

ओ

Downloaded from http://dhamma.digital

अनुपयोगी र अवैज्ञानिक समय नसुहाउँदो विचारधाराहरू मात्र हुन् भनी अस्वीकार गर्ने, तिरस्कार गर्ने र अवज्ञा गर्ने पुर्वाग्रही प्रवृत्ति नै प्राय: ज्यादा विद्यमान रहेको देखिन्छ । आधुनिक वैज्ञानिकहरूलाई प्राचीन धर्म दर्शनको ज्ञानै नरहने र प्राचीन धर्म र दर्शनका गुरुहरूलाई आधुनिक विज्ञानको नूतन ज्ञान र दृष्टिकोणबारे केही अध्ययन र जानकारी नै नरहने गरेकोले समाजका यी दुईवर्गका बीच आपसी श्रद्धा र आपसी सञ्चारको सख्त कमी महशूस गरिएको छ । आज यी दुईवर्गका बीचको यही सञ्चारको कमी र सम्वादको अभावले पुस्ताको खाडल **(Generation gap)** को नयाँ नयाँ समस्या सिर्जना गरेको पाइन्छ । यसले गर्दा मानवोचित सामाजिक विकासले सामयिक निकास पाउन समेत वाधा परेको छ ।

बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्द्यज्यूले बुद्ध धर्म र आधुनिक विज्ञानका गम्भीर पक्षमा गहन रूपमा तुलनात्मक अध्ययन गरी सर्वप्रथम २०४४ मा "बुद्ध धर्म र आधुनिक विज्ञान" नामक एउटा छुट्टै ऐतिहासिक पुस्तक नै प्रकाशन गर्नु भई नेपाली वाङ्मयमा रहेको ठूलो अभावको परिपूर्ति गर्नु भएको थियो । मलाई अद्यापि राम्ररी सम्झना छ कि धर्मोदय सभाको आग्रहमा काठमाडौंमा स्वयम्भूको आनन्दकुटीमा २०४४ साल पौष १९ गते आयोजित धर्मोदय सभाको प्रथम राष्ट्रिय सम्मेलनमा विद्वान् लेखक श्री आर. बि. वन्द्यज्यूले "आधुनिक विज्ञानको नजरमा बुद्ध धर्म" नामक विद्वत्तापूर्ण कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँको उक्त बुद्ध धर्म र विज्ञान सम्बन्धी गम्भीर सामयिक विश्लेषणात्मक सन्तुलित प्रस्तुतिलाई नेपालका आधुनिक शिक्षा प्राप्त विविध विधाका बुद्धिजीवीहरूदेखि लिएर नेपालमा प्रचलित महायान, बज्रयान र थेरवाद परम्पराका धर्माधिकारीहरू र उपासकोपासिकाहरू समेतले प्रशंसा गर्दै उहाँको विचारोत्तेजक उत्प्रेरक सम्बोधनलाई सहर्ष स्वागत गरेका थिए ।

त्रिभुवन विश्वविद्यालयका भू.पू. उपकुलपति श्री सूर्य बहादुर शाक्यज्यूको अध्यक्षतामा धर्मोदय सभाका तत्कालीन उपाध्यक्षको हैसियतले म आफैले सम्मेलनको संयोजक रही सञ्चालन गरेको उक्त प्रवचन र छलफल कार्यक्रममा श्री वन्द्यज्यूको कार्यपत्रमा नेपालका विद्वान् महानुभावहरू त्रि.वि.वि. का तत्कालीन शिक्षाध्यक्ष



Downloaded from http://dhamma.digital

प्रोफेसर डा. श्री चन्द्र प्रसाद गोर्खालीज्यू र अंग्रेजी साहित्यका विद्वान् प्रा. श्री माणिक लाल श्रेष्ठज्यूले टिप्पणीकारका हैसियतले आ–आफ्ना टिप्पणीहरू गर्नु हुंदा समेत धर्म र विज्ञानको क्षेत्रमा लेखकको ऐतिहासिक योगदानको निकै प्रशंसा गर्नु भएको थियो । तदनन्तर पनि बुद्ध धर्म र आधुनिक विज्ञानका बारेमा उहाँले समय समयमा विभिन्न संघ संस्थाहरूमा गम्भीर रोचक प्रवचनहरू दिएर धर्म र विज्ञानको उपलब्धि र योगदानलाई मानव समाजको सन्तुलित विकासमा उपयोग गर्नका लागि बुद्धिजीवीहरूको ध्यान आकर्षित गर्दै आउनु भएको छ । बौद्ध विद्वान् श्री वन्द्यज्यू नेपालका बुद्धिजीवीहरू र धार्मिक क्षेत्रका महानुभावहरूका माझ लोकप्रिय हुंनुहुन्छ र नेपालको बौद्ध समाजमा उहाँको आफ्नो एक विशिष्ट स्थान छ ।

विद्वान् लेखक श्री आर. बि. वन्द्यज्यूले आधुनिक विज्ञान र [प्र]विधिको क्षेत्रमा यस नयाँ सहश्राब्दीको प्रारम्भदेखि हालसम्म जनन [वि]ज्ञान, मानव वंशाणु कोष विज्ञान (जेनोमिक्स), चिकित्सा विज्ञान, [अ]न्तरीक्ष विज्ञान र सूचना प्रविधि विज्ञानको क्षेत्रमा भएका द्रुततर [वि]कासका अद्यावधिक प्रगति समेतलाई संगाल्दै बुद्ध धर्म र [आ]धुनिक विज्ञानका बीच तुलनात्मक अध्ययन समावेश गरी पुन: [प्र]स्तुत पुस्तक "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक [अ]त्यन्त गम्भीर, उत्प्रेरक र विचारोत्तेजक सामयिक ग्रन्थ प्रकाशित [ग]र्नु भएको छ । यस पुस्तकमा उहाँले बुद्धकालीन युग र आजका [यु]गका केही अद्वितीय सामञ्जस्यताहरूका बारेमा चर्चा गर्नुका साथै [बु]द्ध धर्म र आधुनिक विज्ञानका बीच विद्यमान समानता र [सा]मीप्यताका क्षेत्रहरूलाई पनि विश्लेषणात्मक रूपमा प्रस्तुत गर्नु [भ]एको छ । साथै त्रिरत्नका रूपमा सुविख्यात बुद्ध, धर्म र संघका [गु]ण र आनिशंसहरू पनि समावेश गरिएको प्रस्तुत पुस्तकमा बुद्ध [ध]र्मको स्वरूपलाई पनि संक्षिप्त रूपमा सरल ढंगमा प्रस्तुत गरी [वि]द्वान् ग्रन्थकारले बुद्ध धर्मको गम्भीर दर्शन – अभिधर्मलाई पनि [पा]ठकहरूलाई सजिलै बुझ्न सकिने बनाई दिनु भएको छ ।

यस पुस्तकमा बुद्ध धर्मका केही प्रमुख आधारभूत दार्शनिक [धा]रणाहरू र मान्यताहरू जस्तै अनित्यवाद, दु:खवाद र [अ]नात्मवादका साथै संसार र अनन्त चक्रवाल सम्बन्धी बौद्ध [धा]रणाहरूलाई आधुनिक विज्ञानको विकासको अद्यावधिक



Downloaded from http://dhamma.digital

उपलब्धिसंग तुलना गरी विवेचना प्रस्तुत गरिएकोले प्रस्तुत पुस्तक निकै रोचक र पठनीय रहेको छ । विद्वान् लेखकले पुस्तकको अन्तिम परिच्छेदमा आएर आधुनिक विज्ञानको लौकिक ज्ञान क्षेत्रले अझैसम्म छिचोल्न नसकेका बुद्ध धर्मका विशेषताहरू समेत पहिल्याउनु भई आधुनिक युगका वैज्ञानिकहरू र आधुनिक शिक्षा प्राप्त विद्वत्वर्गका ध्यान बुद्ध धर्मको सम्यक् सन्देशको मर्मतिर आकर्षित गर्नु भएको छ ।

प्रस्तुत पुस्तक सद्धर्मप्रेमी श्रद्धालुवर्ग र आधुनिक बुद्धिजीवीहरू सबैको लागि उत्तिकै रोचक, ज्ञानवर्द्धक, पठनीय र मननीय रहने विश्वास मेरो छ । अत्यन्त परिश्रम गरी यस प्रकारको सारगर्भित पुस्तक लेख्नु हुने बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्चज्यूलाई म हार्दिक बधाइका साथ सहर्ष शुभकामना ज्ञापन गर्दछु ।

नेपाली समाजले उहाँबाट यस्तै अनमोल ग्रन्थहरू भविष्यमा पनि पाउँदै रहने आशा र विश्वास पनि व्यक्त गर्न चाहन्छु ।

शुभम् अस्तु सर्वदा कालम् ।

**लोकदर्शन बज्राचार्य**
अध्यक्ष, धर्मोदय सभा, नेपाल
तथा
उपाध्यक्ष तथा केन्द्रीय कार्यकारिणी सदस्य
विश्व बौद्ध भ्रातृत्व संघ,
बैंकक, थाइल्याण्ड

मिति : २०५८।३।२९
कमलादी, काठमाडौं



Downloaded from http://dhamma.digital

# मन्तव्य

प्रकृतिको विविध पक्षका प्रमाणनीय अनुभूतिको वस्तुगत प्रयुक्ति सम्बन्धी क्रमवद्ध ज्ञान विज्ञान हो । प्रागैतिहासिक समयदेखि नै विज्ञानको ज्ञानप्रति मानिस आकृष्ट रही क्रमश: विज्ञानका क्षेत्रहरूको अध्ययनमा विस्तार र उन्नति गर्दै आएता पनि सत्रौं शताब्दीमा ग्यालिलियोद्वारा गरिएको विद्वता र कारिगरीको सफल संयोजनबाट नयाँ निष्कर्षहरूको खोजी र तिनीहरूको प्रस्तुतिकरणपछि आधुनिक विज्ञानको उदय भएको मानिन्छ। आज विज्ञान र विज्ञानले जन्माएको प्रविधि मानव सभ्यताको एक अभिन्न अङ्गको रूपमा अति विकसित भएको छ र विकासको क्रम द्रुततर जारी छ ।

विज्ञान र प्रविधि तथा तिनीहरूको प्रयोगविनाको समाजको अब कल्पना गर्नै नसक्ने भइसकेको छ । परन्तु मानव सभ्यता र मानव कल्याणकारी कार्यको चरमोत्कर्ष उन्नयन र तिनीहरूको पूर्णताका लागि भने भौतिक उन्नति अपरिहार्य भएता पनि अपूर्ण नै मानिन्छ । त्यसका लागि आध्यात्मिक ज्ञान, त्यसको विस्तार, उन्नति र भौतिक जीवनमा त्यसको प्रयोग पनि त्यत्तिकै आवश्यक भएको कुरा आज सर्वत्र स्वीकारिन थालेको छ ।

बुद्ध धर्म वास्तवमा आध्यात्मिक भावनाबाट अभिप्रेरित उत्कृष्ट दर्शनमा आधारित धर्म हो र यसले विज्ञानले झैं मानव जीवनमा सुख र शान्ति प्राप्तिका लागि महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै आदर्श जीवनका मार्गहरू पनि प्रशस्त पारी दिएको छ । आध्यात्मिक प्रतिवद्धता र चिन्तनविनाको विज्ञान श्रृष्टिका संहारकको रूपमा अक्सर प्रस्तुत हुने गर्दछ भने बुद्ध धर्ममा अन्तर्निहित विचारहरू, उपदेशहरू र निर्दिष्ट नियमहरू सधैं "वहुजन हिताय" को उद्देश्य बोकेको मानव कल्याणकारी कार्यमा केन्द्रित हुने गरेको पाउँछौं । यिनै बुद्ध धर्म र आधुनिक विज्ञानको अन्तरसम्बन्धलाई श्री आर. बि. वन्द्यज्यूद्वारा लिखित "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक यस पुस्तकमा अति सरल, आकर्षक र चिन्तन–योग्य ढङ्गबाट प्रस्तुत गरिएको छ ।



Downloaded from http://dhamma.digital

तार्किक विश्लेषणका साथ प्रस्तुत पुस्तकमा भौतिक दृष्टिबाट विवादरहित हुन नसक्ने केही तर्कहरूले पनि स्थान पाएका छन् । उदाहरणका लागि पुस्तकको एक ठाउँमा लेखिएको छ – "…..वैज्ञानिकहरू पनि पैसाको लालच, पदको लोभ र भौतिक सुखको मोह जस्ता स्थूल लोभ, दोष र मोहमा जकडिएर जानी वा नजानिकनै पद, नाम र धनकै लागि आफ्ना ज्ञान, विवेक, इमान र क्षमताको विक्री गर्दै तिनमा सम्भावित दुरुपयोगमा सहभागी भई अशान्त जीवन व्यतीत गर्न विवश छन्, तृष्णा र आशक्तिको फन्दामा परी दौर्मनस्य उपायासको भवचक्रमै अनन्तकालसम्म रुमल्लिरहन वाध्य छन् र भय र त्रास, अनिश्चितता र आशङ्काको जीवन जिउन लाचार छन् ।" यस तर्कलाई भौतिक दृष्टिबाट हेर्दा निरपेक्ष सत्यको रुपमा स्वीकार्न सकिंदैन । कुनै ठोस योगदानविना आफैले आफैलाई वैज्ञानिकको रूपमा प्रस्तुत गर्न खोज्ने केही छद्म वैज्ञानिकहरू (pseudoscientist) भने शायद त्यस्ता पाइन सक्ला ।

वैज्ञानिकहरूबारे त्यस किसिमको धारणा राख्नु भएता पनि विज्ञानको उपलब्धिको सराहना गर्न लेखक विलकुलै चुक्नुहुन्न । विज्ञानको विकासको व्यापकता र विकासले पहिल्याएको दिशा बुद्ध धर्मसंग अविरुद्ध छैन अपितु ती बुद्ध धर्मसंगत छन् र बौद्ध सिद्धान्तलाई सिद्ध गर्ने दिशातिर उन्मुख छन् भन्ने कुरामा भने लेखक अत्यन्त प्रभावकारी रुपमा प्रस्तुत हुनु भएको छ । नि:संकोच शाश्वत सत्यको रूपमा स्वीकार्न सकिने लेखकका धेरै तर्कहरूमध्ये म यहाँ एउटा तर्क उद्धृत गर्न चाहन्छु– "….. वैज्ञानिक विश्लेषण, विभाजन र विवेचनाबाट पहिचान गरी ती जीव रूपहरूमा समेत शाश्वत, स्थिर, अपरिवर्तनीय, अक्षय, अव्ययकारी आत्मा तत्व नामक ठोसभूत सारभूत तत्व केही नभएका अनात्म स्वभाव हुन् भन्ने कुरालाई अन्तिम रूपमा प्रमाणित गरी अनात्मवादको बौद्ध सिद्धान्तलाई पनि सिद्ध गर्ने दिशातिर धेरै हदसम्म आजको विज्ञान अगाडि बढिसकेको प्रतीत हुन्छ । बुद्ध धर्म र दर्शनले अनित्यलाई नै दु:ख मानी आएकोले आधुनिक विज्ञानले अनित्यवाद र दु:खका सिद्धान्तलाई निरापवाद रूपमा नै प्रमाणित गरिसकेको पाइनुचाहिं दार्शनिकहरू र वैज्ञानिकहरू दुबैलाई निश्चय नै सुखद् संयोग एवं हर्ष तथा प्रमोदको सत्य सिद्ध हुन्छ । विज्ञानको विकासलाई त्यसैले प्रशंसा र सराहना गर्नु पनि आवश्यक छ ।"



Downloaded from http://dhamma.digital

सातवटा परिच्छेद सहितको यस पुस्तकमा वर्तमान युग र बुद्ध धर्म सम्बन्धी व्याख्या गरिनुका साथै आधुनिक विज्ञानबीच बुद्ध धर्मको समानता र सामिप्य दर्शाइएको छ । त्रिरत्न परिचय र बुद्ध धर्मको स्वरूप आदि विषयहरूमा विस्तृत चर्चा पनि गरिएको छ । लेखकले भौतिकवादी विचार र बुद्ध धर्मका आदर्शहरूको सन्तुलित प्रयुक्तिको दिशातर्फ आजका युवापिंढीलाई डोऱ्याउन चाहेको आभास पनि पुस्तकमा पाइन्छ । आधुनिक विज्ञानका विधाहरूमा गरिएका चर्चाबाट लेखक आधुनिक विज्ञानका विविध क्षेत्रहरूमा धेरै जानकारी राख्नुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ । भौतिक विज्ञान, रासायनिक विज्ञान, गणित, आनुवंशिकीका आधुनिकतम ज्ञान समेत जीव-विज्ञानका विविध पक्षहरूसंग पनि लेखक धेरै परिचित रहनु भएको स्पष्ट हुन्छ ।

यो पुस्तक त्रिभुवन विश्वविद्यालयको बुद्ध दर्शन सम्बन्धी पोष्ट ग्राजुयत डिप्लोमाका विद्यार्थीहरू र बुद्ध धर्म र दर्शन सम्बन्धी अनुसन्धानकर्ताहरूका लागि उपयोगी सिद्ध हुनेछ भने बुद्ध धर्म, विज्ञान, संस्कृति, दर्शन र एसियाली अध्ययनमा संलग्न एवं रुची राख्ने सबै पाठकहरूलाई पनि उपयोगी हुने अपेक्षा गर्न सकिन्छ । सिद्धहस्त लेखकको यो एघारौं पुस्तक यसभन्दा अघिका अन्य दश पुस्तकहरू जस्तै लोकप्रिय र सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । भविष्यमा अझै उच्च स्तरका कृतिहरू लेखकबाट आइरहने अपेक्षा गर्दै प्रस्तुत पुस्तकको सफल लेखनप्रति हार्दिक बधाई दिन्छु र लेखक श्री आर. बि. वन्द्यज्यूको निरन्तर सफलताको हार्दिक कामना गर्दछु ।

**डा. कमलकृष्ण जोशी**
पूर्वउपकुलपति
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

ललितपुर
आषाढ, २०५८



Downloaded from http://dhamma.digital

# मन्तव्य

आजको विश्व विज्ञान र प्रविधिबाट सृजित आश्चर्यहरूले भरिएको छ । आर्थिक प्रगति र विकासले गर्दा मानवको जीवनशैलीमा हाल अकल्पनीय परिवर्तन आएको छ र अन्य ग्रहहरूमा अवतरण, जीव-जन्तुका प्रयोगशाला विधिबाट प्रजनन (Cloning), मानव गुणसूत्रहरूका सहज विश्लेषण, हरितक्रान्ति इत्यादि चमत्कारहरू आज सहज घटना बन्न पुगेका छन् । यस्तो उल्लेखनीय प्रगतिका बावजूद पनि मानवजातिले दु:ख र संतापबाट मुक्ति पाउन सकेको छैन ।

मानवीय दु:ख-पीडाको इतिहास मानवजातिको प्रादुर्भावसंगै गाँसिएको छ । यी दु:ख-पीडाबाट मुक्तिका लागि अनेकौं विद्वान्-हरूले बेला बेलामा आ-आफ्ना विशिष्ट दर्शनहरू प्रस्तुत गरेका छन् र कालान्तरमा उक्त दर्शनहरूको विकास विभिन्न धर्महरू - हिन्दू, बौद्ध, इसाई, इस्लाम इत्यादिका रुपमा भएको छ । दक्षिण एसियामा उदित हिन्दू र बौद्ध धर्मका अनुयायीहरूको संख्या विश्व जनसंख्याको करीव एक चौथाई छ र बौद्धमार्गीहरूको संख्या दक्षिण-पूर्व र पूर्वी एसियाका देशहरूमा बढी छ ।

वैज्ञानिक तर्क र आधार नभएको धर्म टिकाउ र सर्वमान्य हुँदैन । बुद्धले प्राकृतिक नियममा आधारित "शाश्वत-सत्य" लाई नै धर्म भन्नुभयो । त्यसैकारण बौद्ध-धर्म कालजयी भएको छ । बौद्ध-धर्मले मानवीय दु:ख-पीडा उन्मूलनका लागि अतिसुख (सांसारिक) र अतिदु:ख आत्मपीडा) प्रदायिनी जीवनशैली (धर्म) को सट्टा मध्यमार्गीय जीवनशैलीको अनुशरणमा बल दिएको छ । यसले सर्वसाधारणलाई सम्मान र निर्वाण (मोक्ष) प्राप्तिका लागि देखाएका उपायहरूमा राम्रो ग्रार्हस्थ्य, परोपकार, उचितकर्म इत्यादि समाविष्ट छन् । सारांशमा दु:खबाट त्राण पाउनका निम्ति नै बौद्ध-धर्मको प्रादुर्भाव भएको हो । आजको विज्ञानले पनि भोजन, बसोबास, स्वास्थ्य इत्यादिसंग गाँसिएका दु:ख निवारणमा महत्वपूर्ण भूमिका खेलेको छ र विज्ञान तथा बौद्ध-धर्मको अन्तिम लक्ष्य मानवीय मोक्ष नै हो । उपरोक्त सन्दर्भमा बौद्ध-धर्मका वैज्ञानिक धरातलका अन्वेषणमा श्री आर. बि. वन्द्यज्यूद्वारा लिखित ग्रन्थ "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" मा बौद्ध-दर्शन र आधुनिक वैज्ञानिक



Downloaded from http://dhamma.digital

सिद्धान्तमा अन्तर्निहित सम्बन्धको राम्रो व्याख्या प्रस्तुत गरिएकोछ । लेखकले विज्ञान र प्रविधिका क्षेत्रमा भएका प्रगतिहरू जस्तो मानव र अन्य जीव–जन्तुका प्रयोगशाला विधिबाट प्रजनन (Cloning), मानव गुणसूत्रहरू (Genome) को अध्ययन र विश्लेषण, सञ्चार क्षेत्रमा भएको वैज्ञानिक क्रान्ति, मानवबाट ग्रह–नक्षत्रहरूमा हुने पर्यटन (Space tourism), परमाणु इत्यादिको अद्यावधिक विवरण प्रस्तुत गर्दै, "एक्लै विज्ञान–प्रदत्त सुख–सुविधाले मानवलाई शान्ति र सन्तुष्टि प्रदान गर्न सक्दैन" भन्ने निष्कर्षमा पुग्नु भएको छ ।

बौद्ध–दर्शनमा विभिन्न अबयवहरूले बनेको र सतत: विकसित भैरहेको ब्रम्हाण्डमा प्रकृति र जीव–जन्तुमा पाइने परस्पर सम्बन्धको तर्कयुक्त व्याख्या गरिएको छ जसको पुष्टि आजको पारिस्थितिक विज्ञान (Ecology) ले पनि गर्दछ । पुन: बौद्ध–दर्शनले मानवका समष्टिगत विकास (भौतिक, सामाजिक, आध्यात्मिक) मा बल दिएको हो र उपरोक्त विकास धर्म र विज्ञानका संयुक्त प्रयासबाटै सम्भव हुन सक्छ । बौद्ध–धर्म र आधुनिक विज्ञानमा पाइने परस्पर सम्बन्ध बृहत् र जटिल विषय हुनाले एउटै ग्रन्थमा सम्पूर्ण व्याख्या समाविष्ट हुन सक्दैन तर पनि यस ग्रन्थमा प्रस्तुत व्याख्याहरू पठनीय र सराहनीय छन् । हुन त धर्म र विज्ञान दुई अलग अलग विधा हुन् र त्यस अर्थमा धर्म र विज्ञान एक–अर्काका परिपूरक नै हुन् । प्रस्तुत ग्रन्थका विषयवस्तु र प्रस्तुतीकरण अत्यन्त रोचक र ज्ञानवर्द्धक छन् र सारांशमा यो ग्रन्थ मानव उत्थानका लागि प्रेरणादायी प्रयास बनेको छ ।

पाश्चात्य सभ्यताको प्रभावले विकृत अवस्थामा पुग्न लागेको हाम्रो समाजलाई नैतिकता र कर्तव्यबोधको दिशातर्फ प्रेरित गर्न यस कृतिले ठोस योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । यस्तो कार्य गर्नु भएकोमा लेखकलाई बधाई दिन चाहन्छु ।

**डा. प्रमोद कुमार झा**
प्राध्यापक
वनस्पतिशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, तथा
अध्यक्ष
इकोलोजिकल सोसाइटी (इकोस)

२०५८।३।२९
कीर्तिपुर, काठमाडौं



Downloaded from http://dhamma.digital

# हार्दिक शुभेच्छा

संसारमा हाम्रा प्राचीन आध्यात्मिक एवम् सांस्कृतिक धरोहरको रूपमा रहेका बुद्धधर्म र आधुनिक विज्ञान जस्ता दुईटा गहन विषयहरूमा आधिकारिक जानकारी राख्ने सद्धर्मप्रेमी विद्वान्हरू बहुत दुर्लभ रहेका हुन्छन् । बौद्ध विद्वान् एवम् ग्रन्थकार श्री आर. बि. वन्द्यज्यू आधुनिक विज्ञानका अद्यावधिक विकासका उपलब्धि सम्बन्धमा गहिरो ज्ञान र समझदारी राख्ने प्रतिभाशाली व्यक्ति रहे झैं बुद्धधर्मका गम्भीर दार्शनिक पक्ष – अभिधर्म जस्तो कठीन प्रज्ञाधर्म विषयका पनि उच्चस्तरका विज्ञ हुनुहुन्छ । बुद्धधर्मको अभिधर्म र आधुनिक विज्ञान जस्ता कठीन विषयलाई सर्वसाधारण सबैले सहज रूपमा बुझ्न सकिने गरी अत्यन्त सरल एवं रोचक ढंगले व्याख्यान गरी सद्धर्मप्रेमी मुमुक्षजन र जिज्ञासुहरूलाई आकर्षित गर्न सक्नु उहाँको विशेषता नै रहेको मैले पाएको छु । उहाँले आधुनिक विज्ञान र बुद्धधर्मका विभिन्न पक्षहरूमा समय समयमा विभिन्न संघ संस्थामा दिनु भएका रोचक एवं गहन प्रवचनहरूबाट नेपाली बौद्ध समाज निकै लाभान्वित भएका छन् ।

Dhamma.Digital

उहाँले २०३६ सालदेखि अभिधर्मका साथै आधुनिक विज्ञान र धर्मको तुलनात्मक अध्ययनलाई लिपिबद्ध गर्ने प्रक्रियाको थालनी गर्नु भएको हो । नेपालका सम्पूर्ण भाषाभाषी समुदायहरूलाई नेपालका ऐतिहासिक सुपुत्र एवं शान्तिनायक शाक्यमुनि बुद्धद्वारा उपदेशित धर्मको महत्वलाई जानी बुझी पहिचान गरी धर्मरसको रसास्वादन गर्न सजिलो होस् भन्ना खातिर उहाँले नेपाली भाषामा सम्पादन गरी लेख्नु भएको "बुद्धधर्म र आधुनिक विज्ञान" नामक प्रथम दुर्लभ पुस्तक २०४४ मा प्रकाशित भएको हो । धर्मोदय सभाले नेपालमा २०४४ सालमा नै सर्वप्रथम आयोजना गरेको राष्ट्रिय सम्मेलनमा पनि उहाँले "आधुनिक विज्ञानको नजरमा बुद्धधर्म" शिर्षकमा अत्यन्त विचारोत्तेजक कार्यपत्र प्रस्तुत गर्नु भई



Downloaded from http://dhamma.digital

बौद्ध जगतको सार्वजनिक प्रशंसा जित्नु भएको थियो । उहाँले नेपालमा बुद्धधर्मको क्षेत्रमा आर. बि. वन्द्यको नाउँबाट २०१९ सालमा बुद्धधर्म सम्बन्धी भक्तिगीत रचना प्रकाशित गरी धर्मको क्षेत्रमा आफ्नो लेखनको यात्रा प्रारम्भ गर्नु भएको हो ।

काठमाडौं उपत्यकाभित्रको - प्रमुख प्राचीन बौद्ध महाविहारहरू मध्ये एक रहेको काठमाडौं महानगरपालिका वडा नं. २४ को वटु टोलस्थित तधंवहाल भनिने धर्मचक्र महाविहार अन्तर्गत पिछेबहाल अर्थात् पिथुछ्यें विहार भनिने जाम्बुनन्दन पूर्ण बुद्ध महाविहार कवलका अत्यन्त धार्मिक शाक्य परिवारमा जन्मनु भएका लेखक श्री आर. बि. वन्द्यज्यू शैशवावस्थादेखि नै सद्धर्ममा सक्रिय अभिरूची लिनुहुन्थ्यो । संसारमा सम्पूर्ण रसलाई धर्म रसले जित्दछ भन्ने बुद्ध वचनको सत्य अनुकुल उहाँले बुद्धधर्मको विभिन्न विधामा आफ्नो कलम चलाउनु भएको छ । उहाँको बुद्ध, धर्म र संघका गुण आनिशंसले युक्त भक्तिगीतहरू पनि प्रकाशित भएका छन् । यस अघि पनि उहाँले "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग", "पञ्च आलोक" र धातुभेदानुपस्सना" जस्ता गम्भीर अभिधर्म सम्बन्धी पुस्तकहरूको अनुवाददेखि लिएर "काकवलीय महाजनहरूको कथा", "संघमहानायक अग्गमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनीहरू" र "बुद्धधर्म र आधुनिक विज्ञान" जस्ता नेपाली, अंग्रेजी, नेपाल भाषामा गरी १० वटा पुस्तकहरू लेखी प्रकाशित गरिसक्नु भएको छ ।

"आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म" नामक प्रस्तुत पुस्तकमा उहाँले आधुनिक विज्ञान र प्रविधिको क्षेत्रमा हालसम्म देखिएको विज्ञानको उपलब्धिलाई समेटी विज्ञानले बुद्धधर्मको प्राचीन दार्शनिक एवं धार्मिक आधारहरूलाई कसरी वैज्ञानिक विश्लेषणबाट नै धमाधम एक एक गरी पुष्टि गर्दै जान थालेको छ भन्ने रोचक तथ्यलाई सप्रमाण प्रष्ट पार्नु भएको छ । यस पुस्तकमा विद्वान् लेखकले आधुनिक विज्ञानको लौकिक ज्ञान क्षेत्रको विशेषता र सीमा समेतलाई प्रस्तुत गर्दै भगवान् बुद्धको सर्वज्ञता ज्ञानको श्रेष्ठतालाई बहुतै मार्मिक ढंगले प्रष्ट रूपमा चित्रण गर्नु भई आधुनिक शिक्षा प्राप्त विद्वत्वर्ग र बुद्धिजीवीहरूलाई जीवनको सही लक्ष्य सम्बन्धी बुद्धधर्मको सम्यक् सन्देशलाई प्रभावकारी रूपमा जनसमक्ष राख्नु भएको छ ।



Downloaded from http://dhamma.digital

विज्ञान र धर्म दुबै क्षेत्रका जिज्ञासु महानुभावहरूका लागि अत्यन्त पठनीय, मननीय र उत्प्रेरक विद्वत्तापूर्ण सामग्रीहरूबाट भरिएको प्रस्तुत पुस्तकबाट आ-आफ्ना जीवनको सही लक्ष्यको साधना गर्न विज्ञ पाठकहरूलाई प्रोत्साहित गरी आजको अशान्ति, कलह र विग्रहको युगमा व्यक्ति, समाज, राष्ट्र र विश्वमा अत्यावश्यक सुख शान्ति, जय मङ्गल र कल्याणको सही सन्देश प्रदान गर्न सघाउ पुग्ने अपेक्षा गरेको छु । यस प्रकारको दुर्लभ, विचारोत्तेजक, उत्कृष्ट ग्रन्थ लेखी प्रकाशनमा ल्याउनु हुने लेखक श्री आर. बि. वन्द्यज्यूलाई यस शुभ घडीमा नेपालको जेष्ठ धार्मिक संस्था ज्ञानमाला भजन खलः, स्वयम्भू र युवा बौद्ध समूह, काठमाडौंका तर्फबाट र मेरो आफ्नो तर्फबाट समेत म हार्दिक शुभेच्छा एवं मङ्गलमय कामना व्यक्त गर्दछु ।

सब्बे सत्ता होन्तु सुखितता ।

शान्तरत्न शाक्य
अध्यक्ष
ज्ञानमाला भजन खलः, स्वयम्भू
तथा
युवा बौद्ध समूह, काठमाडौं

बु. सं. २५४५
मितिः २०५८।३।२९

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# विनीत कथन

बीसौं शताब्दीको अन्त्य र एक्काइसौं शताब्दीको प्रारम्भको
ागले आधुनिक विज्ञान र प्रविधिको विविध क्षेत्रमा अभूतपूर्व
वेकासको लहरलाई पैदा गरेको पाइन्छ । खास गरेर जनन विज्ञान,
ानुवंशिक इञ्जिनीयरिङ, मानव वंशाणु कोष विज्ञान (जेनोमिक्स),
ानुवंशिक उपचार (जीन थेरापी), सूचना प्रविधि र अन्तरीक्ष
वेज्ञानको क्षेत्रमा हाल देखिन थालेको नित्य नयाँ नयाँ विकास र
रिवर्तनले गर्दा आज मानव समाज, मानव सभ्यता र मानव
ीवनको हर क्षेत्रमा दूरगामी महत्वका प्रभावहरू परिरहेका
खिन्छन् । सूचना र प्रविधिको क्षेत्रमा आएको क्रान्तिले एकातिर
ाम्रो विशाल पृथ्वीमण्डलको संसारलाई एउटा विश्व ग्राममा
रिणत गर्दै लगेको छ भने अन्तरीक्ष विज्ञानको क्षेत्रमा भएको
ततर विकासले अब सामान्य मानिसका लागि पनि अन्तरीक्ष
ायरको ढोका उघारिदिएको छ । रूसी अन्तरीक्ष यात्रीहरूका साथै
ामेरिकी अरबपति डेनिस टिटोले हालै सम्पन्न गरेको सप्ताहव्यापी
फल अन्तरीक्ष शयरबाट अब निकट भविष्यमै अन्तरीक्ष पर्यटनको
नियोजित कार्यक्रमकै युगको प्रारम्भ हुन सकिने अनुमान गर्न
ालिएको छ । अहिले नै अमेरिका जस्ता विकसित मुलुकहरूमा
न्तरीक्षमा व्यवसाय गर्ने उद्देश्यले विभिन्न कम्पनीहरूको स्थापना
न थालिसकेका छन् र विकसित मुलुकहरूका सक्षम व्यवसायीहरूले
ाँडै नै अन्तरीक्षमा होटेल व्यवसाय प्रारम्भ गर्ने दिशामा प्रतिस्पर्धा
र्न तम्सिरहेका देखिन्छन् । मानव वंशाणु कोष विज्ञान (जेनोमिक्स)
ो क्षेत्रमा भएको हालैको उपलब्धिपूर्ण विकासले आनुवंशिक
पचार (जीन थेरापी) को माध्यमबाट वैज्ञानिकहरूले मानव
ोवनलाई स्वस्थ, सुन्दर, तन्दुरूस्त र निरोगी बनाउन सकिने सपना
ात्र देख्न थालेका होइनन् कि मानिसको वर्तमान आयुलाई पनि
ब्बर, तेब्बर, चौब्बर बढाई अझै अजरामर नै पो पार्न सकिने
ा कि भन्ने अभूतपूर्व सोच र कल्पनामा पनि चिन्तनशील रहन
ालेका छन् । अब जीव पुनरोत्पादन विधि (क्लोनिङ्ग) को
हयोगले मान्छेले मान्छेकै निर्माण गर्ने र आनुवंशिक इञ्जिनीयरिङ्ग



Downloaded from http://dhamma.digital

र आनुवंशिक उपचारको सहयोगले मानिसले आफूले छानी छानी आफ्नो अनुकूलको, आफ्नो इच्छा र आकांक्षा अनुरूपको, आफ्नो कल्पना बमोजिमको मानवलाई जन्माउन, हुर्काउन र अभिबृद्धि गराउन सकिने दैवी रहस्य र प्रकृतिको विधि पनि पत्ता लगाएको दावी समेत गर्न थालेको प्रतीत हुन्छ । आज विज्ञानले गर्दा मान्छेको इच्छा, आकांक्षा र अपेक्षाको कुनै सीमा नरहने स्थिति देखापर्न थालेको अनुभूति हुन्छ ।

आधुनिक युगका कतिपय सर्वसाधारण लोकजनहरू र प्रशिक्षित बुद्धिजीवीहरू समेत आधुनिक विज्ञान र प्रविधिको चमत्कारपूर्ण विकासबाट यत्ति सार्है प्रभावित हुन थालेका देखिन्छन् र यत्ति सम्मोहित हुन थालेका पाइन्छन् कि उनीहरू क्रमशः वैज्ञा-निकहरूलाई नै ईश्वर र विज्ञानलाई नै ईश्वरीय शक्तिको रूपमा ग्रहण गर्न तम्सिने लक्षण देखापर्न थालिसकेको प्रतीत हुन्छ । केही केही वैज्ञानिकहरू स्वयं पनि आधुनिक विज्ञानका आविष्कारहरूका प्रभावमा आएर आफूहरूले यस अघि ईश्वरलाई मात्र थाहा भएको दैवी ज्ञान हासिल गरेको दावी गर्न समेत अग्रसर हुन थालेका देखिन्छन् ।

आज विज्ञानले संसारको ज्ञानको क्षेत्रमा धर्म र दर्शनसंग मानिसको आस्था, निष्ठा र विश्वास जित्ने काममा बढ्दो रूपमा प्रतिस्पर्धा गर्न उत्रिन थालेको आभास मिल्न लागेको छ । यसरी एकातिर कतिपय सर्वसाधारण लोकजनहरू र सामान्य बुद्धिजीवीहरू विज्ञानलाई ईश्वरको स्थानमा लगेर आसिन गराउन तत्पर देखिन थालेका छन् भने केही वैज्ञानिकहरू पनि ईश्वरवादी र अनीश्वरवादी गरी दुइ समूहमा विभाजित हुन थालेका देखिन्छन् । एकथरी वैज्ञानिकहरूको नजरमा परमाणु र उपपरमाणुहरूका निरन्तर घटन, संघटन र घर्षण र त्यसबाट उत्पन्न हुने निरन्तर सिर्जना र विघटन (विनाश) का खेलको संसारमा दैवकै, ईश्वरकै मायाजाल र लीलाको संसार देखिन थालेको छ भने आधुनिक युगका प्रकाण्ड विद्वान् अमेरिकी वैज्ञानिक डा. नोर्मन एफ. हलले "के विज्ञानले ईश्वरलाई फेला पारेको हो त ?" भन्ने विषयमा सान डियागोका विद्वत् सभामा सन् १९९६ को सेप्टेम्बर १५ मा दिनु भएको महत्वपूर्ण प्रवचनमा आफ्नो विद्वतापूर्ण वैज्ञानिक अभिमत व्यक्त गर्दै हालसम्मको आधुनिक विज्ञानको विकासको



Downloaded from http://dhamma.digital

उपलब्धिलाई समीक्षा गर्दै के कुरा प्रष्ट रूपमा किटान गरी भन्नु भएको छ भने **"आधुनिक विज्ञानले सर्वज्ञानी बुद्धिमान् श्रृष्टिकर्ता – परमेश्वरको अवधारणालाई मात्र अनुमोदन नगर्ने होइन कि विज्ञानले त यस प्रकारको ईश्वरीय रूपको अस्तित्व असम्भव प्रायः नै हुन्छ भन्ने कुराको प्रवल प्रमाण पनि जुटाइ दिन्छ।"** डा. नोर्मन एफ. हलको विचारमा विज्ञानदेखि बाहेक सत्य ज्ञान प्राप्त गर्ने अन्य उपाय छ भन्ने विश्वास अवैज्ञानिक आस्था हो । उहाँ भन्नुहुन्छ कि उहाँले यस प्रकारको धारणा राखे बापत आफूलाई धार्मिक आस्थावानहरूले विज्ञानवाद (Scientism) को प्रवर्तकको उपाधि (लेबुल) लगाइ दिन चाहेमा म त्यो उपाधि वरु ग्रहण गर्न तयार छु । डा. नोर्मन एफ. हलको उपर्युक्त विचारोत्तेजक प्रवचनलाई इन्टरनेट मार्फत हाल प्रचार प्रसार गरी राखिएको छ । सच्चा वैज्ञानिककै तवरबाट. डा. हल यो पनि स्वीकार गर्दछ कि विज्ञान र वैज्ञानिकको हालसम्मको जेजस्ता धारणा छन् ती अन्तिम भने होइनन् ।

शाक्यमुनि तथागतले आजभन्दा २५९० बर्ष अघि नौलो मध्यम प्रतिपदको धर्म र दर्शनलाई प्रतिपादन गर्दै हेतुद्वारा उत्पत्ति भएका यस संसारमा पाइने जति पनि नाम रूप धर्महरू छन् ती सबै नै एक क्षण एक घडी एक पला एक विपला पनि स्थिर नरहने, नित्य परिवर्तनशील रही उत्पत्ति हुदै विनाशतिर उन्मुख रहने ठोसभूत सारभूत नित्य तत्वविहीन नाशवान् क्षयधर्मी व्ययधर्मी स्वभाव धर्महरू मात्र हुन् र कसैको इच्छा र अधीनमा रही स्थीर र अविनाशी रहन नसक्ने खालका ती स्वभावधर्महरू सबै नै जरैदेखि अनित्य, दुःखका कारण र अनात्मा स्वभावका धर्म स्वभावहरू हुन् भनी व्याख्यान गर्नु भएको छ । किन्तु नामरूप रूपी परमार्थ धर्महरूको अनित्य, दुःख र अनात्मा स्वभावको यथार्थ ज्ञान भने केवल बाह्य ज्ञान र लौकिक ज्ञानबाट मात्र पूर्ण रूपमा जान्न कठीन हुन्छ । तर यसलाई योग्य सक्षम र लगनशील साधकले विपश्यना ज्ञानबाट ध्यान चक्षुले आफ्नो अनुभूतिकै स्तरसम्ममा नै लगी चिन्न, जान्न, बुझ्न र यथाभूत रूपमा आफै भित्र समेत अनुभव गरी पहिचान गर्न सक्तछ । विपश्यना ज्ञानलाई आवश्यक स्तरसम्ममा विकास गर्न सकिएमा भवचक्रलाई सिर्जना गर्न सघाइरहेका अविद्या, संस्कार र तृष्णाको हेतुहरूलाई जरैदेखि निर्मूल गरी नाम रूपलाई यसै जन्ममा निशेष रूपबाट निरोध गरी



Downloaded from http://dhamma.digital

जाति मृत्युको संसार चक्रबाट सर्वथा अलग रहेको परम शान्ति, सुखदायक उपशम निर्वाण पनि प्राप्त गर्न सकिन्छ ।

आधुनिक विज्ञानको विकासले जड र जीव बस्तुहरू जम्मै नै निरन्तर पविर्तनशील रही नाशवान स्वभाव रहेका अनित्य कुराहरू हुन् भन्ने तथ्यलाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गरिसकिएको छ भने सचेतन जीव प्राणीहरूको अन्तिम विश्लेषण र विवेचनाबाट पनि प्राणी (जीव) मा समेत न्यूक्लिओटाइड नामक रासायनिक संरचनाबाहेक अन्य केही स्थायी सार तत्व फेला नपरेबाट नाम रूपमा समेत सारभूत ठोसभूत शाश्वत स्थायी तत्व आत्मा भन्ने कुरो केही छैन भन्ने निष्कर्ष निकाल्ने दिशामा आधुनिक विज्ञान द्रुततर गतिमा अघि बढ्दै गरेको प्रतीत हुन्छ । प्रकृति र संसारको संरचनाको निरन्तरता र गतिशीलताका लागि ईश्वररूपी कुनै शक्तिको आवश्यकताको बोध विज्ञानले गर्न छाडेको छ । बुद्ध धर्मानुसार यस संसारमा प्रकृतिका ६ नियमहरू छन् जस्तै १. पथवीको नियम, २. आपोको नियम, ३. तेजोको नियम, ४. वायोको नियम, ५. आकाशको नियम र ६. मनोको नियम । यिनै ६ नियमहरू वा ६ धातु स्वभावहरूका प्रतिफल रूपमा नाम रूपका उत्पत्ति हुन्छन् र विनाश हुन्छन् । वस्तुत: यो संसारमा बीज नियाम, उतु नियाम, कम्म नियाम, धम्म नियाम र चित्त नियाम नामक पांच प्रकारका प्रधान नियामहरू छन् र ती नियामहरूबाट यो संसारको उत्पत्ति, स्थिति र विनाशको प्रक्रिया सञ्चालित छन् भन्ने बुद्ध धर्म र दर्शनको मान्यता रहिआएको छ। आधुनिक विज्ञान पनि बुद्ध धर्मको यसै मान्यतालाई स्वीकार गर्ने दिशातिर उन्मुख देखिन्छ । हालै आएर डा. नोर्मन एफ. हल जस्ता वैज्ञानिकले ईश्वरको अस्तित्वलाई विज्ञानले मान्यता नदिने तर्क अगाडि सार्दै आफ्नो विचारलाई इन्टरनेट मार्फत सम्पूर्ण विश्वका सामु निरन्तर प्रचार प्रसार गर्न अग्रसर भइरहेबाट आधुनिक विज्ञानले बुद्ध धर्मको गहन दार्शनिक आधार अनात्मवादलाई पनि एक दिन निर्विवाद रूपमा अन्तिम सत्यको रूपमा वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गर्ने समय अब धेरै टाढा रहने छैन भन्ने अनुमान लगाउन सकिन्छ ।

आधुनिक विज्ञानले हाल आएर बुद्ध धर्मका प्रमुख दार्शनिक मान्यताहरू – संसारको अनित्य, दु:ख र अनात्मा धर्म स्वभावलाई



Downloaded from http://dhamma.digital

स्वीकार र प्रमाणित गर्न थाले पनि बुद्ध धर्म र आधुनिक विज्ञानको लक्ष्य र गन्तव्य स्थानको पहिचानमा भने अझै आकाश र जमीनका अन्तर कायमै छ । संसारको त्रिलक्षण धर्म स्वभावलाई दर्शाएर जहाँ बुद्ध धर्ममा सम्पूर्ण क्लेशहरू र संयोजनहरूलाई समूल नाश गरी काम तृष्णा, भव तृष्णा र विभव तृष्णाबाट सर्वथा मुक्त हुन चतुरार्य सत्य र प्रतीत्य समुत्पाद धर्मलाई जानी बुझी अनुभव गरी शील, समाधि र प्रज्ञा मार्गाङ्गहरूको निरन्तर आचरण र अभ्यासद्वारा दु:खमय भव संसारबाट विराग प्राप्त गरी जाति जरा व्याधि मरण भयबाट सर्वथा मुक्त रहेको परम शान्तिमय निर्वाण धर्मलाई प्राप्त गर्न बुद्ध धर्मावलम्बी साधकहरूलाई उत्प्रेरित र प्रोत्साहित गरिन्छ भने आधुनिक विज्ञानको सूक्ष्मातिसूक्ष्म गम्भीराति-गम्भीर स्तरको सम्पूर्ण अध्ययन, अनुसन्धान, अभ्यास र यथार्थ दर्शनको बावजूद वैज्ञानिकहरू र आधुनिक विज्ञानका अनुचर, सहचर र अनुयायीहरू प्राय: सबै लोभ, द्वेष र मोह, मान, मिथ्यादृष्टि र मात्सर्य, प्रतिघ र विचिकित्सा जस्ता क्लेशधर्महरूबाट मुक्त हुन नसकेबाट सम्पत्ति, सम्मान र शक्तिको अन्तहीन दौडमा संलग्न पाइन्छन्, भौतिक भोगविलास, सुख शान्ति समृद्धिको मृगतृष्णामै चुर्लुम्म डुबेका देखिन्छन् र सांसारिक मायाजाल, बन्धन, भवचक्रलाई संरचना गर्न, सम्बर्द्धन गर्न र प्रबर्द्धन गर्न नै जुटेका भेट्टिन्छन् ।

विशुद्ध भौतिकवादी सभ्यताको अनुकरण र अनुशरणका परिणाम स्वरूप सामान्यतया: आजको विकसित भनिने विश्वका आम मानिसहरू पनि प्रायश: निहायत व्यक्तिवादी, स्वार्थी, असहन-शील र असम्बेदनशील रही धन सम्पत्ति, सम्मान र शक्तिकै लालची बनेका पाइन्छन् । परिणाम स्वरूप आजका प्रकृतिका गूढ रहस्यका ज्ञाता केही वैज्ञानिकहरू आ–आफ्ना व्यक्तिगत सुख साधन सम्पन्न जीवनका लागि विपुल सम्पत्ति, शक्ति र सम्मान आर्जन गर्नका लागि आम नरसंहारका विश्व विनाशकारी परमाणु शस्त्रास्त्र-हरू र रासायनिक युद्ध सामग्रीहरूका ज्ञान, रहस्य, सूत्र (Formula) र साधनहरू पनि पैसाको लागि जुनसुकै व्यक्ति, संस्था वा राष्ट्रलाई बेच्न तम्तयार छन् । त्यति मात्र होइन, विनाशकारी शस्त्रास्त्रहरूको निर्माण र दुरुपयोग गर्ने काममा पनि स्वयं आफूलाई पनि पैसाको लागि बेच्दैछन् । केही समय अघि कम्प्यूटर प्रविधिको दुरुपयोग गरी एकजना कम्प्यूटरका सन्काहा युवकले विश्वभरि नै



Downloaded from http://dhamma.digital

आइ.लभ.यू. का विषाणु (Virus) सम्प्रेषण गरी विश्वभरिका कम्प्युटरका प्रयोगकर्ताहरूलाई हैरान हैरान पारिदिएको समाचारको स्मृति अझै मानिसहरूको मानसपटलमा ताजा नै छ भने आज आ–आफ्ना कुत्सित स्वार्थ सिद्धिका लागि चीन र अमेरिकाका सूचना प्रविधिका विशेषज्ञ कम्पनीहरूले एक अर्काका देशमा रहेका कम्प्यूटरहरूमा संकलित रणनीतिक महत्वका सूचनाहरूलाई नष्ट भ्रष्ट गर्न कम्प्यूटर शिकारीहरू (Computer Hackers) मार्फत तथाकथित कम्प्यूटर युद्धमा संलग्न रहन थालेको समाचारबाट आजको युगको सम्भावित विकृतिबाट विवेकशील मानिसहरू चिन्तित हुन पुगेका छन् ।

जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ्, मानव वंशाणु कोष विज्ञान र आनुवंशिक उपचार प्रविधिको अत्याधुनिक ज्ञानले आजका भौतिकवादी मानिसको हातमा जीवको भ्रूणको चरणमै आफ्नो इच्छानुसार, चाहनानुसार वंशाणुहरूमा हेरफेर गरी नश्ल सुधार गरीकन आफ्नो कल्पना बमोजिमको सत्वको उत्पादन गर्न सक्ने र जीव पुनरोत्पादन विधि (क्लोनिङ्ग) को माध्यमबाट यस्ता व्यक्तिबाट पनि आफ्नो इच्छानुसार दुरुस्त प्रतिलिपिहरू निर्माण गर्न सक्ने अथाह ज्ञान र शक्तिको भण्डार प्रदान गरेको प्रतीत हुन्छ । धनको लागि, निजी अल्पकालीन स्वार्थको लागि आफ्नो ज्ञान मात्र होइन स्वयं आफूलाई नै बेच्न पनि रत्तिभर नहिच्किचाउने आजका भौतिकवादी मानिसको हातमा अहिले आएर यसरी आधुनिक विज्ञानले दैव र प्रकृतिका अनन्त रहस्यहरूको अनन्त ज्ञान र शक्तिको भण्डारको साँचो सुम्पिदिएकोले भविष्यमा उक्त अथाह शक्तिको अन्धाधुन्ध विवेकहीन प्रयोग र परीक्षण गरी दुरूपयोग हुन गएमा मानव समाज, मानव सभ्यता र यो विश्व नै छिन्नभिन्न हुन सक्ने अपूर्व विनाशकारी लिला घट्न सकिने सम्भाव्यताको भयले आजका विवेकशील बुद्धिजीवीहरू र जाग्रत बुज्रुगहरू विश्वभरि नै सन्त्रस्त हुन थालेका छन् । त्यसैको परिणाम स्वरूप विश्वका अनेक विकसित राष्ट्रहरूले कानून नै निर्माण गरेर मानव क्लोनिङ्गको प्रयोग र परीक्षणलाई अहिलेदेखि नै प्रतिवन्ध लगाउन थालेका पनि पाइन्छन् । किन्तु दुई दुई करोड अमेरिकी डलर तिरेर पनि एक सप्ताहका लागि अन्तरीक्ष शयरमा जाने शोख राख्ने धनाढ्य व्यक्तिहरू उत्पत्ति हुने आजको युगमा कानूनले



Downloaded from http://dhamma.digital

वर्जिन गरे पनि गोप्य रूपमा भए पनि कुनै अज्ञात मुलुक वा स्थानमा गएर मानव क्लोनिङ्ग गरेर छाड्ने संकल्प लिएका इटालियन वैज्ञानिक डा. सेभिरिनो एन्टिनोरी जस्ता चिकित्सक वा मानव क्लोनिङ्गको भावी उद्देश्यले अनेक प्रयोगमा संलग्न रेलियन मूभमेण्टका वैज्ञानिक निर्देशक बायोकेमिष्ट ब्रिगिटे बाइसलियर जस्ता वैज्ञानिक र त्यस्ता परियोजनालाई कार्यान्वयन गर्न लागिपरेका अमेरिकी संस्था क्लोनेड जस्ता संस्थाको कुनै कमी नभएको यस संसारमा सन्काहा मानिसहरूलाई केवल कानूनले मात्र पनि विज्ञानको दुरुपयोगलाई पूर्णत: नियन्त्रण राख्न सकिने अपेक्षा राख्नु मुश्कील प्रतीत हुन्छ ।

भगवान् बुद्धले अचिन्त्य सूत्रमा भन्नु भएको छ कि सामान्य लोकजनका लागि बुद्धका गोचर, ध्यानीका ध्यान विषय, कर्म–विपाक विषय र लोकको उत्पत्ति विषयको चिन्तना वास्तवमा अचिन्तनीय, अविचार्य हुन्छ । किनभने यस्तो चिन्तामा लाग्ने व्यक्तिहरूलाई उन्माद (पागलपन) र चित्त विघात (नैराश्यता) मात्र हात लाग्छ । कर्म र विपाकको अहं भूमिकाबाट विल्कूलै अनभिज्ञ रहेका आजका भौतिकवादी व्यक्तिहरूलाई लोकको उत्पत्ति विषयको गम्भीर चिन्तनबाट भविष्यमा उन्माद (पागलपन) र चित्त विघात (नैराश्य) प्राप्त भएमा सो सन्काहत र नैराश्य (Frustration) को कारण उत्पन्न लघुताभाष भावनाका प्रभावमा परेर अत्याधुनिक वैज्ञानिक ज्ञान, श्रोत र साधनबाट सुसज्जित शक्ति सम्पन्न व्यक्तिहरूबाट भविष्यमा कुनै अवाञ्छित अनिष्ट काम हुन गएमा विश्वमा मानव जातिले ठूलो अनिष्ट भोग गर्नु नपर्ला भनी निश्चिन्त रहन सकिन्न । किनभने आजको विश्वमा सन्काहा वैज्ञानिकहरू र अन्धविश्वासी धनाढ्यहरू मात्र होइनन् धर्मान्धकारी, अभिमानी, जिद्दी र अविवेकी सन्की राजनीतिज्ञहरूको पनि कुनै कमी रहेको छैन । यस्ता धन जन शक्ति सम्पन्न सन्काहा धर्माधिकारीहरू र राजनीतिज्ञहरूका कारण आजको विश्वले आफ्नो इतिहासमा ठाउँ ठाउँमा अनेक आतङ्कवादी क्रियाकलापका घटनाहरू समय समयमा घटेको देखेको छ । निर्दोष व्यक्तिहरूको व्यापक धन जनको क्षति भएका कैयन् घटनाहरू पनि देखेको छ । यस्तै धर्मान्धता र सन्काहतको कारण विश्वकै व्यापक विरोधको वावजूद अफगानिस्तानका तालिवान नेतृत्वले विश्व शान्तिका प्रवर्तक भगवान्



Downloaded from http://dhamma.digital

बुद्धका दुई हजार बर्ष पुराना कलात्मक मूर्तिहरूलाई मेशिनगन र रकेट मोर्टार प्रयोग गरी ध्वस्त गरी ऐतिहासिक मानव सांस्कृतिक सम्पदालाई हालै नष्ट पारेको घटनालाई विश्वले निरीह मूकदर्शक भएर हेर्न बाध्य हुनु परिसकेको छ । यस प्रकारको सन्की राजनैतिक नेतृत्व र धार्मिक अन्धविश्वासको ताण्डव नृत्य देखिएको भने यो नै प्रथम घटना होइन भन्ने कुरा आजका जागरूक बुद्धिजीवीहरूलाई थाहा भएकै कुरा हो ।

वर्तमान एक ध्रुवीय विश्वमा पनि कुनै एक अतिविकसित शक्तिसम्पन्न राष्ट्रमा राष्ट्रपतिको शक्तिशाली पदमा व्यक्ति र राजनैतिक दलमा परिवर्तन आउना साथ सो देशले दीर्घकालदेखि अवलम्बन गरिआएको कतिपय रणनीतिक महत्वको विदेश नीतिमा रणनीतिक हेरफेर ल्याई आफ्नो व्यक्तिगत शक्ति र प्रभुत्वलाई विश्वलाई देखाउन चाहना राख्ने अदूरदर्शी प्रवृत्ति देखिन थालेको तथ्य राष्ट्रिय प्रतिरक्षा प्रणाली (एन.एम.डि.) विकासको नयाँ निहुँ र विश्वका सम्वेदनशील क्षेत्रमा सम्वेदनशील युद्ध सामग्री हातहतियार बिक्री गर्ने योजनाको समाचारबाट प्रष्ट हुन थालेको छ । त्यसबाट आजको भौतिकवादी शक्तिमाथि समुचित सन्तुलित धार्मिक विवेक र आध्यात्मिक नियन्त्रणको लगामको सख्त खाँचो रहेको तथ्य अझै तड्कारो रूपमा रहेको छ । दान शील भावना र शील समाधि र प्रज्ञा जस्ता त्यागमय शील सदाचार र निर्वाण गामिनी पथको मार्गदर्शन प्राप्त भएमा मात्र विज्ञानले उपलब्ध गराएको ज्ञान, साधन र शक्तिको व्यापक उपयोग मानव जातिको सर्वोत्तम हित सुख र कल्याणको अभिबृद्धिका दिशामा मोडिन सक्ने सम्भावना रहन्छ । बुद्ध धर्ममा भनिएको छ कि एक दिन मर्नु पर्छ भन्ने सत्यलाई नसम्झिने मानिसबाट यस संसारमा हुन नसकिने पाप केही छैन । सुखका लालसा वास्तवमा मृगतृष्णासरि भ्रामक छ । हुन त दु:खमय संसारमा सुख सुविधाका समयहरू पनि बेला वेलामा नदेखिने होइन । किन्तु प्रज्ञा ज्ञानद्वारा अनादि संसारमा मानिसहरूले भोग गरिआएका दु:ख सुखको भवचक्र नियमलाई दृष्टिगत गरेर हेर्ने हो भने यो संसार वस्तुत: दु:खै दु:खले नै ज्यादा भरिएको देखिने छ । सुखको तुलनामा दु:खकै समय ज्यादै बढी पाइने छ । सुखको क्षणिक आरामभन्दा दु:खकै कष्टकर समय ज्यादै लामो भएको भेट्टिने छ । सुख सुविधाको उपभोग गरिरहंदाको



Downloaded from http://dhamma.digital

बेलामा समेत सो सुख सकिएला कि भन्ने पीर र चिन्ताले सताउन छाड्दैन भने जुनसुकै सुखको घडीमा पनि सो सुख सकिए पछि आउने दु:खको भय र त्रास भने अन्तर्निहित नै रहिरहेको हुन्छ ।

तसर्थ आधुनिक विज्ञानले हाल जुटाइ दिएको र निकट भविष्यमा जुराइ दिन सक्ने सुख सुविधा र सम्पन्नताको साधनलाई मानवोचित समान वितरणबाट आजका विश्व मानव समाजमा व्याप्त रोग, शोक, अभावको समस्यालाई नियन्त्रणमा राखेर आजको अति भौतिकवादी दृष्टिमा निर्लिप्त मानव जातिलाई मैत्री, करूणा, मुदिता र उपेक्षाको चतु:ब्रम्हविहारको बाटोमा डोर्‍याई सत्य, अहिंसा, त्याग, सहनशीलता, सहिष्णुता, सदाचार र सहअस्तित्वको धार्मिक रचनात्मक जीवनको आदर्शद्वारा उत्पत्ति हुने स्वस्थ, सुखी र शान्तिमय सुसन्तुष्ट विश्व मानव समाजको लक्ष्य प्राप्त गर्न बुद्ध धर्मको चतुरार्य सत्य, प्रतीत्य समुत्पाद र आर्य अष्टाङ्गिक मार्गको मध्यम मार्गको शिक्षा दीक्षा, अभ्यास र आचरणले ठूलो महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने तथ्य प्रष्ट हुन्छ । भगवान् बुद्धले भन्नु भएको छ – "**आरोग्य परमा लाभा, सन्तुट्ठी परमं धनं । विस्सास परमा ञाति निब्बानं परमं सुखं ॥**" अर्थात् यस संसारमा सुस्वास्थ्यभन्दा ठूलो लाभ केही छैन । सन्तोषभन्दा ठूलो धन सम्पत्ति केही छैन । विश्वासभन्दा ठूला नाता कुटुम्ब कोही छैनन् र निर्वाणभन्दा महान् सुख केही छैन भन्ने शिक्षा बुद्ध धर्ममा प्रदान गरिएको छ । तसर्थ बुद्ध धर्मको विश्व शान्ति, मानव कल्याण र विश्व बन्धुत्वको शील, सदाचार, सहिष्णुता, समभाव र सहअस्तित्वको सन्देशले प्रदान गर्ने सम्यक् मार्गदर्शनको परिधिभित्र आधुनिक विज्ञानलाई ल्याउन सकेएमा विज्ञानको अथाह भौतिक श्रोत, साधन र शक्तिलाई मानव जातिलाई रोग दु:ख व्याधिबाट मुक्त गरी सन्तोषी र सहिष्णु जीवन बिताउने मार्ग पहिल्याउने कार्यमा सम्यक् रूपमा परिचालन गर्न सकिने हुन्छ र यसबाट शान्तिका इच्छुक मानव जातिलाई सत्य को दर्शन र आचरणमा विश्वास जगाउन लगाई परम शान्तिमय निर्वाण धर्मलाई प्राप्त गर्ने दिशातिर प्रेरित गर्न सकिने हुन्छ ।

बुद्ध धर्ममा भनिएको छ – "**मत्ता सुख परिच्चागा पस्से चे विपुलं सुखं । चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ।**" अर्थात् विपुल



Downloaded from http://dhamma.digital

सुखका लागि अल्प सुखलाई त्याग गर्नु पर्दछ । त्यसैले धैर्यवान ज्ञानी पण्डितजनले (निर्वाणमा) विपुल सुखलाई देखी (भौतिक अल्प सुखलाई त्याग गर्दछन् । आधुनिक विज्ञानले उपलब्ध गराउने भौतिक सुख साधन र भोग विलासका समुन्नत जीवन वास्तवमा क्षणभंगुर सुख मात्र हो । विज्ञानको भौतिक ज्ञानले मानिसलाई सत्कायद्रिष्टिमा आबद्ध गरी अनन्त भवचक्रमा रूमल्लिरहन बाध्य पार्ने बाहेक अन्य मार्गदर्शन दिन नसक्ने भएकोले विज्ञानले मानिसलाई जतिसुकै मानव जीवनलाई भौतिक रूपमा सुसम्पन्न समुन्नत र सुविधायुक्त बनाइ दिएमा पनि यसले दुःखबाट मुक्त हुने सार्थक जीवनको मार्गलाई प्रदान गर्न सक्ने होइन । यस संसारमा जन्म लिने प्राणी मात्रको लागि एक मात्र नित्य ध्रुव सत्य भनेको उसको मृत्यु हो । मृत्यु निश्चित छ । जन्म हुने सबैले एक दिन अवश्य नै मर्नु पर्दछ । किन्तु मानिसको जिउने कुरा अनिश्चित छ, अनियत छ । आजसम्म विज्ञानले कुन व्यक्तिले कहिले मृत्युलाई वरण गर्नु पर्ने हो भन्ने कुराको यकिन ज्ञान प्राप्त गर्न सकेको छैन । यस पृथ्वीमा मानिसको आयु अन्य लोकका सत्वहरूको आयुको तुलनामा ज्यादै नै न्यून रहेको तथ्य धर्ममा चर्चा गरिएको पाइन्छ । प्रज्ञा ज्ञानको लाभ नगरी सुगति सद्गतिको भविष्यलाई सुनिश्चित हुने गरी शील सदाचारी जीवनलाई हासिल नगरीकन व्यक्तिको मृत्यु भएमा कुन अपाय गतिमा पुगी भविष्यमा कति दीर्घकालसम्म कष्टकर जीवन व्यतीत गर्नु पर्ने हुन्छ भन्ने कुराको ज्ञान वैज्ञानिकहरूले केही थाहा पत्तो लगाउन सकेका छैनन् । तसर्थ यसै यसै मनुष्य जुनीमा मानिसले यस्तो कर्म गर्नु उपयुक्त हुन्छ जसले गर्दा उसको भावी पुनर्जन्म कमसेकम सुगति लोकमा हुन सकोस् ।

भगवान् बुद्धले भन्नु भएको छ –

**"किच्छो मनुस्स पटिलाभो, किच्छो मच्चानं' जीवितं ।**
**किच्छं सद्धम्म सवणं, किच्छो बुद्धानं उप्पादो ।।"**

अर्थात्

*मनुष्य जुनीमा जन्म हुन दुर्लभ छ । मृत्यु हुन पर्ने मानिसहरू जीवित रहिरहनु पनि दुर्लभ नै हो । सद्धर्म श्रवण गर्न पनि दुर्लभ हुन्छ । बुद्धहरूको जन्म पनि दुर्लभ हुन्छ ।*



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले प्रतिपादन गर्नु भएको परमार्थ धर्म विषयको ज्ञान आधुनिक विज्ञानभन्दा अझै धेरै कुरामा अगाडि रहेको छ । रूप धातुका बारेमा आधुनिक विज्ञानले निकै जानकारी हासिल गर्न सकेको देखिए पनि नाम धातु स्वभाव चित्त र चैतसिकहरूका लक्षण, स्वभाव र कृत्यहरूलाई पहिचान गरी निर्वाण धर्मसम्मलाई पहिचान गर्ने दिशामा त आधुनिक विज्ञानले अझसम्म कुनै गहकिलो कदम पनि चाल्न सकेको देखिन्न ।

तसर्थ विगत जन्मका कुशल कर्मका विपाक स्वरूप यस जन्ममा बुद्धको शासनकाल रहंदा नै मनुष्य जुनीमा जन्म हुन सकेका आजका प्रबुद्ध मानिसहरूले दुर्लभ मनुष्य जुनीको स्वल्प आयु प्राप्त भएको वर्तमान अवस्थामा केवल विज्ञानको भौतिक चमक दमक र चमत्कारबाट वशिभूत रही ज्ञानान्ध भई भौतिक जीवन जिउनमा मात्र आफ्नो अमूल्य समय खेर नफालीकन दुर्लभ रहको बुद्ध धर्म शासन अनुकूल आ-आफ्ना जीवनमा शील, समाधि र प्रज्ञाको आचरण र अभ्यास गरी मनुष्य जुनीलाई सार्थक बनाउने काममा उपलब्ध साधन, शक्ति र समयलाई सदुपयोग गर्नुमा बुद्धिमानी हुनेछ । सम्भव भएसम्म यसै जुनीमा यथाशक्य शिघ्र जाति जरा व्याधि मरण दुःखबाट सदाको लागि विमुक्ति प्रदान गर्ने निर्वाण धर्मको साधना गर्नु सक्नुमै आ-आफ्ना जन्मको सार्थकता निहित रहने छ । धम्मपदमा भनिएका पनि छ –

**यो च वस्स सतं जीवे अपस्सं धम्ममुत्तमं ।**
**एका'हं जीवितं सेय्यो पस्सतो धम्ममुत्तमं ॥**

अर्थात्, *उत्तम धर्म (निर्वाण) लाई नदेखीकन सय बर्ष जीवित रहनुभन्दा उत्तम धर्म (निर्वाण) लाई देखी जानी एक दिन मात्र जीवित रहनु श्रेष्ठोत्तम छ ।*

आजका शिक्षित बुजुर्गवर्गमा र खास गरीकन पश्चिमी शिक्षा प्राप्त बुजुर्ग युवापिंढीवर्गमा आधुनिक विज्ञान र प्रविधिको द्रुततर विकासबाट सम्मोहित रहन प्रवृत्ति देखापर्न थालेको देखिंदा प्रस्तुत पुस्तकमा बुद्ध धर्म र आधुनिक विज्ञानका बीच संक्षेपमा तुलनात्मक अध्ययन गरी वास्तविकतामा प्रकाश पार्ने प्रयास गरिएको छ । यस पुस्तकको परिच्छेद १ मा आधुनिक युग र बुद्धकालीन युगका खोजका विषयमा सिंहावलोकन गरी दुई युगका



Downloaded from http://dhamma.digital

सामञ्जस्यताहरू बारेमा केही चर्चा गरिएको छ । परिच्छेद २ मा बुद्ध धर्म र आधुनिक विज्ञानबीच विभिन्न क्षेत्रमा देखिएका केही समानताहरू र सामीप्यताहरू बारेमा विहंगम दृष्टि दिने प्रयास गरिएको छ । परिच्छेद ३ मा बुद्ध, धर्म र संघका गुण र आनिशंसहरूका बारेमा पाठकहरूलाई संक्षिप्त परिचय दिने जमर्को गरिएको छ । परिच्छेद ४ मा आधुनिक विज्ञानको चमत्कारिक युगका भौतिकवादी युवापिंढीको मनस्थिति, आजको यस भौतिकवादी युगमा बुद्ध धर्मको उपयोग, यसको सारांश र दुःखका कारणहरूको बारेमा चर्चा गरिएको छ । यस पुस्तकको परिच्छेद ५ मा बुद्ध धर्मानुसार सम्बृत्ति सत्य-प्रज्ञप्ति धर्म र परमार्थ सत्य-परमार्थ धर्मका विभेदबारेमा केही विश्लेषण गरी बुद्ध धर्मको वास्तविक स्वरूपको छोटो जानकारी दिने उद्देश्य राखिएको छ । पुस्तकको परिच्छेद ६ मा बुद्ध धर्मका केही प्रमुख मान्यताहरू र धारणाहरूका बारेमा चर्चा गरी आधुनिक विज्ञानले ती विषयहरूमा पत्ता लगाएका आधुनिक जानकारीहरूबारे तुलनात्मक रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ । यस प्रकारको तुलनात्मक अध्ययनबाट आधुनिक विज्ञानको विकासले बुद्ध धर्मका मान्यताहरू र धारणा-हरूलाई क्रमशः पुष्टि गर्दै जान थालेको रोचक संयोगको विषयमा थाहा मिल्दछ । परिच्छेद ७ मा बुद्ध धर्मका विशेषताका रूपमा रहेका केही विषयहरू समावेश छन् जुन विषयहरूलाई आधुनिक विज्ञानले अझसम्म पनि पूर्ण रूपमा जान्न बुझ्न व्याख्यान गर्न सकेको देखिन्न ।

यस पुस्तकमा अभिधर्म र विज्ञानका आधारभूत तथ्यहरूलाई विभिन्न परिच्छेदहरूमा प्रसंगवश दोहोऱ्याइएका पनि छन् । यसबाट सम्बन्धित विषयका ज्ञान त्यति नभएका पाठकहरूलाई पनि हरेक परिच्छेद पढ्दा नै विषयवस्तुलाई जान्न, बुझ्न सघाउ पुग्ने आशा गरिएको छ । सम्बन्धित विषयका विज्ञहरूलाई भने यस प्रकारका पुनरावृत्तिले केही खल्लो लाग्न सक्ने छ । अभिधर्मका पाठकलाई विज्ञानको विषय गाऱ्हो पर्न सक्ने र विज्ञानका पाठकलाई अभिधर्मका विषय कठिन हुन सक्ने वास्तविकतालाई मध्यनजर राख्दै कतिपय प्रसंगमा जानी जानी पुनरावृत्तिलाई स्थान दिइएको हुंदा त्यस प्रकारको दोहोरोपनबाट हुने असुविधा र अधिक समयको आवश्यकताका लागि विज्ञहरूप्रति लेखक क्षमा प्रार्थी छ ।



Downloaded from http://dhamma.digital

आधुनिक विज्ञान र बुद्ध धर्मबीचको यस सामान्य तुलनात्मक अध्ययनबाट पनि बुद्ध धर्ममा उपलब्ध परमार्थ ज्ञान वास्तवमा लौकिक ज्ञान सम्बन्धी आधुनिक विज्ञानभन्दा अझै निकै अगाडि रहेको तथ्य उदांगिएको छ । आधुनिक विज्ञानका विभिन्न विधाहरूका विशेषज्ञहरूबाट नै बुद्ध धर्म र आ–आफ्ना सम्बन्धित विषयहरूमा गहिरो अध्ययन र अनुसन्धान हुन थालेमा धर्म र विज्ञानका बीचको समानता, भिन्नता र विशेषताका बारेमा अझ रोचक जानकारी हासिल हुने अपेक्षा गर्न सकिन्छ । प्रस्तुत पुस्तकबाट आधुनिक शिक्षा प्राप्त विद्वत्वर्ग र पुरातन धर्म र दर्शनका विद्वानहरू दुवैलाई एक अर्काको क्षेत्रमा रहेका ज्ञानहरूका विषयमा अझ बढी तुलनात्मक रूपमा अध्ययन अनुसन्धान र विवेचना गरी समय सुहाउँदो पाराबाट वास्तविक ज्ञानलाई प्रस्तुत गर्दै जान प्रेरित गर्ने आशा राखिएको छ । आधुनिक विज्ञानका विविध विधामा दक्षता र विशेषता हासिल गरेका शिक्षित विद्वानवर्गले बुद्ध धर्मको अनन्त ज्ञान सागरमा डुबुल्की मारी वैज्ञानिक पद्धतिबाट स्वतन्त्र रूपबाट पूर्वाग्रह रहित भएर अध्ययन र अनुसन्धान हुन थालेमा बुद्ध धर्ममा रहेका सार्वजनिक महत्वका अनेक सर्वकालिक जीवनोपयोगी विशेषताहरूका बारेमा अझ राम्ररी आधिकारिक रूपबाट सविस्तार प्रकाश पार्न सकिने कुराको अपेक्षा मैले गरेको छु । हाम्रो देशमा र हाम्रा छिमेकी मुलुकहरूमा पनि आज विश्वले मान्यता दिएका विविध विधाका दक्षता प्राप्त जनशक्तिको अभाव छैन । आज धर्मका क्षेत्रमा लागेका कतिपय महानुभावहरूले आधुनिक विज्ञानको उपलब्धि विषयमा रचनात्मक अध्ययन र चासो नराख्ने र आधुनिक विज्ञानका कतिपय प्रबुद्ध बुद्धिजीवीहरू र विशेषज्ञहरूले धर्मको क्षेत्रमा उपलब्ध प्राचीन ज्ञानका धरोहरलाई विल्कूलै खोजखवरै नलिई अनभिज्ञ रही सहजै रूढिवादीको संज्ञा दिन तम्सिने नकारात्मक प्रवृत्तिले गर्दा धर्म र विज्ञानको समय सापेक्ष सन्तुलित अध्ययन अनुसन्धान र प्रचार प्रसार हुन सकिरहेको देखिन्न। प्रज्ञा ज्ञान र विज्ञानको समय सापेक्ष विकास गरी मानव जातिको सर्वोत्तम हितमा उपयोग गर्नाका लागि यी दुबै प्रवृत्तिहरू घातक सिद्ध हुने कुरोमा दुई मत नरहला ।

तसर्थ प्रस्तुत पुस्तकले आधुनिक शिक्षा प्राप्त विविध विषयका विद्वत्वर्गलाई बुद्ध धर्म र दर्शनको हाम्रो प्राचीन सम्पत्तिको अध्ययन र अनुसन्धानमा सक्रिय अभिरूची मात्र जगाउन सके पनि



Downloaded from http://dhamma.digital

लेखकलाई आफ्नो समय, श्रम र साधनको उपयोगमा सन्तोष लाग्ने छ । आधुनिक वैज्ञानिकहरू र विद्वानहरूलाई यस पुस्तकवाट सक्रिय प्रेरणा प्राप्त भई यस दिशामा अझ बढी अध्ययन र अनुसन्धान गरी आ-आफ्ना खोजका परिणामहरूलाई समय सापेक्ष ढंगले निष्पक्ष रूपमा पूर्वाग्रह रहित भएर प्रकाशित गर्न अलिकति पनि प्रोत्साहित गराउन सकेमा लेखकलाई आफ्नो प्रयास सफल रहेको अनुभूति हुनेछ । प्रस्तुत पुस्तकवाट बुद्ध धर्म र दर्शनको सर्वकालिक उपादेयता र महत्वबारेमा विश्वस्त तुल्याउने भएकोले सद्धर्म अनुरागी श्रद्धालुवर्गलाइ त कुनै लघुताभाष बोध वेगर सदधर्मको सेवामा लाग्न प्रेरित र प्रोत्साहित गर्ने विश्वास लिएको छु । यसरी नै यस पुस्तकवाट विद्यालय, महाविद्यालय र विश्वविद्यालयका स्तरमा अध्ययनरत विद्यार्थीवर्गलाई पनि बुद्ध धर्मको वैज्ञानिकता र सर्वकालिक महत्व र विशेषताबारे प्रारम्भिक जानकारी दिइ कुनै पनि लघुताभाष वा महत्ताभाषको प्रवृत्ति वेगर नेपाली समाजले आफ्नो पुर्ख्यौली विरासतको रूपमा प्राप्त गरेको वुद्ध धर्म र दर्शनको महान सांस्कृतिक धार्मिक धरोहरको समयोचित अध्ययन र अनुसन्धान, अनुकरण र अनुशरण गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गर्ने आशा लिएको छु ।

प्रस्तुत पुस्तक तयार गर्न अध्ययन गरिएका र सघाउ पुऱ्याएका केही पुस्तक पुस्तिकाहरू र पत्रपत्रिकाहरूको एउटा सूची पनि पुस्तकको अन्तमा संलग्न गरी राखेको छु । उपर्युक्त पुस्तक पुस्तिकाहरूका लेखक लेखिकाहरू र अनुवादक अनुवादिकाहरू र सम्पादक सम्पादिकाहरू सवैलाई आफ्नोतर्फबाट हार्दिक आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु । प्रस्तुत पुस्तकको कतिपय अंशहरू तयार गर्नका लागि सासनधज धम्माचारिय अग्गमहासद्धम्म जोतिकधज भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूद्वारा अनुदित म्यानमारका महोपकारक महास्थविर भदन्त महाशी सयादोको प्रश्नोत्तर पुस्तक "जीवनको समस्या", म्यानमारकै मोलमिन् विश्वविद्यालयका रसायन शास्त्र प्राध्यापक डा. मिङ् तिङ् म्वन्को पुस्तक "जीवनको सफलता", म्यानमारका लेखक ऊ. अे: माउंको पुस्तक "वुद्ध र वुद्धवाद" प्रथम भाग १ जस्ता पुस्तकहरूबाट मलाई निकै सघाउ पुऱ्याएको छ । वर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवम् नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष अग्गमहासद्धम्म-जोतिकधज भिक्षु बुद्धघोष महास्थविरज्यूद्वारा सम्पादित तथा अनुदित



Downloaded from http://dhamma.digital

परित्राण, बुद्ध, धर्म, संघ र बुद्धशासन, म्यानमारका लेखक अग्गमहापण्डित लेदी सयादो महास्थविरको पुस्तक "कम्मट्ठान दीपनी" र उहाँ नै महास्थविरज्यूद्वारा संकलित "बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान प्रश्नावली" जस्ता पुस्तकहरूले पनि मलाई यस पुस्तकको तयारीमा निकै सघाउ प्राप्त भएको छ । त्यस्तै लेखिका सुश्री नानीमैञा मानन्धरज्यूद्वारा अनुदित म्यानमारका मूल लेखक महास्थविर लेदी सयादोका पुस्तकहरू "मग्गङ्ग दीपनी" र "नियाम दीपनीहरू" र मूल लेखक ऊ नुको पुस्तक "बुद्धका प्रथम सन्देश" बाट पनि यस पुस्तकमा उपयोगी सामग्रीहरू जुटाउन मैले सहयोग लिएको छु । लेखक श्री प्रकाश वज्राचार्यज्यूका पुस्तकहरू "बुद्ध र बुद्ध पछि" र "बौद्ध दर्पण" बाट मलाई प्रशस्त सहयोग प्राप्त भएको छ भने अनुवादक श्री मदन रत्न मानन्धरज्यूद्वारा अनुदित लेखक के. श्री धम्मानन्दको पुस्तक "बौद्ध विश्वास" (तृतीय भाग) पनि निकै सहायक भएको छ । त्यस्तै लेखकहरू फ्रा. सोना कान्ति बरूआको पुस्तक "बुद्धिष्ट ठट एण्ड मेडिटेशन इन द न्यूक्लिएर एज", विलियम हार्टको पुस्तक "दि आर्ट अफ लिभिङ्ग", फ्रिजफ काप्राको पुस्तक "द टाओ अफ फिजिक्स", मलेशियाबाट प्रकाशन भएको पुस्तक "भ्वाइस अफ बुद्धिज्म", महामहिम ऊ माङ् नुको पुस्तक "बुद्धिज्म : थ्योरी एण्ड प्राक्टिस्", श्री दुण्ड बहादुर बज्रा-चार्यज्यूबाट अनुदित त्रिपिटकका अनमोल पुस्तकहरू "दीघ निकाय", "मज्झिम निकाय", "संयुक्त निकाय", सुत्र अनुवाद समिति, अमेरिकाको प्रकाशन "द सीकर्स ग्लोस्सरी अफ बुद्धिज्म", श्री मीन वहादुर शाक्यज्यूद्वारा सम्पादित "ललित विस्तर" जस्ता कृतिहरू पनि प्रस्तुत पुस्तकका लागि निकै सहायक भएका छन् । तसर्थ म ती पुस्तकहरूका मूल लेखकहरू, सम्पादकहरू, अनुवादकहरू र अनुवादिकाहरूलाई विशेष गरेर कृतज्ञताका साथ आभार व्यक्तै गर्दै उहाँहरूको गुण स्मरण गर्दछु । भगवान बुद्धले भन्नु भएको छ: –

**"अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मत्ता ॥"**

अर्थात्

*अप्रमादी हुनु अमृत समानको निर्वाण मार्गमा लाग्नु हो । प्रमादी हुनु मृत्युको मार्ग हो । प्रमादीहरू मृत्यु भए झैं अप्रमादीहरू मृत्यु हुदैनन् ।*



Downloaded from http://dhamma.digital

अप्रमाद सम्बन्धी यही शिक्षालाई आफ्नो दैनिक जीवनमा जीवन्त रूपमा उतारेर कालाशोक नामबाट पुकारिने सम्राट पछि धर्माशोकको नाउँबाट विश्वविख्यात भई इतिहासमै अमर हुन सकेको तथ्य बुद्ध धर्मको इतिहासमा स्वर्णाक्षरमा अङ्कित छ । माथि लेखिएका विशिष्ट बौद्ध विद्वान्हरूका पुस्तकहरूबाट उपयुक्त सारपूर्ण सामग्रीहरू पनि ठाउँ ठाउँमा समावेश गरी बुद्ध धर्म र आधुनिक विज्ञानको ज्ञान क्षेत्र सम्बन्धमा तुलना गर्दै लेखिएको प्रस्तुत पुस्तकबाट विज्ञ पाठकजनमा पनि अप्रमादको अमूल्य शिक्षा लाभ गर्न केही मात्रामा भए पनि अवश्यमेव सहयोग पुग्ने आशा यहाँ गरेको छु ।

अभिधर्म जस्तो गहन तर निरस देखिने प्रज्ञा क्षेत्रमा किशोरावस्थादेखि नै मेरो अभिरूची जगाई यस क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न प्रेरित गर्नु हुने श्रद्धेय भदन्त अखिल नेपाल भिक्षु महासंघका आजीवन धर्मानुशासक नेपाल बुद्ध सासन वंसालंकारसिरि दिवंगत संघमहानायक अग्गमहापण्डित प्रज्ञानन्द महास्थविरज्यूको गुण पुन: स्मरण गर्न चाहन्छु ।

अभिधर्मको क्षेत्रमा मेरो अभिरूचीलाई जीवन्त राख्दै यस अघि पनि अभिधर्म सम्बन्धी गम्भीर धर्मग्रन्थहरूका अनुवाद र सम्पादन गर्न प्रेरित गर्नु भई "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग", "पञ्च आलोक", "धातु भेदानुपस्सना" र "बुद्ध धर्म र आधुनिक विज्ञान" नामक मेरा चार चार वटा पुस्तकहरू प्रकाशन गर्नका लागि योग्य सद्धर्मप्रेमी प्रकाशक दिवंगत श्री नन्दसिद्धि गुभाजुको धर्म सहयोग र सहभागिता जुटाई दिन महत्वपूर्ण योगदान पुऱ्याउनु भएका अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष तथा नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष श्रद्धेय भदन्त बुद्धघोष महास्थविरज्यूको गुणानुस्मरण गर्दै अत्यन्त व्यस्तताको बीच पनि यस पुस्तकको लागि समुचित दुई शब्द लेखिदिनु भएकोमा हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु । नेपालमा बौद्ध परियत्ति शिक्षाका अविच्छिन्न सञ्चालनमा उहाँको ऐतिहासिक योगदान अद्वितीय रहिआएको छ । श्रद्धेय भदन्त सुदर्शन महास्थविरज्यूको शब्दमा भन्ने हो भने श्रद्धेय भदन्त बुद्धघोष महास्थविरज्यू नेपाल बौद्ध परियत्ति शिक्षाका मूर्तरूप महास्थविर नै हुनुहुन्छ ।



Downloaded from http://dhamma.digital

नेपालमा बुद्ध धर्मको संगठित प्रचार प्रसारमा अत्यन्त सक्रिय रही बुद्धको जन्मभूमि नेपालमा शुद्ध बुद्ध धर्मको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा अनवरत लागिरहनु भएका धर्मोदय सभाका पूर्व अध्यक्ष, नेपाल भाषा एकेडेमीका भाइस चान्सलर प्राध्यापक श्रद्धेय भदन्त सुदर्शन महास्थविरज्यूले आफ्नो शारीरिक अशक्तता र अत्यन्त व्यस्तताका बीचमा पनि प्रस्तुत पुस्तकका लागि सारगर्भित प्राक्कथन लेखी प्रोत्साहन प्रदान गर्नु भएकोमा उहाँ भन्तेप्रति अनुग्रहित रहँदै हार्दिक आभार साथ साधुवाद टक्रचाउन चाहन्छु ।

अत्यन्त कार्यव्यस्तताका बीचमा पनि अमूल्य समय निकाल्नु भई यस पुस्तकका लागि गरिमापूर्ण मन्तव्य सहित शुभकामनाका ई शब्द लेखी मलाई प्रोत्साहित गर्नु हुने विश्व बौद्ध भ्रातृत्व संघका वरिष्ठ उपाध्यक्ष एवम् केन्द्रीय कार्यकारिणी सदस्य तथा धर्मोदय सभाका अध्यक्ष श्री लोकदर्शन बज्राचार्यज्यूमा हार्दिक धन्यवाद सह साधुवाद ज्ञापन गर्दछु ।

कार्यव्यस्तताका बावजूद पनि अनमोल समय निकाल्नु भई प्रस्तुत पुस्तकको कम्प्यूटर प्रिण्टलाई अभिरूचीका साथ आद्योपान्त गर्नु भई आजको अशान्तमय आधुनिक वैज्ञानिक युगमा बुद्ध धर्मको महत्वलाई दर्शाउँदै विद्वतापूर्ण मन्तव्य लेखी सहयोग गर्नु हुने त्रिभुवन विश्वविद्यालयका पूर्वउपकूलपति एवम् आनुवंशिक विज्ञानका विद्वान् डा. श्री कमलकृष्ण जोशीज्यू र त्रिभुवन विश्वविद्यालय, वनस्पतिशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरका प्राध्यापक तथा इकोलोजी (पारिस्थितिक विज्ञान) का विद्वान् डा. श्री प्रमोद कुमार झाज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यसरी नै आजको भौतिक युगमा प्रस्तुत पुस्तकको व्यवहारिक महत्व र उपयोगको उपयुक्त प्रसंगका साथै हार्दिक अभिच्छाका अनमोल शब्दहरू व्यक्त गरी प्रेरित गर्नु हुने ज्ञानमाला भजन खल:, स्वयम्भू तथा युवा बौद्ध समूह, काठमाडौंका अध्यक्ष श्री शान्तरत्न शाक्यज्यूमा पनि हार्दिक धन्यवाद सह साधुवाद ज्ञापन गर्दछु ।

बुद्धको जन्मभूमि नेपालका सबै श्रद्धालु सद्धर्मप्रेमीजनलाई बुद्ध धर्मको गम्भीर मानवोपयोगी शान्ति र कल्याणकारक धर्मको प्रचार प्रसार गर्ने कार्यमा सहयोग पुग्ने जुनसुकै धार्मिक प्रतिष्ठान,



Downloaded from http://dhamma.digital

विहार, संघ संस्था आदि निर्माण र संगठन र परियत्ति शिक्षाको प्रचार प्रसार कार्यमा सहज रूपमा सदा सर्वदा उदार हृदयले अमूल्य आर्थिक सहयोग र योगदान गर्दै आउनु भएका नेपालका सुप्रतिष्ठित सद्धर्मप्रेमी साहु श्री ज्ञानज्योति कंसाकारज्यूले आजको समयमा यस पुस्तकको महत्वलाई हृदयङ्गम गर्नु भई पुस्तक प्रकाशनको सम्पूर्ण आर्थिक व्ययभारको अभिभारा सहर्ष ग्रहण गर्नु भएकोले प्रकाशक साहु श्री ज्ञानज्योति कंसाकार र उहाँकी धर्मपत्नी श्रीमती लक्ष्मीप्रभा कंसाकारज्यूमा हार्दिक धन्यवाद सह साधुवाद ज्ञापन गर्न चाहन्छु । उहाँका सद्धर्मप्रेमी दिवंगत पिताश्री उदारमना साहु श्री भाजुरत्न कंसाकारज्यूको समयदेखि नै राणा शासनको प्रचण्ड दमन कालमा पनि निर्भिक भएर उहाँको परिवारले नेपालमा आइरहेको बौद्ध जागरणलाई सघाई हाम्रो मुलुकमा सद्धर्मको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने पुनित कार्यमा अनमोल सेवा र योगदान पुऱ्याई आउनु भएको तथ्य सद्धर्मप्रेमी बौद्ध जगत सबैमा प्रष्ट जानकारी भएकै कुरो हो । सद्धर्मप्रेमी साहु श्री ज्ञानज्योति कंसाकारज्यूले अद्यापि बुद्ध धर्मको क्षेत्रमा गर्दै आउनु भएको महत्वपूर्ण योगदान निकै प्रशंसनीय रहेको छ । भगवान् बुद्धले भन्नु भएको पनि छ –

**"सब्बं रसं धम्म रसं जीनाति"**

धर्मरसरूपी संसारमा जति जति डुबुल्की लगायो त्यति त्यति धर्मप्रतिको रस र आकर्षण बढ्दै जाने सत्य एउटा ऐतिहासिक धार्मिक तथ्य नै हो ।

प्रस्तुत पुस्तकलाई छिटो प्रकाशनको सुनौलो घाम देखाउने पुनित कार्यमा विशेष अभिरूची लिई सहर्ष सहयोग गर्नु हुने सहृदयी सद्धर्मप्रेमी प्रा. श्री मदन रत्न मानन्धरज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत पुस्तकलाई छोटो समयमै राम्रोसंग मुद्रण गर्ने व्यवस्था मिलाउनु भई पुस्तकको गतिलो मुद्रणमा व्यक्तिगत अभिरूची देखाउनु हुने स्पेक्ट्रम अफसेट प्रेस, गणबहाल परिवार र प्रेसका प्रवन्ध निर्देशक राजेश मान शाक्य पनि धन्यवादका पात्र हुनुहुन्छ । प्रस्तुत पुस्तकको आवरण डिजाइन गर्नु भएका कलाकार श्री स्वयम्भू रत्न शाक्य पनि धन्यवादका पात्र हुनुहुन्छ ।



Downloaded from http://dhamma.digital

प्रस्तुत पुस्तकको प्रूफ हेर्ने काममा सघाउने मेरी पुत्रीद्वय सुश्री कल्पना शाक्य र सपना शाक्य र पुत्र प्रदीप राज शाक्य पनि धन्यवाद एवम् साधुवादका पात्र छन् ।

यस पुस्तकका लागि आवश्यक चिकित्सा विज्ञानका विविध पुस्तकहरू उपलब्ध गराई सहयोग गर्ने उप–प्राध्यापक डा. श्री योगेन्द्र मान शाक्य (त्रि.वि.वि. शिक्षण अस्पताल, महाराजगन्ज) र आधुनिक विज्ञानका अद्यावधिक सूचनाहरू कम्प्युटर सर्फिङ्ग गरी संकलन गरी सहयोग गर्ने ई. श्री नरेश मान शाक्य (सडक विभाग, बबर महल) लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्य विज्ञानका पुस्तकहरू उपलब्ध गराई सहयोग गर्ने विद्यार्थीहरू सुश्री लिण्डा शाक्य, सुश्री रश्मी शाक्य र रूपक शाक्य पनि धन्यवादका पात्रहरू हुन् ।

यस पुस्तकमा समावेश गरिएका आधुनिक विज्ञानका अद्यावधिक विवरणहरू संकलन गर्न, प्रशोधन गर्न र छनोट गर्न प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याई सद्धर्म सेवामा श्रद्धा प्रकट गर्ने सह–प्राध्यापक डा. श्री शान्त मान शाक्य (त्रि.वि.वि. रामपुर क्याम्पस, रामपुर), वरिष्ठ ईञ्जिनीयर श्री ज्ञानकाजि शाक्य उप-प्रवन्धक, नेपाल विद्युत प्राधिकरण, काठमाडौं) र उप–प्राध्यापक श्री पवन राज शाक्य (त्रि.वि.वि. पद्मकन्या क्याम्पस, बागबजार) लाई पनि साधुवाद दिन चाहन्छु ।

यस पुस्तकको लेखन कार्य सुसम्पन्न गर्न प्रेरणा दिई विविध किसिमद्वारा सहयोग गरी सद्धर्म कार्यमा अप्रत्यक्ष रूपमा लग्न रहेकी मेरी धर्मपत्नी श्रीमती अमीर कुमारी शाक्यको गुणानुस्मरण गर्दछु ।

बुद्धभूमि नेपालमा सद्धर्मको स्वेच्छिक एवम् निःस्वार्थ सेवामा अनवरत रूपमा लागिरहन सकिने वातावरण मिलाई मलाई सदैव प्रेरणा र प्रोत्साहन दिई समय समयमा महत्वपूर्ण सरसल्लाह सुझाव प्रदान गरिरहने मेरी दिदी रत्न देवी शाक्य, भाइ प्रकाश रत्न शाक्य (प्रोप्राइटर, ओरियण्टल क्राफ्ट इण्डष्ट्रीज, प्यूखा) र भाइ तेज रत्न शाक्य (अध्यक्ष, नेपाल सुनचाँदी व्यवसायी संघ) लाई साधुवाद ज्ञापन गर्न चाहन्छु ।



Downloaded from http://dhamma.digital

मुद्रणको क्रममा छूट हुन गएका सानातिना त्रुटीहरूका अतिरिक्त प्रस्तुत पुस्तकमा मेरो आफ्नै अज्ञानतावश वा प्रमादवश केही त्रुटीहरू रहन गएको देखिएमा सहृदयी विज्ञ पाठकहरूबाट त्रुटीको संशोधनार्थ सूचना तथा सुझाव दिनु भएमा अनुगृहित हुने छु ।

अन्त्यमा प्रस्तुत पुस्तकको लेखन, कम्प्युटर सेटिङ्ग, प्रकाशन र मुद्रणको कार्यमा समेत प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण श्रद्धालु सहयोगीजनलाई धन्यवाद ज्ञापन गर्दै प्रस्तुत पुस्तकलाई पनि यस अघिका मेरा कृतिहरूलाई झैं श्रद्धालु सद्धर्मप्रेमी पाठकवर्गले सश्रद्धा खुला र उदार हृदयले स्वागत गर्ने आशा र विश्वास लिएको छु ।

भवतु सब्ब मंगलम् ।

विनीत

**आर. बि. वन्द्य**

प्युखा टोल, वडा नं. २४
काठमाडौं ।
मिति: २०५८।३।३०



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रकाशकीय निवेदन

नेपाल अधिराज्यको लुम्बिनीमा आजभन्दा २६२५ वर्ष अघि बैशाख शुक्ल पूर्णिमाको पुण्यतिथिमा महान् इक्ष्वाकु वंशको अत्युत्तम लिच्छवी कुलमा सूर्यवंशी शाक्य परिवारको आर्य सुपुत्रको रूपमा भगवान् बुद्धको जन्म भएको हो । शाक्यमुनि बुद्धले उपदेश गर्नु भएको सद्धर्म अतीत, वर्तमान र अनागत तिनै कालमा सर्वत्र सदैव सबैलाई हित सुख मङ्गल हुने सर्वकालिक कल्याण धर्म हो । यस धर्मलाई आफ्नै अनुभववाट जान्न, बुझ्न र पहिचान गर्न सकिन्छ । परन्तु आजको युग विज्ञानको युग हो, वैज्ञानिक सोचाइ, चिन्तन र अभ्यासको युग हो । विज्ञानको चमत्कार र सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले आज विश्व एउटा गाउँमा परिणत भएको छ । तसर्थ आज मानिसहरूले कुनै पनि वस्तु, वाद, मत, सिद्धान्त, प्रचलन, परम्परा, धर्म ईत्यादिलाई वैज्ञानिक सोचाई र दृष्टिकोणबाट हेर्न थालेका छन् । आज विज्ञान सम्मत नभएका र आस्थाका भरमा मात्र चलेका कतिपय पुराना वाद, मत, सिद्धान्त, प्रचलन, परम्परा, धर्म आदि ऱ्हासोन्मुख छ, कुनै त लुप्त नै हुन जाने अवस्थामा पुगेका पनि देखिन्छन् ।

यसै परिप्रेक्ष्यमा आजको समयको मांग र युगको खाँचोलाई दृष्टिगत गर्दै बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्द्यज्यूले आधुनिक शिक्षा दीक्षा प्राप्त बुद्धिजीवी, विद्यार्थी एवं विद्वतवर्गको मानसिकतालाई विचार गरी आधुनिक विज्ञान र बुद्ध धर्मको तुलनात्मक समीक्षा गर्दै "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक पुस्तक रचना गर्नु भएको छ । प्रस्तुत पुस्तकमा उहाँले हालसम्मकै विज्ञानको विकास र उपलब्धिलाई समावेश गरी आधुनिक विज्ञानको विकासले क्रमश: बढ्दो रूपमा बुद्ध धर्मको गम्भीर धर्म र दर्शनका प्रमुख आधारहरू, मान्यताहरू र धारणाहरूलाई पुष्टि गर्दै प्रमाणित गर्दै जान थालेका तथ्यहरूलाई सप्रमाण प्रष्ट्याउनु भएको पाइन्छ । प्रस्तुत पुस्तक धर्म र दर्शनमा जिज्ञासा, अभिरूची र श्रद्धा राख्ने सबै खालका सद्धर्मप्रेमीहरू, बुद्धिजीवीहरू, विद्वत्वर्ग र विद्यार्थीहरू समेतलाई उपयोगी हुने देख्तछु । यस पुस्तकमा बुद्ध धर्मको लोकोत्तर ज्ञान, प्रज्ञा ज्ञानको नेत्र आधुनिक विज्ञानको लौकिक ज्ञानभन्दा निकै अगाडि रहेको



Downloaded from http://dhamma.digital

तथ्यलाई पनि सुप्रकाशित गरिएको पाइन्छ । तसर्थ व्यक्ति, परिवार, समाज र राष्ट्र एवं विश्वकै चिरस्थायी सुख शान्ति र सर्वोतोमुखी हित सुख मङ्गल र कल्याणको लागि सत्य, मैत्री, करूणा, अहिंसा, शील, समाधि र प्रज्ञाको उत्तम सन्देशबाट सम्प्रयुक्त रहेको बुद्ध धर्म र दर्शनको बढी मात्रामा निसंकोच अध्ययन र अनुसन्धान गर्न, अभ्यास र आचरण गर्न हरक्षेत्रका महानुभावहरूलाई यस पुस्तकबाट प्रेरणा र प्रोत्साहन प्राप्त हुने अपेक्षा गर्न सकिन्छ ।

यस प्रकारको समयोपयोगी दुर्लभ पुस्तक प्रकाशित गर्ने सुअवसर पाउंदा मैले धर्म प्रीतिको अनुभव गरेको छु । प्रस्तुत पुस्तकलाई प्रकाशित गर्न सहर्ष अनुमति दिनु हुने यस पुस्तकका लेखक श्री आर. बि. वन्द्यज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस पुस्तकका लागि गहकिलो दुई शब्द लेखी अनुकम्पा गर्नु हुने अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष श्रद्धेय भदन्त बुद्धघोष महास्थविरज्यू र उपयुक्त प्राक्कथन लेखी सहयोग गर्नुहुने श्रद्धेय भदन्त सुदर्शन महास्थविरज्यू प्रति आभार प्रकट गर्दछु । अति व्यस्तताका बावजूद आफ्नो गहन मन्तव्य लेखिदिनु हुने त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति डा. श्री कमलकृष्ण जोशीज्यू तथा आफ्नो अमूल्य समय प्रदान गरी प्रस्तुत पुस्तक अध्ययन गरी गहकिलो मन्तव्य लेखिदिनु हुने त्रि.वि.वि. वनस्पतिशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरका प्राध्यापक डा. श्री प्रमोद कुमार झाज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस पुस्तकका लागि आफ्नो अमूल्य शुभकामनाका दुई शब्द लेख्नु हुने धर्मोदय सभाका अध्यक्ष श्री लोकदर्शन बज्राचार्यज्यू र हार्दिक शुभेच्छा व्यक्त गर्नु हुने स्वयम्भू ज्ञानमाला भजन खल:का अध्यक्ष श्री शान्तरत्न शाक्यज्यूलाई पनि हार्दिक साधुवाद दिन चाहन्छु ।

यो पुस्तकको मुद्रण कार्यमा तन मन दिई अत्यन्त शिघ्रताका साथ राम्ररी मुद्रण कार्य सुसम्पन्न गर्नु भएकोमा स्पेक्ट्रम अफसेट प्रेस, गणबहाल परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

चिरं तिट्ठतु बुद्ध शासना ।

ज्ञानज्योति कंसाकार

मिति : २०५८।३।२९ — **ज्ञान ज्योति कंसाकार**

क्वापुखु, थंहिटी, काठमाडौं — **लक्ष्मीप्रभा कंसाकार**



Downloaded from http://dhamma.digital

# लेखकीय अनुरोध

आधुनिक विज्ञान र प्रविधिको द्रुततर विकास र विस्तारको संगसंगै ...िक, आध्यात्मिक र नैतिक शिक्षाको अभ्यासको समसामयिक जीवन ...तको विकास र विस्तारले हातेमालो गरी अगाडि बढ्न नसकेकोले ...ाईसौं शताब्दीको मानव समाजमा भौतिकवादी प्रवृत्ति हावी रहन गएको ... आज विश्वमा सर्वत्र सत्ता, सम्मान, सम्पत्ति र शक्तिका लागि स्वार्थपूर्ण ... चर्किंदै गएको प्रतीत हुन्छ । आजको समुन्नत विज्ञान र प्रविधिसंग ...भरिकै मानव समाजबाट रोग, भोक, अशिक्षा र दरिद्रतालाई उन्मूलन ... गर्नका लागि पृथ्वी, समुद्र र अन्तरीक्षमा समेत उपलब्ध अद्यावधि ...योगित साधन, श्रोत र सम्पदालाई पनि मानव हित, सुख र कल्याणका ...वृद्धिका निम्ति व्यापक रूपमा प्रयोग र परिचालनमा ल्याउन सकिने ...ा, दक्षता र शक्तिको सम्भाव्यता सिद्धान्ततः बढ्दो छ ।

मानव जातिसंग हाल उपलब्ध ज्ञान, शक्ति, साधन र अवसरलाई ... करूणा, मुदिता र उपेक्षा सहितको चतु:ब्रम्ह विहारको सम्यक् जीवन ...को मार्गदर्शन अन्तर्गत स्वार्थ र संग्रहको प्रवृत्तिको बदलामा त्याग र ...कारको प्रवृत्तिलाई प्रोत्साहित गर्ने हाम्रो परम्परागत आदर्श अनुरूप ...ा जातिकै बृहद् हित, सुख र कल्याणको लागि समान वितरणको ...रमा अधिकतम सम्भाव्य उपयोग गर्न सकिएमा मानव जातिले आफ्नो ...ासमा कहिल्यै उपभोग गर्न नपाएको उन्नत सुख, सुविधा, सम्पदा र ...पूर्ण जीवन स्तरको उपभोग गर्न सकिने सैद्धान्तिक सम्भाव्यता अहिलेको ...मा विद्यमान छ भन्दा अतिशयोक्ति हुने छैन । विश्व पर्यटन, दूरसञ्चार ...ाना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकासले विश्व ग्राममा परिणत ...केको वर्तमान विश्वका विभिन्न मानव समुदायहरूबीच यति घनिष्ट ...ा निकटतम पारस्परिक सम्पर्क, सम्बन्ध र सम्वाद गर्न सकिने भौतिक ...को सिर्जना भइसकेको छ कि वसुधैव कुटुम्वकम् र विश्व भ्रातृत्वको ... परम्परागत धार्मिक उच्च आदर्शलाई व्यवहारमा उतार्न आज कुनै ... व्यवधान र अवरोध शेष छैन । तसर्थ भौतिक पूर्वाधारको दृष्टिबाट ...ो युग विश्व शान्ति, विश्व मैत्री र विश्व वन्धुत्वको भावनाका लागि ...ा उपयुक्त रहेको तथ्यमा अब कुनै विवाद रहला जस्तो लाग्दैन ।



Downloaded from http://dhamma.digital

विज्ञानले हाल मानव विकास, उन्नति र प्रगतिका लागि अनन्त सम्भाव्यताको द्वार खोलिदिएको छ । आज उत्पादनको होइन वितरणको मात्र समस्या चर्को छ । आज आवश्यकता केही छ भने विद्यमान मानव क्षमता, शक्ति र साधनलाई सम्पूर्ण मानव जातिको हित सुख कल्याणका लागि उपयोग गर्ने इच्छा शक्ति र संकल्पको आवश्यकता छ, त्यस प्रकारको नूतन योजना र कार्यक्रमको खाँचो छ, आदर्श र व्यवहारको खाँचो छ । परिवर्तित विश्वको युगको मांग अनुकूल मैत्रीपूर्वक आपसी सद्भावना, सहानुभूति र सहअस्तित्वको भावना अनुरूप सुख र शान्तिपूर्वक जीवन यापन गर्ने सम्यक् दृष्टिकोण, आचरण र रचनात्मक कृयाशीलताको खाँचो छ । तसर्थ आज भगवान् बुद्धले देखाउनु भएको त्याग, परोपकार, सद्भावना, सहिष्णुता र सह–अस्तित्वको, मैत्री, करूणा, मुदिता, शान्ति र अहिंसाको मध्यम मार्गको मानवोपयोगी जीवन पद्धतिको सर्वोपरि महत्व देखिंदै छ । बुद्धको शिक्षालाई दैनिक जीवनको व्यवहारमै उतार्न अत्यन्त आवश्यक देखिंदै छ ।

आजभन्दा २५९० बर्ष अघिदेखि नै भगवान् बुद्धले स्वार्थ र संग्रहको मानव प्रवृत्तिमा क्रान्तिकारी सुधार ल्याउन तृष्णा क्षयको आदर्शलाई सर्वोपरि महत्व दिनु भै त्याग र सेवाको मूल्य र मान्यतालाई सुप्रतिष्ठित गर्नु भएको हो । उहाँले व्यक्तिगत समाजको ठाउँमा संघीय जीवन पद्धतिको परम्पराको थालनी गर्नु भयो । दान शील भावनामा अभिरत उदार उपासक उपासिकाहरूको कल्याणकारी समाजको सिर्जना गर्नु भयो । शील, समाधि र प्रज्ञाको अभ्यास र आचरणमा सतत: प्रयत्नशील रहने श्रावक संघको नमूना प्रस्तुत गर्नु भई विश्वलाई साधनको उपभोग र वितरणमा समानताको आदर्शमा चल्न प्रोत्साहित गर्नु भयो, उत्प्रेरित गर्नु भयो र मानव जीवनमा नयाँ मूल्य र मान्यताको प्रतिस्थापन गर्नु भयो । लोकतन्त्रको आधारभूत सिद्धान्तलाई दैनिक जीवनको व्यवहारमा प्रयोग गरिने संघीय भिक्षु जीवन र अनुशासनको परम्परालाई मानव समाजमा प्रवेश गराउने प्रथम महापुरुष भगवान् बुद्ध नै हुनुहुन्थ्यो ।

बुद्धको शिक्षाले ल्याएको मनोवैज्ञानिक परिवर्तनको फलस्वरूप यस विश्वमा अनाथ पिण्डिक महाजन जस्ता महाउपासक र विशाखा महाउपासिका जस्ता कैयन् दानी र त्यागी गृहस्थ महानुभावहरू उत्पत्ति हुँदै गरे, आम्रपालिका जस्ती गणिका र अंगुलिमाल जस्ता पथभ्रष्ट पुद्गलहरूले पनि प्रवज्या सुखका अनुभब गरे, चण्डाल अशोकको नाउँबाट कुख्यात रहन पुगेका सम्राट धर्माशोक जस्ता आदर्श नरेशमा परिणत भए । विगत छब्बीस शताब्दीको बौद्ध इतिहासको पाना पल्टाउँदै जांदा यस विश्वमा बुद्धका उदार



Downloaded from http://dhamma.digital

शिक्षालाई आ–आफ्ना जीवनमा उतार्ने यस्ता कुलपुत्रहरू र कुलपुत्रीहरूको संख्या अनगिन्ति रूपमा रहेको हामी पाउंछौं । आजको विज्ञान र प्रविधिको अनुपम साधनबाट सुसम्पन्न मानवलाई सांच्चिकैको सुख शान्तिको स्थायी पथमा डोऱ्याउन त्यसैले शाक्यमुनि तथागतको लोककल्याणकारी आदर्श जीवनका सदुपदेशहरूको सही अनुकरण, अनुशरण र अनुशीलनको सर्वथा आवश्यक छ । आजको समयको मांग हो यो, युगको अपेक्षा हो यो, विश्वको चाहना हो यो । हिंसा, प्रतिहिंसा र अशान्तिबाट आतङ्कित आजको विश्वमा बुद्ध धर्मले प्रोत्साहित गर्ने मैत्री, करूणा र शान्तिको सत्सन्देशको सर्वथा खाँचो छ ।

आज धर्म र विज्ञानको बीचमा आपसी सम्वाद र सञ्चारको अभाव खट्किंदो छ । पुस्तागत खाडल (जेनेरेशन ग्याप) को समस्या चर्किंदो छ । वैज्ञानिक र धार्मिक श्रद्धालुजनका बीचमा आपसी श्रद्धा, विश्वास र निष्ठाको अभावको समस्या जारी छ । वर्तमान युगमा पश्चिमी सभ्यतामा भूलेका आधुनिक शिक्षा प्राप्त नेपाली बुद्धिजीवीहरू र परम्परागत धर्म र दर्शनमा रमाएका हाम्रा धार्मिकजन र दार्शनिकहरू दुवै थरीलाई भौतिक विज्ञानको उच्चतम उपलब्धि र बुद्ध धर्मको सर्वोत्तम शिक्षाका विषयमा जानकारी आदान प्रदान गरी गराई परस्पर समझदारीको विकासको माध्यमबाट सुख शान्तिपुर्वक कल्याणकारी जीवन व्यतीत गर्दै अन्ततोगत्वा सबै प्रकारको दु:खबाट विमुक्त निर्वाण सुखलाई प्राप्त गर्ने लक्ष्य साधनामा लाग्न प्रोत्साहित गर्ने वातावरणको ठूलो महत्व रहेको प्रतीत हुन्छ । आजका नेपाली बुद्धिजीवीहरू र जाग्रत धार्मिक श्रद्धालुजनमा आधुनिक विज्ञान र परम्परागत धर्म र दर्शनको समीक्षात्मक अध्ययनमा ठूलो अभिरूची देखिन थालेको छ । २०५८ साल असोज २० गते मात्र विधिवत् विमोचित भई धर्म दानको रूपमा वितरण खुल्ला गरिएको "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक मेरो प्रस्तुत पुस्तकको प्रथम संस्करणका प्राय: सम्पूर्ण प्रतिहरू तीन चार महीनाको छोटो अवधिमा नै अत्यधिक लोकप्रियताका बीचमा समाप्त हुनु यसै जनअभिरूचीको द्योतक थियो । नेपाली समाजका विभिन्न वर्गका महानुभावहरूबाट प्रस्तुत पुस्तकलाई यस प्रकारले स्वागत गरेको पाउंदा हामी लेखक र प्रकाशकहरू अत्यन्त हर्षित, सुसन्तुष्ट र प्रमुदित भएका छौं ।

नेपाली बुद्धिजीवीहरू र धार्मिक श्रद्धालुजनको बढ्दो मांगबाट धर्मप्रिति उत्पन्न गर्नु हुने श्रद्धालु सद्धर्मप्रेमी प्रकाशक साहु श्री ज्ञानज्योति कंसाकारज्यूले यति चाँडै नै यस पुस्तकको द्वितीय संस्करण प्रकाशित गर्ने अनुपम श्रद्धा देखाउनु भएको छ । अत: म यस पुस्तकका प्रकाशक साहु श्री



Downloaded from http://dhamma.digital

ज्ञानज्योति कंसाकारज्यू र उहाँकी धर्मपत्नी साहुनी श्रीमती लक्ष्मीप्रभा कंसाकारज्यूलाई हार्दिक साधुवाद सहित मुरी मुरी धन्यवाद ज्ञापन गर्न चाहन्छु । बुद्धको जन्मभूमि नेपालमा शाक्यमुनि तथागतका सदुपदेशको प्रचार प्रसार गर्ने सत्कार्यमा उहाँहरूले पुऱ्याउँदै आउनु भएको योगदान अत्यन्त प्रशंसनीय र अभिप्रेरक रहिआएको छ ।

प्रस्तुत पुस्तकको प्रथम लेखन कार्य सम्पन्न भए यताको विगत ८/१० महीनाको समयमा आधुनिक विज्ञान र प्रविधिको क्षेत्रमा प्राप्त भएका उपलब्धिलाई अझ सुदृढ गर्ने दिशामा महत्वपूर्ण प्रगति हासिल हुँदै छ । अमेरिकी अरवपति व्यापारी डेनिस टिटोको गत बर्ष अप्रिल २८ को अन्तरीक्ष भ्रमणपछि हाल आएर दक्षिण अफ्रिकाको धनाढ्य मार्क सटलवर्थ पनि अप्रिल २५, २००२ को विहान नै १० दिनको अन्तरीक्ष भ्रमणमा प्रस्थान गर्नु भएको हुंदा अन्तरीक्ष शयरको अव सिलसिला नै शुरू हुने संकेत देखापरिसकेको छ । जीव, वनस्पति र मानवको वंशानुकोष (जिनोम) को अध्ययन र अनुसन्धानमा क्रमिक प्रगति हुँदै गरेको मात्र होइन, औषधोपचारको उद्देश्यको लागि आज विश्वका कतिपय देशहरूमा मानव भ्रूणकै क्लोनिङ्ग गर्ने प्रयास गर्ने तरखर पनि देखापर्न थालिसकेको छ ।

अष्ट्रेलियाको सरकारले आफ्नो देशका तीन जोडी अभिभावकहरूका लागि भ्रूण परीक्षण गरी उनीहरूका बालबालिकाहरूको कोषसित मेल खाने कोष भएका नमूना शिशुको निर्माण गरेर रोगले अति ग्रस्त ती बालबालिकाहरूलाई बचाउन पाउने स्वीकृति प्रदान गरेको ए.एफ.पी. ले प्रसार गरेको अस्ति भर्खरको समाचारबाट अष्ट्रेलिया यस दिशामा अरू मुलुकको दांजोमा एक कदम अगाडि बढेको प्रतीत हुन्छ । हालै जापानले ३५,६०० गिगाफ्लप्स (gigaflops) को गतिमा हिसावको कृत्य गर्न सक्ने नयाँ सुपर कम्प्यूटरको निर्माण गरी एन.इ.सि. अर्थ स्टिमुलेटर (NEC Earth Stimulator) लाई विश्व वातावरण सम्बन्धी समस्याहरू पहिचान गरी समाधान गर्ने कार्यमा प्रयोग गरेको प्रकाशित समाचारबाट मानव मनमस्तिष्कले अद्वितीय द्रुततर गतिमा हिसाव सम्बन्धी कृत्य गर्न सक्ने यन्त्र आविष्कार गर्ने दिशामा नयाँ सफलता हासिल गरेको प्रतीत हुन्छ । एक गिगाफ्लप भनेको एक सेकेण्डमा एक अरबको हिसाव कृत्य गर्न सकिने गतिलाई भनिन्छ । यसबाट अब बुद्ध धर्मका ग्रन्थमा नाम रूपको क्षणभंगुरताको व्याख्या गर्दै एक पटक आंखा झिम्काउंदाको अवधिभित्र एक लाख कोटी चित्तहरू उत्पत्ति भएर विनाशमा प्राप्त भई सक्छन् भन्ने तथ्यको सत्यताको सार्थकतामा सन्देह गर्नु पर्ने कुनै आवश्यकता नरहला ।



Downloaded from http://dhamma.digital

हालसम्मको बैज्ञानिक उपलब्धिबाट पनि आधुनिक विज्ञान र बुद्ध धर्मका सम्बन्धमा यस अघि गरिएको समीक्षात्मक अध्ययनको सार संक्षेपमा भने खासै तात्विक अन्तर आइसकेको देखिन्न । तसर्थ प्रस्तुत पुस्तकको यस द्वितीय संस्करणमा केही मामुली परिवर्तन मात्र गरी यथावत् रूपमा नै नेपाली पाठकहरू समक्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत पुस्तकको द्वितीय संस्करणको छिटो प्रकाशन गर्ने कार्यमा अभिरूची राखी प्रोत्साहित गर्नु हुने सद्धर्मप्रेमी प्रा. श्री मदन रत्न मानन्धरज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यस पुस्तकलाई प्राथमिकताका साथ शिघ्र मुद्रण गर्ने कार्यमा मिहेनत गर्नु भएका स्पेक्ट्रम अफसेट प्रेस, गणबहालका राजेश मान शाक्य लगायत सम्पूर्ण प्रेस परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सहृदयी नेपाली पाठकहरूबाट प्रस्तुत पुस्तकको परिमार्जन गर्ने रचनात्मक सुझाउहरू प्राप्त भएमा अनुगृहित हुने छु ।

सब्बे सत्ता भवन्तु सुखितत्ता ।

विनीत

आर. बि. वन्द्य

आर. बि. वन्द्य

२०५९।१।१३।६
प्यूखा टोल, वडा नं. २४
काठमाडौं ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

*द्वितीय संस्करणका लागि*

# प्रकाशकीय अनुरोध

नेपालका सुविख्यात बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्दयज्यूले वर्तमान जगतका बुद्धिजीवीहरूको चाहना अनुरूप आधुनिक विज्ञान र बुद्ध धर्मका उपादेयता र विशेषताका बारेमा जनस्तरमा आवश्यक जागरण ल्याउन थालनी गर्नु भएको प्रयास नेपाली समाजका विभिन्न वर्गमा साह्रै नै लोकप्रिय रहेको छ भन्ने तथ्यलाई यस पुस्तकको प्रथम संस्करणका प्रतिहरू तीन चार महीनाको छोटो अवधिमै सकिन पुगेबाट सिद्ध गरेको छ । यस पुस्तकको मांग अझै बढिनै रहेको हामीले पाएका छौं । यस पुस्तकको अध्ययन गरेका नेपाली बुद्धिजीवीहरूबाट यस ग्रन्थलाई मनपराएर प्रशंसा गरेको देख्न सुन्न पाउंदा आफ्नो प्रकाशन प्रयासप्रति हामी प्रकाशकहरू पनि हर्षित, प्रमुदित र उत्प्रेरित भएका छौं ।

त्यसैले व्यापक जनचासोको परिपूर्ति गर्न यस पुस्तकको द्वितीय संस्करण विज्ञ पाठकहरू समक्ष अर्पण गर्दछौं । यस पुस्तकको द्वितीय संस्करण प्रकाशन गर्न सहर्ष अनुमति दिनु भएकोमा लेखक श्री वन्दयज्यूप्रति हामीहरू सहर्ष आभार प्रकट गर्दछौं ।

यस पुस्तकको शिघ्र मुद्रणमा तत्परता देखाउनु हुने स्पेक्ट्रम अफसेट प्रेस, गणबहाल परिवारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

प्रस्तुत पुस्तक प्रकाशनको पुण्यद्वारा नेपाल लगायत सम्पूर्ण विश्वमा सुख शान्ति र मैत्री फैलिन सहयोग पुगोस्, यही कामना गर्दै बिदा लिने अनुमति चाहन्छौं ।

भवतु सब्ब मङ्गलम् ।

ज्ञानज्योति कंसाकार

२०५९।१।१४ ज्ञानज्योति कंसाकार

क्वापुखू, ठँहिटी, काठमाडौं लक्ष्मी प्रभा कंसाकार



Downloaded from http://dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | पृ.सं. |
|---|---|---|
| १. | प्राक्कथन | अ |
| २. | दुई शब्द | इ |
| ३. | शुभकामनाका दुई शब्द | ओ |
| ४. | मन्तव्य | क |
| ५. | मन्तव्य | घ |
| ६. | हार्दिक शुभेच्छा | च |
| ७. | विनीत कथन | झ |
| ८. | प्रकाशकीय | व |
| ९. | द्वितीय संस्करणका लागि लेखकीय अनुरोध | ष |
| १०. | द्वितीय संस्करणका लागि प्रकाशकीय आग्रह | ज्ञ |
| ११. | **परिच्छेद–१ : आधुनिक युग र बुद्ध धर्म** | १–१२ |
| | क) आधुनिक विज्ञान र युगको दिशा | १ |
| | ख) बुद्ध धर्मको उदयकाल र आजको युगको समानता | ४ |
| | ग) ईशापूर्व छैठौं शताब्दीको युग र आधुनिक युग – अनुसन्धान र खोजका युगहरू | ५ |
| | घ) विभिन्न धर्मगुरुहरूको उदय | ६ |
| | ङ) बुद्ध धर्मको दर्शन र आधुनिक विज्ञानको निर्क्यौल - एक रोचक संयोग | ८ |
| २. | **परिच्छेद–२ : बुद्ध धर्म र आधुनिक विज्ञानबीच समानता र सामीप्यता** | १३–३४ |
| | क) सामान्य ज्ञान र विज्ञान | १३ |
| | ख) आधुनिक विज्ञान र बुद्ध धर्मको उपागममा समानता | १४ |
| | ग) विज्ञानको सफलता र खोजको क्षेत्रको अनन्तता | १७ |
| | घ) हेतु धर्मको प्रतिपादन | २० |
| | ङ) बुद्ध धर्मको सिद्धान्त र आधुनिक विज्ञानको परिभाषा | २० |
| | च) आधुनिक मनोविज्ञान र बुद्ध धर्म | २३ |
| | छ) काल र आकाशको अनन्य सम्बन्ध | २४ |
| | ज) अन्धविश्वासलाई सर्वथा स्थान नरहनु आधुनिक विज्ञान र बुद्ध धर्मको विशेषता | २५ |
| | झ) बुद्ध धर्मप्रतिका उद्गार वचनहरू | ३१ |


Downloaded from http://dhamma.digital

| क्र. सं. | विषय | पृ. सं. |
|---|---|---|
| १३. | **परिच्छेद–३ : त्रिरत्न परिचय** | ३५–६८ |
| | क) धर्मको सामान्य अर्थ र पश्चिमा विद्वत्वर्गको दृष्टि | ३६ |
| | ख) बुद्ध धर्ममा विद्यमान भिन्नताहरू | ३७ |
| | ग) बुद्ध धर्ममा धर्म र धातुको व्याख्या | ३९ |
| | घ) त्रिरत्न गुण र विशेषताहरूको स्मरणार्थ बुद्ध पूजा | ४३ |
| | ङ) बुद्ध, धर्म र संघका गुणहरू | ४६ |
| | च) भगवान् बुद्धमा विद्यमान नवाङ्ग गुणको सविस्तार वर्णन | ४९ |
| | छ) धर्मका गुणहरूको सविस्तार वर्णन | ५७ |
| | ज) श्रावक संघका गुणको सविस्तार वर्णन | ६३ |
| १४. | **परिच्छेद–४ : विज्ञान र प्रविधिको युगमा युवापिंढीको मनस्थिति र धर्मको उपयोग** | ६९–८५ |
| | क) एक्काइसौं शताब्दीको आजको युग र युवापिंढीको मनस्थिति | ६९ |
| | ख) भौतिकवादी युगको विसंगति र विकृति | ७३ |
| | ग) आधुनिक युगको खांचो | ७९ |
| | घ) आशाका किरणहरूको उदय | ७९ |
| | ङ) बुद्ध धर्मको उपयोग | ८३ |
| | च) बुद्ध धर्मको सारांश | ८३ |
| | छ) अज्ञानता नै दु:खको कारण | ८५ |
| १५. | **परिच्छेद–५ : बुद्ध धर्मको स्वरूप** | ८६–१०४ |
| | क) बुद्ध धर्ममा प्रज्ञप्ति धर्म र परमार्थ धर्म | ८६ |
| | ख) बुद्ध धर्मको स्वरूप | ९२ |
| | ग) बुद्ध धर्मको दार्शनिक व्याख्यान | ९७ |
| | घ) बुद्ध धर्मानुसार जीवनको लक्ष्य | १०४ |
| १६. | **परिच्छेद–६ : विज्ञान र प्रविधिको उपलब्धिपूर्ण विकास र बुद्ध धर्म** | १०५–१५५ |
| | क) आधुनिक विज्ञानको क्षमता | १०५ |
| | ख) संसरन्ती'ति संसार | १०८ |
| | ग) अनन्त चक्रवाल सम्बन्धी बौद्ध धारणा | ११३ |
| | घ) त्रिलक्षण धर्म स्वभाव सम्बन्धी बौद्ध दर्शन | १२२ |
| | अ. भौतिक विज्ञान र बुद्ध धर्म–आधुनिक विज्ञानको खोज | १२२ |
| | आ. बुद्ध धर्मको संसार | १२४ |

Downloaded from http://dhamma.digital

| क्र.सं. | विषय | पृ.सं. |
|---|---|---|


इ. आधुनिक विज्ञानको विकास र निष्कर्ष - अनित्यवाद १२७
ई. जनन विज्ञान र बुद्ध धर्म १३३
उ. मानव वंशाणु कोष विज्ञान - जेनोमिक्स १३५
ऊ. मानव वंशाणु कोष - जेनोमको नक्साङ्कन १३६
ए. जीव विज्ञान र चिकित्सा विज्ञानको चमत्कार १३९
ऐ. बुद्ध धर्मका अनुसार मानव जन्म १४७
ओ. अनात्म दर्शनतिर आधुनिक विज्ञान १५१

७. **परिच्छेद-७ : आधुनिक विज्ञानबाट अझै अभेद्य बुद्ध धर्म** १५६-१९३

क) आधुनिक विज्ञानका अपेक्षाहरू १५६
ख) आधुनिक विज्ञानको तुलनामा बुद्ध धर्मको अग्रगण्यता १५९
ग) बुद्ध धर्ममा धातुको ज्ञानको विशेषता १६०
घ) प्रतिसन्धि विज्ञानको विशेषता १६६
ङ) नामस्कन्ध ज्ञानको विशेषता १७१
च) आधुनिक विज्ञानको सीमा तथा लौकिक ज्ञान र लोकोत्तर ज्ञानको अन्तरमा एक विहंगम दृष्टि १७३
अ. लौकिक ज्ञानको विस्तार र सीमा १७६
आ. सजीव रूप क्षेत्रमा आधुनिक विज्ञानको सीमा १८०
छ) उपसंहार १८३

परिशिष्ट १९४

सहायक ग्रन्थहरू (Bibliography) १९८

प्रातः स्मरणीय बुद्ध वचनहरू २०२


Dhamma.Digital

Downloaded from http://dhamma.digital

# Buddhism In The Vision Of Modern Science

## Contents


| S.No. | Subject | Page No. |
|---|---|---|
| | (Introductory Part) | |
| . | Foreword by Ven'ble Prof. Sudarshan Mahathera - Vice-Chancellor, Nepal Bhasha Academy | i-ii |
| . | A Few Words by Most Ven'ble Buddhaghosh Mahathera - President, All Nepal Bhikkhu Association. | iii-viii |
| | A Few Words of Felicitation by Mr. Lok Darshan Bajracharya, President, Dharmodaya Sabha, Nepal & Senior Vice-President, World Felloship of Buddhists, Bangkok. | ix-xii |
| | Opinion by Prof. Dr. Kamal Krishna Joshi, Ex. Vice-Chancellor, Tribhuvan University & Scholar on Genetic Science | xiii-xv |
| | Opinion by Prof. Dr. Pramod Kumar Jha, Scholar on Ecological Science, Tribhuvan University & President, Ecological Society, Nepal | xvi-xvii |
| | Sincere Best Wishes by Mr. Shanta Ratna Shakya, President, Gyanmala Bhajan Khala, Swoyambhu, a premier Buddhist Organization & Young Buddhist Group, Kathmandu | xviii-xx |
| | Humble Say by the Author Mr. R. B. Vandya | xxi-xxxx |
| | Publisher's Statement by Mr. Gyanjyoti Kansakar & Mrs. Laxmi Prabha Kansakar | xxxxi-xxxxii |
| | Chapter 1 : Modern Age & Buddhism | 1-12 |
| | a. Modern Science & Direction of the Age | 1 |
| | b. Similarity in the Present Day Age and the Age of the Rise of Buddhism | 4 |
| | c. Age of sixth century B.C. & Modern age - Ages of Research & Investigation | 5 |
| | d. Rise of various Dhamma Preachers | 6 |
| | e. Buddhist Philosophy and Finding of Modern Science - An Interesting Coincidence | 8 |


Downloaded from http://dhamma.digital

| *S.No.* | *Subject* | *Page No.* |
|---|---|---|
| 10. | Chapter -2 : Similarity and Proximity between Buddhism & Modern Science | 13-34 |
| a. | General Knowledge & Science | 13 |
| b. | Similarity in the Approaches of Modern Science and Buddhism | 14 |
| c. | Success of Science and Infinity of the Areas of Research | 17 |
| d. | Proposition of the Law of Causation (Hetu) | 20 |
| e. | Principles of Buddhism & Definition of Modern Science | 20 |
| f. | Modern Psychology & Buddhism | 23 |
| g. | Inter-relativity of Time & Space | 24 |
| h. | Absence of any place for Blind Faith - the Distinguished Feature of Modern Science & Buddhism | 25 |
| i. | Opinions of the Distinguished Personalities on Buddhism | 31 |
| 11. | Chapter - 3 : Introduction of Triple Gems | 35-68 |
| a. | Common Meaning of "Dhamma" & the Views of Western Intellectuals | 36 |
| b. | Differences Existing in Buddhism | 37 |
| c. | Exposition of the Concepts "Dhamma" & "Dhatu" in Buddhism | 39 |
| d. | Buddha Puja for the recapitulation of the Qualities and Specialities of the Triple Gems | 43 |
| e. | Special Characteristics of the Buddha, the Dhamma and the Sangha | 46 |
| f. | Detailed Explanation of the Nine Special Features of the Buddha | 49 |
| g. | Detailed Explanation of the Special Features of the Dhamma | 57 |
| h. | Detailed Explanation of the Special Features of the Sangha | 63 |
| 12. | Chapter - 4 : Mentality of the Young Generation in the Age of Science & Techology and the Utility of the Dhamma | 69-85 |
| a. | Today's Age of 21st Century & the Mentality of the Young Generation | 69 |
| b. | Defects, Deficiencies & Deformities of the Materialistic Age | 73 |
| c. | Need of the Modern Age | 79 |
| d. | Evolution of a Few Rays of Hope | 79 |
| e. | Utility of the Principles of Buddhism | 83 |
| f. | Abstracts of the Concepts of Buddhism | 83 |
| g. | Ignorance - the basic cause of Suffering | 85 |

Downloaded from http://dhamma.digital

| S.No. | Subject | Page No. |
| --- | --- | --- |
| 13. | Chapter - 5 : Features of Buddhism | 86-104 |
| a. | Concepts of Absolute Realities (Paramattha) and Relative (General) Realities (Pragyapti) in Buddhism | 86 |
| b. | Features of Buddhism | 92 |
| c. | Philosophical Exposition of Buddhism | 97 |
| d. | Goal of Life in accordance with Buddhism | 104 |
| 4. | Chapter - 6 : Fructiferous Development of Science & Techology & Buddhism | 105-155 |
| a. | Capacity of Modern Science | 105 |
| b. | Revolving World | 108 |
| c. | Buddhist Concept of Infinite Worlds (Chakkawalas) | 113 |
| d. | Buddhist Philosophy regarding the three basic characteristics (Anicca, Dukha, Anatta) | 122 |
| i. | Physical Science & Buddhism - Finding of Modern Science | 122 |
| ii. | World as per Buddhism | 124 |
| iii. | Development of Modern Science & Its Findings - Transitoriness (Anicca) | 127 |
| iv. | Genetics & Buddhism | 133 |
| v. | Genomics - the Science related to Human Genome | 135 |
| vi. | Mapping of the Human Genome | 136 |
| vii. | Miracles of Biology and Medical Sciences | 139 |
| viii. | Human Birth as per Buddhism | 147 |
| ix. | Trend of Modern Science towards Anatta Philosophy | 151 |
| | Chapter - 7 : Aspects of Buddhism Still Beyond the Reach of Modern Science | 156-193 |
| a. | Expectations of Modern Science | 156 |
| ). | Advancement of Buddhism in Comparison to Modern Science | 159 |
| :. | Distinction of the Concept of "Dhatu" in Buddhism | 160 |
| l. | Distinction of the Concept of the Rebirth - Consciousness | 166 |
| . | Distinction of the Concept of "Nama-khandha" (Mind & Mental Factors) | 171 |
| | An Overview on the Limitation of Modern Science and the Differences between (Mundane) worldly knowledge and Supra-Mundane Insight | 173 |


Downloaded from http://dhamma.digital

| *S.No.* | *Subject* | *Page No.* |
|---|---|---|
| i. | Extension of Mundane Knowledge & its Limitation | 176 |
| ii. | Limitation of Modern Science in the sphere of Living beings | 180 |
| g. | Conclusion | 183 |
| 16. | Appendices | 194 |
| 17. | Bibliography | 198 |
| 18. | Some Important Buddhist Verses | 202 |


❀❀❀

Dhamma.Digital

Downloaded from http://dhamma.digital

परिच्छेद - २

# आधुनिक युग र बुद्ध धर्म

## आधुनिक विज्ञान र युगको दिशा

विगत केही शताब्दीहरूदेखि प्रारम्भ भई बीसौं शताब्दीको उत्तरार्द्धकालबाट अझ तीव्रतर गति लिएको आधुनिक विज्ञान र प्रविधिको अभूतपूर्व विकास र विस्तारले समय र दूरीमाथिको मानव नियन्त्रणमा भएको बढोत्तरीका परिणाम स्वरूप यस नयाँ सहस्राब्दीको थालनी पश्चात् पृथ्वीको विशाल भूमण्डल त एउटा विश्व ग्राममा परिणत भइसकेको प्रतीत हुन्छ । मानव सभ्यताको कुनै पक्ष, मानव समाजको कुनै क्षेत्र र मानव जीवनको कुनै पहलु पनि आज विज्ञान र प्रविधिको प्रति क्षण उर्लंदो विकासको बेगबाट अछुतो र अप्रभावित रहन सकेको देखिन्न । समय, दूरी र अन्तरीक्षमाथिको मानवको बढ्दो विजयको फलस्वरूप आज विश्वको जुनसुकै कुनामा घटेको घटनाबाट कुनै पनि स्थानमा बसेका मानव जीवन पनि अप्रभावित नरहने स्थितिको श्रृजना भइसकेको छ ।

अफ्रिकाको एउटा प्रत्यन्त देशमा शुरू भएको मानिएको एड्स रोगले महामारीको रूप लिई विश्वका हर देशका मानिसहरूलाई आज सन्त्रस्त पार्न थालेको छ भने सन् १९९५ मा विश्व व्यापार संगठन (डब्लु.टि.ओ.) को प्रारम्भसंगै तीव्रतर गति लिन थालेको विश्व बजारको धारणासंगै देखापरेको निजीकरण, उदारीकरण र भूमण्डलीकरणको नयाँ लहरले गर्दा आजको युगमा युरोप र अमेरिका जस्ता दूर दराजका मुलुकका वैज्ञानिकहरू र आविष्कारकहरूले आ-आफ्ना कृति, आ-आफ्ना आविष्कार मान्दै विभिन्न वनस्पतिहरू, वीउ बिजनहरू, विभिन्न औषधोपचारका पद्धतिहरू, विभिन्न रसायनका सूत्रहरू (फर्मुलाहरू), विभिन्न ज्ञान

Downloaded from http://dhamma.digital

विज्ञानका सिद्धान्तहरू, व्यवहारहरू र तौरतरीकाहरूको कपिराइट, ट्रेडमार्क, पाटेन्ट र डिजाइन दर्ता गर्दै बौद्धिक सम्पदाको अधिकारको माँग गर्नासाथ अफ्रिका, दक्षिण अमेरिका र एशिया प्रशान्त क्षेत्रका अति कम विकसित राष्ट्रहरूका कुनाकाप्चामा बसोबास गर्ने कृषकहरू, उद्यमीहरू, व्यवसायीहरू, औषधि उपचारमा संलग्न प्राकृतिक उपचारकहरू, राजवैद्यहरू, चिकित्सकहरूको जन जीवनमा समेत व्यापक रूपमा अप्ठेराहरू सिर्जना हुन पुग्ने अवस्था खडा भइसकेको छ । आजको मानिस यही विज्ञान र प्रविधिको विकास र विस्तारको बलमा चन्द्रमामा खेती गर्ने, मंगल ग्रहमा बस्ति बसाउने, चन्द्र, मंगल, वृहस्पति, शनि ग्रहका साथै पृथ्वीको नजिक चक्कर लगाइरहेका अन्य चार सय क्षुद्र ग्रहहरूमा उपलब्ध हुनसक्ने फलाम, सुन, चाँदी, प्लेटिनम जस्ता विभिन्न खनिजहरूलाई निकाली सम्पत्ति आर्जन गर्ने र समुद्र, महासमुद्रका अथाह गहिराईमा परिरहेका अनन्त खनिज सम्पदा, खाद्यवस्तु र जैविक विविधताको उपयोगबाट मानव जीवन र मानव सभ्यतालाई अभूतपूर्व विकासको चुलीमा पुऱ्याउने सोच, इच्छा र आकांक्षामा डुब्न लागेको छ । भौतिक शास्त्र, रसायन शास्त्र, खगोलशास्त्र, अन्तरीक्ष विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान, कम्प्यूटर विज्ञान, सूचना प्रविधि विज्ञान, इलेक्ट्रोनिक्स्, माइक्रोइलेक्ट्रोनिक्स्, चिकित्सा विज्ञान, जनन विज्ञान, आनुवंशिक इञ्जिनीयरिंग, आणविक जैविकी विज्ञान र भर्खर भर्खरै विकास हुन थालेको अत्याधुनिक मानव जीव संरचना अध्ययन गर्ने ज्ञान शास्त्र मानव वंशाणुकोष विज्ञान (Genomics) जस्ता ज्ञान विज्ञानका विभिन्न क्षेत्रहरूमा भएको चमत्कारपूर्ण विकासले आज मानव जीवनको स्तरमात्र समुन्नत, विलासपूर्ण र आरामदायक बनाएको होइन, यसले मानिसको इच्छा, आकांक्षा र सोचाइ, उसको दर्शन, प्रवृत्ति र धारणामा पनि निरन्तर परिवर्तन ल्याइरहेको प्रतीत हुन्छ । आजको विश्व यति साँगुरिँदै गएको छ कि विश्वका सुविकसित मुलुक संयुक्त राज्य अमेरिकाको वासिंगटनको चिकित्सालय (क्लिनिक) मा आफ्नो विरामीहरूलाई जाँच्ने अमेरिकी डाक्टरका विरामीहरूको रोगको विवरणको अभिलेख राख्ने काममा नेपाल जस्ता अल्प विकसित राष्ट्रमै बसेर काम गर्ने नेपाली कामदारहरू संलग्न रहने समय आएको छ भने जर्मनीमा निर्माण हुने यान्त्रिक सरसामानका लागि चाहिने पार्टपूर्जा नेपालको सानो कारखानामा बनाई जर्मनीमा जडान



Downloaded from http://dhamma.digital

गर्न पठाइने कुरो एउटा सामान्य उदाहरण भइसकेको छ । विश्वका विभिन्न भागमा अवस्थित मुलुकहरूमा विद्यमान अनेकौं तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक फाइदाको उपयोग गर्दै वस्तुगत उत्पादन र ज्ञान विज्ञानको सिर्जनामा विश्वका अनेक मुलुकहरूको सहभागिता जुटाई मानव उपयोगमा ल्याउने प्रचलन आज एउटा सामान्य परिपाटी सिद्ध भइरहेको छ । अहिले आएर विश्वका १८ देशका वैज्ञानिकहरूले १३ बर्षको कडा परिश्रम पश्चात् मानव इतिहासमै पहिलोपल्ट मानव जीवनको आधारभूत इकाईको रूपमा रहेको मानव जीवाणु कोषस्थित आधारभूत मानव संरचना-मानव वंशाणु कोष (Human genome) को अध्ययन गरी नक्सा तयार गर्ने कार्यमा ई. सन् २000 वर्षको जूनमा आएर प्रारम्भिक सफलता हासिल गरे पश्चात् मानव ज्ञान राशीमा यस्ता अभिवृद्धिका लक्षणहरू र सम्भाव्यताहरू देखापर्न थालेका छन् कि वैज्ञानिकहरू आनुवंशिक उपचार पद्धतिबाट मानिसको आयुलाई दोब्बर, तेब्बर, चौब्बर वढाउन सकिने कल्पनामा तल्लीन हुन थालेका छन् र समयको प्रवाहसंगै आगामी दश बीस वर्षमै चिकित्सा विज्ञानमा नयाँ नयाँ चमत्कारको विकास हुने अपेक्षा गर्न थालेका छन् । मानव जीवनलाई दु:खमय बनाउनमा मूल कारक रूपमा रहिआएका धर्महरूमध्ये जरा धर्म (वृद्धपना) र व्याधि धर्म (रोग) लाई पनि आफ्नो इच्छानुसार नियन्त्रण पार्न सकिन्छ कि भन्ने अपूर्व सोच (Wild imagination) मा वैज्ञानिकहरू चिन्तनशील वन्न थालेकाछन् ।

वैज्ञानिकहरू र प्राविधिकहरूमा निरन्तर नयाँ नयाँ खोज र नयाँ नयाँ आविष्कारले मानव जीवनका कैयन् पक्षमा एकदमै नयाँ नयाँ सम्भाव्यताहरू देखिन थालेबाट अत्यन्त नूतन उत्साह, उमंग र उत्कण्ठाको संचार भइरहे झैं मानव जनजीवनमा पनि यसले अपूर्व सनकी सोचाइहरूको सिर्जना गर्न थालेको प्रतीत हुन्छ। ज्ञानको लागि, मानव जिज्ञासाको शान्तिका लागि, अथाह अनन्त सम्भाव्यताको पहिचानका लागि, विज्ञान र प्रविधिको विकास र विस्तारबाट पैदा गर्न सक्ने अनन्त असीमित लाभ, हित र आर्जनका अवसरका लागि वैज्ञानिकहरू, प्राविधिकहरू र आविष्कारकहरूका अनन्त खोज, अध्ययन, अनुसन्धान र आविष्कारको क्रम जारी छन् र सतत: जारी नै रहने लक्षण विद्यमान छन् ।



Downloaded from http://dhamma.digital

## बुद्ध धर्मको उदयकाल र आजको युगको समानता

बुद्ध धर्मका प्रवर्तक भगवान् गौतम बुद्धको प्रादुर्भाव भएको ईशा पूर्व छैठौं शताब्दीको युग स्वतन्त्र आध्यात्मिक चिन्तन, मनन र खोजको युग रहेझैं एकाइसौं शताव्दीको प्रारम्भ भएको नयाँ सहस्राब्दीको आजको युग पनि स्वतन्त्र चिन्तन, मनन र अनन्त वैज्ञानिक खोज, अनुसन्धान र आविष्कारको युग सिद्ध भइरहेकोछ । भौतिकवादी सभ्यताको विकास चुलिन पुगेको परिणाम स्वरूप आजको विश्व धनी र गरीव, सम्पन्न र अभावग्रस्त, अति विकसित र अल्प विकसित, शिक्षित र अशिक्षित, शोषक र शोषित, अत्याधुनिक र परम्परागतका रूपमा विभाजित हुन पुगी समयको संगसंगै सो विभाजन र विखण्डनले अझै तीव्रतर गति लिन थालेवाट मानव समाजमा अनेकौं आपसी तिक्तता, द्वन्द, अन्तर्द्वन्द, घात प्रतिघातबाट विकृतिहरू उत्पन्न हुन थाली भौतिक भोग विलास सुख समृद्धिको बढोत्तरीका साथै विश्वमा एक देशको अर्को देशसंग, एउटा समाजको अर्को समाजसंग, एक परिवारको अर्को परिवारसंग, एक व्यक्तिको अर्को व्यक्तिसंग आपसी स्वार्थ बाझिन गएको कारणले आपसी मनमुटाव, झै झगडा झमेला, कलह बिग्रह, संघर्ष र युद्धको स्थिति निरन्तर उत्पत्ति र विकसित भई मानव जीवन अशान्तिमय हुन पनि पुगेको छ । भोग विलास, सुख समृद्धि र भौतिक सम्पत्तिको असीमित चाहनाको कारण मानव जीवनमा देखिएका बढ्दो दुःख, समस्या र अशान्तिको निदान र शमन गर्ने हेतुले अध्यात्म क्षेत्रका परम्परागत धर्म, मत, सिद्धान्त र वादका अनुयायीहरू यथा – बौद्ध, जैन, वैदिक, शिख, इस्लामी, फारसी, कन्फ्यूसियस, टाओ, बोन, यहुदी, ईशाई आदि धर्मका आचार्यहरू तथा अनुयायीहरू आ-आफ्ना धर्म र मैत्री, शान्ति र अहिंसाका शान्ति सन्देश प्रचार प्रसार गर्न व्यस्त रहिआएका छन्, ध्यान, भावना, योग, समाधि र विपश्यनाका माध्यमबाट मानसिक सुख शान्ति र विश्व कल्याणका लागि लागिपरेका छन् भने समयको मांग र युगको दिशालाई अनुकूल ठानी समाजमा आपसी समन्वय ल्याउने कथित उद्देश्यले ओशो रजनीश, महर्षि योगी, सत्य साइबाबा, महान गुरू चिंग हाइ जस्ता नयाँ नयाँ धर्म गुरुहरू, आचार्यहरू र धर्म प्रचारकहरूले पनि आ-आफ्ना नयाँ नयाँ समन्वयवादी मत, सम्प्रदाय, विचार, वाद र सिद्धान्तहरूका



Downloaded from http://dhamma.digital

प्रचारलाई विश्वभरिमा नै पुऱ्याउने सतत: प्रयासमा क्रियाशील रहनु भएका देखिन्छन् । रामकृष्ण मिशनका अनुयायीहरू विश्वभरि फैलिंदैछन् ।

त्यस्तै मानवको शारीरिक एवं मानसिक रोग, व्याधि, कष्ट शमन निवारण गर्ने परम्परागत जडिबुटी, प्राकृतिक, आयुर्वेदीय उपचार, युनानी, तिब्वती र चिनियां उपचार पद्धतिहरूदेखि आधुनिक एलोप्याथिक उपचार, होमियोप्याथिक उपचार, चुम्बकीय उपचार, अभय उपचार (साइम्येको), रेकी उपचार, साइको साइवोर्नेटिक उपचार विधिसम्मका उपचार विधिहरूको पनि विश्वभरि प्रचार प्रसार भइरहेको छ । मानव कल्याण, हित र शान्ति सम्बर्द्धनका लागि र रोगादि व्याधिको निदान नियन्त्रणार्थ एकातिर परम्परागत योग, ध्यान, भावना, समाधि र विपश्यनाको संगठित प्रचार प्रसार जोडतोडका साथ भइरहेको छ भने विद्यमान एलोप्याथिक र होमियोप्याथिक उपचार विधिबाट कुनै कारणवश असन्तुष्ट रहन पुगेका चिकित्सक, वैज्ञानिक र उपचारकहरू अर्कोतिर योग, ध्यान भावना मिश्रित वैकल्पिक उपचार पद्धति र मनोवैज्ञानिक र वैज्ञानिक चिकित्सा विज्ञानको मिश्रित उपचार पद्धति जस्ता नयाँ नयाँ मिश्रित वैकल्पिक उपचार पद्धतिहरू (Alternative Therapy) को विकास एवं प्रयोगमा पनि प्रयत्नशील देखिन्छन् । आज अनेकानेक अनुसन्धानका क्रम जारी छन् । खोजको, अनन्त खोजको प्रक्रिया जारी छन् । यसरी जीवनको हर क्षेत्रमा विचारको स्वतन्त्रता, स्वच्छन्द चिन्तन र मननको स्वतन्त्रता, सूचनाको हक र सूचनाको स्वतन्त्रता आजको युगको पहिचान हुन थालेको प्रतीत हुन्छ ।

## ईशापूर्व छैठौं शताब्दीको युग र आधुनिक युग - अनुसन्धान र खोजका युगहरू

ईशापूर्व छैठौं शताब्दीको युगतिर पुरोहितवादी अन्ध स्वार्थको व्यापकताको कारण तत्कालीन समाजमा धर्म र धार्मिक आचरणको नाउँमा सामान्य मानिसको जनजीवनलाई अनेक प्रकारले कुटील तरीकाबाट शोषण गर्ने प्रथा विद्यमान थियो । स्वर्गको लालच, अनिष्टको त्रास र नरकको भय देखाई धर्म र आचरणमा



Downloaded from http://dhamma.digital

भ्रष्ट रहेका संग्रहवादी पुरोहितहरूले धर्म र दर्शनको नाउँमा अनेक प्रकारका विकृतिपूर्ण कर्मकाण्डहरूलाई आ-आफ्ना नीजि स्वार्थपूर्ति गर्नकै लागि व्यापक प्रचार प्रसार गरी सीधासादा धर्मभिरू जनतालाई अन्धाधुन्ध शोषण गरिरहेका थिए । धर्मको नाउँमा विपुल सम्पत्ति संग्रह गरी तत्कालीन ब्राम्हण पुरोहितहरूले ऐय्यासिपूर्ण विलासिताका जीवन व्यतीत गर्ने गरेका अनेकौं उदाहरणका प्रसंगहरू त्रिपिटक र जैन धर्मका ग्रन्थहरूमा समावेश भएका छन् । तिनताका जातपात, छुवाछुत, उंचनीचको कृत्रिम विभेदमा सामाजिक जीवन नराम्ररी अल्झेको थियो । धर्म र दर्शनको नाउँमा संसारका विभिन्न भागमा अनेकौं सामाजिक कुरीतिहरू र धार्मिक भ्रष्टता छाइरहेको देखिन्थ्यो । तत्कालीन समाजमा व्याप्त यिनै सामाजिक कुरीति, धार्मिक भ्रष्टता, नैतिक अधोपतन, कर्मकाण्डको बाहुल्यता र पुरोहितवादी अन्ध स्वार्थको व्यापकताको विरूद्ध सुधारको मार्ग पहिल्याउन संसारका विभिन्न भागमा अनेकौं समाज सुधारकहरू उत्पन्न भई आ-आफ्ना खोज, विश्वास र निष्ठा अनुसारका नयाँ नयाँ सिद्धान्त, मत, धर्म र दर्शनहरू प्रतिपादन गरिरहेका थिए ।

### विभिन्न धर्मगुरुहरूको उदय

ईशापूर्व ५५१ मा चीनमा महान् समाज सुधारक एवं दार्शनिक कुंग फु जु (Kung Fu Tzu) अर्थात् कन्फ्युसियस्को उदय भएको थियो । त्यसै युगमा मानिसहरूको चित्तलाई दमन गरी शान्तिको खोजी गर्ने प्रेरणा दिने मत टाओवाद (Taoism) का प्रतिपादक महान् दार्शनिक लाओजु (Lao-Tzu) को उदय पनि चीनमा नै भएको थियो । ईशापूर्व ५३२ मा ग्रीसमा जन्म भएका दार्शनिक पाइथागोरस (Pythagoras) ले भव संसारको विषयमा नयाँ धारणा प्रतिपादन गर्दै पशु प्राणीहरूको मांस भोजन गर्न नहुने निरामीष भोजनको शिक्षाको उपदेश दिएका थिए । ईशापूर्व ४७० मा ग्रीक दार्शनिक सोक्रटिस् (Socrates) ले पनि आफ्ना नयाँ दार्शनिक अभिमतहरू प्रतिपादन गरेका थिए । छैठौं शताब्दीकै युगले पर्सियामा जराठुस्त्र (Zarathustra) लाई उत्पत्ति गरेको थियो भने ग्रीसमा हेराक्लिटस जस्ता अनित्य धर्मलाई जान्ने बुझ्ने दार्शनिकलाई पनि उत्पन्न गरेको हामी पाउंछौं ।



Downloaded from http://dhamma.digital

भारतीय उपमहाद्वीपमा पनि ईशापूर्व छैठौं शताब्दीको युगमा अनेक प्रकारका धर्मगुरुहरू र दार्शनिकहरू उत्पन्न भएका थिए । तत्कालीन समाजमा मानव जीवनमा दु:खबाट मुक्त हुने वा भव संसारबाट मुक्ति पाउने बाटो पहिल्याउने मार्गको खोजमा तल्लीन रही गृहस्थाश्रम त्याग गरी अनेक प्रकारले धर्मको आचरण, अभ्यास र उद्योग गर्ने कार्यमा प्रयत्नशील अनेक सम्प्रदायहरू भारतमा प्रचलनमा थिए र अनेक प्रकारका ऋषि, मुनि, योगी, आजीवक, परिव्राजक र संन्यासीहरू आ-आफ्ना खोजका मत, वाद, सिद्धान्त, विश्वासलाई प्रचार प्रसार गर्न व्यस्त थिए । पालि वाङ्मयमा पनि बुद्धको उदयकालमा भारतवर्षमा प्रचलनमा रहेका आजीवक, मुण्ड-श्रावक, जटिलक, देवधर्मिक, गौतमक आदि अनेक प्रकारका ऋषि, मुनि वा परिव्राजक संगठनहरूका नामहरू उल्लेखित पाइन्छ । बुद्ध धर्मको सूत्रपिटक अन्तर्गतको दीर्घनिकाय, शील स्कन्धवर्गको ब्रम्हजाल सूत्रमा विभिन्न मतावलम्वीहरूले धारण गरिरहेका ६२ प्रकारका दार्शनिक मतहरूको विस्तारका साथ चर्चा पाइन्छ, जुन मतहरूलाई मिथ्यादृष्टि स्थान शीर्षक अन्तर्गत समावेश गरिएकोछ । वुद्धकालीन समयमा ख्यातिप्राप्त गरेका अनेक दार्शनिकहरू र तीर्थङ्करहरूमध्ये केही विश्वलाई सिर्जना गर्ने महाब्रम्हाको अस्तित्वमा विश्वास गर्ने खालका धार्मिक गणहरू थिए भने कुशल अकुशल कर्मको अस्तित्व नमान्ने, शील समादान कार्य र दान दिने कार्यलाई पनि निरर्थक माने मतावलम्वी पूर्ण कस्सप जस्ता अकृय दृष्टिवादी तीर्थङ्कर पनि विद्यमान थिए । तिनताका नाम कमाएका गणाचार्यहरू मध्येका एक मक्खलि गोसाल नामक तीर्थङ्करले परलोकको अस्तित्वलाई माने पनि मानिसहरू बिना कारण नै उत्पन्न हुने गर्दछन् । मानिसले आफ्नो कर्मलाई व्यवस्था गर्न सक्दैन र संसारमा धेरै धेरै जन्म विचरण गरी मुक्त हुने बेलामा मात्र मानिसहरू स्वत: मुक्त हुन्छन् भन्ने अहेतुक दृष्टिको मत प्रतिपादन गर्दथे । तत्कालीन अजितकेस कम्वल नामक गणाचार्य भने विशुद्ध भौतिकवादमा विश्वास गर्दथे । उनको सिद्धान्तमा धर्मको विपाक छैन, परलोक छैन, आमा छैन, बाबु छैन । सत्व चतुर्महाभूत समूह भई मरणपछि भव उच्छेद हुन्छ भन्ने उच्छेदवादी मत थियो । त्यस्तै परिव्राजक जीवन व्यतीत गर्ने संजय बेलट्ठ पुत्तको सिद्धान्त भने अज्ञानवाद (Agnosticism) को नजिक थियो र उनी अनिश्चयवादी थिए । तसर्थ उनी परलोक र कर्म विपाक आदि



Downloaded from http://dhamma.digital

समस्याहरूको सम्वन्धमा केही उत्तर नदिईकन मौन बस्थे। बुद्धको उदयकालमा नै आलारकालाम र उड्डकरामपुत्र जस्ता योगीहरूले ब्रम्हलोकमा पुनर्जन्म गराउन सकिने अरूपी ध्यानसम्मको शिक्षा प्रदान गर्न सक्ने ध्यानलाभी गुरुहरू पनि विद्यमान थिए ।

ईशापूर्व छैठौं शताब्दीको युगमा नै भारतको वैशाली नगरमा क्षेत्रीय वंशी राजकुलमा जैन धर्मका प्रवर्तक भगवान् महावीरको जन्म भएको थियो । ब्राम्हणवाद र कर्मकाण्डको विरोधमा उहाले "अहिंसा परमो धर्म" को शान्ति सन्देश फैलाउनु भयो । जैन धर्मले श्रृष्टिकर्ता महाब्रम्हाको धारणा, वेद ग्रन्थहरू र यज्ञ याजनको फल धर्मलाई मान्यता नदिए जस्तै तत्कालीन समाजमा व्याप्त जातिवादलाई पनि समर्थन गरेको पाइदैन । भवचक्रबाट मुक्ति पाउनको लागि मानव शरीरलाई भोग विलासबाट सर्वथा निर्लिप्त गरी दु:ख, कष्ट र यातनामय तीव्र कठीन चर्याहरूको अभ्यास, अनुशरण र अनुशीलनमा लगाई पूर्वजन्मका संस्कारित कर्महरूलाई नाश गरी नयाँ कर्म नबनाई पुराना कर्मलाई विनाश गर्नु पर्छ भन्ने सिद्धान्त जैन धर्ममा प्रतिपादन भएको पाइन्छ । यसरी ईशापूर्व छैठौं शताब्दीको युगमा उदय भएका अनेकानेक दार्शनिक धर्मगुरुहरूले तत्कालीन समाजमा व्याप्त सामाजिक कुरीति, धार्मिक भ्रष्टता, नैतिक अधोपतन, अविवेकशील कर्मकाण्डको बाहुल्यता र पुरोहितवादी स्वार्थको व्यापकताको बिरूद्ध समाज सुधार र जीवन सुधारका मार्ग पहिल्याउदै आध्यामिक उन्नति र विकासको निमित्त अन्तर्मुखी धर्म र दर्शनको प्रतिपादन, अनुशीलन र अनुशरणको क्रममा ठूला ठूला खोजी गरेका पाइन्छ ।

## बुद्ध धर्मको दर्शन र आधुनिक विज्ञानको निक्यौंल - एक रोचक संयोग

ईशापूर्व ५६३ मा नै वर्तमान नेपाल अधिराज्यको दक्षिण पश्चिम तराई खण्डमा पर्ने लुम्विनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाको दिनमा जन्मनु भएका शाक्यमुनि बुद्धले संसाररूपी भव चक्रबाट मुक्त भई सदाको लागि दु:खबाट उन्मुक्त हुने मार्ग पहिल्याउने क्रममा मध्यम मार्गको प्रतिपादन गर्नु भई चतुरार्य सत्य र प्रतीत्य समुत्पाद धर्मलाई प्रकाशित गर्नु भएर मानव इतिहासमा



Downloaded from http://dhamma.digital

सर्वथा नयाँ विभज्जवादी आर्य मार्गको धर्म, सिद्धान्त र सदाचारी जीवनको नूतन दर्शनको प्रतिपादन गर्नु भयो । ईशापूर्व छैठौं शदीको आध्यात्मिक खोजको युगमा महामानव बुद्धले संसार, प्रकृति, प्राणी र मानव मात्रका स्वभावधर्महरूलाई विशुद्ध प्रज्ञा ज्ञानको आधारमा सूक्ष्मातिसूक्ष्म स्तरसम्म केलाउँदै विभाजन गर्दै फार्दै फार्दै लग्नु भई अनन्त विश्लेषण, विभाजन र विवेचनाको क्रममा त्रिलक्षण धर्म स्वभाव, अनित्य, दुःख र अनात्माका स्वभाववाला नामरूप परमार्थ धर्म स्वभावलाई यथार्थ, वास्तविक र यथाभूत रूपमा हेतु र प्रत्यय, कार्य र कारण सहित पहिचान गर्नु भएर सत्वहरूलाई निर्वाण धर्मसम्म पुऱ्याउन सकिने कर्मवादी, पुनर्जन्मवादी, हेतुवादी, यथार्थवादी र विभज्जवादी नयाँ धर्म र दर्शनको प्रतिपादन, आख्यान र व्याख्यान गर्नु भएको हामी इतिहासमा भेट्टाउंछौं ।

यसरी तिनताकाका धर्मकथिकहरू, दार्शनिकहरू र धर्मगुरुहरू मानव मात्रका आध्यात्मिक हित, उन्नति र कल्याणका लागि अन्तर्मुखी ज्ञान, धर्म र दर्शनको खोजीमा लागि परेका देखिन्थे भने बहिर्मुखी विज्ञान र प्रविधिको द्रुततर विकासको आजको युगका विभिन्न विषय र क्षेत्रका वैज्ञानिकहरू र प्राविधिकहरू पनि भौतिक शास्त्र, रसायन शास्त्र, खगोल शास्त्र, अन्तरीक्ष विज्ञान, इलेक्ट्रोनिक्स्, माइक्रो-इलेक्ट्रोनिक्स् र कम्प्यूटर विज्ञान लगायतका दूर संचार प्रविधि र सूचना प्रविधि सम्बन्धी ज्ञान, जीव विज्ञान, चिकित्सा विज्ञान, जनन विज्ञान (Genetics), आनुवंशिक इन्जिनीय-रिंग (Genetic Engineering), आणविक जैविकी विज्ञान (Molecule Biology) र मानव वंशाणुकोष विज्ञान (Genomics) जस्ता विभिन्न वैज्ञानिक ज्ञान र साधनहरूको माध्यमबाट संसार, प्रकृति र प्राणी मात्रका रहस्यहरूका अनन्त अध्ययन, अनुसन्धान र खोजीमा संलग्न रही समय र दूरीमाथि, प्रकृति र प्राकृतिक नियममाथि बढ्दो मात्रामा विजय प्राप्त गर्दै मानव समाजमा व्याप्त रोग, शोक, दुःख र अभावबाट उत्पन्न समस्याहरूलाई समाधान गर्नका लागि जनन विज्ञान र जेनोमिक्सको बलले कृत्रिम र अर्धकृत्रिम तरीकाबाट प्रयोगशालामा प्राणीका अंगहरू विकास गरीकन मानवका अंग प्रत्यंगहरू समेत साटफेर गर्ने, मानवका सूक्ष्म जीवाणु कोष (Cell), जैविक अणु डि.एन.ए. र वंशाणु (Gene) समेतमा परिवर्तन गर्ने



Downloaded from http://dhamma.digital

साधन, उपचार र प्रविधिको विकास गर्दै जाने सोचाइदेखि लिएर जीव पुनरोत्पादन विधि (Cloning) को प्रविधिबाट जीव सिर्जना गर्ने सम्मका उपाय कौशल्य ज्ञानको विकास र विस्तार गरी समुन्नत, सुविकसित र मानवोचित सुपरिष्कृत मानव जीवन र भौतिक सभ्यता र संस्कृतिको विकासमा तल्लीन रहेका देखिन्छन् । बीसौं शताव्दीको अन्त्यतिर आएर वैज्ञानिकहरूले मानव जीवनको सूक्ष्म संरचना दर्शाउने मानव वंशाणु कोष (जिनोम) को अध्ययनमा प्रारम्भिक सफलता हासिल गरे पश्चात् यस अघि दैवी शक्तिलाई मात्र थाहा भएको मानिने मानव जीवनको संरचनाको प्रविधि क्षेत्रमा समेत मानव वैज्ञानिकहरूले सफलतापूर्वक पदार्पण गरेको दावीले आज विश्व वातावरण प्रतिध्वनित हुन थालेको पाइन्छ । मानवको संरचनामा क्रियाशील रहने मानव जैविक अणुमा पाइने करीब एक लाख बीस हजार वंशाणुहरू प्रत्येकको काम, कृत्य र कार्यक्षेत्रको सही पहिचान हुन सकेमा मानव जीवनमा अन्तर्निहित जरा धर्म र व्याधि धर्म स्वभावलाई नै पनि नियन्त्रण गर्न सकिने सम्भाव्यताको अपूर्व सोचको पूर्वानुमानलाई आज वैज्ञानिकहरूले महशूस गर्न थालेका छन् । तसर्थ मानव जीवनको आयुलाई दोब्बर, तेब्बर, चौब्बर गरी अनन्तकालसम्म बढाउन सकिने हो कि भनी कल्पना गर्न वैज्ञानिकहरू तयार देखिएका छन् । मानव वंशाणुले प्रवाह गर्ने आनुवंशिक सूचनाको आधारमा मानव जीवनको आधारभूत अंग रहेका प्रोटीनहरूले काम गर्ने भएकोले मानव सन्ततिको निरन्तरता कायम रहने तथ्य मात्र वैज्ञानिकहरूले पत्ता लगाएका होइनन् कि सो प्रोटीनहरूको निर्माण हुने प्रोटीन संहिता (Protein code) को प्रक्रिया आनुवंशिक संहिता (Genetic code) भन्दा अझ जटील रहेको तथ्यसम्म पनि आज वैज्ञानिकहरूले पत्ता लगाइसकेका छन् । किनभने वंशाणुहरूले प्रोटीनहरूलाई मानव संरचनाको कार्य गर्न प्रवृत्त गर्ने मात्र हुन् । वास्तवमा मानव संरचना तयार गर्ने कार्य त यिनै प्रोटीनहरूले नै गर्ने हुन् भन्ने ज्ञान र आभास वैज्ञानिकहरूले प्राप्त गरिसकेका छन् ।

भूउपग्रह र स्याटेलाइटको आविष्कारबाट दूरदर्शन र दूरसंचारको क्षेत्रमा आमूल परिवर्तन ल्याए झैं र कम्प्यूटरको क्षेत्रमा माइक्रोचीप्सले क्रान्ति ल्याए झैं छिटै डाक्टरहरूले मानव जैविक उपकरण बायोचीप (Biochip) को आधारमा मानव रोग



Downloaded from http://dhamma.digital

व्याधिको उपचारमा एकदम नौलो क्रान्ति ल्याउन सकिने सम्भाव्यताको स्वप्न पनि आज वैज्ञानिकहरूले देख्न थालिसकेका छन् ।

यसरी मानव समाजमा व्याप्त अन्धविश्वास र अन्ध संस्कारलाई छिन्न भिन्न पार्दै विकसित हुन थालेको आजको विज्ञानले संसार र प्रकृति, पदार्थ र प्राणी, पृथ्वीमण्डल र अन्तरीक्ष समेतका अनन्त रहस्यहरूको निरन्तर खोजी गर्ने क्रम जारी नै राखेको छ । मानव जातिमा जन्मजात पाइने असीमित जिज्ञासालाई शान्त गर्ने, मानव जातिको हित सुख र कल्याणका लागि उपाय र मार्ग पहिल्याउने, विज्ञान र प्रविधिको युगले सांगुरो बनाउदै लगेको विश्व ग्रामको वर्तमान अवधारणाबाट आविष्कारकहरू र नवीनताका प्रवर्तक निर्माताहरू (Inventors & Innovators) ले नयाँ नयाँ खोज र आविष्कार गरी अत्यधिक आर्थिक लाभ र फाइदा हासिल गर्ने र आ-आफ्ना देशको हितको सुरक्षा र प्रतिरक्षा गर्ने जस्ता थरीथरीका उद्देश्यहरू र लक्षहरू प्राप्त गर्ने क्रममा वैज्ञानिकहरूले प्रकृति र पदार्थ, जीव र संसारको यथार्थता पत्ता लगाउन जड र जीव, पदार्थ र प्राणीलाई पहिचान गर्न, विश्लेषण गर्न, विभाजन गर्न र विवेचना गर्न अनेकानेक एक से एक अत्याधुनिक औजार र उपकरणहरू, यन्त्र र प्रयोगशालाहरू, प्रविधि र फर्मुलाहरूको विकास गर्दै भौतिक यन्त्र, गणित, प्रकाशको किरण र रासायनिक विश्लेषणको आधारमा प्रकृति, पदार्थ र प्राणीलाई सूक्ष्मातिसूक्ष्म रूपमा फारी फारीकन केलाई केलाईकन अनन्त विश्लेषण, विभाजन र वर्गीकरण गर्दै विवेचना गर्दै अध्ययन र अनुसन्धान गर्दै जांदा आज यसरी निष्कर्षमा आइपुगेका छन् कि यस संसारमा हाम्रा चर्मचक्षु र स्थूल ज्ञानको सामु चिरस्थायी देखिने स्थूल, कडा र ठोस पदार्थहरू जति छन् ती वास्तवमा क्षणक्षण परिवर्तन हुदै सदैव प्रवाहको रूपमा मात्र रहेका एक घडी, एक पला, एक विपला, एक सेकेण्ड भर पनि अपरिवर्तनीय र स्थीर नरहने केवल उत्पत्ति हुदै निरन्तर विनाशको प्रक्रियामा रहेका निरन्तर घटन, संघटन र घर्षण हुदै उत्पत्ति हुदै विनष्ट हुदै जाने खालका इलेक्ट्रोन, प्रोट्न, न्यूट्रन जस्ता सूक्ष्मातिसूक्ष्म उपपरमाणु धातुरजकणहरू (Subatomic particles) को गतिशीलतावाट निर्मित हुनाले सतत: परिवर्तनशील रहेछन् । त्यसरी नै जीव र प्राणी मात्रका आधारभूत तत्वको रूपमा रहेका जीवाणुकोष (Cell), केन्द्रिका (Nucleus), केन्द्रिका



Downloaded from http://dhamma.digital

रेशाहरू (Chromosomes), जैविक अणु, डि.एन.ए., वंशाणु र प्रोटीनको सूक्ष्मातिसूक्ष्म वैज्ञानिक विभाजन, विश्लेषण र विवेचनावाट वंशाणु र प्रोटीनका मूल आधार रहेका जैविक अणु डि.एन.ए. त वास्तवमा थुप्रै न्यूक्लिओटाइड नामक रसायनहरू मिली निर्मित रहेछन् भन्ने कुरा पनि वैज्ञानिकहरूले पत्ता लगाएका छन् । यसबाट जीवमा समेत यथार्थ रूपमा केलाउंदा परम्परागत मानव धर्म र दर्शनको मान्यता अनुरूप शाश्वत, स्थीर र अविनाशी स्वभावको कुनै तत्व जीवको संरचनामा फेला नपरेको तथ्य र सत्य वैज्ञानिकहरूले हाल अनुभव गर्न थालेका छन् ।

ई. पू. छैठौं शताब्दी अघि नै तथागत शाक्यमुनि वुद्धले आफ्ना प्रज्ञा ज्ञानद्वारा विश्व सामु अनित्य, दुःख र अनात्माको सर्वथा नयाँ धर्म र दर्शन प्रतिपादन गर्नु भएको कुरा यहाँ समुल्लेखनीय छ । आज आएर वैज्ञानिकहरूले पनि आधुनिक विज्ञान र प्रविधिको खोजीकै क्रममा समेत संसारको त्रिलक्षण धर्म स्वभाव विषयका बुद्ध धर्मका दार्शनिक आधारहरूलाई पुनः सिद्ध र प्रमाणित गर्दै जान थालेको रोमाञ्चक अनुभूतिको आभास मिल्न लागेको छ । यो संयोग आधुनिक मानव जगतका बुद्धिजीवीहरू र विवेकशील शिक्षितजनका लागि कम महत्वको कुरा होइन ।

❀❀❀

Dhamma.Digital



Downloaded from http://dhamma.digital

परिच्छेद - २

# बुद्ध धर्म र आधुनिक विज्ञानबीच समानता र सामीप्यता

## सामान्य ज्ञान र विज्ञान

सामान्य अनुभूति (Common Sense) कै आधारमा भन्दा पनि कुनै पनि चीज, बस्तु, पदार्थ, भाव, स्थिति, भावना, दृष्टिकोण, र धारणा बारेमा सामान्य जानकारी राखिनुलाई ज्ञान, सामान्य ज्ञान मानिन्छ । कुनै पनि वृक्षमा लटरम्म फलेको फल पाकेपछि भूमिमा खस्छ भन्ने जानकारी सामान्य ज्ञान हो । कुनै पनि चीज उचाइबाट तल फालेपछि खस्छ भन्ने ज्ञान सामान्य जानकारी हो । तर उचाइबाट होचो ठाउंमा गिर्ने, माथिबाट तल खस्ने, ओरालो लाग्ने कारणको अनुसन्धान गरी न्यूटनले पृथ्वीको गुरूत्वाकर्षण शक्तिको कारण पत्ता लगाइनु विज्ञान थियो । सूर्यको कारण दिन रात हुने जानकारी सामान्य ज्ञान थियो तर सूर्यको उदय र अस्त सूर्यले पृथ्वीलाई परिक्रमा गरेको कारणले होइन पृथ्वीले सूर्यलाई परिक्रमा गरेको कारणले भएको हो भनी कार्य र कारण सहित पत्ता लगाइनु विज्ञान थियो । हावा चलेपछि चंगा उड्ने कुरा सामान्य जानकारी थियो भने राइटब्रदर्सले हवाईजहाज निर्माण गर्न सकिने गरी जानकारी पत्ता लगाउनु विज्ञान थियो । कुनै पनि बस्तु, चीज, पदार्थ, भाव, स्थिति, भावना, धारणा र दृष्टिकोणलाई सामान्य रूपमा यसको स्वरूपको जानकारी मात्र नराखी सो वस्तुका गुणहरू, असरहरू, सोको उत्पति र परिवर्तनका कारणहरू र परिणामहरू समेतको सिलसिलाबद्ध अध्ययन गरी सम्बन्धित विषयको कार्य र कारण समेतको जानकारी हासिल गरेपछि सो जानकारी विज्ञान अर्थात वैज्ञानिकको ज्ञान, विज्ञान मानिन्छ, विशेष ज्ञान ठहरिन्छ ।



Downloaded from http://dhamma.digital

## आधुनिक विज्ञान र बुद्ध धर्मको उपागममा समानता

बुद्ध धर्म र दर्शनको तौरतरीका (Approach) र आधुनिक भौतिक विज्ञानको स्वरूप र तौरतरीका (Approach) मा विभिन्न कुराहरूमा निकै हदसम्म समानता र सामीप्यता रहेको पाइनु वर्तमान युगका बुद्धिजीवीहरूका लागि पनि निकै हर्ष, प्रेरणा र सन्तोषको विषय ठहरिन्छ ।

जसरी बुद्ध धर्ममा प्रकृति र संसार, जीव र मानवको विषयमा सही, वस्तुगत र वास्तविक प्रज्ञा ज्ञान हासिल गर्न, ती विषयहरू र बस्तुहरूको वाह्य स्वरूपमा मात्र सीमित नरही यथार्थवाद, हेतुवाद र विभज्जवादको तरीकाबाट जड र जीवको धातु स्वभाव प्रत्येकको बाह्य दृश्य सत्य र तिनमा अन्तर्निहित परमार्थ सत्य धर्म स्वभावलाई पहिचान गर्नुपर्ने शिक्षा दिइएको छ, आजका वैज्ञानिकहरू पनि त्यसरी नै तिनै बौद्ध धर्मको पुरातन पद्धतिको धेरै हदसम्म पुनरावृति, अनुकरण र अनुशरण गर्दै पुराण, श्रवण-कथन, अन्ध आस्था र विश्वासको आधारमा मात्र कुनै पनि विषय वा बस्तुलाई ग्रहण र मान्यता नगरी सो विषयवस्तुको यथार्थ स्वरूप पत्ता लगाउन स्वतन्त्र मनले खुला चिन्तन मनन गरी सिलसिलाबद्ध व्यापक खोजनीति र अध्ययन गर्दै कार्य र कारणको जरासम्म पुगी अनन्त विभाजन र विश्लेषणको तरीकाबाट कुनै निक्यौंलमा पुगेपछि मात्र वैज्ञानिक सिद्धान्तको रूपमा मान्यता र प्रतिपादन गर्ने गर्दछन् । किनभने बुद्ध धर्ममा सम्वृत्ति सत्य-प्रज्ञप्ति धर्मलाई जसरी गहिरो अध्ययन गर्दै फारी फारीकन केलाई केलाईकन तिनका परमार्थ धर्म स्वभाव नाम रूपको यथार्थ र वास्तविक सत्य स्वभावलाई पहिचान गर्न प्रेरणा दिइएको छ त्यसरी नै आधुनिक वैज्ञानिकहरू पनि पदार्थहरू र जीवहरूको बाह्य स्वरूपमा मात्र सीमित नरही तिनका वास्तविक संरचनाको यथार्थ स्वरूप पत्ता लगाउन अनन्त वैज्ञानिक विभाजन र विश्लेषण गर्ने पद्धतिमा जोड दिन्छन् ।

बुद्ध धर्ममा जसरी यस संसारमा उत्पत्ति र निरोध हुने सम्पूर्ण धर्म स्वभावहरूको कार्य र कारण, हेतु र प्रत्ययलाई विश्लेषण र विभाजन गरी व्याख्यान गरिएका छन्, त्यसरी नै आधुनिक विज्ञानमा पनि कुनैपनि बस्तुको उत्पत्ति, स्थिति र विनाश



Downloaded from http://dhamma.digital

हुनाको कारण र परिणामको सिलसिलाबद्ध अध्ययन गर्दै सम्बन्धित बस्तुको वैज्ञानिक विश्लेषण र विभाजन गरी यथार्थता र वास्तविक तथ्य पत्ता लगाउन जोड दिइन्छ ।

बुद्ध धर्म र दर्शनमा नाम रूप धर्मको यथार्थ स्वभाव पत्ता लगाउन नामधातु र रूपधातुलाई अनन्त धातु स्वभावहरूमा विभाजित गर्दै हेर्ने विभज्जवादी पद्धतिको अवलम्वन गरिएको पाइन्छ भने आजका वैज्ञानिकहरू पनि जीव, प्राणी र जड बस्तु पदार्थको यथार्थ संरचना र स्वभावको अध्ययन गर्न जड र जीवलाई सूक्ष्मातिसूक्ष्म रूपमा फारी फारीकन केलाउदै गई अनन्त विभाजन र विश्लेषणको माध्यमबाट सत्य तथ्य कुरा पत्ता लगाउने प्रविधिको अवलम्वन गर्ने गर्दछन् ।

नाम रूप धातु स्वभावको वर्गीकरण, विभाजन र विश्लेषणमा बुद्ध धर्ममा अनुष्ठान र अवलम्वन गरिएका यथार्थवाद, हेतुवाद र विभज्जवादकै तौरतरीका सदृश नै आधुनिक विज्ञानमा पनि जड र जीव, प्रकृति र संसार, प्राणी र पदार्थको सत्य तथ्य स्वरूपको जानकारी हासिल गर्न गरिने वैज्ञानिक खोज, जाँच, अध्ययन र अनुसन्धानमा यथार्थता, कार्य र कारणको अन्योन्याश्रित सम्बन्ध र अनन्त वर्गीकरण, विभाजन र विश्लेषणकै विधि प्रविधिको अनुशरण र अवलम्वन गरिदै आएको हुंदा प्राचीन बुद्ध दर्शन र आधुनिक भौतिक विज्ञानको अध्ययन, अन्वेषण, अनुसन्धान र ज्ञान पद्धतिमा उपलव्ध केही हदसम्मको यिनै समानता, सामीप्यता र सामञ्जस्यतालाई मध्यनजर राखीकन आधुनिक विज्ञानलाई बुद्धवादका निकट अनुयायी र अनुचर मानेमा निश्चित रूपमा अतिशयोक्ति हुने छैन भने आधुनिक विज्ञानकै नजरबाट हेर्दा पनि बुद्ध धर्म र दर्शनलाई वैज्ञानिक धर्म र दर्शनको संज्ञा दिइएमा फरक नपर्ने कुरा यहाँ मननीय हुन आउंछ । किनभने प्रकृति र प्राकृतिक शक्तिको अनन्त ज्ञानको खोजीमा संलग्न आधुनिक वैज्ञानिकले जसरी कुनै पनि सिद्धान्तको प्रतिपादन गर्दा निश्चित ज्ञात तथ्यहरू र अनुमानहरूबाट अध्ययनको कार्य शुरू गरी खुल्ला मन, विवेक र स्वतन्त्र चिन्तनले विशुद्ध जिज्ञाशा राख्दै आफ्नो अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षण, व्यवकलन (Deduction) र सामान्यीकरण (Generalization) को माध्यमबाट सो तथ्य जांचेर मात्र स्वयंको अनुभूतिको आधारमा सो सिद्धान्त ठीक हो भनी



Downloaded from http://dhamma.digital

प्रयोगात्मक रूपमा प्रतिपादन गर्दछ, तथागत बुद्धले पनि धर्म र दर्शनको क्षेत्रमा त्यसरी नै वैज्ञानिकले झैं स्वतन्त्र, खुल्ला र पूर्वाग्रह रहित चित्तले यथार्थ सत्य पत्ता लगाउने उद्देश्यले यस जीवनमा पनि स्वयं दुष्कर तपस्या गरी गहन अध्ययन, मनन, चिन्तन गरी आफूले ध्यान ज्ञान तपवाट उपलव्ध गरेको अष्ट विद्या र विपश्यना ज्ञानबाट परीक्षा गरीकन मात्र चतुरार्य सत्य मध्यम प्रतिपद प्रतीत्य समुत्पाद धर्म र दर्शनको प्रतिपादन गर्नु भएको पाइन्छ । बुद्ध धर्म र दर्शन अनुसार मानिसहरूले सत्काय दृष्टिलाई अटूट, अनवरत र अविच्छिन्न रूपमा धारण पालन गरिआएकै कारणले आ-आफ्ना कुशलाकुशल संस्कारको संचिति अनुरूप अपरापरीय वेदनीय कर्मलाई संगाल्दै आदि र अन्त्य नभएको यस भवचक्र संसारमा रूमल्लिरहन प्राणीहरू बाध्य विवश छन् । आदि बुद्ध दीपंकर तथागतका पादमूलमा भविष्यमा बुद्ध हुने संकल्प गरी सकारात्मक व्याकरण प्राप्त गर्न सफल सुमेध ऋषिको उक्त पूर्व जुनीदेखि नै बोधिचर्याव्रतको आरम्भ गर्दै भगवान् बुद्धले चार असंख्य र एक लाख कल्पसम्म पूर्ण गरेर आउनु भएको अनन्त पारमिताको कारणले गौतम बुद्धको अन्तिम जुनीमा उहाँले सम्पूर्ण धर्महरूलाई सूक्ष्मातिसूक्ष्म रूपमा कार्य र कारण, हेतु र प्रत्यय सहित विभाजन गरी देख्न जान्न सक्ने महान् सर्वज्ञता ज्ञान लाभ गर्नु भएको थियो । बुद्ध धर्म र दर्शनमा जति पनि शिक्षापद, उपदेश, धर्म र ज्ञान समावेश भएका छन् ती सवै सत्य धर्महरूलाई भगवान् बुद्धले स्वयंले आफूले नै देखी जानी अनुभव गरी मात्र उपदेश गर्नु भएको थियो । जसरी भगवान् बुद्ध आफूले स्वयं अनुभव नगरेका धर्म कहिल्यै पनि प्रकाश गर्नु हुन्नथ्यो, करीब करीब त्यसै पद्धतिको अनुकरण अनुशरण गरी आएका आधुनिक वैज्ञानिकहरू पनि आफूले स्वयं देखी जानी अनुभव नगरेका सत्य तथ्य र सिद्धान्तहरूलाई केवल शास्त्रीय प्रमाण, किंवदन्ति, श्रवण–कथन, र परम्परागत विश्वास र मान्यताका आधारमा प्रतिपादन गर्दैनन्, मान्यता दिंदैनन् । भगवान् बुद्धले जसरी मानिसलाई दु:खबाट मुक्ति दिलाउन वा भवचक्रबाट पार पाउनलाई केही सहायक नहुने मोघ वचन, मिथ्या कल्पना र मनोमय व्यर्थ चिन्तनलाई दुरूत्साहित गर्न कतिपय कुराहरूलाई अव्याकृत नै राख्नु हुन्थ्यो, करीब करीव त्यही शिक्षापद र मार्गको विधिको अनजानमै अवलम्वन गर्दै आधुनिक वैज्ञानिकहरू पनि विश्वमा विभिन्न भागमा



Downloaded from http://dhamma.digital

समय समयमा प्रत्यक्ष दर्शन भएका अनायास घटित घटनाहरू र तथ्यहरू बारेमा जानकारी भए पनि ती घटनाहरू र तथ्यहरूका सम्बन्धमा विशुद्ध वैज्ञानिक अध्ययन, अनुसन्धान, प्रयोग र परीक्षणबाट अन्तिम यथार्थ सत्यको निक्यौंल नभएसम्म वैज्ञानिक सिद्धान्तको रूपमा ग्रहण गर्न र प्रतिपादन गर्न तयार हुदैनन् । त्यसैले विश्वका अनेक भागमा समय समयमा घटेका अनेक चमत्कारिक घटनाहरूलाई वैज्ञानिकहरूले अझसम्म अज्ञात उड्डनकारी वस्तुहरू (UFOs = Unidentified Flying Objects) को समूहको जानकारीभित्र समाहित गर्ने गरेका छन् भने विज्ञानलाई जानकारी भएका तर हालसम्म पनि वैज्ञानिक विश्लेषण र परीक्षण गरी पूर्ण रूपमा यकिन व्याख्यान गर्न नसकिएका कतिपय मानसिक क्रियाकलापहरू यथा–दूरस्थ स्थानमा मनद्वारा सन्देश पठाउने विचार स्थानान्तरण विधि–मानसिक संक्रमण (Telepathy), चित्तको क्षणिक एकाग्रतावाट उत्पन्न हुने समाधिको अवस्था (Trance state), दूरस्थ वस्तुहरूलाई मनको संकल्पद्वारा चलायमान पार्ने प्रक्रिया दूर मानस प्रभाव शक्ति (Telecinesis), कुनै व्यक्तिको जीवन सम्बन्धी पूर्वकाल र भविष्यका घटनाहरूबारे मानसिक शक्तिद्वारा प्रकाश पार्ने घटना आदि विषयहरूलाई वैज्ञानिकहरू अधिक इन्द्रिय ज्ञानहरू (ESP's= Extra-sensory perceptions) को शीर्षक अन्तर्गत समूहिकृत गरी वर्गीकरण गर्दछन् र यस्ता मानसिक शक्तिहरूबारे अन्तरीक्ष युगका नयाँ नयाँ साधनहरू र क्रियाहरूको माध्यमबाट पूर्ण रूपमा जानकारी हासिल गर्न प्रयत्नशील रहन थालेका छन् ।

## विज्ञानको सफलता र खोजको क्षेत्रको अनन्तता

प्रकृतिको संरचना, शक्ति र विकास बारेमा अत्याधुनिक सूचना, ज्ञान र जानकारी हासिल गर्ने असीमित पथमा अनन्त खोजी कार्यमा संलग्न वैज्ञानिकहरू संसार, प्राणी र मानवमा निहित, अन्तर्निहित असंख्य रहस्यहरू, शक्तिहरू, र संरचनाहरूको भव्यता, अनन्तता र असीमिततावाट अत्यन्त रोमाञ्चित र भाव विव्हल भई के महशूस गर्दछन् भने मानिसले वैज्ञानिक सोधखोज र परीक्षावाट हालसम्म पत्ता लगाएका प्राय: सत्य तथ्य र सिद्धान्तहरू नै वास्तवमा अन्तिम सत्य र तथ्य हुन् भनी किटानी साथ यकिन गरी विश्राम लिन सकिने अवस्था विज्ञानलाई अझै प्राप्त भएको



Downloaded from http://dhamma.digital

छैन । भगवान् बुद्धले अचिन्त्य सूत्रमा सामान्य मानवका लागि अचिन्तनीय रहेका विषयहरूमा पहिले नै प्रकाश पार्नु भए झैं आजका वैज्ञानिकहरू वैज्ञानिक खोजकै क्रममा मानिसलाई आजसम्म प्राप्त भौतिक ज्ञान संसारको अनन्त ज्ञानको तुलनामा क्षुद्र अंशमा मात्र सीमित परिमित छन् र वैज्ञानिकहरू अझै प्रकृतिको रहस्यहरूको पहिचान गर्ने क्रममा अनन्तताकै मार्गको प्रवाहमा सँलग्न छन् भनी दार्शनिकले झैं स्वीकार गर्नु पर्ने स्थितिमा आइपुगेका छन् ।

वनस्पति र मानव जीवनको गहन अध्ययन गरी एक कोषीय जीवहरू जस्तै विषाणु (Virus) र जीवाणु (Bacteria) को कारण रोग व्याधि लाग्ने तथ्य पत्ता लगाई ऐलोपाथीको नयाँ उपचार पद्धतिबाट मानवलाई रोगमुक्त गर्ने कार्य गर्न सकेकोमा गर्व गर्ने विज्ञानले जनन विज्ञान, आणविक जैविकी विज्ञान (Molecule Biology) र आनुवंशिक इन्जिनीयरिंगको विकास पश्चात् कम्पनशील लकवा रोगको (Parkinson's disease), अल्जेमिर व्यथा (Alzeimer's disease), ल्यूकेमिया (Leukemia), अर्बुद रोग (Cancer), र एड्स जस्ता बीसौं शताव्दीको महामारी रोगको प्रभावकारी अचूक निदान निकाल्न सकिने सम्भाव्यता देख्न थाली औषध विज्ञानको अध्ययन क्षेत्र अझ विस्तार हुँदै गएको भेट्टाएको छ भने मानव इतिहासमै पहिलोपल्ट मानव संरचनाको आधारभूत प्रक्रियाको खोजी गर्ने क्रममा मानव वंशाणु कोष (जिनोम) मा उपलब्ध तीन अरब बीस करोड आनुवंशिक वर्णहरूलाई अध्ययन गर्ने कार्यमा प्रारम्भिक सफलता हासिल गरी मानव वंशाणु कोष (जिनोम) को नक्साको मसौदा प्रतिवेदन तयार गरून्जेलमा मानव वंशाणु कोष विज्ञान जेनोमिक्स (Genomics) को ज्ञानको असीमित सम्भाव्यताहरू फेला परेपछि आज वैज्ञानिकहरू अचम्भित र स्तम्भित हुन पुगेका छन् । किन्तु मानव वंशाणु कोष जिनोमको अध्ययनबाटै सो जिनोमको केवल ३ प्रतिशतले मात्र मानिसलाई अत्यन्त उपयोगी वंशाणुको काम गर्ने र बाँकी ९७ प्रतिशतमध्ये एउटा सानो अंशले मात्र वंशाणुहरूलाई कहिले परिचालन गर्ने र कहिले नगर्ने भन्ने टुंग्याउने स्वीचको काम गर्ने नियन्त्रण क्षेत्र (Control regions) को रूपमा उपयोग आउने नयाँ तथ्यका साथ बाँकी जिनोम रद्दी जैविक अणु (Junk DNA) को रूपमा मानव जिनोममा थुप्रिएका



Downloaded from http://dhamma.digital

हुने र ती रद्दी जैविक अणुको कृत्य के हो भन्ने आजको विज्ञानलाई अझै केही थाहा पत्तो नभएको पनि तथ्य सार्वजनिक हुन पुगेको छ । त्यसमाथि वंशाणुहरूले मानव संरचनाका आधारभूत अंग रहेका प्रोटीनहरूलाई काममा लगाउने भए तापनि मानव शरीरको अंग प्रत्यङ्गका संरचना हुने जटील अणुहरू (Molecules) को सिर्जना वा एकत्र वा संग्रह (Assemble) गर्ने सवभन्दा जटील कार्य गर्ने काम प्रोटीन संहिता (Protein code) को हो भन्नेसम्म वैज्ञानिकलाई आज जानकारी भए पनि प्रोटीन संहिताले अभूतपूर्व जटील मानव संरचनाको काम कसरी गर्छन् भन्ने विषयको ज्ञान अद्यापि वैज्ञानिकहरूलाई हासिल भइसकेको छैन भन्ने कुरा पनि ज्ञात हुन आएवाट वैज्ञानिकको खोजीको क्षेत्र अझै रहस्यमय दिशातर्फ उन्मुख नै रहिआएको प्रतीत हुन्छ । यही हालत आधुनिक विज्ञानको अन्य क्षेत्रहरूमा पनि विद्यमान् छन् र वैज्ञानिकहरूले पूर्वाग्रहरहित भएर स्वतन्त्र रूपबाट विज्ञान र प्रविधिको क्षेत्रमा अनन्त खोजको क्रम जारी नै राख्नु पर्ने स्थिति छ ।

आधुनिक वैज्ञानिकको यही सीमितताको वाध्यता र विवशताले गर्दा वैज्ञानिकहरूले हालसम्म प्रतिपादन र प्रतिस्थापित गरेका सिद्धान्तहरूलाई प्रायशः पछि पछिको अध्ययन, अनुसन्धान, प्रयोग र परीक्षणबाट समयानुकूल परिवर्तन, परिमार्जन र खारेजी वा संशोधननै गर्न सकिने सम्भाव्यतालाई विचार गरी हाललाई काम चलाउ सिद्धान्त (Working hypothesis) सम्म मानी आफ्ना अध्ययन र अनुसन्धानलाई जारी राख्ने गर्दछन् । सम्पूर्ण स्थापित सत्य, तथ्य र सिद्धान्तहरूलाई तत्काललाई काम चलाउ ज्ञानसम्म मानी सन्देहको दृष्टिले आफ्नो स्वतन्त्र विवेक र मनले पूर्वाग्रह रहित भएर जुनसुकै सिद्धान्त र ज्ञानलाई पुनः परीक्षण र प्रयोग गर्दै जाने स्वतन्त्रताको अवसर प्रदान गरिनु आजको आधुनिक पश्चिमी भौतिक सभ्यता र संस्कृतिको मानव विकासको दिशामा ठूलो अतुलनीय योगदान मानिन्छ । पूर्वीय संसारको ज्ञान, सभ्यता र संस्कृतिको दांजोमा हजारौं हजार बर्षपछि मात्र अस्तित्वमा आई विकासको पथमा अग्रसर भएको पश्चिमी सभ्यताले दुई चार शताब्दीमै भौतिक क्षेत्रमा यति द्रुततर गतिले विकासको पराकाष्ठा छुन सक्नुको मूल हेतुमा पश्चिमी समाजले प्रदान गरेको सन्देहको छूट, स्वतन्त्र विवेकको अनबरूद्ध प्रयोग र परीक्षण र बौद्धिक सम्पदाको अधिकारको संरक्षण र सम्वर्द्धनको परिपाटी नै रहेको छ भन्दा अतिशयोक्ति हुने छैन । किन्तु विवेकशील मानवलाई परम्परागत



Downloaded from http://dhamma.digital

मान्यता र समाजका चिर प्रतिष्ठापित सिद्धान्तलाई समेत सन्देह गरी आफ्नो खोज गर्ने छूट र अवसरको प्रारम्भको इतिहास भने पश्चिमी जगतबाट शुरू भएको नभई भगवान् बुद्धले बुद्ध कालमै शुरू गर्नु भएको विवेकशील स्वतन्त्रताको परिपाटी हो भन्ने थाहा पाउनु भने निश्चय नै विवेकशील बुद्धिजीवी र ज्ञानका मुमुक्षु ज्ञानीजनका लागि हर्ष, सन्तोष र गंभीर उत्प्रेरणाको विषय हुन आउंछ ।

## हेतुधर्मको प्रतिपादन

भगवान् बुद्धले २६ सय बर्षअघि प्रज्ञा ज्ञानद्वारा संसारको विषयमा जानी बुझी अनुभूति गरी आज्ञा भएको थियो कि यस संसारमा जुनसुकै ससंस्कृत धर्महरू हेतुद्वारा उत्पत्ति हुन्छन् र ती हेतुको निरोध हुनासाथै उत्पत्ति भएका धर्महरू पनि विनास हुन्छन्। आज आएर वैज्ञानिकहरूले पनि आफ्ना अध्ययन, अनुसन्धान र अवलोकनबाट हामीले बास गरिरहेको संसार, जुन संसारको अभिन्न अंग हामी छौं, यो संसार र यस संसारमा रहेका प्रत्येक पदार्थ, जीव र प्राणी वस्तुत: कुनै एक सत्ताको आकस्मिक रचना नभई वस्तुत: पदार्थहरू परमाणुहरू र तिनका प्रोटन, न्युट्रन, इलेक्ट्रोन, फोटन जस्ता उप परमाणु रज धातुहरू (Subatomic particles) को आपसी घटन, संघटन, विष्फोटन र घर्षणको नियमित प्रक्रिया र जीवहरू जीवाणु कोष, केन्द्रिका रेशा, जैविक अणु, वंशाणु र प्रोटीन जस्ता सूक्ष्मातिसूक्ष्म अंगहरूका संरचना, तिनका उत्पत्ति र विनाशका प्राकृतिक नियमहरूद्वारा व्यवस्थित भएका हुन् । यस संसारमा हेतु विना कुनै पनि काम नहुने र संयोगवश वा स्वतन्त्र रूपले कुनै पनि कुराको उत्पत्ति हुन्छ भन्ने कुराको अपेक्षा राख्न नहुने भन्ने अवधारणा र मान्यताको शिक्षा प्रदान गर्न थालेका छन्।

## बुद्ध धर्मको सिद्धान्त र आधुनिक विज्ञानको परिभाषा

बुद्ध धर्ममा नाम र रूप धातु स्वभावलाई विश्लेषण, विभाजन र विवेचना गर्दै रूप धातुका निर्माणमा आधार रहेका पृथ्वी, आपो, तेजो र वायो धातु जस्ता चतुर्महाभूत धातु प्रत्येक पनि हजारौं लाखौं करोडौं पृथ्वी तत्वहरू, आपो तत्वहरू, तेजो



Downloaded from http://dhamma.digital

तत्वहरू र वायो तत्वहरू मिलेर ती चतुर्महाभूतको एक एक कण अणु तयार भएको भई कर्म, चित्त, ऋतु र आहारद्वारा निर्मित चतुर्महाभूतका कलापहरूको संयोगबाट मात्र चतुर्महाभूत वा अष्ट कलाप धातुको उत्पत्ति भएको हुंदा तिनीहरू कुनैमा पनि शाश्वत, स्थिर, नित्य र सारभूत, ठोसभूत बस्तु केही पाइदैन भनी व्याख्यान गरिएको छ भने चतुर्महाभूत धातु र अष्ट कलापद्वारा उत्पत्ति भएका रूपका साथै कर्म, चित्त ऋतु, आहारद्वारा उत्पत्ति भएका चित्त र चैतसिकहरू जस्ता नाम धातु मिली उत्पत्ति भएका प्राणीहरूको पनि अन्तिम विश्लेषण, वर्गीकरण, विभाजन र विवेचना गरी हेरिएमा शाश्वत, स्थिर, अपरिवर्तनीय र ठोसभूत सारभूत कुरा केही पाइदैन भनी व्याख्यान गर्दै अनित्य, दु:ख र अनात्मा विषयका त्रिलक्षण धर्मको प्रतिपादन गरिएको छ ।

चौथो शताब्दीको महान् महायानी बौद्ध दार्शनिक भिक्षु असंगले परमाणुको विषयमा परिभाषा गर्दा परमाणुको कुनै भौतिक काय वा शारीरिक रूप हुदैन । यो नि:शरीर छ । परमाणुलाई पदार्थको अन्तिम विश्लेषणको क्रममा बुद्धिद्वारा मात्र पहिचान वा अववोध गरिन्छ भनी बताउनु भएको थियो । उनकै कान्छा भाइ बसुवन्धुले बुद्ध धर्मको मूल उपदेश अनुकूल विञ्जतिमात्रता अथवा चित्तमात्रताको दर्शन प्रतिपादन गर्दै संसार जगत् भनेको केवल विञ्जतिमात्रता अर्थात वर्णन मात्र, केवल नाउं मात्र, चित्तमात्रता अर्थात् केवल विचार मात्र, चिन्तन मात्र हो भनी व्याख्यान गरेका थिए ।

आधुनिक विज्ञान र प्रविधिले उपलव्ध गराएको अनेकौं सूक्ष्मातिसूक्ष्म, अति विकसित यन्त्रहरू, रसायन, गणित र प्रयोगशालाको सहायता लिई रूप धातु पदार्थलाई कण कणमा, रज रजमा, अणु अणुमा, परमाणु परमाणुमा र परमाणुलाई अझ सूक्ष्म अन्तर्निहित उपपरमाणु रजहरू (Subatomic particles), इलेक्ट्रोन, प्रोटन, न्यूट्रन, फोटन, पोजिट्रन, न्यूक्लिएन, एण्टी प्रोटन, एण्टी न्यूट्रन जस्ता तत्वसम्म विभाजन, विश्लेषण र विवेचना गर्न समर्थ भएका आजका वैज्ञानिकहरू के निष्कर्षमा पुगेका छन् भने पदार्थहरूका परमाणुहरू वस्तुत: ठोसभूत तात्विक धातु कणहरू (Elementary particles), सारभूत भौतिक द्रव्य (Material substance) हुन् वा तिनीहरू अलग पहिचान र अस्तित्वयुक्त बस्तुहरू (Isolated



Downloaded from http://dhamma.digital

objects) हुन् भन्ने परम्परागत वैज्ञानिकहरूको अवधारणाको कुनै मूल्य छैन । वस्तुत: सम्पूर्ण जगत्, संसार नै अविभाज्य विद्युत प्रवाहहरूको एक गतिशील संरचना बाहेक केही होइन । पदार्थ र आकाश (Space)को बीचको विभेद गर्ने अवधारणा नै अहिले त्याज्य भइसकेको छ । संसारमा केवल ३ वटा धातु रजहरू (Particles) मात्र पाइने परम्परागत धारणाको बदलामा वैज्ञानिकहरूले अहिले आएर कमसेकम दुई सयवटा तात्विक धातु कणहरू (Elementary particles) रहेछन् भनी फेला पारिसकेका छन् । *(हेर्नोस् : आधुनिक भौतिक शास्त्री वैज्ञानिक फ्रिजफ काप्राको पुस्तक "दि टाओ अफ फिजिक्स", (पेज नं. ६५, ६९, २०८)* । वैज्ञानिक फ्रिजफ काप्राका शब्दमा भन्दा बीसौं शताब्दीमा परमाणुको सूक्ष्मतर अंगहरूको (सवअटोमिक) उपपरमाणुको संसार (Subatomic world) को खोजबाट पदार्थ (Matter) संरचनागत रूपमा प्रवाहमय प्रकृति मात्र रहेको तथ्य उदांगिएको छ । यसले देखाएको छ कि परमाणुका अन्तर्निहित अंशहरू (The constituents of atoms) परमाणुका सूक्ष्मतर अंगहरू रहेका उपपरमाणु रजहरू (The subatomic particles) वस्तुत: सक्रिय गतिशील प्रतिकृतिहरू (Dynamic patterns) हुन् जुन छुट्टाछुट्टै इकाई वा अस्तित्वको रूपमा रहदैनन्, वल्कि आपसी अन्तरक्रियाहरूको अविभाज्य जालोको अभिन्न अंशहरूको रूपमा मात्र प्रकट हुन्छन् । यी अन्तरक्रियाहरूले अनवरत रूपमा प्रवाह गर्ने उर्जा शक्ति (Energy) नै परमाणु कणहरू (Particles) को यस्तो आदान प्रदान – विनिमयको रूपमा प्रकट हुन्छन् । यस्तो प्रवाहमय, गतिशील अन्योन्य क्रिया (A dymanic interplay) जुन अन्योन्य क्रियाको क्रममा उर्जा शक्तिको प्रतिकृतिहरूको अनवरत विभाजनको रूपमा उपपरमाणु रजहरू (Particles) सिर्जना हुँदै विनष्ट भएर जान्छन् । तिनै उपपरमाणु रजहरूको आपसी अन्तरक्रियाबाट नै भौतिक संसारको निर्माण गर्ने स्थीर संरचना (Stable structures) को उत्पत्ति हुन्छन् । परन्तु त्यो भौतिक जगत (Material world) पनि स्थीर र अपरिवर्तनीय नरहीकन एक लयवद्ध (व्यवस्थित) चालहरू (Movements) मा घुमिरहन्छ । यसरी सम्पूर्ण जगत् संसार नै उर्जा शक्ति (Energy) को निरन्तर नृत्यमा अन्तविहीन गतिशीलता र क्रियाशीलतामा संलग्न रहन्छ । *(दि टाओ अफ फिजिक्स, पेज नं. २११)* । अति सूक्ष्म, अति विकसित सूक्ष्म दर्शन यन्त्र (माइक्रोस्कोप), गणित, कम्प्यूटर, रासायनिक योग र



Downloaded from http://dhamma.digital

बबल चाम्वर जस्ता अत्याधुनिक प्रयोगशालाको सहायताले भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म स्तरसम्म फारी फारीकन केलाई केलाई विश्लेषण गरेर वैज्ञानिकहरूले अहिले आएर परमाणुको, रूपको, पदार्थको र भौतिक जगत् र संसारको बौद्ध परिभाषा अनित्यता र परिवर्तनशीलता सदृश परिभाषा गर्न आइपुगेका छन् ।

विज्ञान र प्रविधिलाई मात्र प्रमाण मान्ने पश्चिमी सभ्यताबाट प्रभावित वर्तमान पिंढीका बुद्धिजीवीहरूको लागि बुद्ध धर्म र आधुनिक विज्ञानको वीचमा आधारभूत दर्शन र क्षेत्रमा यस्तो धारणागत सामीप्यता र समानता रहेको प्रमाणित हुन आउनु निश्चय पनि कम उत्साह, महत्व, रोचक र सान्दर्भिक विषय ठहरिन्न ।

## आधुनिक मनोविज्ञान र बुद्ध धर्म

बुद्ध धर्ममा व्यक्तिको आध्यात्मिक व्यक्तित्वको पूर्ण विकास गर्न, शान्त, सुखकर र कल्याणकारी जीवन निर्वाह गरी अन्ततोगत्वा भवचक्रबाट नै मुक्ति पाउन समर्थवान मनको अग्रगामी भूमिका हुने भएकोले शील, समाधि र प्रज्ञा मार्गाङ्गहरूद्वारा मनलाई संयमित गरी दमन गर्नु पर्ने शिक्षामा जोड दिइएको छ । आधुनिक मनोविज्ञानको शास्त्रले मानवको व्यक्तित्वको विकासको लागि मनोवलबाट प्राप्त हुने आत्म विश्वासको महत्वमा जोड दिंदै मानसिक शक्ति अभिवृद्धि गर्नको लागि एउटा प्राथमिक शर्त र आवश्यकताको रूपमा आफूले आफैलाई संयम र दमन गर्न सक्नको लागि अभ्यास गर्नु पर्ने शिक्षा दिन थालेको छ । साथै मानसिक शक्ति वलियो भएको व्यक्तिले मात्र सिर्जनशील मन (Creative mind) र इच्छाशक्ति (Will power) लाई राम्ररी सदुपयोग गरी सफलता हासिल गर्न सक्ने तथ्यमा जोड दिंदै भाग्य भनेको कुनै अदृष्य सत्ताको देन बरदान होइन भनी प्रष्टयाउन भाग्यको एउटा अर्को नाउं चिन्तन (विचार) हो (Thought is another name for fate) भनी वताउने गर्दछ । आफूलाई आफैले संयम र दमन गर्नु भनेको विचारलाई संयम र दमन गर्नु (Control of thought), बोलिवचनलाई संयम र दमन गर्नु (Control of speech) र क्रियाकलापलाई संयमित र दमन गर्नु (Control of Action) हो ।



Downloaded from http://dhamma.digital

*(हेर्नोस् : डा. मिङ् तिङ म्वन्को पुस्तक जीवनको सफलता, अनु. भिक्षु ज्ञानपूर्णिक महास्थविर)* । मन, वचन र कर्महरूलाई संयममा राखी दमन गरी आफ्नो आध्यात्मिक ध्येयको प्राप्तिको लक्ष्यसम्म दोहोऱ्याउन सक्ने गर्नको लागि शील, समाधि र प्रज्ञाको मार्गमा बुद्ध धर्ममा दिइएको जोडलाई आजको मनोविज्ञानले पनि मानवको व्यक्तित्व विकासको लागि प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपबाट भए पनि अनिवार्य रहेको ठहऱ्याउन पुग्नु आधुनिक मनोविज्ञान शास्त्रमा बुद्ध धर्मको प्रभाव पर्न गएको मान्नुमा संकोच मान्नु पर्ला जस्तो लाग्दैन । ईश्वरको दासत्वमा बांधिआएको मानव जातिलाई "अत्ताहि अत्तनो नाथो, कोहि नाथो परोसिया" अर्थात "आफ्नो नाथ आफै हो, अरू आफ्नो नाथ कसरी हुनसक्छ" भनी अमोघ मन्त्रद्वारा सशक्त प्रेरणा दिई मानवताको श्रेष्ठतामा अनुपम जोड दिइएको २६ सय वर्ष अघि प्रतिपादित बुद्धवाद आजको विज्ञानभन्दा कता हो कता अगाडि रहेको छ भन्ने तथ्य प्रष्ट हुन्छ । *(हेर्नोस्: भिक्षु ज्ञानपूर्णिक (धम्माचरीय) महास्थविरद्वारा अनुदित बर्मी लेखक रसायन शास्त्रका प्राध्यापक डा. मिङ तिङ म्वन्को पुस्तक "जीवनको सफलता" ।)* मानव मात्रलाई "अत्तदीप अत्त शरण, अनन्यदीप, अनन्य शरण" अर्थात "आफ्नो दीपक आफै हो, आफ्नो शरण आफै हो, अरू दीपक छैन, अरू शरण छैन" भन्ने मूल मन्त्रद्वारा अभिप्रेरित गर्ने बुद्धले मानिसलाई आफ्नो मुक्ति आफै खोज्न प्रेरित गर्नु भएको छ । अन्यान्य मत वा वादमा धर्म र मुक्तिको ठेकेदार बनी आफैले मात्र मुक्ति दिन सक्ने ठेक्का लिइएको छ भने बुद्ध धर्ममा तथागतहरू त केवल पथ प्रदर्शक मात्र हुन्, पथिक त व्यक्ति स्वयं आफै बन्नु पर्छ भनी ठोकुवा गर्दै बुद्धले मानव धर्म र मानववादको चरमोत्कृष्ट उदाहरण प्रस्तुत गर्नु भएको पाइन्छ जुन आफैमा एक दुर्लभ इतिहास रहेको छ ।

## काल र आकाशको अनन्य सम्बन्ध

बीसौं शताव्दीको विज्ञान र प्रविधिको युगमा आएर मात्र विज्ञानले अल्बर्ट आइन्स्टीनको सापेक्षताको सिद्धान्तको माध्यमबाट द्रव्य र शक्ति दुई सत्ता होइनन्, द्रव्य र शक्ति – एक अर्कामा परिवर्तन हुन सक्ने सिद्धान्त हुन् भनी पत्ता लगाए जस्तै काल (समय) भनेको पनि अलग कुरो होइन । काल (समय) र



Downloaded from http://dhamma.digital

आकाश (स्पेश) आपसमा आवद्ध र सम्बद्ध कुराहरू हुन् भन्ने पनि पत्ता लगाएका छन् । वैज्ञानिक श्री फ्रिजफ काप्राका अभिमत अनुसार सापेक्षताको सिद्धान्तमा हामी समयको कुरा नगरीकन आकाश (स्पेश) को कुरा गर्न सक्दैनौं र स्पेश (आकाश) को कुरा नगरीकन काल (समय) को कुरा गर्न सक्तैनौं । किनभने समय भन्ने अलग इकाई, बस्तु केही छैन ।

किन्तु आश्चर्यको कुरा त के हो भने चौथौं शताब्दीका महान् महायानी बौद्ध दार्शनिक भिक्षु असंगले सोह्रसय बर्षअघि आधुनिक यन्त्र र साधनको कुनै सहयोग नरहंदा नै विशुद्ध प्रज्ञा ज्ञानबाट यो प्रतिपादन गरेका थिए कि काल (समय) भन्नु पनि एउटा नामाकरण संज्ञा मात्र हो । हेतु र फलको अविच्छिन्न श्रृङ्खलाको निम्ति (हेतु फल प्रवन्ध प्रवृति) एउटा प्रज्ञप्ति मात्र हो जहाँ सम्पूर्ण गतिविधिहरू अर्थात् हेतु र फलको निर्विघ्न निरन्तरता (सर्वकृत्य अवकाशता) रहन्छ, त्यही आकाश हो । यसको अर्थ के हो भने सर्वकृत्य अवकाशता रहने आकाशबाट भिन्न काल भनेको केही छैन । काल (Time) र आकाश (Space) दुवै छुट्याउनै नसकिने गरी आपसमा आबद्ध र आपसमा सम्बद्ध छन् । काल नामको केही कुरा अलग्गै छैन ।

यसबाट आधुनिक विज्ञान र बुद्ध धर्ममा समानता मात्र होइन प्रज्ञा ज्ञान आधुनिक विज्ञानभन्दा कता हो कता अगाडि र उत्कृष्ट रहेछ भन्ने कुरा पनि छर्लङ्ग हुन्छ ।

Dhamma.Digital

## अन्धविश्वासलाई सर्वथा स्थान नरहनु आधुनिक विज्ञान र बुद्ध धर्मको विशेषता

वैज्ञानिक विचारधारा र अधिकांश धार्मिक विचारधाराको बीचमा आधारभूत मौलिक विभेद केमा हुन्छ भने प्राय: अन्य धर्मगुरुहरूले आफ्नो धर्म, दर्शन र वचनलाई स्वतन्त्र विवेकले जाँचबुझ गर्न नदिई यथावत् रूपमा अक्षरश: र विना कुनै शर्तवा संकोच (Reservation) पूर्ण निष्ठाका साथ मान्नु पर्ने कुरामा अत्यधिक जोड दिने गर्छन् र त्यसमा यताउति गर्ने व्यक्तिहरूलाई नरकको भय र अनिष्टको डर देखाई नास्तिकको उपाधि दिने गर्छन्। साथै आफ्नो वाद, धर्म वा मतलाई सत्य हो भनी प्रदर्शन



Downloaded from http://dhamma.digital

गर्न वा स्वीकार गराउन वास्तविकताहरू र तथ्यहरूलाई जतिसुकै तोडमोड गर्न पनि पछि सर्दैनन् । किन्तु वैज्ञानिक विचारधारा मान्ने व्यक्तिहरू भने कुनै पनि तथ्य, सिद्धान्त वा कथनलाई श्रुति, परम्परा, ग्रन्थ वा परम्परागत श्रद्धा, निष्ठा र विश्वासको आधारमा मात्र आँखा चिम्लेर स्वीकार गर्न कदापि तयार हुदैनन् । बरू आफ्नै विवेक र ज्ञानबाट सिलसिलेवार रूपमा क्रमवद्ध तरीकाले अनेकौं सैद्धान्तिक एवं व्यावहारिक प्रयोग, परीक्षण र अनुसन्धान गरी स्वयंको अनुभवको आधारमा दोषरहित त्रुटीरहित सत्य वा तथ्य देखिएका कुरोलाई मात्र विश्वास गर्न उनीहरू अग्रसर हुन्छन् । आफ्नै अनुभवद्वारा हरक्षेत्रमा प्रमाणित रहुञ्जेल सम्मको अवस्थाका लागि मात्र उक्त सिद्धान्तलाई ठीक छ भनी मान्यता दिन्छन् । वैज्ञानिकहरूको आफ्नो अध्ययन र अनुसन्धान गर्ने तरीकामा स्वविवेक र सन्देहलाई पूर्ण स्वतन्त्रता र छूट दिइएको हुन्छ भने सामान्यत: परम्परागत धर्मगुरुहरूले अन्ध श्रद्धा र विश्वासको नै अपेक्षा अनुयायीहरूबाट गर्ने गरेका हुन्छन् ।

बुद्ध धर्म जुन सिद्धान्तहरूमा आधारित छन् ती वैज्ञानिक सिद्धान्तहरू हुन् भनेर मान्न सकिने कारण के हो भने अन्य धर्म जस्तै बुद्ध धर्म कुनै ईश्वरीय सत्ताको निराधार काल्पनिक सिद्धान्तबाट प्रारम्भ हुदैन र यस धर्मले दैवी आकाशवाणीको रूपमा ईश्वरको दर्शन हुने भन्ने मनोमय कुराबाट मानव जातिको आध्यात्मिक सफरको शुरू र अन्त्य सम्वन्धी सम्पूर्ण सत्यलाई नै प्रस्तुत गर्ने दावी पनि गर्दैन । जसरी वैज्ञानिकले कुनै पनि ज्ञानको क्षेत्रमा अध्ययन शुरू गरी आफ्ना पूर्वजहरू भन्दा ज्ञानलाई अघि बढाउन खोज्दा आफ्नो अध्ययन र अनुसन्धानको अन्तमा यस्तो कुरा फेला पार्छु भनी अपेक्षा गरी पूर्वाग्रह सहित भएर कुनै मत वा सिद्धान्तलाई अवलम्वन गरी अध्ययन प्रारम्भ गरेको हुदैन, बढीसेबढी एउटा वैज्ञानिकले गर्ने कुरा के हुन्छ भने उसले ज्ञात तथ्यहरू वा सम्भाव्यताहरूका आधारमा एउटा परिकल्पना–अनुमान (Hypothesis) वा एउटा सिद्धान्तलाई अगाडि सारी व्यावहारिक प्रयोगहरूबाट यो अनुमान वा सिद्धान्त ठीक छ कि छैन भनी पत्ता लगाउने प्रयत्न गर्दछ । त्यसप्रकार प्रयोग र प्रयास गर्दा फेला पारेका तथ्यहरूसंग आफ्नो पूर्व अनुमान वा सिद्धान्तको तालमेल खांदो रहेनछ भन्ने पत्ता लगायो भने कुनै संकोच वा हिचकिचाहट



Downloaded from http://dhamma.digital

बिना वैज्ञानिकले त्यो सिद्धान्तलाई तृण समान परित्याग गरी नयाँ र राम्रो सिद्धान्तको पक्षमा ऊ लागेको हुन्छ । एउटा वैज्ञानिकले आफ्नो मतसंग मिलान गराउने उद्देश्यले तथ्यहरूलाई कुनै पनि हालतमा बङ्ग्याउने वा तोडमोड गर्ने कोशिश गर्दैन । किनभने उसलाई के थाहा छ भने एउटा वैज्ञानिकले यस्तो प्रयास गरेको खण्डमा ऊ कहिल्यै पनि वास्तविक सत्य छेउ आइपुग्न सक्नेछैन ।

संसारका समस्याहरू र तिनमा अन्तर्निहित रहेका अन्तिम सत्य कुरा पत्ता लगाउनका लागि आधुनिक वैज्ञानिककै अनुरूप वैज्ञानिक तरीकालाई अवलम्वन गर्नेमा केवल भगवान् बुद्ध मात्र एकजना धर्मगुरु हुनुहुन्थ्यो । उहाँले केवल अन्ध निष्ठा र कोरा विश्वासको आधारमा मात्र अपनाउनु पर्ने कुनै मतहरू र धारणाहरूलाई प्रतिस्थापित गर्नु भएन । अपितु आधुनिक युगका वैज्ञानिकहरूले गरे झैं उहाँ आफैं सत्यको खोजी र अनुसन्धानमा लाग्नु भयो र यथार्थ सत्यलाई खोजी पत्ता लगाई सक्नु भएपछि त्यसबारेमा अनुलोम प्रतिलोमको तरीकाबाट पुनः चिन्तन, मनन परीक्षण गरी हप्तौंसम्म विमुक्ति सुखमा डुबुल्की लगाई सत्यलाई अनुभव गर्नु भयो । त्यस प्रकार आफैले बारम्बार उक्त सत्यको प्रयोग, परीक्षण र अनुभव गरिसकेपछि मात्र आफूले अनुसन्धान गरी पत्ता लगाउनु भएको सिद्धान्तहरूलाई प्रतिपादन गर्नु भयो, ताकि इच्छा हुने अरूले पनि सोही तरीका अनुशरण अवलम्वन गरीकन आफैं उक्त अन्तिम सत्यलाई पत्ता लगाउन सकून् । जस्तो वैज्ञानिकले प्रतिपादन गरेका सिद्धान्तको अनुशरण गरी जो कोहीले पनि उक्त सत्यलाई आफैं साक्षात्कार गरी स्वयं पनि वैज्ञानिक बन्न सक्ने मार्ग देखाउंछ त्यसरी नै अन्य धर्मगुरुहरूले झैं आफूलाई मात्र धर्मका अन्तिम गुरु, अन्तिम अधिकारी, धर्मदूत, स्वर्ग र धर्मका ठेकेदार नमानी भगवान् बुद्धले बुद्धोपदेशित मार्गको सही अनुकरण र अनुशरण गरेमा जो कोही अनुयायी, अनुचर, वोधिसत्व पनि आफू सरहकै बुद्ध वन्न सक्ने गरी धर्मको मार्ग र द्वार खोल्नु भयो । अन्य धार्मिक वादमा जस्तै उहांले आफूलाई मुक्तिदाता मान्नु भएन । बरू उहांले आफूलाई केवल निर्वाणका पथ प्रदर्शकको रूपमा मात्र प्रस्तुत गर्नु भई व्यक्ति स्वयंले पनि सत्यको मार्गको अभ्यास गरेर मात्र मुक्ति निर्वाण प्राप्त गर्नु पर्ने, गर्न सकिने सिद्धान्त प्रतिपादन गर्नु भयो । उहाँको उपदेश थियो -



Downloaded from http://dhamma.digital

"तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति झायिनो मारवन्धना ॥"

अर्थ

*"कार्यका लागि तिमीहरूले नै उद्योग गर्नु पर्दछ । तथागतहरू त केवल मार्ग प्रदर्शनसम्म गर्नु हुन्छ । ध्यानका मार्गमा आरूढ हुने ध्यानीहरू मारका बन्धनबाट मुक्त हुन्छन् ।"*

बुद्धको वचन थियो -

"अत्ता हि अत्तनो नाथो, कोहि नाथो परोसिया ।
अत्तना' व सुदन्तेन, नाथं लभति दुल्लभं ॥"

अर्थ

*"व्यक्ति आफ्नो मालिक - नाथ आफैं हो । आफू बाहेक अरू नाथ को छ र ? आफैले आफूलाई दमन गर्नेलाई दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ ।"*

भगवान् बुद्ध धर्म र दर्शनको मामिलामा यत्ति खुल्ला, उदारमना र स्वतन्त्र विवेकको पक्षपाटी हुनु हुन्थ्यो कि आफूले उपदेश गर्नु भएको धर्म र दर्शनलाई पनि सन्देह गरी आफ्नै विवेकद्वारा परीक्षण गरी हेरेर मात्र ठीक भएमा ग्रहण गर्ने छूट र स्वतन्त्रता उहाँले संसारलाई प्रदान गर्नु भयो । त्यसरी नै जीवनको अन्तिम कालमा आएर पनि चार महाप्रदेशको उपदेश दिंदै बुद्धले भिक्षुहरूलाई बताउनु भयो कि पछि कुनै भिक्षुले यो धर्म, विनय र शास्ताको शासनलाई मैले बुद्धकै श्रीमुखबाट सुनेको हुं, भगवान्कै श्रीमुखबाट ग्रहण गरेको हुं भनी जोड गरे पनि त्यसरी भाषित गरिएका पद व्यंजनहरूलाई राम्ररी सूत्र र विनयसंग आफैले तुलना गरी मिले मात्र ग्रहण गर्नू ।

यसरी बुद्धले वताउनु भएको भन्ने आधारमा केवल बुद्ध प्रति अति श्रद्धा र भक्तिभाव देखाउन मात्र धर्मलाई ग्रहण नगर्ने शिक्षापद पनि उहाँले छाडेर जानु भएको थियो ।



Downloaded from http://dhamma.digital

कालामहरूलाई केसपुतीय सुत्तको उपदेश दिने क्रममा भगवान् बुद्धले प्रष्ट पार्नु भएको थियो कि "धर्मका कुराहरूमा मनमा सन्देह उत्पन्न हुनु स्वाभाविक छ । कुनै पनि धर्म वा वादलाई ग्रहण गर्दा अरूले यस्तो भनेको छ भन्ने श्रुतिको आधारमा मात्र ग्रहण गर्ने होइन । यो कुरा परम्पराबाट आएको हो भन्ने आधारमा मात्र पनि ग्रहण गर्ने होइन । प्राय: सबैले विश्वास गर्ने कुरा यो हो र यसरी नै भनिन्छ भन्ने आधारमा पनि स्वीकार गर्ने होइन । आफूले मानिआएका शास्त्र अनुकूल छ भन्ने आधारमा वा केवल तर्क संगत छ भन्ने आधारमा वा कुनै कुरा न्याय शास्त्र अनुरूप छ भन्ने आधारमा मात्र पनि ग्रहण नगर्नू । कुनै कुरा ठूलो महात्माले बताउनु भएको हो वा आफ्नो चिरपरिचित मत अनुकूल छ वा उपदेशकको व्यक्तित्व भव्य रूपको छ भन्ने आधारमा वा सो कुरा बताउने वक्ता वा उपदेशक हाम्रा गुरु हो, पूज्य हो भन्ने आधारमा मात्र पनि स्वीकार नगर्नू । कुनै कुरा तथागत स्वयंले वताउनु भएको हो भन्ने आधारमा मात्र कुनै पनि मत, वाद वा कुरालाई ज्ञानीजनले ग्रहण वा विश्वास गर्नु हुदैन । परन्तु जुन कुरा, वाद वा मत ग्रहण गर्न वा विश्वास गर्न भनिएको हुन्छ सो कुराको सम्बन्धमा आफू स्वयंले आफ्नै विवेक र अनुभवको कसौटीमा घोटी परीक्षा गरेर हेर्नु पर्छ कि यो धर्म कुशल छ कि छैन, निर्दोष छ कि छैन, विज्ञ प्रशंसित छ कि छैन, यो धर्मबाट जीव सत्व प्राणीहरूको लागि अतीतकालमा, वर्तमानकालमा र भविष्यकालमा पनि हित सुख हुने खालको छ कि छैन । यसरी परीक्षा गर्दा पनि आफूलाई ग्रहण वा विश्वास गर्न भनिएको धर्म ठीक ठहर्छ भने मात्र त्यस्तो धर्म, मत वा सिद्धान्तलाई सत्य धर्म हो भनी राम्ररी ग्रहण गरी धारण पालन गर्नु पर्छ र सोही धर्म अनुसार काम गर्नु पर्दछ ।" यसरी कालामहरू मार्फत विश्वलाई दिनु भएको उपर्युक्त धर्मोपदेशको माध्यमबाट तथागत सम्यक्सम्बुद्धले धर्मको विषयमा पूर्ण आत्मस्वतन्त्रता मात्र दिनु भएको होइन कि धर्मको कुशलतालाई परीक्षा गर्ने वस्तुगत निष्पक्ष तरीकाको पनि स्पष्ट मार्गदर्शन दिनु भएको छ । बुद्ध धर्मको सो उपदेशलाई संक्षेपमा भन्ने हो भने जुन धर्मले आफूलाई र अरूलाई समेत, अतीतकाल, वर्तमान र भविष्यकालमा पनि निश्चित रूपमा हित सुख मंगल प्राप्त हुन सक्छ त्यस प्रकारको अर्थपूर्ण सुव्यञ्जनयुक्त परिशुद्ध धर्मलाई मात्र



Downloaded from http://dhamma.digital

मानिसहरूले छानीछानी धारण र पालन गर्नु पर्दछ, अवलम्वन र अभ्यास गर्नु पर्दछ ।

बुद्ध धर्म र आधुनिक विज्ञानको बीचमा विद्यमान रहेका समानता, सामीप्यता र समन्वयका केही उदाहरणहरूको चर्चा माथि गरिएको छ । बुद्ध धर्म र आधुनिक विज्ञानको उपागम (Approach) का बीचमा दीखएका यिनै र यस्तै अन्य समानताहरू र सामीप्यताहरूको अमूल्य संयोगका तथ्यबाट प्रभावित भएरै होला आधुनिक युगका ठूला ठूला वैज्ञानिकहरू, दार्शनिकहरू र विद्वतवर्गले बुद्ध धर्मको मानवता, सामयिकता, समय सापेक्षता र मानव उपयोगिता विषयलाई लिएर अनेक प्रकारले उद्‌गार व्यक्त गर्ने गरेका छन् ।

बुद्ध धर्म र आधुनिक विज्ञानका विभिन्न खासखास शास्त्रहरू र विधाहरू (Disciplines) मा के कति समानता छन् भन्ने कुरा मात्र होइन, आधुनिक विज्ञानको भौतिक ज्ञानभन्दा २५९० वर्ष पूर्व प्रतिपादन भएको बुद्धको आध्यात्मिक ज्ञान क्षेत्र अझै कति उच्च, अनुपम र अनुलनीय छ र आधुनिक वैज्ञानिकको ज्ञान बुद्ध धर्मभन्दा अझ कति पछाडि परिरहेको छ भन्ने कुरामा पनि पछि आउने परिच्छेदहरूमा अझ सविस्तारपूर्वक विवेचना गरिने छ ।

**वास्तवमा धर्म भनेको विज्ञानभन्दा माथि, विज्ञानभन्दा परको कुरा हो र यी दुइवटा भिन्न–भिन्न तह र क्षेत्र अन्तर्गत आउंछन् । आधुनिक विज्ञानको द्रुततर गतिको विकासले बुद्ध धर्मका केही सत्य र आधारहरूलाई क्रमिक रूपमा धमाधम पुष्टी र अनुमोदन गर्दै जान सक्ने स्थितिमा विज्ञान आइपुगेको देखिनु सर्वथा रोचक प्रसंग भएपनि आधुनिक विज्ञानको सीमित भौतिक क्षेत्रभन्दा बुद्ध धर्मको प्रज्ञा ज्ञानको क्षेत्र अति नै विस्तृत भई अतुलनीय रहेको हुंदा बुद्धलाई दार्शनिकहरू र वैज्ञानिकहरूका साथै राखिनु ठीक नहुने अभिमत आधुनिक युगका बौद्ध विद्वान भदन्त प्रो. वालपोल श्री राहुलको रहेको छ । किनभने भगवान् बुद्धको सम्यक् सम्बोधि ज्ञानको सही रूपमा तुलना कुनै वैज्ञानिक ज्ञानसंग गर्न नै सकिंदैन । भगवान बुद्ध महाकरूणा र महाप्रज्ञाको प्रतिमूर्ति हुनुहुन्छ ।**



Downloaded from http://dhamma.digital

**बुद्ध धर्मप्रतिका उद्‌गार वचनहरू**

आधुनिक युगमा बुद्ध र बुद्ध धर्मका वारेमा प्रख्यात विद्वतवर्ग, वैज्ञानिकहरू र दार्शनिकहरूका केही उद्‌गार वचनहरू तल समेटिएका छन्: –

*"विश्वले थाहापाएका मार्गदर्शकहरूमध्ये सबैभन्दा महान् पथप्रदर्शक गौतम बुद्धले संसारलाई देखाउनु भएको पथबाट बाहेक अन्य नयाँ नयाँ कलह र युद्धहरूबाट मानव जातिलाई बचाउने कुनै पथ स्थापना गर्न सकिदैन ।"*

– **जवाहरलाल नेहरू**

*"बुद्ध धर्मले समस्त मानव जातिलाई अंगिकार गरीकन उनीहरूमा नयाँ प्रेरणाको संचार गरेको थियो ।"*

– **रविन्द्र नाथ टैगोर**

*"वुद्ध धर्म ईशाइ धर्मभन्दा सयौं गुणा यथार्थवादी छ । किनभने यसले सम्पूर्ण समस्याहरूलाई वस्तुगत रूपबाट समाधान गर्ने तरीकालाई उत्तराधिकार विरासत (Inheritance) को रूपमा पाएको छ ।"*

– **जर्मन दार्शनिक नीत्सजे (Nietzsche)**

*"भविष्यको धर्म एउटा विश्व धर्म हुनेछ । यसले व्यक्तिगत ईश्वरको धारणालाई नाघेर जानु पर्छ र कोरा सिद्धान्त र नारालाई हटाउनु पर्छ । यस्तो धर्म सार्थक एकताको रूपमा प्राकृतिक र आध्यात्मिक सबै कुराको अनुभववाट उत्पत्ति भएको धार्मिक चेतनामा आधारित हुनु पर्नेछ । केवल बुद्ध धर्मले यस्तो वर्णनलाई पूरा गर्छ ।"*

– **वैज्ञानिक अल्वर्ट आइन्स्टीन**



Downloaded from http://dhamma.digital

*"मैले अक्सर भन्ने गरेको छु र बारम्बार दोहोऱ्याउने छु कि बुद्ध धर्म र आधुनिक विज्ञानको बीचमा मात्र निकटतम बौद्धिक सम्वन्ध विद्यमान छ ।"*

**– सर एडवीन आर्नल्ड**

*"इतिहासमा विद्यमान धर्महरूमध्ये म बुद्ध धर्मलाई मनपराउंछु ।"*

**– दार्शनिक वरट्राण्ड रसेल**

*"मानव इतिहासमा कुनै अन्य प्रभाव भन्दा बुद्ध धर्मले विश्व सभ्यताको प्रदर्शनका लागि बढी प्रभाव पारेको छ । पश्चिमी सभ्यताको सम्पर्कमा आएर तथा इतिहासको (Spirit) भावनाबाट उत्प्रेरित भएर पुनर्जागृत र विशुद्धिकृत भगवान् गौतम बुद्धको मौलिक उपदेशले मानवताको लक्ष्यको दिशामा अझै ठूलो भूमिका निर्वाह गर्न सक्ने सम्भावना छ ।"*

**– इतिहासकार एच.जि.वेल्स**

*"महान् गुरु (बुद्ध) प्रति हिन्दूधर्म शाश्वत ऋणी छ ।"*

**– महात्मा गांधी**

*"संसारले बुद्ध र युद्धमध्ये एकलाई चुन्नु परेको छ ।"*

**– जवाहरलाल नेहरू**

*"नाम विज्ञानको पृष्ठभूमिमा ठोस सार आत्मा नभएको कारणलाई हामी राम्ररी देखाउन सक्छौं । बर्कले (Berkeley) ले यो तथ्यलाई जानेको थिएन । यो क्षेत्रमा गौतम बुद्धले आधुनिक युगमा सर्वप्रसिद्ध विज्ञानवादीले भन्दा वढी गम्भीर रूपमा देख्नु जान्नु भएको थियो ।"*

**– वैज्ञानिक टि.एस. हक्सले**



Downloaded from http://dhamma.digital

"थेरवादीहरूको अनात्मवाद चित्त उद्विग्न पार्ने भौतिकवाद जस्तो छ ।"

– **बेलायती विद्वान् क्रिस्टमस हम्फ्रेस**

"बुद्धवाद निराशाजनक नास्तिकवाद होइन ।"

– **अमेरिकी विद्वान् पाउल क्यारेस**

"विश्वले देखेका महान विजेताहरूमध्ये भगवान् बुद्ध सर्वश्रेष्ठ विजेता हुनुहुन्छ । उहाँले करूणा र प्रज्ञाको अचूक अस्त्रबाट संसारमाथि विजय हासिल गर्नु भयो ।"

– **भदन्त डा. के. श्रीधम्मानन्द**

"भगवान् शास्ताले उपदेश दिनु भएको धर्ममा अनुभवद्वारा परीक्षण गर्न नसकिने कुनैपनि कुरामा विश्वास गर्नु पर्छ भन्ने जस्ता कुरा केही छैनन् ।"

– **अनागारिक पि. सुगतानन्द**

"विश्वको निश्चित विनाशबाट बचाउने एउटै मात्र उपाय छ । त्यो हो बुद्धको सन्देश बढी से बढी जीवनमा उतार्नु ।"

– **राष्ट्रपति डा. राजेन्द्र प्रसाद**

"बुद्ध धर्म विज्ञानसम्मत छ । त्यसैले यो मानव समाजको लागि सबभन्दा ठूलो आश्वासन हो ।"

– **भरतसिंह उपाध्याय**

"बुद्ध धर्मले आफ्ना अनुयायीहरूमा जति प्रभावकारी ढंगले भित्रैसम्म शान्तिको जग बसालेको छ, त्यति अन्य कुनै धर्मले गर्न सकेका छैनन् ।"

– **जे. टी. सुन्दरल्याण्ड**



Downloaded from http://dhamma.digital

*"बुद्ध धर्मको प्रचार गर्नु मानव समाजको सेवा गर्नु हो ।"*

– **डा. भीमराव अम्वेडकर**

*"आधुनिक भौतिक शास्त्र (विज्ञान) को परिणामहरूले वैज्ञानिकहरूलाई अनुशरण गर्नका लागि दुइटा ज्यादै भिन्न भिन्न रहेका पथहरूलाई खोलिदिएका छन् । ती परिणामहरूले हामीलाई कि त बुद्धतिर, कि वमतिर डोऱ्याउने सम्भावना छ । कुनचाहिं मार्ग लिने भन्ने कुरा निर्णय गर्ने विषय प्रत्येक वैज्ञानिकमा निहित छ ।"*

– **वैज्ञानिक फ्रिजफ काप्रा**
सन् १९८४

*"विज्ञानले बुद्धिमान श्रृष्टिकर्ता ईश्वर छ भन्ने धारणालाई समर्थन नगर्ने मात्र होइन, कि ईश्वर नाउँको कुनै रूपको अस्तित्वको सम्भाव्यता समेत एकदमै न्यून छ भन्ने बारेको सबल प्रमाण पनि विज्ञानले नै हामीलाई प्रदान गर्दछ ।"*

– **वैज्ञानिक** डा. **नोर्मन एफ. हल.**
सेप्टेम्बर १५, १९९६

❀❀❀



Downloaded from http://dhamma.digital

परिच्छेद - ३

# त्रिरत्न परिचय

आधुनिक विज्ञानको द्रुततर विकासले मानिसको दृष्टिकोण, सोचाइ, व्यवहार, आस्था, निष्ठा, सिद्धान्त र धारणाको अनेक पक्ष र क्षेत्रमा छिटोछिटो परिवर्तन ल्याई मानव सभ्यता, मानव समाज र मानव जीवनको हरेक पक्षलाई व्यापक रूपमा द्रुततर गतिमा परिवर्तन ल्याउन थालेको आजको युगमा धर्म र दर्शन, जीवनको मूल्य र मान्यता, समाजको चिन्तन र सोच, मानव समाज, सभ्यता र स्वयं मानवताकै वर्तमान र भावी मोडको दिशा आदिको सम्वन्धमा बुद्ध धर्म र आधुनिक विज्ञानले छाड्दै आएको प्रभाव र भविष्यमा छाड्ने देखिएको प्रभाव र असरको सार्थक र निरर्थक, रचनात्मक वा शान्तिमूलक, सहयोगात्मक वा विरोधात्मक, भयावह वा विध्वंशात्मक भूमिका बारेमा केही न केही प्रकाश गर्ने गरी धर्म र विज्ञानको क्षेत्रमा देखिन थालेको तुलनात्मक समानता र सामीप्यता, र धर्म र विज्ञानको एक आपसको परिपूरक वा प्रतिस्पर्धात्मक वातावरणको सम्बन्धमा चर्चा र परिचर्चा, विश्लेषण र वर्गीकरण, छलफल र विवेचनालाई अगाडि बढाउनु अगावै आजका भौतिकवादी उच्च विकसित यूरोप र अमेरिकी राज्यहरू समेतका सर्वसाधारण सुशिक्षित जनतादेखि प्रवुद्ध प्रशासकहरू, वैज्ञानिकहरू र बुद्धिजीवीहरूसम्मले वर्तमान र भावी जीवनमा हित, सुख शान्ति र कल्याणको आशाले बढ्दो मात्रामा अभिरूची लिई अध्ययन र अवलोकन, अनुकरण र अनुशरण गर्ने क्रमिक अग्रसरता दर्शाउन थालिएको ऐतिहासिक रूपमै विश्वका सर्वाधिक जनसंख्याले परम्परागत रूपमा मान्यता दिँदै आएको बुद्ध धर्ममा शरण गमन र आश्रय स्थानको रूपमा चर्चित बुद्ध धर्मका तीन अंगहरू बुद्ध, धर्म र संघको सही गुण र आनिशंसको बारेमा कूलगत परम्पराबाट बुद्ध धर्म अवलम्वन नगर्ने सहृदयी जिज्ञासुहरूको सकारात्मक उत्कण्ठा शान्त गर्न यस परिच्छेदमा संक्षेपमा चर्चा गर्ने जमर्को गरिएको छ ।



Downloaded from http://dhamma.digital

## धर्मको सामान्य अर्थ र पश्चिमा विद्वानवर्गको दृष्टि

सामान्यत: पश्चिमका प्राय: विद्वत्‌वर्ग र संसारका बहु-संख्यक मानिसहरूको दृष्टिमा धर्म भन्ने शब्दले निष्ठा र भक्तिको आधारमा विना कुनै संशय, सन्देह र विचारले समपर्णको भावबाट केही मत, सिद्धान्त, धारणा र उपाख्यानको समूहमाथि गरिनु पर्ने विश्वास भन्ने अर्थलाई जनाउने गर्दछ । यथा – संसार, प्राणी र विश्व ब्रम्हाण्डकै सिर्जना गर्ने श्रृष्टिकर्ता परमेश्वरमाथिको विश्वास, यस संसारमा आदि मानव जोडीलाई पैदा गर्ने परम शक्तिबान् पितामहमाथिको विश्वास, यस संसारको सिर्जनाको पश्चात् पनि विश्व ब्रम्हाण्डको प्रत्येक गतिविधि, प्राणी मात्रको प्रत्येक चाल, गति र क्रियाकलापलाई आफ्नो सार्वभौम सदीच्छाबाट संचालन गर्ने सार्वभौमसत्ता सम्पूर्ण परमआत्मा, परमेश्वर, परम ब्रम्हमाथिको विश्वास, प्राणीको अजरामर आत्मा र एक जीवनबाट अर्को जीवनमा हुने आत्माको संक्रमणको कारण उत्पत्ति हुने पुनर्जन्म र सांसारिक आवागमन चक्रमाथिको विश्वास, व्यक्तिगत रक्षक र भविष्यवक्ताहरू र परमेश्वरको सदीच्छालाई आधिकारिक रूपमा लिएर हिंड्ने देवदूतहरू र प्रधान देवदूतहरू जस्ता अलौकिक व्यक्तित्वहरू माथिको विश्वास, दैवद्वारा मानिसको उत्पत्ति र संसारको उत्पत्ति सम्बन्धी निश्चित धारणामाथिको विश्वास इत्यादि। यी र यस्तै अलौकिक र पारलौकिक मत, सिद्धान्त र विश्वासको समूहलाई मात्र सामान्यजनले धर्मको रूपमा जानी आएको, बुझी आएको र सम्झी आएको हुंदा एकथरी पश्चिमी विद्वान्‌हरूले बुद्ध धर्म, बुद्धवादमा परम्परागत अर्थमा धर्मको अस्तित्व नै भेट्टाउन नसकेवाट बुद्ध धर्मलाई सदाचार र उत्कृष्ट समुन्नत सुवीनित मानव जीवन पद्धतिको ज्ञान समूह मात्र हो भनी धारणा राख्ने गरेको पनि पाइन्छ । सामान्यत: अबौद्धजनले अदृष्य ईश्वरको अस्तित्व र चमत्कारपूर्ण ईश्वरीय शक्तिको लिलामाथिको निर्विकल्प निष्ठा र विश्वास गर्नुलाई नै धर्म हो, धर्मको सार हो र परमेश्वरको दर्शन प्राप्त गर्नु र परमेश्वरको भूमिमा पदार्पण गर्नु नै धर्मभीरू भक्त, आस्तिक, ज्ञानी, मुनि, योगीको एकमात्र सर्वोत्तम लक्ष्य हो भन्ने धारणालाई दृढताका साथ ग्रहण गर्दै आएका देखिन्छन् । ईश्वरको अस्तित्वलाई नमान्नु, ईश्वरीय लिलालाई



Downloaded from http://dhamma.digital

स्वीकार नगर्नु, अजरामर आत्माको अस्तित्वलाई नमान्नु उनीहरूको नजरमा नास्तिकवादी हुन आउंछ ।

**बुद्ध धर्ममा विद्यमान भिन्नताहरू**

बुद्ध धर्ममा यस्ता कुराहरू केही पनि छैनन् । बुद्ध धर्ममा पूर्व जन्म र यस जन्ममा प्राप्त गरेका अनेक ध्यान ज्ञान र कुशल मूल पुण्य पारमिताका कारण सामान्य मानिसभन्दा बढी ऋद्धि, सिद्धि र शक्ति सम्पन्न भई विभिन्न कामावचर भूमिका देवलोकहरू र रूपावचर एवं अरूपावचर भूमिका ब्रम्हलोकहरूमा उत्पत्ति भएका अनेक प्रकारका देवताहरू र ब्रम्हाहरूको चर्चाहरू अवश्य पाइन्छन् । तर ती देव ब्रम्हाहरू पनि अन्य धर्मका ईश्वर, परमपिता, परमेश्वर जस्ता होइनन् । ती देव ब्रम्हाहरू न अजरामर छन्, न त उनीहरूले मनुष्य जातिको भाग्य निर्धारण नै गर्दछन् । बल्कि पृथ्वीलोकका मानिसहरू जस्तै कर्म र विपाक, कार्य र कारण, हेतु र प्रत्ययका नियममा आबद्ध रही आएका ती देवताहरू पनि मानिसहरू जस्तै सत्वहरू हुन् । आ-आफ्ना इच्छा अनुसार कर्म गरी कर्मकै बलले कुनैपनि देवलोक वा ब्रम्हलोकमा देवता वा ब्रम्हाको रूपमा मानिसहरू स्वयं पनि उत्पत्ति हुन सक्तछन् । मानिसले चाहेमा बुद्धोपदेशित पथको अनुगमन र अनुशरण गरी बुद्ध जस्तै पारमिता पूर्ण गरी स्वयं आफूपनि बुद्ध नै पनि बन्न सक्छन् । बुद्ध धर्मको सिद्धान्त अनुसार शाक्यमुनि तथागत न प्रथम बुद्ध हुन्, न त उहाँ अन्तिम बुद्ध नै हुन् । बुद्धद्वारा उपदिष्ट धर्म र विनयको साधना र अभ्यास गर्ने जोसुकै व्यक्तिको लागि श्रावक बुद्ध, प्रत्येक बुद्ध वा सम्यक सम्बुद्धमध्ये आफूले चाहेको बुद्धत्व प्राप्त गर्ने द्वार, मार्ग र पथ सबैको लागि सदैव खुला छ । आदि अन्त्य नभएको यस संसारमा अतीतमा कति बुद्ध भएर गइसकेका छन् र भविष्यमा कति बुद्ध हुन सक्ने छन्, त्यस्तो कुनै संख्या र गणनासम्म पनि राख्न नसकिने धारणा बुद्ध धर्ममा अभिव्यक्त छ भनेमा अतिशयोक्ति हुने छैन ।

यसरी बुद्ध धर्म र अन्य धर्ममा आधारभूत भेद केमा पाइन्छ भने जहाँ अन्य धर्म, मत वा सिद्धान्तमा आफ्नो स्वयंको ज्ञान र स्वअनुभवद्वारा जाँचबुझ परीक्षण गर्न नसकिएपनि परम ब्रम्ह, परमेश्वर, परमपिता, परमात्माको अस्तित्व र रचनामा अनन्य



Downloaded from http://dhamma.digital

विश्वास गर्नै पर्ने वाध्यता हुन्छ भने तथागत शाक्यमुनि बुद्धद्वारा उपदिष्ट धर्ममा आफ्नो विवेक र अनुभवद्वारा जान्न, बुझ्न र परीक्षण गर्न नसकिने कुनैपनि कुरामा अन्ध श्रद्धा र अन्ध निष्ठाकै आधारमा विश्वास गर्नु पर्ने कुरा केही छैन । यसैले गर्दा विश्वमा प्रचलनमा रहेका विभिन्न धर्महरूका बीचमा बुद्ध धर्म, बुद्धवादको आफ्नै किसिमको अलग पहिचान छ, आफ्नै किसिमको अभिनव, अद्वितीय विशेषता रहिआएको छ र वैज्ञानिक मनको समालोचनात्मक दृष्टिकोण, खोज र अनुसन्धानका सामु पनि आफूलाई अडिग अविचलित रूपमा जीवित राख्न सक्ने उपदेश, मत र सिद्धान्त पनि यही बुद्ध धर्ममा मात्र रहेको पाइन्छ । तसर्थ बुद्ध धर्म इतिहासमा विज्ञ प्रशंसित थियो भने आजको विज्ञान र प्रविधिको द्रुततर विकासको युगमा पनि आधुनिक प्रबुद्ध, प्रशिक्षित पूर्वाग्रह रहित प्रज्ञाविद्हरू र वैज्ञानिकहरूले आधारको रूपमा, आश्रयको रूपमा, उत्प्रेरणाको रूपमा, अनुपम मार्गदर्शनको रूपमा प्रशंसाको दृष्टिले हेर्ने, ग्रहण गर्ने, धर्मको रूपमा बुद्ध धर्मले नै बढ्दो मात्रामा अग्रस्थान ओगट्न थालेको प्रतीत हुन्छ । वैज्ञानिक दृष्टिकोणले आफ्नै खुला मन, स्वतन्त्र विवेक, अप्रतिहत बुद्धि र निस्वार्थ पूर्वाग्रह रहित ज्ञान, चिन्तन र मननले पूर्व स्थापित मान्यताहरूलाई पनि सन्देहको दृष्टिले पूर्ण रूपमा प्रयोग र परीक्षण गरी जांची, बुझी, अनुभव गरीकन मात्र बुद्धको उपदेशलाई स्वीकार वा तिरस्कार गर्न पाइने वैज्ञानिक विधि र अनुशासनलाई प्रश्रय दिइएकै कारणले बुद्ध धर्मलाई वैज्ञानिकको नजरमा समेत आज वैज्ञानिक धर्म र दर्शनको रूपमा बढ्दो मान्यता दिन थालिएको पाइन्छ । आधुनिक वैज्ञानिक युगमा पनि बुद्ध धर्मले एउटा अलग्गै विशिष्ट स्थान ओगटेको छ भनेर हामीले बुझ्नु पर्ने कारणको आधार यिनै हुन् ।

परियत्ति, प्रतिप्रति र प्रतिवेध शासन जस्ता तिनै अंगहरूबाट सुसज्जित र सुशोभित बुद्ध धर्म र दर्शनको सिद्धान्त अनुरूप वास्तविक धर्मलाई यथाभूत रूपमा आफ्नै विवेकबाट नै देख्न, जान्न र बुझ्नका लागि केवल श्रुतमय सामान्य ज्ञान मात्र हासिल गरेर पुग्दैन, अझ त्यस धर्मलाई चिन्तामय वैज्ञानिक ज्ञान मात्रले परीक्षण गरेर मात्र पनि सन्तुष्ट हुन मिल्दैन, बल्कि प्रज्ञा ज्ञानको माध्यम रहेको भावनामय विपश्यना ज्ञानबाट सूक्ष्मातिसूक्ष्म



Downloaded from http://dhamma.digital

गहिराईसम्म पुगी नाम रूप धर्मका त्रिलक्षण धर्म स्वभावलाई आफ्नै ज्ञानद्वारा आफ्नै बल, आफ्नै प्रयास, आफ्नै आश्रयबाट प्रत्यक्ष रूपमा जांची बुझी यथार्थ अनुभूतिको स्तरसम्ममा पुगी अनुभव गरेर मात्र स्वयं साक्षात्कार गरी ग्रहण गर्नु पर्ने उपदेश, शिक्षा र प्रेरणा बुद्ध धर्ममा दिइएको छ । मानवलाई संसारको सर्वश्रेष्ठ प्राणी मानी, मानव विश्वास, मानव शक्ति र मानव क्षमतालाई नै सबैभन्दा महान् शक्ति र क्षमता मान्ने विशुद्ध मानववादी धर्मका प्रवर्तक महामानव बुद्धले दिनु भएको "अत्ता हिं अत्तनो नाथो" को शिक्षा, "अत्त दीप, अत्तशरण, अनन्य दीप, अनन्य शरण" को महान् उपदेशको सार पनि यही हो । बुद्ध धर्म भन्नाले हामीले बुझ्नु पर्ने, बुझ्ने कुरा यही हो ।

## बुद्ध धर्ममा धर्म र धातुको व्याख्या

भगवान् बुद्धद्वारा उपदिष्ट सूत्र, विनय र अभिधर्म पिटकमा संग्रहित जति पनि शिक्षा, उपदेश र ज्ञानहरू छन् तिनीहरूलाई केवल आस्था, निष्ठा र श्रद्धाले पाठ गर्नाले वा पूजा गर्नाले जीवनको धर्मोपदेशित अभिष्ट लक्ष्य हासिल गर्न सकिने कुरा कहीं कतै उल्लेख छैन । भगवान् बुद्धले उपदेश गर्नु भएको मार्ग भक्तिको मार्गमा सीमित होइन । यो त ज्ञान मार्ग हो, प्रज्ञाको मार्ग हो, स्वयं आचरण र अभ्यास गरी प्राप्त गर्नु पर्ने लक्षको मार्ग हो । ज्ञान मार्ग, संन्यास मार्ग भन्दा भक्ति मार्गको विशेषता बढी देखाउन भागवत गीतामा भगवान कृष्णले भन्नु भएको थियो "सर्वधर्मान् परित्येज्य मामेकं शरणं व्रज । अहम् त्वां सर्व पापेभ्य मोक्षयीस्यामी, मा: सूच" *(अर्थात् सबै धर्मलाई परित्याग गरी मेरै मात्र शरणमा आऊ । म तिमीलाई सम्पूर्ण पापबाट मुक्ति दिलाउने छु, धन्ना नमान ।),* किन्तु भगवान् बुद्धले जोड दिएर भन्नु भएको छ कि हरेक व्यक्तिले आफ्नो निर्वाण आफैले पहिल्याउनु पर्दछ । बुद्धहरू तथागतहरू त केवल पथप्रदर्शक मात्र हुन् ।

बुद्धको वचन हो –

"तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति झायिनो मारबन्धना ॥"

अर्थ



Downloaded from http://dhamma.digital

*"कार्यका लागि तिमीहरूले नै उद्योग गर्नु पर्दछ । तथागतहरू त केवल पथ प्रदर्शक मात्र हुन् । ध्यानको मार्गमा आरूढ हुने ध्यानीहरू मारका बन्धनबाट मुक्त हुन्छन् ॥"*

यी दुई महापुरूषहरूको कथनमा के कति अन्तर छ भन्ने कुरा विज्ञ पाठकहरू स्वयंले अनुभव गर्न सक्ने कुरो हो । बुद्ध धर्ममा त्यसैले जल, पुष्प, धूप, दीप, नैवेद्य आदि बस्तुहरू चढाई पञ्चोपचार, षोडशोपचार पूजाबाट गरिने आमिस पूजा र मनैमन आराध्य देवको भावना गरी दर्शन पूजन गरी मानसिक संकल्पबाट आफ्नो शरीर लगायत विभिन्न वस्तुगत पूजा सामग्रीहरू चढाएको मनोमय कल्पना गरी गरिने मानस पूजालाई खासै त्यति प्रशंसा गरिएको पाइदैन । बल्कि यस धर्मले त बुद्धोपदेशलाई आफ्नो जीवनयापनको पद्धतिको रूपमा आचरणमा रूपान्तरण गरी अर्थदान, श्रमदान, विचारदान र धर्मदानको माध्यमबाट त्याग धर्मको अभ्यास गर्दै शील समादानबाट शरीर र वचनबाट हुने कार्यहरूलाई संयमित गर्दै समाधि र प्रज्ञाको अभ्यासद्वारा मनलाई समेत संयम र दमन गरी वशमा ल्याई निर्वाण धर्मलाई साक्षात्कार गर्न सघाउने प्रतिप्रति पूजालाई मात्र एकमात्र श्रेष्ठोत्तम पूजा भनी मानेको पाइन्छ। अर्थात् अर्को शब्दमा भन्ने हो भने बुद्ध भाषित धर्म अनुसार आचरण गरी सोही अनुकूल जीवनयापन गर्ने पद्धतिलाई प्रतिप्रति पूजा भनिन्छ । बुद्धोपदेश अनुसार निर्वाण मार्गमा सतत: प्रयत्नशील भई लाग्नु नै बुद्ध धर्मानुकूल सही पूजा हो ।

प्रज्ञा ज्ञानको लाभ र त्यसको आचरण र अभ्यासमा मात्र बुद्ध धर्ममा अधिक जोड दिइने भएकोले बुद्धवादमा स्वयं धर्म शब्दकै अर्थलाई भिन्न रूपमा व्याख्या गरिएको, अर्थ्याइएको पाइन्छ। सामान्यत: बुद्ध धर्ममा धर्मको माने हो "धारेती'ति धम्मो" । अर्थात् धारण, पालन र सोही अनुसार आचरण हुने गरिने गरिनु पर्ने नियम वा कुरोलाई मात्र धर्म मानिन्छ । ईश्वरको स्मरण गर्नु, ईश्वरको नाम पाठ गर्नु जस्तै बुद्धको प्रशंसा गुणगान गर्दैमा वा कुनै मन्त्रको उच्चारण वा जप गर्दैमा "धर्म" गरिएको हुदैन । यथार्थ रूपमा "धर्म" गर्ने हो भने बुद्धोपदेशलाई आफ्नै जीवनमा आचार, विचार, अभ्यास गरिने अभिन्न अंग, अभिन्न पद्धतिकै रूपमा यसलाई जान्नु, ग्रहण गर्नु र आचरण र अभ्यास गर्नु आवश्यक हुन्छ । दुराचार, अनाचार, अत्याचार र मिथ्याचार गर्नेले



Downloaded from http://dhamma.digital

पूजा, अर्चना, जप, पाठ गर्दैमा धर्म गरेको मानिंदैन । जुन बस्तु, पदार्थ वा विचारमा जुन प्रकृति, गुण, लक्षण, सदैव निहीत अन्तर्निहित रही अटूट रूपमा जुन प्रकृति गुण र लक्षणलाई धारण, पालन र व्यवहृत गरिराखिएको हुन्छ, त्यसलाई उक्त बस्तु, पदार्थ वा विचारको स्वभाव धर्म वा "धर्म" भनिन्छ । किनभने "अत्तनो स्वभावं धारेती'ति धम्मो" अर्थात् आफ्नो स्वभावलाई धारण गर्नु धर्म हो । बुद्ध धर्ममा यस्तै धर्म – स्वभाव धर्महरूको समुल्लेख बढी पाइन्छ । त्यसैले भौतिक तथा अभौतिक वस्तुगत तथा मनोगत बस्तु, पदार्थ तथा विचारहरू जस्ता धम्मारमणहरू अर्थात् धर्मालम्वनहरू, धर्म धातु, विज्ञान धातु, मनोधातु र मनोविज्ञान धातु, ससंस्कृत र असंस्कृत धातुहरू, प्रज्ञप्ति र परमार्थ धर्मको स्वभाव धर्महरू बारेमा यस धर्ममा विस्तृत आख्यान र उपाख्यान, व्याख्यान र विवेचना गरिएको पाइन्छ ।

आधुनिक विज्ञानले मानिसका शारीरिक पाँच ज्ञानेन्द्रिय-हरूद्वारा प्रत्यक्ष रूपमा स्पर्श गरी अनुभव गरी वस्तुगत रूपमा जान्न, बुझ्न, विभाजन र विश्लेषण गर्न सकिने आफ्नो वस्तुगत गुण, लक्षण र प्रकृतिलाई अभिन्न रूपमा धारण गर्ने भौतिक वस्तुगत पदार्थ (Matter) हरूलाई मात्र धातुको रूपमा वर्गीकरण गरेको पाइन्छ । जसलाई अंग्रेजीमा Element (धातु) भनी भनिन्छ । त्यसैले धातुको रूपमा रहेको वायु, जल, किरण र अन्य साह्रो घनत्व भएका द्रव्ययुक्त खनिज एवं जीव र वनस्पति आदि तत्वलाई अनेक विभाजन, विश्लेषण र वर्गीकरणको प्रयास गर्दै जलको कणमा पाइने तत्वहरू, वायुमा पाइने ग्यांसहरू, किरणमा पाइने सूक्ष्म कणहरू (Particles) र अन्य द्रव्य (Mass) को घनत्व (Density) र यसका सूक्ष्मतर तात्विक धातु कणहरू (Elementary particles) लाई पहिचान र व्याख्यान गर्ने सामर्थ्यको विकास गर्दै आधुनिक विज्ञानले आफ्नो अद्भूत क्षमताको प्रदर्शन गर्दै आएको छ। आधुनिक मनोविज्ञान शास्त्रले गैह्रपदार्थीय विषय मनलाई पनि सचेत मन (Conscious mind) र अर्धचेतन मन (Sub-conscious mind) को रूपमा विभाजन र वर्गीकरण गरी केही हदसम्म अदृष्य मानवीय तत्व मनलाई पनि पहिचान गर्न थालेपनि यसलाई "धातु" को रूपबाट ग्रहण गर्न सक्ने ज्ञान र चेतनाको विकास भने अझै भईसकेको देखिन्न ।



Downloaded from http://dhamma.digital

किन्तु भगवान् बुद्धले यस संसार र प्रकृतिमा पाइने यावत् जड, वनस्पति र जीव, प्राणी र मानवमा पाइने भौतिक पदार्थहरू (Matter) र मानसिक क्रियाकलापहरू (Mind) लाई समेत ठोस तत्व, घनत्व, द्रव्य (Mass) र उर्जा (Energy) भएका पदार्थलाई भैं वस्तुगत रूपबाट (Objectively) विभाजन, विश्लेषण र विवेचना गरी अलग अलग रूपमा फारी फारीकन केलाई केलाईकन पहिचान गर्न सकिने भएकोले "रूप धातु" को संज्ञा दिनु भए जस्तै जीवित प्राणीहरू मानवमा पाइने अदृष्य मानसिक क्रियाकलापका संचालक, संवाहक र संचारक तत्व मन, विज्ञान, र चित्तलाई पनि प्रज्ञा ज्ञानद्वारा विभाजन, विश्लेषण र विवेचना गरी अलग अलग रूपमा छुट्याई फारी फारीकन केलाई केलाईकन मानसिक क्रियाकलापहरूलाई पनि तिनका अलग अलग चित्त तथा चैतसिकहरूका रूपमा छुट्याई प्रत्येक चित्त तथा चैतसिकका अलग अलग स्वभाव, गुण, लक्षण र धर्मलाई पहिचान गर्नु भई "नाम धातु" को संज्ञा दिनु भएको छ । आधुनिक विज्ञान र प्रविधिलाई आज उपलव्ध सूक्ष्मातिसूक्ष्म, अत्यधिक विकसित सूक्ष्मदर्शक यन्त्र तथा औजारहरू, कम्प्यूटरहरू, अनेक रसायन, गणित र प्रयोगशालाहरूको वावजूद पनि वैज्ञानिकले अभसम्म संकल्पना गर्न अर्थात चिन्तन (Conceptualise) गर्न पनि सम्भव भइनसकेको मन (Mind) लाई १२१ प्रकारका चित्त तथा ५२ प्रकारका चैतसिकहरूमा विभाजन गरी प्रत्येक चित्त र चैतसिकको अलग अलग गुण, लक्षण र स्वभाव धर्मलाई पहिचान गरी तिनका उत्पत्ति, स्थिति र निरोध धर्महरूलाई स्वयं मानिसले अनुभव गर्न सकिने प्रज्ञाको विकास २५९० बर्ष अगाडि नै गर्नु भगवान् बुद्धको सर्वज्ञता ज्ञान प्रज्ञा ज्ञानको अनुपम विशेषता हो भनेमा दुईमत हुन सक्तैन ।

बुद्ध धर्मानुसार आफ्नो स्वभाव धर्मलाई अविच्छिन्न रूपमा धारण गर्ने जुनसुकै बस्तु, विषय वा स्वभाव धर्मलाई "धातु" भनिन्छ । पृथ्वी, आपो, तेज, वायु, वर्ण, गन्ध, रस र ओज जस्ता चतुर्महाभूत वा अष्ट कलापबाट निर्मित रूप बस्तुहरू प्रत्येकको आ-आफैले धारण गरिआएको अलग अलग स्वभाव धर्म भएकोले रूप धातु भनिए भैं मन, विज्ञान र चित्त भनिने चर्मचक्षुबाट देख्न जान्न पहिचान गर्न नसकिने केवल प्रज्ञा ज्ञान चक्षुले मात्र जान्न,



Downloaded from http://dhamma.digital

बुझ्न र अनुभव गरिने मानसिक धर्महरूमा समाहित अनेकौं चित्त तथा चैतसिकहरूको पनि आ–आफूले अलग अलग रूपमा अटूट, अनवरत र अविछिन्न रूपबाट धारण गर्ने स्वभाव धर्म भएकोले बुद्ध धर्ममा तिनीलाई "नाम धातु" भनिएको छ । बुद्ध धर्मका अनुसार संसारमा पाइने सम्पूर्ण रूप धातु पदार्थहरूलाई २८ प्रकारमा वर्गीकरण गरी छुट्याउन सकिन्छ भने रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान सहित पांच स्कन्धहरू युक्त सत्व, व्यक्ति, पुद्गलमा उपलब्ध मन र मानसिक स्वभावहरूलाई १२१ प्रकारका चित्तहरू र ५२ प्रकारका चैतसिकहरूमा वर्गीकरण गरी छुट्याई पहिचान गर्न सकिन्छ । प्रत्येक आलम्वनसंगै उत्पत्ति भई निरोध हुने चित्त तथा चैतसिकहरूको संख्याको गणना गर्न पनि सकिंदैन । नाम धातु र रूप धातु परमार्थ धर्महरू हुन् । बोलिचालीको भाषामा हामीहरू संसारका विभिन्न बस्तुहरू, जीव, प्राणी र प्रकृतिलाई विभिन्न नामले सम्बोधन गरी तिनको अस्तित्वलाई ग्रहण गर्नु सम्बृत्ति सत्य मात्र हुन् । किन्तु परमार्थ ज्ञानको हिसावले संसारमा पाइने यावत् बस्तुहरू र विषयहरू वास्तवमा केही बांकी रहन्छन् भने नाम र रूप मात्र बांकी रहन्छन् । नामको आफ्नै अलग अलग स्वभाव र रूपको पनि आफ्नै अलग अलग स्वभाव भएको र तिनको विभाजन, विश्लेषण र विवेचना गरी तिनका गुण, लक्षण, धर्म र स्वभावको पहिचान गर्न सकिने भएकोले नै बुद्ध धर्ममा भौतिक धर्म बस्तुहरूलाई रूप धातुको र मानसिक धर्महरूलाई नाम धातुको संज्ञा दिइएको पाइन्छ ।

बुद्ध धर्ममा निहीत यही महान् सत्य र तथ्यलाई दृष्टिगत गर्दै आजका प्रबुद्ध ज्ञानी बुद्धिजीवीहरू यस धर्मलाई वैज्ञानिक धर्म नामकरण गर्न रूचाउंछन् ।

### त्रिरत्नका गुण र विशेषताहरूको स्मरणार्थ बुद्ध पूजा

यसरी सूक्ष्मातिसूक्ष्म, गम्भीरातिगम्भीर धर्मलाई प्रतिपादन गर्ने बुद्ध को हुन् र के कस्ता उहांका गुणहरू र विशेषताहरूको कारण उहांलाई वन्दनीय, पूजनीय, अर्चनीय, अभिवादनीय, माननीय परमोत्तम, अञ्जलीकरणीय गुरु शास्ताको रूपमा विश्वले मान्यता गरिआएका हुन्, उहांबाट प्रतिपादित धर्मको गुण र विशेषता के के



Downloaded from http://dhamma.digital

हुन् र बुद्धले प्रतिपादन गर्नु भएको यस्तो अद्भुत त्रिकाल कल्याणकारी सद्धर्मलाई अनुशरण र अभ्यास गरिआएको श्रावक संघ वास्तवमा के हुन् र के कस्ता गुणहरूवाट संघ विभूषित छन् भन्ने कुरोवारे संक्षिप्त परिचय प्रस्तुत गर्ने जमर्को तल गरिने छ ।

भगवान् गौतम बुद्धले बोधिगयामा आजभन्दा २५९० बर्ष अघि बोधिज्ञान लाभ गरी बुद्वत्व प्राप्त गर्नु भएपछि सोही बर्ष ॠषिपतन मृगदावन सारनाथमा आफ्ना पाँच जना पंचभद्रवर्गीय भिक्षुहरूको सामु सर्वप्रथम स्थविरवादी धर्मको धर्मचक्र प्रवर्तन गर्नु भएको थियो । महायानी बुद्ध धर्म परम्पराका अनुसार तथागतले बुद्धत्व प्राप्तिको १३ औं बर्षमा अर्थात् २५७७ बर्ष अघि राजगृहको गृद्धकूट पर्वतमा द्वितीय वार महायानी धर्म अनुकूलको धर्मचक्र प्रवर्तन गर्नु भएको र बज्रयानी बौद्ध परम्पराका अनुसार तथागत स्वयंले बुद्धत्व लाभको १६ औं बर्षमा अर्थात् २५७४ बर्ष अघि धान्यकटक श्रीपर्वतमा तृतीय वार वज्रयान धर्म अनुकूलको धर्मचक्र प्रवर्तन गर्नु भएको विश्वास गरिन्छ । किन्तु प्रस्तुत पुस्तकमा हामी स्थविरवादी परम्पराका मान्यता प्राप्त त्रिपिटक धर्म ग्रन्थमा समावेश भएको धर्म सग्रहको आधारमा बुद्ध धर्मावलम्वीहरूले व्यापक रूपमा बुद्धकालीन समयदेखि अहिलेसम्म यथावत् रूपमा धारण, पालन र मनन गर्दै आएको परम्परा त्रिरत्न – बुद्ध, धर्म र संघका गुणहरू र विशेषताहरूको मात्र चर्चा गर्ने छौं ।

बुद्ध धर्मको वस्तुगत परिचय लिन मानिस मात्रले आफ्नो भवचक्रको निशेष रूपमा निरोध गन अन्तिम लक्ष्य निर्वाणसम्म पुऱ्याउन सहायक हुने, आधार हुने र प्रत्यय हुने किसिमले एकमात्र आश्रय केन्द्रको रूपमा शरणमा जान सकिने भनी सुप्रतिष्ठित रहेका त्रिरत्न – बुद्ध, धर्म र संघका गुणहरूको सम्बन्धमा यथार्थ जानकारी प्राप्त गर्नु उपयोगी र आवश्यक हुन्छ । बुद्ध धर्मावलम्वीहरूले बुद्ध पूजाको रूपमा तिनै बुद्ध, धर्म र संघका गुणहरूको अनुस्मरण गर्ने हो । बुद्ध धर्मानुसार बुद्ध पूजाको नाउंमा त्रिरत्नको गुणानुस्मरण गरी त्रिरत्नको आदर्श अनुकूल जीवनयापन गर्ने संकल्प गर्दै शील समादान सहित त्रिरत्न शरण गमनका वाचा दोहोऱ्याउंदा यस संसारमा २५९० बर्ष अघिदेखि विश्वका अमोघ, अमूल्य, प्रणित रत्नहरू बुद्ध, धर्म र सघको उत्पत्ति भएदेखि देव, ब्रम्हा, मनुष्य सहितको जगत् संसार सत्व प्राणीको अनन्त हित



Downloaded from http://dhamma.digital

सुख, मंगल र कल्याण कार्यका लागि बुद्ध धर्म र संघबाट भए गरिएका गुणोपकारको सम्झना गरी अनन्त प्रेरणा प्राप्त गर्ने उद्देश्यलाई नै लक्षित गरिएको हुन्छ । अन्य धर्म र बुद्ध धर्ममा पूजामा भिन्नता के पाइन्छ भने जहाँ अन्य धर्मानुकूल विभिन्न देवी देवताहरूलाई पूजा गर्ने भक्त भक्तिनीहरूले आफूले स्वयं देख्न जान्न नसके पनि आफूले पूजा गरिरहेका ढुङ्गा, माटो, धातु वा काठका मूर्ति वा कागज वा कपडाका चित्रहरूमा विद्यमान चित्रित देवी देवताहरूले आफूले चढाएको पूजा सामग्रीहरू अदृश्य रूपमा ग्रहण गरी प्रसन्न भई कुनै न कुनै समय आफूलाई इच्छाएको वरदान प्राप्त गर्ने विश्वासका साथ केही वर माग्नकै लागि पूजा गर्दछन् र पूजा भक्तिवाट नै मुक्ति मोक्ष लाभ हुने विश्वास गर्दछन् भने सही मानेमा यथार्थ समझले बुद्धको पूजामा संलग्न रहने उपासक उपासिकाहरूलाई यो सत्यको पूर्ण ज्ञान हुन्छ कि २५४५ बर्ष अघि महापरिनिर्वाण लाभ गरिसक्नु भएका तथागत शाक्यमुनि बुद्धको कतै कही कहिल्यै पनि पुनर्जन्म नहुने भएकोले उहाँले भौतिक रूपमा पूजाभाव र पूजा सामग्रीहरू ग्रहण गर्ने सम्भाव्यता नै छैन। बुद्धको नाम रूप सहितको निर्माण कायको निशेष रूपबाट निरूद्ध भएकै कारणले उहाँले महापरिनिर्वाण प्राप्त गर्नु भएको भनिएको हो। बुद्ध पूजा र त्रिरत्न वन्दनाबाट मात्र न त कुनै बरदान प्राप्त गर्न सकिन्छ, न त निर्वाण मार्ग फल नै प्राप्त गर्न सकिन्छ । त्यसैले बुद्ध पूजाका लागि अर्पण गरिएका भौतिक सामग्रीहरू र एकाग्र एक चित्तले प्रदर्शन गरिने भावभक्ति ध्यान त केवल ती महान् सर्वोत्तम महामानव शास्ता गुरुले मानव मात्रलाई गर्नु भएको अनन्त गुणोपकारको गुणस्मरण गरी कृतज्ञतावश श्रद्धाभाव प्रकट गर्ने र सम्मान गर्ने दृष्य साधन मात्र हुन् । यसैले उपासिकोपासिकाहरूले केही अपेक्षा गरेका हुन्छन् भने केही क्षण भएपनि बुद्ध पूजा कालले सांसारिक संग्रह परिग्रह र भौतिक लाभको जालबाट अलग रही आ-आफ्ना त्याग धर्म स्वभावलाई जगाउन, बढाउन र परिशुद्ध पार्न सहायक हुन्छ । साथै बुद्ध धर्म र संघप्रति मन एकाग्र गरी प्रार्थना गर्दा संचय गरेका र वृद्धि गरेका श्रद्धाका कारण एक प्रकारको ध्यान बृद्धि भई उपलब्धि हुने चितविशुद्धिबाट आफ्ना काय, वाक्य र चित्तका क्लेशहरूलाई केही न केही मात्रामा हटाउन र कमी गर्न पुग्ने मनोवैज्ञानिक प्रभावबाट प्राकृतिक रूपमा सहयोग पुग्ने र बुद्धोपदेशमा प्रदर्शित पथमा



Downloaded from http://dhamma.digital

अग्रसर हुने संकल्प दोहोऱ्याउने अवसर र प्रेरणा प्राप्त हुन्छ। तसर्थ बुद्ध पूजा गर्नेले मेरो फलानो फलानो ईच्छा पुगोस् भनी वरदान माग्ने गर्दैन । न त त्रिरत्न वन्दना विधिमा यस्तो कुनै मानसिक भाव वा वाचिक उच्चारण गर्नु पर्ने कुनै विधि समावेश नै हुन्छ । केवल उनीहरूले बुद्ध गुण, धर्म गुण र संघ गुणको स्मरणको प्रभावले, बुद्ध, धर्म र संघप्रतिको अनन्य शरणका सत्य र प्रतिवद्धताको आनुभावले र शरण गमन र शील समादान र पापदेशनाबाट संयम, दमन र नमनमा प्राप्त भएका चित्तवृत्तिको आनुभावले जय मंगलको कामनासम्म गरेका हुन्छन् । जीवनमा बुद्धको महापरिनिर्वाणपछि यस संसारमा बुद्धबाट उपदिष्ट धर्म र विनय मात्र बांकी रहेकोले बुद्ध पूजा भन्नु नै महापरिनिर्वाण प्राप्त शाक्यमुनि तथागतको धर्मकाय प्रतिको श्रद्धा प्रदर्शन गर्नु हुन आउंछ । यही नै बुद्ध पूजाको विशेषता हो, भिन्नता हो, मान्यता हो र अर्थ हो । सचेत मन, अर्धचेतन मन वा अचेतन मनमा अन्तर्निहित संस्कारको रूपमा नै परम्परादेखि रहिआएको अनात्मा-वादी बौद्धको यही संस्कारको रूपान्तर नै बुद्ध पूजा हो । बुद्ध पूजाको दार्शनिक पृष्ठभूमि, सैद्धान्तिक आधार र व्यवहारिक आदर्श यिनै हुन् भनी मान्नु, ग्रहण गर्नु र अनुमोदन गरिनु बौद्ध पद्धति अनुकूल हुने कुरामा संशय गर्न सकिन्न ।

**बुद्ध, धर्म र संघका गुणहरू**

पालि बाङमय त्रिपिटकमा बुद्धको उत्पत्तिकालदेखि नै बुद्ध, धर्म र संघका गुणहरू र विशेषताहरूलाई संक्षेपमा प्रकाश पार्न एक एक वाक्यमा संग्रह गरी बुद्ध, धर्म र संघका गुण र यशलाई प्रशंसा गरिआएको वृतान्त पाइन्छ । कालान्तरमा बुद्ध पूजाको रूपमा तिनै त्रिरत्नका गुणहरूलाई स्मरण गर्ने प्रचलन विकसित भई आएको प्रतीत हुन्छ । स्थविरवादी त्रिपिटक अनुसार असंख्य जन्मको क्रममा संचित कुशलाकुशल संस्कारको कारण आदि अन्त्य रहित यस अनादि संसारमा अपरापरीय वेदनीय कर्मलाई संगाल्दै जन्म मरणको अनन्त भवचक्रमा रूमल्लिरहन वाध्य रहेका सत्वहरूले प्रज्ञा ज्ञानको चरम विकासको माध्यमबाट अविद्यालाई समूल नाश गरी सम्पूर्ण क्लेशहरूको जरा समेत उखेलेर फ्यांक्ने सफलता प्राप्त गरी जीवनको अन्तिम लक्ष्यको रूपमा रहेको महान्



Downloaded from http://dhamma.digital

शान्तिप्रद सुखकर निर्वाण धर्मलाई लाभ गर्ने पुद्‌गलहरू पाँच प्रकारका हुन्छन् । यी पुद्‌गलहरू सबैले बोधिज्ञान प्राप्त गरी अरहन्त मार्ग र फल लाभ गरी बुद्धत्व लाभ गरेका हुन्छन् । यसरी भगवान् बुद्धको मार्गदर्शनलाई अनुशरण गरी बुद्धत्व प्राप्त गर्ने ३ प्रकारका अरहन्त श्रावकहरूलाई श्रावक बुद्ध भनिन्छ । बुद्ध शासन नहुंदाका समयमा स्वयं आफ्नै प्रयासबाट अहन्त मार्ग फल प्राप्त गरी बुद्धत्व लाभ गर्ने पुद्‌गललाई प्रत्येक बुद्ध भनिन्छ । प्रत्येक बुद्ध र श्रावक बुद्धहरूभन्दा धेरै धेरै पारमिताहरू पूर्ण गरी असंख्य अनन्त लोकार्थचर्या, ज्ञात्यार्थचर्या र बुद्धार्थचर्याहरूको अभ्यास गरिआएको अपरिमित पुण्यबलबाट कसैको मार्गदर्शन बेगरै आफ्नै प्रयासबाट संसारको सर्वोत्तम, सर्वोच्च र सर्वोत्कृष्ट बोधिज्ञान प्राप्त गरी जगत् संसारका सम्पूर्ण सत्व प्राणीहरूलाई दु:खमय संसारबाट विमुक्त हुने निर्वाण धर्मलाई प्राप्त गर्ने शिक्षा प्रदान गरी महान् करूणा वर्षा गर्ने अनन्तोपकार बुद्धलाई सम्यक् सम्बुद्ध भनिन्छ । वर्तमान बुद्ध धर्मका प्रवर्तक शास्ता गुरु सुगत तथागत शाक्यमुनि बुद्ध सम्यक् सम्बुद्ध हुनुहुन्थ्यो । बुद्ध धर्मावलम्वीजनले दु:खबाट मुक्त हुने उद्देश्यले चाहना गर्ने बुद्धत्वलाई यसरी वर्गीकरण गर्न सकिन्छ:

१. श्रावक बुद्ध : श्रावक बुद्धलाई ३ प्रकारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै:

   (क) प्रकृति श्रावक – सामान्य अरहन्त बुद्ध । बुद्ध धर्ममा यस्ता अरहन्तहरूको संख्या एकदमै ठूलो छ ।

   (ख) महाश्रावक – भगवान् बुद्धका जम्मा ८० जवान महाश्रावकहरू थिए ।

   (ग) अग्रश्रावक – गौतम बुद्धका २ जना अग्रश्रावकहरू थिए ।

२. प्रत्येक बुद्ध

३. संम्यक् सम्बुद्ध

यस परिच्छेदमा बुद्ध गुणका चर्चा गर्दा हामी सम्यक् सम्बुद्ध हुनु भएका भगवान् गौतम बुद्धका गुणहरूका विषयमा चर्चा गर्ने छौं ।



Downloaded from http://dhamma.digital

## बुद्ध गुण

बुद्ध पूजाको क्रममा बुद्ध वन्दना गर्दा वर्णन गरिने बुद्धको निम्न प्रशस्तिले सम्यक् सम्बुद्धका गुण र विशेषताहरूको सार संक्षेपलाई राम्ररी प्रस्तुत गर्दछ –

"इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो–पुरिसदम्म–सारथी, सत्था–देव–मनुस्सानं, बुद्धो, भगवा'ति ।"

अथ

*उहाँ तथागत गौतम बुद्ध भगवान् अरहन्त, सम्यक् सम्बुद्ध, विद्या र आचरणबाट सम्पन्न, राम्ररी निर्वाण प्राप्त सुगत, सत्व, संसार र ओकास तीनै लोकका ज्ञाता-विज्ञ, लोकदमन गर्ने अनुत्तर अनुपम पुरूषदम्य सारथी, ब्रम्हा-देव मनुष्यहरूका गुरू-शास्ता, चतुरार्य सत्यको राम्ररी ज्ञान प्राप्त बुद्ध, ६ थरी नै भाग्य र अनन्त गुणबाट सम्पूर्ण भगवान् हुनुहुन्छ ।*

भगवान् बुद्धको गुण व्याख्यान गरिएको उक्त प्रशस्ति वाक्यमा बुद्धका निम्न नवाग गुणहरूको वर्णन गरिएको पाइन्छ ।

यथा –

१. उहाँ भगवान् सम्पूर्ण क्लेशबाट पूर्ण रूपमा मुक्त अरहन्त हुनुहुन्छ ।
२. उहाँ भगवान् स्वयं वोधिज्ञान लाभ गरी धर्मोपदेश गर्ने अनन्तोपकारक तथागत सम्यक् सम्बुद्ध हुनुहुन्छ ।
३. उहाँ भगवान् ३ विद्या, ८ अभिज्ञा र १५ चरणबाट युक्त हुनाले विद्याचरण सम्पन्न हुनुहुन्छ ।
४. उहाँ भगवान् जन्म मरणबाट सर्वथा मुक्त रहेको निर्वाण नगरमा राम्ररी पुगी सुप्रतिष्ठित हुनु भएका सुगत हुनुहुन्छ ।
५. उहाँ भगवान् सत्व, संस्कार र ओकास लोक समेत संसारका तीनै लोकका विज्ञ लोकविदू हुनुहुन्छ ।



Downloaded from http://dhamma.digital

६. उहाँ भगवान् देव, मनुष्य, तिर्यक र वेनेय्य सत्व प्राणीहरूलाई पूर्ण रूपमा सुसभ्य हुने गरी उपयुक्त शिक्षादीक्षाबाट दमन गर्न समर्थ अनुत्तर सारथी हुनुहुन्छ ।
७. उहाँ भगवान् ब्रम्हा, देव, मनुष्यहरूका गुरु शास्ता हुनुहुन्छ ।
८. उहाँ भगवान् चतुरार्यसत्य धर्मलाई पूर्ण रूपमा विश्लेषण, वर्गीकरण र विवेचना गरी बोधिज्ञान लाभ गर्ने बुद्ध हुनुहुन्छ।
९. उहाँ भगवान् ६ प्रकारकै भाग्य सम्पूर्ण रूपबाट संप्रयुक्त भगवान हुनुहुन्छ ।

**भगवान् बुद्धमा विद्यमान नवांग गुणको सविस्तार वर्णन**

**१. अरहं = अरहन्त: –**

अरहन्त पुद्गलले यस संसारको परमार्थ धर्मको रूपमा रहेको नाम रूप धातुको वास्तविक स्वभाव धर्मलाई यथाभूत रूपबाट यथार्थ रूपमा जान्न बुझ्न बाधा अड्चन हाल्ने वाधक तत्वहरू – १. **कामच्छन्द** (अर्थात् इच्छित ईष्ट रूप, ईष्टशब्द, ईष्ट गन्ध, ईष्ट रस र ईष्ट स्पर्श प्रतिको अनुराग, लोभ), २. **व्यापाद** (अर्थात् द्वेष), (३) **स्त्यानमृद्ध** (अर्थात् कुशल कार्य सम्पादनमा निरूत्साह र अकर्मण्यता) ४. **औद्धत्य कौकृत्य** (अर्थात् चित्तलाई कुशल धर्ममा एकाग्र एक चित्त हुन बाधा हाल्ने चंचल अस्थिरता र चिन्ता, पश्चाताप) र ५. **विचिकित्सा** (अर्थात् बुद्ध, धर्म, संघ, आर्य अष्टांगिक मार्ग बारेको अनुचित सन्देह र संशय) जस्ता नीवरणहरूलाई समूल उच्छेद गरेको हुन्छ ।

भवचक्रमा बारम्वार जन्म लिनका लागि वाध्य तुल्याउने संयोजन कारकहरू जस्तै – १. **दृष्टि** (अर्थात् अनित्यलाई नित्य र देहलाई आत्मा भनी धारण गर्ने मिथ्या दृष्टि), २. **विचिकित्सा** ( अर्थात् बुद्ध, धर्म र संघप्रति नै अनावश्यक सन्देह गर्नु), ३. **शीलब्रत परामर्श** (अर्थात् आर्य अष्टांगिक मार्गदेखि बाहेक पनि अन्य शीलब्रत माध्यमद्वारा निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने गलत धारणा), ४. **कामराग** (अर्थात् पंच काम गुणहरूको आस्वाद प्रतिको अनुराग), ५. **प्रतिघ** (अर्थात् प्रतिहिंसाको भाव), ६. **ईर्ष्या** (अर्थात् अरूको उपलव्धिमा डाह गर्ने स्वभाव), ७. **मात्सर्य** (अर्थात् अरूको



Downloaded from http://dhamma.digital

समृद्धिदेखि अप्रसन्न रहने स्वभाव), ८. **मान** (अर्थात् अभिमान वा घमण्ड), ९. **भवराग** (अर्थात् संसारमा जन्म लिइरहने इच्छा) र १०. **अविद्या** (अर्थात् नाम रूप धर्मको अनित्य, दुःख र अनात्मा स्वभावको बारे अज्ञानता) रूपी दश **संयोजन**हरूलाई अरहन्त पुद्गलले विपश्यना ध्यान भावनाबाट जरै सहित नष्ट गरी निर्मूल गरेको हुन्छ ।

मनलाई सदैव दूषित पार्ने क्लेशहरू १. **लोभ** २. **द्वेष,** ३. **मोह** (अर्थात् धर्महरूको यथार्थ स्वभावकै अज्ञानता, अनभिज्ञता), ४. **मान,** ५. **दृष्टि,** ६. **विचिकित्सा,** ७. **स्त्यान** ८. **औद्धत्य,** ९. **अहिरिक** (अर्थात् अकुशल कर्म कुकर्म गर्नमा निर्लज्जता) र १०. **अनोतप्प** (अर्थात् अकुशल कर्म कुकर्म गर्नमा निडर हुनु) जस्ता क्लेशरूपी दश शत्रु वैरीहरूलाई पनि अरहन्तले पूर्ण रूपमा दमन गरेको हुन्छ । ब्रम्हा, देव र मनुष्यहरूले पूजा गर्न योग्य हुनु भएको, अकुशल नीवरण धर्महरू, संयोजन धर्महरू र लोभ दोष मोहादि सम्पूर्ण क्लेशहरूलाई समूल नष्टगरी दमन गर्नु भएको र गुप्त रूपबाट समेत कहिल्यै पनि पाप कर्म नगर्नु हुने भएकोले गौतम बुद्धलाई अरहन्त भनिन्छ।

**२. सम्मा सम्बुद्ध = सम्यक् सम्बुद्ध**

अतीत कालमा चार असंख्य र एक लाख कल्प सम्म पूर्ण गरेर आउनु भएको अनन्त पारमिताको बलले अन्तिम जन्ममा कसैको मार्गदर्शन बेगरै आफैले अनेकौं अभिज्ञाहरू सहित भूत, वर्तमान र भविष्य कालका बारेमा अप्रतिहत ज्ञान प्राप्त गर्नु भई **समापति ज्ञान, सर्वश्रुत ज्ञान, इन्द्रिय परोपरियति ज्ञान, यमक प्रातिहार्य ज्ञान, आशयानुशय ज्ञान** र **अनावरण ज्ञान** जस्ता असाधारण ज्ञान गुणहरू सहित चतुर्वैशारद्यबाट सम्पूर्ण हुनु भएको उहाँले संसारका सम्पूर्ण धर्महरूका प्रज्ञप्ति धर्म स्वभाव र परमार्थ धर्म स्वभावलाई अनन्त विश्लेषण, विभाजन र विवेचना गरी निशेष रूपबाट देख्न जान्न सक्ने महान् सर्वज्ञता ज्ञानलाई स्वयं साक्षात्कार गरी आफूलाई लाभ भएको सम्बोधि ज्ञान निर्वाणको मार्ग र फलको पथ प्रदर्शन गर्ने देव ब्रम्हा र मनुष्य परिषदलाई सिंहनाद गरी धर्मोपदेश गर्ने गर्नु भएकोले गौतम बुद्धलाई सम्यक् सम्बुद्ध भनिन्छ ।



Downloaded from http://dhamma.digital

### ३. विज्जाचरण सम्पन्न = विद्या चरण सम्पन्न

गौतम बुद्धमा त्रि–विद्या अर्थात **पूर्व निवास विद्या, दिव्य चक्षु विद्या र आश्रवक्षय विद्या** नामक तीन ज्ञान विद्याहरू रहे जस्तै **अष्ट विद्या** याने १. **दिव्य चक्षु ज्ञान** (अर्थात् देवताहरूका चक्षु सदृश विना कुनै अवरोध जहाँसुकैको जुनसुकै कुरालाई देख्न सक्ने ज्ञान) २. **दिव्य श्रोत ज्ञान** (अर्थात् देवताहरूको कान झैं जहाँसुकैको जुनसुकै शब्दलाई बिना कुनै अवरोध सुन्न सक्ने ज्ञान), ३. **ऋद्धि विध ज्ञान** (अर्थात् आफ्नो चाहना अनुसार अनेक प्रकारका ऋद्धि चमत्कार प्रदर्शन गर्न सक्ने ज्ञान), ४. **परचित्त विजानन** (अर्थात् अर्काको चित्तलाई जान्न सक्ने ज्ञान), ५. **पूर्वनिवासानुस्मृति ज्ञान** (अर्थात् पूर्वजन्महरू बारेमा थाहा पाउने ज्ञान), ६. **आश्रवक्षय ज्ञान** (अर्थात् सम्पूर्ण क्लेश आश्रवलाई नाश गर्न सक्ने ज्ञान), ७. **मनोमयिद्धि ज्ञान** (अर्थात् मनले चिताए अनुरूप पूर्ण गर्न सकिने ज्ञान) र ८. **विपश्यना ज्ञान** (अर्थात् सम्पूर्ण नाम रूप धर्मलाई अनित्य, दुःख र अनात्माको रूपबाट देख्न जान्न बुझ्न सक्ने ज्ञान) जस्ता आठ विद्या – ज्ञानहरू विद्यमान रहेको हुंदा र उहाँ निम्न १५ आचरणहरूबाट सम्पन्न हुनु भएकोले उहाँलाई विद्या चरण सपन्न भनिन्छ ।

१५ आचरणहरूको विवरण निम्न प्रकारका हुन्:

(क) शील संवर = शीलाचरण प्रति संयमी ।
(ख) इन्द्रिय संवर = चक्षु आदि इन्द्रियहरूमा संयमी ।
(ग) भोजने मतञ्ञुता = भोजनको मात्राको जानकारी राख्ने ।
(घ) जागरियानुयोग = निरालस्य भई सर्वथा जागृत रहने ।
(ङ) श्रद्धा = त्रिरत्न, कर्म र कर्मको विपाकमाथि विश्वास गर्ने ।
(च) स्मृति = कुशल कर्ममा अप्रमादी रहने ।
(छ) हिरि = नराम्रो काम दुराचरणमा लाज मान्ने ।
(ज) ओतप्प = नराम्रो काम दुराचरणमा भय त्राश मान्ने ।
(झ) बहुश्रुत = अतिशय बहुश्रुत भएको ।
(ञ) वीरिय = कुशल कर्ममा बलोद्योग गर्ने वीर्य भएको ।
(ट) प्रज्ञा = कुनै पनि विषयको सूक्ष्मातिसूक्ष्म, गम्भीरातिगम्भीर स्वभावको राम्रो ज्ञान भएको ।



Downloaded from http://dhamma.digital

(ठ) प्रथम ध्यान = वितर्क, विचार, प्रीति, सुख र एकाग्रताको ज्ञान र आचरण लाभी ।

(ड) द्वितीय ध्यान = विचार , प्रीति, सुख र एकाग्रताको ज्ञान र आचरण लाभी ।

(ढ) तृतीय ध्यान = प्रीति, सुख र एकाग्रताको ज्ञान र आचरण लाभी ।

(ण) चतुर्थ ध्यान = सुख र एकाग्रताको ज्ञान र आचरण लाभी ।

४. सुगतो = सुगत

आजभन्दा २५९० बर्ष अगाडि वर्तमान भारतको बोध गयामा बोधि वृक्ष मुनि ध्यानावस्थित रही वैशाख पूर्णिमाको रातको अन्तिम प्रहरमा दुलर्भ बुद्धत्वको सर्वज्ञता ज्ञान लाभ गर्नु भएपछि शाक्यमुनिले अत्यन्त प्रमुदित, सुहर्षित र सुन्सन्तुष्ट भई निम्न प्रकारले प्रतिक्रिया व्यक्त गर्नु हुदै बुद्धत्व लाभपछि उदान वाक्य अर्थात् प्रीति बचन प्रकट गर्नु भएको थियो: –

"अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥

गहकारक दिट्ठोंसि पुन गेहं न काहसि ।
सब्बा ते फासुका भग्गा गहकूटं विसङ्खितं ।
विसङ्खारगतं चित्तं तण्हानं खयमज्झगा ॥"

भावार्थ

*"बारम्वार जन्म लिनु पर्दा दुःख हुने हुनाले यो शरीर रूपी घर निर्माण गर्नेलाई खोजनीति गर्दै यस संसारमा अनगिन्ति जन्म लिइसकें । हे गृहकारक ! आज तिमीलाई देखिसकें । अब पुनर्वार तिमीले दुःखदायक घर बनाउन सक्ने छैनौ । तिम्रो घर बनाउने औजार सबैलाई भांचि दिइसकें । घरलाई समूल नष्ट गरिदिइसकें । अब चित्त संस्कार रहित भयो । तृष्णा समूल क्षय भयो।"*



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले सम्पूर्ण संस्कारलाई समूल उखेलेर फाल्नु भई जन्म र मृत्युको भवचक्रबाट सर्वथा अलग रहेको असंस्कृत धातु स्वभाव निर्वाण मार्गमा राम्ररी गमन गर्नु भएकोले उहाँलाई सुगत भनिन्छ ।

## ५. लोकविदू = लोकका ज्ञाता

भवचक्रको खेलमा आबद्ध रहिआएका यस संसारमा देव, ब्रम्हा, मनुष्य र वेनेय्य प्राणीहरू रूपी सत्वलोक, संसार र प्राणीहरूमा अन्तर्निहित भौतिक बस्तु र मन जस्ता नाम रूपको संसार – संस्कार लोक र यी सबै प्रकारका देव, ब्रम्हा, मनुष्य र विनिपातिक सत्वहरू समेत बसोवास गर्ने ३१ लोकहरू मिली बनेका चक्रवालहरूको संसार ओकास लोकका नामले तीन प्रकारका लोकहरू विद्यमान छन् । ती लोकहरूमध्ये कतिपय लोकहरू अतिसूक्ष्म हुने भएकोले मानिसको चर्मचक्षु र सामान्य ज्ञान चक्षुबाट देख्न जान्न सकिंदैन । भगवान् बुद्धमा सत्वलोक, सङ्खारलोक र ओकासलोक गरी तीनै लोकको ज्ञान विद्यमान रहने भएकोले उहाँलाई लोकविदू – तीनै लोकका ज्ञाता भनिन्छ ।

## ६. अनुत्तरो पुरिसदम्म सारथी = अनुत्तर पुरूषदम्य सारथी

चतुर्वैशारद्य र छट्ठ गुण धर्मबाट सम्पूर्ण हुनु भएका तथागतले सत्व प्राणीहरूलाई हित सुख मंगल गर्ने इच्छा गर्दै धर्मोपदेश गर्दा कुनै प्रकारको हानी, नोक्सानी, क्षति हुने भन्ने सम्भाव्यता समेत नहुने भएकोले अनन्त ज्ञान, गुण र पारमिताबाट पूर्ण हुनु भएका बुद्धले देव, मनुष्य, तिर्यक र वेनेय्य प्राणीहरू जोसुकैलाई असदिस रूपले सभ्य हुने गरी सुमार्गमा डोऱ्याई दमन गर्नु भएकोले उहाँलाई पुरूष दमन गर्नमा अतुलनीय सारथी अनुत्तरो पुरिस्स दम्म सारथी भनिन्छ ।

## ७. सत्था देव मनुस्सानं = देव मनुष्यका शास्ता

यस संसारका ब्रम्हा, देव र मनुष्यहरू सबैलाई निर्वाण मार्गको उपदेश दिनु हुने गुरु उहाँ नै हुनुहुन्छ । तसर्थ बुद्धलाई ब्रम्हा, देव र मनुष्यहरूका गुरुको नाताबाट देव मनुष्यका शास्ता भनिन्छ ।



Downloaded from http://dhamma.digital

## ८. बुद्धो = बुद्ध

दु:ख आर्य सत्य, दु:ख समुदय आर्य सत्य, दु:ख निरोध आर्य सत्य र दु:ख निरोध गामिनी प्रतिपद आर्य सत्य समेत चारै अर्य सत्यहरूलाई भिन्न भिन्न तरीकाबाट अलग अलग छुट्याई स्वयं आफैले सम्पूर्ण आर्य सत्यलाई जान्नु भएको हुंदा शाक्यमुनिलाई बुद्ध भनिन्छ ।

## ९. भगवा = भगवान्

गौतम बुद्ध १. ऐश्वर्य २. धर्म ३. यश ४. श्री ५. काम र ६. प्रयत्न गरी ६ वटै भाग्यहरूद्वारा परिपूर्ण हुनुहुन्थ्यो । त्यसैले उहांलाई भगवा अर्थात् भगवान् भनिन्छ ।

बुद्ध धर्म अनुकूल बुद्ध पूजा गर्दा बुद्ध भन्ने शब्दले व्यक्ति विशेषलाई जनाउने नभई नव गुण सम्पन्न बोधिज्ञान प्राप्त तथागतलाई सम्बोधन गर्ने भएकोले यो कुनै व्यक्ति विशेषको संज्ञा नाउँ होइन । बुद्धत्व लाभ नहुञ्जेलसम्मका सिद्धार्थ गौतम बोधिसत्व मात्र हुनुहुन्थ्यो । तसर्थ बुद्धत्व भनेको सिद्धार्थ गौतमले लाभ गर्नु भएको सम्यक् सम्बोधि ज्ञान स्कन्ध हो । गौतम बुद्धको महापरिनिर्वाण नहुञ्जेलसम्म पनि यो शब्दले बुद्धको धर्मकाय ज्ञान कायलाई नै जनाउने गर्दथ्यो भने उहांको महापरिनिर्वाणपछि पनि बौद्धहरूले बुद्धको शरणमा जांदा हाम्रो संसारको अगाडि अफै विद्यमान रहेको यसै ज्ञानकाय धर्मकाय बुद्धको शरण ग्रहण गर्ने कुरा यहां स्मरणीय छ । बुद्धको मूर्तिले धर्मका अनुयायी उपासक उपासिकाहरूको ध्यानलाई समेटेर चित्त एकाग्र गर्न सजिलो पार्ने एउटा दृष्य साधनको रूपमा मात्र काम गर्ने हो । एउटा ध्यान भावनाको कर्मस्थान कै सदृश काम लिनु नै बुद्ध मूर्तिको खास तात्पर्य हो, निहित उद्देश्य हो र मनोवैज्ञानिक कारण र आधार हो भन्दा बुद्ध धर्म अनुकूल हुने कुरा यहां स्मरण गर्नु सर्वथा आवश्यक हुन्छ, उपयोगी हुन्छ र इच्छित फलदायक हुन्छ ।



Downloaded from http://dhamma.digital

**नवाङ्ग गुणको अर्थ सहित बुद्ध वन्दना**

यावत् क्लेशलाई नाश गरी
निष्पाप भई पूज्य भएका ।
अरहन्त हे भगवान् !
शाष्टाङ्ग मेरो वन्दना ॥

संसारका सम्पूर्ण धर्मलाई
स्वयं आफैले बोध गरी ।
सम्यक् सम्बुद्ध कहलिएका
तथागतलाई मेरो वन्दना ॥

तीन विद्या र आठ अभिज्ञा,
अझ पन्ध्र आचरणले संयुक्त, विभो !
निर्वाण मार्गमा सुप्रतिष्ठित
हे सुगत ! मेरो वन्दना ॥

सत्व, संस्कार र ओकास
तीनै लोकका विशिष्ट ज्ञाता ।
प्राणी दमनको अनुपम सारथी !
भो गुरू ! मेरो वन्दना ॥

ब्रम्हा, देव, मनुष्य जति छन्
सबका पूज्य हे गुरू शास्ता !
आर्य सत्य चारैलाई जानी
बुद्ध भयौ, मेरो वन्दना ॥

भाग्य ६ र गुण अनन्तले
सम्पूर्ण रहेका हे भगवान् !
नवाङ्ग गुणबाट सुशोभित भो !
बुद्धमा सविनय वन्दना ॥

शील संगाली शरणमा आएं,
बुद्ध गुण सम्झना गरें !
यसै सत्यको पुण्यानुभावले
सत्व सबै सुखी रहून् !॥



Downloaded from http://dhamma.digital

## धर्म गुण

बुद्ध पूजाको क्रममा दोश्रो अमूल्य धर्म रत्नको वन्दना गर्दा पठन पाठन, वाचन, मनन गरिने धर्म वन्दनाको वाक्यबाट धर्मका गुण र विशेषताहरूको प्रष्ट झलक पाइन्छ ।

**"स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञूही'ति ।"**

भावार्थ

*"भगवान् बुद्धले उपदेश गर्नु भएको सद्धर्म सु-आख्यात, सांद्रिष्टिक, अकालिक, एहिपश्यिक, निर्वाण मार्ग फलदायक र प्रज्ञावानजनले आफैले अनुभव गर्न सकिने खालको छ ।"*

धर्म वन्दनाको वाक्यबाट बुद्धोपदेशित धर्ममा रहेका निम्न ६ प्रकारका गुणहरूको वर्णन गरिएको छ । यथा:-

१. बुद्धको धर्म राम्ररी अर्थ र व्यञ्जन सहित व्याख्यान गरिएकोले "सु-आख्यात" छ ।
२. बुद्धको धर्मले यहांको यहीं फल दिने भएकोले विज्ञ पुद्गलजनले स्वयं आफूले हेर्न देख्न लायक हुंदा "सांद्रिष्टिक" गुणले पूर्ण छ ।
३. बुद्ध धर्मले समय नबित्दैमा इच्छित फल दिने भएकोले "अकालिक" गुणबाट युक्त छ ।
४. बुद्धको धर्मलाई आऊ, यहां आएर स्वयं आफैले हेर भनी प्रत्यक्ष देखाउन सकिने हुंदा "एहिपस्सिक" को विशेषताबाट सम्पन्न छ ।
५. बुद्धोपदेशित धर्मले यसका अनुयायी साधकहरूलाई निश्चित रूपमा निर्वाणपुरमा पुऱ्याउने भएकोले "ओपनयिको" भनिन्छ ।
६. यस धर्मलाई विद्वान वर्गले आफैंले फारी फारीकन केलाई केलाईकन हेरी आफैंले अनुभव गरी जान्न बुझ्न सकिने भएकोले "पच्चत्तं वेदितब्बो विञ्ञूहि" भनिन्छ ।



Downloaded from http://dhamma.digital

## धर्मका गुणहरूका सविस्तार वर्णन

### स्वाक्खातो भगवता धम्मो = भगवान्का सु-आख्यात धर्महरू

भगवान् बुद्धले चार असंख्य र एक लाख कल्पसम्मका विभिन्न जन्महरूमा पूर्ण गरेर आउनु भएको पारमिताको प्रभावले अन्तिम बुद्धको जन्ममा सम्पूर्ण विशिष्ट ज्ञान-अभिज्ञाहरू लाभ गर्नु भई सम्पूर्ण धर्महरूलाई कार्य र कारण, हेतु र प्रत्यय, कर्म र विपाक समेतका आधारमा प्रष्ट रूपमा विश्लेषण, विभाजन र वर्गीकरण गरी स्वयं आफ्नै अनुभवबाट जान्ने बुझ्ने सर्वज्ञता ज्ञान-सम्यक् सम्वोधिज्ञान हासिल गर्नु भएको हुंदा अतीत, अनागत र वर्तमान् काल सबैका सम्बन्धमा आफूलाई प्राप्त अप्रतिहत ज्ञानका बलले स्वयं आफूले कुनै न कुनै जुनीमा अनुभव गरी सिद्ध गरिसकेको सत्य तथ्यकै आधारमा मात्र बुद्धले सम्पूर्ण धर्महरूको अर्थ सहित व्यञ्जन सहित विस्तृत रूपमा व्याख्यान र विवेचना गर्नु भएको थियो । धर्म गर्ने साधक स्वयंलाई र अरूलाई पनि आदि, मध्य र अन्त्यसम्म अर्थात् अतीत काल, वर्तमान काल र भविष्यमा समेत हित, मंगल, कल्याण हुने किसिमले दश उत्तम धर्मलाई भगवान् बुद्धले राम्ररी उपदेश गर्नु भएको हुंदा यस धर्मलाई "सु-आख्यात" (अर्थात् सुवर्णित) धर्म भनिन्छ ।

भगवान् बुद्धका सु-आख्यात दश धर्महरू निम्न प्रकारका छन्:

१. श्रोतापत्ति मार्ग = सम्बोधिज्ञानको प्रथम चरणमा पुऱ्याउने मार्ग धर्म ।
२. श्रोतापत्ति फल = सम्वोधिज्ञानको प्रथम चरणको फल धर्म ।
३. सकृदागामी मार्ग = सम्बोधिज्ञानको द्वितीय चरणमा पुऱ्याउने मार्ग धर्म ।
४. सकृदागामी फल = सम्बोधिज्ञानको द्वितीय चरणको फल धर्म।
५. अनागामी मार्ग = सम्बोधिज्ञानको तृतीय चरणमा पुऱ्याउने मार्ग धर्म ।
६. अनागामी फल = सम्बोधिज्ञानको तृतीय चरणमा पुऱ्याउने फल धर्म ।



Downloaded from http://dhamma.digital

७. अरहन्त मार्ग = सम्बोधिज्ञानको चतुर्थ एवं अन्तिम चरणको मार्ग धर्म ।

८. अरहन्त फल = सम्बोधि ज्ञानको चतुर्थ एवम् अन्तिम चरणको फल धर्म ।

९. असंस्कृत धातु निर्वाण = सम्पूर्ण क्लेशादि आश्रवको प्रहाण पश्चात् प्राप्त हुने जन्म मृत्युबाट विमुक्तिको स्थितिवाला धर्म।

१०. परियत्ति = बुद्धद्वारा उपदेशित सम्पूर्ण धर्मसंग्रह, शिक्षा संग्रह।

**सन्दिट्ठिको भगवता धम्मो = सांद्रिष्टिक भगवान्का धर्महरू**

भगवान् बुद्धले देशना गर्नु भएका नवलोकोत्तर धर्महरूले यहाँको यहीं फल दिने भएकोले अन्ध श्रद्धा र अन्ध विश्वासको भरोसामा होइन आर्य ज्ञानी पुद्गल जनले स्वयं आफैंले जाँची बुझी स्वयं आफैंले हेरी ग्रहण गरी राम्ररी आचरण गर्न योग्य धर्महरू हुँदा "सांद्रिष्टिक" गुणहरू युक्त छन् ।

**अकालिको भगवता धम्मो = समय नवित्दै फल दिने भगवान्का धर्महरू**

भगवान् बुद्धले देशना गर्नु भएका शील, समाधि र प्रज्ञायुक्त चार उत्तम मार्गहरूको सही आचरण र अभ्यास गर्ने साधकहरूलाई अभ्यासको क्रमसंगै क्रमशः प्रभाव शुरू गरी यसै जुनीमा समय नबित्दैमा फल दिने भएकोले "अकालिक" धर्म भनिन्छ । ती चार उत्तम मार्गहरू हुन् – (१) श्रोत्तापत्ति मार्ग (२) सकृदागामी मार्ग (३) अनागामी मार्ग र (४) अरहन्त मार्ग ।

**एहिपस्सिको भगवता धम्मो = आऊ र हेर भनी देखाउन सकिने भगवान्का धर्महरू**

भगवान् बुद्धले देशना गर्नु भएका नवलोकोत्तर धर्महरू गोपनीयताका आधारमा मान्छेले देख्न नसक्ने र स्वर्ग र नरकको आकर्षण र भय देखाई पालन गर्नु पर्ने नभई शील, समाधि र प्रज्ञा युक्त यस नवलोकोत्तर धर्महरू प्रत्येकको आचरण र



Downloaded from http://dhamma.digital

अभ्यासबाट क्रमश: के कस्ता फल प्राप्त हुने हो भनी सबैलाई प्रमाणकै रूपमा प्रस्तुत गर्दै आऊ, धर्मानुसार अभ्यास गर र स्वयं आफैंले जान, बुझ भनी आव्हान गरी देखाउन सकिने धर्महरू हुंदा "एहिपस्सिक" भनिन्छ । ती नवलोकोत्तर धर्महरू हुन्:

(१) श्रोतापत्ति मार्ग (२) श्रोतापत्ति फल (३) सकृदागामी मार्ग (४) सकृदागामी फल (५) अनागामी मार्ग (६) अनागामी फल (७) अरहन्त मार्ग (८) अरहन्त फल (९) निर्वाण ।

**द्रष्टव्य:** *प्राणी मात्रलाई जन्म मरणको भवचक्रको बन्धनमा चल हल गर्न नपाउने गरी बांधिराख्ने दश संयोजन धर्महरूमध्ये श्रोतापत्ति मार्ग ज्ञानले विचिकित्सालाई नीवरणको रूपमा पनि उन्मूलन गरी मिथ्यादृष्टि, विचिकित्सा, ईर्ष्या र मात्सर्य जस्ता ४ संयोजन धर्महरूलाई श्रोतापत्ति मार्ग ज्ञानले समूल उच्छेद गर्न सघाउंछ । श्रोतापत्ति फल धर्ममा पुग्नासाथ उपर्युक्त नीवरण र चार संयोजनहरू उन्मूलन भइसकेका हुन्छन् । सकृदागामी मार्ग ज्ञानले कुनै संयोजनलाई नष्ट नगरेपनि तिनीहरूलाई क्षीण बनाइदिएको हुन्छ । अनागामी मार्ग ज्ञानले काम राग र प्रतिघलाई निर्मूल गर्दछ । अरहन्त मार्ग ज्ञानले बांकी सबैलाई निर्मूल गरी सम्पूर्ण बन्धनहरूबाट छुट्याइदिन्छ ।*

**ओपनयिको भगवता धम्मो = निर्वाणमा पुऱ्याउने भगवान्का धर्महरू**

भगवान् बुद्धले उपदेश गर्नु भएका नवलोकोत्तर धर्महरूले सही रूपमा आचरण र अभ्यास गर्ने आर्य साधकहरूलाई विभिन्न आर्य मार्ग र फलहरू प्राप्त गराउंदै निश्चित रूपमा निर्वाणसम्ममा पुऱ्याउन सक्ने भएकोले भगवान्को धर्मलाई "ओपनयिक" भनिन्छ ।

**पच्चतं वेदितब्बो विञ्ञूहि भगवता धम्मो = प्रज्ञाविदहरूले आफैं फारी फारीकन छुट्याएर अनुभव गरी जान्न सकिने भगवान्का धर्महरू**

भगवान् बुद्धले देशना गर्नु भएका धर्महरूमा केवल आस्था, निष्ठा र विश्वासको आधारमा प्रत्यक्ष स्व-ज्ञान र अनुभव वेगर ग्रहण र स्वीकार गर्नु पर्ने धर्महरू भन्ने केही छैनन् । वस्तुत:



Downloaded from http://dhamma.digital

बुद्धोपदेशित नव लोकोत्तर धर्महरू विवेकशील प्रज्ञावान् ज्ञानीजनले स्वयं केलाई केलाईकन अलग अलग छुट्याई आफैंले अनुभव गरी हेर्न, जान्न, बुझ्न सकिने धर्महरू हुन् । यसैले बुद्धभाषित धर्महरूलाई "पच्चतं वेदितब्बो विञ्ञूहि" अर्थात् विज्ञजनहरूले आफैं छुट्याई अनुभव गर्न योग्य" धर्म भनी प्रशंसा गरिन्छ ।

## निर्वाणमा पुऱ्याउने ६ गुणले युक्त धर्मका अर्थ सहित धर्म वन्दना

आफू र अरूलाई त्रिकाल संधै नै
जुनसुकै लोकमा पनि हित हुने ।
नव लोकोत्तर धर्मलाई बुद्धले
राम्ररी बोध हुने गरी व्याख्या गरे ।
सुआख्यात यो धर्मलाई धर्माचरणबाट वन्दना ॥

बुद्ध धर्म हेर कति महोत्तम छ,
यहींको यहीं फल दायक छ ।
आर्यजनले स्वयं आफैं बुझी
राम्ररी आचरण गर्न सकिन्छ ।
सांद्रिष्टिक यो धर्मलाई शीलाचरणबाट वन्दना ॥

महाकारूणिक तथागतले
लोकको दुःखमा करुणा जगाई ।
काल नबित्दै नै फल दिने
चतुरार्य धर्म उपदेश गर्नु भो ।
अकालिक यो धर्मलाई शरणागत मेरो वन्दना ॥

गोप्य होइन प्रमाण नै दिएर
यहाँ आऊ र हेर भन्न सकिने ।
निर्वाणसम्म पनि राम्ररी नै
निश्चित रूपमै पुऱ्याइदिने ।
एहिपस्सिक र ओपनयिको दश धर्मलाई वन्दना ॥



Downloaded from http://dhamma.digital

प्रज्ञाको बल्दो अग्निमा पोली
विवेक कसीमा बारम्बार घोटी ।
विज्ञजनले स्वअनुभवबाटै
जाँची हेरी बुझ्न सकिने ।
महाश्रमणको दश धर्मलाई, श्रद्धाचरणबाट वन्दना ॥

शीलाचरणले शरणमा आएं
धर्मका गुण संझि रहें ।
धर्मका अतुल्य शक्ति प्रभावले
सम्पूर्ण प्राणी सुखी रहून् ॥

## संघ गुण

बुद्ध पूजाको क्रममा संघ वन्दना गर्दा वर्णन गरिने संघको निम्न प्रशस्तिले भगवान् बुद्धका श्रावक संघका गुण तथा विशेषताहरूको सार संक्षेप प्रस्तुत गर्दछ ।

**"सुपटिपन्नो भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठ पुरिस्स पुग्गला, एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जली करणीयो, अनुत्तरं पुञ्जक्खेत्तं, "लोकस्सा" ति ।"**

अर्थ

*"सुप्रतिपन्न छन् भगवान् बुद्धका श्रावक संघहरू । ऋजुप्रतिपन्न छन् भगवान् बुद्धका श्रावक संघहरू । न्याय प्रतिपन्न छन् भगवान् बुद्धका श्रावक संघहरू । सामीचि प्रतिपन्न छन् भगवान् बुद्धका श्रावक संघहरू । मार्ग चार र फल चारका हिसावले जम्मा चार जोडा वा व्यक्तिका हिसावले आठ उत्तम पुद्गलहरूले युक्त संघहरू, यिनै हुन् भगवान् बुद्धका श्रावक संघहरू । बुद्धका यी श्रावक संघहरू, आव्हान गर्न योग्य छन् । अतिथिका रूपबाट सत्कार गर्न योग्य छन् । दान दक्षिणा दिन योग्य छन्, दशाञ्जली जोडी नमस्कार गर्न योग्य छन् र लोकहरूका लागि निर्वाणसम्मको कामना गरी पुण्य बीज रोप्न हुने अनुपम पुण्य क्षेत्र हुन् ।"*



Downloaded from http://dhamma.digital

संघ वन्दना वाक्यबाट भगवान् बुद्धका श्रावक संघका निम्न गुणहरू तथा विशेषताहरूको वर्णन गरिएको पाइन्छ ।

यथा:–

१. बुद्धोपदेश अनुसार नै राम्ररी आचरण गर्ने भगवान्का श्रावक संघ सुप्रतिपन्न हुन्छन् ।

२. बुद्धोपदेश अनुकूल मध्यम प्रतिपदलाई सर्वदा सीधा आचरणमा ल्याउने भगवान्का श्रावक संघ ऋजु प्रतिपन्न हुन्छन् ।

३. तथागतको शिक्षा अनुसार निर्वाणको पक्ष लिई सदाचरण गर्ने भगवान्का श्रावक संघ न्याय प्रतिपन्न हुन्छन् ।

४. शास्ताको देशना अनुरूप आदर गौरव योग्य रहने गरी राम्ररी आचरण गर्ने भगवान्का श्रावक संघलाई सामीचि प्रतिपन्न भनिन्छ ।

५. भगवान् बुद्धका श्रावक संघमा आर्य मार्ग चार र मार्ग फल चारका हिसावले आठ जोडा वा व्यक्तिका हिसावले आठ जना मार्ग र फल लाभ गर्ने महोत्तम पुरुषहरू, पुद्‌गलहरू रहन्छन्।

६. भगवान्का श्रावक संघहरू पुण्य सम्पादन गर्ने उद्देश्यले आ-आफ्ना घरमा बोलाउन सर्वथा लायक हुंदा आहुनेय्यो गुणबाट युक्त हुन्छन् ।

७. भगवान्का श्रावक संघहरू अतिथिका रूपबाट स्वागत सत्कार गर्न योग्य हुंदा पाहुनेय्यो गुणबाट युक्त मानिन्छ ।

८. निर्वाणसम्मको कामना गरी दान दक्षिणा अर्पण गर्न योग्य हुंदा भगवान् वुद्धका श्रावक संघहरू दक्खिनेय्यो छन् ।

९. शील, समाधि र प्रज्ञाद्वारा सुशोभित भगवान्का श्रावक संघहरू दशाञ्जली जोडी पूजा अर्चना गर्न योग्य हुंदा अञ्जली करणीय्यो हुन् ।

१०. सुगति, स्वर्ग र निर्वाणसम्मको कामना गरी पुण्य रूपी बीज छर्न सकिने अनुपम पुण्य खेत हुन् भगवान्का श्रावक संघहरू।



Downloaded from http://dhamma.digital

**श्रावक संघका गुणको सविस्तार वर्णन**

**सुपटिपन्नो भगवतो सावक संघो = सुप्रतिपन्न भगवान्का श्रावक संघहरू**

दु:खमय संसाररूपी भवचक्रलाई समूल उच्छेद गरी जन्म मृत्युको आवागमन प्रणालीबाट सदाको लागि मुक्त हुन सकिने निर्वाणसम्म पुग्न सत्वहरूले जान्नु, बुझ्नु र पालन गर्नु पर्ने सूत्र, विनय र धर्मको उपदेश भगवान् बुद्धले गर्नु भएको छ । सोही अनुसार राम्ररी व्यवहारमा पनि आचरण गर्ने हुंदा भगवान् बुद्धका श्रावक संघहरू सुप्रतिपन्न गुण, लक्षण र स्वभावबाट सम्प्रयुक्त छन्।

**उजुपटिपन्नो भगवतो सावक संघो = ऋजुप्रतिपन्न भगवान्का श्रावक संघहरू**

भोग विलासको जीवन र शरीरलाई अत्यन्त कष्ट पीडा दिइने जीवन पद्धति जस्ता दुइटै "अति" मार्गलाई परित्याग गरी शान्तिदायक, संयमित, संवर युक्त र इच्छित लोकोत्तर मार्ग र फल दायक महोत्तम मध्यम मार्गलाई आचरण गर्नु पर्ने भगवान् बुद्धको सदुपदेश अनुसार नै एक चित्तले तृष्णालाई क्षय गर्ने हेतुले सीधा आचरण गर्ने हुंदा भगवान्का श्रावक संघहरू ऋजुप्रतिपन्न गुणबाट सुसम्पन्न छन् ।

**ञायपटिपन्नो भगवतो सावक संघो = न्यायप्रतिपन्न भगवान्का श्रावक संघहरू**

बुद्धका श्रावक शिष्यहरूले जन्म र मृत्युबाट सर्वथा पर रहेको सम्पूर्ण संस्कार जति निशेष रूपबाट निरूद्ध रहेको जीवनको सर्वान्तिम लक्ष निर्वाणलाई नै प्राप्त गर्नु नै भिक्षु जीवनको एक मात्र उद्देश्य हो भन्ने अवधारणा लिई निर्वाणकै पक्षपाती भई निर्वाणकै साधनाका लागि निर्वाणकै लक्ष प्राप्ति गर्न बुद्धोपदेशानुसार अभ्यास र आचरण गर्नु हुने भएकाले भगवान्का श्रावक संघलाई न्याय प्रतिपन्न कहिन्छ ।

Downloaded from http://dhamma.digital

**सामीचिपटिपन्नो भगवतो सावक संघो = सामीचिप्रतिपन्न भगवान्का श्रावक संघहरू**

संसार रूपी भवचक्रमा आबद्ध गर्दै लाने सांसारिक लाभ हानी, यश, अपयश, निन्दा प्रशंसा,सुख, दुःख जस्ता अष्टलोक धर्ममा फंसिएला भन्ने डरले गृह जंजालको भयबाट टाढा टाढा रहन खोज्दै शील, समाधि र प्रज्ञाको सही अभ्यास र विशुद्ध आचरण गरीकन लोकजनबाट आदर सत्कार योग्य रहने गरी बुद्धका श्रावक संघहरूले परिशुद्ध आचरण गर्ने भएकोले भगवान्का श्रावक संघहरू सामीचि प्रतिपन्न गुण र विशेषताबाट सुशोभित भनिन्छ ।

**यदिदं चत्तारि पुरिस्स युगानी अट्ठ पुरिस्स पुग्गला एस भगवतो सावक संघो = जोडाको हिसावले चार, व्यक्तिका हिसावले आठ प्रकारका व्यक्तिहरूले भरिएका पुद्गलहरूको भगवान्का श्रावक संघहरू**

बुद्ध शासनमा शील, समाधि र प्रज्ञाको अनुत्तर आर्य अष्टाङ्गिक मार्गको सही अभ्यास र परिशुद्ध आचरण गरी लाभ गर्न सकिने लोकोत्तर मार्ग ४ र फल ४ यथा - श्रोतापत्ति मार्ग र श्रोतापत्ति फल, सकृदागामी मार्ग र सकृदागामी फल, अनागामी मार्ग र अनागामी फल, तथा अरहन्त मार्ग र अरहन्त फल गरी चार चार जोडा मार्ग र फलहरू विद्यमान रहेकोले ती ४ लोकोत्तर मार्गमा आरूढ बुद्धका भिक्षुहरू र ४ लोकोत्तर फल लाभ गरिसकेका भिक्षुहरूका हिसावले चार चार जोडा अशैक्ष्य श्रावकहरू र एक एक पुद्गलका हिसावले गणना गर्दा ती ४ वटा मार्ग र ४ वटा फल लाभ गरेका आठ किसिमका अशैक्ष्य भिक्षुहरू भगवान्को श्रावक संघहरूमा विद्यमान रहने भएकोले बुद्धको श्रावक संघलाई अट्ठारिय पुग्गल महासंघ (आठ प्रकारका मार्ग र फललाभी पुद्गलहरूको महासंघ) भनी वर्णन गरिएको छ ।



Downloaded from http://dhamma.digital

**आहुनेय्यो भगवतो सावक संघो = आव्हान योग्य भगवान्का श्रावक संघहरू**

बुद्ध धर्मका अनुसार जीवनको अन्तिम लक्ष कै कामना गर्दै दान पुण्य कार्य गर्न निमन्त्रणा गर्न सकिने भगवान्का श्रावक संघहरू आहुनेय्यो आव्हान योग्य छन् ।

**पाहुनेय्यो भगवतो सावक संघो = आतिथ्य योग्य भगवान्का श्रावक संघहरू**

जीवनको सर्वान्तिम लक्ष हासिल गर्ने विशुद्ध चाहनाले अतिथिको रूपमा घर घरमा स्वागत सत्कार गर्न बुद्धका श्रावक संघहरू उपयुक्त हुने भएकोले भगवान्का श्रावक संघहरू "पाहुनेय्यो" पाहुना योग्य गुणबाट सम्पूर्ण छन् ।

**दक्खिनेय्यो भगवतो सावक संघो = दान दिन योग्य भगवान्का श्रावक संघहरू**

निर्वाण लाभकै हेतु होस् भन्ने परिशुद्ध कामना लिई सांसारिक लोकजनले गरेका दान प्रदानलाई पनि ग्रहण गर्न योग्य रहेका भगवान्का श्रावक संघहरूलाई "दक्खिनेय्यो" लक्षणका धनी मानिन्छ।

**अञ्जली करणीय भगवतो सावक संघो = दशाञ्जली जोडी नमस्कार गर्न योग्य भगवान्का श्रावक संघहरू**

बुद्धका श्रावक संघहरू उत्तम मार्ग र फल प्रदान हुने अभिलाषाले लोकजनले दश औंला जोडी पूजा अर्चना वन्दना गर्न योग्य रहनाले "अञ्जली करणीय" भनिन्छ ।

**अनुत्तरं पुञ्ञक्खेत्त लोकस्स भगवतो सावक संघो = लोकहरूका लागि अनुत्तर अनुपम पुण्य क्षेत्र रहेका भगवान्का श्रावक संघहरू**

भगवान्का यी श्रावक संघहरू ब्रम्हा, देव र मनुष्य समेत तीनै लोकका सत्वहरूका लागि जन्म मरणको आदि अन्त्य रहित



Downloaded from http://dhamma.digital

भवचक्रबाट पर रहेको सदाको लागि शान्ति, परमशान्ति, परम सुख प्राप्त हुने निर्वाणसम्मको पनि फल प्राप्त गर्ने पावन लक्ष्य लिई पुण्यको बीजारोपण गर्न सकिने अतुलनीय अनुपम उत्तम खेत समान भएकोले अनुत्तर पुण्य क्षेत्र भनिन्छ ।

## निर्वाणका पथ प्रदर्शक अष्ट महोत्तम पुद्‌गलबाट युक्त संघको अर्थ सहित संघ वन्दना

बुद्धले जसरी धर्मका उपदेश
गर्नु भाथ्यो यस जगतलाई ।
आचरण त्यस्तै श्रावक संघले
गर्नु भा'छ निरन्तरै ।
सुप्रतिपन्न हे श्रावक संघ! शाष्टाङ्ग मेरो वन्दना ॥

भोग विलास र देहलाई पीडा
अति दुइटैलाई गरी वर्जित ।
अति महोत्तम मध्यम मार्गलाई
आचरण विशुद्ध गर्नु भाछ ।
ऋजुप्रतिपन्न हे श्रावक संघ ! सादर गौरव वन्दना ॥

तथागतकै अनुशासन सरि
निर्वाण केवल लक्ष्य साधी ।
निर्वाण कै मात्र हेतु गरी
अभ्यास कार्यमा संलग्न यिनी ।
न्यायप्रतिपन्न हे श्रावक संघ! श्रद्धा विनीतले वन्दना ॥

अष्ट लोक धर्म स्पर्श भयले
गृह जंजालबाट मुक्त रही ।
आदर सत्कार योग्य हुने गरी
केवल आचरणमा रत यिनी ।
सामीचिप्रतिपन्न हे संघ ! सविनय मेरो वन्दना ॥



Downloaded from http://dhamma.digital

मार्ग चार र फल चार
जोडा चार वा आठ पुद्‌गलले ।
भगवान् बुद्धका श्रावक संघ
छन् है अत्यन्त सुशोभित ।
आव्हान योग्य श्रावकहरूका प्रणित संघलाई वन्दना ॥

अतिथि रूपले सत्कार गरी
श्रद्धा दानका योग्य जो छन् ।
दुवै हात जोडी विन्ति गरी
पूजा योग्य जो पात्र हुन् ।
सुगत संघ हे महानुभाव हो! नवांग गुणलाई वन्दना ॥

सुख ऐश्वर्य, र वैभव होइन,
स्वर्ग र निर्वाण कै कामना गरी ।
पुण्य अनुत्तर रोप्नका लागि
उत्तम खेत छन् श्रेष्ठ सरि ।
अनुत्तर हे पुण्य क्षेत्र ! जिन संघलाई वन्दना ॥

शीलमा रही शरणमा आएं
संघका गुण सम्भिरहें ।
संघका शीतल तेजानुभावले
लोकजन सबै सुखी रहुन् ॥

भगवान् बुद्धको धर्म सार्वजनिक पुस्तकालयमा रहेको सर्वसुलभ पुस्तक जस्तो, खुला प्रदर्शनीमा राखिएको यन्त्र जस्तो, सार्वजनिक स्थलमा खुला प्रयोगका लागि राखिएका औजार जस्तो, इच्छा हुने जो सुकै पनि जान, बस्न र घुम्न सकिने सार्वजनिक भवन, उद्यान र ताल जस्तो, सबै नदीहरूको अन्तिम अवसानको रूपमा सागर महासागर जस्तो इच्छा हुने मुमुक्षुहरू जुनसुकैले जाँच र परीक्षण, चिन्तन र मनन, आचरण र अभ्यास गरी स्वयं आफ्नै प्रत्यक्ष अनुभव र निष्पक्ष ज्ञान र विवेकको आधारमा मात्र ग्रहण र स्वीकार गर्न सकिने कुनै प्रकारको कसैको डर, त्रास, भय, आशा र आदेश, निर्देशनको वाध्यता र विवशता वेगर पुर्वाग्रह रहित भएर खुला रूपमा स्वतन्त्र पूर्वक स्वेच्छाले आफ्नै वलले, बुद्धिले, बर्कतले जानी बुभी धारण, पालन र अनुशरण गर्न सकिने



Downloaded from http://dhamma.digital

खुला, प्रकट, सार्थक, फलदायक उत्तम धर्म रहेछन् भन्ने कुरो त्रिरत्नको गुणानिशंसको उपर्युक्त विवरणबाट प्रष्ट झल्किएका छन्। आधुनिक विज्ञान शास्त्र सदृश बुद्ध धर्म पनि सबैका लागि खुला, सबैका लागि सुलभ र सबैका लागि परीक्षण योग्य छ । हो, जस्तो सामान्य शिक्षाको व्यक्तिको लागि जटील हिसावले भरिएका गणितका पुस्तकहरू, सामान्य ज्ञानका व्यक्तिका लागि गम्भीरातिगम्भीर सूचनाले भरपूर अत्याधुनिक परमाणु शास्त्रका भौतिक शास्त्रहरू, रसायन शास्त्रहरू र अन्तरीक्ष विज्ञानहरू, सामान्य छन्दका व्यक्तिहरूका लागि सूक्ष्मातिसूक्ष्म सूचनाले भरिएका विज्ञान, जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ्ग र आणविक जैविकी विज्ञान र जिनोमशास्त्रका शास्त्रहरू, सामान्य ज्ञानका व्यक्तिहरूका लागि अत्याधुनिक दूरदर्शन, दूरसम्प्रेषण, दूरसंचारका सूचना र सेवा प्रवाह गर्ने यन्त्रहरू, माइक्रोचीप्सहरू र कम्प्यूटरहरूका संरचनाका पुस्तकहरू खुला, प्रकट र पहुंच योग्य रहे पनि बिना समुचित शिक्षा, ज्ञान र क्षमता आर्जन बेगर जान्न बुझ्न कठीन हुन्छन्, त्यसरी नै गम्भीरातिगम्भीर सूक्ष्मातिसूक्ष्म ज्ञान, सूचना र प्रज्ञाबाट युक्त बुद्ध धर्म र दर्शन पनि उपयुक्त प्रज्ञा ज्ञान, अनुशासन र अधिष्ठानको बलले चाहिंदो अभिरूची, उत्साह र स्मृतिको उपयुक्त स्तर विकास नभएसम्म सामान्य लौकिकजनका लागि दुर्ज्ञेय, दुर्बोधगम्य र दुष्कर देखिन सक्नु भने भिन्नै कुरो हो । यसको लागि बुद्ध धर्मलाई सही रूपमा पूर्वाग्रह बेगर स्वयं आचरण र अभ्यास गरी हेर्ने, बुझ्ने र जान्ने धैर्य, संयम, लगन र उत्साहको महत्व हुन्छ । आर्य संकल्प र आर्य अधिष्ठानको विकासको खांचो हुन्छ । समुचित विवेक युक्त श्रद्धा र शीलाचरणको अपेक्षा हुन्छ ।

❀❀❀



Downloaded from http://dhamma.digital

परिच्छेद - ४

# विज्ञान र प्रविधिको युगमा युवापिंढीको मनस्थिति र धर्मको उपयोग

## एक्काइसौं शताब्दीको आजको युग र युवापिंढीको मनस्थिति

विज्ञान र प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासको परिणाम स्वरुप दिनानुदिन उन्नतिको शिखरमा पुग्न थालेको आजको भौतिकवादी मानव सभ्यताको विकास र विस्तारले संसारभरिकै मानवको सोचाइ र चिन्तन, धारणा र दृष्टि, इच्छा र आकांक्षामा ठूलो परिवर्तन ल्याइदिएको परिणाम स्वरुप आजका मानिसको सामाजिक, आर्थिक, नैतिक, सांस्कृतिक र धार्मिक मूल्य र मान्यताहरू, आग्रह र आकर्षण, प्रवृत्ति र प्राथमिकतामा पनि समयको प्रवाहका साथ साथै परिवर्तन हुन थालेका प्रत्यक्ष लक्षणहरू सर्वत्र देखापर्न थालेका छन् । आजको युग विज्ञान र प्रविधिको युग सिद्ध भइरहेको छ । वैज्ञानिक चिन्तन, वैज्ञानिक खोज, नयाँ नयाँ प्रविधिको खोज र आविष्कार र अन्य वैज्ञानिक सोचाइ र प्रविधिको चमत्कारकै युग प्रतीत हुन्छ । विज्ञान र प्रविधिको अभूतपूर्व विकासको उर्लंदो लहरले आजका मानव ज्ञान र सूचनाको राशीमा निरन्तर बृद्धि र विविधीकरण ल्याइदिएकोले मानव सोचाइको दिशा र परिधिमा नै विविध परिवर्तन ल्याइरहेको देखिन्छ । मानव सभ्यताको इतिहासमा प्रारम्भमा सयौं/हजारौं बर्ष लगाई हुने गरेका परिवर्तन औद्योगिक क्रान्तिको लहर पश्चात् पांच सात दशकमै हुने प्रवृत्ति देखिएको थियो भने बीसौं शताब्दीको उत्तरार्द्धकालपछि विज्ञान र प्रविधिको क्षेत्रमा देखिन थालेको चौतर्फी विकासको द्रुततर गतिको कारणले गर्दा त विगतका शताब्दीहरू- सम्ममा पनि सय/पचास बर्ष लगाई हुने गरेका परिवर्तन र प्रगति



Downloaded from http://dhamma.digital

निमित्त अब मुश्किलले दश बीस बर्षभन्दा बढी समय नलाग्ने स्थिति देखिन थालेको छ । नित्य नयाँ नयाँ वैज्ञानिक आविष्कारहरू र नयाँ नयाँ प्रविधिका सुधारहरूले गर्दा बर्षैपिच्छे नयाँ नयाँ समुन्नत, अझ विकसित, अझ अत्याधुनिक उत्पादनका साधनहरू, उपभोगका सामग्रीहरू, सूचना र सञ्चारका माध्यमहरू, मानव श्रमका सहायक साधनहरू र वैकल्पिक यन्त्र तथा औजारहरूको उत्पादन हुन थाली नयाँ नयाँ सामानका लागि बजार सिर्जना गर्न अनेक किसिमका व्यावसायिक प्रचार र प्रसार गर्ने होडबाजी नै बजारमा चल्न थालेको छ । मानिसको उर्जाको खाँचो टार्न आज जल, वायु र सौर्य उर्जा मात्र होइन आणविक उर्जाको समेत बढ्दो उपयोग र प्रयोग भइरहेको छ । हिजोसम्म मानिसको मस्तिष्कको लागि गाह्रो साह्रो मानिएका कामका निमित्त आज एकपछि अर्को शक्तिशाली माइक्रोचिप्स्को प्रयोगका साथ नयाँ नयाँ पुस्ता (Generation) का बहुउपयोगी कम्प्यूटरहरूको व्यापक प्रयोग हुन थालेको छ भने मानिसलाई पनि गाह्रो पर्ने कामको निमित्त आज एकसेएक अत्याधुनिक र विकसित मानव यन्त्र (रोवोट) हरूको बढ्दो मात्रामा प्रयोग हुन थालेको छ । आज मानिसको घरको आगो लाग्नासाथ तुरुन्त फैलन नपाउदै आगो लागेको ठाउँ नै पत्ता लगाई आगो निभाउने अग्नि रोवोटको निर्माण भइरहेको छ । जीवविज्ञान र औषध विज्ञानको क्षेत्रमा नयाँ नयाँ प्रयोग र प्रभाव देखिंदैछ । सूचना र प्रविधिको क्षेत्रमा देखिएको क्रान्तिले आजको मानिसलाई जहाँवाट पनि जहिले पनि, जुनसुकै संसारका कुनाकाप्चामा बस्ने आफ्ना मानिसहरूसंग सञ्चार सम्पर्क कायम राख्न मोवाइल टेलिफोन, टेलेक्स, टेलेफ्याक्स, इन्टरनेट र ई-मेल जस्ता अनेकौं दूरसञ्चारका साधनहरू उपलब्ध छन् भने टेलिभिजनको बढ्दो च्यानलहरू र इन्टरनेट सर्फिंगका बढ्दो क्षेत्रहरूले आजका मानवलाई जहाँबाट, जहिले पनि, जेसुकै चाहिएका सूचनाहरू र दृष्यहरू सजिलै उपयोग गर्न सक्ने वनाइदिएको छ । आज पुरातात्विक महत्वका अमूल्य ग्रन्थहरू र कलाहरूलाई माइक्रो फिल्ममा भण्डारण गरिंदैछ भने मानव ज्ञानको भण्डारका रुपमा रहेका ठूला ठूला कितावहरूलाई आज ससाना डिस्केटमा थन्क्याई सुरक्षित राख्ने समय आउंदैछ । हिजोसम्म मानिसहरू रेडियो ट्रान्जिष्टरहरू वोकेर हिंड्थे भने आज टेलिभिजन र कम्प्युटरहरू गोजीमा लिएर हिंड्ने समय आएको छ । आजका मानिसलाई



Downloaded from http://dhamma.digital

आफ्ना दैनिक उपभोगका आवश्यकताका बस्तुका लागि घर बाहिर बजार जानु पर्दैन । केवल इन्टरनेट, टेलिफोन र टेलिभिजनको सहयोगले "टेलेशपिंग" बाट आफूलाई मन पर्ने सामान छानी खरीद गर्न सक्ने सुविधाले सम्पन्न छ ।

आज व्यापारीहरूले एक देशबाट अर्को देशमा सामान आयात निर्यात गर्दा समेत ई-कमर्शको सहयोग लिन थालेका छन् भने सरकारी प्रशासनको सञ्चालन समेत "ई-गभर्नान्स" बाट हुने अवस्था छ । आज बर्षैपिच्छे, हरेक मौसमैपिच्छे मानिसको पहिरन फेर्न फेशनको होडबाजी नै चलेको छ । उद्योगपतिहरू र उत्पादकहरू, व्यापारी र व्यवसायीहरू, कलाकार र कालिगढहरू सबै नित्य आ-आफ्ना नयाँ नयाँ आविष्कारहरू, नयाँ नयाँ सुधारका यन्त्र र औजारहरू, बस्तु र सामानहरू, कृति र रचनाहरू, सिर्जना र साधनहरूको बजार गर्न नूतन मोडेलहरू र डिजाइनहरू निकाल्न व्यस्त छन् । विज्ञापन सेवाहरूको बढ्दो विकासबाट आज नित्य नयाँ नयाँ बस्तुहरूको बजार सिर्जना गरिंदैछ, नयाँ नयाँ आस्वाद, नयाँ नयाँ चाहनाहरूको सिर्जना गरिंदैछ । आज मानिसको आवश्यकता अनुसार सामान बनाउने होइन, उत्पादित सामान अनुसार मानिसको आवश्यकता सिर्जना गर्ने समय आइरहेको छ । हिजोको सामान आज बेचल्तीको पुरानो बन्छ । हिजोको पहिरन आज पुरानो निकम्मा बनाइन्छ । जताततै लाभ र हानीको दौड छ, अस्तित्व र प्रगतिको लागि प्रतिस्पर्धा छ । एकले अर्कोलाई उछिन्ने रहर छ, जोड छ । इच्छा र आकांक्षा बढ्दो छ । जीवनशैली दिनानुदिन जटील बन्दैछ । सूचनाहरूको प्रवाहले संसार व्याप्त छ । सामानहरूको विविधताले बजार चकाचक छन् । मानिसहरूको भौतिक चाहना र आवश्यकताहरू बढ्दा छन्, बढाउँदै लगिराख्या छन् । त्यसैले सर्वत्र धनकै खोजी छ, धनकै खांचो छ । धनकै प्राप्तिको लागि मानिस लाग्यालाग्यै छन् । धनकै सुरक्षाको लागि मानिसलाई शक्ति चाहिएको छ । धनकै स्वार्थको लागि एक व्यक्तिले अर्को व्यक्तिमाथि, एक वर्गले अर्को वर्गमाथि, एक देशले अर्को देशमाथि, एक समूहले अर्को समूहमाथि आ-आफ्नो इच्छा र चाहना, प्रभुत्व र प्रभाव, बल र सामर्थ्यलाई लाद्दैछ, लाद्न खोज्दैछ । संकीर्णता र स्वार्थकै कारण आजको वैज्ञानिक युगमा पनि सम्पन्नता र अभावको, हुने र नहुनेको, विकसित र



Downloaded from http://dhamma.digital

अविकसितको दूरी बढ्दो छ, खाडल गहिरिंदो छ । विज्ञान र प्रविधिले मानव जातिको सम्पन्नताको, सुविधाको, आराम र सुखका साधनहरूको अभूतपूर्व विकास गरे पनि, यसले अनन्त उपलब्धिका सम्भाव्यताहरूको ढोका उघारेर देखाउन थाले पनि आजको संसारमा ज्ञान र प्रविधिको, सम्पत्ति र साधनको असमान वितरण र व्यक्तिगत/क्षेत्रगत केन्द्रीकरणले असमान र अस्वस्थकर प्रतिस्पर्धाको वातावरण सिर्जना हुँदै गरेकोले गरीवका लागि ती सबै उपलव्ध साधनको सुलभता हुन सकेका छैनन्। आज विज्ञान र प्रविधिको द्रुततर विकासले ल्याएको आजको समुन्नत भौतिकवादी मानव सभ्यताले सुख, सम्पन्नता र समृद्धि मात्र होइन अशान्तिको, लोभको र द्वेषको अथाह भण्डारको सिर्जना पनि गरेबाट आज मानव समाज, मानव सभ्यता, मानव सोचाइ र स्वयं मानिसको जीवन जटील, झन् झन् जटील बन्दै गइरहेको छ ।

आधुनिक शिक्षाको व्यापक प्रचार र प्रसारले आज संसारको कुनाकाप्चासम्म पनि पश्चिमी समाज र सभ्यताको हावा, आचार र विचारको प्रभाव बढ्दो छ । विज्ञान र प्रविधिको चमत्कारपूर्ण विकासको युगमा जन्मेका, हुर्केका र बढेका विश्वभरिकै शिक्षित जनसमुदाय र अझ खासगरीकन आजका शिक्षित युवा पिंढीका हरेक सोचाइमा, व्यवहारमा र हरेक कामकार्वाहीमा पूर्वस्थापित परम्परागत मूल्य र मान्यताहरूलाई सन्देहको दृष्टिले हेरी सम्भव भएसम्म वैज्ञानिक दृष्टिकोण, वैज्ञानिक पद्धतिको सोचाइ, वैज्ञानिक विश्लेषण र विवेचनाकै बढ्दो मात्रामा प्रयोग र परिपालना गर्ने चाहना, आकर्षण र प्रवृत्ति हुनु आजको युगधर्मकै स्वभाव र प्रभाव मान्नु उचित हुन्छ । तसर्थ आजका पश्चिमी शिक्षा र सभ्यताबाट प्रभावित बुद्धिजीवीवर्गमा धर्म र दर्शनको क्षेत्रमा पनि रूढीवादी मत र दृष्टि, अन्ध श्रद्धा र निष्ठाको भरमा होइन अपितु तर्क र विवेक, न्याय र औचित्य, प्रमाण र उदाहरणको आधारमा हरेक विषयलाई स्वतन्त्रतापूर्वक पूर्वाग्रहरहित ढंगले वैज्ञानिक रूपमा अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षण, अनुभव र अभ्यास गरेर हेरी जांची बुझी मात्र कुनै पनि धार्मिक कुरा र दार्शनिक मान्यतालाई स्वीकार्ने र ग्रहण गर्ने, अनुशरण र अवलम्वन गर्ने नयाँ प्रवृत्ति र उत्कण्ठाले उत्तरोत्तर रूपमा बढी प्रोत्साहन र प्राथमिकता पाउन थालेको प्रतीत हुन्छ ।



Downloaded from http://dhamma.digital

## भौतिकवादी युगको विसंगति र विकृति

वैज्ञानिक खोज र अनुसन्धान, विज्ञान र प्रविधिको उत्तरोत्तर विकास र प्रगति, स्वतन्त्र चिन्तन र मननको आजको युगले मानव सोचाइको परिधि, क्षेत्र र विषयलाई एकातिर निकै नै विस्तारित तुल्याइदिएको छ भने अर्कोतिर यसै युगले सामान्य मानिससम्मको दैनिक व्यवहारिक जीवनमा व्यक्तिवादी दृष्टिकोण, निजी स्वार्थको प्राधान्यता र केवल भौतिकवादी सभ्यताको मूल्य र मान्यतालाई बढी प्रोत्साहन र प्रश्रय दिएको पनि देखिंदा सर्वसाधारण जनतासम्ममा सामाजिक वा सामुदायिक हितको तुलनामा आफ्नै निजी व्यक्तिगत स्वार्थ र हितलाई मात्र सर्वोपरि मान्ने, भविष्यको सन्ततिको समस्यालाई विल्कुल बेवास्ता गरी आफ्नै वर्तमान जीवनको सुख, सुविधा र समृद्धिको लागि प्राकृतिक श्रोत र साधनको अत्यधिक उपयोग र विनाशकारी उपयोगसम्म पनि गर्ने र भौतिक सम्पदाको भोगलाई नै जीवनको अन्तिम उद्देश्य र मानव सभ्यताको सार मान्ने प्रवृत्तिलाई प्रोत्साहित तुल्याएको पाइन्छ। बढ्दो जनसंख्याको अतिक्रमणका कारण संसारभरि नै वन जंगलको बढ्दो विनाश भई जल, स्थल र वायु समेत प्रदूषित हुन पुगेका छन् भने बढ्दो वातावरणीय असन्तुलनको कारण आज उर्वरा भूमि बढ्दो रूपमा मरूभूमिमा परिणत हुदैछ । बाढी, पहिरो, भूक्षय, अतिवृष्टि र अनावृष्टि जस्ता अनेक दैवीप्रकोपको बढ्दो परिमाणले आज प्रलयकारी रूप लिन थालेकोले यत्र तत्र राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा शरणार्थी समस्याले विकराल रूप धारण गर्दैछ भने वातावरणीय ह्रास र असन्तुलनले गर्दा नै प्रलयकारी भूकम्पको मात्रा बढ्दो रुपमा देखिन थालेको प्रतीत हुन्छ ।

रासायनिक मलखाद र कृत्रिम कीटनाशक औषधिको व्यापक उपयोगबाट सनातनकालदेखिका उर्वरा भूमि पनि क्रमश: बढ्दो मात्रामा बञ्जर बन्दैछ । जैविक विविधतामा ह्रास आइरहेको छ । प्राकृतिक सन्तुलन खल्बलिंदो छ । जीव, वनस्पति र मानवहरू समेत अनेक ज्ञात/अज्ञात रोग र कीटाणुका शिकार भइरहेका छन्। एउटा परम्परागत रोगको पूर्ण निदान भइनसक्तै अर्को जटील रोगको संक्रमण शुरु हुन थालेको छ । विश्वभरिमा बढ्दो उपभोक्तामूलक जीवनशैलीको परिणाम स्वरुप पृथ्वीको अन्य प्राकृतिक सम्पदाको साथै खनीज पदार्थको भण्डार पनि अत्यधिक



Downloaded from http://dhamma.digital

शोषणका कारण रित्तिदै जाने खतरा बढ्दो छ । प्राकृतिक रूपमा स्वस्थकर वायु, स्वस्थकर पिउने पानी र स्वस्थकर बासको समेतको बढ्दो अभावले मानव समाज संकटग्रस्त बन्दैछ । मानिसको भौतिक सुख, सुविधा र भोग विलासको बढोत्तरीका लागि विश्वभरि नै उत्पादन भएका हरितगृहका कारक ग्यासहरू– कार्वन डाइअक्साइड, मिथेन, नाइट्रोजन अक्साइडहरू, क्लोरोफ्लोरोकार्वन जस्ता वातावरण-लाई हानी पुऱ्याउने ग्यासहरूको व्यापक उत्पादन, प्रचार र प्रसारका साथै विभिन्न मुलुकहरूका सरकारहरूको शक्ति सञ्चय र सम्बर्द्धनका लागि यसै विज्ञानको सहयोगले उत्पादन, प्रचार र प्रसार हुन थालेका अनेक थरीका आणविक अस्त्र शस्त्रहरूको परीक्षण र अनेक थरीका आणविक क्षेप्यास्त्र, रकेट तथा यानहरूको अन्तरीक्षमा बढ्दो प्रक्षेपणले गर्दा आज पृथ्वीको वायुमण्डलीय क्षेत्रमै प्रतिकूल असर पर्न गई पृथ्वीमा आउने सूर्यको परावैजनी किरण (Ultraviolate Rays) लाई छान्ने ओजोन तहमा भएको क्षतिको कारण सम्पूर्ण पृथ्वी तातिने प्रक्रिया (Global Warming Process) पनि बढ्दै गइरहेको छ । पृथ्वी तातिने प्रक्रियाकै कारण आज समुद्रको सतह बर्षेनी बृद्धि भइरहेकोले सयौं हजारौं बर्षदेखि मानव बसोबासका केन्द्र रहिआएका माल्दीभ्स जस्ता कतिपय सुन्दर रमणीय टापुहरू निकट भविष्यमा नै पूर्णत: डुवानमा पर्न जाने आशंका, भय र त्रास बढ्दो छ । अन्तरीक्षको अनुसन्धानको नाउँमा चन्द्र र मंगल ग्रहपछि अब वृहस्पति ग्रहमा पुऱ्याउने लक्ष्य राखी दुई बर्ष अघि प्रक्षेपण गरिएको दि स्यासिनी यानको प्रक्षेपण शुरू गरिएको छ । चार वर्षमा वृहस्पति ग्रहमा पुऱ्याउने लक्ष्य राखी दुई वर्ष अघि वृहस्पति ग्रहमा प्रक्षेपण गरिएको दि स्यासिनी यानको प्रक्षेपणले वृहस्पति ग्रहमा भएको वायु र दि स्यासिनीवाट पैदा हुने वायुको प्रतिक्रियापछि के कस्तो नकारात्मक ब्रम्हाण्डीय असर पार्ने हो भन्नेबारे कुनै सन्तोषजनक पूर्व वैज्ञानिक अध्ययन भएको बुझिन्न । त्यसैले यसवाट ब्रम्हाण्डमा पर्न सक्ने असरबारे कुनै आधिकारिक यकिन जानकारी छैन भने हुन्छ । हजारौं वातावरण-विद्हरू र वैज्ञानिकहरूको गत कार्तिक महीनामा (वि. सं. २०५७ साल) अर्जेन्टिनामा ओजोन तहको स्थिति र जलवायु मौसम सम्बन्धी समस्याहरू बारेमा छलफल गर्न बसेको भेलाले सामूहिक छलफल पश्चात् हाल विश्वमा बढिरहेका विभिन्न ग्यासहरू सिर्जना गर्ने साधनहरूको उत्पादन र प्रयोग हालकै तीब्रगतिमा रहिरहेमा



Downloaded from http://dhamma.digital

आगामी सन् २०५० सम्ममा भूमण्डलीय तापक्रम (ग्लोवल वार्मिङ) बृद्धिको कारण ओजोन तह ध्वस्त नै हुन सक्ने चेतावनी दिएको तथ्य एकदम विचारणीय छ ।

हुन त विज्ञान र प्रविधिले आज आएर मानवको सुख सुविधा, ऐश्वर्य, भोग विलासका लागि प्रचूर मात्रामा साधन र सम्पत्तिको उत्पादन गरेको पनि देखिन्छ । किन्तु ती साधन र सम्पत्तिको समान वितरण हुन भने सकेको देखिदैन । अभावग्रस्त क्षेत्रमा अभाव र गरिवी बढ्दो छ भने धनी भन् भन् धनी बन्दै गइरहेका छन् । निजी लाभ र व्यक्तिगत स्वार्थकै दौडमा अन्धाधुन्ध दुगुरिरहेका भौतिक मानिसहरूको सम्पत्तिको लोभ लालचको लहर र आफ्नै मात्र शक्ति सञ्चय गर्न र आफ्नै मात्र प्रभाव क्षेत्रको विस्तार गर्न कम्मर कसेर लागेका शक्ति राष्ट्रहरूका एकोहोरो प्रवृत्तिले गर्दा आज व्यक्ति व्यक्तिमा, परिवार परिवारमा, राष्ट्र राष्ट्रमा, देश विदेशबीच आपसमा अस्वस्थकर प्रतिस्पर्धा, आपसी भैभगडा, मनमुटाव, कलह, विग्रह, घात प्रतिघात र संघर्ष सर्वत्र फैलिएका छन् । एकातिर अनेकौं सुख सुविधा भोग विलासका मानव साधनहरूको विकास भइरहेको छ भने अर्कोतिर असीमित इच्छाहरूको उर्लंदो लहर र अतृप्त वासनाहरूको बढ्दो बेगको कारण सम्पत्तिले मानिसलाई सुखी बनाउनको सट्टा अशान्त बनाइरहेको छ । समाजमा धन र बैभवको बढ्दो महत्वले गर्दा धनैको अनुशरणमा सर्वसाधारण मानिसको जीवन विचलित र तनावग्रस्त वन्न पुगेको छ, जीवनशैली नै उल्भिन पुगेको छ, जीवन नै जटील बन्न पुगेको छ ।

विश्वका सबैभन्दा धनी राष्ट्रहरूको गणनामा आउने यूरोप र अमेरिकामा, भौतिक विकासको क्षेत्रमा उन्नतिको शिखरमा पुगेको दावी गर्ने पश्चिमा जगतमा युवा पिंढीलाई तरुणावस्थाको प्रारम्भदेखि नै समस्यासंग जुभ्न पर्दा शान्तिसंग प्राकृतिक तवरले निदाउन पनि नसक्ने भएर २५ प्रतिशतभन्दा बढी युवाहरू निद्राको औषधि “स्लीपिंग पिल्स” खाएर सुत्न वाध्य छन् । आज विश्वमा सम्पन्नताको बीचमा आत्महत्या गरी आफ्ना दु:खी जीवनलाई अन्त्य गर्ने प्रवृत्ति समयको साथ साथै बढ्दो छ । यस्तो प्रवृत्ति खासगरेर धनी र सम्पन्न मुलुकहरू यूरोप र अमेरिकामा नै तुलनात्मक रूपमा बढिरहेको छ ।



Downloaded from http://dhamma.digital

भौतिकवादी मानिसको हातमा विज्ञान र प्रविधिले शक्तिको अथाह भण्डारको सांचो सुम्पिदिएको हुंदा राष्ट्र राष्ट्रबीच भएको तनावको कारण शस्त्रास्त्रको होडबाजी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भए पनि बढेकै छ । संयुक्त राष्ट्र संघको पहलकदमीमा परमाणु अस्त्रको भावी परीक्षणलाई रोक्न परमाणु अस्त्र शस्त्रको प्रसार रोक्ने सन्धीलाई विश्वव्यापी बनाउन जतिसुकै प्रयास भए पनि, विश्व नि:शस्त्रीकरणको लक्ष्य हासिल गर्न जतिसुकै राष्ट्रहरूले अथक प्रयास गरिआए पनि राष्ट्र राष्ट्र बीचको आपसी मतभेदको कारण, एक आपसमा विश्वासको कमीको कारण, एक आपसको नियतमाथिको अविश्वास, सन्देह र आशंकाकै कारण सन् १९७२ मै अन्तरद्विपीय क्षेप्यास्त्र विरूद्ध (एबीएम) को सन्धीको उपस्थितिको बावजूद, अमेरिका र तत्कालीन सोभियत संघबीच सामरिक अस्त्रशस्त्र सीमा निर्धारण सन्धी (साल्ट – स्ट्राटेजिक आर्मस् लिमिटेशन एग्रिमेन्ट) को बेलाबेलाको संवाद र सहमतिको बावजूद आणविक अस्त्रशस्त्रयुक्त क्षेप्यास्त्रहरूको स्वीच बटनलाई तयारी अवस्थामा राखेर शक्ति राष्ट्रहरू बसेकै छन् । हिजो विश्वले कुनै न कुनै निहुंको आधारमा कुनै शक्ति राष्ट्रको नक्षत्र युद्धको तयारीको कुरा सुनेर स्तब्ध रहनु परेको थियो भने आज पुन: यस्तै निहुं र बहानाले राष्ट्रिय क्षेप्यास्त्र प्रतिरक्षा (एनएमडी) प्रणालीको विकास गर्ने नयाँ प्रस्तावले विश्व भावी अनिष्टको भय र आशंका लिई सजग, सतर्क र भयभीत भएर बाँच्न वाध्य छ । समय समयमा यस संसारले सभ्य जगतको कुनै पनि कुरा नमान्ने अनेकन् सन्काहा धर्मगुरुहरू, राष्ट्र प्रमुखहरू र सरकार प्रमुखहरू अफ्रिका, एशिया र मध्यपूर्वमै पनि उदय भई ती सन्काहा व्यक्तिहरूले खेलेका अनिष्टकारी भूमिकाको लीला देखी सन्त्रस्त रहन परिसकेका कैयन् उदाहरणहरू नदेखेको होइन। राष्ट्रिय र अन्तरराष्ट्रिय आतङ्कवाद आज विश्व सभ्यता र मानव समाजकै लागि समस्या वन्दै गइरहेको छ । अफगानिस्तानको बामियान प्रान्तमा रहेका शान्तिका अग्रदूत भगवान् बुद्धका प्राचीन कलात्मक बुद्ध मूर्तिहरूलाई (जुन मानव सांस्कृतिक सम्पदाकै अमूल्य धरोहर हुन् ।) समेत ध्वस्त पार्ने धर्मान्ध तालिवान सरकारको विकृत बुद्धि र कार्यलाई निरीह भएर हेर्नु पर्ने अवस्था आज पनि विश्वले भोग्नै परिरहेको छ । त्यति मात्र होइन कुनै एक शक्ति सम्पन्न राष्ट्रको एक व्यक्तिको सन्काइमा आजको विश्व कुनै पनि बेला विनाशकारी



Downloaded from http://dhamma.digital

परमाणु युद्धको चपेटामा पर्न आउन सक्ने सम्भावना विद्यमान नै छ । तसर्थ आजको मानिस सदैव सम्भावित नक्षत्र युद्ध र परमाणु युद्धको भयावह परिणामको छांयामुनि संत्रस्त भई बाँच्न विवश छ । आजका बहुसंख्यक वैज्ञानिकहरू र इञ्जिनीयरहरूको खर्च सैनिक द्रव्य कोषहरूबाट व्यहोरिन्छन् र तिनीहरू यसबाट अक्सर अनभिज्ञ रही सैनिक उद्देश्य प्राप्ति निमित्त काम गरिरहेका हुन्छन् । तिनीहरू विनाशको लागि अझै महान शक्तिशाली शस्त्रास्त्रको निर्माण गर्न आ-आफ्ना सृजनात्मक शक्तिको सम्भाव्यतालाई उपयोग गरिरहेका छन् । यो र यस्तै कारणले गर्दा मानव मस्तिष्क र आचरणमा नै विविध प्रकारका विकृति उत्पत्ति भइरहेका छन् । भौतिक विकासको क्षेत्रमा उन्नतिको चुलीमा पुगेका पश्चिमा जगतमा जीवन र संसारका दु:ख, भय, तनाव र त्रासलाई विर्सनको लागि पलायनवादी जीवन व्यतीत गर्ने लहर आई अनेक प्रकारको लागू पदार्थको उपभोगको कृत्रिम उपायको अवलम्बन गरी दुर्व्यसनमा लागी पतित जीवन जिएर हिंड्ने प्रवृत्तिले युवापिंढीलाई बढ्दो मात्रामा आकर्षित गर्न थालेको देखिन्छ भने पश्चिमबाट प्रारम्भ भएको यस विषाक्त हावाले आज संसारका कुनाकाप्चाका युवावर्गलाई समेत धमाधम आफ्नो बढ्दो प्रभावमा पार्दै लानखोजेको प्रतीत हुन्छ । मानव मस्तिष्कको विकृति र मानव चित्तको विकारकै कारण आज स्वतन्त्रताको नाउँमा, स्वच्छन्दताको नाउँमा एकथरी पुरुषहरू र नारीहरूमा अप्राकृतिक जीवनशैलीको अवलम्बन गर्ने प्रचलन पश्चिमी जगतमा बढ्न थालेको छ । सन् १९८० को दशकमा प्रारम्भ भएको एड्स रोगले आज विश्वभरि नै महामारीको रूप लिने संकेत दिइरहेको छ । आज संसारमा अनेक थरीका शारीरिक रोगीको संख्या वढ्दो छ । त्योभन्दा पनि वढी आजको विश्वमा मानसिक रोगीको संख्या बढ्दो छ। तर विज्ञान र प्रविधिलाई पैसाको वलमा किन्न सक्ने भौतिकवादी वैभवशाली व्यक्तिहरूले आज रोगीमाथि करुणाको दृष्टिले भन्दा धन आर्जन गर्ने अचूक अवसरको दृष्टिले अनेक औषधिको आविष्कार गर्दै छन् । अनेक औषधिको आविष्कार गर्ने अनुसन्धानमा लगानी गर्दैछन् । तसर्थ विज्ञान र प्रविधिको विकासको चरमोत्कर्षको आजको युगमा भौतिक सुख, सुविधा, ऐश्वर्य र भोगविलासका साधनहरूका प्रचूरताका बावजूद मानिसलाई, समाजलाई, राष्ट्रलाई र समग्रमा विश्वलाई नै आज शान्ति, सन्तुलन, समन्वय र समानताको खाँचो



Downloaded from http://dhamma.digital

छ । आज विश्वभरिकै बुद्धिजीवीहरूमा आत्मशान्ति, सामाजिक शान्ति र विश्व शान्तिको, विश्व भ्रातृत्वको र विश्व बन्धुत्वको अमोघ वातावरणको आज चाहना बढ्दो छ ।

बहिर्मुखी भौतिकवादी सभ्यताको विकास र व्यक्तिमुखी स्वार्थी दृष्टिकोणको अन्ध अवलम्बन र अनुशरणले मात्र मानव समुदायमा शान्ति, स्थिरता र जनकल्याण कारक प्रगतिको वातावरण र निःक्लेश, चिरस्थायी र परम सुख शान्तिको लाभ हुन सक्दोरहेन छ भन्ने ज्ञानको आभास प्राप्त गरेका एकथरी पश्चिमी जगतका बुझुकहरू, बुद्धिजीवीहरू र विद्वानहरूमा शान्ति पथको खोजीमा पूर्वीय जगतको अन्तर्मुखी आध्यात्मिक जीवन पद्धतितिर आकर्षित हुने क्रम बढ्दो छ । त्यसैले ती विद्वानहरूले पूर्वीय जगतको प्राचीन धर्म, दर्शन, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धानमा बढ्दो अभिरुची प्रदर्शन गर्दै सन्तुलित जीवनको शान्तिमय पथको खोजीमा आफ्नो समय, श्रम र साधनको रचनात्मक उपयोग गर्न बढ्दो मात्रामा उत्सुक देखिएका छन् । त्यसैले हाल विश्वभरि नै अनेक प्रकारका प्राचीन योग, ध्यान, भावनाको अभ्यासको प्रचार प्रसार बढ्दो छ । एशियाका विभिन्न देशहरूमा आयोजित भइरहेका ध्यान भावनाका केन्द्रहरूमा, समूह भावना शिविरहरूमा र विपश्यना शिविरहरूमा हाल स्थानीय साधकहरू मात्र होइनन् पश्चिमी पर्यटकहरू र साधकहरूको बढ्दो सहभागिता प्रष्टै देखिन थालेका छन् । यसबाट आधुनिक युगको भौतिकवादी विसंगतिबाट आज विश्वले आध्यात्मिक राहत खोजेको र धार्मिक समाधान खोजेको प्रतीत हुन्छ ।

रूसका वैज्ञानिकहरूले दुई करोड अमेरिकी डलर तिरी अन्तरीक्ष यान सोयुजवाट रूसकै अन्तरीक्ष यात्रीहरूसंगै सर्वप्रथम मानव पर्यटनको इतिहासमा अन्तरीक्षको पर्यटन शयर गर्न तम्सेका अमेरिकी अरवपति व्यापारी डेनिस टिटोलाई अप्रिल २८, २००१, अर्थात् २०५८ वैशाख १५ गते शनिवारका दिन अन्तरीक्षको उडानमा लिएर गएको नयाँ घटनाबाट आधुनिक विज्ञानले धनको लागि विज्ञान र प्रविधिको व्यावसायिक उपयोग गर्दै जाने प्रष्ट संकेत लिन थालेको प्रतीत हुन्छ । त्यसैले आधुनिक विज्ञानको असीमित शक्ति र साधनमाथि आध्यात्मिक विवेकको नियन्त्रणको महत्व भविष्यमा अझ वढी वढ्दै जाने संकेत दिएको प्रष्ट हुन्छ ।



Downloaded from http://dhamma.digital

## आधुनिक युगको खाँचो

भौतिकवादी सभ्यता, निजी स्वार्थ र व्यक्तिवादी दृष्टिकोणको बढ्दो प्रचारको आधुनिक युगमा अभूतपूर्व भौतिक शक्ति र साधन सम्पन्न मानव जातिलाई अब जीवनप्रतिको यथार्थ दृष्टिकोण, संसार विषयको यथार्थ र सही ज्ञान, एवम् निःक्लेश शान्ति, चिरस्थायी शान्ति, परम शान्तिको अचूक मार्गको आवश्यकताको महशूस भइरहेको छ, धार्मिक विवेक र समुन्नत एवम् सन्तुलित आध्यात्मिक दृष्टिकोण र सोको सही अभ्यासको सख्त जरूरत महशूस हुन थालेको छ । जीवनको वास्तविक उद्देश्य र मनुष्यताको सार्थक लक्ष्यको यथार्थ पहिचान र सम्यक् दिशाबोधको अत्यन्त खाँचो छ । अर्को शब्दमा भन्ने हो भने अति भौतिकवादी समाजमा जन्मन, हुर्कन, बढ्न वाध्य हुन पुगेका आजका मानवलाई र मानव समाज र सभ्यतालाई परिशुद्ध मानवीय धर्म र उदार मानववादी दर्शनको ठूलो महत्व देखापर्दछ ।

**विज्ञान र प्रविधिको विकासबाट प्रजनित निरन्तर बढ्दो ज्ञान र साधनद्वारा उत्तरोत्तर रूपमा सुसम्पन्न हुँदै जान थालेका आजको मानव सोचाइ र क्षमतालाई विवेकशील धर्म र उदार दर्शनको मार्गदर्शनद्वारा सन्तुलित मानवीय विकास र मानवताकै व्यापक हित र कल्याणमा परिचालन गर्न सक्नु पर्ने एउटा अभूतपूर्व हांक समुपस्थित छ । स्वयं आफू र अरूलाई, अतीत, प्रत्युत्पन्न र अनागत कालमा पनि सदैव सर्वत्र जय, मंगल र कल्याण हुने धार्मिक सन्मार्ग र आध्यात्मिक शान्तिको राजपथमा मानिसलाई डोऱ्याउन सक्नु परेको छ, प्रवृत्त गर्न सक्नु परेको छ ।** आजको समयको माँग यही छ, युगको आवश्यकता यही छ, मानवताका सामु प्रचण्ड हाँक पनि यही छ ।

## आशाका किरणहरूको उदय

भौतिकवादी सभ्यताको उदयले एकातिर निजी स्वार्थ र नितान्त व्यक्तिवादी दृष्टिकोणको लहर बढ्दो मात्रामा फैलिदै फिजिदै गइरहेको देखिन्छ भने स्वार्थहरूको जुडाइ र टकरारको कारण शक्तिबाट उन्मत्त रहेर समय समयमा भीषण नरसंहारकारी युद्धहरू जस्तै प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धको भयावह विनाशका



Downloaded from http://dhamma.digital

परिणाम देख्न, सुन्न, जान्न र भोग गर्न वाध्य भएका मानिसहरूमा बीसौं शताब्दीमा आएर नयाँ नयाँ चेतना जाग्रत हुन थालेबाट सामर्थ्यवानले अशक्तलाई सहयोग गर्ने, धनी मुलुकले गरीव मुलुकलाई मद्दत गर्ने, प्राकृतिक प्रकोप, दैवी प्रकोप र मानवीय संघर्षका प्रकोपका कारण आ–आफ्ना घर संसार र मुलुकबाट विस्थापित, विचलित हुन पुगेका, आपद् विपद्मा परेका संसारका जुनसुकै भागका नि:सहाय दीन दु:खी मानव समुदायलाई सद्भावना, सहिष्णुता र स्नेह देखाई मन, वचन र कर्मले अनेक प्रकारका अर्थ सहयोग, श्रम सहयोग, विचार सहयोगको रूपबाट राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा नै मद्दत, सहयोग, सहायता प्रदान गर्ने नूतन संस्कारको विकासको प्रवृत्ति पनि बढ्दो छ । विश्वशान्ति, सद्भावना, प्रेमलाई फैलाउन सहयोग गर्ने व्यक्तिहरू र संस्थाहरूलाई अनेक राष्ट्रिय एवम् अन्तरराष्ट्रिय पुरस्कारद्वारा सम्मानित गरी प्रोत्साहित गर्ने, नोबेल पुरस्कार, म्यागसेसे पुरस्कार, नेहरू पुरस्कार जस्ता राष्ट्रिय र अन्तरराष्ट्रिय, सरकारी र निजी क्षेत्रका समेत अनेक प्रकारका पुरस्कार प्रदान गर्ने संगठीत निकायहरूको लहरै चलेको छ । खासगरीकन द्वितीय विश्वयुद्धको व्यापक विनाशलीला पछि र साम्राज्यवादको क्रमिक उन्मूलनको लहर पश्चात विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई र बढी विकसित विकासोन्मुख देशहरूले अल्प विकसित मुलुकहरूलाई आर्थिक विकास र समृद्धिमा सहयोग पुऱ्याउन आ–आफ्ना देशका जनताले तिरेका कर राजस्व रकमबाट कम विकसित मुलुकलाई आर्थिक अनुदान सहयोग प्रदान गर्ने, विकसित प्रविधि र प्राविधिक ज्ञानको सहयोग पुऱ्याउने, व्यवस्थापनको शीप र दक्षता प्रदान गरी सहयोग गर्ने जस्ता एकदम नयाँ सहयोगको रचनात्मक प्रवृत्ति आधुनिक विश्वको इतिहासमा सर्वप्रथम देखिन थालेको छ । सरकारी स्तरमा द्विपक्षीय अनुदान र ऋण सहयोगका अतिरिक्त विश्व वैंक, एशियाली विकास वैंक, यूरोपीय महासंघ, अन्तरराष्ट्रिय मौद्रिक कोष, ओपेक कोष जस्ता वहुपक्षीय अनुदान र ऋण सहयोगबाट अन्तरराष्ट्रिय मद्दत पुऱ्याउने सशक्त संस्थागत निकायहरू पनि सक्रिय रहिआएका छन् । कम विकसित मुलुकहरूका विकासका लागि सहयोग गर्न संयुक्त राष्ट्र संघका विभिन्न निकायहरू सक्रिय रहे झैं आर्थिक अनुदान सहयोगका अतिरिक्त उद्योग व्यापारको विकास मार्फत अल्प विकसित र विकासोन्मुख मुलुकहरूवाट विकसित मुलुकहरूमा निर्यात



Downloaded from http://dhamma.digital

बढाउन सघाउन व्यापारिक सहुलियतहरू प्रदान गर्ने सामान्य ग्राहयता प्रणालीको प्रचलनबाट विकासोन्मुख मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउने व्यवस्था भइरहेको छ । संसारभरिमा प्राकृतिक प्रकोप वा दैवी प्रकोप पीडित दीन हीन रोगी र निःसहाय जनलाई विशुद्ध सद्भावनाको भावनाले तत्काल अत्यावश्यक सहयोग पुऱ्याउन राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका रेडक्रस, लायन्स क्लव, लियो क्लव, रोटरी क्लव जस्ता राष्ट्रिय र अंन्तरराष्ट्रिय स्वयंसेवी संस्थाहरू संगठित रूपमा संसारभरि सक्रिय हुनु आधुनिक युगको नयाँ अनुपम सकारात्मक लक्षण हो भने मानवीय वा प्राकृतिक प्रकोपको कारण आफ्ना देश, घरवार, परिवार छाडी विदेशी मुलुकहरूमा शरणार्थी जीवन व्यतीत गर्न जान विवश मानिसहरूलाई संस्थागत रूपमा नै सहयोग गर्न संयुक्त राष्ट्र संघीय शरणार्थी आयोग विश्वभरि नै सक्रिय रहनु पनि नयाँ युगको विश्व भ्रातृत्व भावको अनुपम नमूना हो भन्दा अतिशयोक्ति हुनेछैन । आज संसारभरि नै परोपकार र सेवा कार्यमा समर्पित राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संघ संस्थाहरू त्यत्तिकै सक्रिय छन् । विक्रम सम्बत् २०५७ को उत्तरार्द्धमा हालै भारतको गुजरात राज्यमा आएको विनाशकारी भूकम्पवाट भएको अपार जनधनको क्षतिमा सहानुभूति व्यक्त गर्दै संसारभरिबाट भूकम्प पीडित जनताको उद्धारका लागि सहयोग प्रदान गरिनु र भूतपूर्व अमेरिकी राष्ट्रपति विल क्लिन्टन स्वयंले ५ करोड डलरको सहायताको वचन साथ भूकम्प पीडित क्षेत्रको हाल सालै भ्रमण गर्नु जस्ता कार्य पनि मानवोचित परोपकारको भावनाको ज्वलन्त उदाहरणकै रूपमा लिन सकिन्छ ।

संसारका कुनाकाप्चामा छरिएर रहेका निरीह जनता समुचित मानवाधिकारबाट वञ्चित नहोस् भनी सोधखोज गर्दै सहयोग गर्दै हिंड्ने एम्नेष्टी इन्टरनेशनल जस्ता अन्तरराष्ट्रिय संगठन मौजूद भए झैं अर्काको देशका जनताका प्रजातान्त्रिक हक अधिकार, मानवाधिकारको संरक्षण र सम्बर्द्धनका लागि आफ्नो श्रोत र साधन खर्चेर पनि मानव कल्याणको लागि प्रयत्नशील रहने उद्देश्यलाई कतिपय विश्वका राष्ट्रहरूले आफ्ना विदेश नीति र वैदेशिक सम्बन्ध स्थापनाका लागि आधार र एक प्रमुख अंगकै रूपमा लिन थाल्नु पनि विश्व वन्धुत्वको भावनाको विकासमा



Downloaded from http://dhamma.digital

सघाउ पुऱ्याउने आजको युगको नयाँ सिर्जना नै भन्न सकिन्छ । पहिले पहिले आफ्ना अंग प्रत्यंग दान गर्ने पारमिता पुऱ्याउने संकल्प बोधिसत्वहरूमा मात्र पाइन्थ्यो भने आज स्वजन वा परजनकै लागि पनि जीवनकालमै रक्तदान गर्नेको संख्या संसारभरिमा निकै बढ्दो छ । त्यस्तै आफ्नो शरीरको मृगौला (किड्नी) जस्ता अंगहरू दान गरी प्रत्यारोपण गराउने श्रद्धा राख्ने व्यक्तिहरूको संख्या पनि आजको विश्वमा नगण्य देखिन्न । आफ्नो जीवन पश्चात आंखा जस्ता अंगहरूलाई दान गरी अपरिचित अन्धाहरूलाई नेत्रदान दिने श्रद्धा व्यक्त गर्ने करुणामयी व्यक्तिहरूको संख्या बढ्दो रूपमा देखिनु मानवताको आधुनिक इतिहासमा एउटा राम्रो आशाको किरण दिने शुभ संकेत मान्न सकिन्छ ।

मानव मानवबीच आपसी स्नेह, सहयोग, सहानुभूति र सद्भावनालाई प्रदर्शन गर्दै राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा पनि नि:स्वार्थ भावले मैत्रीपूर्ण सहयोगको आदान प्रदान गर्ने नूतन प्रणालीको विकास र विस्तारबाट आजको भौतिकवादी युगका मानिसको मन र मस्तिष्कमा अझै निस्वार्थ सेवा, परोपकार र त्यागको संस्कारको बीज शेष बाँकी नै रहेको तथ्य प्रष्ट देखिन्छ । मानव समाज, मानव सभ्यता, मानव मन र मस्तिष्कमा जाग्रत, अर्धजाग्रत वा सुषुप्तावस्थामा निहीत अन्तर्निहीत रहिरहेको यसै त्याग, सेवा र परोपकारको विशुद्ध मनोभावनालाई वैज्ञानिक तरीकाले समयोचित संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी चिरस्थायी विश्वशान्ति र मानव कल्याणको व्यापक लक्ष्य परिपूर्तिका लागि सही ढंगले रचनात्मक तरीकाबाट विश्वव्यापी रूपमै परिचालन गर्नु आजको आवश्यकता रहेको देखिन्छ । यहीं आएर वैज्ञानिक, उदार, न्यायपूर्ण र विवेकशील रहेको सही रूपमा मानववादी र स्वतन्त्र अध्यात्मदर्शन र धर्मको भूमिका खडा हुन्छ, शील सदाचार र प्रज्ञायुक्त सामयिक धर्म र दर्शनको युगानुकूल आचरण र अभ्यासको खांचो रहेको प्रतीत हुन्छ । एक्काइसौं शताब्दीले मानव सेवाको क्षेत्रमा धर्म र दर्शनलाई प्रदान गरेको अवसर हो यो, मानवोचित हित, कल्याण र शान्तिको साधना गर्न धर्म र दर्शनलाई परिलक्षित गरेको मांग हो, आह्वान हो र अपेक्षा गरेको हाँक हो यो ।



Downloaded from http://dhamma.digital

## बुद्ध धर्मको उपयोग

मानिसहरू यस संसारमा काय कर्म (शारीरिक कार्य), वचि कर्म (वाचिक कार्य) र मनो कर्म (मानसिक कार्य) द्वारा कुशल वा अकुशल कार्यहरू सम्पादन गर्दछन् । यसरी पूर्ण गरिएका कार्यहरूलाई बुद्ध धर्मको भाषामा कर्मपथ भनिन्छ । शरीर, वचन र मनबाट कुनै पनि कर्म सम्पादन गरिनु अगावै त्यसरी सम्पादन गरिने कर्मका विषयमा मनले पहिले सोचेको हुन्छ । मनकै निर्देशनमा, मनकै चाहना अनुसार मानिसहरू काय कर्म, वचन कर्म र मनोकर्मलाई सम्पूर्ण गर्दछन् । मन शुद्ध, परिशुद्ध, निर्मल, स्वच्छ र क्लेशरहित भएमा मानिसले काय, वाक्य र चित्तका कुनै पनि एक अंग वा तीनै अंगहरूले सम्पादन गर्ने कार्यहरू पनि कुशल कर्म हुन्छन्, पुण्य कर्म हुन्छन्, पवित्र कर्म हुन्छन् । अकुशल चित्त, विकृत चित्त, पाप चित्तले सम्पादन गर्ने कर्म पथहरू पनि अकुशल कर्म नै हुन्छन्, क्लेशयुक्त कर्म नै हुन्छन्, पाप कर्म नै हुन्छन् । बुद्ध धर्मले यसरी कुनै पनि कार्यको लागि मन, चित्तको प्राधान्यता, मनकै सर्वोपरि महत्व र चित्तकै अग्रगामी भूमिका रहेको तथ्यलाई मान्दछ । कुनै पनि कर्ममा मनकै प्रवृत्ति सर्वप्रथम अघि सर्दछ । मनकै अग्रसरता रहन्छ । भगवान् बुद्धले भन्नुभएको छ – "मनोपुब्बङ्गमा धम्मा, मनो सेत्था मनोमया ।" अर्थात् *"मन सबै प्रवृत्तिहरूको अगुवा हो । मन नै मुख्य हो । मनबाटै सबैको उत्पत्ति हुने गर्दछ ।"* बुद्ध धर्मको मान्यता छ कि दूषित मनले कुनै कुरा बोल्ने वा गर्नेलाई दुःखले गाडाको चक्काले गोरूको गोडालाई पछ्याएझैं स्वच्छ मनले असल चित्तले कुनै कुरा बोल्ने वा गर्नेलाई सुखले आफ्नै प्रतिविम्बले झैं अनुशरण गर्दछ ।

## बुद्ध धर्मको सारांश

बुद्ध धर्मले सम्पूर्ण अकुशल कर्महरूवाट विरत रहने शिक्षा प्रदान गरी व्यक्ति, परिवार, समाज र राष्ट्रलाई अशान्ति हुने अकुशल अमंगल हुने पाप कर्म, अकुशल कर्मलाई समूल विनाश गर्ने शिक्षामा जोड दिने गर्दछ भने आफूमा नभएका कुशल कर्महरू सञ्चय गर्ने र सञ्चित कुशल कर्मलाई स्मृतिलाई अक्षुण्ण राखी अप्रमादी भई सदैव सम्बृद्धि गर्दै लाने मार्गलाई प्रदर्शन गरी व्यक्तिलाई, समाजलाई, राष्ट्रलाई र मानव मात्रलाई यस लोक र



Downloaded from http://dhamma.digital

परलोकमा पनि सदैव सर्वत्र हित, सुख, मंगल र सुख शान्ति प्रदान गर्ने शिक्षा, दीक्षा तथा तिनका सम्यक् अभ्यास र आचरणमा विशेष जोड दिने गर्दछ । चित्तको विशुद्धि र चित्तको विमुक्ति प्राप्त गर्न विशेष रूपमा जोड दिने बुद्ध धर्मले आजको युगमा शान्ति लाभ गर्न मात्र सघाउने होइन यसले अपरापरीय वेदनीय कर्मको कारण कुशलाकुशल विपाक भोग गर्दै जन्म मरणको अथाह भवचक्रमा रुमल्लिरहन वाध्य भएका मानव मात्रलाई जाति, जरा, व्याधि, मरण दु:खबाट सदा सर्वदाको लागि विमुक्त हुन सकिने परम शान्ति, उपशम, निर्वाणकै मार्ग पनि प्रशस्त गरिदिएको छ । तसर्थ, बुद्धको शिक्षालाई संक्षेपमा यसरी उल्लेख गरिएको छ –

"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एतं बुद्धानुसासनं ॥"

अर्थ

*"सम्पूर्ण पापबाट विरत रहनु, कुशल-पुण्य मात्र सञ्चित गर्नु ।*
*आफ्नो चित्तलाई स्वच्छ-परिशुद्ध राख्नु, यही बुद्धहरूको शिक्षा हो॥"*

बुद्ध धर्ममा संसारको अनित्यता, दु:खमय प्रकृति र अनात्म स्वभावको विषयमा यथार्थ रूपमा प्रज्ञा ज्ञानको विकास हुने गरी सम्पूर्ण दृष्य र अदृष्य धर्मलाई फारी फारीकन केलाई केलाईकन प्रत्येक नाम धातु स्वभाव र रूपधातु स्वभावलाई प्रष्ट रूपमा अलग अलग छुट्टिने गरी छुट्याई छुट्याईकन सविस्तार विश्लेषण, विभाजन र व्याख्यान गरिएको पाइन्छ । यस्तो शुद्ध बुद्ध धर्मको यथार्थ ज्ञान र प्रज्ञा हासिल गर्ने व्यक्तिहरूबाट हिंसा, क्रोध, प्रतिशोध, ईर्ष्या, द्वेष, मोह, मान र मात्सर्य आदिलाई परिपोषित हुने कामहरू गरिने गराइने दूषित प्रवृत्तिहरू स्वत: कम हुँदै जाने अपेक्षा गर्न सकिने भएकोले यस्ता पुद्गलहरूबाट बुद्ध धर्मको इमान्दारितापूर्ण अनुशीलन र अनुशरण गर्ने मनोवृत्ति नै बढ्दै जाने हुंदा व्यक्ति व्यक्तिमा, गाउँ गाउँमा, नगर महानगरमा मात्र शान्ति छाउने होइन कि राष्ट्र राष्ट्र र सम्पूर्ण विश्वमै शान्ति स्थापना र विश्व भ्रातृभावको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने दिशामा ठोस रूपमा सघाउ पुग्न जाने कुराको सहजै अपेक्षा गर्न सकिन्छ ।



Downloaded from http://dhamma.digital

## अज्ञानता नै दु:खको कारण

प्राणी मात्रको नैसर्गिक स्वभाव हो दु:खलाई मन नपराउनु । किन्तु मानव मात्रले दु:खलाई भित्री अन्त:स्करणदेखि नै घृणा गर्ने गरे पनि, अकुशल कर्मको विपाकबाट दूर दूर, टाढा टाढा भाग्नै खोजे पनि अविद्या र मोहको कारण सम्यक् दृष्टिलाई अंगिकार गर्न नसकेको कारणले सत्काय दृष्टिलाई छोड्न नसकेकै कारणले गर्दा सम्पूर्ण सत्व प्राणी मात्रले अज्ञानतावश, अनायासै, स्वत: कुशला-कुशल कर्मको भोगलाई आफै निम्त्याइरहेका हुंदा रहेछन् र अनन्त अकुशल कर्मको विपाकलाई भोग्ने अप्रिय परिस्थितिलाई आफैं सिर्जना गर्दै आफ्नो इच्छाको विपरीत आफ्नै लागि आफैंले दु:खको खाडल खन्दै गरेका हुंदा रहेछन्, नरकको मार्गलाई आफैं प्रशस्त पारिरहेका हुंदा रहेछन् र अपायगतिको पथलाई आफैं निर्माण गरिरहेका हुंदा रहेछन् । यो नै यस संसारको एउटा विचित्रको अप्रिय सत्य, एउटा अद्भूत सनातन तथ्य रहिआएको छ । यस वास्तविक तथ्य र सत्यलाई यथार्थ रूपमा देख्न, जान्न, बुझ्न र महशूस गर्न पनि बुद्ध धर्म र दर्शनको गहन अध्ययनको जरुरी हुन्छ । अनि अप्रिय दु:खबाट मुक्ति पाउन सम्यक् दृष्टिको अंगिकार र शील, समाधि र प्रज्ञाको सही अभ्यासको जरुरी हुन्छ । दु:खको सागरबाट स्वयं पार पाउन सक्ने व्यक्तिबाट मात्र अरू व्यक्तिका लागि पनि शान्ति प्रदायक मार्गको अपेक्षा गर्न सकिने हुन्छ । तसर्थ, व्यक्ति व्यक्तिको शान्ति, समाजको शान्ति र विश्वको शान्तिको लागि बुद्ध धर्मको महत्व कत्तिको हुंदोरहेछ भन्ने तथ्यलाई अनुमान गर्न सकिन्छ । बुद्ध धर्मका केही विशेषताहरू हुन् – कर्मवाद, पुनर्जन्मवाद, हेतुवाद, विभज्जवाद र यथार्थवाद । बुद्ध धर्मका आधारभूत दार्शनिक आधारहरू हुन् –

**"सब्बे सङ्खारा अनिच्चा ।"**
**"सब्बे सङ्खारा दुक्खा ।"**
**"सब्बे धम्मा अनत्ता ।"**

**अर्थात्**

*"अनित्य, दु:ख र अनात्मा ।"*



Downloaded from http://dhamma.digital

परिच्छेद - ५

# बुद्ध धर्मको स्वरूप

## बुद्ध धर्ममा प्रज्ञप्ति धर्म र परमार्थ धर्म

बुद्ध धर्मका अनुसार यस संसारमा मानवजातिले बोलचालको भाषामा व्यवहार चलाउनको लागि भन्ने गरिआएका अनेक धर्महरूलाई, तथ्यहरूलाई, सत्यहरूलाई सम्मुति सच्च (सम्बृत्ति सत्य) अर्थात् प्रज्ञप्ति धर्म भनिन्छ । सम्बृत्ति सत्यहरू वास्तवमा यथार्थ सत्यहरू भने होइनन् । यस संसारमा रहेर सांसारिक उद्देश्य र परम्परागत व्यवहारको लागि मानिसहरूले असंख्य भौतिक बस्तुहरू र मानसिक क्रियाकलापहरूलाई जान्न, बुझ्न, सम्झन र अरूलाई जान्न, बुझ्न, सम्झाउनको लागि बोलचालको भाषाहरू प्रयोग गर्दै सम्बृत्ति सत्यलाई उपयोग गरिरहेका हुन्छन् । यस्ता सम्बृत्ति सत्यहरूको उपयोग नगरी व्यवहार चलाउन पनि नसकिने हुन्छ । त्यसैले लौकिक भूमिमा संचारको जगतमा प्रज्ञप्ति धर्मलाई सम्बृत्ति सत्यलाई नाघेर जान सकिन्न । किन्तु मानिसले जन्मदेखि मृत्यु नहुञ्जेलसम्म नित्य बिहान आँखा खुलेदेखि राती ननिदाउञ्जेलसम्म अझ स्वप्न जगतमा अनेक दृष्यहरू देख्दा समेत नामकरण गर्न प्रयोगमा ल्याइरहने ती बोलचालका भाषामा प्रयोग हुने सम्बृत्ति सत्यको यथार्थ स्वरूपलाई गहिरो संग केलाई, जांची, फारीकन हेर्ने हो भने ती सम्बृत्ति सत्यहरू सांच्चिकैका सत्य तथ्यहरू हुदैनन्, बल्कि ती सम्बृत्ति सत्यहरू केवल नाम संज्ञा मात्र रहेछन् भन्ने कुरा ठहरिन आउंछन् । हामीलाई अभिधर्मले मात्र सम्बृत्ति सत्यलाई नाघेर यथार्थ कुरा पत्ता लगाउन मद्दत गर्न सक्ने हुन्छ । अभिधर्मका मुताविक बोलचालका भाषामा, परपरागत व्यवहारमा सत्य सांचो कुरा भनी मानिआएका, भनिआएका कुराहरू भ्रमात्मक, भ्रान्तिमूलक र गलत ठहरिन आउंछन् । बुद्ध धर्मका अनुसार ती सम्बृत्ति सत्यहरू, ती प्रज्ञप्ति धर्महरूको यथार्थ र अन्तिम विश्लेषण



Downloaded from http://dhamma.digital

गर्दा भेट्टिने वास्तविक सत्यहरू, सच्चा धर्महरूलाई परमार्थ धर्म भनिन्छ । यो संसार वास्तवमा परमार्थ धर्महरूको संसार हो, परमार्थ धर्महरूबाटै निर्मित हो, परमार्थ धर्महरूबाटै सञ्चालित छ। यस तथ्यलाई प्रष्ट बुझ्नका लागि केही उदाहरण लिऊं । उदाहरणका लागि यस संसारमा काठ, बाँस, माटाले बनेका अनेकौं बस्तुहरू पाइन्छन् । जस्तै यहाँ घर, विहार, मन्दिर, आरामगृह र चौताराहरू बन्दछन् । यहाँ "घर" भन्ने नाउँ जे छ न त्यो काठको नाउँ हो, न बाँसको नाउँ हो, न माटोको नाउँ हो । "घर" भन्ने नाउँ त काठ, बाँस, माटोको सहाराले एउटा खास आकारमा निर्माण गरिएको बस्तुलाई नामाकरण गर्न प्रयोग गरिएको नाउँ मात्र हो । काठ र बाँस एउटा रूखमै रहंदा ती बस्तुहरूलाई "घर" भनिंदैन, न त ती बस्तुहरूलाई "घर" भन्ने नाउँ नै प्राप्त हुन्छ । ती काठ, बाँस र माटा मिलाई, जुटाई "घर" को रूपमा बस्तुको निर्माण भइसकेपछि मात्र मानौं आकाशबाट अकस्मात खसे झैं गरी "घर" भन्ने अस्थायी नाउँ देखापर्दछ । तसर्थ अभिधर्मका अनुसार "घर" भन्ने त्यस्तो बस्तु कुनै केही छैन । यथार्थमा केही छन् भने ती काठ, बांस र माटो मात्र हुन् ।

जहाँसम्म "घर" भन्ने बस्तुको प्रश्न छ, गृहको निर्माण भइसकेपछि मात्र देखा पर्ने त्यो एउटा औपचारिक नाउँ मात्र भएकोले त्यो यथार्थ कुरो होइन, वास्तविक सत्य होइन । त्यो "घर" भनेको बस्तुलाई भत्काई विहारको प्राङ्गण भित्र विहारको निर्माण गरिएको खण्डमा विहारको रूप आकृति देखा पर्दछ र त्यसलाई "घर" होइन, "विहार" भनिने हुन्छ । त्यस्तो अवस्थामा "घर"को रूप लोप हुन्छ र "घर" भन्ने नाउँको पनि लोप हुन्छ। पुनः त्यस विहारलाई भत्काई धर्मशाला, पाटी पौवा, सत्तल निर्माण गरिएको खण्डमा धर्मशाला, पाटी पौवा, सत्तलको रूपमा प्रकट हुन्छ र त्यसलाई "धर्मशाला" "पाटी पौवा" "सत्तल" भन्नु पर्ने हुन्छ । त्यसलाई अनि विहार भन्न मिल्दैन र विहार भन्ने नाउँ नै लुप्त हुन पुग्दछ । त्यही धर्मशाला आदिलाई पुनर्वार एउटा आराम गृहमा परिणत गरिदिने हो भने मन्दिर, धर्मशाला भन्ने नाउँको लोप हुन्छ र "आरामगृह" भन्ने नाउँ प्रकट हुन्छ । अनि फेरि त्यो आरामगृहलाई मण्डपमा परिणत गरिदिने हो भने आरामगृह भन्ने नाउँ नै लोप भई "मण्डप" भन्ने नाउँ प्रकट हुन्छ । यसरी



Downloaded from http://dhamma.digital

आकारहरू नष्ट हुनासाथ नाउँहरू पनि लुप्त हुन्छन् । आकारको उत्पत्ति हुनासाथ मात्र नाउँको पनि उत्पत्ति हुन्छ । तसर्थ काठ, बाँस र माटोहरूलाई सामूहिक रूपबाट निर्माण गरिएपछि मात्र जुन घर, विहार, धर्मशाला, आरामगृह र मण्डप भन्ने रूपहरू प्रकट हुन्छन् । ती बस्तुहरू प्रारम्भदेखि नै विद्यमान रहेका कुराहरू होइनन् । किन्तु जहाँसम्म काठ, बाँस र माटोको प्रश्न छ ती बस्तुहरू आफ्नो प्रथम उत्पत्तिकालदेखि नै अस्तित्वमा आएका हुन्। तसर्थ अभिधर्मको मुताविक घर, विहार, धर्मशाला, आरामगृह वा मण्डप भन्ने नाउँका कुनै बस्तुहरू छैनन् । यथार्थमा केही छन् भने केवल काठ, बाँस र माटा मात्र छन् ।

कसैलाई घरलाई छोएर देखाऊ भनी हामीले भन्ने हो भने घर भनी औंल्याउने औंलाले घरलाई छुन सक्तैन । केवल काठ, बांस वा माटोलाई छुन सक्ने हुन्छ । “घर” भन्ने नाउँ केवल धारण गरिने औपचारिक नाउँ मात्र भएको र यथार्थमा “घर” भन्ने चीज केही नहुंदा औंलाले घरलाई छुन नसकी सांच्चिकै विद्यमान रहेका चीजहरू काठ, बाँस र माटोलाई मात्र औंलाले स्पर्श गर्न सकिने हुंदा काठ, बाँस र माटोलाई “घर” भन्नु अभिधर्मको दृष्टिमा गलत धारणा हो, गलत नामाकरण हो, गलत प्रयोग हुन आउंछ । यदि “घर” भन्ने बस्तु वास्तविक सत्य भएको भए र काठ, बाँस र माटोको नाउँ नै घर भएको भए रूखमा रहंदा, भूमिमा रहंदा पनि तिनको नाउँ “घर” नै रहनु पर्दथ्यो र काठ, बाँस र माटोलाई पनि कुनै पनि अन्य वस्तुको निर्माणमा प्रयोग भई अन्य बस्तुहरूमा ती बस्तुलाई परिणत गर्दा पनि “घर” भन्ने नाउँ नै ती बस्तुको पछि लाग्नु पर्दथ्यो । तर कुरो यस्तो हुँदैन । “घर” को रूप आकार रहेसम्म मात्र “घर” भन्ने नाउँ पनि कायम रहन्छ । यसरी नै विहार, धर्मशाला, आरामगृह, मण्डप भन्ने नाउँहरू पनि रूप आकारको परिवर्तन नभएसम्म मात्र कायम रहन्छ ।

काठबाट मेच, टेवुल, कवच, गाडा, डुङ्गा आदिको निर्माण गर्दा पनि सम्बृत्ति सत्यको मुताविक मेच, टेवुल, कवच, गाडा, डुङ्गा इत्यादि बिद्यमान रहन्छन् तर अभिधर्मको मुताविक यहाँ मेच, टेवुल, गाडा, डुङ्गा भनिएका बस्तुहरू हुँदैनन्, केवल यहाँ काठका सामग्रीहरू मात्र हुन्छन् । माटोलाई भांडाकुंडा, अथलहरू,



Downloaded from http://dhamma.digital

कचौराहरू, पात्रहरू बनाउंदा लौकिक भाषामा सम्बृत्ति सत्यमा भांडाकुंडा, अथलहरू, कचौराहरू र पात्रहरू भन्ने बस्तुहरू हुन्छन्। तर अभिधर्मको दृष्टिमा भने भांडाकुंडा, अथलहरू, कचौराहरू र पात्रहरू भन्ने बस्तुहरू हुंदैनन् । केवल माटो मात्र हुन्छ । फलामबाट विभिन्न सामानहरू बनाउंदा, तामा, पित्तल, सुन, चांदीबाट विभिन्न किसिमका बस्तुहरू र गहना गुरियाहरू बनाउंदा, सूती धागोबाट अनेक प्रकारका कोट, तौलिया, महिला तथा पुरूषका लुगाफाटाहरू, बस्त्रहरू बनाउंदा पनि लौकिक व्यावहारिक बोलचालको भाषामा तत् तत् निर्मित बस्तुहरू सबै नै विद्यमान नै रहन्छन् । तर अभिधर्म अनुकूल भन्ने हो भने ती निर्मित तयारी बस्तुहरू केही हुंदैनन् । केवल काठ, बाँस, माटो, फलाम, तामा, पित्तल, सुन, चांदी र धागाहरू मात्र हुन्छन् । यसरी विश्लेषण र परीक्षण गरी हेरेमा सम्बृत्ति सत्य प्रज्ञप्ति धर्म र यथार्थ धर्ममा रहेका विभेदहरूबारेमा जानकारी प्राप्त गर्न सकिन्छ । अझ ती काठ, बाँस, माटो, फलाम, तामा, पित्तल, सुन, चांदी र धागाहरूलाई गहिरो रूपमा फारी फारीकन केलाई केलाईकन अन्तिम रूपमा विश्लेषण र विवेचना गरेर हेर्ने हो भने ती बस्तुहरू पृथ्वी धातु, आप धातु, तेज धातु र वायु धातु जस्ता चतुर्महाभूतबाट निर्मित रहेछन् भन्ने कुरा पत्ता लाग्ने छ । यथार्थमा पदार्थहरूका विश्लेषण र परीक्षणमा केही कुराहरू पाइन्छन् भने ती केवल चतुर्महाभूत मात्र रहन्छन् भन्ने कुरा पत्ता लाग्ने छन् । ती चतुर्महाभूत धातुहरू जुन छन् तिनलाई अभिधर्ममा परमार्थ सत्यहरू परमार्थ धर्महरू भनिन्छ । यसरी जीवजन्तु, प्राणीहरूको सम्बन्धमा बोलचालको भाषामा कुरा गर्दा हामीहरू "सत्व", "पुद्गल", "आत्मा", "जीव", "प्राणी", "म", "मेरा" भनी कुरा गर्छौं । किन्तु अभिधर्मको अनुरूप विचार गरेर हेर्ने हो भने यस संसारमा "सत्व", "पुद्गल", "आत्मा", "जीव", "प्राणी", "म", र "मेरा" भन्ने बस्तु केही छैनन् । लौकिक भाषामा कुरा गर्दा मात्र हामीहरूले "सत्व", "पुद्गल", "आत्मा", "जीव", "प्राणी", "म", "मेरा" आदि भनी कुरा गर्नु पर्ने हुन्छ । वास्तवमा, यथार्थमा ती "सत्व", "पुद्गल", "आत्मा", "जीव", "प्राणी", "म", भन्ने परमार्थको दृष्टिले शरीरको प्रत्येक अंगलाई परीक्षण गरेर हेर्ने हो भने "म" वा "म" हुं भनी ग्रहण गर्नाको निमित्त आधार हुने कुनै सत्व बाँकी रहदैनन् । ती कुराहरू पनि केवल नाम, संज्ञा मात्र



Downloaded from http://dhamma.digital

हुन् । तसर्थ ती नामहरू सम्बृत्ति सत्यहरू मात्र हुन्, प्रज्ञप्ति सत्यहरू मात्र हुन् । ती सम्बृत्ति सत्यहरूका यथार्थ स्वरूपलाई गहिरो रूपमा केलाई केलाई, फारी फारीकन अन्तिम रूपसम्ममा विश्लेषण र विवेचना गरेर जाँच गरेर हेर्ने हो भने यथार्थमा तिनीहरू पृथ्वी धातु, आप धातु, तेज धातु, वायु धातु, आकाश धातु र विज्ञान धातु मात्र रहेछन् भन्ने कुरा पत्ता लाग्नेछन् । ती त केवल चतुर्महाभूत, पंचतत्वहरू र ६ धातुहरूबाट निर्मित, उत्पादित, र संस्कारित बस्तुहरू मात्र रहेछन् भन्ने निक्यौंलमा पुगिने हुन्छ । पृथ्वी, आप, तेज, वायुका तत्वहरूलाई चतुर्महाभूत धातुहरू, चतुर्महाभूत तत्वहरू भनिन्छ भने पृथ्वी, आप, तेज, वायु र आकाश धातु समेतलाई पंचमहाभूत (पंचतत्व) हरू भनिन्छन् । पंचमहाभूत धातुमा विज्ञान धातु समेतलाई समावेश गर्दा ६ धातुहरू हुनेछन् । यिनै ६ धातुहरू परमार्थ सत्यहरू हुन्, परमार्थ धर्महरू हुन् । यसरी अभिधर्मको मुताविक यस संसारमा बोलचालका भाषामा, लौकिक भाषामा कुरा गर्दा, व्यवहार गर्दा अनेक नाम, अनेक संज्ञाले सम्बोधन गरिने, पुकारिने, वर्णन गरिने, बस्तुहरू जम्मै नाम मात्र हुन्, संज्ञा मात्र हुन्, जसलाई सम्बृत्ति सत्यहरू, प्रज्ञप्ति सत्यहरू, प्रज्ञप्ति धर्महरू भनिन्छ । यथार्थमा वास्तवमा संसारमा केही छन्, केही पाइन्छन् भने ती चतुर्महाभूत धातुहरू, पंचतत्वहरू, ६ धातुहरू मात्र हुन्, जसलाई परमार्थ धर्महरू, परमार्थ सत्यहरू भनिन्छ । परमार्थमा केवल नाम रूप धातु मात्र रहन्छन् । चित्त, चैतसिक र रूप परमार्थ धातुहरू जम्मै नाम धातु र रूप धातु हुन् । परमार्थ धर्महरू मात्र नै वास्तविकताहरू हुन्, यथार्थ हुन्, यथाभूत धर्महरू सत्यहरू हुन् । विशुद्धि मार्गमा भनिएको छ –

"यथापि अङ्ग सम्भारो होति सङ्डो रथो इति ।
एवं खन्धेसु सन्तेसु होति सत्तो'ति सम्मुति ॥"

अर्थात्

*जस्तो विभिन्न अंगहरूको सम्भारले "रथ" यस्तो शब्द हुन्छ, त्यसरी नै पांच स्कन्धहरू भएपछि "सत्व छ" यस्तो व्यवहार हुन्छ ।* सम्बृत्ति सत्य, प्रज्ञप्ति धर्म अनुरूप हामीले कुरा गर्दा



Downloaded from http://dhamma.digital

व्यवहार चलाउनका लागि मात्र घर, विहार, धर्मशाला, आरामगृह, मण्डप, काठ, बाँस, मेच, टेबुल, कवच, गाडा, डुङ्गा, भांडाकुंडा, अथलहरू, कचौराहरू, पात्रहरू, अनेक किसिमका बस्तुहरू, सामान-हरू, गहनागुरियाहरू, लुगाफाटाहरू, बस्त्रहरू छन् भने पनि, सत्व, पुद्गल, जीव, प्राणी, छन् भने पनि, म र मेरो भनी लौकिक भाषामा कुरा गरे पनि मुसावाद, झुट्टा कुरो बोलेको दोष र पाप भने लाग्दैन । किनभने लोकजनले परम्परादेखि नै स्वीकार गरिआएको भाषा नै यही हो । यी शब्दहरूले कसैलाई ठगी गर्ने काम हुन्छ भन्ने, केही नोक्सानी हुन्छ भन्ने कुरा केही हुदैन । किन्तु नाम मात्रका लागि, संज्ञा मात्रका लागि लौकिक भाषामा प्रयोग भइआएका सम्बृत्ति सत्यहरू, प्रज्ञप्ति धर्महरूलाई तिनका परमार्थ धर्म स्वभावहरू, यथार्थ धातु स्वभावसम्मलाई अभिधर्मको ज्ञान दर्शनबाट परमार्थ धर्मका स्तरसम्म पहिचान गर्न सकिएन भने तिनै धनसम्पदा, जीवन र संसारमा आसक्त रही तिनैलाई नित्य र सत्य सम्झी सत्व, पुद्गल, म र मेरो भनी सञ्ञा विपल्लास ( भ्रामक संज्ञा), चित्त विपल्लास (भ्रामक चिन्तन) र दिट्ठि विपल्लास (भ्रामक दृष्टि) हरूमा भूलीकन सत्काय दृष्टिमा आवद्ध रही कर्म सम्मोह, धर्म सम्मोह, प्रत्यय सम्मोह, लक्षण सम्मोह र निर्वाण सम्मोहमा चुर्लुम्म डुबिरहने हुन्छ । जन्म जरा व्याधि र मृत्युको अनन्त दुःखमय भवचक्र संसारबाट सदा सर्वदाको लागि मुक्ति चाहने प्रज्ञावानहरूले संसारका सम्पूर्ण बस्तुहरू, सम्पूर्ण धर्महरूलाई परमार्थ धर्म स्वभावकै रूपमा देख्ने, जान्ने, बुझ्ने, पहिचान गर्ने र शील, समाधि र प्रज्ञाको अभ्यास र आचरणबाट निर्वाण धर्मलाई साक्षात्कार गर्ने प्रयास गरेका हुन्छन् । किनभने यस संसारमा साना ठूला सबै प्रकारका रूपहरू जति छन्, जुन बस्तुहरूलाई संसारभरिनै विभिन्न प्रकारका बस्तुहरू भनी भ्रामक तरीकाबाट हामीले ग्रहण गरी धारणा लिइआएका छौं, जुन रूपहरूलाई, सत्व, पुद्गल, देव, ब्रम्हा, मनुष्य, स्त्री, पुरूष, प्राणी, जीव, म, ऊ, मेरो, तेरो भनी गलत तरीकाबाट हामीले ग्रहण गरी धारणा बनाई आएका छौं, ती सबै रूपहरूको धारणा विषयलाई प्रज्ञा ज्ञानको आधारमा विश्लेषण, विवेचना र परिच्छेद गरी जाँची हेर्ने हो भने हामीले ती रूपहरूमा केवल धातुहरूको राश, धातुहरूको समूह, धातुहरूकै संग्रह र धातुहरूकै थुप्रा मात्र पाउने छौं । त्यहाँ ती रूपाकारहरूमा धातुहरूदेखि भिन्न केही कुरा हामीले भेट्टाउन सक्ने



Downloaded from http://dhamma.digital

छैनौं । बुद्ध धर्मका अनुसार हेतुबाट उत्पत्ति भएका ती सम्पूर्ण धातुहरू, सम्पूर्ण धर्महरू क्षण क्षणमै परिवर्तन हुँदै विनाश भएर जाने स्वभावका हुंदा अनित्य छन्, अन्तिम विश्लेषणमा भयावह र दुःखदायी छन् र ठोसभूत, सारभूत, स्थायी, नित्य तत्व भन्ने केही नभएका अनात्मा धर्महरू हुन् ।

## बुद्ध धर्मको स्वरूप

बुद्ध धर्म र दर्शनका अनुसार पृथ्वी, आप, तेज, वायु जस्ता चतुर्महाभूत रूप वा चतुर्महाभूत रूपका साथ वर्ण, गन्ध, रस र ओज जस्ता चार उपादाय रूपहरू मिली अष्ट कलापबाट बनेका सुन, चाँदी, ईंट, पत्थर, माटो, फलाम, गाडी, घर, बस्त्र, हाड, छाला, मासु, हावा, पानी, किरण, जीव, प्राणी, किटाणु आदिका जति पनि भौतिक बस्तुहरू छन्, पंचमहाभूत (अर्थात् पृथ्वी तत्व, आप तत्व, तेज तत्व, वायु तत्व र आकाश तत्व) र ६ आधारभूत धातुहरू (अर्थात् पृथ्वी, तेज, वायु, आकाश र विज्ञान धातु) समेतबाट उत्पन्न भएका देव, ब्रम्हा, मनुष्य, जीव, प्राणी, आत्मा, म, मेरो, मेरो हाम्रो चिन्तन, मनन, विचार भनी धारणा लिइआएका जति पनि मानसिक धर्महरू छन्, अर्थात् उत्पत्ति र विनाश भइरहेका यस संसारमा जति पनि धर्महरू छन्, धातुहरू छन्, तिनलाई यथार्थ रूपमा विश्लेषण गरेर हेर्ने हो भने तिनीहरूलाई जम्मा दुई धातु स्वभावमा वर्गीकरण गर्न सकिन्छ – १) नाम धातु स्वभाव वा नाम र २) रूप धातु स्वभाव वा रूप। यस संसारमा जति पनि बस्तुहरू पाइन्छन्, जति पनि धर्महरू छन् र जति पनि धातुहरू देखिन्छन्, ती सबै नै वास्तवमा उत्पत्ति हुँदै विनाश हुने यिनै नाम धातु र रूप धातु मात्र हुन् । तसर्थ संसार भनेको नाम रूपको अविच्छिन्न प्रवाह हो, निरन्तर प्रक्रिया मात्र हो । बौद्ध दर्शनमा मानव समाजमा बोलचालको भाषामा प्रयोग गरिने घर, मानिस, देव, ब्रम्हा, टेवुल, गाडी, सुन, चाँदी, फलाम, किरण, प्रकाश, म, तिमी, मेरो तेरो भन्ने व्यवहारलाई प्रज्ञप्ति धर्म भनिन्छ भने ती प्रज्ञप्ति धर्महरूको यथार्थ र अन्तिम विश्लेषण गर्दा पाइने नाम धातु र रूप धातुलाई परमार्थ धर्म भनिन्छ भन्ने कुरा अघिनै सविस्तार व्याख्यान गरिसकिएको छ ।



Downloaded from http://dhamma.digital

अभिधर्म अनुसार परमार्थ धर्म जम्मा चार प्रकारका छन् । यथा: – (१) चित्त, (२) चैतसिक (३) रूप र (४) निर्वाण । टेवुल, घर, देव, ब्रम्हा, मानिस, पशु पंछी, तेरो मेरो, तिमी र म भन्ने धारणा आदि बोलचालको भाषामा प्रयोग भइरहने कुराहरू प्रज्ञप्ति मात्र हुन् । परमार्थमा ती सबै नै नाम रूप मात्र बांकी रहन्छन् । ती परमार्थ धर्महरूलाई पनि दुई प्रकारमा वर्गीकरण गरिन्छ: (१) ससंस्कृत र (२) असंस्कृत । चित्त, चैतसिक र रूप धर्महरू ससंस्कृत धर्महरू हुन् । निर्वाण मात्र असंस्कृत धर्म हो । यही ससंस्कृत धर्मलाई स्कन्धको रूपमा विभाजन गर्दा – (१) रूप (२) वेदना, (३) संज्ञा (४) संस्कार र (५) विज्ञानको रूपमा पंच स्कन्धमा विभाजन गरिन्छ । यसरी पंच स्कन्ध भन्नु अर्को शब्दमा नाम रूप हो । पांच स्कन्धहरूमध्ये एउटा स्कन्ध रूप, रूप स्कन्ध हो भने वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्धहरू नाम स्कन्धहरू हुन् । पंच स्कन्धहरूलाई चार परमार्थ धर्महरूमा विभाजन गर्ने हो भने ती पाँच स्कन्धहरूमध्येको एउटा रूप स्कन्ध रूप हो । वेदना, संज्ञा र संस्कार जस्ता तीन स्कन्धहरू चैतसिक हुन् र विज्ञान स्कन्ध अन्तर्गत आउने नाम स्कन्ध चित्त हो । निर्वाण भनेको कुनै स्कन्ध होइन । यो स्कन्ध रहित छ ।

रूप स्कन्ध अन्तर्गत आउने रूप जम्मा २८ प्रकारका छन्। यसमध्ये १२ रूप धर्महरू ओलारिक रूप (अर्थात् स्थूल रूप) हुन् । बाँकी १६ रूप धर्महरूलाई सूक्ष्म रूप भनिन्छ । निम्न १२ रूपहरूलाई ओलारिक रूप भनिन्छ । यथा: – १. **वर्ण**, २. **शब्द**, ३. **गन्ध**, ४. **रस**, ५. **पृथ्वी**, ६. **तेज**, ७. **वायु**, ८. **चक्षु प्रसाद रूप**, ९. **कर्ण प्रसाद रूप**, १०. **घ्राण प्रसाद रूप**, ११. **जिव्हा प्रसाद रूप**, र १२. **काय प्रसाद रूप** । चार प्रकारका रूपहरू जस्तै **वर्ण**, **शब्द**, **गन्ध** र रसलाई **चक्षु**, **कर्ण**, **घ्राण** र **जिव्हा द्वारबाट** अनुभव गरिन्छ । ३ प्रकारका धातु रूपलाई जस्तै पृथ्वी, तेज, र वायुलाई काय् द्वारबाट अनुभव गरिन्छ । जम्मा १६ प्रकारका सूक्ष्म रूपहरू निम्न प्रकारका छन् । यथा: – १. **पुम्भाव रूप** (पुरूष रूप) २. **इत्थीभाव रूप** (स्त्री रूप) ३. **हृदय बस्तु** ४. **रूप जीवित** (रूप आरक्षा गर्ने शक्ति), ५. **परिच्छेद रूप** (आकाश धातु रूप), ६. **काय विञ्ञति** (कायभाव दर्शाउनु), ७. **वचि विञ्ञति** (मनको



Downloaded from http://dhamma.digital

भाव व्यक्त गर्नु), ८. **लहुता** (हलुंगोपन), ९. **मृदुता** (कोमलपन), १०. **कमञ्ञता** (कार्य योग्य रहनु), ११. **उपचय** (बृद्धि), १२. **सन्तति** (निरन्तरता), १३. **जरता** (बृद्धपन), १४. **अनित्यता** (परिवर्तनशीलता, क्षय व्ययशीलता), १५. **आप धातु** र १६. **ओज** (शक्ति, पोषण तत्व) ।

**द्रष्टव्य:** *पृथ्वी, आप, तेज र वायु धातु ४ चारलाई चतुर्महाभूत रूप भनिन्छ । चतुर्महाभूतमा आकाश धातु १ थप गरिएपछि पंचमहाभूत धातु भनिन्छ । चतुर्महाभूत रूप ४ मा वर्ण, गन्ध, रस र ओज रूप गरी चार उपादाय रूप समावेश भएपछि अष्ट कलाप रूप भनिन्छ ।*

अभिधर्मका अनुसार चित्त जम्मा ८९ प्रकार छन् । त्यसमा ८ लोकोत्तर चित्तहरूलाई समथ र विपश्यना ध्यानबाट अरहन्त मार्ग फल प्राप्त गर्ने अरहन्तहरूका चित्तहरू पनि समावेश गरी विस्तृत रूपमा प्रत्येक लोकोत्तर चित्तलाई प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पंचम ध्यान चित्तहरूमा वर्गीकरण गरी गणना गरिंदा लोकोत्तर चित्तहरूको संख्या ४० कायम हुने भएकोले चित्त जम्मा १२१ प्रकारका छन् भनेर पनि गणना गर्न सकिन्छ ।

**८९ प्रकारका चित्तहरूमा ५४ प्रकारका कामावचर चित्तहरू अर्थात् कामभूमिका चित्तहरू हुन्छन् । ती ५४ कामवचर चित्तहरूमा जम्मा ३० अशोभन चित्तहरू र २४ कामशोभन चित्तहरू हुन्छन् ।** ३० अशोभन चित्तहरूमा ८ प्रकारका अकुशल लोभ मूल चित्तहरू, २ प्रकारका अकुशल द्वेष मूल चित्तहरू र २ प्रकारका अकुशल मोह मूल चित्तहरू गरी १२ प्रकारका अकुशल चित्तहरू समावेश हुन्छन् । त्यसरी नै ७ प्रकारका अहेतुक अकुशल विपाक चित्तहरू, ८ प्रकारका अहेतुक कुशल विपाक चित्तहरू र ३ प्रकारका अहेतुक क्रिया चित्तहरू गरी १८ प्रकारका अहेतुक चित्तहरू समाहित रहन्छन् ।

**५४ कामवचर चित्तहरूमध्ये निम्न २४ प्रकारका शोभन चित्तहरू हुन्छन् ।** यथा:- ८ प्रकारका सहेतुक महाकुशल कामवचर शोभन चित्तहरू, ८ प्रकारका महाकुशल कामशोभन महाविपाक चित्तहरू र ८ प्रकारका महाकुशल कामशोभन महाक्रिया चित्तहरू । यसरी



Downloaded from http://dhamma.digital

जम्मा २४ प्रकारका शोभन चित्तहरू पनि हुन्छन् । तसर्थ ३० अशोभन चित्तहरू र २४ शोभन चित्तहरू गरी जम्मा ५४ कामभूमिका कामवचर चित्तहरू हुन्छन् ।

**रूपावचर चित्तहरू १५ यस प्रकारका हुन्छन् ।** यथा: – प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान र पंचम ध्यान जस्ता रूप ध्यानहरूमा संलग्न शैक्ष र अशैक्षहरूमा प्रवर्तित हुने ५ प्रकारका रूपावचर कुशल चित्तहरू, ५ प्रकारका रूपावचर विपाक चित्तहरू र ५ प्रकारका रूपावचर क्रिया चित्तहरू गरी जम्मा १५ प्रकारका रूपावचर चित्तहरू हुन्छन् । वास्तवमा ५ प्रकारका रूपावचर क्रिया चित्तहरू चाहिं रूप ध्यान प्राप्त गर्ने अरहन्तहरूका चित्तहरू हुन् ।

**जम्मा १२ प्रकारका अरूपावचर कुशल चित्तहरू यस प्रकारका हुन्छन् ।** यथा: – चार प्रकारका अरूप ध्यानहरू (अर्थात् १, आकाशानन्त्यायतन, २, विज्ञानानन्त्यायतन, ३. आकिञ्चन्यायतन र ४. नैवसंज्ञाना सज्ञायतन अरूप ध्यानहरू) हुने भएकोले अरूपावचर कुशल चित्तहरू पनि ४ प्रकारका हुन्छन् ४ प्रकारका अरूपावचर विपाक चित्तहरू र ४ प्रकारका अरूपावचर क्रिया चित्तहरू पनि हुन्छन् । यसरी जम्मा १२ प्रकारका अरूपावचर कुशल चित्तहरू हुन्छन् ।

**विपश्यनाको भावना गर्ने पुद्‌गलहरूमा प्रवर्तित हुने जम्मा ८ प्रकारका लोकोत्तर चित्तहरू हुन्छन् ।** त्यसमा १. श्रोतापत्ति मार्ग चित्त, २. सकृदागामी मार्ग चित्त, ३. अनागामी मार्ग चित्त र ४.अरहन्त मार्ग चित्त गरी ४ प्रकारका लोकोत्तर मार्ग चित्तहरू र १. श्रोता-पत्ति फल चित्त, २. सकृदागामी फल चित्त, ३. अनागामी फल चित्त र ४. अरहन्त फल चित्त गरी ४ प्रकारका लोकोत्तर फल चित्तहरू समाविष्ट हुन्छन् ।

यसरी परमार्थ धर्मका रूपमा रहेका चित्त जम्मा ८९ प्रकारका चित्तहरू हुन्छन् । लोकोत्तर चित्तहरूलाई ४० प्रकारमा विभाजन गर्दा जम्मा चित्तको संख्या १२१ मा वर्गीकरण हुन्छ । पंच स्कन्धमा आउने विज्ञान स्कन्ध अन्तर्गत नै सम्पूर्ण ८९ चित्तहरू वा १२१ चित्तहरू समाविष्ट हुन्छन् ।



Downloaded from http://dhamma.digital

अभिधर्मका अनुसार परमार्थ धर्म चैतसिक जम्मा ५२ प्रकारका हुन्छन् । वेदना चैतसिक जति वेदना स्कन्ध अन्तर्गत पर्दछन् । संज्ञा चैतसिक जति सम्पूर्ण संज्ञा स्कन्ध अन्तर्गत पर्दछन्। बाँकी रहेका ५० चैतसिकहरू पंच स्कन्धका संस्कार स्कन्ध अन्तर्गत समाहित हुन्छन् ।

**अभिधर्मानुसार जम्मा ५२ चैतसिकहरू निम्नानुसार छन्:**

(क) **सात सर्वचित्त साधारण चैतसिकहरू:**

१. **स्पर्श** (स्पर्श गर्ने स्वभाव), २. **वेदना** (अनुभव गर्ने स्वभाव), ३. **संज्ञा** (चिनिराख्ने वा सम्झी राख्ने स्वभाव), ४. **चेतना** (प्रेरित गर्ने स्वभाव), ५. **एकाग्रता** (आलम्वनमा स्थिर भएर रहने स्वभाव), ६. **जीवितेन्द्रिय** (नाम सन्ततिलाई रक्षा गर्ने स्वभाव), ७. **मन- सिकार** (मनन गर्ने स्वभाव) ।

(ख) **६ प्रकीर्णक चैतसिकहरू:**

१. वितर्क, २. विचार, ३. अधिमोक्ष (निर्णय गर्ने स्वभाव), ४. वीर्य, ५. प्रीति र ६. छन्द (इच्छा गर्ने स्वभाव)

(ग) **१४ अकुशल चैतसिकहरू:**

१. **मोह** (विस्मृति बेहोसी हुने स्वभाव), २. **अहिरिक** (दुश्चरित्र कार्य–पाप गर्न लाज नमान्ने स्वभाव), ३. **अनोतप्प** (दुश्चा-रित्रिक कार्य अर्थात् पाप कर्ममा भय, त्रास नमान्ने स्वभाव), ४. **औद्धत्य** (चित्तको चंचलता, अस्थिरता), ५. **लोभ**, ६. **दृष्टि** (मिथ्या दृष्टि), ७. **मान**, ८. **द्वेष**, ९. **ईर्ष्या**, १०. **मात्सर्य** (आफ्नो बराबर गरेको हेर्न नसक्ने कंजुसीपन), ११. **कौकृत्य** (पीर, चिन्ता वा पश्चाताप), १२. **स्त्यान** (थीन=चित्त शक्ति हीन भई अनुत्साह वा आलस्य हुने स्वभाव), १३. **मृद्ध** (मिद्ध, चैतसिकको तेजशक्ति रहित भई अर्ध निन्द्राको अवस्थामा रहने अकर्मण्यता = सुस्तिपनको स्वभाव) र १४. **विचिकित्सा** (बुद्ध, धर्म, संघ वा अष्टाङ्गिक मार्गको बारेमा सन्देह) ।

(घ) **१९ शोभन साधारण चैतसिकहरू:**

१. **श्रद्धा**, २. **स्मृति**, ३. **हिरि** (दुश्चारित्रिक कार्य=पाप कर्ममा लज्जा), ४. **ओतप्प** (पाप कर्ममा भय), ५. **अलोभ**, ६. **अद्वेष**,



Downloaded from http://dhamma.digital

७. **तत्रमज्भत्तता** (तत् तत् आलम्वनमा मध्यस्थ रहने स्वभाव), ८. **काय प्रश्रब्धि** (काय पस्सद्धि=चैतसिकको शान्त रहने स्वभाव), ९. **चित्त प्रश्रब्धि** (चित्त पस्सद्धि=चित्तको शान्त रहने स्वभाव), १०. **काय लहुता** (चैतसिकको हलुंगोपन), ११. **चित्त लहुता** (चित्तको हलुंगोपन), १२. **काय मुदुता** (चैतसिकको कोमलपन, नरमीपन स्वभाव), १३. **चित्त मुदुता** (चित्तको कोमलपन, नरमीपनको स्वभाव), १४. **काय कमञ्ञता** (चैतसिकको तेज शक्ति युक्त वा कार्य योग्य हुने स्वभाव), १५. **चित्त कमञ्ञता** (चित्तको तेजशक्ति युक्त वा कार्य योग्य हुने स्वभाव), १६. **कायपागुञ्ञता** (चैतसिकको प्रागुण्य, दक्षता हुने स्वभाव), १७. **चित्तपागुञ्ञता** (चित्तको प्रागुण्य, दक्षता हुने स्वभाव), १८. **कायुजुकता** (चैतसिकको सिधासादापन) र १९. **चित्तजुकता** (चित्तको सिधासादापन) ।

(ङ) **३ शोभन विरति चैतसिकहरूः**

१. सम्यक् वचन, २. सम्यक् कर्मान्त, र ३. सम्यक् आजीव

(च) **दुई शोभन अप्पमञ्ञा चैतसिकहरूः**

१. **करूणा** र २. **मुदिता** ।

(छ) **एक शोभन प्रज्ञा चैतसिक हो** : १. **प्रज्ञा** ।

## बुद्ध धर्मको दार्शनिक व्याख्यान

बुद्ध धर्मको दर्शन अनुसार नाम रूप धातुको अविच्छिन्न निरन्तरताको नाउँ संसार हो । नाम रूपदेखि भिन्न संसार भन्ने छैन । प्रत्येक रूप उत्पत्ति भएपछि विनाशमा प्राप्त भइहाल्छ । यो रूपको स्वभाव धर्म हो । तसर्थ रूप अनित्य छ । कर्म चित्तद्वारा सम्पादन गरिने धर्म हो जुन संचित रहन्छ । चित्त अनेक किसिमका रहे झैं कर्म पनि अनेक किसिम र मात्राका हुन्छन् । कुशल वा अकुशल चित्तको कारणले संचित भएका कुशल वा अकुशल कर्म नै जीवनमा हुने अनेक परिणामहरूका हेतु हुन् । कर्म मानसिक धर्म हो । **तसर्थ कर्महरू संचित रहन्छन् । चित्तका विविधताका कारणले सत्वहरूका गुण र क्षमतामा विभिन्नता रहन्छन् ।**



Downloaded from http://dhamma.digital

**संस्कारका विविधताका कारणले मानिसहरूका बीचमा अनेक भिन्नता देखिन्छन् । कर्मका विभिन्नताका कारणले गर्दा व्यक्तिहरूका शारीरिक बनोटमा विभिन्नता, भाग्यमा विभिन्नता, पुद्गलहरूका रूप, चरित्र र स्वभावमा अनेक भिन्नता देखिने गर्दछन् ।** स्थूल क्लेशले अकुशल कर्मलाई प्रवृत्त गर्दछन् भने मध्यम क्लेशले अकुशल कर्मलाई प्रवृत्त गर्न भने सक्तैन । सूक्ष्म क्लेश जति छन्, ती चित्तका साथै उत्पन्न नभई अनुशयका रूपमा चित्तमा संचित रहन्छन् । **बौद्ध कर्मवादको सिद्धान्त अनुसार कुशलाकुशल संस्कारको कारणले उत्पत्ति भएका अपरापरीय वेदनीय कर्महरूलाई संगाली जीवन मरणको अनन्त भव चक्रमा रूमल्लिरहन वाध्य विवश रहेका सत्वहरूले निर्वाण प्राप्त नगरेसम्मका लागि कुशलाकुशल कर्मको विपाकको भोग गर्नै पर्ने हुन्छ ।**

चित्तको श्रृङ्खला वर्तमान जीवनमा मात्र सीमित छैन । भूत, वर्तमान र भविष्यका जीवनहरू पनि चित्तहरूको अटूट श्रृङ्खलाद्वारा गांसिएका हुन्छन् । प्रत्येक चित्त उत्पत्ति भएपछि शिघ्र नै निरोध हुन्छ तर यो निरूद्ध हुने चित्तको लगतै पछि अर्को चित्त उत्पत्ति भइहाल्छ । किनभने एउटा निरूद्ध हुने चित्त नै त्यसपछि उत्पत्ति हुने चित्तको उत्पत्तिको हेतु हुन्छ । यही क्रममा जीवनको अन्तिम चित्त च्यूति चित्तले अर्को जन्मको प्रथम चित्त प्रतिसन्धि चित्तलाई उत्पत्ति गर्दछ । पूर्व जन्मको कर्मले गर्दा जन्म हुन्छ । जीवनको प्रथम चित्त प्रतिसन्धि चित्त वास्तवमा कर्मको फल हो । त्यसैले प्रतिसन्धि चित्त विपाक चित्त हो । कर्मले प्रतिसन्धि चित्तलाई उत्पत्ति हुंदाकै घडीमा रूपलाई पनि उत्पत्ति गर्दछ । त्यसरी नै ऋतुले पनि रूपलाई उत्पत्ति गर्दछ । प्रतिसन्धि चित्तको निरोध हुनासाथै त्यसै घडीमा अर्को चित्त उत्पत्ति भइरहेको हुन्छ र यसरी चित्तले पनि रूपलाई पैदा गर्दछ । आहारले पनि शरीरको अभिवृद्धि गर्ने रूपलाई पैदा गर्दछ । यसरी कर्म, चित्त, ऋतु र आहारले पनि निरन्तर रूपमा रूपलाई उत्पत्ति गर्दछन् ।

कर्मले जीवनको प्रथम घडीमा मात्र होइन, सम्पूर्ण जीवनभरि नै रूपलाई पनि पैदा गर्दछ, आलम्वनहरूलाई अनुभव गर्ने विपाक चित्तहरूलाई पनि पैदा गर्दछ र ती आलम्वनहरूलाई अनुभव गर्ने इन्द्रियहरूको रूपमा चक्षु इन्द्रिय वा चक्षु प्रसाद रूप जस्ता प्रसाद रूपहरूलाई पनि उत्पत्ति गर्दछ ।



Downloaded from http://dhamma.digital

पूर्व जन्महरूका संचित प्रवृत्तिहरूलाई वर्तमान जीवनको प्रतिसन्धि चित्तमा ल्याइएका हुन्छन् । यसरी वर्तमान जीवनमा पुद्गलका जुन मनोवृत्तिहरू वा स्वभावहरू छन् ती अतीतका संचयहरूद्वारा संस्कारित हुन्छन् । **यसरी बुद्ध धर्ममा पुनर्जन्मवादको सिद्धान्तको प्रतिपादन भएको पाइन्छ ।**

बुद्ध धर्म र दर्शन अनुसार कर्मवाद र पुनर्जन्मवाद एक आपसमा अन्योन्याश्रित रहेका धर्महरू हुन्, सिद्धान्तहरू हुन्, सत्यहरू हुन् । कर्म र कर्मका विपाकको भूमिकालाई निम्न पालिको वाक्यले प्रष्ट पार्नेछ:-

**"सब्बे सता कम्मस्सका, कम्म दायादा, कम्म योनी, कम्म बन्धु, कम्म पटिसरणा । यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा, तस्स दायादा भविस्सन्ति ।"**

अर्थात्

*प्राणी मात्रको सम्पत्ति भन्नु नै कर्म हो, सम्पूर्ण प्राणीहरू कर्मकै उत्तराधिकारी हुन्, कर्मनै मात्र तिनीहरूको उत्पत्ति स्थान हो, कर्म नै तिनीहरूको बन्धुवान्धव हुन् र कर्म नै मात्र तिनीहरूको शरण स्थान हो । कुशल वा अकुशल जेजस्ता कर्महरू सम्पादन गरिन्छन् त्यसै अनुसार प्राणीहरू आ-आफ्ना कर्मका उत्तराधिकारी हुनेछन् ।*

संसारमा जतिपनि रूपादि धर्महरू छन्, जति पनि मानसिक धर्महरू छन्, ती सबै हेतुद्वारा उत्पत्ति हुन्छन् र हेतुको निरोध हुनासाथ निरूद्ध हुन्छन् । माथि भनिसकिएको छ कि बुद्ध धर्मका अनुसार कर्म, चित्त, ऋतु र आहारका हेतुहरूबाट नाम रूपहरूका उत्पत्ति हुन्छन् । व्यक्तिको अतीत कर्मको हेतुबाट वर्तमान जीवनको जीव भनिने जीवित रूप, हृदय भनिने हृदय बस्तु रूप, स्त्रीभाव रूप, पुरूषभाव रूप, चक्षु प्रसाद रूप, श्रोत प्रसाद रूप, घ्राण प्रसाद रूप, जिव्हा प्रसाद रूप र काय प्रसाद रूपहरू उत्पत्ति हुन्छन् । विभिन्न किसिमका चित्तका हेतुबाट अनेक किसिमका चित्तज रूप कलापहरू, किसिम किसिमका कायकर्म रूप, वचन कर्म रूप र मन कर्म रूपहरू उत्पत्ति हुन्छन् । ऋतुको कारण चतुर्महाभूत धातु चारका रूपबाट अनेक प्रकारका ऋतुज रूप



Downloaded from http://dhamma.digital

कलापहरू उत्पन्न हुन्छन् भने आहारको कारण पनि चतुर्महाभूत धातु चारका रूपबाट उदरभित्रका आहारज रूप कलापदेखि अनेक प्रकारका आहारज रूप कलापहरू उत्पन्न हुन्छन् । कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्म चारको कारणबाट सम्पूर्ण शरीरमा साह्रोपन नामक पृथ्वी धातु उत्पन्न हुन्छ, संयोग नामक आप धातु उत्पन्न हुन्छ, शीत वा उष्णता नामक तेज धातु उत्पन्न हुन्छ र आश्रय, दबाब वा गति नामक वायु धातुको पनि उत्पत्ति हुन्छ । अनि ती रूप सन्ततिको धारा प्रवाहित भइरहेसम्म रूपको जीवित भइरहन्छ । **चतुर्महाभूतको कारणले सजीव (चेतन) र निर्जीव (जड) मा जुन धातुहरूको प्रक्रिया हुन्छ सो सामान्य व्यक्तिहरूका लागि अचिन्त्य अर्थात् अचिन्तनीय नै हुन्छन् । किनभने ती चार धातुहरूको ऋद्धि र शक्ति यो यस्तो वा यति हुन्छ भनी चिन्तना नै गर्न सकिन्न ।**

बुद्ध धर्मका अनुसार आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरी जीवन शुरू गर्ने जरायुज योनीका मानिस जस्ता जीवधारी प्राणीहरूको जीवन १. पूर्वजन्मका बीज १, २. आमाको रस धातु बीज १, र ३. पिताको रस धातु बीज १, को संयोग भई ती ३ बीज रूपी हेतुको कारण उत्पत्ति भएको अति साना मानिसको मांस चक्षुले देख्न मुश्कील पर्ने सूक्ष्म रूपको कलल रूपबाट मानिसको जीवन शुरू भई कर्म, चित्त, ऋतु र आहारको कारणले नाम रूपको निरन्तर उत्पत्ति र बृद्धि भई पूर्ण रूपमा विकसित हुने गर्दछन् ।

नाम रूपमा पृथ्वी, आप, तेज, वायु र आकाश नामक रूप धातु पांचमा कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्म चार, विज्ञान नामक धातु एक र वत्थु र आरम्मण नामक हेतु दुई गरी ६ धातुहरूका हेतु धर्म ६ समावेश हुन्छन् । रूप धातुमा समावेश हुने पृथ्वी, आप, तेज र वायु जस्ता चतुर्महाभूत धातु रूपहरू एक अर्कामा आश्रित भई चारै महाभूत धातुको एक एक स्कन्ध वा पिण्डको रूपमा एकै पटक उत्पत्ति र विनास हुन्छ । यसरी पिण्ड स्वरूपको चतुर्महाभूत धातु रूपलाई कलाप भनिन्छ । कर्मका हेतुबाट पनि पृथ्वी, आप, तेज, र वायु धातुहरूको चतुर्महाभूत धातु रूपहरूको कलापको निरन्तर उत्पत्ति भइरहेका हुन्छन् । चित्तका हेतुवाट पनि ती चतुर्महाभूत धातुहरूको कलापको



Downloaded from http://dhamma.digital

निरन्तर उत्पत्ति भइरहेका हुन्छन् । त्यसरी नै ऋतु र आहारका हेतुबाट पनि भिन्न भिन्न चतुर्महाभूत धातुहरूको अलग अलग रूप कलापहरू निरन्तर उत्पत्ति भइरहेका हुन्छन् । प्रत्येक कलापका ती चतुर्महाभूत धातुहरूको उत्पत्ति र विनाशको प्रक्रिया एकै समान हुन्छन् ।

**कर्मबाट निर्मित चतुर्महाभूतको कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूतको कलापका बीच बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले ती अलग अलग हेतु धर्मका कारण उत्पत्ति भएका कलापहरूलाई परिच्छेद गरी छुट्याएका हुन्छन् । यसरी आकाश धातुले ती भिन्न भिन्न उत्पत्तिका कारण मुताविक आ–आफ्ना हेतुका कारण पिण्ड पिण्डको रूपमा उत्पत्ति भएका चतुर्महाभूत धातुहरू वा कलापहरूलाई परिच्छेद गरी छुट्याएको हुंदा ती कलापहरूलाई विभाजन गर्न सकिने हुन्छ ।** यसरी माथि उल्लेख गरिएका चार धातुहरूको उत्पत्ति र विनाशको प्रकृया एकै समान भएतापनि आकाश धातुबाट परिच्छेद गरेको कारणले मात्र एक अर्का कलापको उत्पत्ति र विनाशको प्रक्रिया पनि एक समान रहेको हुन्छ । पृथ्वी, आप, तेज र वायुधातुहरू सबै नमिलीकन कुनै पनि रूप कलापको उत्पत्ति क्रम हुन नसक्ने भएकोले कुनै पनि रूप (वर्ण), जल, आवाज, (शब्द), हावा (वायु) र गन्धमा समेत पृथ्वी तत्वहरू भरपूर मात्रामा विद्यमान रहेका हुन्छन् । किनभने पृथ्वी तत्वको आश्रय नलिईकन जल, वायु, र तेज तत्वको अस्तित्व सम्भव रहदैन । त्यसरी नै आप धातुले आबद्ध नगरेमा पृथ्वी धातु, तेज र वायु धातु सबै संगै उपस्थित रहन सक्दैनन् । तेज धातुले नै अन्य सहजात सहअस्तित्वमा रहेका पृथ्वी, आप र वायुलाई पनि परिपक्व र सबल बनाई राखेका हुन्छन् भने वायु धातुले नै अन्य सह जात सह अस्तित्वमा रहेका धातुहरूलाई शक्ति र गतिशीलता प्रदान गरेका हुन्छन् । तसर्थ ती चारै महाभूतको अस्तित्वमा आउने एकै साथ एक कलापको रूपमा उत्पत्ति हुनु जरूरी हुन्छ । ती चार महाभूतहरूका उत्पत्ति, स्थिति र भङ्ग (विनाश) का किसिम पनि एकै समान रहेका हुन्छन् भन्ने कुरा माथि दर्शाइ सकिएको छ । चर्म चक्षुको नजरमा सत्वहरूलाई र रूप स्कन्धहरूलाई पनि एकै रूपाकार एकै ढिक्काको रूपमा देखिने हुंदा आकाश धातुलाई चर्म चक्षुबाट देख्न सकिंदैन । त्यसरी नै सूर्यको किरण जस्ता प्रकाशमा, घण्टीको आवाज जस्ता आवाजमा र



Downloaded from http://dhamma.digital

सुगन्धित बासनाहरू जस्ता बासनाहरूमा पृथ्वी तत्वका साह्रोपन लक्षणहरू विद्यमान रहे पनि ती बस्तुहरू आफ्नै स्वभावका कारणले यति सूक्ष्म हुन्छन कि ती कुराको अस्तित्व पनि हुन्छ भन्ने कुरालाई चर्म चक्षुले देखन जान्न नसकिने भएकोले ग्रन्थहरूका आधारमा मात्र प्रमाणित गर्न सकिन्छ ।

जब हजारौं, लाखौं, करोडौं पृथ्वी तत्वहरू (जुन केवल साह्रोपनका गुणहरू मात्र हुन्) लाई आपो धातुको माध्यमबाट संयुक्त गरी संगै राखिन्छन्, अनि "परमाणु" नामको रूपको अस्तित्व देखा पर्दछ । जब हजारौं, लाखौं, करोडौं यस्ता परमाणुहरू संयुक्त हुन्छन्, अनि उडुसहरू, उपिंयाहरू, इत्यादि भन्ने जस्ता क्षुद्रानुक्षुद्र रूपहरूका नाम उत्पन्न हुन्छन् । यसरी नै मात्राको परिमाण बढ्दै जाँदा प्राणीहरूमा क्षुद्रानुक्षुद्र जीवहरूदेखि लिएर ठूला ठूला प्राणीहरू र बाहच वस्तुहरूमा साना साना बस्तुदेखि लिएर र सुमेरू पर्वत र महान् पृथ्वी जस्ता नामहरू पनि खडा हुन आउंछन् ।

किन्तु ती पृथ्वी, आप, तेज र वायु धातुका कणहरूका एक-एक कणका परमाणुलाई हजारौं, लाखौं खण्डमा विभाजन गरे पनि तिनमा कुनै ठोस, सार, नित्य, अविनाशी तत्व केही भेटिंदैनन्। किनभने नाम धातुहरू मात्र होइनन्, रूप धातुहरू पनि हेतुका कारण उत्पत्ति हुंदै हेतुको निरोधका साथै निरूद्ध हुने स्वभाव धर्महरू मात्र हुन् । क्षणक्षण मै परिवर्तन हुंदै एक घडी, एक पला, एक क्षण पनि स्थिर नरहीकन उत्पत्ति, स्थिति र विनाशको रूपबाट नित्य प्रवाह मात्रका रूपमा रहेका यिनै नाम रूपको निरन्तर प्रवाह नै जीवन हो । सम्पूर्ण रूपमा संस्कार निरूद्ध नभएसम्म जन्म भवको निरोध सम्भव छैन । अविद्या र तृष्णाको निरोध नभएसम्म संस्कारको निरोध हुंदैन । निर्वाणको लाभ नभएसम्म प्राणीहरू यसरी जन्म र मृत्युको भवचक्रमा घुमिनै रहन्छन् । भवचक्र घुमिरहेसम्म चित्तको उत्पत्ति, स्थिति र भङ्गको लहर अखण्ड रूपमा प्रवर्तित भइरहन्छन् । यसरी उत्पत्ति हुने कुनै एउटा चित्त पनि स्थिर र स्थायी नरहने हुंदा जीवन र जीवनका सम्पूर्ण अङ्ग प्रत्यङ्गहरू अनित्य छन् । किनभने नाम धर्म भनेको आंखाको एक पलकको झिम्काइको अवधि भित्र वा एक विजुली चम्काइको समयावधि भित्र वा एक चुट्की बजाउंदाको समयावधि



Downloaded from http://dhamma.digital

भित्र पनि एक लाखकोटी भन्दा बढी पटक उत्पत्ति र विनाश भइसक्छन् भन्ने कुरा बौद्ध ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

**"खयट्ठेन अनिच्चं"** – क्षणक्षणमै उत्पत्ति भई क्षणक्षणमै विनाश हुने स्वभावलाई, प्रक्रियालाई बुद्ध धर्म र दर्शनमा अनित्य भनिएको हो ।

**"भयट्ठेन दुक्खं"** – अनित्यताको स्वभाव धर्मका कारणले यो संसार भयङ्कर दुःख र भयका कारण र श्रोत नै रहिआएकोले यसलाई दुःख भनी बुद्ध धर्म र दर्शनमा भनिएको हो ।

**"असारकट्ठेन अनत्ता"** – यस संसारका सम्पूर्ण पुद्गलहरू सारतत्व विहीन छन् । ठोसभूत, सारभूत, नित्य, अपरिवर्तनीय तत्व केही नभएकोले आफ्नो इच्छा अनुरूप कायम नरहने हुंदा अनात्मा हुन् भनी बुद्ध धर्म र दर्शनमा उल्लेख गरिएको छ ।

लौकिक व्यवहार र बोलचालको भाषामा प्रयोग हुने सम्बृत्ति सत्य प्रज्ञप्ति धर्ममा मात्र सीमित परिमित नरही सम्पूर्ण भौतिक एवं मानसिक धर्महरूलाई फारी फारीकन केलाई केलाईकन परमार्थ धर्मको यथार्थ स्वभाव देखिने गरी प्रकाशित गरिएबाट बुद्ध धर्मलाई विभज्जवाद र यथार्थवादमा आधारित धर्म भनिएको छ भने प्रत्येक नाम रूपका उत्पत्ति हुनाका हेतु धर्महरूलाई समेत सविस्तार विवेचना गर्दै प्रतीत्य समुत्पादको नियमलाई छर्लङ्ग हुने गरी व्याख्यान र विश्लेषण गरिएको धर्म हुंदा बुद्ध धर्मलाई हेतुवादी भनिएको छ । बुद्ध धर्मलाई भिक्षु अस्सजीतले यसरी संक्षेपीकृत गर्नु भएको थियो– **"ये धम्मा हेतुप्पभवा । तेषाम् हेतु तथागतो आह । तेषाम् च यो निरोधो । एवं वादी महासमणोति ।"** अर्थात् *यस संसारमा हेतुबाट उत्पन्न हुने जतिपनि धर्महरू छन् ती सबैको हेतु (कारण) तथागतले बताउनु भएको छ । ती धर्महरूको निरोधबारे पनि बताउनु भएको छ । यही नै महाश्रमण भगवान् बुद्धको वाद हो ।*

बुद्ध धर्ममा चतुर्महाभूत वा अष्टकलापबाट रूप धातुलाई २८ रूपमा विभाजित गरिएको मात्र होइन, नाम धातुका रूपमा रहेका चित्त र चैतसिकलाई पनि ८९ (१२१) प्रकारका चित्तहरू र ५२ प्रकारका चैतसिकहरूमा विभाजन र विश्लेषण गरिनाको साथै



Downloaded from http://dhamma.digital

नाम धातुबाट रूप धातुको गुण, लक्षण र स्वभाव छुट्याइएको र सूक्ष्मातिसूक्ष्म नाम धातुबाट पनि चित्तबाट चैतसिकको गुण, लक्षण र स्वभाव अलग अलग छुट्याउने कार्य गरी प्रत्येक चित्त र चैतसिकका अलग अलग लक्षण, गुण, स्वभाव र तिनका कृत्यहरूलाई पनि देखाई हेतुद्वारा उत्पत्ति भइरहेका सम्पूर्ण नाम रूप धर्म सबै नै अनित्य छन्, दुःखका कारण हुन् र सारतत्व शास्वत स्थीर हुने अविनाशी तत्व केही नभएका अनात्मा हुन् भनी विभज्जवादी मार्गबाट प्रष्ट गरिएको पाइन्छ । तसर्थ बुद्ध धर्मको विश्लेषणको मूल आधार विभज्जवाद रहिआएको छ ।

## बुद्ध धर्मानुसार जीवनको लक्ष्य

बुद्ध धर्ममा नाम धातु र रूप धातु स्वभावलाई सूक्ष्मातिसूक्ष्म विस्तारका साथ गम्भीरातिगम्भीर विषयलाई विस्तृत रूपमा विभाजन, वर्गीकरण, विश्लेषण र विवेचना गरी के सिद्ध गरिएको छ भने हेतुद्वारा उत्पत्ति भएका सपूर्ण नाम रूप धर्महरू यथार्थतः अनित्य छन्, वस्तुतः दुःखका कारण हुन्, दुःख हुन् र वास्तवमा शास्वत स्थीर अविनाशी र स्थायी सारतत्व नामक केही कुरा नभएका अनात्मा धर्म स्वभाव मात्र हुन् । असंख्य लोक धातुहरू, चक्रवालहरू र ब्रम्हाण्डहरूले भरिएको यस विश्व ब्रम्हाण्डमा उत्पत्ति स्थिति र भङ्गको अनन्त चक्रमा निरन्तर घुम्दै फिर्दै चक्कर लगाउदै एक घडी, एक पला, एक क्षण पनि अक्षयी अव्ययशील र स्थीर नरही उत्पत्ति हुदै विनष्ट भई रहेका असंख्य अनगिन्ती भौतिक रूप धर्महरू र मानसिक नाम धर्महरूको अनन्त संसरण नै संसार हो । यस हेतुजनित संसारमा अनित्य, दुःख र अनात्मा धर्मको कुनै अपवाद छैन, छ केही भने एउटै असंस्कृत धातु स्वभाव निर्वाण मात्र छ । ससंस्कृत धर्म सबैको निशेष रूपमा निरोध हुनु नै निर्वाण हो । बुद्ध धर्म र दर्शन अनुसार यही अक्षयी, अविनाशी, महान् सुखकारक परम शान्ति निर्वाण प्राप्त गर्नु नै सत्व मात्रको सबैभन्दा ठूलो लक्ष र जीवनको अन्तिम उद्देश्य हुनु पर्दछ । बुद्ध धर्ममा जोड दिइएका शील, समाधि र प्रज्ञाको अभ्यास र आचरणको अन्तिम लक्ष्य नै यही निर्वाणको साक्षात्कार हो, लाभ हो, प्राप्ति हो ।

❀❀❀



Downloaded from http://dhamma.digital

परिच्छेद - ६

# विज्ञान र प्रविधिको उपलब्धिपूर्ण विकास र बुद्ध धर्म

## आधुनिक विज्ञानको क्षमता

भगवान् बुद्ध र उहाँका अनुयायी भिक्षुहरूले हजारौं बर्ष अगाडि नै प्रज्ञा ज्ञानका आधारमा ज्ञान चक्षु, प्रज्ञा चक्षु, बुद्ध चक्षु, समन्त चक्षु र धर्म चक्षुले संसार, विश्व ब्रम्हाण्ड र सत्वहरूको स्वरूपको गहन अध्ययन गर्नु भई संसारको रहस्य, विश्वब्रम्हाण्डको अनन्तता र नामरूपधारी सत्वहरूको यथार्थ वस्तुस्थितिका बारेमा तथ्य जानकारीहरू प्रकाशित गर्नु भएका पाइन्छ । कतिपय ती बौद्ध धारणाहरू आश्चर्य अद्‌भूत प्रकृतिका रहेका छन् । आधुनिक विज्ञान र प्रविधिको उपलब्धिपूर्ण विकास हुनु अगावैका यस विश्वमा सामान्य मानवको साधारण ज्ञान क्षेत्रबाट यस अघि ती धारणाहरूको सत्यता र वास्तविकताको कुनै प्रभावकारी जाँच पड्ताल र परीक्षण हुन सकिन्नथ्यो र केवल बुद्ध, धर्म र संघप्रतिका गहिरो आस्था, निष्ठा र श्रद्धाकै आधारमा सामान्यत: ती सत्यहरूलाई ग्रहण गर्ने मानिसहरू अग्रसर रहन्थे । हुन त भगवान् बुद्धले प्रतिपादन गर्नु भएका आश्चर्य अद्‌भूत लाग्ने सत्य, तथ्य, मत, सिद्धान्त र धारणाहरूलाई पनि इच्छा हुने जुनसुकै व्यक्तिले शील, समाधि र प्रज्ञाको गहन अभ्यासद्वारा स्वयं आफैंले विभिन्न लौकिक एवम् लोकोत्तर ज्ञान र अभिज्ञाहरू प्राप्त गरी सो प्रज्ञा चक्षु र ध्यान चक्षुद्वारा व्यक्ति स्वयंले आफैंले अनुभव गर्न नसकिने होइन । अझ ती सत्य, तथ्य, मत, सिद्धान्त र धारणालाई जाँच गर्ने पूर्ण छूट र स्वतन्त्रता पनि बुद्ध धर्ममा प्रदान गरिएकै छ । यसैको लागि व्यक्तिको आ–आफ्नो इच्छा, अधिष्ठान र संकल्प शक्तिको आधारमा श्रावक बुद्धत्व, प्रत्येक बुद्धत्व र स्वयं सम्यक्



Downloaded from http://dhamma.digital

सम्बुद्धत्वको ज्ञानको मार्ग अनुशरण गर्न समर्थवान बनाउन पनि भगवान् बुद्धले सबै इच्छुक साधकहरूका लागि सम्पूर्ण मार्ग र पथको प्रदर्शन गर्नु भई सबै मार्गलाई खुल्ला नै राख्नु भएको थियो। भगवान् बुद्धले आफ्ना सुआख्यात, सांद्रिष्टिक, एहिपस्सिक र ओपनयिक धर्मलाई विज्ञजनहरूले आ–आफ्नै प्रज्ञा ज्ञानद्वारा अवबोध गर्न सकिने सत्य धर्म हो भनी घोषणा गर्नु भएको कारण पनि त्यसैले होला । किन्तु सर्वसाधारण जिज्ञासु सबै जनतालाई विज्ञान र प्रविधिको आजको सहयोग उपलब्ध नभएको समयमा आफ्नै बलबुत्ताले ध्यान भावनाद्वारा सम्पूर्ण लौकिक र लोकोत्तर अभिज्ञाहरू हासिल गरी बुद्धवाणीको सत्यतालाई आफैं जाँचबुझ परीक्षण गर्ने धैर्य, साहस र उत्साह उत्पन्न गर्नु व्यवहारमा त्यति सहज, सुगम र सुलभ कुरो थिएन । तसर्थ श्रद्धाकै भरमा बौद्ध धारणाहरूलाई स्वीकार गरी ग्रहण गर्न सामान्य मानिसहरू सामान्यत: विवश रहनु कुनै अस्वाभाविक थिएन ।

किन्तु औद्योगिक क्रान्तिको युगका प्रारम्भका साथै विगत केही शताब्दीदेखि शुरू भएको विज्ञान र प्रविधिको अभूतपूर्व विकासले चरमचुली छुन सफल भएको आजको एक्काइसौं शदीका युगमा भौतिक विज्ञान, रसायन शास्त्र, गणित शास्त्र, भूगर्भ शास्त्र, अन्तरीक्ष विज्ञान, इलेक्ट्रोनिक्स र माइक्रोइलेक्ट्रोनिक्स, कम्प्यूटर विज्ञान र कम्प्यूटर इन्जिनीयरिङ, जीव विज्ञान, औषध विज्ञान, वनस्पति विज्ञान, जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ, आणविक जैविकी विज्ञान, मानव जिनोम विज्ञान र सूचना प्रविधि विज्ञान जस्ता विभिन्न ज्ञान विज्ञानका क्षेत्रमा भएका क्रान्तिकारी विकासले मानवको सामु अनेक सुविकसित अत्याधुनिक सूक्ष्मदर्शक र दूरदर्शक यन्त्र र औजारका साथै अनेक जटील साधन, हिसाव, सूचना र ज्ञानादिका साधनका राश नै उपलब्ध गराइदिएको हुंदा पुरातन धर्म र दर्शनमा उल्लेख भएका कतिपय सूक्ष्मातिसूक्ष्म, गम्भीरातिगम्भीर चीज, बस्तु, विषय र धारणाहरूलाई वस्तुगत रूपमा जाँचबुझ परीक्षण गरी तिनका सत्यता, यथार्थता र तथ्यता र वस्तुपरकताको सम्बन्धमा यकिन ठहर गर्न सक्ने अवस्थामा आजका वैज्ञानिकहरू आइपुगेका छन् । त्यसैले धर्म र दर्शनले अन्तर्मुखी साधन र प्रज्ञा ज्ञानका आधारमा प्रतिपादन गरेका कतिपय कुराहरूको सत्यतालाई प्रमाणित गर्ने वा अन्यथा सावित गर्ने क्षमता आजको



Downloaded from http://dhamma.digital

विज्ञानले प्राप्त गरेको छ । यसै सिलसिलामा आजको विज्ञानले आफ्ना सिलसिलाबद्ध वस्तुगत अध्ययन र वैज्ञानिक अनुसन्धानको क्रममा कतिपय मानिसका पुराना धारणाहरू, धार्मिक अन्धविश्वासहरू, कोरा अनुमान र मनोमय कल्पनाहरूलाई सर्वथा बेठीक र निःसार प्रमाणित गरिदिएको हुंदा ती धार्मिक सिद्धान्तहरू विल्कूल निराधार हुन पुगेका पाइन्छन् भने कतिपय धार्मिक र दार्शनिक मान्यताहरू र विश्वासहरूलाई वैज्ञानिक विश्लेषणबाट समेत सत्य सावित गरिदिएबाट आजका बहिर्मुखी भौतिकवादी वैज्ञानिक र बुद्धिजीवीहरू पनि ती धर्म र दर्शनको उत्तरोत्तर अध्ययन र अनुसन्धान, अभ्यास र आचरणमा बढ्दो रूपमा आकर्षित हुन थालेका पनि पाइन्छन् । किनभने विज्ञानले कुनै पनि कुरालाई यसको बाह्य स्वरूप वा व्यक्तित्वको भव्यताको भरमा मोहित भई वा पूर्वाग्रहद्वारा पीडित भई स्वीकार वा अस्वीकार गर्ने काम गर्दैन । बरू त्यस कुरालाई केलाई केलाई, फारी फारीकन, अनेक प्रकारका प्रयोग र परीक्षण गरीकन निस्केको तथ्यलाई वस्तुगत तरीकाले निष्पक्ष विश्लेषण गरेर स्वयं अनुभूति गरेको आधारमा सत्य तथ्य देखेपछि मात्र वैज्ञानिकले कुनै कुरा निस्कर्षमा पुगी सो कुरा वा सिद्धान्तलाई मान्यता गरी ग्रहण गर्ने भएकोले आधुनिक विज्ञान र प्रविधिले समेत समर्थन गरेको खण्डमा आधुनिक वैज्ञानिक युगका प्रबुद्धवर्गमा सो धर्म र दर्शन, मत र सिद्धान्तलाई ग्रहण गर्नमा ठूलो उत्साह देखिनु कुनै अस्वाभाविक कुरा रहन्न ।

यस परिच्छेदमा हामी बुद्ध धर्ममा पाइने केही रोचक मान्यताहरूप्रति आधुनिक विज्ञानको निष्कर्ष र निर्क्योल सम्बन्धी तुलनात्मक विवरणहरू बारेमा चर्चा गर्ने जमर्को गर्दैछौं ।

बुद्ध धर्मका केही परम्परागत मान्यताहरू हुन्:

क) संसार उत्पत्ति र विनाशको चक्रमा घुम्दै फिर्दै निरन्तर रूपमा परिवर्तित हुदै गरेको हुंदा कसैको अधीनमा नरहेको दुःखको खानी हो । **“संसरन्ती'ति संसार”** ।

ख) यस संसारमा हाम्रो चर्म चक्षुले देखिने हाम्रो पृथ्वी, सूर्य, चन्द्र र ग्रह र नक्षत्रहरू मात्र होइनन्, यहाँ असंख्य चक्रवालहरू विद्यमान छन् । **“त्रिसाहस्र महासाहस्र लोकधातु ।”**



Downloaded from http://dhamma.digital

ग) यस महान् पृथ्वीदेखि लिएर यस संसारमा पाइने साह्रै ठूला, गऱ्हुंगा, साह्रा बस्तुहरू, पहाड, पर्वत, डांडाकांडा, सुन, चांदी, फलाम, धातुहरू र जीवजन्तु मनुष्य लगायतका प्राणीहरू सबै अनित्य छन्, अनात्मा हुन् र अन्ततोगत्वा दुःख हुन्, दुःखका कारण हुन् । **"अनित्य, दुःख र अनात्मा"** ।

सर्वसाधारण मानिसहरूका चर्मचक्षुका अगाडि स्थूल, भीमकाय, स्थीर, नित्य र ठोस देखिने हाम्रो यो संसारबारेको उपर्युक्त बौद्ध धारणाहरूकाबारेमा आधुनिक विज्ञानको अनन्त खोजी र आविष्कारहरूको निस्कर्ष कतिसम्म समान वा फरक छन् भन्ने कुरामा एक एक गरीकन विचार गरौं ।

**(क) संसरन्ती'ति संसार**

हेतुद्वारा उत्पत्ति र विनाश भइरहेका यस लोकका सम्पूर्ण सजीव र निर्जीव बस्तुहरू, यावत् सत्वहरू र तिनका नाम रूप धर्महरू अटूट रूपमा निरन्तर उत्पत्ति र विनाश र उत्पत्ति र विनाशका चक्रमा घुम्दै, फिर्दै, फन्को लगाउदै जरैदेखि परिवर्तन हुदै गइरहने भएकोले यसलाई संसार भनिन्छ भनी बुद्ध धर्मको मान्यता छ । सामान्य व्यक्तिको मांस चक्षुको अगाडि स्थीर, स्थूल, ठोसभूत, घनभूत र साह्रो देखिने चन्द्र, सूर्य, पृथ्वी, पहाड पर्वत, डांडाकांडादेखि लिएर हाड, छाला, मासु, फलाम, सुन, चाँदी, माटो, ढुंगा, काठ, हावा, पानी, किरण इत्यादि सम्पूर्ण भौतिक पदार्थहरू क्षण क्षणमै उत्पत्ति र विनाश भई एक घडी एक पला एक क्षण पनि स्थीर नरही उत्पत्ति र विनाशको चक्रमा घुम्दै निरन्तर संसरण हुदै जरैदेखि परिवर्तन हुदै गरेका छन् भने देव, ब्रम्हा, मनुष्य र अपाय गतिमा जन्म भइरहेका सम्पूर्ण सत्व प्राणीहरू पनि उत्पत्ति विनाशको यसै सांसारिक चक्रमा घुमिरहेका छन्, परिवर्तित भइरहेका छन् र क्षय व्यय धर्मका शिकार बन्दैछन् ।

भगवान् बुद्धले चार असंख्य र एक लाख कल्पसम्म पूर्ण गरेर आउनु भएका अनेक पारमिता, उपपारमिता र परमार्थ पारमिताहरू तथा सम्पादन गरेर आउनु भएका लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्याका पुण्य बलका प्रभावले अन्तिम जन्ममा आइपुग्दा सम्पूर्ण सजीव र निर्जीवका सूक्ष्मातिसूक्ष्म नाम धातु र रूप धातु स्वभावहरूलाई पनि अनन्त विभाजन गरी स्वयं



Downloaded from http://dhamma.digital

देख्न, जान्न र बुझ्न सक्ने महान् सर्वज्ञता ज्ञान प्राप्त गर्नु भएको हो । उहाँले ध्यान चक्षु, प्रज्ञा चक्षु, बुद्ध चक्षु, समन्त चक्षु र धर्म चक्षुले संयुक्त सर्वज्ञता ज्ञान चक्षुले संसारको यावत् स्वभाव धर्मको सूक्ष्मातिसूक्ष्म रूपबाट अन्तिम विश्लेषण र विभाजन गरी हेर्नु हुंदा षडिन्द्रियहरूद्वारा अनुभव गरिने यावत् नाम रूप धर्मका आधारभूत तत्वहरू पृथ्वी, आप, तेज र वायु जस्ता चतुर्महाभूत धातुदेखि अनेक विज्ञान धातुहरू, चित्त र चैतसिकरूपी नाम धर्म स्वभावहरू-लाई पनि निरन्तर, अटूट, अविछिन्न रूपमा उत्पत्ति र विनाशको सांसारिक चक्रमा घुम्दै, फिर्दै, परिवर्तन हुदैरहेको अनित्य धर्म देख्नु भएको हो । त्यसैले उत्पत्ति विनाशको चक्रमा घुम्दै घुम्दै क्षय व्यय भइरहेको यो जरैदेखि परिवर्तनशील संसार हो भन्ने तथ्य बुझाउन बुद्ध धर्ममा "संसरन्तीति संसार" भन्ने धारणा अभिव्यक्त भएको पाइन्छ ।

संसार चक्रको यस तथ्यको मर्मको अनुभवलाई सदैव स्मरणमा राख्न, जीवन्त राख्न होला शायद जीवनको दैनिक व्यवहार, पूजा, पाठ, धर्म इत्यादि अधिकांश कार्यहरू गर्दा पनि बौद्धहरू प्रतिकको रूपमा गोलाकार बस्तुकै बढी प्रयोग गर्न रूचाउंछ – मण्डलको रूपमा, कालचक्रको रूपमा, पूजा थालीको रूपमा, भोजन थालीको रूपमा इत्यादी । बौद्धजनहरूका परम्परागत घर गृहस्थी उपभोगका सामानहरूदेखि लिएर धर्मकर्म पूजाआजाका सरसामानहरूमा बढी मण्डलाकार, चक्राकार, गोलाकारकै बस्तुहरूको नै बाहुल्यता पाइन्छ । सर्वसाधारण बौद्धजनहरूले घरघरमा दिनहुं खाना खाने थाली गोलाकार हुन्छन् । बिहान, दिउंसो, बेलुकीको नास्ता खाने रिकापीहरू गोलाकार हुन्छन्, भोजभतेरमा प्रयोग हुने पातहरू गोलाकार हुन्छन् । नव बर्षारम्भका दिन आ–आफ्ना घरमा म्हपूजा (आत्मपूजा) गर्न गोलाकार मण्डल बनाउंछन् । भाइटिका गर्न गोलाकार मण्डल लेख्छन् । देवीदेवताहरूका पूजाका लागि गोलाकार मण्डल बनाउंछन्, मण्डल नै लेख्छन्, मण्डलकै पूजा गर्छन् । थांकाहरू, पौभाहरू, चित्रहरूमा मण्डलकै आधिक्यता पाइन्छ। मण्डलाकारमै देवीदेवता, मन्दिर, चैत्य स्तुप आदिको परिक्रमा गरिन्छन् । बुद्ध धर्मको परम्परागत मान्यता हो पृथ्वी गोल छ, चन्द्र गोल छ, सूर्य गोल छ, ग्रहहरू गोल छन् । ब्रम्हाण्ड नै गोल छ । संसार नै गोल छ । उत्पत्ति



Downloaded from http://dhamma.digital

विनाशरूपीनिरन्तर परिवर्तनको गोलाकार चक्र नै संसार हो, संसारको स्वरूप हो ।

अब आधुनिक विज्ञानको संसार विषयको धारणातर्फ लागौं । सत्रौं शताब्दीको प्रारम्भ अघिसम्म संसारका अबौद्धजनहरू पृथ्वीलाई सम्म परेका सतहीस्थल (Flat) मान्थे । सूर्य र चन्द्रमाले पृथ्वीलाई परिक्रमा गरी दिन रात बनाउने कुरामा विश्वास राख्दथे । सन् १६०९ मा ग्यालिलियोले पहिलो दूरबीन बनाएपछि मात्र पृथ्वी गोल छ भन्ने कुरा यकिन भयो । पृथ्वी आफ्नै कक्षमा घुमिरहेको छ र घुम्दै घुम्दै पृथ्वीले सूर्यलाई पनि परिक्रमा गर्ने गरेको कारण दिन रात र मौसमहरूमा परिवर्तन हुन्छ भन्ने कुरा पनि पत्ता लाग्यो । भूगोल शास्त्र, खगोल शास्त्र र अन्तरीक्ष विज्ञानका क्षेत्रहरूमा भएका द्रुततर विकासले गर्दा आज विज्ञानले सिद्ध गरेको छ कि पृथ्वी १००० मील प्रति घण्टाका दरले आफ्नै कक्षमा घुमिरहेको छ र यसरी घुम्दै घुम्दै ३६५ दिनमा स्वयं सूर्यलाई पनि पृथ्वीले फन्को मार्ने काम गर्दछ । सूर्यको विशाल मण्डल नक्षत्र प्रणाली १३ मील प्रति सेकेण्डका दरले घुमिरहेको छ। नक्षत्र प्रणालीले २०० मील प्रति सेकेण्डका दरले आकाश गंगालाई घुमिरहेको छ भने सम्पूर्ण आकाश गंगाले १०० मील प्रति सेकेण्डका दरले अति दूरस्थ ज्योतिर्मण्डलका साथ साथै एक आकाशीय विन्दुलाई केन्द्र मानी घुमिरहेको छ ।

सामान्य व्यक्तिको चर्म चक्षुको अगाडि हाड, छाला, मासु, सुन, चांदी, माटो, ढुंगा, फलाम, हावा, पानी, किरण आदिको रूपमा देखिने भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै केलाउँदै फार्दै लगी अति सूक्ष्मदर्शक यन्त्र, गणित, रासायनिक प्रक्रिया र अत्याधुनिक प्रयोगशालाको सहायताले विज्ञानले प्रत्येक स्थूल पदार्थलाई कण कणमा, अणु अणु र विद्युत तरंग स्वभावका परमाणु परमाणुमा मात्र विभाजित गरेको होइन कि अति सूक्ष्म रूप परमाणुलाई पनि अझ विभाजन गर्दै लगी इलेक्ट्रोन, प्रोटन, न्यूट्रन जस्ता विद्युत गति वा तरंगसम्ममा विश्लेषण गर्ने सफलता हासिल गरिसकेको छ । यसरी विद्युत तरंग स्वभावका अति सूक्ष्म रूप परमाणुभित्र रहेका उपपरमाणु रजहरू (Sub atomic particles) का रूपका इलेक्ट्रोन, प्रोटन, न्यूट्रनको संख्या र गति समेतलाई पहिचान गरी विज्ञानले कुन कुन परमाणुभित्रको केन्द्रिकामा के



Downloaded from http://dhamma.digital

कति संख्यामा प्रोटन र न्यूट्रन हुन्छन् र कुन कुन परमाणुका ती केन्द्रिकालाई के कति इलेक्ट्रोनले कुन कक्षमा कसरी फन्को लगाइरहेका हुन्छन् भन्ने विस्तृत कुरो पनि पत्ता लगाएको छ । विज्ञानले भनेको छ कि हरेक उपपरमाणु रजका लागि उत्तिकै द्रव्य (Mass) र विपरीत शक्ति (Charge) भएको एउटा प्रति उपपरमाणु रजहरू (Anti particles) पनि रहेका हुन्छन् । विज्ञानले हामीलाई बताएको छ कि परमाणुको आकार एक सेन्टिमीटरको दशौं करोड खण्डको एक खण्ड बराबर सूक्ष्म हुन्छ भने त्यसको केन्द्रिका (Atomic nucleus) को आकार त त्यो परमाणुको एक लाख खण्डको एक खण्ड बराबर सानो र सूक्ष्मतर हुन्छ । परमाणुलाई विभाजन गरी पत्ता लगाइएका प्रोटन, न्यूट्रन र इलेक्ट्रोनमध्ये इलेक्ट्रोनको द्रव्य (Mass) न्यूक्लिअन्स भनिने प्रोटन र न्यूट्रनको द्रव्यभन्दा दुई हजार खण्ड कम हुन्छ अर्थात् इलेक्ट्रोनको द्रव्यभन्दा प्रोटन र न्यूट्रोनको द्रव्य दुई हजार गुणा बढी ठूलो हुन्छ । किन्तु प्रोटन र न्यूट्रनको द्रव्य भने झण्डै बराबरै हुन्छन् । परमाणुको केन्द्रिका (Nucleus) मा सम्पूर्ण परमाणुको द्रव्य (Mass) रहेको हुन्छ । उक्त परमाणुको केन्द्र र इलेक्ट्रोनका कक्षभित्र शून्य स्थान (आकाश) अर्थात् Space हुन्छ । परमाणुको केन्द्रिकाभित्र रहेका प्रोटन र न्यूट्रनहरूले ४०,००० मील प्रति सेकेण्डका दरले केन्द्रिकालाई घुमिरहेका हुन्छन् भने इलेक्ट्रोनले प्रकाशको गतिले अर्थात् झण्डै १,८६,००० मील प्रति सेकेण्डका गतिले केन्द्रिकालाई फन्का मारिरहेका हुन्छन् भन्ने कुरो पनि विज्ञानले सिद्ध गरेको छ।

Dhamma.Digital

उपमा दिने हो भने परमाणुको आकार जान्नका लागि मानौं एउटा सुन्तलालाई पृथ्वी जत्रै ठूलो हुने गरी फुलाउने हो भने मात्र त्यसको परमाणुको आकार अमला वा बयर (Cherry) बराबर रहेको देखिने छ । अनि अमला वा बयरको आकारको परमाणुलाई विश्वको सबैभन्दा ठूलो गुम्बजको रूपमा रहेको रोमको सेन्टपिटरको काथेड्रलको गुम्बजको आकार बराबर हुने गरी फुलाउने हो भने अर्थात् भनौं नेपालको स्वयम्भू वा खास्ति चैत्यको गुम्बजको आकार बराबर हुने गरी फुलाउने हो भने मात्र उक्त परमाणुको केन्द्रिकालाई उक्त गुम्बजको बीचमा नूनको एक धुलो दाना बराबरको आकारमा रहेको पाइने छ । बाँकी शून्य स्थान (आकाश) मा धुलो उडे झैं गरी इलेक्ट्रोनले केन्द्रिकालाई फन्का



Downloaded from http://dhamma.digital

मारिरहेको पाइने छन् । ती उपपरमाणुका रजहरू (Sub atomic particles) का आयु यति कम हुन्छ कि एक सेकेण्डको दश लाख खण्डको एक खण्डभन्दा पनि कम समयमा ती उपपरमाणु रजहरूको विनाश भइसक्तछन् । दि आर्ट अफ लिभिङ्ग (The Art of Living) का बेलायती लेखक विलियम हार्टका अनुसार बबल च्याम्बर नामक उपपरमाणु रजका आयु जाँच गर्न सकिने प्रयोगशाला पत्ता लगाउने अमेरिकी वैज्ञानिकको अनुसन्धान परिणाम मुताविक हात एक पटक फैलाउने समय वा आँखा एक पटक झिम्काउने समयभित्र पनि ती उपपरमाणु रजहरू कैयन् खरब पटक उत्पत्ति र विनाश भइसक्छन्, अर्को शब्दमा १ सेकेण्डभित्र $१०^{२२}$ पटक उत्पत्ति र विनाश भइसक्छन् । अर्थात् तिनका आयु ०.००००००००००००००००००००००१ सेकेण्ड बराबर मात्र हुन्छन्।

यसरी विज्ञानले आज के सिद्ध गरेको छ भने हाम्रा चर्म चक्षु अगाडि स्थीर देखिने स्थूल सूर्यमण्डल, नक्षत्र प्रणाली, ज्योतिर्मण्डल, आकाशगंगा सबै घुमिरहे झैं सम्पूर्ण विश्व, पृथ्वी, पदार्थ, रूप धातु आदिका अत्यन्त सूक्ष्मातिसूक्ष्म रूपका विद्युत तरंग स्वभावका परमाणुका प्रोटन, न्यूट्रन र इलेक्ट्रोन पनि घुमिरहेका छन् । एक एक परमाणु स्वयंमा एक एक सौर्यमण्डल सरह चलायमान छन्, गतिशील छन्, प्रवाहमय छन् । यसरी भित्रदेखि बाहिरसम्म जरादेखि बाह्य भागसम्म परमाणु र उपपरमाणु रजदेखि सम्पूर्ण संसार नै गतिशील भइरहेको छ । सम्पूर्ण विश्व ब्रम्हाण्ड नै घुमिरहेका छन् । यस संसारमा द्रव्य र उर्जा दुई सत्ता होइनन्, उर्जा र द्रव्यमान एक अर्कामा परिवर्तन हुन सक्छन् । उर्जाको बृद्धिको कारणले द्रव्यको मात्रामा बृद्धि हुन्छ भने द्रव्यको गतिशीलताबाट उर्जाको उत्पत्ति हुन्छ । उपर्युक्त विश्लेषण र विभाजनको क्रममा नै विज्ञानले के पनि सिद्ध गरेको छ भने व्यवहारमा हामीलाई स्थूल र स्थीर पदार्थको रूपमा देखिने बहुत साह्रो र कडा बस्तु पृथ्वीदेखि लिएर संसारमा पाइने यावत् रूप धातु पदार्थ जे जति छन् ती सबै नै वास्तवमा नित्य प्रवाहको अवस्थामा रही अत्यन्त शीघ्रताका साथ उत्पत्ति र विनाश हुँदै निरन्तर परिवर्तनका स्थितिमा रहेका तिनै विद्युत् कणहरू वा तरंगहरू जस्तै प्रोटन, न्यूट्रन, इलेक्ट्रोनबाट निर्मित हुनाले ती सबै बस्तुहरू क्षण क्षणमै परिवर्तन हुने स्वयंमा एक घडी, पला, विपला,



Downloaded from http://dhamma.digital

ण पनि स्थीर नरहने गतिशील अनित्य तरंग वा तरंग स्वभाव त्र हुन् । ती तरंगहरू निरन्तर उत्पत्ति हुँदै गतिशील हुँदै नाशमा प्राप्त भइरहेका हुन् । यसरी आजको विज्ञानले बुद्ध र्मा उल्लेख गरिएको संसारको स्वभावको "संसरन्ती'ति संसार" । परिभाषालाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गर्दै रूप धातु शेषको अनित्यता, परिवर्तनशीलता र संसरण स्वभावलाई सिद्ध रेको छ । यथार्थमा संसार गतिशील छ, परिवर्तनशील छ, अनित्य । यस संसारका यावत् पदार्थहरू वस्तुतः जरैदेखि गतिशील छन्, रिवर्तनशील छन् र अनित्य छन् । संसारको वास्तविक धर्मलाई ज यसरी विज्ञानले पनि बुद्ध धर्मको मान्यतालाई पुष्टि गरेको छ।

**ा) अनन्त चक्रवाल सम्बन्धी बौद्ध धारणा**

सूर्य बिना यस पृथ्वीमण्डलमा जीवनको सम्भावना नहुने यलाई थाहा पाएदेखि मानव जातिले परापूर्वकालदेखि नै सूर्यलाई ताको रूपबाट पूजा आराधना गर्न शुरू गरेको पाइन्छ । कति- मानव जातिको धर्म र दर्शनले सूर्यदेवलाई नै यस संसारको ष्टिकर्ता, परमपिता, परमेश्वर पनि मानिआएको देखिन्छ । चन्द्र, र सूर्यलाई परिक्रमा गरिरहेका ग्रहहरूले पृथ्वीमण्डलमा रहेका नव जातिको जीवनको सुख दुःख, रोग व्याधि, भय उपद्रव, विघ्न गाहरूमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने भूमिका निर्वाह विश्वास राख्ने गणितीय ज्योतिष शास्त्र र फलित ज्योतिष स्त्रको उदयपछि मानव जातिले सौर्यमण्डलमा रहेका नव ग्रह- को पनि पूजा, अर्चना र आराधना समेत गरिआएको पाइन्छ । , चन्द्र, जल, वायु, अग्नि आदि प्रकृतिलाई शक्ति मानी तिलाई पूजा गर्ने विधिबाट नै शायद मानव जीवनको इतिहासमा र दर्शनको ऐतिहासिक शुरूवात भएको मानिन्छ । प्रकृति लाई आफ्नो धर्म मान्ने मतका अनुयायीहरू विश्वमा आज पनि स्त पाइन्छन् । आर्यहरूको इतिहासमा पनि वैदिक कालदेखि नै ति र प्राकृतिक शक्तिहरूलाई पूजा, अर्चना र आराधना गर्ने परम्पराको विकास भइसकेको पाइन्छ । समयको साथ साथै पय मानिसले चन्द्र, सूर्य, पृथ्वीलाई सृष्टिकर्ता नमानी यी तिलाई पनि सिर्जना गर्ने, पालन गर्ने र संहार गर्ने प्रकृतिभन्दा का देवताहरूको पूजा अर्चना र साधना गर्न थाले । कतिपय र दर्शनले चन्द्र, सूर्य, पृथ्वी, ग्रहादिदेखि यावत् दैवी एवम्



Downloaded from http://dhamma.digital

प्राकृतिक शक्तिहरू, प्राणीहरू, मानिसहरूलाई सिर्जना गर्ने संसारका अधिपति एकै ईश्वर हुन्, एकै सत्ता हुन् भनी साकार वा निराकार रूपमा परमशक्तिवान्, परमपूज्य, परमेश्वरको दर्शन प्रतिपादन गरिआएको पाइन्छ । संसारभरिका मानिसहरू आ–आफ्ना बुद्धि र विवेक, आस्था र निष्ठा, श्रद्धा र भक्ति, आग्रह र आकर्षण, मूल्य र मान्यता, परम्परा र प्रचलन अनुसार अनेक थरीका वाद, मत, सिद्धान्तका अनुशरण गर्ने धर्म र दर्शनलाई आ–आफ्नै ढंगले, आ–आफ्नै प्रकारले, आ–आफ्नै रीतले अनुशरण र अनुकरण, अवलम्बन र अनुशीलन गर्दै आइरहेका छन् । स्वर्गको आकर्षण र नरकको भयले अनेक थरीका पूजा र अर्चना, साधना र अभ्यासमा आ–आफ्ना धर्म र दर्शनका मान्यता अनुरूप आ–आफ्ना जीवनलाई शुद्ध, परिशुद्ध, विमल, निर्मल पार्न प्रयत्नशील रहिआएका छन् ।

अन्य धर्महरूका अनुसार यस संसारमा सत्व प्राणीहरूका निम्ति चार किसिमका लोकहरू छन् । १. ईश्वर वा देवताहरूको लोक, २. मनुष्यलोक, ३. पशुपंछीको लोक र ४. पतीत पापीहरू रहने लोक । यसरी देवलोक, ब्रम्हलोक, स्वर्गलोक, मनुष्यलोक, पशुलोक र नरकलोक मिलेर यो संसार बनेको छ ।

स्थविरवादी परम्पराको बुद्ध धर्मका अनुसार सत्व प्राणीहरूका लागि यस संसारमा ३१ प्रकारका लोकहरू हुन्छन् । ती हुन्:– १. २० ब्रम्हलोकहरू, २. ६ देवलोकहरू, ३. १ मनुष्य-लोक र ४. चार अपायलोकहरू अर्थात् असुरकाय, प्रेत, तिर्यक योनी र नरकलोकका प्राणीहरू रहने भूमिहरू । ३१ प्रकारका लोकहरू मिलेर बनेको एउटा एउटा संसारलाई बुद्ध धर्ममा एउटा एउटा चक्रवाल भनिन्छ । यस्ता चक्रवालहरू अन्तरीक्षभरिमा अनन्त छन् ।

विशुद्ध श्रद्धावस यथाशक्य दान प्रदान गर्ने, त्याग तपस्या गर्ने, परोपकार र परसेवा गर्ने जस्ता कुशल काय कर्म, कुशल वचन कर्म र कुशल मनोकर्म पूर्ण गर्ने सत्वहरू र पञ्चशील, अष्टशील, दशशीलादि शील समादान जस्ता काय कुशल कर्म, वचन कुशल कर्म र मनोकुशल कर्म सम्पन्न गर्ने पुद्‌गलहरू सामान्यत: मृत्युपछि आ–आफ्ना पुण्यका फलका मात्रा अनुसार कुनै न कुनै कामावचर भूमिका सुगतिलोकहरू जस्तै १. चतुर्महाराजिक,



Downloaded from http://dhamma.digital

२. तावतिंस्स, ३. यामा, ४. तुसिता, ५. निम्मानरति र ६. पर-
नेम्मित वसवित्त देवलोकहरूमा अक्सर पुनर्जन्म ग्रहण गर्दछन् ।
यस जन्ममा पाँच प्रकारका रूप ध्यानहरूलाई पूर्ण गर्ने सत्वहरू
सामान्यत: मृत्युपछि ११ प्रकारका प्रथम, द्वितीय, तृतीय र चतुर्थ
ध्यान भूमिका ब्रम्हलोकहरूमा उत्पन्न हुन्छन् । चार प्रकारका
अरूप ध्यानहरू पूर्ण गर्ने पुद्‌गलहरू चार प्रकारका अरूप
ब्रम्हलोकहरूमा उत्पन्न हुन्छन् । अनागामी मार्ग फल प्राप्त
ब्रम्हाहरूका लागि ५ वटा ब्रम्हलोकहरू हुन्छन् । चतुर्थ
ध्यानभूमिवाला दुई ब्रम्हलोकहरूको समूहमा नै शुद्धावास नामक ५
ब्रम्हलोकहरू पनि समाहित हुन्छन् ।

यस जुनीमा अकुशल कर्महरू गर्ने सत्वहरू सामान्यत:
मृत्युपछि अक्सर ४ प्रकारका अपाय लोकहरू वा दुर्गति लोकहरूमा
उत्पन्न हुन्छन् । बुद्ध धर्मका अनुसार एक एकवटा चन्द्र, सूर्य,
पृथ्वी, ग्रहहरू र नक्षत्रहरू सहितको हाम्रो यो सौर्य मण्डलको
संसार अनेकौं चक्रवालहरूमध्येको एउटा चक्रवाल हो । यस्ता
अनेकौं संसारहरू वा चक्रवालहरू अन्तरीक्षभरिमा अनन्त संख्यामा
विद्यमान छन् ।

बुद्ध धर्मका अनुसार कम्तिमा पनि चार असंख्येय र एक
लाख कल्पसम्म असंख्य जुनीमा असंख्य पारमिताहरू (पारमिता,
उपपारमिता र परमार्थ पारमिताहरू) पूर्ण गरी लोकार्थ चर्या,
ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्या धर्महरू सम्पूर्ण गरेपछि मात्र लाभ
हुने सम्यक् सम्बुद्धत्वलाई प्राप्त गर्ने बोधिसत्वले अन्तिम पटक यस
पृथ्वीमा माताको गर्भमा प्रतिसन्धि ग्रहण गर्दा र जन्म हुंदा पनि
उहाँको अपरिमित पारमिता पुण्य बलको कारणले निस्कने
दीव्यमान प्रकाशको सहाराले कम्तिमा दश साहस्री अर्थात् दश
हजार लोक धातुहरू कम्पित, प्रकम्पित र सम्प्रवेधित हुन्छन् ।
मज्झिम निकाय, उपपरिण्णासक खण्ड, शून्यतावर्ग, आश्चर्य अद्‌भूत
सूत्रका अनुसार आजभन्दा २६२६ बर्ष अघि शाक्यमुनि तथागत हुने
श्वेतकेतु बोधिसत्वले तुषित लोकबाट च्यूत भई नेपालको
कपिलवस्तुमा आमा मायादेवीको कोखमा प्रवेश गर्नु हुंदा र माताको
गर्भमा दश महीना बास गरिसकेपछि आजभन्दा २६२५ बर्ष अघि
नेपालको लुम्बिनी उद्यानको शालवृक्षमुनि आमाको कोखबाट निस्की
यस पृथ्वीमा मर्त्यमण्डलमा जन्म ग्रहण गर्नु हुंदा पनि उहाँको



Downloaded from http://dhamma.digital

अपरिमित असंख्य पारमिता पुण्य बलको कारण अपरिमित देदीव्यमान तेज प्रकाशित भएको थियो जुन दीव्य प्रकाशको सहाराले दश साहस्री (दश हजार) लोक धातु (ब्रम्हाण्डहरू) कम्पित, प्रकम्पित र सम्प्रवेधित भएका थिए । परमत्थ जोतिका नामक जातक अट्ठ कथामा आउने निदान कथा अनुसार बोधिसत्वले आमाको गर्भप्रवेश, बोधिसत्वको जन्मका साथै बुद्धत्व लाभका बेलामा दश हजार लोक धातुहरू कम्पित भएका थिए ।

महायानी परम्पराका ललितविस्तर सूत्रका अनुसार शाक्यमुनि बुद्धले माताको गर्भमा प्रवेश गर्नु हुंदा, लुम्बिनी उद्यानमा बोधिसत्वले माताको कोखबाट जन्म ग्रहण गर्नु हुंदा र भारतको सारनाथमा सर्वप्रथम धर्मचक्र प्रवर्तन पूर्व समाधि योग गर्नु हुंदा शाक्यमुनि बुद्धको तेज रश्मिबाट त्रिसाहस्र महासाहस्र लोक धातुहरू प्रभावित भएका थिए । बोधिसत्वको जन्म हुंदा र बुद्धले प्रथम पटक धर्मचक्र प्रवर्तन गर्नु पूर्व उहाँको शरीरबाट निस्केको देदीव्यमान रश्मिले त्रिसाहस्र महासाहस्र लोक धातुहरू जाज्वल्यमान हुने गरी प्रकाशित भएका थिए । ६ प्रकारले भूमि कम्प भएको थियो ।

बुद्ध धर्मका ग्रन्थहरूले अमूर्त भाववाचक शब्दावली (Abstract terminology) को सहारा नलिईकनै विश्व ब्रम्हाण्डको अन्तरीक्ष र कालको अनन्तताको आभास दिने अर्थ व्यक्त गरेका हुन्छन् । विश्व ब्रम्हाण्डको बौद्ध दृष्टिकोण मुताविक एक सहस्र (एक हजार) सौर्यमण्डलको संसार मिलेर एउटा सानो एक सहस्र लोक धातु (=एक चूल सहस्री चक्रवाल) बन्दछ । यस्ता एक हजार साना सहस्र लोक धातुहरूको संसार मिलेपछि एउटा मध्यम साहस्र लोक धातु (=एक मज्झिम सहस्री चक्रवाल) हुन्छ । अनि एक हजार त्यस्ता मध्यम साहस्र लोक धातुहरूको संसार मिलेर एक महासाहस्र लोक धातु (=एक महासहस्री चक्रवाल) बन्दछ । *(द्रष्टव्य: चक्रवालहरूको विस्तृत विवरणका लागि अंगुत्तर निकायको टिकाको आनन्दवग्ग र डा. लेडि सयादोको नियाम दीपनी हेर्नुहोला ।)* भगवान् बुद्धको शरीरबाट निस्केको रश्मिबाट त्रिसाहस्र महासाहस्र लोक धातुहरू प्रकाशित भएको प्रसंग ल्याई बुद्ध धर्ममा के संकेत गरिएको पाइन्छ भने आधुनिक अति दूरदर्शक यन्त्रहरू र उपग्रह-हरूको भौतिक सहायता बेगर अन्तरमुखी भई प्रज्ञा चक्षु र ध्यान



Downloaded from http://dhamma.digital

चक्षुले विश्व ब्रम्हाण्डको अवलोकन गर्ने प्राचीन बौद्ध साधकहरू र योगीहरूले आफ्नै ज्ञानबाट तीन हजार महासाहस्र लोक धातुहरू अर्थात् ३० खरब चक्रवालहरू (=लोक धातुहरू=संसारहरू) सम्मलाई गणना गरी देखेर छेदन भेदन गरी जानेका थिए । बुद्ध धर्मको मान्यता छ कि अन्तरीक्षमा यस्ता चक्रवालहरूको संख्या अनन्त रहेका छन् ।

समयको अनन्ततालाई व्यक्त गर्न पनि बुद्ध धर्ममा गणितीय भाषाको प्रयोग भएको पाइन्छ । बुद्ध धर्मका शब्दार्थ संग्रह (The Seeker's Glossary of Buddhism) का अनुसार एक कल्पको समय भनेको पनि १ करोड ६८ लाख बर्षभन्दा कम हुदैन । किनभने एउटा कल्पलाई पनि चार खण्डमा विभाजित गरिन्छ । यथा – १. संसारको विनाश (प्रलय = सवर्त) काल, २. अन्धकारकाल (शून्यकाल), ३. संसारको उत्पत्ति (विवर्त) काल र ४. संसारको निरन्तरता काल । बौद्ध धारणा अनुसार यस्ता कल्पहरू पनि चूल, मध्यम, महान् र असंख्य कल्पका रूपमा विभाजित अनेक कल्पहरू हुन्छन् । यदि एक चूल कल्पको समयावधि १ करोड ६८ लाख बर्षहरू बराबर हुन्छ भने एक महान् कल्पको समयावधि १ अरब ३४ करोड ७० लाख बर्षभन्दा कम हुदैन । *(द्रष्टव्य: बुद्ध धर्ममा कल्प सम्बन्धी भिन्न व्याख्यानका लागि हेर्नोस् डा. लेडि सयादोका पुस्तकहरू नियाम दीपनीहरू अनु. नानीमैंजा मानन्धर, प्रथम संस्करण २०४० र २०४२ ।)* शाक्यमुनि बुद्धले चार असंख्येय र एक लाख कल्पसम्म अनन्त जुनीमा पारमिताहरू पूर्ण गरेपछि मात्र अन्तिम जीवनमा आएर सर्वज्ञता ज्ञान बुद्धत्व – सम्यक् सम्बुद्धत्व ज्ञान लाभ गर्नु भएको कुरा यहाँ प्रासंगिक हुन्छ । यसबाट बुद्ध धर्ममा संसारको अनन्तता, कालको अनन्तता र चक्रवालहरूको अनन्ततालाई कसरी अभिव्यक्त गरिंदा रहेछन् भन्ने तथ्य अवबोध हुन्छ । अंगुत्तर पालि, सत्त निपातका अनुसार अग्निले कल्पनाश गर्दा एक लाख कोटी चक्रवाल एकै पटक नाश हुन्छन् ।

काल र संसार सम्बन्धी बौद्ध धारणाहरू आजका वैज्ञानिकहरूलाई उपलब्ध बाहय यान्त्रिक साधनहरूकै बेगर नै आजभन्दा दुई हजार पच्चीस सय बर्ष अघिका प्रज्ञा ज्ञानका साधक योगीहरू र ध्यानीहरूले आफ्नै प्रज्ञा ज्ञान र ध्यान चक्षुबाट देखी विश्व समक्ष प्रकट गरेका हुन् भन्ने कुरा सम्झंदा वैज्ञानिक



Downloaded from http://dhamma.digital

ज्ञानको तुलनामा ज्ञान चक्षु, प्रज्ञा चक्षु र ध्यान चक्षुको महानता प्रकट हुन थाल्दछ ।

आधुनिक विज्ञानको द्रुततर विकास हुनु अगाडिका प्राचीन युग र मध्यकालीन युगका बुद्धिजीवीहरूका लागि आफूले स्वयं ध्यान ज्ञानको अभ्यास गरी उपयुक्त अभिज्ञा – आलोक – ज्ञान लाभ गरिसक्नुभन्दा अघि केवल आस्था, निष्ठा र श्रद्धाको भरमा ती प्राचीन धारणाहरूलाई मान्यता दिनु वा मनोमय चिन्तन, साहित्यिक अभिव्यक्ति वा प्रतिकात्मक भाषाको वर्णन हो भनी ग्रहण गर्नु बाहेक अन्य विकल्प शायद थिएन । किन्तु आजका विज्ञान र प्रविधि युगका बुद्धिजीवीहरू त्यसरी विवश हुनुपर्ने स्थिति छैन । विज्ञानले आज वैज्ञानिक अध्ययनकै आधारमा काल, अन्तरीक्ष र ब्रम्हाण्डका बारेमा धेरै तथ्यहरू मानव सामु ल्याइसकेका छन् ।

अब हामी एक क्षण आधुनिक विज्ञानको नजरबाट विश्वलाई हेरौं । गणित शास्त्र, कम्प्यूटर विज्ञान, खगोल शास्त्र, सूचना प्रविधि विज्ञान र अन्तरीक्ष विज्ञान जस्ता विज्ञानका क्षेत्रमा भएको द्रुततर विकासले गर्दा अन्तरीक्ष, आकाश र कालको विषयमा बढ्दो रूपमा नयाँ नयाँ ढंगको उत्तरोत्तर अध्ययन र अनुसन्धान गर्न सकिने साधन र अवस्था उपलब्ध हुन थालेबाट आज मानव ज्ञान राशीमा निरन्तर बृद्धि भइरहेको हुंदा आज समय र दूरीमाथिको मानिसको अधिकार र नियन्त्रण नित्य बढ्दो छ । स्थूल र सूक्ष्म, आन्तरिक र बाहच शक्तिमाथिको मानिसको ज्ञान र पहुंच फैलिंदो छ । अन्तरीक्ष, आकाश र कालको खोजी बढ्दो मात्रामा जारी नै छ । आजको मानिस एक पृथ्वी, एक सौर्यमण्डल र एक ज्योतिर्मण्डल विषयको ज्ञानमा मात्र सीमित परिमित छैन । बल्कि यस विश्व ब्रम्हाण्डमा सयौं, हजारौं, लाखौं, अल्याखौं ज्योतिर्मण्डलहरू विद्यमान छन् भन्ने कुराको ज्ञान र आभास आजको वैज्ञानिकलाई छ । एकपछि एक गर्दै अनेक थरीका रकेट, स्याटेलाइट र अन्तरीक्ष यानहरूको प्रक्षेपण गर्दै ती आधुनिक यानहरूमा जडित अत्याधुनिक शक्तिशाली दूरदर्शनका सम्बेदनशील यान्त्रिक साधनहरूको सहयोग लिई आजका वैज्ञानिकहरू विश्व ब्रम्हाण्ड र अन्तरीक्षको नयाँ नयाँ सूचनाहरू, जानकारीहरू र अनुमानहरूको संकलन गर्दैछन् ।



Downloaded from http://dhamma.digital

पृथ्वीमा रहने साधारण मानिसहरूका सामु प्राचीन कालदेखि आकार, तापक्रम, प्रकाश र विकीरण शक्ति आदिको आधारमा विशाल भीमकाय रूपमा देखिने सूर्य वास्तवमा एउटा सामान्य तारा बाहेक केही होइन भन्ने कुराको आज विज्ञानले धेरै बर्ष अघि नै सिद्ध गरिसकेको छ । आकाशमा देखिने कतिपय ताराहरू सूर्यभन्दा कैयन् गुना ठूला र उज्याला छन् । सूर्य पृथ्वीको नजिकै रहेकोले मात्र हामीलाई ठूलो देखिएको हो ।

मानिसको मांस चक्षुले यान्त्रिक साधनको सहायता बिना एक पटकमा ३ हजार जति ताराहरूभन्दा बढी देख्न सक्तैन । सन् १६०९ मा ग्यालिलियोले पहिलो दूरवीन बनाएपछि सौर्यमण्डलका किनारामा रहेका ग्रह पनि चिन्न सकिने भयो । दूरबीन उद्योगमा भएको विकासको कारण आजकल साधारण दूरदर्शक यन्त्र टेलिस्कोपको सहायताबाट पनि १ लाख ताराहरूसम्म पनि देख्न सकिने भएको छ। ज्योतिषहरू लाखौं ताराहरूको मद्दत लिन्छन् आफ्ना कामका लागि । संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा पालोमार वेधशाला केन्द्रमा राखिएको शक्तिशाली टेलिस्कोपबाट दुई हजार करोडसम्म पनि ताराहरूलाई ठम्याउन सकिने भएको छ । अन्तरीक्ष दूरबीनका प्रणेता डा. लाइमन स्पिचर नामक नवप्रतिभाशाली वैज्ञानिकले दोश्रो विश्व युद्धपछि नै रकेटहरूको सहायताबाट अन्तरीक्षमा दूरबीन पठाई खगोल सम्बन्धी बढी रोचक जानकारीहरू हासिल गर्न सकिने महशूस गरी त्यसको विकासको लागि बहस र प्रयास गर्न थाले । सन् १९८५ मा अन्तरीक्ष दूरबीन निर्माण गर्ने कार्य शुरू पनि भयो । तर सन् १९८६ को च्यालेञ्जर यानको दूर्घटनाले अन्तरीक्ष सम्बन्धी सम्पूर्ण काम पछि पर्न गयो । किन्तु खगोलविद् डा. लाइमन स्पिचरको अथक परिश्रमको कारण सन् २००० को मई महीनामा १६ तारीखका दिन पृथ्वीबाट अन्तरीक्षमा रहने दूरबीनको प्रक्षेपण भएरै छाड्यो । करीव ११ हजार किलोग्राम वजन भएको झण्डै यात्रुवाहक बस जत्तिकै ठूलो यस दूरबीनलाई एड्वीन हब्बल नामक खगोलविद्को सम्मानमा हब्बल अन्तरीक्ष दूरबीन भनी नामकरण गरिएको थियो । यस हब्बल अन्तरीक्ष दूरबीनले झण्डै झण्डै हाम्रो ब्रम्हाण्डको पुच्छारसम्म देख्न सकिने भएको छ । यसरी शक्तिशाली दूरबीनहरूको प्रयोग गरी आज विज्ञानले सिद्ध गरेको छ कि एक सौर्यमण्डलमा अनेकौं ग्रहहरू भए जस्तै अनेकौं सौर्यमण्डलहरू



Downloaded from http://dhamma.digital

मिलेर एक ज्योतिर्मण्डल बनेको हुन्छ । हाम्रो सौर्यमण्डल जुन ज्योतिर्मण्डललाई केन्द्रविन्दु मानी परिक्रमा गरिरहेको छ त्यसलाई मिल्की वे (Milky way) भनिन्छ । यस्ता ज्योतिर्मण्डलहरूले अन्तरीक्ष भरिएको छ । विश्व ब्रम्हाण्डमा लाखौं करोडौं (Millions of galaxies) यस्ता ज्योतिर्मण्डलहरू विद्यमान छन् भन्ने तथ्य आज विज्ञानले पत्ता लगाइसकेको छ । यसरी आजको खगोलशास्त्र काल र आकाश अर्थात् अन्तरीक्षको महान् स्केलमा पुगी संसारको अध्ययन गर्ने कार्यमा लागेको छ । विज्ञानले अझ के पनि पत्ता लगाएको छ भने विश्व ब्रम्हाण्डको संसार स्थीर होइन, गतिशील छ र निरन्तर फैलिरहेको (Expanding) छ । *(हेर्नोस् : दि टाओ अफ फिजिक्स, गतिशील विश्व परिच्छेद ।)*

भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा नेपाली भाषामा अनुदित मूल लेखक ऊ. अे. माउंको पुस्तक "बुद्ध र बुद्धवाद" प्रथम भागको "अनात्मवाद"खण्ड अन्तर्गत उपखण्ड (ग) अनात्मवाद र आधुनिक प्रज्ञाविद्हरूको दृष्टि" नामक परिच्छेदमा "गाइड टु मोडर्न ठट" नामक सि. इ. एम. जोड (Guide to Modern Thought by C. E. M. Joad) को पुस्तकमा उद्धृत गरिएको महान् वैज्ञानिक जेम्स जीन (James Jean) को अनन्त लोकधातु चक्रवाल सम्बन्धी विचारलाई यहाँ प्रस्तुत गर्नु बहुत प्रासंगिक हुनेछ ।

"अनन्त विशाल र व्यापक रहेको लोकधातु चक्रवालसित तुलना गर्दा मानिसहरूको पृथ्वी मेरूपर्वत बयरको दाना जस्तै केही पनि प्रकट नभएको चीज हो । महान् वैज्ञानिक जेम्स जीनको विचार अनुसार एक सेकेण्डलाई ७ भागमा विभाजन गरी त्यसको एक अंश रहेको समयभित्र पृथ्वीलाई एक चक्कर काट्न सक्ने प्रकाशले लोकधातु चक्रवाललाई एक चक्कर काटी हिंड्न ११ लाख बर्ष लाग्ने छ । चक्रवालभित्र रहेका नक्षत्र ताराहरूको संख्या एक अरबलाई २० लाखले गुणन गरी त्यो लब्धाङ्कलाई फेरि एक अरबले गुणन गरेर प्राप्त लब्धाङ्कसित बराबर हुन्छ । अर्को शब्दमा भनौं भने विश्वका सम्पूर्ण समुद्री तटमा रहेका बालुवाकण समूहको संख्यासित बराबर हुन्छ । मानिसहरूको पृथ्वी त्यति प्रमाणमा बढी भएका नक्षत्र ताराहरूमध्येमा सम्मिलित एक अंग हो ।" *(हेर्नोस् : भिक्षु ज्ञानपूर्णिकमहास्थविरद्वारा अनुदित पुस्तक "बुद्ध र बुद्धवाद", प्रथम भाग, पेज २३७) ।*



Downloaded from http://dhamma.digital

अंगुत्तर निकाय (चतुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी सूत्र) मा लोकको अनन्तता सम्बन्धी एउटा रोचक प्रश्नोत्तरको प्रसंग उल्लेख भएको पाइन्छ । एकासमयमा पूर्वजन्ममा रोहितस्स नाउँको अत्यन्त ऋद्धिमान, आकाशगामी पुरुष भएर जन्मिंदा पूर्व समुद्रदेखि पश्चिम समुद्रसम्म पुग्न सकिने गरी विशाल कदम भएका ती महान् ऋद्धिमान ऋषिपुत्रले हिंडेरै लोकको अन्त्यसम्म पुग्न सक्छु कि भनी १०० बर्षका आयुसम्म निरन्तर हिंडिरहदा पनि लोकको अन्त्य फेला पार्न नसकी बीच बाटोमै मृत्य भएर देवपुत्र भनी जन्म हुन पुगेको रहेछ । ती रोहितस्स देवपुत्रले भगवान् बुद्धलाई जेतवनाराम विहारमा आई के हिंडेर लोकको अन्तसम्म पुग्न सकिन्छ भनी प्रश्न सोधे । सो प्रश्नको जवाफमा भगवान् बुद्धले लोकको अनन्ततातर्फ संकेत गर्दै आज्ञा भएको थियो कि "जहाँ न जन्म हुन्छ, न जाति हुन्छ, न मृत्यु हुन्छ, न च्यूति हुन्छ तथा न उत्पत्ति नै हुन्छ, गमन गरेर लोक (संसार) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यस (अन्त) लाई देख्न सकिन्छ वा त्यसलाई प्राप्त गर्न सकिन्छ भनी म भन्दिंन ।"

"किन्तु आयुष्मान् ! म यो पनि भन्दिंन कि संसारको अन्तसम्म नपुगीकनै दु:खको नाश हुन्छ । आयुष्मान् ! यही साढे तीन हातभरको लम्बा संज्ञायुक्त शरीरमा नै म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक समुदयको, लोक निरोधको र लोक निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु ।"

उपर्युक्त प्रश्नोत्तरबाट लोकको अनन्तताको प्रष्ट झलक मिल्दछ । भगवान् बुद्धले लोकको उत्पत्ति विषयको चिन्ता अविचार्य भएको कारणले रोहितस्स देवपुत्रलाई पनि लोकको अन्तलाई प्राप्त गर्ने बारेमा प्रज्ञायुक्त दार्शनिक उत्तर दिनु भएको कुरो प्रष्ट हुन्छ ।

आधुनिक विज्ञानको द्रुततर विकासको फलस्वरूप आज जापान जस्तो मुलुकका वैज्ञानिकहरू ई. सन् २०४० सम्ममा अन्तरीक्षमा उपग्रहमा नै एउटा ठूलो सौर्य उर्जा केन्द्र स्थापना गरी त्यसबाट प्रति सेकेण्ड उत्पादित १० लाख किलोवाटका दरले सौर्य उर्जा पृथ्वीमा उतार्ने तयारीमा जुट्न लागेका देखिन्छन् भने संयुक्त राज्य अमेरिकाको म्यासाच्यूसेट्समा शोधकर्ताहरू यस्तो टेलिस्कोपको निर्माण कार्यमा जुटेका छन् जुन टेलिस्कोपले अन्तरीक्षमा रहेका



Downloaded from http://dhamma.digital

ग्रहहरू र आकाशगंगाहरूको मात्र छानवीन गर्ने छैन, त्यस दूरबीनले पृथ्वी बाहेक अन्तरीक्षमा कहाँ कस्ता जीवन छन् र के कस्ता विकसित सभ्यता छन् भन्ने पनि खोजी गर्ने छ । आजका वैज्ञानिकहरू चन्द्रमा र मंगलग्रहमा मानव बस्ती बसाउने योजनामा संलग्न रहन थालेका छन् । साथै चन्द्रमा, मंगलग्रह, बृहस्पतिग्रह, शनिग्रहका अलावा अन्य ग्रह उपग्रहहरूमा विद्यमान बहुमूल्य खनिज सम्पदालाई कसरी प्रयोगमा ल्याउने भन्ने प्रतिस्पर्धामा आज पश्चिमेली वैज्ञानिकहरू संलग्न हुन थालिसकेका छन् र अन्तरीक्षलाई आयको श्रोत बनाउने तर्खरमा छन् ।

हुन त आजसम्म पनि खगोलविद्हरूले अन्तरीक्षमा रहेका ब्रम्हाण्डहरूको संख्याको यकिन गरी गणना गर्न सकेको पाइदैन । तथापि अन्तरीक्षमै आवश्यक उर्जा उत्पादन गरी प्रयोग गर्न सकिने उत्तरोत्तर रूपमा नयाँ नयाँ किसिमका अत्याधुनिक विकसित राकेटहरू, स्याटेलाइटहरू र अन्तरीक्ष यानहरूको विकास गर्न थालेपछि ती यानहरू र ती यानहरूमा जडित अधिक से अधिक शक्तिशाली दूरबीनहरूको सहयोगले भविष्यमा वैज्ञानिकहरूले विश्व ब्रम्हाण्डको बारेमा अझ बढी रोचक जानकारीहरू हासिल गर्न नसक्ला भनी मान्न सकिन्न । यसरी बुद्ध धर्ममा उल्लेखित त्रिसाहस्र महासाहस्र लोक धातुहरू र अनन्त चक्रवालको बौद्ध धारणालाई अब विज्ञानले वैज्ञानिक अध्ययनबाट नै सिद्ध गर्ने समय निकट आउन थालेको प्रतीत हुन्छ ।

### ग) त्रिलक्षण धर्म स्वभाव सम्बन्धी बौद्ध दर्शन

बुद्ध धर्मका दार्शनिक आधार हुन् अनित्यता, दु:ख र अनात्मा । उपर्युक्त बौद्ध दर्शनका सम्बन्धमा आधुनिक विज्ञानको ठहर के छ भन्ने विषयमा यहाँ केही चर्चा गरिने छ ।

### भौतिक विज्ञान र बुद्ध धर्म – आधुनिक विज्ञानको खोज

अन्तर्मुखी धर्म र दर्शनले संसार, प्राणी र मानिसको रहस्यको व्याख्या गर्न विभिन्न सिद्धान्त र मतहरू प्रतिपादन गरे झैं बहिर्मुखी आधुनिक विज्ञान पनि विगत केही शताब्दीदेखि प्रकृति, प्राणी, मनुष्य र संसारकै रहस्यहरूको खोजीमा सक्रिय रूपमा



Downloaded from http://dhamma.digital

ंलग्न रहिआएको छ । आधुनिक विज्ञानले विज्ञानका विभिन्न वेधाहरू (Disciplines) का क्षेत्रमा गरेका चमत्कारपूर्ण द्रुततर ागतिहरूका कारण आजको मानव समुदायलाई विशाल, चन्द्र, सूर्य, ृथ्वी, ग्रहहरू, नक्षत्रहरू, ताराहरूदेखि लिएर संसार, प्रकृति र भन्तरीक्षका आधार रहेका परमाणुहरू र तिनका उपपरमाणु ्जहरूको संरचना, इतिहास र उपलब्धि जस्ता सूक्ष्मातिसूक्ष्म वेषयहरू मात्र होइनन् भीमकाय जलप्राणी व्हेलदेखि लिएर जीव र ानस्पति, मनुष्य, पशुपंक्षी, किराफट्यांग्रा र तिनका अंग प्रत्यंगका ाधार रहेका एककोषीय जीवहरू जस्तै जीवाणुहरू (Bacteria), वेषाणुहरू (Virus) र बहुकोषीय जीवाणु कोषहरूदेखि तिनमा रहने ुद्रानुक्षुद्र वंशाणुहरू (Genes) सम्मका सूक्ष्मातिसूक्ष्म रूपहरूको ंरचना, दोष, गुण र उपलब्धिहरूका बारेका ज्ञान राशी निरन्तर ढ्दो छ । आज समय र दूरी, ज्ञान र सूचनामाथिको मानवको नेयन्त्रण र अधिकार नित्य बढ्दो छ । स्थूल र सूक्ष्म, आन्तरिक : बाहृय तत्व र शक्तिमाथिको मानवको ज्ञान र पहुंच फैलिंदो छ। संसार र जीवन, काल र सत्ता, आकाश र अन्तरीक्षको खोजी नेरन्तर जारी छ । आज वैज्ञानिकहरू वैज्ञानिक अध्ययनको ाधारमा मृत्यु पछि के हुन्छ भन्ने रहस्य जान्न अनुसन्धान र्दैछन्; मानिसहरूको जराधर्म स्वभाव, व्याधिधर्म स्वभावमाथि विजय ाउने प्रयत्न जारी छ, मृत्युलाई पनि पर सार्न सकिन्छ कि, ृत्युलाई भविष्यमा हटाउन पो सकिन्छ कि भन्ने सोच र ्नुसन्धानमा तल्लीन छन्, मानव जन्मको तरीका, विधिको वधानको स्वभाव र रूपलाई नै विज्ञानकै सहाराले परिवर्तन गर्न ाकिन्छ कि भन्ने सोच लिई जीवहरूको क्लोनिङ्ग पद्धतिको खोजी ार्न जुर्मुराएका छन् । आनुवंशिक इन्जिनीयरिङ्ग र मानव जेनोम ास्त्रका आधारमा भविष्यमा मानव संरचनाको छनोट पनि इच्छा ानुसार गर्न सकिन्छ कि भन्ने अद्भूत सोचमा डुब्न थालेका छन् आजका एकथरी उत्साही वैज्ञानिकहरू जीवको संरचना गर्ने ारेको यस अघि दैवलाई मात्र थाहा भएको विधि जान्न सक्ने ानव संरचना ज्ञान र सोको उपयोगको सम्भावनामा आकर्षित र ुत्साहित छन् । किन्तु शक्ति र धनको लोभमा वैज्ञानिकहरूले ातीतमा वारूदको ज्ञान, रासायनिक शस्त्रास्त्रको ज्ञान, परमाणु बम, ाइड्रोजन बम, न्यूट्रन बमको ज्ञानलाई वेची सैन्यकरण गर्न मद्दत ार्न पुगेकोले ती हतियारहरूको दुरूपयोगबाट कुनै पनि वेलामा



Downloaded from http://dhamma.digital

विश्वको विनाश र विश्व नरसंहारको सम्भावित भय त्रास लिएर बाँच्न विवश रहेको वास्तविकतालाई मानव जातिले अनुभव गरिरहेको छ । तसर्थ अर्काथरी विवेकशील मानिसहरू मानव संरचनाको विधिको ज्ञानलाई पनि शक्ति, मान र धनको लालचमा भविष्यमा त्यस्तै दुरूपयोग भएमा हुन सक्ने विध्वंशक विस्फोटक नरसंहारको सम्भाव्य ताण्डव नृत्यको भयले रोमाञ्चित, भयभित र संत्रस्त भएर मानव क्लोनिङ्गको अनुसन्धानलाई नै अहिले नै कानूनी रूपमा प्रतिवन्ध लगाउनु पर्ने विचारलाई जोडतोडका साथ अभिव्यक्त गरिरहेका छन् । कतिपय राष्ट्रहरूले त यस्तो अनुसन्धानलाई अहिले नै कानूनबाटै प्रतिवन्धित घोषित गरी पनि सकेका पाइन्छन् ।

सेलेरा जेनोमिक्स नामक एक अमेरिकी जैविक प्रविधि कम्पनीले मानव वंशाणु कोष – जिनोमका एक तिहाई रहस्य पत्ता लगाएको दावी गर्दै गत अक्टोबर, २००० मा नै आफूले आविष्कार गरेको ज्ञानलाई आफ्नै दखलभित्र मात्र राख्नका लागि ६ हजार ५ सय वटा पेटेन्ट अधिकारका लागि अमेरिकी सरकार छेउ निवेदन पेश गरी सो ज्ञान अन्य कुनै व्यक्तिले मूल्य नतिरीकन प्रयोग गर्न नपाउने कानूनी अधिकार सिर्जना गर्न खोजेको छ । यसबाट मानव हितको कथित नाउँमा प्रारम्भ गरिएको मानव वंशाणु कोषको अध्ययनलाई पनि भविष्यमा धन कमाउने सीमित स्वार्थमा प्रयोग गर्न सकिने सम्भावना खडा हुन आएकोले पनि विवेकशील वैज्ञानिकहरू र चेतनशील बुद्धिजीवीहरूलाई झनै विश्वव्यापी रूपमा चिन्तित तुल्याएको पाइन्छ ।

## बुद्ध धर्मको संसार

बुद्ध धर्मका अनुसार पृथ्वी, आप, तेज, वायु धातुहरू अर्थात् चतुर्महाभूतका धातुका परमाणु रजहरू एकत्रित भई कलाप कलापका रूपमा उत्पन्न भएर आएका रूप धर्महरू र कर्म, चित्त, ऋतु, आहारका हेतु धर्म चारमा विज्ञान धातु नामक हेतु धर्म समेत थप भई ती हेतु धर्महरूका कारण उत्पत्ति भएर आएका नाम धर्महरू मिली संसार बनेको छ । पृथ्वी, आप, तेज र वायु प्रकृतिका चार भिन्नाभिन्नै नियमहरू हुन् तापनि तिनीहरू आपसमा



Downloaded from http://dhamma.digital

अभिन्न छन्, अन्योन्याश्रित छन् र पृथक पृथक रूपमा छुट्याउन नसकिने खालका छन् । यसै अपृथक्करणीयता धर्मको कारणले गर्दा नै सूक्ष्मातिसूक्ष्म परमाणु रजहरूको अनन्त रूपमा निरन्तर निर्माण र विनाश हुँदै रहन्छन् । रूप भनेको यिनै परमाणु रजहरूको संरचना मात्र हो । यी परमाणुदेखि भिन्न होइन । किन्तु आकाश धातुको नियमको कारणले गर्दा कुनै पनि रूप पदार्थमा रहेका यी परमाणुहरूले एक अर्कालाई स्पर्श गरेका हुँदैनन् । ती परमाणुहरू प्रत्येकको बीचमा आकाश रहन्छ । अर्थात् अर्को शब्दमा भन्ने हो भने आकाश धातुद्वारा परिच्छेद गरिएको कारणले गर्दा नै परमाणु-हरू एक अर्कासंग अलग रहन सक्तछन् । यसरी रूप भन्नु पृथ्वी, आप, तेज, वायु र आकाश धातु स्वभावहरू मात्र हुन् भने नाम भन्नु पनि वेदना, संज्ञा, संस्कार र विज्ञान नामक चित्त तथा चैत-सिकहरूको संरचना हो । यही नाम रूपले नै संसार बनेको हो । यिनै नाम रूपको उत्पत्ति विनाशको निरन्तर प्रवाह नै संसार हो ।

रूप स्कन्ध अत्यन्त सूक्ष्म रूप कलापहरूद्वारा संगठित पारिराखेका भएर ती रूप कलापहरू एक आँखाको एक पलकभरिमा वा एक चुट्कीभरमा पनि कोटानकोटी संख्यामा नष्ट वेनष्ट भएर गइरहेका हुन्छन् । किन्तु कर्म, चित्त, ऋतु र आहारको सामर्थ्यद्वारा नयाँ नयाँ रूप कलापहरू पनि कोटानकोटी संख्यामा नै उत्पत्ति भइरहेका हुन्छन् । *(हेर्नोस् : डा. मिङ तिङ ग्वन्को पुस्तक "जीवनको सफलता" अनु. ज्ञानपूर्णिक महास्थविर ।)* सरी निरन्तर उत्पत्ति र विनाश भएर जाने कुनै पनि रूप कलापका आयु एक सेकेण्डको एक खरव खण्डको एक खण्ड बराबर पनि हुँदैन ।

वेदना, संज्ञा, संस्कार र विज्ञान नामक नाम धर्महरू अझ रूप धर्मभन्दा बढी द्रुतगतिले उत्पत्ति र विनाश भइरहन्छन् । किनभने रूपको उत्पत्ति भएर विनाश हुनु पूर्व १७ चित्तहरू वर्तित भइसकेका हुन्छन् । अर्थात् कुनै पनि रूपारम्मणले स्पर्श र्नासाथ सो रूपलाई ध्यान दिई अनुभव गरी ग्रहण गर्ने १७ चित्तहरू उत्पत्ति र विनाश भइसकेपछि मात्र सो रूपको विनाश ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने रूपको आयु १७ नामको आयु बराबर हुन्छ । बुद्ध धर्मका अनुसार नाम धर्म भनेको आँखाको एक पलकको अवधिभित्र वा एउटा बिजुली चम्किने



Downloaded from http://dhamma.digital

समयावधिभित्र वा एक चुट्की बजाउंदाको समयावधिभित्र पनि एक लाखकोटीभन्दा बढी पटक उत्पत्ति र विनाश भइसक्तछन् ।

बुद्ध धर्मका अनुसार उत्पत्ति हुना साथ त्यो चित्तले अर्को चित्तलाई उत्पत्ति गर्दछ र स्वयं त्यो चित्तको विनाश हुन्छ । त्यो उत्पन्न भएको चित्तको पनि निरोध हुनु अगावै अर्को चित्तको उत्पत्ति हुन्छ । यसरी अति नै छिटो छिटो, मानिसको मांस चक्षुले देख्न खुट्याउनै नसकिने गरी चित्तहरूको उत्पत्ति र विनाश हुने प्रक्रियाको अटूट श्रृंखला निरन्तर चलिरहन्छन् । त्यसैले अधिकांश व्यक्तिहरूमा सम्पूर्ण प्राणी मात्रमा जन्मदेखि मृत्युसम्म एउटै चित्त मात्र हुन्छ भन्ने गलत धारणा रहिरहेको पाइन्छ । तर वास्तविकता त्यो होइन । नाम, रूप दुवै साह्रै नै छिटो छिटो उत्पत्ति हुन्छन् र विनाश हुन्छन् । सत्वको च्यूति – मृत्युपछि पनि एउटा चित्तको आधारमा अर्को चित्त उत्पत्ति हुने क्रम र प्रक्रियाको अन्त्य हुँदैन । पूर्व कर्मको कारणले उत्पत्ति भएको प्रतिसन्धि चित्तको कारण सत्वको मृत्युपछि नयाँ पुनर्जन्म भई जीवन र संसारको क्रम र प्रवाह जारी रहन्छ । चित्तमा कुनै प्रकारका क्लेशहरू रहिरहेसम्म एक चित्तले अर्को चित्तलाई उत्पत्ति गर्ने प्रक्रिया र त्यसको परिणाम स्वरुप कायम रहने अनन्त पुनर्जन्म र मृत्युको प्रक्रिया अनन्त कालसम्म जारी नै रहने हुन्छ । लोभ, द्वेष, मोहादि क्लेशहरू र आश्रवहरू सम्पूर्णत: समूल नष्ट भइसकेपछि मात्र मृत्यु पछि अर्को जन्म लिने प्रक्रियाको अन्त्य हुने हुन्छ र परिणाम स्वरुप मृत्युपछि पुनर्जन्म हुने र पुनर्जन्म साथै सहगत रहने दु:खहरू जस्तै जरा, व्याधि, मरण, प्रियसंगको वियोग इत्यादि क्रमको अन्त्य हुने हुन्छ । त्यसैले नाम रूपमा "म" र "मेरा" भन्न लायक केही कुरा हुँदैन ।

परिच्छेद ५ मा बुद्ध धर्मका स्वरूप बारेमा चर्चा गर्दा नै उल्लेख गरिसकिएको छ कि पृथ्वी, आप, तेज, वायु र आकाश धातु रूपहरूलाई अन्तिम विश्लेषण गर्दा त्यहाँ शाश्वत, स्थिर, सार, अपरिवर्तनीय र अविनाशी रहने किञ्चित मात्रामा पनि केही ठोस्, तरल, रस, बस्तु नामका केही तत्व पाइँदैन । पृथ्वी, आप, तेज र वायु जस्ता धातुहरू जम्मै क्षण क्षणमा उत्पत्ति भई विनाश हुँदै जाने पाँच धातुका स्वभावहरू मात्र हुन् । यिनीहरू प्रकृतिका पाँच नियमहरू मात्र हुन् । किनभने नाम धातुहरू मात्र होइनन्



Downloaded from http://dhamma.digital

रूप धातुहरू पनि प्रकृतिको नियमका कारण, हेतुका कारण उत्पत्ति हुदै निरोध हुने स्वभाव धातुहरू मात्र हुन् । क्षण क्षणमै संघटन भई, संगठित भई उत्पत्ति हुदै परिवर्तन हुदै एक घडी एक पला, एक विपला, एक क्षण मात्र पनि स्थिर नरही विनाशमा प्राप्त भईकन उत्पत्ति, स्थिति र भङ्गको रूपबाट नित्य प्रवाह मात्रका रूपमा रहेका यिनै नाम रूपको निरन्तर प्रवाह नै जीवन हो, संसार हो । त्यसैले बुद्ध धर्मका अनुसार नाम रूप अनित्य छ, अनात्मा हुन् र दु:ख हुन् । संसार पनि त्यसैकारण अनित्य, दु:ख र अनात्मा हुन् । चन्द्र, सूर्य, पृथ्वी, ग्रह, नक्षत्र, तारा, हाड, छाला, मासु, घर, टेबुल, गाडी, सुन, चांदी, माटो, ढुंगा, फलाम, हावा, पानी, किरण, सत्व, पुद्गल, स्त्री, पुरुष, बाल, वृद्ध, देव, ब्रम्हा, मनुष्यादि नाना नामले नाना संज्ञाले यस संसारमा व्यवहारमा जांनिदै आएका, परिचित हुदै आएका, संकेत र सम्वोधन हुदै आएका यावत् रूप पदार्थहरू जति छन् सत्व प्राणी, पुद्गलहरू जति छन् ती सबै सम्बृत्ति सत्य प्रज्ञप्ति धर्म मात्र हुन् । परमार्थमा ती सबै धातुहरूकै राश, धातुहरूकै समूह, धातुहरूकै संग्रह र धातुहरूकै थुप्रा मात्रको रूपमा भेट्टिन्छन् । अत: चित्त, चैतसिक, रूप र निर्वाण मात्र नै परमार्थ धर्महरू हुन्, परमार्थ सत्यहरू हुन् । परमार्थमा नाम रूपकै मात्र संसार हो, जो अनित्य छ, दु:ख हो र अनात्म हो ।

**आधुनिक विज्ञानको विकास र निष्कर्ष – अनित्यवाद**

यस अघि नै चर्चा गरिसकिएको छ कि सांसारिक व्यक्तिहरूका चर्म चक्षुको अगाडि घर, विहार, मन्दिर, काठ, बांस, माटो, ढुंगा, मेच, टेबुल, गाडी, सुन, चांदी, फलाम, हाड, छाला, मासु, हावा, पानी, किरण, उर्जा, द्रव्य र रश्मी आदि सम्बृत्ति सत्यका रूपमा देखिने संसारका भौतिक पदार्थहरू र रूप पदार्थहरूलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै वर्गीकरण गर्दै केलाउदै फारी फारीकन लग्दै सूक्ष्मदर्शक यन्त्रको सहायताले अनेक प्रयोगशालामा राखी आजको विज्ञानले प्रत्येक पदार्थलाई कण कणमा, अणु अणुमा र विद्युत तरङ्ग स्वभावका परमाणु परमाणुमा मात्र विभाजन गर्न सफलता प्राप्त गरेको होइन, सामान्य सूक्ष्मदर्शक यन्त्रको सहायतासम्मले पत्ता लगाउन नसकिने अति



Downloaded from http://dhamma.digital

सूक्ष्म रूप परमाणुलाई पनि आधुनिक विज्ञान र प्रविधिले एक सेकेण्डमा नै अरबौं अरब हिसाब र कृत्य (Billions of operations) गर्न सकिने जस्ता शक्तिशाली अत्याधुनिक कम्प्यूटर, जटील गणित, रसायनिक प्रक्रिया र बबल चेम्बर जस्ता अत्याधुनिक यन्त्र र प्रयोगशालाका आधारले विद्युत तरङ्ग स्वभावका परमाणुलाई इलेक्ट्रोन, प्रोटन, न्यूट्रन, न्यूक्लिअन, एण्टी प्रोटन, एण्टी न्यूट्रन, एण्टी इलेक्ट्रोन अर्थात् पोजिट्रोन, फोटन जस्ता विद्युत गति वा तरङ्ग स्वभावका धातुहरू सम्ममा विश्लेषण गर्न सफल भएको छ । स्मरणीय छ, अमेरिकी वैज्ञानिक गेरी मिल्होलिनले आरोप लगाएको थियो कि आइ.बि.एम.ले भारतको बैंगलोरस्थित भारतीय विज्ञान प्रतिष्ठान (आइ.आइ.एस.) लाई जून १९९७ मा प्रति सेकेण्ड १.४ अरब हिसाव र कृत्य गर्न सक्ने सुपर कम्प्यूटरलाई क्षमता सुधार गरी प्रति सेकेण्ड ५.८ अरब हिसाव र कृत्य सम्पादन गर्न सक्ने बनाई भारतलाई आपूर्ति गरेकै कारणले उक्त सुपर कम्प्यूटरको बलले भारतले हालै ५ वटा आणविक बमहरूको परीक्षण विस्फोटन गरी परमाणु राष्ट्रको दर्जामा पुग्न सकेको हो । यसबाट हाल विज्ञानलाई उपलव्ध सुपर कम्प्यूटरको क्षमताको झलक दिन्छ । विश्वमा आज उक्त कम्प्यूटरभन्दा बढी क्षमताको सुपर कम्प्यूटर छैन भनी मान्न सकिदैन । आधुनिक विज्ञानका अनुसार एक परमाणुको आकार एक सेन्टिमीटरको दश करोड खण्डको एक खण्ड बराबर हुन्छ भने सो परमाणुको केन्द्रिका (न्यूक्लियस) को आकार त उक्त परमाणुको एक लाख खण्डको एक खण्डभन्दा पनि सानो हुन्छ । किन्तु सो परमाणुको केन्द्रिकामा परमाणुको करीव करीव सम्पूर्ण द्रव्य (Mass) रहने हुनाले त्यसको घनत्व (Density) हामीले संसारमा बाहिर देख्ने कुनै पनि पदार्थको आकारभन्दा ज्यादै बढी सघन (Extreamly dense) हुन्छ । परमाणुहरूको स्वभाव यस्तो हुन्छ कि उदाहरणार्थ हावामा परमाणुहरू प्रत्येक सेकेण्डमा लाखौं करोडौंबार (Millions of times) ठक्कर खान्छन् वा संघटन हुन्छन् । तथापि प्रत्येक ठक्कर वा संघटन (Collision) पश्चात् तिनीहरू आफ्नै पूर्व स्वरूपमा नै फर्कन्छन् । यस अघि चर्चा गरिसकिएको छ कि परमाणुको आकारलाई जान्नका लागि हामीले मानौं, एउटा सुन्तलालाई पृथ्वीको आकारमा ठूलो हुने गरी फुलाउन सक्यौं भने उक्त सुन्तलाको परमाणुहरूलाई हामीले अमला वा बयर (Cherries) को आकारको रूपमा पाउने हुन्छौं ।



Downloaded from http://dhamma.digital

परमाणुको केन्द्रिका (Nucleus) को आकार लाई थाहा पाउनको लागि मानौं, परमाणुलाई हामीले संसारको सबैभन्दा ठूलो गुम्बज, रोममा रहेको सेन्टपिटरको क्याथेड्रलको गुम्बज बराबर अथवा नेपालको प्रसंगमा भन्ने हो भने स्वयम्भू वा खास्ति चैत्यको गर्भगृहको गुम्बज बराबर ठूलो हुने गरी फुलाउने हो भने परमाणुको केन्द्रिकालाई नूनको धुलोको आकारमा हामीले देख्नेछौं । अनि स्वयम्भू चैत्यको गर्भगृहको बीचमा रहेको एक कण नूनको धुलोलाई केन्द्र मानी सो गुम्बजको विशाल रिक्त स्थानमा (Space) मा धुलोका ससाना कणहरू उडिरहे जस्तै परमाणुको इलेक्ट्रोनहरूले परमाणुको रिक्त स्थान (आकाश) मा परिक्रमा गरिरहेका हुन्छन् । आधुनिक विज्ञानले परमाणुका केन्द्रिकाहरूमा रहेका प्रोटन र न्यूट्रनहरू समेत पत्ता लगाई परमाणुका इलेक्ट्रोन, प्रोटन, न्यूट्रनको संख्या र तिनले फन्को मार्ने गति मात्र पत्ता लगाएको होइन कि केन्द्रिका र इलेक्ट्रोनको कक्षभित्र शून्य स्थान (आकाश= Space) हुन्छ र ती इलेक्ट्रोनहरूले प्रकाशको गतिले अर्थात् झण्डै १,८६,००० मील प्रति सेकेण्डको गतिले केन्द्रिकालाई केन्द्रविन्दु मानी परिक्रमा गरिरहेका हुन्छन् भन्ने कुरो पनि सिद्ध गरेको छ । प्रोटन र न्यूट्रनको द्रव्य (Mass) झण्डै उही बराबर हुन्छ भने इलेक्ट्रोनको दांजोमा प्रोटनको द्रव्य करीव दुई हजार गुणा बढी हुन्छ । साथै न्यूक्लिअन पनि भनिने प्रोटन र न्यूट्रन प्रति सेकेण्ड ४०,००० मीलका गतिले केन्द्रिकामा घुमिरहेका हुने तथ्यलाई पनि विज्ञानले पत्ता लगाएको छ ।

आधुनिक विज्ञानका अनुसार उपपरमाणु रजहरू (Sub atomic particles) को रूपमा रहेका प्रोटन, न्यूट्रन, इलेक्ट्रोन जस्ता धातुहरूलाई निश्चित ठाउंमा अस्तित्व मात्र रहन्छन् पनि भन्न सकिंदैन । वरू ती धातुहरूले अस्तित्वको प्रवृत्ति मात्र दर्शाएका हुन्छन् । यसरी आधुनिक विज्ञानका अनुसार परमाणुका उपपरमाणु रज कणहरू वस्तुत: द्वैध स्वरूपका साह्रै नै अमूर्त निराकार तत्व (Very abstract entities) अर्थात् भाववाचक निराकार पदार्थहरू मात्र देखिन्छन् । वैज्ञानिक फ्रिजफ काप्राका अनुसार सूक्ष्मातिसूक्ष्म रूपका ती इलेक्ट्रोन, प्रोटन, न्यूट्रन जस्ता उपपरमाणु रजहरूलाई हेर्दा, हाम्रो हेराइका तरीकामा निर्भर रही, कहिलेकाहीं ती तत्वहरू रजहरूको रूपमा, कहिलेकाहीं तरङ्गहरूका रूपमा मात्र प्रकट



Downloaded from http://dhamma.digital

हुन्छन् र यसरी यस्तो द्वैध प्रकृतिलाई विद्युतीय चुम्बकीय तरङ्गहरू वा रजहरूको आकारमा प्रकाशद्वारा प्रदर्शित गरिन्छन् । *(हेर्नोस्: दि टाओ अफ फिजिक्स, फ्रिजफ काप्रा–बान्टम, दोहोऱ्याइएको संस्करण, फेब्रुअरी, १९८४, पेज नं. ५५ ।)* यिनै वैज्ञानिकका अनुसार फोटन भनिने प्रकाशपुञ्जहरू पनि जतिसुकै द्रव्यविहीन (Massless) भए तापनि प्रकाशको गतिमा अर्थात् प्रति सेकेण्ड १,८६,००० मीलका गतिमा यात्रा गर्ने एक प्रकारका विशेष किसिमका रज तत्वहरू (Particles) हुन् भनी विज्ञानले मानेको छ ।

आधुनिक विज्ञानले पत्ता लगाएको उपपरमाणुका रज धातुहरूको संख्या ३ वटाबाट ६ वटा, ६ वटाबाट १८ वटा गर्दै हालसम्ममा दुई सयभन्दा बढी तात्विक धातुका रजहरू (Elementary particles) को संख्या पुगिसकेका छन् । डिराकको सिद्धान्त अनुसार रज धातुहरू (Particles) र विरोधी प्रतिरज धातुहरू (Anti particles) का जोडाहरूलाई पर्याप्त उर्जाको सहाराले सिर्जना गर्न सकिन्छ र संहार वा उच्छेदन अर्थात् विनाशको विपरीत प्रक्रियाद्वारा (In the reverse process of annihilation) ती उपपरमाणु रज धातुहरू र प्रति रज धातुहरूलाई विशुद्ध उर्जामा परिणत गर्न सकिन्छ ।

डिराकको सिद्धान्तको प्रतिपादन पश्चात् सम्पन्न गरिएका लाखौं करोडौं पटकको परीक्षणबाट विज्ञानले के पत्ता लगाएको छ भने उच्च उर्जाहरूसंग जब दुईटा रजधातुहरू संघटन हुन्छन्, तिनीहरू टुक्रिएर खण्डित हुन पुग्छन्, तर ती टुक्राहरू पूर्व रजधातुहरूभन्दा साना भने हुँदैनन् । यी रजधातुहरूको आयु अति नै कम हुन्छ र एक सेकेण्डको दश लाखौं खण्डको एक खण्डभन्दा पनि कम मात्र तिनका आयु रहन्छ । किन्तु बबल चेम्बरको सहायताले ती सूक्ष्मातिसूक्ष्म, अति स्वल्पायुवाला क्षणिक स्वभावका रजधातुहरूलाई पहिचान गर्न सकिन्छ, तिनका गुणहरू स्वभावहरूलाई नाप्न सकिन्छ र तिनका पथ (Tracks) को फोटो लिन पनि सकिन्छ । आधुनिक विज्ञानका अनुसार यस संसारमा तात्विक धातुगत रजहरू (Elementary particles), भौतिक द्रव्य वा सार (Material substances) वा अलग अलग बस्तुहरू (Isolated objects) भन्ने जस्ता पदार्थका पुराना धारणाहरू (Classical concepts) को अब कुनै अर्थ छैन, माने छैन । किनभने सम्पूर्ण



Downloaded from http://dhamma.digital

संसार नै भिन्नाभिन्नै छुटचाउन नसकिने विद्युतीय तरङ्ग स्वभावका संरचनाहरूका गतिशील जालो मात्र देखिन्छ । सापेक्षताका सिद्धान्त अनुसार यस संसारमा द्रव्य र उर्जा दुई सत्ता होइन । उर्जा र द्रव्यमान एक अर्कामा परिवर्तन हुन सक्छन् । उर्जाको बृद्धिको कारणले द्रव्यको मात्रामा बृद्धि हुन्छ भने द्रव्यमानको गतिशीलताबाट उर्जाको उत्पत्ति हुन्छ । त्यति मात्र होइन उर्जालाई द्रव्यमानमा आबद्ध गरेर पनि राख्न सकिन्छ । उदाहरणार्थ एक उपपरमाणु रजधातुमा रहेको उर्जाको परिमाण त्यो रजधातुको द्रव्यमान बराबर हुन्छ । द्रव्यलाई प्रकाशको गतिको दुगुणाले बृद्धि गर्दा उर्जा बन्दछ। यसरी $E = mc^2$ हुन्छ अर्थात् प्रकाश गतिको दोब्बर बृद्धि नै उर्जा हुन्छ । *(हेर्नोस्: दि टाओ अफ फिजिक्स, फ्रिजफ काप्रा, पेज नं. १८६ ।)*

अन्तमा, अब पदार्थ र शून्य आकाश (अन्तरीक्ष) बीचको विभेदको धारणालाई परित्याग गर्नु पर्ने भएको छ । किनभने अब यो कुरो प्रष्ट भएको छ कि शून्य (Void) बाट स्वत: स्फूर्त रूपमा रज धातुहरू उत्पत्ति हुन सक्तछन् र पुन: न्यूक्लिअन जस्ता अवशेष धातुहरूलाई शेष नछाडीकनै शून्यमा विलीन हुन सक्तछन्। आधुनिक भौतिक शास्त्रको क्वाण्टम फील्ड (Quantum Field) सैद्धान्त अनुसार यस प्रकारका घटनाहरू निरन्तर यस संसारमा घटित भइरहेका हुन्छन् । शून्य भनेको अब रिक्त होइन । बल्कि असीमित संख्यामा उपपरमाणुका रजहरू निरन्तर उत्पत्ति र विलीन हुने क्षेत्र शून्य हो । *(हेर्नोस् : दि टाओ अफ फिजिक्स, पेज २०८)* उपर्युक्त रूप धातु सम्बन्धी वैज्ञानिक खोज र आविष्कारहरूको गहन रूपको विश्लेषणबाट के सिद्ध हुन्छ भने व्यवहारमा हामीलाई स्थूल, ठोस र स्थीर पदार्थका रूपमा देखिने बहुत सान्हो बस्तु पृथ्वीदेखि लिएर संसारमा पाइने यावत् रूप धातु पदार्थहरू जे जति छन् ती सबै नै वास्तवमा नित्य प्रवाहको अवस्थामा रही असंख्य शिघ्रताका साथ उत्पत्ति र विनाश हुँदै निरन्तर परिवर्तनका अवस्थामा रहेका तिनै विद्युत कण, गति वा तरङ्गहरू जस्तै प्रोटन, न्यूट्रन, इलेक्ट्रोन, फोटन, पोजिट्रन जस्ता उपपरमाणु रजहरूबाट निर्मित हुनाले ती सबै बस्तुहरू क्षण क्षणमै परिवर्तन हुने स्वयंमा एक घडी, एक पला, एक विपला, एक क्षण पनि स्थीर नरहने सारभूत ठोसभूत तत्व केही नभएका गतिशील नित्य तरङ्ग वा तरङ्ग स्वभाव मात्र हुन् । ती तरङ्गहरू निरन्तर



Downloaded from http://dhamma.digital

उत्पत्ति हुँदै गतिशील हुँदै विनाशमा प्राप्त भइरहेका छन् । यसरी नै संसार चलिराखेको छ, चली नै रहने स्वभावको छ । यसरी एक्काइसौं शताब्दीसम्म आइपुग्दा आधुनिक विज्ञान र प्रविधिले रूप धातुको अनित्यताको परिभाषालाई वैज्ञानिक विश्लेषणबाट नै प्रमाणित गर्दै रूप धातु विशेषको अनित्यता, गतिशीलता र परिवर्तनशीलतालाई सिद्ध गरेको छ । यथार्थमा संसार गतिशील छ । परिवर्तनशील छ, अनित्य छ । यस संसारका यावत् पदार्थ रूप धातु सबै नै वस्तुतः जरैदेखि गतिशील छन्, परिवर्तनशील छन्, अनित्य छन् । विज्ञान र प्रविधिको विकासले आज आएर संसारप्रतिको बौद्ध दृष्टिकोणलाई र संसारको शून्यता, तथता र अनित्यवादको बौद्ध सिद्धान्तलाई निरापद रूपमा स्वीकारेको छ । बुद्ध धर्म र दर्शनको मान्यता हो कि नाम रूपमा पृथ्वी, आप, तेज, वायु र आकाश नामक रूप धातु पाँचमा कर्म चित्त ऋतु आहार नामक हेतु धर्म चार, विज्ञान नामक नाम धातु एक र वत्थु र आरम्मण भन्ने हेतु धर्म २ गरी ६ धातुहरूका हेतु धर्म ६ समावेश हुन्छन् । पञ्चमहाभूत धातुहरूको नियामको कारणले, शक्तिको कारणले निरन्तर रूपमा स्कन्धहरूको उत्पत्ति र विनाश प्रक्रिया सञ्चालन हुन्छन् । चतुर्महाभूतको कारणले सजीव (चेतन) र निर्जीव (जड) मा हुने धातुहरूको प्रक्रिया जो छ त्यसलाई सामान्य व्यक्तिहरूले चिन्तन समेत गर्न नसक्ने हुन्छ । किनभने ती चार धातुहरूको ऋद्धि र शक्ति यो यस्तो वा यति हुन्छ भनी चिन्तना गर्न पनि सामान्य मानिसलाई कठिन हुन्छ ।

Dhamma.Digital

बुद्ध धर्ममा भनिएको छ कि असंख्य चक्रवाल भएको, त्रिसाहस्र महासाहस्र लोक धातु भएको र एकै पटक उत्पत्ति र विनाश हुने एक लाखकोटी चक्रवाल भएको यो संसार–ओकास लोक पुञ्जको अनेक कल्पहरूका साथ उत्पत्ति र विनाश उतु (ऋतु) नामक तेज धातुको शक्ति स्वभावको कारणले गर्दा सम्भव हुन्छ । नियाम धर्मको शक्तिद्वारा, धातुहरूको धर्म नियामको शक्तिद्वारा नै सत्व लोक भनिने सत्व प्राणीहरूको लोक, संस्कार लोक भनिने लौकिक नाम रूपको लोक र ओकास लोक भनिने सत्व प्राणीहरू बसोबास गर्ने लोकहरूको अनादिकालदेखि उत्पत्ति र विनाश हुने गरेका हुन् । *(हेनोस् : अग्गमहापण्डित डा. लेडि सयादोको पुस्तक "नियाम दीपनी", अनु नानी मैंजा मानन्धर ।)*



Downloaded from http://dhamma.digital

बुद्ध धर्मका अनुसार नाम रूप धातुहरू यसरी अनित्य छन्। तसर्थ यस ब्रम्हाण्डमा रहेका सबै देव, मनुष्य, पशुपंछीहरू, सजीव र निर्जीव बस्तुहरू सबै अनित्य छन् । बुद्ध धर्मले हामीलाई सिकाउँछ:

१. रूप (शरीर) भनेको फिंज जस्तो मात्र हो । हेर्दा केही लाग्छ, छुंदा केही पाइदैन ।
२. वेदना (अनुभूति) भनेको पानीको फोका जस्तो हो, छिनमै बन्छ, छिनमै बिलाउँछ ।
३. संज्ञा (मूल्याङ्कन) भनेको मृगतृष्णा जस्तो हो, जति अघि बढे पनि भ्रम मात्र हुन्छ ।
४. संस्कार (इच्छा, संकल्प) भनेको केराको बोट जस्तो हो, जति उप्काए पनि खाली नै हात लाग्छ ।
५. विज्ञान (चेतना) भनेको मायाजाल जस्तो हो । जादूगरको जादू जस्तो । (संयुक्त निकाय)

*(हेर्नोस् : श्री के. श्रीधम्मानन्द, बौद्ध विश्वास, तृतीय भाग, अनु. मदन रत्न मानन्धर ।)*

यसरी नाम रूप, पंच स्कन्ध सबै अनित्य छन् । जुन कुरा अनित्य छ, जुन कुराको निरन्तर परिवर्तन र क्षय व्यय धर्मलाई एक क्षण पनि रोक्न सकिन्न त्यो सुख हुन सक्तैन । त्यस्ता हरेक क्षणिक सुखको पछाडि पनि भयानक दु:खको त्रास लुकिरहेकै हुन्छ। यस्ता कुरा स्वत: दु:खको कारण हुन्छ । किनभने यसको दु:ख यसको उत्पत्ति र विनाशमै निहीत छ, अन्तर्निहीत छ । बौद्ध दर्शनका दुई प्रमुख आधारशीला अनित्य र दु:खलाई यसरी आज विज्ञानले पनि भौतिक विश्लेषण गरेरै प्रमाणित गरिसकेको छ ।

## जनन विज्ञान र बुद्ध धर्म

भौतिक शास्त्रीले पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा परमाणु र परमाणुलाई उपपरमाणु रजकण (Sub atomic particle) इलेक्ट्रोन, प्रोटन, न्यूट्रन, फोटन, पोजिट्रन, एण्टी प्रोटन, एण्टी न्यूट्रनसम्ममा विभाजित गरे भैं जनन विज्ञान र आनुवंशिक इन्जिनीयरिंग क्षेत्रमा जननशास्त्रीहरूले प्राणी मात्रमा पाइने एक कोषीय (Single celled) जीवहरू जस्तै जीवाणु (Bacteria) र विषाणु (Virus) को जीवाणु कोष (Cell) को विश्लेषण गर्नाको साथै जीवधारी प्राणीहरू र



Downloaded from http://dhamma.digital

मानव शरीरका अङ्ग प्रत्यंगहरूलाई समेत सूक्ष्मातिसूक्ष्म रूपबाट फार्दै विभाजित गर्दै केलाउँदै लगी के कुरा पत्ता लगाएका छन् भने एक सामान्य मानिसको शरीरमा ११ पाइण्ट जति रगत हुन्छ भने एक जना मानिसको शरीरमा करीव ६० खरब जति सूक्ष्म रूपका जीवाणु कोषहरू (Cells) हुन्छन् । स्त्री र पुरुष दुबै जातिका मानव शरीरमा उपलव्ध हुने यी जीवाणु कोषहरूमध्ये अधिकांश जीवाणु कोषका जीवन निमित्त केन्द्रिका (Nucleus) को आवश्यकता पर्दछ । प्रत्येक जीवाणु कोषस्थित केन्द्रिकामा जोडा जोडाका रूपमा विद्यमान रहने २३ जोडा केन्द्रिका रेशाहरू (Chromosomes) अर्थात् ४६ वटा केन्द्रिका रेशाहरू हुन्छन् । जैविक अणु डि.एन.ए. (Deoxyribose nucleic acid or DNA) भनेको यिनै केन्द्रिका रेशाको एक भाग हो । डि.एन.ए. का अणुहरू मिली वंशाणु (Gene) बनेका हुन्छन् । डि.एन.ए. का एक अंशका रूपमा रहेका वंशाणुहरूले आमाबाबुको स्वरूप, लक्षण, स्वभाव र अन्य गुण जस्ता वंशानुगत गुण (Genetic information) लाई तिनका सन्ततिमा प्रसारण गर्दछन् ।

मानव शरीरमा करीव ६० खरब संख्यामा विद्यमान रहेका यी जीवाणु कोषहरूको प्रत्येकको आकार नै एक मिलिमीटरको सय खण्डको एक खण्डभन्दा सूक्ष्म रूपको हुन्छ भने ती जीवाणु कोषको पनि सूक्ष्म रूपको केन्द्रिकामा रहने २३ जोडा केन्द्रिका रेशाहरू अर्थात् ४६ केन्द्रिका रेशाहरू कति सूक्ष्म हुन्छन् भन्ने कुरा स्वतः कल्पना गर्न सकिन्छ । लामो धागो आकारको केन्द्रिका रेशाको पनि एक खण्ड मात्र रहेको मसिनो लामो धागोको रूपमा देखिने बटारिएको दोहरो सर्पकुण्डली आकारको जैविक अणु (The double helix shaped molecule), डि.एन.ए. को चौडाइ त केवल ३४Å (अर्थात् ३४ आंग्स्ट्राङ) मात्र हुन्छ । यसरी ३४Å मात्र चौडाइको जैविक अणु, डि.एन.ए. मा पनि हालसम्मको सबभन्दा पछिल्लो अनुमान अनुसार १,२०,००० वंशाणुहरू रहन्छन् । तसर्थ वंशाणुको रूप त यति सूक्ष्मतर हुन्छ कि यसलाई सूक्ष्मदर्शक यन्त्रबाट पनि देख्न सकिंदैन । १Å भनेको १ मिलिमीटरको एक करोड खण्डको एक खण्ड मात्र हो भन्ने कुरा यहाँ स्मरणीय छ । यसबाट जनन विज्ञान र आनुवंशिक इञ्जिनीयरिङ्ग जस्ता आधुनिक जीव विज्ञानले सूक्ष्मातिसूक्ष्म रूपलाई कति सूक्ष्मताका हदसम्म विश्लेषण र विभाजन गर्न सकेको रहेछ भन्ने कुरा प्रष्ट हुन्छ ।



Downloaded from http://dhamma.digital

## मानव वंशाणु कोष विज्ञान – जेनोमिक्स

कुनै पनि प्राणीको आधारभूत संरचना वंशाणु कोष – जिनोम (Genome) भन्नाले त्यसको निर्देशन दिग्दर्शन (Instruction manual) हो जुन मानव जातिले हालसम्म आविष्कार गर्न सकेको कुनै पनि कार्यक्रम संहिता (Programming code) भन्दा महानतम् संहिता हो, कुनै पनि सफ्टवेयरभन्दा पनि बढी चतुर र फूर्तिदार सफ्टवेयर हो ।[1] वैज्ञानिक भाषामा भन्ने हो भने मानवको आधारभूत संरचना, मानव वंशाणु कोष – जिनोम (Human genome) भन्नाले मानव जीवाणु कोषमा पाइने ती २३ जोडा केन्द्रिका रेशाहरूका सेट हुन् जसमा मानव जातिको वंशाणु लक्षणहरू र विशेषताहरू सम्बन्धी सम्पूर्ण विवरणहरू समाहित रहेका छन् । अर्थात् मानव जिनोम भनेको जैविक पुस्तकको गुंथिएको रेशारूपी ती केन्द्रिका रेशाहरू हुन् जसमा मानव निर्माण र विकासबारेका सम्पूर्ण निर्देशनहरू समावेश रहेका हुन्छन् । त्यस जैविक पुस्तकमा भएका त्रुटीहरूकै कारण अधिकांश मानव रोगहरू सिर्जिएका हुन्छन् । यसले मानव शरीरका ६० खरब जीवाणु कोषहरूका दैनिक कार्यहरूलाई नियन्त्रण गर्दछ र मानव भ्रूणलाई जीवित, श्वास प्रश्वास फेर्ने र चिन्तनशील प्राणीको रूपमा विकास गर्ने काममा मार्गदर्शन गर्दछ ।[2] कुनै पनि प्राणीको जिनोममा नै यो प्राणीको निर्माण गर्ने र प्राणीको वंशाणुगत गुणहरूलाई सार्ने वंशाणुहरू रहेका हुन्छन् । यी वंशाणुहरू जैविक अणु, डि.एन.ए. बाटै निर्मित हुन्छन् ।

---

The genome of any creature is its instruction manual, smarter than any software bigger than any programming code ever devised by man.

The human genome is the twisted strand of biological text that carries all the instructions for making and growing a human being. Errors in that text cause or contribute to the vast majority of human diseases. It controls the day to day function of the body's 60 trillion cells and guides an embryo's growth into a living, breathing and thinking human.



Downloaded from http://dhamma.digital

## मानव वंशाणु कोष — जिनोमको नक्साङ्कन

ई. सन् १९८७ मा शुरु गरी संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य (ब्रिटेन), फ्रान्स, जापान र चीन जस्ता ६ वटा देशहरूका १६ वटा प्रयोगशालाहरूमा कार्यरत १८ मुलुकका १,१०० वैज्ञानिकहरू, कम्प्युटर वैज्ञानिकहरू र प्राविधिकहरूले १३ बर्ष व्यतीत गरी अमेरिकी डलर २५ करोडको लागतमा सम्पन्न गरेको मानव जिनोम आयोजनाले सर्वप्रथम मानव इतिहासमा मानव जीव विज्ञानको पूर्ण अध्ययन गर्ने क्रममा मानव जिनोममा रहेका ३.२ अरब आनुवंशिक वर्णहरूलाई अलग अलग गरी छुट्याई सिलसिलाबद्ध रूपमा मिलाई नक्साङ्कन गरी आनुवंशिक संहिताको ९० प्रतिशत अध्ययन गर्ने कार्य सम्पन्न गरेर मानव वंशाणु कोषको पहिलो मस्यौदा प्रतिवेदन निकाल्ने सफलता प्राप्त गरेको घोषणा गत जून २६, २००० सोमवारका दिन गरिएको छ । सो अवसरमा अमेरिकी राष्ट्रपति बिल क्लिण्टन र बेलायती प्रधानमन्त्री टोनी ब्लेयरले संयुक्त रूपमा ती वैज्ञानिकहरूलाई बधाई ज्ञापन गरेका थिए । मानव जीवनको आधारभूत संरचनालाई अध्ययन गर्ने यस विधालाई जेनोमिक्स भनिन्छ । जेनोमिक्स (मानव वंशाणु कोष विज्ञान) ले हालसम्ममा ९० प्रतिशत अर्थात् ३ अरब आनुवंशिक वर्णहरू (Genetic letters) को अध्ययन कार्य सम्पन्न गरेको छ । बाँकी ०.२ अरब वर्णहरूको अध्ययन पनि आगामी ३ बर्ष अर्थात् सन् २००३ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ । मानव वंशाणु कोष विज्ञान–जेनोमिक्सका वैज्ञानिकहरूले जून २६, २००० सम्ममा ८००० वंशाणुहरूलाई पहिचान गरी तिनका कृत्यहरूलाई पनि जानिसकेका थिए जसमध्ये अल्जमेर व्याधि (Alzeimer's disease), स्तन र ठूलो आन्द्राको क्यान्सर गराउने वंशाणुहरू पनि पर्दथ्यो । वैज्ञानिकहरूका अनुसार अर्बुद रोग (Cancer) को आधार मानिएका कोषिकाहरूमा सम्पूर्ण अणुहरूलाई नष्ट पार्न नसकिएसम्म अर्बुद रोगको उपचारमा सफलता हासिल गरेको मान्न सकिंदैन । मिलेनियम फर्मास्यूटिकल्सका चिकित्सकहरूले मार्च २२, २००१ सम्ममा अर्बुद रोगका सहायक अणुहरू भएका ३० हजार वंशाणुहरू पत्ता लगाएको दावी गरेका छन् । किन्तु ती वंशाणुहरूमध्ये दुई हजार वंशाणुहरूलाई मात्र नष्ट गर्ने उपाय पत्ता लगाउन हालसम्म वैज्ञानिकहरू सफल भएका छन् । ती



Downloaded from http://dhamma.digital

उपायहरूलाई उनीहरूले नेशनल इन्स्टिच्यूट अफ हेल्थ जीनको वेब साइटमा राखेका छन् । ब्रिटिश फर्मास्यूटिकल्स एशोसियशनका अध्यक्ष बिल फूल्गरको दावी छ कि आणविक जैविकी विज्ञान (Molecule Biology) को माध्यमद्वारा औषधिको सम्पूर्ण संसार नै बदलिँदै छ । वंशाणुको खराबीको कारणले पैदा हुने मस्कुलर डिस्ट्रोजी जस्ता रोगलाई (जुन रोग लागेपछि मानिस हिंडडुल गर्न नसक्ने हुन्छ) नै लिउँ । अब यस रोगलाई निर्मूल पार्नका लागि "जेनेटिक ड्रग्स" मार्च २००१ देखि नै बजारमा ल्याउने तयारी भइरहेको छ । उता अमेरिकी औषधि निर्माता कम्पनी मिलेनियम फर्मास्यूटिकल्सका मुख्य वैज्ञानिक रबर्ट टियर चाहिं "स्मार्ट बम" नामक एण्टी क्यान्सर ड्रग बनाउन सक्रियताका साथ अनुसन्धानमा जुटिरहेको छ । स्मार्ट बमले सम्पूर्ण क्यान्सर प्रभावित कोषिकाहरूलाई एकै निमेषमा नष्ट गर्ने छ । किन्तु स्वस्थ कोषिकाहरूलाई भने यसले धक्का समेत नलगाउने बताइन्छ ।

जेनोमिक्सका अनुसार मानव वंशाणु कोष–जिनोममा करीब ३ प्रतिशत वंशाणुहरू हुन्छन् भने बाँकी ९७ प्रतिशतमध्ये एउटा ानो अंश मात्र "नियन्त्रण क्षेत्रहरू" (Control regions) हुन्छन् जुन नेयन्त्रण क्षेत्रहरूले वंशाणुहरूलाई कहिले कार्यशील रहने र कहिले ारहने भन्ने कुराको निर्देशन गर्दछन् । शेष जिनोम त रद्दी ड.एन.ए. (Junk DNA) को रूपमा रहेका छन् जसको काम के ो भन्ने कुराबारेमा अझै वैज्ञानिकहरूलाई कुनै ज्ञान छैन । आज ज्ञानिकहरूले के पत्ता लगाएको छ भने मानव जातिमा वंशाणुगत ण प्रसारण गर्ने आनुवंशिक संहिता (Genetic code) भन्दा ास्तवमा आनुवंशिक सूचनाको आधारमा मानव अणुहरूको ार्माणको जटील काम गर्ने प्रोटीनहरूलाई एकत्रित गर्ने प्रोटीन हिताहरू (Protein codes) झन् जटील हुन्छन् । मानव वंशाणु ोष विज्ञान – जेनोमिक्सको विकासले गर्दा रोगव्याधिलाई रोकथाम र्न र निको पार्न आनुवंशिक उपचार (Gene Therapy) गर्ने ार्गलाई प्रशस्त पारिदिएको प्रतीत हुन्छ । किन्तु वैज्ञानिकहरूका ागाडि अब मानव वंशाणु कोषमा रहेका पूरै १,२०,००० ंशाणुहरूमध्ये कुन कुन वंशाणुहरूले कुन कुन जीवाणु कोषलाई नन्त रूपमा बृद्धि हुँदै जान (Multiplication) लगाउने हुन् भन्ने स्तृत तथ्य पत्ता लगाउनु पर्ने प्रश्न खडा भएको छ । अनि मात्र



Downloaded from http://dhamma.digital

अर्बुद रोग र एड्स जस्ता कठीन रोगहरूलाई पैदा गर्ने वंशाणुलाई निस्क्रिय पार्ने औषधिको विकास गर्न सकिने हुन्छ । अब एक दिन यहाँ यस्तो समय पनि आउने अपेक्षा गर्न सकिन्छ जब चिकित्सकहरूले मानव वंशाणु कोष – जिनोमको जैविक चीप (Bio-chip) को आधारमा कुन कुन व्यक्तिहरूलाई के कस्तो रोग लाग्न सक्ने सम्भावना छ भन्ने कुरा अग्रिम रूपमा जानी औषधि गर्न थाल्ने छ । परन्तु कम से कम आगामी दश बर्षको अबधिसम्ममा भने मानव वंशाणु कोष विज्ञान र चिकित्सा विज्ञानले यस्तो चमत्कार देखाउन सकिने अपेक्षा गर्न सकिएको देखिन्न ।

परन्तु हालसम्मको जनन विज्ञान, आनुवंशिक इञ्जिनीयरिङ्ग, आणविक जैविकी विज्ञान र मानव वंशाणु कोष विज्ञान र चिकित्सा विज्ञानको विकासबाट वैज्ञानिकहरूले उपयुक्त वंशाणुहरू-लाई पहिचान गरी आनुवंशिक उपचार (Genetic Therapy) को मद्दतबाट सिद्धान्तत: मानिसहरूको आयु दोब्बर, तेब्बर पार्न सकिने ज्ञानको उपयोगको सम्भाव्यताको भने विकास गरिसकेको दावी गरेका छन् । जीवित व्यक्ति वा मृत व्यक्तिको शरीरबाट निश्चित अवधि भित्रै विभिन्न अंगहरू जस्तै आँखा, मुटु, किड्नी (मृगौला) निकाली अर्को व्यक्तिमा प्रत्यारोपण गरी रोगीहरूलाई जीवनदान दिन सफल चिकित्सा विज्ञानले अब मानव शरीरको स्वस्थ भागबाट एनेस्थेसियाको सुई दिएर केही कोषहरू बाहिर निकाली प्रयोगशालामा लगी लाखौंको संख्यामा आवश्यक कोषहरूको बृद्धि गराई रोगीहरूका क्षतिग्रस्त मुटु जस्ता शारीरिक अंगहरूको बदलामा ती कोषहरू प्रत्यारोपण गरी उपचार गर्ने नयाँ नयाँ प्रविधिको विकास गरी प्रयोग गर्न वैज्ञानिकहरू प्रयत्नशील छन् । अमेरिका र फ्रान्समा शुरू गरिएका कोषहरू प्रत्यारोपण गरी क्षतिग्रस्त मुटुको मर्मत गरी मुटु रोगको उपचार गर्ने प्रविधिलाई अझ परिष्कृत रूपमा विकास गर्न वैज्ञानिकहरू लागिपरेका छन् ।

अमेरिकाको डल्लासस्थित युनिभर्सिटी अफ टेक्सास, साउथ वेष्टर्न मेडिकल सेन्टर र क्यालिफोर्नियास्थित जेरोन कोर्पका अनुसार केन्द्रिका रेशामा पाइने एक प्रकारको संरचना टेलोमियर्स (Telomeres) का कारण कोषहरूको निरन्तर विभाजन गर्ने क्षमता बढिरहन्छन् । कोषहरूको निरन्तर विभाजन क्षमतामा ऱ्हास नआएसम्म मानिसहरूको यौवनावस्थामा ऱ्हास आउदैन । ती



Downloaded from http://dhamma.digital

अमेरिकी संस्थाहरूका वैज्ञानिकहरूका अनुसार उपर्युक्त टेलोमियर्सका वंशानुगत संहिता गुण (Genetic code) विद्यमान रहने टेलोमेरेस नामक एन्जाइम मानव कोषहरूमा मिलाउने हो भने मानव कोषहरूलाई सामान्यतयाभन्दा २२० गुणा बढी विभाजित हुने ाराउन सकिन्छ र यसरी मानिसहरूको आयुलाई २२० गुणाले बढाउन सकिने सम्भावना रहन्छ । यसरी आज वैज्ञानिकहरू मानिसलाई अजरामर गराउन/तुल्याउन सकिने औषधिको खोजमा समेत तल्लीन हुन थालेका छन् ।

## ीव विज्ञान र चिकित्सा विज्ञानको चमत्कार

आधुनिक जीव विज्ञानका अनुसार सामान्यत: मानिसको न्म स्वयं बाबुबाट प्राप्त पुरुष लैङ्गिक (Male gamete) को न्द्रिका (Nucleus) अर्थात् शुक्रकीट (Sperm) र आमाबाट प्राप्त त्री लैङ्गिक (Female gamete) को केन्द्रिका अर्थात् (Ovum) को योग भई उत्पन्न भएको युग्मज (Zygote) नामक एक सूक्ष्म ोषबाट भ्रूणको बृद्धि भई प्रारम्भ भएको हुन्छ । अनि आमा र ाबु दुबैबाट प्राप्त गरेको जैविक अणु डि.एन.ए. (Deoxyribose ucleic Acid) र आर.एन.ए. (Ribose Nucleic Acid) का बीज क्ति र आहारको सहायताले गर्भको भ्रूण बृद्धि भई समय पुगेपछि र्ण मानवको रूपमा जन्म हुन्छ । चिकित्सा विज्ञानका अनुसार ामान्यतया: पुरुषको वीर्यमा एक पटकमै लाखौं करोडौं क्रकीटहरू (Spermatozoa) हुन्छन् भने स्त्रीमा साधारणतया: चार ा मात्र डिम्बकोष (Ova) एक पटकमा बन्दछन् । ती चार म्बाणुमध्ये एकमा गर्भाधान हुन्छ र बाँकी तीन डिम्बाणु स्वत: ट हुन्छन् । चिकित्सा विज्ञानका अनुसार स्त्री र पुरुषको ासपछि बच्चाको गर्भ प्रतिष्ठित हुनका लागि पनि बाबुको शुक्र तुमा रहेका ४ करोडदेखि १० करोडसम्मका Spermatozoa नामक क्रकीटाणुहरू यताउति संसरण गर्दै गई आमाको अण्डाशय vary) बाट नि:सृत हुने केही डिम्बकोषहरू (Ova) मध्ये एक म्बकोष (Ovum) मा ती करोडौं शुक्रकीटाणुहरूमध्येका एक क्रकीटाणु (Spermatozoon) को प्रवेश भई पाठेघरको फालोपियन ो (Fallopian tube) मा संगम हुनु जरुरी हुन्छ र यसरी क्रकीटाणु र डिम्बकोषको संगम भइसकेपछि उत्पन्न हुने युग्मज



Downloaded from http://dhamma.digital

(प्रारम्भिक गर्भ डिम्ब स्थिति) पुन: आमाको पाठेघरभित्र झरी पाठेघर (Uterus) भित्र भित्तामा (Wall) राम्ररी स्थित रहेपछि मात्र डिम्बको गर्भ प्रतिष्ठित भई भ्रूणको विकास भई मानिसको जन्म हुने हुन्छ । बाँकी शुक्रकीटाणुहरू केही समयसम्म (बढीमा ३ दिनसम्म) जीवित रही स्वत: मृत्यु भएर जान्छन् । *(हेर्नोस् : A Text Book of Ganeacology & Contraception by Prof. C. S. Dawn, 10th Edition, 1990).* चिकित्सा विज्ञानले के पनि मान्दछ भने बाबुको शुक्रधातुमा २ करोड (20 millions) भन्दा कम शुक्रकीटाणुहरू (Spermatozoa) रहेमा पनि डिम्बकोषसंग संगम हुन नसक्ने हुन्छ भने शुक्रधातुमा ४ देखि १० करोड शुक्रकीटाणुहरू रहे पनि ती शुक्रकीटहरूमध्ये ६० प्रतिशतभन्दा बढी क्रियाशील (Motile) नभएमा पनि गर्भाधान (Fertilization) सामान्यतया: सम्भव नरहने हुन्छ । *(हेर्नोस् : Concise Medical Physiology by Serjit Chaudhari, 2nd Edition, Calcutta).* स्त्री र पुरुषबीच सहवास भएर पनि बाबुको शुक्रधातुमा शुक्रकीटाणुहरू नभएमा निजको बाँझो वीर्यबाट बच्चाको जन्म सम्भव हुँदैन भने बाबुको शुक्रधातुमा शुक्रकीटाणुहरू भए पनि आमाको पाठेघर नष्ट भएमा वा अण्डाशय (Ovary) मा केही दोष भएको कारण डिम्ब कोषहरू नै नझरेमा वा डिम्बकोषहरू (Ova) नै नहुने भएमा शुक्रकीटाणुहरू (Spermatozoa) स्वत: मृत्यु भएर जाने भएकोले त्यस्ता स्त्रीबाट बच्चाको जन्म नहुने हुन्छ ।यसरी पुरुष वा स्त्री कुनै पनि बाँझ वा बाँझी भएमा प्राकृतिक मैथुन क्रियाको सफलता पश्चात पनि बच्चाको जन्म सम्भव रहँदैन । *(हेर्नोस् : An Introduction to Human Embryology by Inderjit Singh, Reprint 1993).*

## क) परीक्षा नली बच्चा र प्रतिनिधि आमाद्वारा बच्चा जन्म

आधुनिक चिकित्सा विज्ञानले विकासको क्रममा आमा वा बाबुले मात्र प्राकृतिक रूपमा बच्चालाई जन्म दिन नसक्ने दम्पत्तिहरूका लागि सर्वप्रथम बेलायतका वैज्ञानिकहरू प्रो. रोबर्ट एडवार्डस् र डा. पेट्रिक स्टेप्टोले बाबुको शुक्रकीट (Sperm) र आमाको डिम्बाणु (Ovum) वा अण्डाणुलाई प्रयोगशालामा परीक्षा नली (टेष्ट ट्यूब) मा अप्राकृतिक रूपमा निषेचन गराई गर्भाधान गरी आइ.भी.एफ. (*In vitro* Fertilization) को पद्धतिद्वारा २३ वर्ष अघि सर्वप्रथम जुलाई २५, १९७८ मा लुइस ब्राउन नामक



Downloaded from http://dhamma.digital

बच्चीको जन्म दिएदेखि यता संसारभरिमा टेष्ट ट्यूब बच्चाहरू हजारौं हजारलाई जन्माई सकिएका छन् । कुनै कारणवश आमाको गर्भाशय (Uterus) नष्ट भएको कारणले बच्चालाई जन्माउन नसक्ने भएका स्त्रीहरूका लागि सोही स्त्रीका अण्डाणुमा उनकै आफ्नै पतिबाट निकालिएको शुक्रबीजबाट प्रयोगशालामा कृत्रिम तरीकाबाट वीर्यसेचन अर्थात् बीजारोपण (Insemination) गराई विकसित गरिएको भ्रूण (Embryo) लाई कुनै अर्की सद्दे आइमाईलाई प्रतिनिधि माता (Surrogate mother) को रूपमा उपयोग गरी ती प्रतिनिधि माताको गर्भाशयमा प्रतिष्ठित गरी बच्चा जन्माउने प्रविधिको विकास पनि गरिएको छ । अन्य विकसित देशको त कुरै छोडौं, हाम्रै छिमेकी मुलुक भारतको जयपुरको जयपुर फर्टिलिटी एण्ड मदर क्योर हस्पिटलमा समेत डा. गुञ्जन जैनले प्रसूतीको बेला अत्यधिक रक्तश्राव भई अपरेशन गरी गर्भाशय नै निकाली आमाको जीवन बचाउनु परेकी पिङ्की नामक स्त्रीले जन्माएकी प्रथम बच्चा जन्मेको केही समयपछि नै मृत्यु भएपछि आइ.भि.एफ. (IVF) जस्तै प्रविधिबाट पिङ्कीकै अण्डाणुमा निजको पतिको शुक्रबीज सम्मिश्रण गरी भ्रूणको विकास गरी पिङ्कीको आफ्नै ४८ वर्षीया आमाको गर्भाशयमा सो विकसित भ्रूणलाई प्रतिष्ठापन गरी गत अक्टोवर १८, १९९९ मा स्वस्थ बच्चीको जन्म दिइएको छ । सोही प्रक्रियाबाट फेब्रुअरी, २000 मा पनि दुइटा बच्चाहरूलाई सोही अस्पतालमा प्रतिनिधि आमाहरूबाट जन्माइसकेका छन् ।

अझ संयुक्त राज्य अमेरिकामा न्यूयोर्क विश्व विद्यालयको डा. जेमी ग्रिफो (Dr. Jamie Grifo) ले त डली नामक भेंडाको पाठी जन्माउन अपनाएको क्लोनिङ्ग (अमैथुनिक प्रक्रिया) कै करीबको विधिलाई अपनाई एउटी सद्दे स्त्रीले (Fertile woman) दान दिएको दाता अण्डाणु (Donor egg) लाई सो अण्डा (Ovum) भित्रको वंशाणुद्वारा भरिपूर्ण रहेको केन्द्रिका (Nucleus) लाई निकाली सफा गरी रिक्त पार्ने र यसरी रिक्त गरिएको दाता अण्डाणु (Donor egg) मा बाँझ स्त्रीको अण्डाणु (Egg) मा रहेका वंशाणुहरू (Genes) झिकी प्रवेश गराई एउटा सिंगो पुनर्संयोजित अण्डाणु (A single recombinant egg) तयार गरी सम्बन्धित बाँझ स्त्रीको पतिको शुक्रकीट (Sperm) बाट निषेचन गरी गर्भाधान (Fertilize) गराउने र यसरी तयार भएको स्वस्थ भ्रूणलाई निजकै आमा बाँझ



Downloaded from http://dhamma.digital

स्त्रीको गर्भाशयमा प्रत्यारोपण गरी बच्चा जन्माउने प्रविधिको परीक्षण अक्टोवर, १९९८ देखि नै शुरु गरिसकेको छ । किन्तु यस प्रविधिमा दुइटी आमाको संलग्नता रहने भएकोले बच्चाको आमा कसलाई मान्ने भन्ने नैतिक प्रश्न खडा हुने कारणले विवादास्पद विषय बनेको पनि देखिन्छ ।

संयुक्त अधिराज्य वेलायत, लण्डनकी श्रीमती डियने ब्लड (Diene Blood) ले आफ्नो पतिलाई अस्पतालमा जीवन सहारा यन्त्र (Life support machine) को भरले श्वास प्रश्वाससम्म चलाई राखिएको अवस्थामा आफ्नो मृत प्राय: पतिको शरीरबाट निज मृतकको स्वीकृति वेगरै चिकित्सकहरूलाई अनुनय र विनय गरी मनाई शुक्रबीज निकाल्न लगाई फ्रीजमा राखी सुरक्षित गर्न लगाइन् र दुई बर्षसम्म बेलायतमा मुद्दा लडीकन सो सुरक्षित शुक्रबीजलाई बेलायत बाहिर लगी कृत्रिम तरीकाबाट आफ्नै गर्भाशयमा गर्भाधान गराई बच्चा जन्माउन पाउने हक प्राप्त गरेपछि कृत्रिम गर्भाधान प्रविधिबाट पेट बोकी आफ्नै मृतक पतिको वीर्यबाट निजले ३० बर्षको उमेरमा जेसफ अस्पताल शेफील्डमा ५ पाउण्ड १३ आउन्स वजनको स्वस्थ छोरो लियाम स्टेफेन ब्लडलाई डिसेम्बर ११, १९९८ मा जन्माई छाडिन् । निज डियने ब्लडको श्रीमान् मिष्टर स्टेफेन ब्लड (Stephen Blood) मेनिन्जाइटिस् रोगबाट सन् १९९५ मा नै ३० बर्षको उमेरमा नै देहान्त भएको थियो ।

## ख) एउटा केशबाट बच्चा जन्म

चिकित्सा विज्ञानले डिम्बाणु र शुक्रकीटलाई मानव शरीरको प्राकृतिक अवस्थाबाट बाहिर झिकेर पनि सुरक्षित राख्न सकिने प्रविधिको विकास गरे पश्चात् कृत्रिम तरीकाको अमैथुनिक प्रक्रियाबाट पनि यसरी बाँझ पुरुष भएका दम्पत्तिका लागि प्रतिनिधि पिता (Surrogate father) को रूपमा रहने सट्टे लोग्नेमानिसको शुक्रबीज मात्र स्वास्नी मानिसको गर्भाशयमा कृत्रिम तरीकाबाट प्रवेश गराई बच्चा जन्माउने र बाँझ स्त्रीका लागि आफ्नै पतिको वीर्यबाट टेष्ट ट्यूब प्रणाली वा प्रतिनिधि आमा (Surrogate mother) को सहायताबाट आइ.भि.एफ. (IVF) प्रणालीबाट बच्चा जन्माउने अनौठो विधिलाई मात्र व्यापक प्रयोगमा ल्याउने सफलता प्राप्त



Downloaded from http://dhamma.digital

गरेको होइन कि एउटा व्यक्तिको केश (रौं) बाट पनि क्लोनिङ्गको प्रक्रियाद्वारा छोरो जन्माउन सकिने प्रविधि पनि निकालेकोले विवाद खडा हुन पुगेको पनि पाइन्छ । उदाहरणार्थ, अमेरिकाको विश्व विख्यात माइक्रोसफ्ट कम्पनीका मालिक, विश्वका सबैभन्दा धनी व्यक्ति, खरबपति श्री बिल गेट्स (Bill Gates) को पूर्व कर्मचारी श्रीमती लाउरा एक्सले आफूलाई माइक्रोसफ्ट कम्पनीको नोकरीबाट बिल गेट्सले निकालेकोमा प्रतिशोध लिन अत्याधुनिक विज्ञानको विकासको अनैतिक लाभ उठाई आफ्नो प्रेमिका सियाटलका जननशास्त्री (Genetist) श्री रोवर्ट एलको सहायताले बिल गेट्सको एउटा केशबाट क्लोनिङ्ग (जीव पुनरोत्पादन विधि) को प्रविधिबाट एउटा छोरो बच्चा जन्माई बिल गेट्ससंगको प्रेम सम्बन्धको कारणले आफूले गर्भ धारण गरेको कारणबाट छोरो पैदा भएको हो भनी निज बिल गेट्सको अंशको दावी गर्न सक्ने अवस्था खडा गरेकी हुंदा बिल गेट्सले अमेरिकी राज्य अदालतमा मुद्दा हाली आफ्नो केशबाट क्लोनिङ्ग गरी जन्मेको बच्चा निजको सम्पत्तिको उत्तराधिकारी बन्न नसक्ने फैसला पनि उक्त अदालतबाट मार्च ४, १९९९ मा गराउन सफल भएको छ भन्ने सन्सनिदार समाचार मार्च ५, १९९९ को टाइम्स अफ इण्डिया, न्यू दिल्लीको अंकमा बच्चा र आमा श्रीमती लाउरा एक्सको फोटो सहित प्रकाशित भएको देखिन्छ ।

### ग) गर्भवती पुरुषबाट बच्चा

संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्कोमा बस्ने डेभिड सोलार नामक पुरुषले सान्ता बार्बरास्थित डिजाइनर जीन्स क्लिनिकका डाक्टर हि लिउको सहायताले सर्वप्रथम आफ्नो पेटमा कृत्रिम तरीकाले आफ्नै वीर्यबाट विकसित गराइएको भ्रूणलाई राखी गर्भधारण गरी अनेकौं औषधिको बलले ६ महीनासम्मको गर्भधारण गरिसकेपछि प्रसूतिको समय आएपछि पेटको चिरफार गरेर (Ceasarean operation) बच्चा जन्माउने योजना राखेको फोटो सहितको समाचार दि टाइम्स अफ इण्डिया, न्यू दिल्लीको मार्च ५, १९९९ को अंकमा प्रकाशित भएको थियो भने हाल जेनोच्वाइस इन्कर्पोरेशन (GenoChoice Inc.) नामक नामुद कम्पनीको सहयोगमा केही अमेरिकी र बेलायती चिकित्सकहरू र परिचारिकाहरूको सहा-



Downloaded from http://dhamma.digital

यता लिई श्री ली मिङ्वे (Mr. Lee Mingwei) नामक अमेरिकी पुरुषले आफ्नो पेटमा गर्भधारण गरी हाल अप्रिल २८, २००० सम्ममा ९ महीनाको गर्भधारण भइसकेको वृतान्तको सजीव प्रत्यक्ष प्रसारण इन्टरनेट मार्फत विश्वलाई चौबीसै घण्टा दिनहुं समाचार प्रसार भइरहेको पाइन्छ । उक्त जेनोच्वाइस कम्पनीले विश्वभरिका जिज्ञासुहरूलाई उक्त गर्भधारण सम्बन्धमा विशेषज्ञहरूसंग इन्टरनेट मार्फत छलफल गर्न पाइने व्यवस्था पनि मिलाइराखेको छ । इन्टरनेटबाट यही अप्रिल २८, २००१ (२०५८/१/१५/७) मा निकालिएको ली मिङ्वेको सचित्र विवरणबाट आधुनिक विज्ञानले अब प्रकृतिको सर्व सामान्य नियमलाई समेत आफ्नो इच्छा अनुकूल परिवर्तन गर्न सक्ने क्षमता हासिल गरेको संकेत मिल्न थालेको छ।

## घ) जीव पुनरोत्पादन विधि (Cloning)

संयुक्त अधिराज्य, स्कटल्याण्डको एडिनवर्ग शहरका रोसलिन इन्स्टिच्यूटका वैज्ञानिकहरूले एक भेंडाको स्तनबाट एक जीवाणु कोष (Cell) निकाली प्रयोगशालामा राखी केही समयसम्म फ्रीजमा राखेर कृत्रिम तरीकाबाट सुरक्षित गरेपछि अर्कै भेंडीबाट गर्भाधान भइनसकेको डिम्बाणु अर्थात् अण्डाणु (Egg) निकाली उक्त अण्डाबाट केन्द्रिकालाई निकाली पूर्व सुरक्षित राखिएको जीवाणु कोषको केन्द्रिका र उक्त नयाँ अण्डाणुबाट निकालिएको केन्द्रिकालाई विद्युत प्रवाहको सहायताबाट सम्मिश्रण गराई भाले पोथीको प्राकृतिक मैथुनिक सहवासबाट उत्पन्न युग्मजबाट जीव विकास भएर आए झैं यस विद्युत प्रवाहको सहायताले कृत्रिम रूपबाट सम्मिश्रण गराइएको केन्द्रिकाबाट भेंडीको पाथीको गर्भलाई विकास गरेको पद्धतिलाई जीव पुनरोत्पादन विधि–क्लोनिङ्ग भनिएको छ । यस प्रक्रियामा दुईटा केन्द्रिकाको सम्मिश्रणबाट गर्भको विकासको लक्षण देखिएपछि उक्त गर्भलाई एउटा भेंडीको गर्भाशयमा प्रत्यारोपण गरिदिएको थियो । यसरी अप्राकृतिक रूपबाट गर्भाशयभित्र राखिएको गर्भपछि प्राकृतिक रूपबाट भेंडीको गर्भाशयमा विकास गराई प्राकृतिक रूपबाट पहिलो भेंडीबाट हुबहु कार्वन कपी जस्तै ठीक प्रतिलिपी किसिमको भेंडीको जन्म सन् १९९७ मा गराइयो जसलाई डलीको नाम दिइएको थियो । हुन त क्लोनिङ्गबाट डली भेंडीको जन्म गराउन ३४६ वटा डिम्वाणुहरू नष्ट गरिसकेपछि मात्र



Downloaded from http://dhamma.digital

डलीलाई उत्पादन गर्न वैज्ञानिकहरू सफल भएका थिए । किन्तु पशुमा क्लोनिङ्गको यो विधिबाट अब गाइको र सुंगुरको पनि क्लोनिङ्ग गरिसकिएबाट अप्राकृतिक तवरबाट कुनै पनि जीवको चाहिए जति प्रतिलिपी निकाल्न सकिने युगमा आज विज्ञान आइपुगेको प्रष्ट हुन्छ । यस पद्धतिलाई सिद्धान्ततः मानव जातिमा पनि प्रयोग गर्न सकिने तथ्य विश्वसामु उब्रेर आउन थालेपछि एकातिर विश्वसामु खडा हुने विकराल नैतिक प्रश्न र सम्भावित भयावह परिस्थितिबाट आआफ्ना देशलाई जोगाउन केही विकसित देशका सरकारहरूले त मानव क्लोनिङ्ग गर्न नपाउने कानून नै निर्माण गरिसकेका पनि पाइन्छन् ।

चिकित्सा शास्त्रका अनुसार एक पुरुषको वीर्य वा शुक्र-धातुमा अल्याखौं सजीव शुक्रकीटाणुहरू हुन सक्ने र एक स्त्रीको डिम्बाशयबाट करीब ४०० देखि १७०० सम्म डिम्बाणुहरू (Ova) नि:सृत हुन सक्ने भएकोले सन्काहा वैज्ञानिकहरूको सन्काहतमा भविष्यमा मानव समाज र सभ्यतालाई विध्वंश तुल्याउने खालका धन र सत्ता दुबैले सम्पन्न भएका बर्बर तानाशाहहरू, मशहूर डांकाहरू, भ्रष्ट राजनीतिज्ञहरूले आफ्नै स्वरूपका असंख्य मनुष्यहरूलाई क्लोनिङ्ग गराउन थाले भने यो विश्व समाज मानिसको लागि कति भयानक हुने होला, कल्पना नै गर्दा पनि बुद्धजनहरू भयभित र रोमाञ्चित हुनु पर्ने स्थिति आएको छैन भन्न सकिन्न ।

नाउँ, सत्ता र पैसाकै लागि परमाणु वैज्ञानिकहरूको दुरुपयोग हुन थालेको परिणाम स्वरूप विगत ५/६ दशकदेखि विभिन्न राष्ट्रहरूवीच सैन्य शक्तिको उद्देश्यले विध्वंशकारी परमाणु अस्त्रास्त्रहरूको निर्माणको होड चलिरहेको वस्तुस्थितिलाई लाचार भएर देख्न, सुन्न, भोग्न बाध्य आजको सचेत विश्वले क्लोनिङ्गका वैज्ञानिकहरू पनि पछि पैसामा नबेचिएलान् भनी मान्न सकिने, विश्वस्त रहन सकिने, विश्वस्त रहन सकिने स्थिति विल्कूलै नरहने स्पष्ट हुन्छ ।

हुन त मानव भ्रूणको मूल रहेका जरा जीवाणु कोषहरू (Stem cells) का क्लोनिङ्गबाट विरामीलाई आवश्यक पर्ने शरीरका जुनसुकै अंग प्रत्यंगहरूलाई औषधि उपचारको प्रयोगका लागि पर्याप्त मात्रामा उत्पादन गर्न सकिने भएकोले चिकित्सकीय क्लोनिङ्ग



Downloaded from http://dhamma.digital

(Therapeutic cloning) बाट मानव जातिको रोग निदानका लागि मानवीय चिकित्सा क्षेत्रमा अभूतपूर्व क्रान्ति नै आउन सक्ने अपेक्षा नगरिएको होइन । तर यसबाट हुने सम्भावित खतरालाई मध्यनजरमा राख्दै आजसम्म विश्वका कुनै पनि मुलुकको सरकारले मानव क्लोनिङ्गको इजाजत भने दिएको छैन । तथापि संयुक्त अधिराज्य ब्रिटेनमा पनि चिकित्सकीय अनुसन्धानका लागि मानव भ्रूणको क्लोनिङ्ग गर्न दिनु उपयुक्त हुने विषयमा जोडदार बहस पैरवी हुन थालेबाट त्यसबाट देशलाई पछि हुन सक्ने महान् लाभलाई दृष्टिगत गर्दै बेलायतको सर्वोच्च वैज्ञानिक आयोग र रोयल सोसाइटीले पनि विश्वमा पहिलोपल्ट मानव भ्रूणको क्लोनिङ्ग गर्ने प्रविधिलाई कानूनी मान्यता दिने पूर्व संकेत देखाउन थालेको समाचार प्रकाशित हुन थालेको देखिन्छ । कानूनी मान्यताको अभावको बावजूद इटालीका चिकित्सक सेभिरिनो एन्टिनोरी आफ्ना दुई अन्य वैज्ञानिकहरूसंग मिली बाँझो दम्पत्तिका लागि आगामी दुई बर्षभित्र शुक्राणुदाताको सहायता लिनु नपर्ने गरी तिनै दम्पत्तिका बाबु चाहिंको कोषहरू झिकी आमा चाहिंको अण्डामा राखी भ्रूण विकसित गरी तिनै आमाका गर्भाशयमा प्रत्यारोपण गरी मानव क्लोनिङ्गद्वारा क्लोन बच्चालाई जन्म दिने प्रयासमा लागेको समाचार मार्च १३, २००१ मा प्रकाशित भएको पाइन्छ । निज एन्टिनोरी नामक इटालियन वैज्ञानिकले “मेरो असम्भव पुत्र” (I MIEI FIGLI IMPOSSIBILI or My Impossible Son) नामक पुस्तक पनि लेखिसकेको समाचार छ । पैसा भएका सन्काहाहरूको कुनै अभाव नभएका भौतिकवादी विश्वका विकसित मुलुकहरूका ६ सय व्यक्तिहरूले क्लोनिङ्गको प्रविधिद्वारा प्रजनन उपचार गराउन (इटालियन वैज्ञानिकसंग सम्पर्क राखिसकेका छन् । ती इच्छुकहरूमध्ये अधिकाश व्यक्तिहरू अमेरिकी छन् भन्ने दावी गर्ने वैज्ञानिक सेभिरिनो एन्टिनोरीले मेडिटेरियन क्षेत्रको एउटा देशले निजलाई आफ्नो शोधकार्यमा सहयोग गर्ने वचन प्राप्त गरिसकेको छ भनी हालै दावी पनि गरेको पाइन्छ ।

### ङ) अमेरिकी क्लोनेड संस्था

मानिसको जन्म कुनै ग्रहको प्राणीबाट भएको विश्वास गर्ने एउटा अमेरिकी धार्मिक सम्प्रदाय रेलियन मूभमेण्टले सञ्चालन



Downloaded from http://dhamma.digital

गरेको "क्लोनेड" नामक संस्थाले रेलियन मूभमेण्टको वैज्ञानिक निर्देशकको रूपमा हाल कार्यरत ४४ बर्षीय फ्रेञ्च बायोकेमिष्ट ब्रिगिटे बाइसलियरको नेतृत्वमा रहेको वैज्ञानिक टोली मार्फत यसै बर्ष सन् २००१ सम्ममा अमेरिकाकै एक गोप्य प्रयोगशालामा मानव क्लोनिङ्गबाट बच्चा जन्माउने योजना राखेको सुनिन्छ । यस धार्मिक सम्प्रदायका मानिसहरू ८५ राष्ट्रहरूमा करीव ५० हजारको संख्यामा छरिएर रहेको अनुमान गरिन्छ । रेलिएन मूभमेण्टको यस परियोजनामा आ–आफ्नो कोख भाडामा दिन ५० जना महिलाहरू तयार भइसकेको दावी उक्त संस्थाले गरेको छ भने स्वयं सो परियोजनाका वैज्ञानिक टोलीका नेता ब्रिगिटे बाइसलियरकी छोरी मेरिना कोकोलियस पनि उक्त ५० जनाको सूचीमा समावेश भएको समाचारबाट सो संस्था मानव क्लोनिङ्गको परियोजनामा कति दत्तचित्त भई लागेको छ भन्ने प्रष्ट हुन्छ ।

## बुद्ध धर्मका अनुसार मानव जन्म

बुद्ध धर्ममा आमाको गर्भमा प्रतिसन्धी ग्रहण गरी जीवन शुरू गर्ने जरायुज योनीका मानिस जस्ता जीवधारी प्राणीहरूको जन्म पूर्व जन्मका बीज एक, आमाको रस धातु बीज एक र बाबुको रसधातु बीज एकको संयोगबाट उत्पत्ति भएको मांस चक्षुबाट देख्न पनि कठीन पर्ने सूक्ष्म रूपको कलल रूपबाट शुरू भई समयको साथै कर्म, चित्त, ऋतु र आहारका हेतुबाट उत्पत्ति भएका कर्मज रूप कलापहरू, चित्तज रूप कलापहरू, ऋतुज रूप कलापहरू र आहारज रूप कलापहरूको सहायताबाट क्रमशः बृद्धि भई सामान्यतः ९/१० महीनामा परिपक्व भएपछि जन्म हुन्छ भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

कर्म, चित्त, ऋतु र आहारका हेतुबाट उत्पन्न भएका रूपका सन्ततिका प्रवाह वा धारा अविच्छिन्न रूपबाट जारी रहेसम्म रूप जीवित भइरहन्छ भन्ने कुरा पनि बौद्धग्रन्थमा उल्लेख भएको पाइन्छ । यसरी नै नाम धातुको निरन्तर प्रवाह कायम रही च्यूति चित्तको उत्पत्ति नभएसम्म मानिसको जीवन र आयु कायम हुन्छ । च्यूति चित्तको उत्पत्ति भएर निरोध हुनासाथै प्रत्युत्पन्न जीवनको पनि अन्त्य भएर मृत्युमा प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital

बुद्ध धर्मका अनुसार मनुष्य लोकमा आमाको गर्भमा प्रतिसन्धी ग्रहण गरी मानिसको जन्म हुन निम्न तीन अंगहरू पूर्ण भएको हुनु पर्दछ:-

१. माता पितरो च सन्निपतिता होन्ति = आमाबाबु दुई जनाको सहवास (संगम) भएको हुनु पर्दछ ।
२. माता च उतुनी होति = आमा चाहिंमा ऋतु पुष्प फुलेको हुनु पर्दछ । अर्थात् आमा ऋतुमती भएको हुनु पर्दछ ।
३. गन्धब्बो च पच्चुपट्ठितो होति = भावी बच्चा हुने गन्धर्व पनि प्रत्युपस्थित रहेको हुनु पर्दछ ।

एवं तिण्णं सन्निपाता गब्भस्सवक्कन्ति होति = यसरी तीन वटा अंगहरू परिपूर्ण भएपछि गर्भ प्रतिस्थित हुन्छ अर्थात् प्रतिसन्धी ग्रहण हुन्छ । भनाइको मतलव बच्चाको गर्भाधान सुनिश्चित हुन्छ।

यसरी बुद्ध धर्ममा बाबुबाट प्राप्त हुने शुक्र धातु र आमाबाट प्राप्त हुने धातु श्रोणितको संगम भएपछि ती दुई शुक्र श्रोणितको आधार लिएर उत्पत्ति भएको अति सूक्ष्म कलल रूपबाट मानिसको जन्म हुन्छ भनी वर्णन गरिएको कुरालाई आधुनिक जीव विज्ञानले पनि मानिस स्वयं बाबुबाट प्राप्त शुक्रकीट (Sperm) को आमाबाट प्राप्त हुने डिम्बाणु (Ova) संग संगम भएपछि उत्पन्न भएको युग्मज नाम सूक्ष्म कोष (कलल रूप) बाट बृद्धि भई शुरू भएको हो भनी पुष्टि गरेको छ । आधुनिक जीव विज्ञानका अनुसार मानिसका जीवाणु कोषहरू माइटोसिस (Mitosis) नामक विभाजन क्रियाबाट स्वत: विभाजित हुदै डबलिदै चौबरिदै निरन्तर नयाँ नयाँ आफ्नै किसिमका कोषहरू उत्पन्न गर्दै जान्छन् । माइटोसिस (Mitosis) को यिनै कोषहरूको निरन्तर विभाजन क्रियाबाट थरी थरीका कोषहरू निर्मित भई मानिसका हात, गोडा, मुटु, कलेजो, आन्द्रा, मगज, हाड आदि थरी थरीका अंग प्रत्यंगहरू उत्पत्ति हुन्छन् ।

प्रत्येक जीवनले खाएको खाद्य पदार्थबाट नयाँ नयाँ कोषहरू बनाउंछन् र शरीरको गठन हुन्छ । शरीरका विभिन्न क्रियाहरू सञ्चालन गर्न आवश्यक शक्ति कोषहरू वा खाद्य पदार्थका मृदु दहन (Slow combustion) बाट प्राप्त हुन्छ । मानव शरीरमा नयाँ नयाँ तन्तुहरू (Tissues) निर्माण हुने र पुराना तन्तुहरू क्षय हुने



Downloaded from http://dhamma.digital

रासायनिक प्रक्रिया निरन्तर रूपमा चलि नै रहन्छन् । पुराना तन्तुहरूको क्षयको दांजोमा नयाँ नयाँ तन्तुहरूको उत्पत्तिको प्रक्रिया बढी रहेर नै युग्मज नामक सूक्ष्म कलल रूपबाट शुरू भएको मानिस क्रमशः बालक, तरूण र पूर्ण वयस्कको रूपमा विकसित हुन, बृद्धि हुन सकेको हो । जीवाणु कोषहरूको अभिबृद्धि (Multiplication) क्षमतामा ह्रास आई पुराना तन्तुहरूको क्षयको दांजोमा नयाँ नयाँ तन्तुहरूको निर्माणको दर कमी हुँदै गएमा शरीर पनि क्षीण हुँदै जरता (बृद्धपना) को विकास हुने हुन्छ । मानिसको जीवनको लागि जीवाणु कोषहरूको आवश्यकता रहे जस्तै ती जीवाणु कोषहरूमध्ये अधिकांश कोषको जीवनका निम्ति केन्द्रिका (Nucleus) को जरूरत पर्दछ । केन्द्रिकालाई कोषबाट झिकिदिने हो भने बाँकी साइटोप्लाजम (Cytoplasm) अर्थात् कोशिका द्रव्यको तत्काल मृत्यु भइहाल्छ । यसरी आधुनिक जीव विज्ञानले आमा-बाबुबाट प्राप्त हुने शुक्र श्रोणितको संगमको आधार लिएर उत्पत्ति भएको अति सूक्ष्म कलल रूपबाट मानिसको जीवन प्रारम्भ भई रूप सन्ततिको निरन्तर प्रवाहको कारण मानिसको बृद्धि हुन्छ र जीवित रूप कायम रहन्छ भन्ने बुद्ध धर्मको कथनलाई वैज्ञानिक वेश्लेषणबाट पनि पुनः सत्य प्रमाणित गरेको छ ।

आधुनिक जीव विज्ञानका अनुसार जीवाणु कोषहरूका ाइटोसिस नामक विभाजन क्रियाबाट निरन्तर रूपमा डबलिंदै ौबरिंदै अटूट रूपमा नयाँ नयाँ जीव कोषहरूको उत्पन्न हुने र ृद्धि हुने प्रक्रियाबाट नै जीवनको बृद्धि हुने हुन्छ । किन्तु ानुवंशिक विज्ञानका अनुसार पुरूष र स्त्री जातिका जीवाणु ोषहरूबाट आमाको गर्भमा प्रतिसन्धि ग्रहण गर्ने समय अघि पुरुष ाङ्गिक अथवा शुक्रकीट र स्त्री लैङ्गिक अर्थात् डिम्ब कोष बन्नु ाघि ती जीवाणु कोषका ४६ केन्द्रिका रेशाहरू भने मिओसिस Meiosis) को कोष विभाजन क्रियावाट आधा आधामा विभाजित ई मोनोप्लाइड (Monoploid) वन्दछन् र यसरी मिओसिसको कोष भाजन क्रियाबाट विभाजित भई बनेका २३ केन्द्रिका रेशा मात्र एको पुरूष लैङ्गिक र २३ केन्द्रिका रेशा मात्र भएको स्त्री ङ्गिकको संयोगबाट युग्मज (Zygote) नामक जीव कोष उत्पत्ति ा भने सो युग्मजमा ४६ केन्द्रिका रेशा वा २३ जोडा नै न्द्रिका रेशा बन्न पुग्दछन् । ती केन्द्रिका रेशाले आफ्नो



Downloaded from http://dhamma.digital

विभाजन प्रक्रियामा आफ्नो बनोट र स्वरूपलाई यथावत् कायमै राख्दछन् र साथै माइटोसिसद्वारा कोषको निरन्तर विभाजन र बृद्धिका कारणबाट मानिसको जीवनको प्रारम्भ र बृद्धि हुन्छ । यसरी लाखौं कोष विभाजन भई वंशको तन्तु बन्दा पनि यसले आफ्नो बनोटलाई कायमै राखेकै कारणबाट जीवधारी प्राणीहरू र मानव जातिमा आफ्ना सन्ततिमा आमाबाबुकै वंशाणुगत गुण प्रसारण हुन सकेको हो । मानिसको मोनोप्लाइड बन्दा १६,७७७,२१७ तरीकाबाट कोषका केन्द्रिका रेशाहरूको वितरण हुन सक्ने कुरा पनि प्रजननशास्त्रीहरूले अनुमान गरेका छन् । मानव जातिमा पुस्तौं पुस्तासम्मका सन्तान दर सन्तानमा पनि जीवाणु कोषको केन्द्रिकामा रहने केन्द्रिका रेशाको संख्या २३ नै जोडा अर्थात् ४६ नै कायम रहनुको मूल कारण पनि यही हो ।

जीवधारीमा पाइने रक्त कोष, जीवाणु कोष, केन्द्रिका, केन्द्रिका रेशा, जैविक अणु डि.एन.ए. समेतको वैज्ञानिक विश्लेषण र विभाजनबाट आधुनिक विज्ञानले पत्ता लगाएको छ कि जीवाणु कोषहरूका केन्द्रिकाहरूमा रहने केन्द्रिका रेशाका जैविक अणु डि.एन.ए. मा आमाबाबुबाट छोराछोरीमा वंशाणुगत गुण प्रसारण गर्ने वंशाणु नामक अति सूक्ष्म जीव तत्वहरू करीव १,२०,००० को संख्यामा विद्यमान रहेका हुन्छन् । यो वंशाणु भनेको बस्तु लामो धागोको आकारको सूक्ष्म केन्द्रिका रेशाको पनि एक खण्ड मात्र रहेको एकदमै झीनो लामो सूक्ष्म धागोको रूपमा देखिने बटारिएको दोहरो सर्पकुण्डली (Double helix shaped molecule) आकारको जैविक अणु डि.एन.ए. को एक भाग हो र जैविक अणु डि.एन.ए. कै अणुहरू मिली वंशाणु बनेका हुन्छन् भन्ने कुरो माथि पनि उल्लेख गरिसकिएको छ । आमावाट प्राप्त एक वंशाणु र वाबुबाट प्राप्त एक वंशाणु समेत दुई वंशाणु मिली एक जोडा सह-वंशाणु (A pair of alleles of gene) बनेको कारणले कुनै खास वंशानुगत गुण बन्दछ र सूक्ष्मदर्शक यन्त्रद्वारा पनि नदेखिने यही सूक्ष्म रूप पदार्थ वंशाणु नै हरेक प्राणीको वंशाणुगत गुण प्रसारण गर्ने इकाइ हो भन्ने कुरो प्रजननशास्त्रीहरू (Geneticians) ले सिद्ध गरेका छन् । यी वंशाणुहरू बहुत तीब्रगतिमा डबलिंदै चौबरिंदै निरन्तर आफू समानका रूपहरू तयार गर्दै बृद्धि हुन्छन् र आफू रहेका शरीरका अन्य अंग प्रत्यंगहरूलाई पनि निश्चित तरीकाबाट विकसित हुन



Downloaded from http://dhamma.digital

सघाउंदछन् । यिनै वंशाणुहरूले प्रोटीनहरूलाई काममा अग्रसर गरा- उंछन् र मानव अणुहरूको निर्माणको जटील काम गर्ने प्राकृतिक काम प्रोटीनहरूले गरेका हुन्छन् । वंशानुगत गुण प्रसारण गर्ने संहिता (Genetic code) भन्दा प्रोटीनहरूलाई एकत्रित गर्ने प्रोटीन संहिताहरू (Protein codes) अझ जटील छन् जसलाई वैज्ञानिकहरूले अझै पूरा अध्ययन गरी पत्ता लगाउने काम बाँकी नै छ ।

मानिसका सन्तति मानिस नै हुनु र आमाबाबुकै स्वरूपमा सन्तति हुनुमा मात्र होइन, मानिसका हात गोडामा ६ औंला हुनु वा नहुनु, जिब्रो डोब्याउन सक्नु वा नसक्नु, हातको बूढी औंला पछाडिपट्टि तन्काउन सक्नु वा नसक्नु, कानको लोतो जोडिनु वा नजोडिनु, तालु खुइलिनु वा नखुइलिनु आदि जस्ता खास खास वंशानुगत गुणहरू खास खास वंशाणुहरूकै कारण हुन्छन् । त्यसरी नै मानिस पुड्को हुनु, अग्लो हुनु, मोटो हुनु, दुब्लो हुनु, जेहेन्दार हुनु, बुद्धु हुनु, मधुमेह, क्षय रोग, शारीरिक विकृति जस्ता रोग हुनु वा नहुनुमा ऋतु, आहार र वातावरणको साथ साथै वंशाणुको पनि धेरै मात्रामा नियन्त्रण रहेको हुन्छ । प्राय: जसो कुनै खास वंशाणुगत गुणको निम्ति कम्तीमा बाबुबाट प्राप्त खास एक वंशाणु शुक्रकीटबाट र आमाबाट प्राप्त खास एक वंशाणु डिम्बबाट गरी एक जोडा वंशाणु प्राप्त हुनु आवश्यक हुन्छ । मानिस कालो हुनु वा गोरो हुनु जस्ता कुनै कुनै खास खास गुणमा भने चार, छ वा आठ वंशाणुले नियन्त्रण गरेका हुन्छन् । कहिलेकाहीं जैविक अणु डि.एन.ए. स्वरूपमा उत्परिवर्तन (Mutation) हुन सक्छ । यस्तो परिवर्तनको कारणले गर्दा एकै जाति (Species) का प्राणीहरूमा पनि सन्ततिका स्वरूपमा भिन्नता आउने गर्दछ ।

## अनात्म दर्शनतिर आधुनिक विज्ञान

आधुनिक विज्ञानले केन्द्रिका रेशाको रासायनिक विश्लेषण गरी पत्ता लगाएको छ कि वंशाणुगत गुण प्रसारण गर्ने वंशाणुहरू वास्तवमा डिअक्सिराइबोन्यूक्लिक एसिड नाम एक प्रकारको न्यूक्लिक एसिडबाट बनेका हुन् भने केन्द्रिका रेशा स्वयं वंशाणुगत गुण बाहक जैविक अणु डि.एन.ए. र प्रोटीन हुन् । वंशाणुहरू डि.एन.ए.कै अणुहरूबाट बनेका हुन् । जैविक अणु डि.एन.ए. बनेको थुप्रै न्यूक्लिओटाइड्स नामक अक्रिय रसायनहरू साथै संलग्न



Downloaded from http://dhamma.digital

भई मसीनो बटारिएको दोहरो सर्पकुण्डली आकारको (Double helix shaped molecule) सूक्ष्म धागोको रूपमा देखिने रसायन हो । न्यूक्लिओटाइड्स नामक रसायन ५ कार्वन परमाणु सहित सुगर (Sugar), फोस्फोरिक एसिड (Phosphoric acid) र नाइट्रोजनयुक्त आधारवस्तु (Purine वा Pyrimidine) बाट निर्मित एक प्रकारको योग (Compound) मात्र हो भन्ने कुरा पनि विज्ञानले सिद्ध गरिसकेको छ । यसरी बुद्ध धर्मको कथनानुसार रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानरूपी पंचस्कन्ध वा चित्त, चैतसिक र रूप जस्ता परमार्थ धर्महरूले बनेका नाम रूपको अन्तिम विश्लेषणमा सारभूत, ठोसभूत, शाश्वत, स्थायी, अपरिवर्तनीय तत्व आत्मा भन्ने कुरा छैन भन्ने सिद्धान्तलाई आधुनिक विज्ञानले पनि वैज्ञानिक विश्लेषण र विवेचनाबाट पुष्टि गर्ने स्थिति सिर्जना भएको देखिन्छ ।

आनुवंशिक इन्जिनीयरिङ्गको पद्धतिबाट वैज्ञानिकहरूले बीसौं शदीको अन्त्य हुनु अगावै अक्रिय रसायनहरू "न्यूक्लिओटाइड" हरूलाई बाँच्छित क्रममा जोडेर जीवनको इकाइको रूपमा आनुवंशिक संहिता निर्देशन (Genetic code) लाई प्रसारण गर्ने इकाइको रूपमा काम गर्ने वंशाणुलाई वैज्ञानिक प्रयोगशालामा परीक्षण नलीमा कृत्रिम रूपबाट संश्लेषण गर्न सक्ने क्षमता हासिल गरेका थिए । डा. हर गोविन्द खुरानाले सर्वप्रथम संयुक्त राज्य अमेरिकामा प्रयोगशालाभित्र न्यूक्लियोटाइड नामक अक्रिय रसायनका २०० इकाइहरूलाई विशेष क्रममा व्यवस्थित गरीकन ९ बर्ष लगाई डि. एन. ए. सिन्थेसिस (जैविक अणु संश्लेषण) गरी कृत्रिम तरीकाबाट जीवाणु तयार गरी चमत्कारपूर्ण काम गरेको थियो । सोही कारणले श्री खुरानालाई नोवेल शान्ति पुरस्कार पनि प्रदान गरिएको थियो । आज जीव संश्लेषण गर्ने विधिमा व्यापक सुधार आइसकेको कारण आजका वैज्ञानिकहरू केही घण्टामा नै कृत्रिम तरीकाबाट वंशाणुको संश्लेषण गरी निर्माण गर्न सकिने अवस्थामा पुगिसकेका छन् ।

फेब्रुअरी १, २००० मा प्रकाशित समाचार अनुसार संयुक्त राज्य अमेरिकाका टेक्सास विश्व विद्यालयका जिनोम विज्ञान र प्रविधि केन्द्रका निर्देशक प्रो. ग्लेन एभान्स (Glen Evans) ले आफ्नो केन्द्रका वैज्ञानिकहरूले विश्वको प्रथम मानव निर्मित कृत्रिम (सिन्थेटिक) जीव (Organism) सिर्जना गर्नका लागि जैविक अणु



Downloaded from http://dhamma.digital

(D.N.A.) संश्लेषण गरिरहेका दावी गरेका छन् । यसको लागि टेक्सास विश्वविद्यालयमा वैज्ञानिकहरूले विश्वको प्रथम मानव निर्मित प्राणी (Creature) ठहरिन पुग्ने एस.ओ.एक (SO1) नामक सिन्थेटिक अर्गनाइज्म (कृत्रिम जीवाणु) जस्तो सूक्ष्म जीव (Microbe) को स्वरुप वा आकार प्रदान गर्न जैविक अणु डि.एन.ए. लाई सही तरीकाले नक्साङ्कन गरेका छन् । यसरी जीवनको ब्लूप्रिण्ट (स्वरूप) को रूपमा रहेको प्रथम सिन्थेटिक डि.एन.ए. (कृत्रिम जैविक अणु) लाई वैज्ञानिकहरूले बनाएका छन् । प्रोफेसर ग्लेन एभान्सको दावी छ कि हाललाई एस.ओ.१ (SO1) सूक्ष्मजीवको कुनै खास कृत्य (Function) हुँदैन । किन्तु एक पटक एस.ओ.एक जीवित भएपछि यसलाई अभ्यस्त पार्न सकिने छ । अनि वैज्ञानिकहरूले कम्प्यूटरमा फर्केर गएर वंशाणुलाई बदल्न सकिनेछ र केवल एउटा बटन दबाएर जीवनका नयाँ नयाँ रूपहरू, आकारहरू (Forms) लाई सिर्जना गर्न सकिने छ । ती वैज्ञानिकहरू क्यान्सरका ट्यूमरहरू जस्ता लक्षित तन्तुहरूलाई संक्रमित गरी मार्न सकिने क्षमता भएका सक्षम संयन्त्र सहितका डिजाइनर उडूसहरू सिर्जना गर्ने प्रयास गर्ने योजना गरिरहेका छन् । तिनीहरू मानव आहार नलीलाई संक्रमित गर्ने भिटामिन सीलाई पैदा गर्ने उडूस बनाउने पनि योजना गरिरहेका छन् ।

वैज्ञानिकहरूको सफलता जैविक अणु डि.एन.ए. का लामा शृंखलाहरू (Chains) सिर्जना गर्न सकिने उपाय पत्ता लगाउने क्षमतामा निर्भर हुने छ । यस्ता श्रृंखलाहरू आधारभूत जोडी (Base pairs) भनिने चार प्रकारका अणुहरूबाट बनेका हुन्छन् । ती बेस प्योर्स जोडिई भऱ्याङ जस्तो बनी प्रसिद्ध डि.एन.ए. को दोहोरो सर्पकुण्डली (Double helix) बन्दछ । प्रकृतिमा एउटा जैविक अणु डि.एन.ए. को श्रृंखलामा लाखौं बेस प्योर्स हुन सक्दछन् । किन्तु हालसम्म वैज्ञानिकहरूका लागि १०० वटाभन्दा बढी आधारभूत जोडीहरू जोड्न असम्भव भइरहेको छ । प्रो. एभान्सको वैज्ञानिक टोलीले पहिले जैविक अणुका छोटो छोटो श्रृंखलाहरू सिर्जना गरी पछि एउटा नियन्त्रित तरीकाले तिनलाई जोड्न सकिने प्रविधिको पत्ता लगाई यो व्यवधानलाई तोड्न सफल भएको छ । वैज्ञानिकहरू अब साधारण किसिमका जीव रूपहरूको आधार बन्नलाई चाहिने कम्तीमा १ लाख आधारभूत जोडीहरू भएको शृंखला बनाउन सकिने स्थितिको निकै नजिक पुगिसकेका छन् ।



Downloaded from http://dhamma.digital

एस.ओ.१को डिजाइन साना साना जीवाणु (Bacteria) का वंशाणुहरूको विश्लेषणमा आधारित छ । वंशाणुहरू जैविक अणु डि.एन.ए. का क्रियात्मक इकाइहरू (Functional units) हुन्, जुन प्रत्येकले एउटा एउटा प्रोटीन सिर्जना गर्न सघाउंछ जसको आवश्यकता जीवनका थरी थरीका प्रक्रियाहरू जस्ता श्वास प्रश्वास आदि सञ्चालन हुनका लागि पर्दछ । प्रत्येक जीवाणु (Bacterium) बाट तिनका अत्यावश्यक वंशाणुहरूको नक्कल उतारी तीमध्ये सबभन्दा असल वंशाणुहरू छानी संगै जोड्ने योजना एभान्सको छ । प्रकृतिमा सम्पूर्ण जैविक अणुमा कुनै कृत्य नभएका रद्दी वंशाणुहरू (Junk Genes) पनि हुन्छन् । किन्तु प्रो. एभान्स अब सिर्जना गरिने एस.ओ.१ मा यस्ता रद्दी वंशाणुहरूलाई हटाई सम्भवत: विश्वमा जीवित रहेका जीवहरूमध्येमा सबैभन्दा सक्षम जीव (Organism) को रूपमा एस.ओ.१लाई बनाउने तर्खरमा छन् । एस.ओ.१ सिर्जनाको काम जटील छ तर यसको सफलताको परीक्षण भने सजिलो छ । के एस.ओ.१ले आहार ग्रहण गरी पुनर्उत्पादन गर्न सक्नेछन्? यदि एस.ओ.१ स्वत: बढ्न र पुनर्उत्पादन हुन सकेको खण्डमा प्रो. एभान्सले नयाँ जीव सिर्जनाको उत्सव मनाउने छन् । प्रो. एभान्सको विश्वास छ कि विज्ञानले एक दिन बढी जटील जीवित रूपहरू पनि बनाउन सक्ने छ किन्तु हाललाई भिटामिन सि.को चक्की खान नपर्ने गरी कृत्रिम जीव मात्र बन्न सकेमा पनि मानिसमा आहार नली भित्र नै स्वत: भिटामिन सि.को उत्पादन हुन थाल्ने हुन्छ । किन्तु फ्रेण्डस् अफ दि अर्थ नामक संस्थाका प्रचार निर्देशक श्री टोनी जुनियरले यस योजनाको विरोध गर्दै भनेको छ कि वैज्ञानिकहरूले आनुवंशिक तरीकाले परिवर्तन गरिएका जीवहरूलाई उत्पादन गरेका कारण विश्वमा ठूलो क्षति हुन सक्ने सम्भाव्यतालाई देख्न थालिसकेका छन् । तसर्थ यस्ता उड्सहरूले पनि मानव स्वास्थ्य र विश्व वातावरणमा गम्भीर खतरा खडा गरिदिन सक्छ । एकदमै नयाँ जीवका रूपहरूलाई सिर्जना गरी ईश्वरको खेल खेल्नाले अत्यन्त गम्भीर परिणामहरू भोग्नु पर्ने हुन सक्ने भएकोले यस विषयमा सार्वजनिक रूपमा पूर्णत: पहिले छलफल नभई यस्तो श्रृजना गर्नु ठीक हुदैन ।

कृत्रिम सामग्रीहरूबाट मानव निर्मित जीव रूपहरू तयार भई ती जीव रूपहरूले अन्य जीवाणु, विषाणु, रोगाणुले जस्तै



Downloaded from http://dhamma.digital

मानव शरीरमा काम ग[redacted] ढंगबाट निर्विवाद रूपमा अनात्मवादको बौद्ध सिद्धान्तलाई वैज्ञानिक प्रयोगबाटै प्रमाणित गर्ने कुरा सुनिश्चित छ । हाललाई हेरौं समयले वैज्ञानिकहरूको खोजलाई भविष्यमा कतासम्म डोऱ्याएर जान सक्ने हो ?

अहिले वैज्ञानिकहरू मानवको मृत्युपछि के हुन्छ भन्ने थाहा पाउने वैज्ञानिक कसरतमा पनि लाग्न थालेका पाइन्छन् । फ्रान्सका डेलाकौर नामक एकजना चिकित्सक मृत्युपछिको रहस्य पत्ता लगाउन वैज्ञानिक शोधकार्यमा जुटिरहेको छ । त्यसरी नै अमेरिकाका विख्यात डाक्टर वेन रबर्टसले पनि मृत घोषित गरिसकेर पनि पुनः ब्युँतेर आएका मानिसहरूका बारेमा धेरै अनुसन्धान गरी तथ्यहरू संकलन गरेका छन् । फ्रेन्च वैज्ञानिक डेलाकौरले मृत्युको मुखमा पुगेर पनि पुनः ब्युँतिएर आएका बिरामीहरू र दुर्घटनामा परेका व्यक्तिहरूको मनःस्थिति र उनीहरूको अचेतावस्थाको अनुभवलाई गहन अध्ययन र विश्लेषण गरेर पुस्तक प्रकाशित गरेको छ । उनले आफ्नो शोधको विषय बनाएका ती मानिसहरू सबैजना अन्धविश्वासी नभई स्वस्थ मानसिकता भएका विवेकशील तर्क संगत राशनल (Rational) मानिसहरू थिए । तिनीहरूको जीवनीका घटनाहरूबाट मनुष्य लोकभन्दा बाहिकका अन्य लोकहरूसंगको उनीहरूको सम्पर्कको रोचक घटनाहरूको विवरण पाइन्छ तापनि ती सबै घटनाका बारेमा ठोस पुष्टि प्रमाण भने वैज्ञानिकहरूले अझै भेट्टाउन सकेका देखिन्नन् । तसर्थ विज्ञानको सामु मृत्युपछिको स्थिति अझै रहस्य नै छ । *(हेर्नोस् : नेपाल समाचारपत्र दैनिक, पेज ५, मिति २०५७ फागुन १६, मंगलवार, फेब्रुअरी २७, २००१ को "के हुन्छ मृत्युपछि" भन्ने रचना ।)*

❁❁❁



Downloaded from http://dhamma.digital

परिच्छेद - ७

# आधुनिक विज्ञानबाट अझै अभेद्य बुद्ध धर्म

## आधुनिक विज्ञानका अपेक्षाहरू

बीसौं शताब्दीको उत्तरार्द्धकालदेखि विज्ञान र प्रविधिको हर क्षेत्रमा देखा पर्न थालेको अभूतपूर्व विकासको द्रुततर गतिले भौतिक शास्त्र, रसायन शास्त्र, खगोल शास्त्र, अन्तरीक्ष विज्ञान, जीव विज्ञान, वनस्पति विज्ञान, चिकित्सा विज्ञान, जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ्ग, जेनोमिक्स, कम्प्यूटर विज्ञान, कम्प्यूटर इन्जिनीयरिङ्ग, सूचना र प्रविधि शास्त्र जस्ता विविध विज्ञानका क्षेत्रहरूका विकासको गतिलाई प्रचण्ड रूपमा तीव्रता प्रदान गरेको परिणामस्वरूप आज संसार, अन्तरीक्ष, जीव र मानव संरचना सम्बन्धी गहन विषयहरू र रहस्यहरूका विषयका मानव ज्ञान राशीमा महान् अभिबृद्धि भएको मात्र होइन यस्ता सूचना, जानकारी र ज्ञान बृद्धिको दरमा पनि अभूतपूर्व रूपमा दिनानुदिन अभिबृद्धि भइरहेको देखिंदा नयाँ सहश्राब्दिको उदयका साथ साथै हामीहरू नित्य भने झैं नयाँ नयाँ वैज्ञानिक खोजहरू र आविष्कारहरूलाई संसारको विकास र मानव जीवनको उपयोगमा सफलताका साथ अहिले नै बढ्दो प्रयोग गर्न थालेका वा निकट भविष्यमै प्रयोग गर्न सकिने अपेक्षामा पुग्न थालेका अनुभव गर्न पाउनु निश्चय नै पनि मानव जातिको लागि अपार गर्व, सन्तोष र हर्षका कुरा हुन्। मानव इतिहासमा पहिले असाध्य ठहरिएका कतिपय पुराना रोग व्याधिहरू सामान्य उपचारबाट निको हुने सुसाध्य बनिसकेका छन् भने कतिपय नरसंहारकारी रोगहरू पूर्णत: नियन्त्रित नै भइसकेका छन् । आज आधुनिक विज्ञान र प्रविधि विज्ञानको चमत्कारपूर्ण विकासले यस अघि दैव र विधिलाई मात्र जानकारी भएको मानिने संसार, अन्तरीक्ष र मानवको संरचना र उपयोग सम्बन्धी अत्यन्त गूढ रहस्यहरूका विषयमा मानव ज्ञानको राशी नित्य बढ्दो छ । विज्ञान र प्रविधिको उत्तरोत्तर सफलताले उत्प्रेरित, उत्साहित र



Downloaded from http://dhamma.digital

आन्दोलित मानव जाति अब यन्त्रकै सहाराले पृथ्वीदेखि बाहेका ग्रह मण्डल र नक्षत्र मण्डलका विकसित प्राणीहरूसंग संचार सम्वन्ध कायम गर्न सकिने अपेक्षामा व्यग्र हुन थालेका छन् भने मानव बस्तिलाई चन्द्र, मंगल र वृहस्पति जस्ता ग्रहहरूमा निकट भविष्यमै विस्तार गर्न सकिने जोशिला आकांक्षाले भावविव्हल हुन थालिसकेका छन् । विज्ञान र प्रविधिको प्रगतिको चमत्कारले सम्भव तुल्याएको भौतिक सुख सुविधाको अधिकतम उपभोग गर्न समर्थवान तुल्याउन आजका वैज्ञानिकहरू मानिसको आयुलाई दोब्बर, तेब्बर, चौब्बर पार्दै लगी प्राकृतिक जरा धर्म र व्याधि धर्म स्वभावमाथि नै विजय प्राप्त गर्दै मानिसलाई चिरञ्जीवी र सम्भवत: अजरामर तुल्याउन सकिने अपूर्व कल्पना (Wild imagination) बाट निर्देशित भएर जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ्ग र जेनोमिक्सको ज्ञान र सूचनाको आधारमा मानव स्वरूप र मानव जातिका विविध रोगका कारणहरूलाई अग्रिम पहिचान गरी वंशाणु उपचार पद्धति (Gene therapy) को माध्यमबाट औषधोपचार गर्ने प्रणालीको विकास गर्न दत्तचित्त भएर लाग्न थालेका छन् । यसका लागि प्राकृतिक रूपमा मानव अंग प्रत्यंगहरू प्रत्यारोपण गर्ने पद्धतिको सीमालाई विचार गरी आजका वैज्ञानिकहरू कृत्रिम रूपबाट प्रयोगशालामा मानव जीवाणु कोषहरूको अभिबृद्धि गराउने योजनाका साथै कृत्रिम वंशाणुहरू (Synthetic genes) को समेत निर्माण गरी मानव निर्मित वंशाणुहरू मार्फत रोगीहरूलाई आवश्यक पर्ने औषधि वंशाणुहरू मानव शरीर भित्र प्रवेश गराई आजसम्मका दुसाध्य र असाध्य मानव रोगहरूमाथि समेत विजय प्राप्त गर्ने अपेक्षामा सोत्साह अनु-सन्धानमा संलग्न रहन थालेका पाइन्छन् । आजसम्मको विज्ञानको खोज, आविष्कार र विकासले संसारको अनित्यता, निर्जीव संसार संरचनाको आधारभूत तत्व र आधार रहेका सूक्ष्मातिसूक्ष्म रूप धातुहरू जस्तै परमाणु र तिनका उपपरमाणु रजहरू इलेक्ट्रोन, प्रोटन, न्यूटन समेतका अस्थिरता, क्षणभंगूरता र अनित्यता, विश्व ब्रम्हाण्ड-संसारका चक्रवालको अनन्तता सम्बन्धी प्राचीन बौद्ध धारणा र सिद्धान्तलाई वैज्ञानिक विश्लेषणबाट नै सत्य प्रमाणित गरिदिएका छन् भने सजीव, जीवधारी प्राणीहरूका संरचना र जीवनका आधारभूत तत्व रहेका सूक्ष्मातिसूक्ष्म जीवाणु कोषहरू, केन्द्रिकाहरू, केन्द्रिका रेशाहरू, जैविक अणुहरू, रोगाणु, विषाणु, जीवाणु र वंशाणुहरू समेतलाई वैज्ञानिक विश्लेषण, विभाजन र



Downloaded from http://dhamma.digital

विवेचनाबाट पहिचान गरी ती जीव रूपहरूमा समेत शाश्वत, स्थिर, अपरिवर्तनीय, अक्षय अव्ययकारी आत्मा तत्व नामक ठोसभूत सारभूत तत्व केही नभएका अनात्म स्वभाव हुन् भन्ने कुरालाई अन्तिम रूपमा प्रमाणित गरी अनात्मवादको बौद्ध सिद्धान्तलाई पनि सिद्ध गर्ने दिशातिर धेरै हदसम्म आजको विज्ञान अगाडि बढिसकेको प्रतीत हुन्छ । बुद्ध धर्म र दर्शनले अनित्यलाई नै दु:ख मानी आएकोले आधुनिक विज्ञानले अनित्यवाद र दु:खका सिद्धान्तलाई निरापवाद रूपमा नै प्रमाणित गरिसकेको पाइनु बाहिं दार्शनिकहरू र वैज्ञानिकहरू दुवैलाई निश्चय नै सुखद् संयोग एवं हर्ष तथा प्रमोदको सत्य सिद्ध हुन्छ । विज्ञानको विकासलाई त्यसैले प्रशंसा र सराहना गर्नु पनि आवश्यक छ ।

सत्यको प्रशंसा र झूठको भर्त्सना हुनु स्वस्थ आध्यात्मिक ज्ञान र स्वस्थ मानसिकताको विकासको लागि त्यति नै आवश्यक हुन्छ जति दोषीलाई दण्ड र इमान्दारलाई पुरस्कार व्यवस्था र सुकृतिको प्रोत्साहन र विकृतिको दुरुत्साहन प्रणाली देशको सभ्य समाज, समृद्ध राष्ट्र एवं सुशासन र स्वस्थ प्रशासनको लागि अत्यन्त आवश्यक हुन्छ । अंग्रेजी भाषामा उखान छ कि दुष्टलाई पनि उसको गुणको लागि उचित प्रशंसा गर्नु पर्छ (Even the devil must be given his due) । निष्पक्ष रूपमा सार्वजनिक गुणको प्रशंसा र दोषको भर्त्सना गर्ने पद्धति र क्षमता (Appreciation and depreciation), सन्देह र अनुसन्धानको स्वतन्त्रता (Freedom of doubt), दोषीलाई दण्ड र गुणीलाई पुरस्कार गर्ने निष्पक्ष प्रणाली (Reward & punishment system) का साथै बौद्धिक सम्पत्तिको कानूनी संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने नियम जस्ता नियम र प्रणालीकै कारण मानव इतिहासमा केही शताब्दीकै समयमा पश्चिमी सभ्यताको चमत्कारिक विकास भएको उदाहरण आजको विश्व सामु तद्कारो रूपमा उपस्थित छ । तसर्थ आधुनिक विज्ञान र प्रविधिले गरेको सकारात्मक विकास र प्रगतिको सही मूल्यांकन र सामयिक प्रशंसा आध्यात्मिक क्षेत्रबाट समेत मुक्त कण्ठबाट हुनु गरिनु समय सापेक्ष र समसामयिक हुन्छ । आधुनिक विज्ञानको उत्तरोत्तर विकासले आफ्नै वैज्ञानिक विश्लेषणबाट बुद्ध धर्म र दर्शनका गम्भीरातिगम्भीर सूक्ष्मातिसूक्ष्म दार्शनिक सिद्धान्तहरू र धर्महरूलाई क्रमश: सत्य सावित गर्दै पुष्टि गर्दै गएकोमा सम्पूर्ण बौद्ध जगत सुसन्तुष्ट, सम्प्रहर्षित र प्रमुदित बन्नु स्वाभाविक नै छ ।



Downloaded from http://dhamma.digital

**आधुनिक विज्ञानको तुलनामा बुद्ध धर्मको अग्रगण्यता**

आधुनिक विज्ञानले विभिन्न ज्ञान र प्राविधिका क्षेत्रमा हासिल गरेका प्रगति निश्चय नै चमत्कारपूर्ण छ तर यो भन्दा आश्चर्यजनक चमत्कार र संयोगको कुरा के छ भने अति सूक्ष्मदर्शक विशिष्ट यन्त्र, अत्यन्त शक्तिशाली कम्प्यूटर प्रणाली, अत्यन्त विकसित भौतिक विज्ञान एवं रसायन शास्त्र, अत्याधुनिक गणित, निकै सम्वेदनशील प्रयोगशालाहरू र शक्तिशाली दूरदर्शक यन्त्रहरूको सहयोग भएर पनि आधुनिक विज्ञानले अझै पनि २५९० वर्ष अघि भगवान् बुद्धले कुनै यन्त्रको सहयोग र सहायता बेगर आफ्नो प्रज्ञा ज्ञानद्वारा विश्लेषण गरेर देखाउनु भएको नाम रूप धर्मको उत्पत्ति, स्थिति र भङ्गको केही छेउसम्म मात्र स्पर्श गर्न आउन सकेको छ । नाम रूप धर्म स्वभावको अनित्यता, दुःख र अनात्म स्वभावको प्रत्यक्ष अनुभूत ज्ञानको सहाराले बुद्ध धर्ममा मनका स्थूल र मध्यम क्लेशहरू र आश्रवहरू मात्र होइन चित्तहरूमा अनुशयका रूपमा टाँसिएर प्रवाहित रहने सूक्ष्म क्लेशहरू समेतलाई जरैदेखि सदाको लागि निर्मूल गरी जन्म, जरा, व्याधि मरण भयबाट सर्वथा मुक्त रहेको स्थायी परम सुखमय उपशम, शान्ति, निर्वाणमा नै पुऱ्याइने पथ प्रदर्शन भएको छ । केन्तु पदार्थलाई तिनका परमाणु तरङ्ग वा प्रवाह स्वरूपका उपपरमाणु रज स्वभावका धातुहरूसम्म विभाजन गरेर परमाणुका अनन्य शक्तिका विषयमा जानकारी राखी तिनका विविध उपयोग गर्न सक्ने ज्ञान र क्षमता हासिल गरेका वैज्ञानिकहरू पनि, उपपरमाणु रज धातुहरूका अनित्य स्वभावलाई प्रयोगशालाके परीक्षणबाट एक सेकेण्डको एक खरव खण्डको समयसम्म मात्र आयु रहेका भनी धातुका निरन्तर उत्पत्ति र विनाश स्वभावलाई जान्ने, बुझ्ने, पत्ता लाउन सामर्थ्य भएका वैज्ञानिकहरू पनि र मानव जीवन संरचनाका आधारभूत तत्वहरूका रूपमा रहेका जीवाणु, कोष, केन्द्रिका, केन्द्रिका रेशा, जैविक अणु र वंशाणु मेतमा सारभूत, ठोसभूत, अक्षय अव्यय अविनाशी स्वभावका स्थीर स्थायी तत्व केही छैनन् भनी वैज्ञानिक विश्लेषण र परीक्षणबाट पत्ता लगाउन सकेका वैज्ञानिकहरू पनि पैसाको लालच, पदको भ र भौतिक सुखको मोह जस्ता स्थूल लोभ, दोष र मोहमा फडिएर जानी वा नजानीकनै पद, नाम र धनकै लागि आफ्ना



Downloaded from http://dhamma.digital

ज्ञान, विवेक, इमान र क्षमताको विक्री गर्दै तिनका सम्भावित दुरूपयोगमा सहभागी भई अशान्त, जीवन व्यतीत गर्न विवश छन्, तृष्णा र आशक्तिको फन्दामा परी दुःख दौर्मनस्य उपायासको भव चक्रमै अनन्तकालसम्म रूमल्लिरहन बाध्य छन् र भय र त्रास, अनिश्चितता र आशङ्काको जीवन जिउन लाचार छन् । व्यक्तिगत रूपमा वैज्ञानिकहरूका जीवनी थाहा पाएका सूत्रहरूका अनुसार ती महान् आविष्कारक वैज्ञानिकहरू आफै अशान्त छन्, असंयमित छन्, सन्त्रस्त छन्, राग रञ्जित, द्वेषबाट दूषित र मोहबाट सम्मोहित छन् र ज्ञान विज्ञानको पवित्र उद्देश्यको विपरीत विश्व, समाज र मानव सभ्यताको भविष्यलाई नै अन्धकारमय हुने गरी अशान्त, असंयमित र सन्त्रस्त पार्न प्रत्यक्ष वा परोक्ष रूपमा सघाइरहेका छन् । भौतिकवादी वहिर्मुखी विशिष्ट ज्ञान र आध्यात्मिक प्रज्ञा ज्ञानको रूपरेखा, शक्ति र स्वभावमा ठूलो भिन्नता रहेको तथ्य यसबाट पनि झल्किन्छ । आधुनिक विज्ञानले प्रज्ञप्ति र परमार्थ धर्म, सम्वृत्ति सत्य र परमार्थ सत्यको भेद जान्न बांकी नै छ । नाम धातु स्वभावको अनन्त उत्पत्ति र विनाशको प्रवाहको विषयमा खोजी गर्ने काम अझै बांकी नै छ ।

**बुद्ध धर्ममा धातु ज्ञानको विशेषता**

बुद्ध धर्मका अनुसार विश्वका सम्पूर्ण रूप धातुहरू पृथ्वी, आप, तेज र वायु नामक चार महाभूतहरूका निरन्तर उत्पत्ति र सम्मिश्रणबाट निर्मित भएका हुन् । चतुर्महाभूत वा अष्ट कलापहरू एकत्रित भई उत्पत्ति भएका सम्पूर्ण पदार्थहरू जरैदेखि निरन्तर परिवर्तन हुँदै विनाशमा प्राप्त हुने अनित्य धर्महरू मात्र हुन् । सत्व लोक, ओकास लोक र सङ्खार लोक भनिने यस संसारका तीनै लोकहरू पृथ्वी, आप, तेज, वायु, आकाश र मन जस्ता प्रकृतिका ६ नियमहरू र वीज नियाम, ऋतु नियाम, कर्म नियाम, धर्म नियाम र चित्त नियाम नामक् पाँच नियाम धर्महरूद्वारा उत्पत्ति हुन्छन्, नियाम धर्महरूकै स्वभाव अनुसार संचालित छन् र नियाम धर्महरूको स्वभाव अनुसार विनाशमा प्राप्त हुन्छन् । यसरी त्रिलक्षण धर्म स्वभाव भएको यो संसार अनादिकालदेखि उत्पत्ति र विनाशको अनन्त भव चक्रमा घुमिरहेको छ । बुद्ध धर्मका अनुसार चतुर्महाभूतको अन्तिम विश्लेषण गर्दा पृथ्वी धातु भनेको केवल



Downloaded from http://dhamma.digital

कक्खल लक्खण अर्थात् सान्द्रोपनको गुण मात्र हो भने आप धातु भनेको संयोगको गुण मात्र हो, जसले आबन्धनको क्रिया गर्दछ । त्यस्तै तेज धातु भनेको केवल उष्णता वा शीत गुण मात्र हो भने वायु धातु भनेको गति वा शक्ति, दवाव वा आश्रयको गुण मात्र हो । पृथ्वी, आप, तेज र वायु धातुहरू पनि कर्मबाट उत्पत्ति हुने चतुर्महाभूत धातु चार, चित्तबाट उत्पत्ति हुने चार महाभूत धातुहरू चार, ऋतुबाट उत्पत्ति हुने चार महाभूत धातुहरू चार र आहारबाट उत्पत्ति हुने चार महाभूत धातुहरू चार, गरी चार किसिमका चतुर्महाभूत धातुहरू हुन्छन् र भिन्न भिन्न उत्पत्तिका हेतु धर्मका कारण मुताविक यी चारै धातुहरू एउटा एउटा पिण्ड वा स्कन्धको रूपमा निरन्तर रूपमा उत्पत्ति भइरहन्छन् । कर्मबाट बनेका वा चित्तबाट उत्पत्ति भएका पृथ्वी, आप, तेज र वायु धातुहरूको पिण्ड वा स्कन्धलाई एक एक कलाप भनिन्छ । कर्मबाट निर्मित चतुर्महाभूतको कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूतको कलापको बीच बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले विभिन्न हेतु धर्मका कारण उत्पत्ति भएका कलापहरूलाई परिच्छेद गरी छुट्याई राखेका हुन्छन् । चतुर्महाभूत धातुहरू अलग अलग रूपमा एक्लै एक्लै उत्पत्ति भई अस्तित्वमा आउन सक्तैनन् । ती चतुर्महाभूत धातुहरू साथै रहन्छन् र तिनलाई आपसमा छुट्याएर राख्न सकिंदैन । यसैले गर्दा ती चार धातुहरूका एक अर्का कलापको उत्पत्ति र विनाश प्रक्रिया एकै समान रहेको हुन्छ । बौद्ध ग्रन्थमा भनिएको छ –

**"एकं महाभूतं पटिच्च तयो महा–भूता तयो महाभूते पटिच्च एकं महा–भूतं, द्वे महा–भूते, पटिच्च द्वे महा–भूता ।"**

अर्थात्

*एउटा महाभूतमा आश्रित भईकन बाँकी तीन महाभूतहरू उत्पन्न हुन्छन् । ती महाभूतहरूमा आश्रित भईकन बाँकी एक महाभूतको उत्पत्ति हुन्छ । दुई महाभूतहरूमा आश्रित रहीकन बाँकी दुई महाभूतहरू उत्पन्न हुन्छन् । पृथ्वी तत्व (पृथ्वी धातु) संग जल तत्व (आप), वायु तत्व (वायु) र अग्नि तत्व (तेज) लाई ग्रहण गर्ने शक्ति हुन्छ । जल, वायु र अग्नि तत्वहरूका लक्षण स्वभाव यस्ता हुन्छन् कि पृथ्वी तत्वको आश्रय नलिईकन ती तत्वहरूको अस्तित्व सम्भव हुँदैन ।*



Downloaded from http://dhamma.digital

जब हजारौं, लाखौं, करोडौं कक्खल लक्खण अर्थात् साङ्गोपनका गुणहरूलाई अर्थात् पृथ्वी तत्वहरूलाई आप धातुको माध्यमबाट आबन्धन गरी अथवा संयुक्त गरी संगै राखिन्छन् अनि परमाणु नामको रूपको अस्तित्व देखापर्छ । जब हजारौं, लाखौं, करोडौं यस्ता परमाणुहरू संयुक्त हुन्छन् अनि कुनै पदार्थ वा जीव भन्ने जस्ता रूपहरूका स-साना क्षुद्रानुक्षुद्र रूपका नाउँ एक उत्पन्न हुन्छ । पृथ्वी धातु तत्वको ग्रहण शक्तिको आधारमा पृथ्वी धातु संगै आप, तेज र वायु धातुहरू एकै पिण्ड भएर उपस्थित रहन सक्ने हुन्छन् भने जल तत्व आप धातुले धातुहरूको उही कलापमा संयुक्त रूपमा विद्यमान रहने अन्य धातुहरू जस्तो पृथ्वी धातु, तेज धातु र वायु धातुलाई आबद्ध गरिराख्ने भएकोले ती धातुहरू सबै संगै खडा रहन सक्ने हुन्छन् र एक अर्कामाथि अन्योन्याश्रित रहन्छन् । तेज धातुले अन्य सहजात सह-अस्तित्वमा रहेका धातुहरूलाई परिपक्व र सबल बनाउंछन् भने अग्निको ज्वाला र धुवाँको रूपमा रहेको तेज धातुको अग्नि तत्वको अनबरूद्ध निरन्तरता कायम राख्न वायु धातुको आवश्यकता पर्दछ । वायु धातुको कारणले गर्दा नै अग्निको बृद्धि, अग्निको शक्तिको बृद्धि, अग्निको तेज (प्रकाश) को बृद्धि, अग्निको रापको बृद्धि, धुवाँको उत्पत्ति र अग्निको एक अर्कोमा संक्रमण, स्थानान्तरण भई तेज धुवाँ प्रकट भइरहेको हुन्छ भने वायु धातुको शक्तिमा पनि शीत तेज र उष्ण तेज धातुको त्यत्तिकै प्रभाव परिरहन्छ । यसबाट तेज धातु र वायु धातुको पनि अन्योन्याश्रितपना छर्लङ्ग हुन्छ । जल पिण्ड र वायु पिण्डलाई पनि पृथ्वी तत्वले टेवा पुऱ्याएको हुन्छ । वास्तवमा हाम्रो पृथ्वी पानीमाथि आधारित छ, पानी हावामाथि आधारित छ भने हावा आकाशमा आधारित छ । यसरी पंचमहाभूतकै महत्व प्रष्ट हुन्छ ।

बुद्ध धर्मका अनुसार रूप पदार्थहरूमा मात्र होइन पानी, वर्ण, आकाश, प्रकाश, किरण, हावा, तथा गन्धहरू सबैमा पनि पृथ्वी तत्वहरू भरपूर मात्रामा विद्यमान रहन्छन् । तर त्यसलाई मांस चक्षुले सामान्य ज्ञानले जान्न, देख्न सकिंदैन । कक्खल लक्खण स्वभाव मात्र रहेको पृथ्वी धातुको परमाणु कणलाई एक लाख खण्डमा खण्डित हुने गरी विभाजित गरे तापनि एउटा परमाणुको रजको एक लाख अंश जतिको मात्रासम्म बराबर हुने



Downloaded from http://dhamma.digital

गरी पनि त्यसमा कुनै किसिमको साह्रो बस्तु केही पाइने छैन । संयोगको गुण (आबन्धन क्रिया) मात्रको रूपमा रहेको आप धातुको अन्तिम विवेचना गरेमा पनि यस आबन्धन क्रियामा परमाणुको रजको हजारौं भागको एक भागको परिमाणसम्म पनि कुनै सार बस्तु पाइने छैन । चतुर्महाभूत वा अष्ट कलापबाट निर्मित सुमेरू पर्वत र महान् पृथ्वीदेखि लिएर सम्पूर्ण स्थूल र सूक्ष्म बस्तुहरूको पनि अन्तिम विवेचना गर्दा परमाणुको रजको मात्रासम्मको सार बस्तु पनि केही नहुने भएकोले ती बस्तुहरूको लोप हुने वा विनाश हुने उपयुक्त अवसर भएमा एक पटक आंखा झिम्किंदाको अवधिमा वा एक पटक बिजुली चम्कंदाको समयसम्ममा सयौं पटक भन्दा बढी ती बस्तुहरू लुप्त हुन सक्छन्, विनष्ट हुन सक्छन् ।

बुद्ध धर्मका अनुसार यस संसारका सम्पूर्ण ससंस्कृत नाम रूप (पञ्च स्कन्धहरू) धर्महरू यथार्थमा धातु निर्मित हुन् । नाम रूपलाई यथार्थ रूपमा धातुहरू मात्र हुन्, नित्य, सुख र आत्मा भन्ने कुरा केही नभएका अनित्य, दुःख र अनात्मा हुन् भनी जानी, बुझी, देखी धातुभेदानुपश्यना ज्ञान (धातु कुशल ज्ञान) प्राप्त गर्ने व्यक्तिले भय, उपद्रव र उपसर्गबाट मुक्ति प्राप्त गर्ने आर्य मार्ग ज्ञान लाभ गर्दछ । धातु कुशल ज्ञानले नै सो व्यक्तिलाई निर्वाणलाई साक्षात्कार गर्ने भय, उपद्रव र उपसर्ग विहीन आर्य मार्गतर्फ लैजान्छ ।

हुन त आधुनिक विज्ञानले पनि पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजन गर्दै लगी कण कणमा, अणु अणुमा र परमाणु परमाणुसम्ममा विभाजन गरेर पनि नपुगी अझ परमाणुलाई पनि विभाजन गरी प्रोटन, न्यूटन, इलेक्ट्रोन, फोटन, पोजिट्रन, एण्टी प्रोटन, एण्टी न्यूटन जस्ता उपपरमाणु रज कणहरू (Sub atomic particles) सम्मलाई पहिचान गरी परमाणुभित्र केन्द्रिका र शून्य स्थान (स्पेश = आकाश) रहने भनी परमाणुको संरचना, स्वरूप र उपपरमाणु रज कणहरूको गतिशीलताको गति समेत पत्ता लगाएको होइन । किन्तु बुद्ध धर्मका अनुसार जुनसुकै रूप धातु यथार्थ चतुर्महाभूतबाट निर्मित वा उत्पन्न भएका हुन् र चतुर्महाभूत धातुहरू स्वभावैले अलग अलग उत्पन्न भई स्वतन्त्र अस्तित्वमा रहन नसक्ने गरी अपृथक्करणीय स्वभावबाट युक्त हुने हुनाले अलग अलग उत्पत्ति नभई चारै महाभूत धातुहरूको एक एक पिण्ड,



Downloaded from http://dhamma.digital

स्कन्ध वा कलापको रूपमा अन्योन्याश्रित रहेर उत्पत्ति हुन्छन् र अस्तित्वमा आउंछन् । तसर्थ कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्महरू चारका कारण प्रत्येक हेतुका कारणले पृथ्वी, आप, तेज र वायु नामका अन्योन्याश्रित रहने चार महाभूत धातुहरू उत्पत्ति हुंदा एकै पटक एक एक कलाप वा पिण्ड वा स्कन्धको रूपबाट उत्पत्ति हुन्छन् र एक हेतु धर्मका कारण उत्पत्ति भएको कलाप र अर्को हेतु धर्मका कारण उत्पत्ति भएको कलापको बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले परिच्छेद गरिरहेकै कारणले धातुहरूलाई पदार्थहरूलाई कलाप कलापसम्ममा विभाजन गर्न सकिने हुन्छ र ती चतुर्महाभूत धातुहरूका एक अर्का कलापको उत्पत्ति र विनाशको प्रक्रिया एकै समान हुन्छ । तसर्थ बुद्ध धर्मका अनुसार सूक्ष्मातिसूक्ष्म रूपसम्ममा अलग अलग छुट्याउन सकिने परमाणु र उपपरमाणु रज कणहरू स्तरसम्मका धातु रूपमा पनि चतुर्महाभूत धातु चारका कलापहरू विद्यमान नै रहनु पर्ने हुन्छ । बुद्ध धर्मका अनुसार पृथ्वी धातुमा पृथ्वी तत्व भनिने साह्रोपनका गुणहरूको प्राधान्यता रहन्छ भने आप धातुमा आबन्धन क्रियाका गुणहरूको प्राधान्यता रहन्छ । पृथ्वी धातुको आश्रय नरहेमा आप, तेज र वायु धातु कायम रहन नसक्ने हुन्छ भने आप धातुको संयोग नभएमा पृथ्वी, वायु र तेज धातु पनि कायम रहन सक्दैन । वायु धातुले आश्रय नदिएमा पृथ्वी, आप र तेज धातुको पिण्ड कायम रहन सक्दैन भने तेज धातुले आफ्नो शक्तिले पृथ्वी, आप र वायु धातुलाई प्रवल र परिपक्व नगरेको खण्डमा पनि ती धातुहरूको कलाप रहन सक्दैन । चतुर्महाभूतका कलापहरूलाई आकाश धातुको परिच्छेद नगरेको भए तिनका विभाजन सम्भव हुने थिएन ।

आधुनिक विज्ञानले परमाणुलाई उपपरमाणु रज कणहरू-सम्ममा विभाजन गर्न सफल भए पनि प्रोटन, न्यूटन र इलेक्ट्रोन जस्ता अलग अलग धातु रजहरू निश्चित ठाउंमा अस्तित्वमा रहन्छन् भनी भन्न नसकिने र तिनीहरूको अलग अलग अस्तित्व पनि मान्न नसकिने हुंदा सम्पूर्ण संसार नै भिन्नाभिन्नै छुट्याउन नसकिने विद्युत तरंग स्वभावका संरचनाहरूको गतिशील जाल (नेट-वर्क) मात्र हुन् भनी पत्ता लगाई बुद्ध धर्मको परिभाषाको निकै नजिकैसम्म आई उपपरमाणु रज कणहरूका रूपमा रहेका तात्विक धातुहरूको स्वभावको व्याख्यान गर्न आइपुगेको देखिन्छ । किन्तु आधुनिक विज्ञानले इलेक्ट्रोनले परमाणुको केन्द्रिकालाई शून्य स्थानमा



Downloaded from http://dhamma.digital

प्रकाशको शक्तिले परिक्रमा गरिरहने र केन्द्रिकाभित्रका न्यूक्लिअन्स पनि ४०,००० माइल प्रति सेकेण्डका दरले फन्को मारिरहने तथ्य पत्ता लगाएबाट बुद्ध धर्मका अनुसार सिद्धान्ततः ती उपपरमाणु रज धातुहरूका प्रत्येकको संरचनामा चतुर्महाभूत धातुहरूका कलाप अझै विद्यमान रहनु पर्ने र सोको व्याख्यान विज्ञानले अझै गर्न बाँकी नै रहेको स्थिति शेष रहेको प्रतीत हुन्छ । तसर्थ बुद्ध धर्ममा पाइने धातुहरूका संरचना विधि र तिनीहरूका सूक्ष्मातिसूक्ष्म रूपका विभाजन, विवेचना र पहिचान विधिलाई आधार लिएर भन्दा वैज्ञानिकहरूले पत्ता लगाएका धातुका परमाणुका संरचनाभित्रका प्रोटन, न्यूटन, इलेक्ट्रोन जस्ता उपपरमाणु रजहरू प्रत्येकमा पनि कुनै एक चतुर्महाभूत धातु प्रधान रही अन्य तीन धातुहरू समावेश भएर मात्र तत् तत् प्रधान धातुका नाउंबाट अलग अलग धातुका नामकरण भई प्रोटन, न्यूटन वा इलेक्ट्रोन जस्ता धातुहरूको स्कन्ध वा पिण्ड वा कलाप सम्भव भएको हुनु पर्ने भएकोले उपर्युक्त बमोजिम चतुर्महाभूत धातुहरूका कलापहरूका कारण प्रोटन, न्यूटन वा इलेक्ट्रोनका धातु रजहरूको कलाप वा पिण्ड वा स्कन्ध सम्भव भएको हो कि होइन भन्ने तथ्यसम्मलाई आधुनिक विज्ञानले अझै फेला पार्न सकेको देखिँदैन । त्यसरी नै साह्रोपनका गुण वा आबन्धंन क्रिया जस्ता आ-आफ्ना धातु स्वभावहरू एकत्रित भएर धातुहरूका उत्पत्ति भएका हुन् भन्ने यथार्थ सूक्ष्म तथ्यसम्म पत्ता लगाउने मार्गमा त आजको विज्ञानले खासै प्रगति गरिसकेको पाइदैन भन्दा अतिशयोक्ति हुने छैन ।

परमार्थका दृष्टिवाट धातुहरूका आधारभूत स्वरूप र संरचना र तिनका अनात्म धर्म स्वभावलाई आफ्नै अनुभवबाट देख्न, जान्न, बुझ्न नसकेकै कारणले होला आजका वैज्ञानिकहरू अझै संज्ञा विपल्लास, चित्त विपल्लास तथा दृष्टि विपल्लासबाट सम्मोहित छन् । यसरी आत्मदृष्टि र सत्काय दृष्टिबाट उनीहरू मुक्त हुन सकेका देखिँदैन । **बुद्ध धर्मको प्रज्ञा ज्ञानको तुलनामा आधुनिक वैज्ञानिकको भौतिक ज्ञान अझै निकै पछाडि रही सीमित रहेको कारणले होला धातु रूपको हालसम्मको सूक्ष्मातिसूक्ष्म विभाजन, विवेचना र विश्लेषण ज्ञान प्राप्त गरेर पनि बुद्ध धर्मका अनुसार वैज्ञानिकहरूलाई अझै धातु कुशल मान्न सकिँदैन ।** आधुनिक विज्ञानको सामु धातुको विभाजन र पहिचानमै पनि अझ बढी अध्ययन र अनुसन्धान गर्नु



Downloaded from http://dhamma.digital

पर्ने क्षेत्र अझै बाँकी नै रहेको प्रतीत हुन्छ । विज्ञान बुद्ध धर्मको रूप धातुको ज्ञानको स्तरसम्म अझै आइपुगिसकेको देखिंदैन ।

## प्रतिसन्धि विज्ञानको विशेषता

आधुनिक जीव विज्ञानका अनुसार सामान्यतः मानिसको जन्म स्वयं बाबुबाट प्राप्त पुरूष लैङ्गिक (Male gamete) को केन्द्रिका (Nucleus) अर्थात् शुक्रकीट र आमाबाट प्राप्त स्त्री लैङ्गिक (Female gamete) को केन्द्रिका (Nucleus) अर्थात् डिम्ब कोषको संयोगबाट उत्पन्न भएको युग्मज (Zygote) नामक एक सूक्ष्म कोष (कलल रूप) बाट वृद्धि भई शुरू भएको हो । आनुवंशिक विज्ञान (Genetics) का अनुसार पुरूष र स्त्री जातिका जीवाणु कोषहरू आमाको गर्भमा प्रतिसन्धि ग्रहण गर्ने समय अघि पुरूष लैङ्गिक अथवा शुक्रकीट र स्त्री लैङ्गिक अर्थात् डिम्बकोष बन्नु अघि ती जीवाणु कोषहरूका ४६ केन्द्रिका रेशाहरू मिओसिस (Meiosis) कोष विभाजन क्रियाबाट आधा आधामा विभाजित भई मोनोप्लाइड (Monoploid) बन्दछन् र यसरी मिओसिसको कोष विभाजन क्रियाबाट विभाजित भई बनेका २३ केन्द्रिका रेशा (Chromosomes) मात्र भएको पुरूष लैङ्गिक र २३ केन्द्रिका रेशा मात्र भएको स्त्री लैङ्गिकको संयोगबाट युग्मज (Zygote) नामक जीवकोष उत्पत्ति हुंदा भने सो युग्मजमा २३ जोडा अर्थात् ४६ नै केन्द्रिका रेशाहरू बन्न पुगी गर्भको विकास हुन थाल्दछ भन्ने कुरो यस अघि नै चर्चा गरिसकिएको छ । यसरी शुक्रकीट र डिम्बकोषको संयोग हुन शुक्रवीजमा रहेका लाखौं करौडौं शुक्रकीटाणुहरूमध्ये कसरी एक शुक्रकीटाणुले आमाको गर्भाशयबाट निःसृत भएका डिम्बकोषहरूमध्ये एक डिम्ब कोषमा सफलतापूर्वक प्रवेश गरेपछि मात्र गर्भाधान हुन गई भ्रूण (Embryo) को विकास कसरी शुरू भई मानिसको जन्म हुने गर्दछ भन्ने बारेको आधुनिक चिकित्सा विज्ञानको ठहर बारेमा पनि माथि उल्लेख गरिसकिएको छ । आधुनिक जीव विज्ञानका अनुसार पुरूष शुक्रकीटमा हुने २३ जोडा केन्द्रिका रेशामध्ये २२ जोडा एकै प्रकारको हुने र बाँकी एक जोडा रेशामध्ये एउटा अंकुशे प्रकारको हुने र अर्को छोटो प्रकारको केन्द्रिका रेशा हुने हुन्छ भने स्त्री लैङ्गिकमा भने अलि लाम्चो खालका एकै प्रकारका २३ जोडा केन्द्रिका रेशाहरू हुने गर्दछन् । तसर्थ गर्भधारण गर्नु



Downloaded from http://dhamma.digital

अघि मिओसीस प्रक्रिया अन्तर्गत वनेका पुरूष लैङ्गिक र स्त्री लैङ्गिकको संयोगबाट युग्मज बन्दा शुक्रकीटमा रहेको अंकुशे केन्द्रिका रेशाको संयोग भएमा छोरो उत्पत्ति हुन्छ भने छोटो प्रकारको केन्द्रिका रेशाको कारणबाट छोरी उत्पत्ति हुने गर्दछ । किन्तु युग्मज बन्दा केन्द्रिका रेशाहरूको संयोग क्रम रहित तरीका-बाट हुने हुंदा आधुनिक जीव विज्ञानका अनुसार सम्भाव्यताको सिद्धान्तकै आधारमा छोरा वा छोरी के हुने भन्ने कुराको निर्धारण हुने गर्दछ ।

बुद्ध धर्मका अनुसार मनुष्यलोकमा आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरी जन्म हुने सत्वहरू पूर्व जन्मका बीज १, आमाको रस धातु बीज १ र पिताको रस धातु बीज १ गरी ती तीन वीजरूपी हेतुको कारण कलल रूपको सूक्ष्म रूपबाट मानिसको जीवन शुरूवात भई कर्म, चित्त, ऋतु र आहारको कारणले नाम रूपको निरन्तर उत्पत्ति र बृद्धि भई पूर्ण रूपमा विकसित हुने गर्दछन् । नाम रूपमा पृथ्वी, आप, तेज, वायु र आकाश नामक रूप धातु पाँचमा कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्म चार, विज्ञान नामक धातु एक र वत्थु र आरम्भण नामक हेतु दुई गरी ६ धातुहरूको हेतु धर्म समावेश हुन्छन् । क्षणक्षण मै उत्पत्ति हुँदै परिवर्तन हुँदै उत्पत्ति, स्थिति र विनाशको रूपबाट निरन्तर प्रवाह मात्रका रूपमा रहेका यी नाम रूपको अविच्छिन्न अटूट प्रवाह नै जीवन हो । पूर्व जन्मको कर्मको फलस्वरूप पूर्व कर्मको विपाकको रूपमा उत्पत्ति भएको प्रतिसन्धि चित्तको प्रारम्भ साथै कलल रूपको नाम रूपबाट मानिसको जीवनको आधार – भ्रूणको समयका साथै विकास भई क्रमश: महीना पूरा भएपछि पूर्ण मानिसको जन्म हुने कुरा बुद्ध धर्ममा उल्लेखित छ । कर्मको कारणले जीवनको प्रथम घडीमा प्रतिसन्धि चित्त र प्रतिसन्धि रूपका साथै नाम रूपको उत्पत्ति हुने मात्र होइन सो पूर्व कर्मले नै मानिसको जीवनको अन्तिम चित्त-च्यूति चित्त उत्पत्ति नभएसम्मकै लागि मानिसको जीवन श्रृङ्खला कायम राख्ने असंख्य भवंग चित्तहरूका साथै अन्य चित्तहरू पनि असंख्य उत्पत्ति गर्दछ । पूर्व कर्मले नै जीवनभरि नै असंख्य कर्मज रूप कलापहरूलाई पनि उत्पत्ति गर्दछ । चित्तले पनि जीवनभरि नै चित्तज रूप कलापहरू-लाई उत्पत्ति गर्दछ । ऋतुले पनि ऋतुज रूप कलापहरूलाई



Downloaded from http://dhamma.digital

उत्पत्ति गर्दै जान्छ । आहारले पनि आहारज रूप कलापहरूलाई उत्पत्ति गर्दै जान्छ । चित्तहरूको अटूट प्रवाहको श्रृङ्खलामा एउटा चित्त उत्पत्ति भई निरोध हुनासाथै अर्को चित्त उत्पत्ति भइरहेको हुन्छ र यसरी चित्तहरूको अटूट श्रृङ्खलाबद्ध प्रवाह जारी रहन्छ । यसरी नाम रूप सन्ततिको प्रवाह कायम रहेसम्म सत्व जीवित रहन्छ । सम्पूर्ण रूपमा संस्कार निरूद्ध नभएसम्म जन्म-भवको निरोध संभव हुदैन । अविद्या र तृष्णाको निरोध नभएसम्म संस्कारको निरोध हुदैन । निर्वाणको लाभ नभएसम्मकै लागि सत्व-हरू यसरी जन्म र मृत्युको भवचक्रमा घुमिं नै रहन्छन् । यसरी भवचक्र घुमिरहेसम्म चित्तको उत्पत्ति, स्थिति र भङ्गको लहर अखण्ड रूपमा प्रवर्तित भइरहन्छ, नाम रूपको प्रवाह पनि अखण्ड रूपमा जारी नै रहन्छ । चित्तको श्रृङ्खला वर्तमान जीवनमा मात्र सीमित हुदैन । भूत, वर्तमान र भविष्यका जीवनहरू पनि चित्त-हरूका अटूट श्रृङ्खलाद्वारा गांसिएका हुन्छन् । अघिल्ला परिच्छेदमा चर्चा गरिसकिएको छ कि बुद्ध धर्मका मुताविक सामान्य नियमका अनुसार मनुष्य योनीमा आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरी मानवको जन्म हुन तीन अंगहरू पूर्ण भएको हुनु पर्दछ:

१. माता पितरो च सन्निपतिता होन्ति – आमाबाबु दुई जनाको सहवास भएको हुनु पर्छ ।
२. माता च उतुनी होन्ति – आमा ऋतुमती भएकी हुनु पर्छ ।
३. गन्धब्बो च पच्चपट्ठितो होन्ति – भावी बच्चा हुने गन्धर्व पनि प्रत्युपस्थित रहेको हुनु पर्दछ ।

एवं तिण्णं सन्निपाता गब्भस्सवक्कन्ति होति – यसरी तीनवटा अंगहरू परिपूर्ण भएपछि गर्भ प्रतिस्थित हुन्छ, अर्थात् गर्भाधान हुन्छ । प्रतिसन्धि ग्रहण हुन्छ ।

बुद्ध धर्ममा बावुबाट प्राप्त हुने शुक्रधातु र आमाबाट प्राप्त हुने धातु श्रोणितको संगम भएपछि ती दुई शुक्र श्रोणितको आधार लिएर उत्पत्ति भएको अति सूक्ष्म कलल रूपबाट मानिसको जन्म हुन्छ भनी गरिएको कथनलाई सम्म आधुनिक विज्ञानले पनि मानिस स्वयं बाबुवाट प्राप्त शुक्रकीट (Spermatozoon) र आमाबाट प्राप्त डिम्बाणु (Ovum) को संगम भएपछि उत्पन्न भएको युग्मज नामक सूक्ष्म जीव कोपबाट वृद्धि भई शुरू भएको हो भनी पुष्टि गरेको छ । किन्तु आधुनिक विज्ञानले पूर्व जन्मको कर्मको विपाक



Downloaded from http://dhamma.digital

स्वरूप उत्पन्न हुने प्रतिसन्धि चित्त–प्रतिसन्धि विज्ञानको सम्बन्धमा, भावी बच्चाको रूपमा जन्म लिने गन्धर्वको उपस्थिति र गर्भ प्रवेशको अंग पूरा हुनु पर्ने भन्ने बुद्ध धर्मको कथनको सम्बन्धमा अझै केही यकिन कुरो जान्न, बुझ्न र पत्ता लगाउन सकेको देखिंदैन । बुद्ध धर्मका अनुसार सत्वको अतीत कर्मको हेतुबाट वर्तमान जीवनमा जीव भनिने जीवित रूप, हृदय भनिने हृदय बस्तु रूप, स्त्रीको आकार उत्पत्ति हुनाको हेतु भइरहेको इत्थिभाव रूप, पुरूषको आकार उत्पत्ति हुनाको हेतु भइरहेको पुम्भाव रूपका साथै चक्षु, श्रोत, घ्राण, जिव्हा र कायबाट देख्न सकिने, सुन्न सकिने, सुंघ्न सकिने, रस चाख्न सकिने र स्पर्श ग्रहण गर्न सकिने माध्यम बनेका क्रमशः चक्षु प्रसाद रूप, श्रोत प्रसाद रूप, घ्राण प्रसाद रूप, जिव्हा प्रसाद रूप र काय प्रसाद रूपहरू उत्पत्ति हुन्छन् । विभिन्न किसिमका चित्तका हेतुबाट अनेक किसिमका चित्तज रूप कलापहरू, किसिम किसिमका काय-कर्म रूप, वचन कर्म रूप र मन कर्म रूपहरू उत्पत्ति हुन्छन् । ऋतुको कारणले चतुर्महाभूत धातु चारका रूपबाट अनेक किसिमका ऋतुज रूप कलापहरू उत्पन्न हुन्छन् भने आहारको कारण चतुर्महाभूत धातु चारका रूप-बाट उदरभित्र आहारज रूप कलापदेखि अनेक किसिमका आहारज रूप कलापहरू उत्पत्ति हुन्छन् । कुनै किसिमले ती रूप सन्ततिको धारा वा प्रवाह कायम रहेसम्म रूप जीवित भइरहन्छन् ।

आधुनिक विज्ञानले कोषहरूका निरन्तर विभाजन, गुणन र अभिवृद्धिबाट अनेक प्रकारका मानव शरीरका अंग प्रत्यङ्गहरूका निर्माण हुने र वंशाणुहरूका निरन्तर विभाजन, गुणन र अभिवृद्धिका कारण शरीरका अंग प्रत्यंगहरू निश्चित तरीकाबाट विकसित हुन सघाउ पुऱ्याउने तथ्य पत्ता लगाई अझ खास मानव शरीरका अंग प्रत्यंगहरू निर्माण गर्न आधार रहेका मानव अणुहरूलाई एकत्रित गरी निर्माण गर्ने वास्तविक जटील प्राकृतिक कार्य त प्रोटीनहरूले गरेका हुन्छन् भन्ने सम्म सूक्ष्म विस्तारका साथ वर्णन गर्न सफल भए पनि वंशाणुहरू स्वयं त्यसरी निर्माण हुनु पर्ने कारण, खास खास तरीकाले वंशाणुहरूको संयोग भई कुनै खास खास वंशानुगत गुण प्रसारण गर्नु पर्ने कारण, प्रोटीनहरूले मानव अणुहरूलाई एकत्रित गरी निर्माण गर्नु पर्ने कारण र क्रम सहित तरीकाको केन्द्रिका रेशाहरूको संयोगबाट पनि छोरा वा



Downloaded from http://dhamma.digital

छोरीकै रूपमा उत्पत्ति हुनु पर्ने कारण र एमिनो एसिडबाट बनेका न्यूक्लिक एसिडमा जीवित रूप सम्भव हुन आउने निश्चित कारणलाई वैज्ञानिकहरूले अझै पहिल्याउन सकेका छैनन् । कर्म र विपाकको कारण मृत्युपछि हुने पुनर्जन्मको सवाल अझै वैज्ञानिक-हरूका लागि तीव्र रहस्यको विषय बनिरहेकै छ । बुद्ध धर्मका अनुसार छोरा वा छोरी हुने कुरा अतीत कर्मका हेतुबाट पूर्णतः निर्धारित हुन्छन् भने पुद्गलहरूका संचित कर्मका विविधताले गर्दा मानिसहरू विभिन्न परिस्थितिमा जन्म हुन्छन् र तिनीहरूका रूप, स्वभाव र चरित्रमा पनि विविधता रहेका हुन्छन् । त्यसरी नै चित्तका विविधता र अनेकताले गर्दा पुद्गलहरूको गुण, क्षमता, सोचाइ, चिन्तन र काम कारवाहीमा विविधता देखिन्छन् । विभिन्न वंशाणुगत गुणहरूको व्याख्याले मात्र मानिस मात्रका चरित्र, स्वरूप, सोचाइ, चिन्तन र काम कारवाहीका विविधतालाई सही रूपमा व्याख्यान गर्न सकिदैन । भगवान बुद्धले सर्वज्ञता ज्ञानबाट हेरी अतीत कर्मका कारण उत्पत्ति हुने प्रतिसन्धि रूप, प्रतिसन्धि विज्ञान, पुरूष भाव रूप, स्त्री भाव रूप र सत्वहरूका स्वरूप, चरित्रका विविधता रहने जस्ता तथ्यहरू पत्ता लगाउनु भएको हो । आजका वैज्ञानिकहरूले वर्तमान जीवनको भौतिक एवं रासायनिक विश्लेषण ज्ञान क्षेत्रसम्म मात्र सीमित रहनु परेको कारणले उक्त सत्यहरूको जानकारी प्राप्त गर्न सकेका छैनन् । बुद्ध धर्मका अनुसार वैज्ञानिक-हरू अझै कर्म सम्मोहमा डुबेका छन् । उनीहरू अझै कर्मशक्यता ज्ञानरूपी आलोकबाट सर्वथा टाढा नै रहेका प्रतीत हुन्छन् । वैज्ञानिकहरू अझै धर्म सम्मोह, प्रत्यय सम्मोह र लक्षण सम्मोहमै डुबेका छन् र फलस्वरूप उनीहरू अझै बुद्ध शासनका अभिन्न ज्ञानाङ्ग रहेका धर्म व्यवस्थान ज्ञान आलोक, प्रत्यय व्यवस्थान ज्ञान आलोक र लक्षण प्रतिवेध ज्ञान आलोक जस्ता बुद्ध शासनबाट लाभ हुने ज्ञान आलोकहरूबाट सर्वथा टाढा टाढा नै रहेका छन् । सत्कायदृष्टि, आत्मादृष्टिमा चुर्लुम्म डुबेका भौतिक वैज्ञानिकहरूले निर्वाण प्रतिवेध ज्ञान आलोकको सम्बन्धमा चिन्तन पनि गरेका छैनन् भन्दा अतिशयोक्ति हुने छैन ।

*द्रष्टव्यः बुद्ध शासनमा उपलब्ध हुने पाँच प्रकारका सम्मोह नाशक पाँच प्रकारका अद्वितीय दार्शनिक ज्ञान आलोकको विस्तृत विवरणका लागि लेखकद्वारा अनुदित "पञ्च आलोक" नामक पुस्तकलाई हेर्नुहोला ।*



Downloaded from http://dhamma.digital

## नाम स्कन्धका ज्ञानको विशेषता

आधुनिक विज्ञानले मनोविज्ञानको क्षेत्रमा मानव मनलाई सचेतन मन (Conscious mind) र अर्धचेतन मन (subconscious mind) भनी वर्गीकरण गरी मानसिक संक्रमण (Telepathy) र मानसिक दूर प्रभाव शक्ति (Telecinesis) को तथ्यलाई आभास गरी मानसिक शक्तिको विषयमा आफ्नो अध्ययन प्रारम्भ गरी चिकित्सा क्षेत्रमा यसको क्रमशः बढ्दो रूपमा उपयोग गर्न थालेको देखिए पनि अधिकांश वैज्ञानिकहरूले मानिसको जीवनमा मन वा चित्तको उत्पत्ति र निरोधको हेतु र स्वभाव दुवैलाई सही रूपमा जान्न नसकेकै कारण मानव जीवनमा एउटै मात्र चित्त वा मन कायम रहेको कुराको धारणा राख्दछन् जुन धारणा बुद्ध धर्मका अनुसार पच्चीसै आना गलत छ, त्रुटीपूर्ण छ, मिथ्या छ । बुद्ध धर्मका अनुसार सत्व, पुद्गल, मानवको अन्तिम विश्लेषणमा बस्तुतः मान्छे भनेको नाम रूप सन्ततिको प्रवाह मात्र हो । पृथ्वी, आप, तेज, वायु, आकाश र विज्ञान धातुहरूका निरन्तर उत्पत्ति र संयोगका कारण उत्पत्ति भएका नाम रूप धर्महरू बीज नियाम, ऋतु नियाम, कर्म नियाम, धर्म नियाम र चित्त नियाम जस्ता पाँच नियाम धर्म स्वभावहरूका हेतुद्वारा निरन्तर उत्पत्ति हुन्छन्, संगठित हुन्छन्, परिवर्तन हुन्छन्, संचालित हुन्छन्, व्यवस्थित हुन्छन् र विनाशमा प्राप्त हुन्छन् । नाम रूपमा पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूप धातु पाँचमा कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्म चार, विज्ञान नामक धातु एक र वत्थु र आरम्मण नामक हेतु दुई गरी जम्मा ६ धातुहरूका हेतु धर्म ६ समावेश हुन्छन् । नाम रूपलाई पंच स्कन्धको रूपमा विभाजन गर्दा रूप जति रूप स्कन्धमा समावेश हुन्छन् भने वेदना, संज्ञा, संस्कार र विज्ञान सबै नाम धातुमा समावेश हुन्छन् । सो नाम स्कन्धमध्ये पनि वेदना, संज्ञा र संस्कार जति चैतसिक वर्गमा पर्दछन् भने विज्ञान जति चित्त वर्गमा पर्दछन् । अतीत कर्मको कारणले उत्पत्ति भएको प्रतिसन्धि चित्त र प्रतिसन्धि रूपले नयाँ जीवनको शुरूवात हुन्छ भने अतीत कर्मकै कारण जीवनभरि नै उत्पत्ति भइरहने असंख्य चित्तहरू र रूपहरूका साथै कर्म, चित्त, ऋतु र आहारका कारण उत्पत्ति हुने रूप कलापहरूका कारण नाम रूप सन्ततिको अटूट प्रवाह निरन्तर कायम रही जीवनको



Downloaded from http://dhamma.digital

प्रक्रिया जारी रहन्छ भन्ने माथि विभिन्न प्रसंगमा चर्चा गरिसकिएको छ । बुद्ध धर्मका अनुसार नाम रूप भनिने परमार्थ धर्मलाई अलग अलग स्वभाव, गुण र लक्षण भएका १२ ओलारिक (स्थूल) रूप र १६ सूक्ष्म रूप गरी २८ थरी रूपहरू, ८९ वा १२१ थरी चित्तहरू र ५२ चैतसिकहरूमा विभाजन गर्न सकिन्छ । बुद्ध धर्ममा रूपहरूलाई मात्र होइन मानिसको चर्म चक्षुले देख्न, जान्न, बुझ्न नसकिने नाम धातुहरू चित्तहरू र चैतसिकहरूलाई पनि प्रत्येक चित्त र चैतसिकको अलग अलग स्वभाव, लक्षण र गुणलाई अलग अलग छुट्याई पहिचान गराई तिनको उत्पत्ति र निरोध विधि सम्वन्धमा सविस्तार अभिधर्ममा चर्चा गरिएको पाइन्छ। त्यति मात्र होइन बुद्ध धर्ममा कुन कुन चित्त उत्पत्ति हुँदा कुन कुन चैतसिकहरू के कति संख्यामा उत्पत्ति हुन्छन्, ती भिन्ना भिन्नै चैतसिकहरूका के के अलग अलग कृत्यहरू छन् र ती चैतसिकहरूका स्वभाव, गुण र लक्षण के कस्ता छन्, ती चित्त र चैतसिकहरूले के कसरी कुशल वा अकुशल कर्महरूलाई के कस्ता अवस्थामा प्रवृत्त गर्दछन् भन्ने सम्म सूक्ष्मातिसूक्ष्म कुराहरूलाई ऐनामा रूपलाई हेरेझैं छर्लङ्ग हुने गरी विवेचना गरिएको पाइन्छ । आफ्नै हातमा लिई आँखाले हेर्न सकिने समुद्रको पानीको पिण्डमा त कुन कुन नदी, खोलानालाहरूका के कति पानी छ भन्ने कुरा अलग अलग छुट्याउन सकिंदैन भने भगवान् बुद्धले आँखाबाट देख्नै नसकिने नाम धातु स्वभावलाई पनि यसरी अनन्त विभाजन गरेर देखाउनु निश्चय नै महान् आश्चर्यजनक विषय हुन आउँछ ।

Dhamma.Digital

बुद्ध धर्मका अनुसार कुनै एक रूपले पाँच इन्द्रियद्वारहरूमध्ये कुनै एक इन्द्रियद्वारमा ठक्कर खानासाथ त्यो रूप फलानो चीज हो भनी जान्न र केही प्रतिक्रिया व्यक्त गर्नु पूर्व १७ चित्तहरूले उत्पत्ति भई त्यो रूपलाई अनुभव गरेका हुन्छन्, जस्तै अतीत भवंग, भवंग चलन, भवंगुपच्छेद, पंचद्वारावर्जन चित्तमध्येको सम्बन्धित चित्त, द्विपंच विज्ञान चित्तमध्येको सम्बन्धित विज्ञान चित्त, सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, बोट्ठब्जन चित्त, ७ जवन चित्तहरू र २ तदालम्वन चित्तहरू । त्यसपछि मनोद्वार वीथिमा चित्तहरूले सो रूपलाई पुन: अनुभव गर्न सक्तछन् । एक पटक आँखा झिम्काउंदाको अवधि वा एक पटक विजुली चम्किंदाको अवधिभित्र एक लाख कोटी अर्थात् दश खरब चित्तहरू उत्पत्ति



Downloaded from http://dhamma.digital

भएर विनाशमा प्राप्त भइसक्ने कुरा बौद्ध ग्रन्थमा उल्लेखित छ । *(हेर्नुहोस्: अग्गमहापण्डित डा. लेडि सयादो लिखित कमट्ठान दीपनी, अनु. भिक्षु बुद्धघोष महास्थविर ।)* यसरी असंख्य द्रुततर गतिमा उत्पत्ति र विनाश हुने चित्तहरू प्रत्येकका अलग अलग कृत्य सहित खोलेर बुद्ध धर्ममा सविस्तार वर्णन गरिएको पाइन्छ । *(चित्तहरूका प्रकार र कृत्यहरूका लागि लेखकद्वारा अनुवादित पुस्तक "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" हेर्नुहोला ।)*

नाम रूप धर्मलाई यसरी अनन्त रूपमा विभाजन गरीकन बुद्ध धर्ममा ती नाम रूप धर्महरू सबै नै अन्तिम विश्लेषणमा अनित्य हुन्, दुःख हुन् र अनात्मा हुन् भनी सिद्ध गरिएको छ । यस तथ्यलाई भगवान् बुद्धले आफूले मात्र जान्नु भएको होइन अप्रमादी भई स्मृतिलाई अक्षुण्ण राखी शील, समाधि र प्रज्ञायुक्त आर्यअष्टाङ्गिक मार्गको सही रूपमा अभ्यास गर्ने विपश्यना ध्यानी जोसुकैले आफ्नो निरन्तर साधनाद्वारा विपश्यना ज्ञानलाई आवश्यक उत्कृष्ट स्तरसम्म विकास गरी प्रवल र परिपक्व गर्न सकेमा प्रतीत्य समुत्पाद धर्मको सही ज्ञानका साथै ती चित्त र चैतसिक-हरूलाई साधकले स्वयं आफ्नै स्वानुभूतिबाटै प्रष्ट देखी जानी, बुझी पहिचान गरी नाम रूप धर्मका अनित्य, दुःख र अनात्मा धर्म स्वभावलाई छेदन भेदन गरी प्रतिवेध ज्ञानद्वारा प्रतिवेध गरी जान्न बुझ्न सकिने धार्मिक प्रत्याभूतिका साथ सविस्तार बुद्ध धर्ममा मार्गदर्शन दिइएको पाइन्छ र आश्रव क्षय ज्ञानको लाभद्वारा सम्पूर्ण क्लेशहरूलाई समूल नष्ट गरी जाति मृत्युको चक्रबाट सर्वथा मुक्त रहेको निर्वाणलाई पनि प्राप्त गर्न सकिने द्वार पनि इच्छुक सबै साधकलाई उपलव्ध रहेको सिंहनाद पनि बुद्ध धर्ममा गरिएको पाइन्छ । यसवाट पनि बुद्ध धर्म आधुनिक विज्ञानको पहुंचभन्दा अझै निकै अगाडि रहेको तथ्य सिद्ध हुन्छ ।

## आधुनिक विज्ञानको सीमा तथा लौकिक ज्ञान र लोकोत्तर ज्ञानको अन्तरमा एक बिहंगम दृष्टि

बुद्ध धर्मका अनुसार भवचक्रको पाशमा बांधिई आएका यस संसारका देव, ब्रम्हा, मनुष्य र वेनेय्य प्राणीहरूका संसार – सत्व लोक, संसार र सत्वहरूमा अन्तर्निहित भौतिक रूप पदार्थहरू र मानसिक धर्म स्वभावहरू जस्ता नाम रूप धर्महरूको संसार



Downloaded from http://dhamma.digital

सङ्खार लोक (संस्कार लोक) र यी सबै प्रकारका देव, ब्रम्हा, मनुष्यहरू र विनिपातिक सत्वहरू समेत बसोबास गर्ने ३१ लोकहरू मिली बनेका लोक धातु वा चक्रवालहरूको लोक – ओकास लोक गरी तीन प्रकारका लोकहरू छन् । ती लोकहरूमध्ये कतिपय लोकहरू अति सूक्ष्म किसिमका हुंदा मानिसको चर्मचक्षु र सामान्य ज्ञान चक्षुवाट देख्न जान्न सकिंदैन । यस संसारमा अन्तरीक्षमा यस्ता अनन्त लोक धातुहरू (चक्रवालहरू) विद्यमान छन् र ती सबै लोक धातुहरू पनि त्रिलक्षण धर्म स्वभावका धर्म नियमद्वारा बाँधिएका छन् । यी अनन्त चक्रवालहरू पनि एक लाख कोटी, एक लाख कोटीको एक एक समूहको हिसाबले एकै पटक उत्पत्ति र विनाश हुने गर्दछन् । *(द्रष्टव्य: विस्तृत जानकारीको लागि हेर्नोस् अग्गमहापण्डित डा. लेडि सयादोद्वारा लिखित पुस्तक नियाम दीपनी अनु. नानीमैंया मानन्धर ।)* ती तीन लोकहरूलाई विभाजन गर्दा दुइटा लोकहरू, सत्वहरूको लोक र अनन्त चक्रवालहरू सहितका ओकास लोकलाई लौकिक ज्ञान क्षेत्र अन्तर्गत राख्न सकिन्छ भने सङ्खार लोकको विषय लोकोत्तर ज्ञान क्षेत्र अन्तर्गत राख्नु पर्ने हुन्छ ।

आधुनिक वैज्ञानिकहरू भौतिक शास्त्र, रसायन शास्त्र, भूगर्भ शास्त्र, अन्तरीक्ष विज्ञान, खगोल शास्त्र, गणित विज्ञान, इलेक्ट्रोनिक्स, माइक्रो-इलेक्ट्रोनिक्स, कम्प्यूटर विज्ञान, कम्प्यूटर इन्जिनीयरिङ्ग र सूचना प्रविधि विज्ञानको सहयोग र सहायताले अनन्त आकाशमा रहेका दूरस्थ ग्रहहरू जस्ता सूर्य, चन्द्र, पृथ्वी, सौर्यमण्डल, नक्षत्र प्रणाली, तारागणदेखि लिएर ज्योर्तिमण्डल, आकाश गंगाको संरचना, स्वभाव र परिक्रमा विधि सहित सौर्य परिवारको उत्पत्ति काल, उत्पत्ति विधि र यसको समयावधि जस्ता भौतिक विश्व ब्रम्हाण्डको विविध पक्षमा अनन्त खोज, अध्ययन र अनुसन्धान गरी अनेक संसारका रहस्यहरू पत्ता लगाउन व्यस्त रहेका देखिन्छन् भने सूर्य, चन्द्र, पृथ्वीदेखि विश्वमा तमाम भौतिक रूपहरूका आधार रहेका पदार्थ धातुहरूलाई पनि सूक्ष्मातिसूक्ष्म रूपसम्म विभाजन गरी पदार्थलाई कण कणमा, अणु अणुमा, परमाणु परमाणुमा र परमाणुलाई पनि इलेक्ट्रोन, प्रोटोन, न्यूटन, फोटन, पोजिट्रन, एण्टी प्रोटन, एण्टी न्यूट्रन जस्ता विद्युत तरंग वा प्रवाहको स्वभाव धातुसम्ममा विश्लेषण, विवेचना र व्याख्यान गरी प्रकृतिका अनन्त रहस्यहरू



Downloaded from http://dhamma.digital

खोजी निकाल्न सफल भएको फलस्वरूप आज मानव जातिले समय र दूरीमाथि विजय प्राप्त गर्दै यन्त्रकै सहाराले प्रकृतिमाथि आफ्नो इच्छा अनुसार बढ्दो नियन्त्रण गर्न सक्षम भएको छ । त्यस्तै जीव विज्ञान, वनस्पति विज्ञान, चिकित्सा विज्ञान, औषध विज्ञान, जनन विज्ञान, आनुवंशिक इन्जिनीयरिङ्ग, मानव वंशाणु कोष विज्ञान–जेनोमिक्स र आणविक जैविकी ज्ञान (Molecule Biology) को सहयोग र सहायताले आधुनिक वैज्ञानिकहरूले जीवजन्तु, वनस्पति र प्राणीमा पाइने एक कोषीय (Single cell) जीवहरू जीवाणु (Bacteria) र विषाणु (Virus) को संरचनादेखि लिएर मानव जीवनमा पाइने ६० खरब जीवाणु कोषहरू (Cells) का केन्द्रिका (Nucleus), ती केन्द्रिकामा रहने केन्द्रिका रेशाहरू (Chromosomes), जैविक अणु डि.एन.ए. (Deoxyribose Nucleic Acid or D.N.A.) र आर.एन.ए. (Ribose Nucleic Acid or R.N.A.), वंशाणुहरू (Genes) र प्रोटीनहरू (Proteins), आनुवंशिक संहिता (Genetic code), प्रोटीन संहिता (Protein code) र मानव वंशाणु कोष (Human genome) मा ३.२ अरब संख्यामा रहेका आनुवंशिक वर्णहरू (Genetic letters) सम्मका जानकारी संकलन गरी सूक्ष्म जीव र जैविक अणुहरूलाई अनन्त विभाजन, विश्लेषण र विवेचना गरी तिनका संरचना, स्वभाव, गुण र उपयोगसम्मका प्राकृतिक सूक्ष्मातिसूक्ष्म रहस्यहरू पत्ता लगाउन सफल भएको फलस्वरूप आज चिकित्सा क्षेत्रमा अभूतपूर्व विकास हुन थालिसकेका छन् । परिणाम स्वरूप मानव जातिलाई सयौं हजारौं बर्षदेखि पीडा दिइरहेका हैजा, बिफर, दादुरा, औलो, प्लेग जस्ता कतिपय परम्परागत रोगव्याधिहरूलाई विश्वका धेरै भागबाट निर्मूल प्राय: गर्न सफल भएको छ भने विषम ज्वर, कुष्ठरोग, क्षयरोग जस्ता भयंकर परम्परागत असाध्य रोगहरूलाई पनि पूर्णरूपमा नियन्त्रण गर्न वैज्ञानिकहरू सफल भएका छन् । बीसौं शताब्दीमा आएर विकसित मुलुकमा समेत व्यापक रोगका रूपमा देखा परेका उच्च रक्तचाप, हैपरटेन्सन, मधुमेह, मुटु रोग, अर्बुद रोग जस्ता रोगव्याधिका साथै सबभन्दा पछिल्लो महामारी रोगको रूपमा देखिएको एड्स जस्ता रोगव्याधिहरूलाई पनि पूर्ण नियन्त्रणमा राख्न आज वैज्ञानिकहरू अनन्त अध्ययन, अनुसन्धान, प्रयोग र परीक्षणमा जोडतोडले लागेका छन् । फलस्वरूप आज पश्चिमी जगतमा रक्तचाप, हैपरटेन्सन्, मधुमेह र मुटु रोगका औषधोपचारमा निकै प्रगति भइसकेको छ भने अर्बुद रोग (क्यान्सर)



Downloaded from http://dhamma.digital

का सहायक अणुहरू भएका ३० हजार वंशाणुहरूलाई पत्ता लगाई तीमध्ये २ हजार वंशाणुहरूलाई नष्ट गर्ने उपाय समेत अमेरिकी वैज्ञानिकहरूले हालसम्ममा पत्ता लगाई नेशनल इन्स्टिच्यूट अफ हेल्थ जीनको वेबसाइटमा नै राखिदिएका छन् । सेलेरा जेनोमिक्स नामक अमेरिकी जैविक प्राविधिक कम्पनीले मानव वंशाणु कोषको एक तिहाइ रहस्य पत्ता लगाएको दावी गर्दै आफ्नो आविष्कारमा पेटेन्ट दर्ता गराउने प्रयास गर्न थालेको छ । जनन विज्ञान र आनुवंशिक इन्जिनीयरिङ्कै पद्धतिको उपयोगबाट आज बोटविरूवा र पशुधनमा नश्ल सुधार गरी अभूतपूर्व रूपमा उत्पादन बृद्धि गर्न सकिने सम्भावना रहेको छ भने भविष्यमा व्यापक रूपमा कृषि उत्पादन बृद्धिमा पनि चमत्कार नै गर्न सकिने नयाँ आयाम खुल्न थालेको विश्वास गरिन्छ ।

## लौकिक ज्ञानको विस्तार र सीमा

यसरी वैज्ञानिकहरूले आज लौकिक ज्ञान क्षेत्र, विज्ञान र प्रविधिको माध्यमवाट सत्व लोक र ओकास लोकका कैयन् नयाँ रोचक लोमहर्षक तथ्यहरू र रहस्यहरू जान्ने बुझ्ने पत्ता लगाउने दिशामा दिनानुदिन नयाँ नयाँ कीर्तिमान कायम गर्न सफल हुँदै गइरहेका छन् । तर विज्ञानका सामु नित्य नयाँ नयाँ रहस्यहरू खोल्नु पर्ने समस्याहरू खडा हुँदै पनि गइरहेका छन् । परमाणुलाई प्रोटन, न्यूट्रन र इलेक्ट्रोन जस्ता सूक्ष्म तात्विक रजहरू (Elementary particles) सम्ममा विभाजन गरी पत्ता लगाई प्रकृतिको रहस्य पत्ता लगाउन सफल भएको महशुस गरेका वैज्ञानिकहरूका सामु आज २०० भन्दा वढी सूक्ष्मतर तात्विक रजहरूको अस्तित्व रहेको फेला पारिसक्दा ती तात्विक रजहरूलाई "तात्विक" अथवा "धातु" भन्ने (Elementary) शब्दको विशेषण प्रयोग गर्नु पनि उपयुक्त नरहेको निष्कर्षमा पुगी झनै अनिश्चयमा पुग्न थालेको प्रतीत हुन्छ। *(हेर्नुहोस्: द टाओ अफ फिजिक्स, फ्रिजफ काप्रा, पेज ६५-६६ ।)* आइन्स्टाइनको सापेक्षताको सिद्धान्तको प्रतिपादन पश्चात् भौतिक विज्ञानको क्षेत्रमा चमत्कार भएको ठानेका वैज्ञानिकहरू अव क्वाण्टम सिद्धान्त, क्वाण्टम फील्ड सिंद्धान्त र डिराकको सिद्धान्त (Quantum Theory, Quantum Field Theory, Dirac's Theory) को प्रतिपादन पश्चात् पनि ती कुनै एक सिद्धान्तले परमाणुको संसार-



Downloaded from http://dhamma.digital

लाई पूर्ण रूपमा व्याख्यान गर्न नसकिने महशुस गरी सापेक्षताको सिद्धान्त र क्वाण्टम सिद्धान्त दुबैलाई संगाल्ने एउटा पूर्ण सिद्धान्त नभई पारमाणविक विश्वको पूर्ण समभ्कदारी प्राप्त गर्न नसकिने धारणा व्यक्त गर्न थालेका छन् । तर हालसम्म त्यस किसिमको पूर्ण सिद्धान्त उपलव्ध भइसकेको छैन भन्ने वैज्ञानिकहरूको राय छ। *(हेर्नुहोस्: द टाओ अफ फिजिक्स, पेज ६६ ।)*

आधुनिक भौतिक शास्त्रको फील्ड सिद्धान्त (The Field Theory of Modern Physics) का अनुसार शून्य (Void) बाट निरन्तर स्वत: स्फूर्त रूपमा न्यूक्लिअन्स वा अन्य सवल अन्तर्क्रिया-कारक रजहरू नभएरै रजहरूको उत्पत्ति हुन सक्ने र स्वत: शून्यमै बिलीन् हुन सक्ने भएकोले पदार्थ र खाली अन्तरीक्ष (Empty space) का बीचमा विभेद छ भन्ने मान्यतालाई नै परित्याग गर्नु पर्ने निष्कर्षमा बैज्ञानिकहरू पुगेका देखिन्छन् । वैज्ञानिकहरू पदार्थलाई जति पनि सूक्ष्मातिसूक्ष्म रूपमा जान्न, बुभ्कन, पहिचान गर्न सफल भएका छन्, त्यति त्यति नै पदार्थको परमाणु स्वभावको उत्पत्तिको हेतु बारे अनिश्चयको स्थितिमा पुग्न थालेको प्रतीत हुन्छ । यसरी वैज्ञानिकहरूको बोलीबाट दार्शनिकको अभिमत जस्तो बचन निस्कन थालेको प्रष्ट हुन्छ ।

जड बस्तु र जीवको उत्पत्ति, संरचना, स्वभाव र विलयका विषय बुद्ध धर्मका अनुसार लोक उत्पत्तिका विषय हुन् जुन भौतिक विज्ञानरूपी लौकिक ज्ञानले लौकिक मार्गले मात्र परमार्थ धातु स्वभावसम्म पुगी पहिचान गर्न सामान्यत: सम्भव हुँदैन । किनभने चतुर्महाभूत र अष्ट कलाप धातुहरू बनेका रूपहरूलाई बुभ्कन ती धातुहरूका परमार्थ धर्म स्वभाव नै देख्नु, जान्नु, बुभ्कनु पर्ने हुन्छ । बीसौं शताब्दीका महान् विद्वान् अग्गमहापण्डित डा. लेडि सयादोका अनुसार "चतुर्महाभूतका कारणले सजीव (चेतन) र निर्जीव (जड) मा जुन धातुहरूको प्रक्रिया हुन्छ सो अचिन्त्य अर्थात् अचिन्तनीय हुन्छ । ती चार धातुहरूको ऋद्धि र शक्ति यो यस्तो वा यति हुन्छ भनी चिन्तनै गर्न सकिन्न । ती चार धातुहरूलाई भगवान् बुद्धको उत्तम मार्गदर्शन अनुकूल यथार्थ रूपमा देख्न बुभ्कन सक्ने हो भने निर्वाण प्राप्त हुने ज्ञान आलोकलाई लाभ गर्न सकिने हुन्छ। लोकोत्तर ज्ञान (अर्थात् आर्य मार्ग फल) लाई पनि प्राप्त गर्न सकिने छ ।"



Downloaded from http://dhamma.digital

डा. लेडि सयादो भन्नुहुन्छ -"लौकिक मार्गको निम्नस्तरको पथ मात्र अनुशरण गर्ने हो भने यसबाट लौकिक ज्ञान (प्रज्ञप्ति)को मात्र लाभ हुनेछ । बीचको मार्ग (अर्थात् मध्यम स्तर) को मार्गको अनुशरण गरी चतुर्महाभूतको अध्ययन मनन चिन्तन गर्दै पूर्णताको हदसम्म पुग्न सकिने हो भने प्राचीन ऋषिमुनिहरू र आधुनिक वैज्ञानिकहरूले लाभ गरे झैं अनेक औषधिहरू, अनेक यन्त्रहरू, धातुका अनेक भौतिक एवं रसायनिक तत्वहरू बारेमा राम्रो ज्ञान प्राप्त हुनेछ ।" परन्तु आश्चर्य किन्तु सत्य कुरो के छ भने वैज्ञानिकहरूले आधुनिक विज्ञानको अत्याधुनिक प्रविधिको सहयोगले पनि राम्ररी ठम्याउन नसकेका चार महाभूत धातुहरूको धर्म स्वभावलाई लोकोत्तर ज्ञान लाभका लागि बुद्ध धर्मानुसार ध्यान भावनाको साधनामा सतत: तल्लीन हुने सामान्य शिक्षा भएका योगी साधकले पनि बिना कुनै यन्त्रको सहाराले केवल भावनामय ज्ञान र ध्यान चक्षुबाटै ती चतुर्महाभूत धातुका परमार्थ स्वभाव-हरूलाई आफैं प्रत्यक्ष आफ्नै शरीरमा अनुभव गरी साक्षात्कार गरी आर्य मार्ग फल ज्ञान समेत सहजै प्राप्त गर्न सक्छन् । बुद्ध धर्मका अनुसार यस्ता धातु कुशल ज्ञानलाभी साधकहरू पहिले पनि अनगिन्ती संख्यामा उत्पत्ति भएका थिए र सो आर्य मार्ग दर्शनको अवलम्वन गर्दै रहन सक्ने हो भने भविष्यमा पनि उत्पत्ति हुँदै रहने छन् । यसबाट लौकिक ज्ञान र लोकोत्तर ज्ञानको प्रतिवेध क्षमतामा निकै फरक रहेको सिद्ध हुन्छ ।

भगवान् बुद्धले सामान्य लौकिक, सांसारिक मानिसहरूका लागि सामान्यत: सीमित जीवन आयु कालमा आफ्ना मानसिक शक्ति र बौद्धिक क्षमताभन्दा पर रहने अचिन्तनीय विषयहरूको चिन्तनमा लागेमा उनीहरूमा नैराश्यता आई मानसिक सन्तुलन समेत गुमाउन सक्ने तथ्यलाई अवबोध गर्नु भई अचिन्त्य सूत्रमा निम्न चार विषयहरू अचिन्तनीय छन् भनी उपदेश दिनु भएको पाइन्छ ।

## अचिन्त्य सूत्र

भिक्षुहरू ! यी चार विषयहरू अचिन्तनीय छन् । यिनीहरूको विषयमा चिन्तन गर्नु हुँदैन । यिनीहरूका विषयमा चिन्तन गर्नाले उन्माद र चित्त विघात अर्थात् नैराश्य मात्र प्राप्त हुन्छ । ती चार कुराहरू कुन् कुन् हुन् त ?



Downloaded from http://dhamma.digital

१. भिक्षुहरू ! बुद्धहरूका गोचर (बुद्ध विषय) अचिन्तनीय, अविचार्य छ । यस विषयमा चिन्तन गर्नु हुँदैन । यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य, चित्त विघात मात्र प्राप्त हुन्छ ।
२. भिक्षुहरू ! ध्यानीजनको ध्यान विषय अविचार्य छ, अचिन्तनीय छ । यस विषयमा चिन्तन गर्नु हुँदैन । यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य मात्र प्राप्त हुन्छ ।
३. भिक्षुहरू ! कर्म विपाक अचिन्तनीय, अविचार्य छ । यस विषयमा चिन्तन गर्नु हुँदैन । यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य मात्र प्राप्त हुन्छ ।
४. भिक्षुहरू ! लोकको उत्पत्ति विषयको चिन्ता अचिन्तनीय, अविचार्य छ । यस विषयमा चिन्तन गर्नु हुँदैन । यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य, चित्त विघात मात्र प्राप्त हुन्छ ।

भिक्षुहरू ! यी चार विषयहरू अचिन्तनीय, अविचार्य छन् । यिनीहरूको विषयमा चिन्तन गर्नु हुँदैन । यिनीहरूका विषयमा चिन्तन गर्नाले लोकजनलाई उन्माद (मानसिक सन्तुलन खलबलिनाले हुने पागलपन) र नैराश्य (चित्तको हार) मात्र प्राप्त हुन्छ । *(अंगुत्तर निकाय, चतुक्क निपात, अपण्णक वर्ग ७ अचिन्तेय्य सूत्र ।)*

हुन त ध्यान भावनाका साधक, योगीहरूकै सदृश आफ्नो खोज, अध्ययन र अनुसन्धानको सूक्ष्मातिसूक्ष्म विषय वा क्षेत्रका ध्यानमा प्रयोगशालाभित्र नै बर्षौं बर्ष, दशकौं दशक व्यतीत गरेर अत्याधुनिक यन्त्र र साधनहरूको सहयोगमा आफ्ना साधनामा एकाग्र एकचित्त भई तल्लीन रहन सक्ने अनुशासन, कर्तव्य परायणता र दृढ निश्चयका गुणहरू संगाली वैज्ञानिक अनुसन्धानमा कार्यरत रहन सक्ने आधुनिक युगका वैज्ञानिकहरूलाई सामान्य लोकजनको समूहमा वर्गीकरण गरिनु उपयुक्त हुँदैन । तसर्थ आधुनिक वैज्ञानिकहरूलाई सामान्य लोकजनभन्दा विशिष्ट समूह मान्नु नै व्यावहारिक र उपयुक्त हुन्छ । तथापि आधुनिक विज्ञानको आजसम्मको भौतिक ज्ञान क्षेत्र पनि बुद्ध धर्मको भाषामा अझै लौकिक ज्ञान क्षेत्रभित्र नै समाहित रहेको हुंदा अचिन्त्य सूत्रमा उल्लेख भएका लोकोत्तर ज्ञान र सर्वज्ञता ज्ञान क्षेत्रका जटील तथा सूक्ष्मातिसूक्ष्म विषयहरू लौकिक ज्ञानबाट नै पूर्णरूपमा प्रतिवेध गरी



Downloaded from http://dhamma.digital

पार लगाउन कठीन पर्ने बस्तुस्थितिलाई भने सजिलै नकार्न सकिंदैन। आधुनिक विज्ञानले संसारको संरचना सम्बन्धमा गरिआएको खोज पनि वस्तुत: लोकको उत्पत्तिकै विषयको चिन्तनाको परिभाषाभित्र समावेश हुने हुनाले पनि यसलाई यथार्थ रूपमा अन्तिम विश्लेषण गरी पूर्णताका हदसम्म बुझ्न बुद्ध धर्मानुसार लोकोत्तर ज्ञान क्षेत्रकै सहारा आवश्यक रहने तथ्य यहां स्मरणीय र उल्लेखनीय हुन आउंछ भन्दा फरक पर्ने देखिंदैन । एकाईसौं शताब्दीको प्रारम्भसंगै अझ बढी उत्साहित हुन थालेका वैज्ञानिकहरूले द्रुततर रूपमा अभूतपूर्व गतिमा विकास हुन थालेको आधुनिक विज्ञानको अनुसन्धानको सहायताले कुन हदसम्म पूर्णता भविष्यमा प्राप्त गरी कीर्तिमान कायम गर्नेछ भन्ने हेर्न भने समयको प्रतीक्षा नै गर्नु पर्नेछ ।

## सजीव रूप क्षेत्रमा आधुनिक विज्ञानको सीमा

जीव विज्ञान, वनस्पति विज्ञान, चिकित्सा विज्ञान, औषध विज्ञान, जनन विज्ञान, आनुवंशिक इन्जिनियरिङ्ग, आणविक जैविकी ज्ञान(Molecule Biology), र मानव वंशाणु कोष विज्ञान (जेनोमिक्स) को क्षेत्रमा भएको अभूतपूर्व विकासको कारण र खास गरीकन मानव वंशाणु कोष (Human Genome) को नक्साङ्कन गरी मसौदा प्रतिवेदन तयार गर्ने सफलता पश्चात् मानव वंशाणु कोषमा रहेका १,२०,००० वंशाणुहरूको विस्तृत जानकारी प्राप्त गर्ने सम्बन्धमा हुन थालेको अनुसन्धानबाट मानव संरचनालाई सूक्ष्मातिसूक्ष्म रूप सम्ममा विभाजन गरी पहिचान गर्ने ज्ञानको लाभ वैज्ञानिकहरूले गरेका देखिन्छन् । यसले गर्दा चिकित्सकहरूले भविष्यमा रोगव्याधि लागिसकेपछि मात्र औषधोपचार गर्न सकिने होइन कि मानिसको जैविक चीप (Bio-chip) को आधारमा पहिले नै मानिसहरूलाई रोग लगाउन सक्ने कारक वंशाणुहरूलाई पत्ता लगाई उपचार गर्न सक्ने समय पनि छिट्टै आउने सम्भावना व्यक्त गर्न थालेका छन् । वैज्ञानिकहरूले वंशाणु उपचार पद्धति (Gene Therapy) मार्फत मानिसहरूको आयु, स्वास्थ्य र स्वरूपको छनोट र विकासमा समेत प्रभावकारी भूमिका निर्वाह गर्न सकिने सम्भावनाको उत्साहवर्द्धक रोमाञ्चकारी ज्ञानोदय पनि हुन थालेको देखिन्छ । मानव वंशाणु कोषको पूर्ण अध्ययन आगामी सन् २००३ सम्ममा पूरा हुने



Downloaded from http://dhamma.digital

अनुमान गरिएको छ । मानव वंशाणु कोष विज्ञान (Genomics) को हालसम्मको ज्ञान अनुसार मानव वंशाणु कोष - जिनोममा करीब ३ प्रतिशत उपयोगी वंशाणुहरू हुन्छन् । बाँकी ९७ प्रतिशत वंशाणु कोषमध्ये एउटा सानो अंशले मात्र वंशाणुहरूलाई परिचालन गर्ने नियन्त्रण क्षेत्रहरू (Control Regions) को रूपमा काम गर्दछन् र शेष जिनोम त रद्दी डि.एन.ए. (Junk DNA) को रूपमा रहेका छन् । वैज्ञानिकहरूलाई अझैसम्म ती रद्दी डि.एन.ए. को कार्य, कृत्य के हुन् भन्ने कुराको कुनै जानकारी छैन । वैज्ञानिकहरूले अझ के पनि पत्ता लगाएका छन् भने मानव जातिमा वंशाणुगत गुण प्रसारण गर्ने आनुवंशिक संहिता (Genetic code) भन्दा आनुवंशीय सूचनाको आधारमा वास्तवमा मानव अणुहरूको संरचना निर्माणको जटील काम गर्ने प्रोटीनहरूलाई एकत्रित गर्ने जुटाउने प्रोटीन संहिताहरू (Protein codes) झन् बढी जटील छन् । आजका वैज्ञानिकहरूका अगाडि मानव कोषिकाहरूमा रहेका ती प्रोटीन संहिताहरूका बारेमा यथार्थ जानकारी हासिल गर्ने ठूलो हांक अझ तेर्सिरहेकै छ ।

मानव वंशाणु कोष जिनोममा १,२०,००० वंशाणुहरू रहेका अनुमान अहिले वैज्ञानिकहरूको छ । अव मानव वंशाणु कोषको ज्ञानलाई मानवोपयोगी बनाउन र चिकित्सा विज्ञानको सहायक बनाउन ती १ लाख २० हजार वंशाणुहरू प्रत्येकको कृत्य के हो भनी सविस्तार जान्नु बुझ्नु पर्ने प्रश्न वैज्ञानिकहरू सामु छ । पचास बर्षको निरन्तर प्रयासबाट हालसम्ममा उपलव्ध जनन विज्ञान सम्बन्धी ज्ञानको आधारमा वैज्ञानिकहरूले अल्जेमिर रोग, स्तन क्यान्सर र ठूलो आन्द्राको क्यान्सर गराउने वंशाणु समेत गरी गत बर्षसम्ममा करीब ८००० वंशाणुहरूलाई उनीहरूका कृत्यका साथ पहिचान गर्न सफल भएका थिए भने हालै अमेरिकास्थित मिलेनियम फर्मास्यूटिकल्स नामक औषधि निर्माता कम्पनीका चिकित्सकहरूले गत मार्च २००१ सम्ममा अर्बुद रोग (क्यान्सर) का सहायक अणुहरू भएका ३० हजार वंशाणुहरू (Genes) लाई पत्ता लगाएका दावी गरेका छन् । अझै पत्ता लगाउन बाँकी वंशाणुहरूको संख्या निकै बढी छ । वैज्ञानिकहरूका अनुसार अर्बुद रोग क्यान्सरको आधार मानिएका कोषिकाहरूमा सम्पूर्ण अणुहरूलाई नष्ट पार्न नसकिएसम्म अर्बुद रोगको उपचारमा सफलता हासिल गरेको मान्न



Downloaded from http://dhamma.digital

सकिन्न । किन्तु वैज्ञानिकहरूले हालसम्म पहिचान गरेका उपर्युक्त ३० हजार क्यान्सर सहयोगी वंशाणुहरूमध्ये दुई हजार वंशाणु हरूलाई मात्र नष्ट गर्ने उपाय पहिल्याउन सफल भएका छन् । बाँकीलाई नष्ट गर्न सकिने उपाय कहिलेसम्ममा निकालिने हो, कुनै समय सीमा निर्धारण गरी तोक्न सकिने स्थिति छैन । नयाँ सहश्राब्दीको महामारी रोगको रूपमा चिनिने एड्सको उपचारको वैज्ञानिक प्रयासमा पनि आंशिक प्रगतिको बावजूद पूर्ण उपचारको क्षेत्रबाट भने अझै निकै टाढा रहेको देखिन्छ । बुद्ध धर्मका ज्ञानी पण्डितहरूको भनाई छ कि यस संसारमा बेकम्मा, निरर्थक र उपयोगविहीन कुनै बस्तु भनेको हुदैन । हरेक बस्तुको कुनै न कुनै उपयोग हुने कुरा निश्चित छ । किन्तु मानव ज्ञानको पहुंचको अभावमा मात्र बस्तुको उपयोगहीनता रहेको मानिन्छ । तसर्थ मानव वंशाणु कोष जिनोमको करीव ९७ प्रतिशत अंश ओगटेका रद्दी (Junk) डि.एन.ए. मानिएका जैविक अणुको कृत्य र भूमिका पनि एक दिन वैज्ञानिकहरूका सामु प्रकाशित नहोला भन्न सकिन्न । चिकित्सा विज्ञानको इतिहास हेर्ने हो भने समयका साथै यसरी पुराना मान्यताहरूको खण्डन र नयाँ नयाँ मान्यताहरूको प्रतिपादन भएका प्रशस्त उदाहरणहरू पाइन्छन् । चिकित्सा विज्ञानले एकातिर प्लेग, हैजा, विफर र औलो जस्ता परम्परागत रोगहरू कतिपयलाई निर्मूल गर्न सफल भएको छ भने कतिपय असाध्य मानिने क्षयरोग, कुष्ठरोग, विषम ज्वर जस्ता रोगहरूलाई पूर्ण रूपमा नियन्त्रण गरी उपचार गर्न सम्भव तुल्याएको छ । किन्तु प्रकृतिले क्यान्सर र एड्स जस्ता नयाँ नयाँ जटील रोगहरू तेर्स्याउन थालेबाट वैज्ञानिकहरूका अगाडि खोजको क्षेत्रहरू निरन्तर बढ्दो पनि छ । यसरी लोकको उत्पत्ति विषयको चिन्तन सामान्यजनका लागि अचिन्तनीय र अविचार्य छन् भने बुद्ध वचन मानव जातिको उपचारको चिकित्सा क्षेत्रमा पनि उत्तिकै लागू भइरहेको छ जति जड बस्तु रूप धातुको क्षेत्रमा लागू छ ।

आधुनिक विज्ञानको लौकिक ज्ञानले सजीव र निर्जीव दुबैमा पाइने रूप धातुकै स्वभावको पनि पूर्ण रूपमा अन्तिम विश्लेषण र विवेचना गरी परमार्थ धर्म स्वभावलाई सही रूपमा पहिचान गर्न अझै सफल भइनसकेको तथ्य छर्लङ्ग हुन्छ । अलौकिक ज्ञानकै क्षेत्रमा रहेको मनोविज्ञानको क्षेत्रको नाम धातु स्वभावको पहिचान



Downloaded from http://dhamma.digital

क्षेत्र त अझसम्म सचेतन मन र अर्धचेतन मनको वर्गीकरणलाई नाघेर जान सकेको देखिन्न । बुद्ध धर्ममा नाम धातु स्वभावलाई चार स्कन्धहरू, वा १२१ प्रकारका चित्तहरू र ५२ प्रकारका चैतसिकहरूमा विभाजन र विवेचना गरी प्रत्येक चित्त तथा चैतसिकको कृत्यलाई पनि पहिचान गरी रूप धातुकै सरह ती नाम धातुहरूका पनि जसरी त्रिलक्षण धर्म स्वभावलाई पहिचान गरिएको छ त्यसरी पत्ता लगाउने दिशातर्फ आधुनिक विज्ञानले अझै सोचाई पनि राख्न सकेको देखिन्न । तसर्थ आधुनिक विज्ञानको लागि मानिस स्वयं नै अझै रहस्यको विषय रहिरहेकै छ । यसरी नै संसार पनि रहस्यकै विषय छ । यसबाट पनि लौकिक ज्ञानको सीमा र लोकोत्तर ज्ञानको प्रतिवेध क्षमतामा ठूलो अन्तर रहेको तथ्यलाई प्रमाणित नै गरेको छ ।

सजीव र निर्जीव रूपहरूलाई सूक्ष्मातिसूक्ष्म रूपमा केलाएर तिनमा रहेका अनित्यताको गुण धर्म स्वभाव धेरै हदसम्म जाने पनि सही लक्ष्य र उचित मार्गदर्शनको अभावमा आधुनिक वैज्ञानिकहरू लोभ, दोष, मोह, मान, मात्सर्य, दृष्टि, सत्काय दृष्टि जस्ता दोषहरूबाट मुक्त हुने मार्ग ज्ञान पहिल्याउन नसकी रागमा अनुरक्त, द्वेषबाट दूषित र मोहबाट सम्मोहित रही धन, पद, र मानकै तृष्णा र संग्रहमा झन् झन् आसक्त रहने प्रवृत्ति देखिएबाट पनि आधुनिक विज्ञानको तुलनामा परमार्थ धर्म स्वभावहरूलाई पूर्ण रूपमा पहिचान गरी विमुक्ति लाभ गराउने विपश्यना ज्ञान, लोकोत्तर ज्ञानको सर्वश्रेष्ठता स्वतः सिद्ध हुन्छ ।

## उपसंहार

कलियुगमा सामान्यतः मानिसको परमायु एकसय बीस बर्ष मान्ने प्रचलन भए पनि आजकै संसारमा पनि एकसय पचास बर्षसम्म पनि बाँचेका व्यक्तिहरू नपाइएका होइनन् । किन्तु आजसम्मका लागि ती दीर्घजीवी व्यक्तिहरू सामान्य नियमभन्दा अपवादकै रूपमा रहेका छन् भन्दा अतिशयोक्ति हुने छैन । एकाइसौं शताब्दीमा चौतर्फी विकासकै क्रममा मानव वंशाणु कोष विज्ञान (जेनोमिक्स) र चिकित्सा विज्ञानले समेत हासिल गर्ने उपलब्धिबाट सामान्यतः मानिसकै सरदर आयुलाई पनि निकट



Downloaded from http://dhamma.digital

भविष्यकालमै कलियुगको परमायुको हदसम्म विस्तार गर्न सकिने कल्पना र अपेक्षा पनि गर्न नसकिने होइन । हुन सक्छ यस्तो सुविधा आर्थिक रूपले सम्पन्न व्यक्ति र समाजमा मात्र सीमित रहन पुगोस् । किन्तु "जातिस्स मरणं ध्रुव" अर्थात् जन्म हुनेले एक पटक निश्चित रूपमा मृत्यु हुनु नै पर्दछ भन्ने प्रकृतिको शाश्वत सत्यलाई आधुनिक विज्ञानले अन्यथा गर्न सक्ने छाँट देखिँदैन । व्यवहारमा यथार्थमा मानिसको जीवन भन्नु त्यही मानिसको परमायु अवधि हो, एउटा निश्चित समयावधि मात्र हो । सामान्यत: सर्वसाधारण मानिसका लागि मृत्युपछि के हुन्छ, कहाँ पुगिन्छ, के कस्तो लोकमा के कस्तो जुनीमा जन्म ग्रहण गरिन्छ भन्ने कुरा अनिश्चित नै हुन्छ । जीवनमा जे जति पनि कार्य गर्नु छ, जे जस्तो उपलब्धि हासिल गर्नु छ त्यही निश्चित समयावधिभित्र नै सम्पन्न गरिसक्ने गरी कामकाज गर्नु पर्ने हुन्छ । डा. हर गोविन्द खुरानालाई २०० वटा न्यूक्लिओटाइड नामक रसायनका इकाइहरू विशेष क्रममा व्यवस्थित गरीकन प्रथम पल्ट जैविक अणु संश्लेषण (डि.एन.ए. सिन्थेसिस) गर्न ९ बर्ष समय लागेको थियो भने मानव वंशाणु कोष (Human Genome) को नक्साङ्कन गर्ने परियोजनामा संलग्न १८ वटा मुलुकहरूका ११ सय वैज्ञानिकहरू, कम्प्यूटर वैज्ञानिकहरू र प्राविधिकहरूलाई मानव शरीरमा पाइने ६० खरब जीवाणु कोषहरूमध्येको एक जीवाणु कोषमा रहेका २३ जोडा केन्द्रिका रेशाहरूको मानव वंशाणु कोष (मानव जिनोम) मा रहेका ३.२ अरब आनुवंशिक वर्णहरू (Genetic letters) को ९० प्रतिशत नक्साङ्कन गर्ने कार्य सम्पन्न गरी प्रथम पल्ट मसौदा प्रतिवेदन निकाल्न २५ करोड अमेरिकी डलरको लागत र १३ बर्षको समय लागेको थियो । संसार, प्रकृति र मानव जीवनको कुनै एकमात्र सूक्ष्म विषय वा विधामा निपुणता हासिल गर्न पनि मानिसलाई जीवनको पूराका पूरा समय व्यतीत गर्नु परेको यस्तो उदाहरणको गणना असीमित छ, असंख्य छ । कुनै पनि आविष्कारक वा निर्मातालाई यस कुराको ज्ञान रहिआएको छ । किन्तु सो आविष्कारक वा उत्पादनकर्ता (Inventor or innovator) को त्यो आविष्कार वा उत्पादन न त स्थायी, सदाकालका लागि उपयोगी रहने गरेको छ, न त दोषमुक्त नै रहने गरेको छ । यसले गर्दा आविष्कारको खोजको क्षेत्रको कतै कहिल्यै अन्त्य हुन सकेको छैन। कतिपय मानिसहरूका लागि त आफ्नो इच्छा वा आकांक्षा



Downloaded from http://dhamma.digital

अनुरूपको कुनै सिद्धान्त वा बस्तु आविष्कार गर्ने सफलता प्राप्त गर्न सक्ने समय अगावै अनित्यले उनीहरूका जीवनलाई भेट्टाउन आइसकेका हुन्छन् । आफ्नो सम्पूर्ण जीवन नै नयाँ नयाँ भौतिक आविष्कारका लागि समर्पण गरेका ती वैज्ञानिकहरूका भविष्य मृत्यु पछि के हुन्छ त ? के तिनीहरूले नियत भविष्य र सुनिश्चित भव प्राप्त गर्न सक्ने कुनै प्रत्याभूति हुन्छ त ? यसको निश्चित उत्तर न त ती अनुसन्धानमा जीवन समर्पित गर्ने वैज्ञानिकहरूले दिन सक्छन्, न त आधुनिक विज्ञानको कुनै पनि विधा (Discipline) ले यसको जवाफ दिन सकेको छ । आ-आफ्ना जीवनभरि नै दान, शील, भावनाको सक्रिय अभ्यासबाट विल्कूल विरत रहने सम्भावना भएका, जीवनभरि नै शील, समाधि, प्रज्ञाको सार्थक अभ्यासमा आफ्नो जीवनको कुनै अंश पनि व्यतीत गर्न नसकेका, नपाएका, नभ्याएका हुन सक्ने ती महान् वैज्ञानिकहरू आफ्नो सम्पूर्ण जीवन नै मानव जातिको भौतिक हित, सुख, कल्याणको सम्वर्द्धन र प्रवर्द्धनका निम्ति व्यतीत गरेको तथ्य जगजाहेर भएपनि समुचित आध्यात्मिक मार्ग प्रदर्शनको अभावमा बुद्ध धर्मका अनुसार अविद्या, मोह र दृष्टिबाट सर्वथा विमुक्त रहन नसकेकै कारण ती वैज्ञानिकहरू भव चक्रबाट मुक्त हुन सकिने गुञ्जायस नदेखिने मात्र होइन, वर्तमान जीवनको अवसान पश्चात भावी पुनर्जन्म सुगति लोकमै हुन सक्ने निश्चित आश्वासनको प्रत्याभूतिबाट समेत बञ्चित रहनु पर्ने अवस्था छैन भन्न सकिन्न । किन्तु जड र जीवका सूक्ष्मातिसूक्ष्म तत्वहरूको पहिचान गरी गम्भीरातिगम्भीर रहेका प्राकृतिक रहस्यहरूलाई सिलसिलावद्ध एवं वस्तुगत अध्ययन अनुसन्धानबाट रहस्योद्‌घाटन गर्न तन मन धन अर्पण गरी जीवनका अमूल्य बर्षहरू र दशकहरूलाई प्रयोगशालामै व्यतीत गरी जुन लगनशीलता मानसिक एकाग्रता र उत्साहका साथ आधुनिक वैज्ञानिकहरू आ-आफ्ना खोजका बस्तु एवं सिद्धान्तको आविष्कार गर्ने निरन्तर साधनामा जसरी तल्लीन रहेका हुन्छन्, तिनीहरूको साधनाको तीव्रता, निरन्तरतालाई र कठोरतालाई ऋषिमुनिहरूको तप र बौद्ध ध्यान भावना समथ र विपश्यनाका योगी साधकहरूको साधनाको तीव्रता र निरन्तरता संगै तुलना गर्न नसकिने खालका भने अवश्य होइनन् भन्दा अतिशयोक्ति हुने छैन । अब प्रश्न खडा हुन्छ, बुद्ध धर्मका विभज्जवादकै सदृश रूप धातु पदार्थ जड बस्तु र जीव प्राणीलाई पनि वस्तुगत ढंगबाट सूक्ष्मातिसूक्ष्म रूपमा केलाई



Downloaded from http://dhamma.digital

केलाई फारी फारीकन पदार्थ र जीव दुवैको अन्तिम विश्लेषण र विवेचना गरेर वैज्ञानिकहरूले पनि पदार्थ र जीवमा सारभूत ठोसभूत नित्य अपरिवर्तनीय चीज भनेका केही हुंदारहेछन् भन्ने जानकारी प्राप्त गरिसक्दा पनि ती वैज्ञानिकहरूले क्लेशहरूलाई निर्मूल गरी आर्य मार्ग ज्ञान र आर्य फल ज्ञानलाई किन प्राप्त गर्न सकेनन् त ? प्रश्न बहुत गम्भीर खालको अवश्य हो । किन्तु आर्य मार्ग र फल ज्ञान प्राप्त गर्नका लागि चाहिने ज्ञान र साधना बारेमा बुद्ध धर्मले निर्दिष्ट गरेका मार्गलाई केलाएर हेर्ने हो भने त्यसको उत्तर पनि सजिलै फेला पार्न सकिन्छ । उत्तर हो वैज्ञानिकहरू अझै लौकिक ज्ञान क्षेत्रमै सीमित परिमित छन् । आधुनिक विज्ञानको ज्ञान जतिसुकै सूक्ष्म तहसम्म पुगेको भए पनि वैज्ञानिकहरूको ज्ञानको सारले अझै श्रुतमय ज्ञान र चिन्तनमय ज्ञानको परिधि नाघेर जान सकेको छैन । एक त श्रुतमय ज्ञान र चिन्तनमय ज्ञानले क्लेश धर्महरू, आश्रव धर्महरू, संयोजन धर्महरू र नीवरण धर्महरूलाई सतही रूपमा जतिसुकै सूक्ष्मताका साथ जान्न सकेपनि तिनलाई पुन: पुन: उत्पन्न हुन नपाइने गरी समूल नष्ट गर्न सक्दैन । किनभने अनुशयका रूपमा चित्तको गहिराइमा टाँसिएर रहेका क्लेशहरूलाई समूल नष्ट नगरी तिनको पुनरोत्पादनलाई निर्मूल गर्न सकिंदैन । चित्तमा अनुशयका रूपमा रही नदेखिने गरी टाँसिएर रहने सूक्ष्म क्लेशहरूलाई जरैदेखि नष्ट गर्न सकिने प्रतिवेध ज्ञानको शक्ति र क्षमता केवल आफ्नै देहभित्र यथाभूत अनुभूतिको स्तरसम्ममा ल्याई छेदन भेदन गरी पहिचान गर्न सकिने भावनामय प्रज्ञा लोकोत्तर ज्ञानमा मात्र रहेको हुन्छ । भौतिकवादी वैज्ञानिकहरूमा भावनामय प्रज्ञा विकास गर्ने कुनै तालीम नै हुंदैन । बुद्ध धर्ममा "अत्तदिट्ठि" लाई अति नै छुट्याउन गाह्रो ऋषिमुनिको जटाको उपमा दिइएको छ । यो यस्तो सघन अन्धकार हो जसलाई भावनामय प्रज्ञाको तेज किरणले बाहेक छेदन भेदन गर्न सकिंदैन । तर ती वैज्ञानिकहरूमा अत्तदिट्ठिलाई निर्मूल गर्ने सम्यक दृष्टिकै तालीम नै हुंदैन । त्यसैले तिनीहरूको साधना पनि न त सम्यक दृष्टि भित्र आउंछ, न त सम्यक् संकल्प भित्र आउंछ । न त वैज्ञानिकहरूको साधना सम्यक् व्यायाम भित्र आउंछ, न त सम्यक् स्मृति वा सम्यक् समाधि भित्र नै समाहित हुन्छ । यो संसार अनादिकालदेखि "अत्तदिट्ठि" सत्काय दृष्टिको चक्रमा नराम्ररी बेरिन पुगेको कारणले अनन्त भवचक्रको जालमा



Downloaded from http://dhamma.digital

फंसिरहन बाध्य रहिआएको छ । भौतिकवादी वैज्ञानिकहरू पनि धर्म सम्मोहमा नै डुबिरहेका पाइन्छन् । संसारको चक्र चालु राख्न कर्म र विपाकको अनन्त शक्ति र तिनले खेलिआएका अहं भूमिकाबारे तिनीहरू विलकुलै अनभिज्ञ रहे झैं प्रतीत्य समुत्पाद ज्ञानको अभावमा वैज्ञानिकहरूले अत्त भावबाट मुक्त रहन नसकेको कारणले चित्त, चैतसिकहरू र रूप सन्ततिको प्रवाहलाई भिन्न भिन्न धातु-हरूको निरन्तर उत्पत्ति र विनाशको प्रवाहका रूपमा देख्ने, जान्ने, बुझ्ने दृष्टिकोणलाई नै पनि उनीहरूले पहिल्याउन सकेका देखिंदैन। त्यसैले संसारबाट विराग प्राप्त गर्न अत्यावश्यक त्रिलक्षण धर्म स्वभावको गहिरो पहिचान तिनीहरूले गर्न नसक्नु कुनै अस्वाभाविक कुरा मान्न सकिंदैन। उपर्युक्त ज्ञान आलोकहरूको अभावमा लोकोत्तर ज्ञान आर्य मार्ग र फल ज्ञान लाभ हुन कठीन हुनु स्वाभाविकै हुन्छ । वैज्ञानिकहरूले चित्तलाई चिन्न नसकेकै कारणले जानकारी राख्ने र शरीरलाई नियन्त्रण गर्ने कार्य मानिसको मस्तिष्कको क्रिया भनी ठान्दछन् । नाम स्कन्धलाई अनन्त चित्तहरू र चैतसिकहरूको रूपमा जान्ने, बुझ्ने, पहिचान गर्ने मार्गमै उनीहरू अझै आरूढ हुन सकिरहेका देखिंदैन । तसर्थ आधुनिक विज्ञानको चरम विकासले मानिसलाई भव संसारकै चक्रमा बरू झन् झन् बलियोसंग बाँध्दै जान थालेको देखिनु कुनै अनौठो र आश्चर्यजनक कुरो हुन सक्दैन।

मानिसमा रहेका अनन्त शक्ति अनन्त पुण्य कर्मका फल हुने भएकोले मनुष्य जन्मलाई बुद्ध धर्ममा दुर्लभ जुनी भनिएको छ। भौतिक र रसायनिक ज्ञान मात्र होइन, लौकिक र लोकोत्तर प्रज्ञा ज्ञानलाई समेत लाभ गरी रूप धातुका अलावा चित्त र चैतसिकहरू जस्ता नाम धातु स्वभावका निरन्तर उत्पत्ति, स्थिति र भङ्ग हुने स्वभाव धर्मको प्रक्रियालाई प्रज्ञा ज्ञानले अनुभूतिको स्तरसम्म नै पहिचान गरी छुट्याई बुद्ध धर्मका पाँचै आलोक ज्ञानलाई समेत प्राप्त गरी स्वयं निर्वाण धर्मलाई साक्षात्कार गर्ने क्षमता र सामर्थ्य पनि मानिसमै रहेको छ । त्यसैले भगवान् बुद्धले "किच्छो मनुस्स पटिलाभो" अर्थात् मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ भनी आज्ञा भएको छ । तसर्थ दुर्लभ रूपमा प्राप्त भएको यस मनुष्य जुनीमै मानिसले आफ्नो मुक्ति र सुगतिको लागि गर्नु पर्ने कार्यमा बेलैमा ध्यान दिनु आवश्यक हुन्छ । उचित ध्यान भावना र शील सदाचारको सही अभ्यासको अभावमा मनुष्य जुनी पश्चात्



Downloaded from http://dhamma.digital

स्वर्ग लोकमा पुग्ने पनि थोरै मात्र हुन्छन् भन्ने वास्तविकतालाई बुझाउन भगवान् बुद्धले भन्नु भएको छ:

**"अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।**
**सकुन्तो जालमुत्तो व अप्पो सग्गाय गच्छति ॥"**

अर्थात्

*अन्धा भइरहेका यी लोकजनहरूमध्ये ज्ञान रूपी चक्षु भएका पुद्गलहरू थोरै मात्र हुन्छन् । एक पटक शिकारीको जालमा परिसके पनि उक्त जालबाट मुक्त भएर जान सक्ने पंक्षीहरू थोरै मात्र रहे झैं थोरै मात्र व्यक्तिहरू स्वर्ग लोकमा जाने हुन्छन् ।*

दान शील भावना वा शील समाधि प्रज्ञाको सही आचरण र अभ्यासबाट बञ्चित रहेका सांसारिक क्रियाकलापमा भुलिरहेका व्यक्तिहरू सामान्यत: लोभ, द्वेष (दोष) र मोह जस्ता सबै क्लेशहरू वा तीमध्ये कुनै न कुनै एक क्लेशमा टाँसिएकै हुन्छन् । तसर्थ यस्ता व्यक्तिहरूमा मर्नुभन्दा केही क्षण अगाडि अर्थात् जीवनको अन्तिम घडीमा च्यूति चित्त उत्पत्ति हुनुभन्दा अगाडि मरणासन्न जवन चित्तहरू प्रवर्तित भइरहंदा उनीहरूमा आफूले जीवनभरि नै अभ्यास, आचरण र उपयोग गरिआएका लोभ, दोष वा मोहजनित क्रियाकलापहरूमध्येकै कुनै न कुनै एक लोभ मूल वा दोष मूल वा मोह मूलमा आधारित आलम्वन नै कर्म, कर्म निमित्त वा गति निमित्तको रूपमा उत्पन्न भई उनीहरूका मरणासन्न जवनहरूले सोही आलम्वनलाई अनुभव गर्दै च्यूति हुन सक्ने सम्भावना प्रवल हुन्छ । मानिसको मृत्यु हुनुभन्दा केही क्षण अगाडि मानिसहरूले अनुभव गरेका यिनै कर्म, कर्म निमित्त वा गति निमित्तले नै सो व्यक्तिको भावी पुनर्जन्म हुने लोक, भूमि वा योनीलाई निर्धारण गर्ने कुरा बुद्ध धर्ममा उल्लेखित छ । तसर्थ उक्त मरणासन्न अवस्थामा व्यक्तिले जुनचांहि कर्मलाई सम्झेको हुन्छ सोही कर्मकै आधारमा सुगति वा दुर्गति लोक कहाँ उसको पुनर्जन्म हुने हो भन्ने कुराको अन्तिम टुंगो लाग्छ । लोभ, दोष र मोह प्रत्येकले के कुन योनीमा पुऱ्याउंछ भन्ने कुरा पनि बुद्ध धर्ममा उल्लेखित छ । बुद्ध धर्मका अनुसार लोभले पुद्गललाई प्रेत योनीमा पुऱ्याउंछ । दोष (द्वेष) ले नरकमा पुऱ्याउंछ र मोहले तिर्यक योनीमा पुऱ्याउंछ । लोभ, द्वेष र मोहका लक्षणहरू बारेमा अट्ठसालिनीमा यसरी भनिएको छ:



Downloaded from http://dhamma.digital

१. ये भुय्येन हि सत्ता तण्हाय पेत्तिविसयं उपपज्जन्ति ।
अर्थात्, प्राय: प्राणधारी तृष्णालोभबाट प्रेत योनीमा पुग्दछ ।
२. दोसेन हि चण्डजातिताय दोषसदिसं निरयं उपपज्जन्ति ।
अर्थात्, द्वेष, चाहे जो सुकैमा होस् यसले नरकमा पुऱ्याइदिन्छ ।
३. मोहेन हि निच्चं संमूल्हं तिरच्छान योनियं उपपज्जन्ति ।
अर्थात्, मोहबाट अवश्य नै स्वभावैले तिर्यक् योनीमा पुग्दछ ।

बाल पण्डित सूत्र, (मध्यम निकाय, शून्यता वर्ग) मा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा बिहार गर्नु हुंदा नरकका दु:खहरू र पशुपंक्षी योनीका दारूण वेदनाहरू बारेमा प्रतिकात्मक रूपमा उपमाहरू दिंदै निम्न प्रकारले उपदेश दिनु भएको कुराको चर्चा गरिएको छ । "भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीको कथा भनिरहे पनि तिर्यक योनीको दु:खको पूर्ण वर्णन गर्नु सम्भव हुदैन । जस्तो भनौं कि भिक्षुहरू ! कोही एउटा मान्छेले एउटा मात्र प्वाल भएको जुआलाई समुद्रमा फ्यांकेको छ । त्यो जुआलाई पूर्वी हावाले पश्चिमतिर बगाउंछ, पश्चिम हावाले पूर्वतिर, उत्तरी हावाले दक्षिणतिर र दक्षिण हावाले उत्तरतिर बगाउंछ । मानौं कि त्यस समुद्रमा एक अन्धो कछुवा रहेछ जो सय सय वर्षमा एक पटक समुद्र सतहमा उत्रंदो रहेछ । तब के मान्दछौ, भिक्षुहरू ! के त्यो कछुवाले त्यो प्वाल भएको जुआमा आफ्नो घांटी छिराउन सक्ला त ? भिक्षुहरूले उत्तर दिए: अहं भन्ते ! सक्दैन । सकिहाले पनि शायद कहिले कहिले दीर्घकालपछि नै मात्र पसाउन सक्ला । भगवान्ले भन्नुभयो, भिक्षुहरू ! त्यो काल पनि चांडो आउला जब कि त्यस अन्धो कछुवाले त्यस जुआमा आफ्नो घांटी छिराउने छ । किन्तु भिक्षुहरू ! एक पटक अपाय गतिमा पतन भइसकेका बालजनको लागि फेरि मनुष्यत्वको प्राप्ति-लाई म त्यो भन्दा दुर्लभतर भन्दछु । त्यसो कुन हेतुले त ? भिक्षुहरू ! तिर्यक योनीमा धर्म चर्या (धर्माचरण), समचर्या, कुशल कर्म (पुण्यकर्म), पुण्य कर्म सम्भव हुदैनन् । त्यस योनीमा भिक्षुहरू ! एउटाले अर्कोलाई भक्ष गर्ने, दुर्बललाई बलियोले मार्ने खालका कर्महरू मात्रै हुन्छन् । त्यो बालजन........कदाचित धेरै समयपछि मनुष्य जुनीमा प्राप्त भयो भने पनि.........दरिद्र, अल्प अन्नपान भोजन कुल, तुच्छवृत्ति कुलहरूमा उत्पत्ति हुन्छ.........



Downloaded from http://dhamma.digital

त्यसले काय, बचन र मनले दुश्चरित्र (दुष्कर्म) गर्दछ । काय,बचन मनले दुश्चरित्र गरेर शरीर त्याग गरी मरे पछि पुन: त्यो अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न हुन्छ......... ।"

लोभ, द्वेष र मोहका भयावह लक्षणहरूलाई विचार गरेर नै बुद्ध धर्ममा दुर्लभ मनुष्य योनीमा जन्म लिएका मानिसहरूलाई यथासम्भव सदैव पाप कर्मबाट विरत रहेर कालले आई आफ्नो टुपी समातिसकेको छ भने जस्तो गरी आत्तुरिका साथ पुण्य कार्य कुशल कर्म गर्ने प्रेरणा दिइएको हुन्छ । धम्मपद, पापवग्गमा भगवान् बुद्धले पनि भन्नु भएको छ:

**अभित्थरेथ कल्याणे पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं पापस्मिं रमती मनो ॥"**

अर्थात्

*चाँडो चाँडो कुशल कर्महरू सम्पादन गर । पापबाट चित्तलाई हटाऊ । ढीलो गरी पुण्य गर्दा पापमा मन आसक्त हुन सक्दछ ।*

यसरी महाकारूणिक तथागतले मानव मात्र प्रति अत्यन्त करूणा राख्नु भई मनुष्यत्वको दुर्लभ जुनीमा जन्म लिन आइपुगेका मानिसहरूलाई समयको अधिकतम सदुपयोग गरी सकेसम्म यसै जन्ममा जीवनको अन्तिम लक्ष निर्वाणलाई लाभ गर्न बारम्बार प्रेरणा दिने गर्नु हुन्थ्यो । यस मनुष्य जुनीमा आफ्नो समय र आयुको उपयोग के कस्तो दिशामा के कस्तो काममा कसरी गर्ने हो भन्ने छनोट गर्ने पूर्ण छुट र अधिकार मानिसलाई प्राप्त छ । मानिसहरू आफ्ना कर्मकै अनुसार फल भोग गर्दछन् । बुद्ध धर्ममा त्यसैले भनिएको छ "अत्ता हि अत्तनो नाथो" अर्थात् व्यक्ति स्वयं आफ्नो मालिक हो । भविष्यमा अपाय गतिमा जाने वा मनुष्य लोकमा उत्पत्ति गराउने वा सुगति लोकमा उत्पत्ति गराउने वा सम्भवत: यसै जन्ममा पनि निर्वाणलाई प्राप्त गराउने कुनचांहि कर्म, कुनचांहि मार्ग, कुनचांहि जीवनशैलीको अनुकरण र अनुशरण गर्ने हो मानिसले आफैले आफ्नै विवेकले आफ्नो इच्छा र आकांक्षा अनुकूल स्वतन्त्र रूपमा निर्णय गर्न सक्दछ, निर्णय गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital

मानिसको जुनी दुर्लभ छ । दान शील भावना वा शील समाधि प्रज्ञा मार्गाङ्गका सही अभ्यास र अनुशरणको अभावमा मानिसको मृत्यु पछिको भविष्य पूर्ण अन्धकारमय हुन सक्छ । मानिसको जुनीमा उसको जीवन, उसको आयु साह्रै छोटो छ, कम छ । त्यसैले कुनै विलम्व गर्ने काम नगरी आफ्नो जीवनको लक्ष्य र जीवनको मार्गको निर्णय गरिहाल्नु बुद्धिमानी हुन्छ ।

बुद्ध धर्मका अनुसार कर्म र विपाकलाई नबुझ्नाले अर्थात् कर्म सम्मोहको कारणले यस संसारमा सम्पूर्ण मिथ्यादृष्टिका उत्पत्ति हुन्छन् भने धर्महरूलाई नाम रूप मात्र भनी नबुझ्नाले अर्थात् धर्म सम्मोहको कारण मानिसहरूको जीवनमा संज्ञा विपल्लास, चित्त विपल्लास र दृष्टि विपल्लास नामक अनेकौं भ्रमहरू उत्पत्ति हुने गर्दछन् । प्रतीत्य समुत्पाद धर्म वा हेतु प्रत्यय ज्ञानलाई नबुझेको कारणले अर्थात् प्रत्यय सम्मोहको कारणले कारक दृष्टि, वेदक दृष्टि नामक मिथ्या दृष्टिहरू उत्पत्ति हुन्छन्, भने नाम रूप धर्म सबै अनित्य, दु:ख र अनात्मा हुन् भनी नाम रूप धर्ममा त्रिलक्षण धर्म स्वभावलाई नबुझेको कारणले अर्थात् लक्षण सम्मोहको कारणले अविद्या र तृष्णाका बन्धनहरूमा आबद्ध रही सत्वहरू दु:खमय भवचक्रमा रूमल्लिरहन विवश हुन्छन् । भवचक्रको अनन्त चक्रमा घुमिरहने सत्वहरूलाई यस्ता यस्ता धर्मको अभ्यास गर्नाले सम्पूर्ण आश्रवहरू (क्लेशहरू), सम्पूर्ण संयोजनहरू, तृष्णाको बन्धन र अनेक प्रकारका दु:खहरूको पूर्णतया निरोध हुन्छन् र शान्ति परम शान्तिको निर्वाणमा पुगिन्छ भन्ने नजान्नाले नबुझ्नाले अर्थात् निर्वाण सम्मोहको कारणले व्यक्तिहरू आफ्नै इच्छा र चाहनाका विपरित संसार चक्रमा घुमिरहन बाध्य हुन्छन् । भवचक्रबाट मुक्ति प्राप्त गर्ने कामना गर्ने विद्वत् ज्ञानीजनले त्यसैले उपर्युक्त सम्मोह धर्महरूलाई नाश गरी आफूलाई कर्म शक्यता ज्ञान आलोक, धर्म व्यवस्थान ज्ञान, प्रत्यय परिग्रह ज्ञान, लक्षण प्रतिवेध ज्ञान र निर्वाण प्रतिवेध ज्ञान आलोक प्राप्त गर्ने मार्गको आचरण, अनुशरण र अभ्यासमा चाँडो से चाँडो लगाउनु पर्ने हुन्छ । *(हेर्नोस् : पञ्च ज्ञान आलोक विषयमा सविस्तार जान्न लेखकद्वारा अनुदित पुस्तक पञ्च आलोक ।)* बुद्ध धर्ममा धम्मपदमा भनिएको छ - अञ्ञा हि लाभू पनिसा अञ्ञा निब्बान गामिनी । अर्थात्, लौकिक सुख सम्पत्ति लाभ हुने मार्ग अर्कै भिन्नै छ । निर्वाण प्राप्त हुने मार्ग



Downloaded from http://dhamma.digital

अर्कै भिन्नै छ । तसर्थ दु:खलाई सांच्चिकै मन नपराउने सत्वहरूले जति सक्यो चांडो सांसारिक मार्गलाई परित्याग गरी निर्वाण धर्म सम्पादन हुने मार्गको अनुशरण र अभ्यास गर्नु सर्वथा हितकर हुन्छ । भगवान् बुद्धले भन्नु भएको छ -

**मत्ता सुख परिच्चागा पस्से चे विपुलं सुखं ।**
**चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ।।**

अर्थात्

*' महान् विपुल सुखका लागि अल्प सुखलाई परित्याग गर्नु पर्दछ । तसर्थ धैर्यवान् ज्ञानी पण्डितजनहरूले निर्वाणमै परम सुख शान्ति, विपुल सुख शान्तिलाई देखेर सांसारिक सुख रूपी अल्प सुख, थोरै सुखलाई त्याग गर्दछन् ।*

आधुनिक विज्ञान र प्रविधिले मानवको भौतिक सुख सम्पदाका लागि जुटाई दिएका सांसारिक सुख शान्तिका साधन जति छन्, ती साधनबाट लाभ हुने क्षणिक सुख बस्तुत: सत्वहरूले आदि अन्त्यरहित भवचक्रमा घुमिरहंदा भोगिआएका दु:खका सामु अति नै अल्प मात्रा मात्र हुंदोरहेछ भन्ने तथ्य संसारको स्वभाव धर्मलाई राम्ररी जाने बुझेका सम्यक् दृष्टि लाभी जोसुकै ज्ञानीजनले आफैले अनुभव गरी जान्न बुझ्न सक्ने सत्य हो । यस पुस्तकमा गरिएको आधुनिक विज्ञानको विकास र बुद्ध धर्मको तुलनात्मक अध्ययनबाट धर्म र दर्शनको सही आचरण र अभ्यासबाट वास्तविक परमार्थिक सुख शान्ति प्राप्त गर्ने कामना गर्ने आजका वैज्ञानिक युगका बुद्धिजीवीहरू र युवापिंढीका उत्साहीवर्गलाई पनि आधुनिक विज्ञानले पनि वैज्ञानिक खोज र विश्लेषणकै क्रममा बुद्ध धर्मका मूलभूत दार्शनिक मान्यताहरूलाई धमाधम पुन: पुष्टि गर्दै जान थालेको सुखद संयोग र सन्तोषजनक सत्य तथ्यबाट बुद्ध धर्म र दर्शनको वैज्ञानिकता पक्षमा पनि अझ बढी आश्वस्त भई धर्मानुकूल आचरण, अभ्यास र साधना गर्दै लौकिक सुख शान्ति मात्र होइन लोकोत्तर सुख शान्ति उपशम परम शान्ति निर्वाण मार्गकै साधना गर्नलाई पनि प्रोत्साहित गर्ने अपेक्षा गर्न सकिन्छ । त्यसैले सांच्चिकैको शान्ति परम शान्तिको चाहना गर्ने हो भने लोकका उत्पत्ति विषयका अचिन्तनीय अविचार्य मार्गको मात्र अन्धानुशरण



Downloaded from http://dhamma.digital

गर्ने प्रवृत्तिलाई परित्याग गरी अचिन्तेय्य सूत्रमा भगवान् शाक्यमुनि तथागतद्वारा उपदिष्ट सत्य तथ्य धर्मको मर्मलाई जानी बुझीकन दुर्लभ मनुष्य जुनीमा प्राप्त संक्षिप्त आयुलाई लौकिक ज्ञान र चिन्तन र भौतिक सुख सुविधाका क्षणिक लाभको चिन्तामा मात्र आफ्नो जुनी खेर नफाली बुद्ध धर्मानुकूल शील, समाधि र प्रज्ञाको अभ्यास गरी शिघ्रातिशिघ्र जाति, जरा, व्याधि र मरण दुःखबाट सदाको लागि विमुक्ति प्रदान गर्ने निर्वाण धर्मको साधनामा अप्रमादिपूर्वक लगाउन सक्नु नै श्रेयष्कर हुन्छ । यसै मार्गमा मनुष्य जीवनको सार्थकता रहन्छ । धर्मको संकेत, प्रेरणा र प्रोत्साहन यसै दिशातिर अभिमुख देखिन्छ । अस्तु ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# परिशिष्ट

## ıtes's hair apparent ....

NAIRE Bill Gates last night won a stat
vas decided that a child cloned from on
ıt his empire. Laura X, who may not b
ıft employee, had claimed that her six
/e child from an affair with Gates whic
ne pregnant.



ıdia, New Delhi, Friday, March 5, 1999

## ere to paternity

AN, 6ft 2in, works out regularly at the
baby. David Solar, now six month
ı belly reflectively. "I'm sure glad the
e says. "Now I'm just feeling kinda



Downloaded from http://dhamma.digital

ot everyone is relaxed about Solar's unique state. "It's bizarre isgraceful and totally unnatural," said Professor Robe empleton-Mallard of the Bromley Fertility Centre in Kent. "W ave advanced reproductive technologies but this is a step too far.

ı fact, there is nothing ery high-tech about what olar is doing.

ertility experts have nown for years that it /as theoretically possible ɔ prepare a man's body /ith a cocktail of drugs, nplant a fertilised egg in .is abdomen, then for him ɔ give birth via :aesarean section. But no ›ne had been prepared to lo it.



I had read about all these esbian havings babies ogether," says Solar, a ›ersonal fitness trainer vho lives in San ·rancisco.

'Then one day I was watching an old movie about a muscle gu naving a baby and I figured why not me and Miguel?" It took th :ouple some months before they found a doctor who was willin .o help. "It was a real challenge," says Dr Hi Liu of Designe Genes, a clinic in Santa Barbara.

Assuming the birth goes well, the hormones Solar has been takin should enable him to breast-feed. (The Sunday Times)

*(The Times of India, New Delhi, Friday, March 5, 1999*



Downloaded from http://dhamma.digital

# POP ! the first human male pregnancy

## Other Advancements in Human Reproductuion



**Male pregnancy** is made possible by GenoChoice, Inc., a leading company in the new frontier of human reproduction. **GenoChoice**'s premiere service is offered on its innovative "Create Your Own Genetically Healthy Child Online!" web site -- which allows you to scan in your DNA, review your genetic profile, and make almost any health correction and/or enhancement for your unborn child. Genochoice will then gestate your embryo/fetus by offering a surrogate mother along with e-mail pregnancy updates until the birth of your child (which will be broadcasted for you live over the Internet). With GenoChoice, you can have the **best of nature....before you nurture!**

Mr. Lee Mingwei and his family and friends would like to express their gratitude to all the physicians, nurses, and scientists who are helping him through every step of this process. The care provided by these medical professionals has been extraordinary.

This web site and project was created by Virgil Wong of the PaperVeins Museum and GenoChoice, who is also directing the film documentary on Mr. Lee's historic pregnancy.

*(2000 POP - info@malepregnancy.com)*



Downloaded from http://dhamma.digital

# अन्तरिक्षमा पनि पर्यटन शुरु

अन्ततः पृथ्वीभन्दा पर अन्तरिक्षमा पनि हिजोबाट पर्यटन शुरु भएको छ। यो इतिहास रच्ने काम गरेका छन् – अमेरिकी व्यापारी डेनिस टिटो र रुसी अन्तरिक्ष यान सोयुजले।

त्यसो त अन्तरिक्षमा पहिलो पटक मानव पुऱ्याउने काम पनि रुसले नै गरेको थियो र अहिले पर्यटक पुऱ्याउने काम पनि रुसले नै गरेको छ। तर अन्तरिक्ष पर्यटनमा जाने डेनिस टिटोको सपना भने त्यति सजिलो भने भएन। यद्यपि उनले यसका लागि दुई करोड डलर खर्च गरेका थिए।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले रुसको यो कार्यमाथि आपत्ति जनाएका थिए। एक गैर अन्तरिक्ष यात्री अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा जाँदा उसले त्यहाँका उपकरणहरू बिगारिदेला कि भनेर नासा डराएको थियो।

"त्यहाँको सामान तिमीले छोएर बिग्रियो भने हर्जाना तिर्छौ?" नासाका अधिकारीहरूले सोधे। "तिर्छु" टिटोले भने। "घाइते भयौ भने मुद्दा त ठोक्दैनौ" "अहँ ठोक्दिन"। तब बल्ल नासाले उनलाई हरियो झण्डा देखायो। तर पनि अन्तिम क्षणसम्म टिटोलाई आफू यो यात्रा गर्दैछु भनेर विश्वास भएको थिएन।

कम्प्यूटरमा खराबी आएर उडान केही ढिलो भए पनि हिजो पहिलो अन्तरिक्ष पर्यटक डेनिस टिटो सहित दुई रुसी अन्तरिक्ष यात्रीहरूलाई लिएर सोयुज यान प्रस्थान गरेको छ। दुई दिनपछि अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा उनीहरू पुग्नेछन्। त्यसपछि त्यहीं भित्र बसेर नै उनले पृथ्वीलाई परिक्रमा गर्नेछन्।

*(सिटी टाइम्स सन्ध्याकालीन, २०५८ बैशाख १५ गते शनिवार, April 29, 2001)*



Downloaded from http://dhamma.digital

# BIBLIOGRAPHY
## सहायक ग्रन्थहरू


1. Gorkam, N. V. : Abhidhamma in Daily Life, Dhamma Study Group, Bangkok, 1975.
2. Nanamoli, Bhikkhu The Path of Purification, Buddhist Publication Society, Kandy, Sri Lanka, 3rd Edition, 1975.
3. NU, U. Maung : Buddhism : Theory and Practice, Mahachulalongkorn Buddhist University, Bangkok, B.E. 2526.
4. Savangvarorose, B.O. : Illumination, A Selection of Dhamma Preaching by Somdet Phra Nyanasamvara, Chulalongkorn University, Bangkok, 1977.
5. Jayalilleke, K.N. Early Buddhist Theory of Knowledge, Motilal Banarasidas, Reprint, Delhi, 1980.
6. Muller, F.M. : The Sacred Books of the East, Vol. XXXV & XXXVI, Motilal Banarasidas, Reprint, 1969.
7. Narada, M.T. : The Buddha & His Teachings, Buddhist Missionary Society, Malaysia, Fourth Edition, 1988, Reprint, 1998.
8. Ambedkar, B.R. Dr. : The Buddha & His Dhamma, Buddha Bhoomi Publication, Nagpur, Reprint, 1997.
9. Radhakrishnan, S. The Dhammapada, Oxford University Press, Fifth Impression, 1977, Madras.
10. Maharathi, U. : Dhammapada, The Wisdom Eyed Printworks, Bodha, 1973.
11. Buddhadasa, Bhikkhu : Buddhadhamma for Students, Thammasat University, Bangkok, 1966.
12. Sanskrityayan, R. Selected Essays, People's Publishing House, New Delhi, 1984.
13. Nyanaponika, Thera : The Progress of Insight by Mahasi Sayadaw, Buddhist Publication Society, Kandy, Sri Lanka, 1978.
14. Santina, P.D. The Tree of Enlightenment, Chico Dharma Study Foundation, 1997, Reprint, Taipei, 1998.
15. McGovern, W.M. An Introduction to Mahayan Buddhism, Sahitya Ratan Mala Karyalaya, Varanasi-1968.




Downloaded from http://dhamma.digital

16. Capra, F. : The Tao of Physics, Bantam Books, New York, Revised Edition, 1984
17. Sutra Translation Committee : The Seeker's Glossary : Buddhism, 2nd Edition, 1998.
18. Goenka, S.N. : The Discourse Summaries, Vipasyana Vishodhan Vinyas, Bombay, 1987, Reprint, 1989.
19. Hart, W. : The Art of Living, Vipassana Research Institute, Maharashtra, 3rd Edition, 1990.
20. Barua, S.K. Phra : Buddhist Thought & Meditation in the Nuclear Age, Wat Chulaprathan Ranggstit, Thailand, 2nd Edition, 1994.
21. Chaudhary, S. : Concise Medical Physiology, New Centre Book Agency, Calcutta, 2nd Edition, 1993.
22. Howkins & Bourne, : Shaw's Text Book of Ganaecology, 10th Edition, 1993.
23. Dawn, C.S. : Text Book of Ganaecology and Contraception, 10th Edition, 1990.
24. Sing, I. : An Introduction to Human Embryology, Reprint, 1993.
२५. वन्द्य, आर. बि. जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग (अनुवाद), मूल लेखिका एन.भी. गोरकम, नन्दसिद्धि गुभाजु, कयो मयूजु, मखन टोल, काठमाडौं, २०४१ ।
२६. वन्द्य, आर. बि. पञ्च आलोक (अनुवाद), मूल लेखक अग्गमहा-पण्डित डा. लेडि सयादो, नन्दसिद्धि गुभाजु, कयो मयूजु, मखन टोल, काठमाडौं, २०४२ ।
२७. वन्द्य, आर. बि. धातु भेदानुपस्सना (अनुवाद), मूल लेखक ने.भा. अनुवादक संघमहानायक प्रज्ञानन्द महास्थविर, नन्दसिद्धि गुभाजु, कयो मयूजु, मखन टोल, काठमाडौं, २०४४ ।
२८. वन्द्य, आर. बि. बुद्ध धर्म र आधुनिक विज्ञान, नन्दसिद्धि गुभाजु, मखन टोल, काठमाडौं, २०४४ ।
२९. वन्द्य, आर. बि. आधुनिक विज्ञानको नजरमा बुद्ध धर्म (कार्यपत्र) धर्मोदय सभा, काठमाडौं, २०४४ ।
३०. ज्ञानपूर्णिक भिक्षु : बुद्ध र बुद्धवाद (अनुवाद), बेतिमाया शाक्य, पहिलो संस्करण, २०४८ ।
३१. ज्ञानपूर्णिक भिक्षु जीवनको सफलता (अनुवाद), मूल लेखक डा. मिङ् तिङ् म्वन्, एम. एस्सी., पि.एच. डी., डा. रत्न बहादुर शाक्य, प्र. सं. २०५३ ।



Downloaded from http://dhamma.digital

३२. ज्ञानपूर्णिक भिक्षु कर्म र मनुष्य (अनुवाद), मूल लेखक प्युंदजा अशियङ सुन्दर, लेखमाया शाक्य, २०४८ ।

३३. मानन्धर, नानीमैंया नियाम दीपनी (अनुवाद), मूल लेखक अग्गमहापण्डित डा. लेडि सयादो, प्र.स., प्रथम संस्करण २०४२ ।

३४. मानन्धर, नानीमैंया बुद्धका प्रथम सन्देश (अनुवाद), मूल लेखक ऊ.नु, भिक्षु सुमङ्गल, २०३६ ।

३५. मानन्धर, नानीमैंया मग्गङ्ग दीपनी (अनुवाद), प्र.स., तृतीय संस्करण, २०४२ ।

३६. धम्मवती, अनगारिका : बौद्ध प्रश्नोत्तर, अनु. दिलकमल तुलाधर, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, बु.सं. २५१७ ।

३७. बज्राचार्य, प्रकाश बौद्ध दर्पण, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०३९ ।

४०. बज्राचार्य, प्रकाश मानव महामानव, धर्मकीर्ति प्रकाशन, २०४३ ।

४१. बज्राचार्य, प्रकाश बुद्ध र बुद्धपछि, धर्मकीर्ति प्रकाशन, २०४८ ।

४२. मानन्धर, मदन रत्न बौद्ध विश्वास (अनुवाद), मूल लेखक के. श्री धम्मानन्द, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०५१ ।

४३. बज्राचार्य, दुण्डबहादुर दीघ निकाय, वीरपूर्ण पुस्तक संग्रहालय, २०५६।

४४. बज्राचार्य, दुण्डबहादुर मज्भिम निकाय, वीरपूर्ण पुस्तक संग्रहालय, २०५७ ।

४५. सांस्कृत्यायन, राहुल बुद्ध चर्य्या, महाबोधि सभा, बनारस, ई. सन् १९५२ ।

४६. सांस्कृत्यायन, राहुल बौद्ध दर्शन, किताव महल, इलाहावाद, सप्तम संस्करण, सन् १९८९ ।

४७. कौसल्यायन, डा.भदन्त आनन्द बौद्ध धर्म एक बुद्धिवादी अध्ययन, बुद्ध भूमि प्रकाशन, नागपुर, पांचवां संस्करण, सन् १९९३।

४८. रक्षित, भिक्षु धर्म धम्मपद, संस्कृत पुस्तकालय, वाराणसी, चतुर्थ संस्करण, सनु १९७१ ।

४९. रेवत, डा. डी. थेरवाद बौद्ध धर्म में योग और साधना, मूलगंधकुटी विहार, सारनाथ, सन् १९९२ ।

५०. काश्यप, भिक्षु जगदीश : मिलिन्द प्रश्न, जेतवन महाविहार पालि संस्थान, श्रावस्ती, द्वि. संस्करण, सन् १९७२ ।

५१. गोयन्का, सत्य नारायण : धर्म ज्योति, विपश्यना विशोधन विन्यास, बम्बई, द्वितीय आवृत्ति, सन् १९८५ ।

५२. गोयन्का, सत्य नारायण : प्रवचन सारांश, विपश्यना विशोधन विन्यास, इगतपुरी, चतुर्थ आवृत्ति, सन् १९९९ ।



Downloaded from http://dhamma.digital

१३. शास्त्री, शान्ति भिक्षु — ललित विस्तर, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, प्रथम संस्करण, सन् १९८४ ।

१४. प्रज्ञानन्द, भिक्षु — अनागतवंश, योगवीर सिंह, प्रथमावृत्ति २००९ ।

१५. प्रज्ञानन्द, भिक्षु — सङ्घार भाजनी, सूर्यमान, २०४० ।

१६. ज्ञानपूर्णिक, भिक्षु — अभिधर्मार्थ संग्रह, भाग १, हेराकाजि, प्रथम संस्करण, ने.सं. १०९१ ।

१७. ज्ञानपूर्णिक, भिक्षु — जीवनया समस्या (अनुवाद), अनागारिका ज्ञाणवती, प्रथम संस्करण, २०४७ ।

१८. बुद्धघोष, भिक्षु — ऊ.नुया मिखाय् बुद्ध, धर्म, संघ व बुद्ध शासन, भिक्षु कुमार काश्यप, प्रथम संस्करण, २०३६ ।

१९. बुद्धघोष, भिक्षु — कम्मट्ठान–दीपनी (अनुवाद), मूल लेखक अग्गमहापण्डित डा. लेडि सयादो, पवित्र बहादुर, प्रथम संस्करण, २०४७ ।

२०. बुद्धघोष, भिक्षु — बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान प्रश्नावली, हेराकाजि, तृतीय संस्करण, २०२९ ।

२१. माधवी अनागारिका — त्रिरत्न वन्दना, यशोधरा बौद्ध विद्यालय, तृतीय संस्करण, २०२५ ।

२२. अनिरूद्ध, भिक्षु — विपस्सना दीपनी (अनुवाद), मूल लेखक अग्गमहापण्डित डा. लेडि सयादो, चन्द्रदर्शन, द्वितीय संस्करण, २०३७ ।

२३. सुदर्शन, भिक्षु — बुद्ध धर्मया मूल सिद्धान्त (अनुवाद), मूल लेखक राहुल सांस्कृत्यायन, प्रथम संस्करण, २०२५ ।

२४. बज्राचार्य, दुण्ड बहादुर : दीघ निकाय (अनुवाद), वीर पूर्ण पुस्तक संग्रहालय, २०४६ ।

२५. बज्राचार्य, दुण्ड बहादुर : मज्भिम निकाय (अनुवाद), वीर पूर्ण पुस्तक संग्रहालय, २०५४ ।

२६. बज्राचार्य, दुण्ड बहादुर : संयुक्त निकाय (अनुवाद), वीर पूर्ण पुस्तक संग्रहालय, २०५५ ।

२७. बज्राचार्य, दुण्ड बहादुर : मिलिन्द प्रश्न (अनुवाद), वीर पूर्ण पुस्तक संग्रहालय, २०५६ ।

२८. शाक्य, मिन बहादुर — ललित विस्तर सूत्र, (सम्पादन), मूल लेखक पं. निष्ठानन्द बज्राचार्य, युवक बौद्ध प्रकाशन, २०३५ ।

२९. विभिन्न पत्रपत्रिकाहरू — द टाइम्स अफ इण्डिया, दि इकोनोमिक टाइम्स, दि इण्डियन एक्प्रेस, द राइजिंग नेपाल, गोरखापत्र, विजनेश स्टायण्डर्ड, हिन्दुस्थान, महानगर, नेपाल समाचारपत्र, स्पेशटाइम दैनिक, सन्ध्या टाइम्स ईत्यादि ।




Downloaded from http://dhamma.digital

# प्रातः स्मरणीय बुद्ध बचनहरू

मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन भासति वा करोति वा ।
ततो नं दुक्ख मन्वेति चक्कं'व वहतो पदं ॥

— बुद्ध, धम्मपद १,१(१)

अर्थ

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा प्रमुख हो । सबै मनबाट नै उत्पत्ति हुन्छन् । यदि कसैले दूषित मनले कुरा गरेमा वा काम गरेमा दु:खले उसको अनुशरण उसै प्रकारले गर्दछ जसरी गाडाको चक्काले बयलको गोडाको अनुशरण गर्दछ ।

मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।
मनसा चे पसन्नेन भासति वा करोति वा ।
ततो नं सुख मन्वेति छाया'व अनपायिनी ॥

— बुद्ध, धम्मपद १,२(२)

अर्थ

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा मुख्य हो । सम्पूर्ण प्रवृत्तिहरू मनबाट नै उत्पन्न हुन्छन् । यदि कसैले प्रसन्न (स्वच्छ) मनले कुरा गरेमा वा काम गरेमा सुख उसको पछि पछि त्यसरी नै लाग्छ जसरी सदैव प्रतिविम्वले व्यक्तिलाई पछ्याउने हुन्छ ।

नहि वेरेन वेरानि सम्मन्ती'ध कुदाचनं ।
अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ॥

— बुद्ध, धम्मपद १,४(५)

अर्थ

यस संसारमा वैरीहरू वैरभावबाट कदापि शान्त हुँदैनन् । अवैर (मैत्री) भावले मात्र वैर शान्त हुन्छन् । यही नै सनातन कालदेखि चलेर आइरहेको धर्म (= नियम) हो ।



Downloaded from http://dhamma.digital

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये च तं उपनह्यन्ति वेरं तेसं न सम्मति ॥**

**— बुद्ध, धम्मपद १,३(३)**

**अर्थ**

मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा राखिरहन्छ, त्यसको शत्रु कहिल्यै पनि शान्त हुदैन ।

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये तं न उपनह्यन्ति वेरं ते सूप सम्मति ॥**

**— बुद्ध, धम्मपद १,३(४)**

**अर्थ**

मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा लिइरहदैन, त्यसको शत्रु शान्त हुन्छ ।

**मुहूर्तमपि चे विञ्ञू पण्डितं पयिरूपासति ।**
**खिप्पं धम्मं विजानाति जिव्हा सूप रसं यथा ॥**

**— बुद्ध, धम्मपद ५,६(६)**

**अर्थ**

तीक्ष्ण बुद्धि भएका विज्ञ पुरुषले क्षणभरि नै मात्र पण्डितको सेवा (संगत) गरे पनि चांडै नै धर्मलाई त्यसरी नै अवबोध गर्दछ जसरी जिब्रोले दालको रसास्वादन तत्कालै गर्दछ ।

**यथागारं दुच्छन्नं वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं रागो समतिविज्झति ॥**

**— बुद्ध, धम्मपद १,९(१३)**

**अर्थ**

राम्ररी छाना नछाएको घरमा वर्षात्मा पानी चुहिए जस्तै ध्यान भावना नगरिएको चित्तमा राग, द्वेष, मोह रूपी पानी पनि चुहिने गर्दछ ।

**पापो'पि पस्सति भद्रं याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं अथ पापो पापानि पस्सति ॥**

**— बुद्ध, धम्मपद ९,४(४)**

**अर्थ**



Downloaded from http://dhamma.digital

जतिञ्जेल पापको फल आउँदैन त्यतिञ्जेल पापीले पापलाई पनि असल (भद्र) नै हो भनी सम्भिफराख्तछ। किन्तु जब पापको फल आउंछ, अनि मात्र उसलाई आफ्नो पाप (कुकर्म) देखिन थाल्छ।

**फेणुपमं कायमिमं विदित्वा धम्मं अभि सम्बुधानो।**
**छेत्वान मारस्स पपुप्फकानि अदस्सनं मच्चुराजस्स गच्छे॥**

**— बुद्ध, धम्मपद ४,२(३)**

**अर्थ**

**फींजको पिण्ड समानका रूप स्कन्ध वा मृगतृष्णा समानका नाम स्कन्धले युक्त यो देह हो भनी प्रज्ञा ज्ञानले देख्न सक्ने व्यक्ति मारको बन्धनलाई तोडेर मृत्युराज (काल) ले देख्न नसक्ने स्थान निर्वाणमा पुग्दछ।**

**यथापि पुप्फरासिम्हा कथिरा मालागुणे बहु।**
**एवं जातेन मच्चेन कत्तब्बं कुशलं बहुं॥**

**— बुद्ध, धम्मपद ४,८(१०)**

**अर्थ**

**जसरी दक्ष मालाकारनीले पुष्प राशीबाट राम्रा राम्रा फूलहरू चुनी धेरै फूलका मालाहरू गुथ्दछे, त्यसरी नै संसारमा जन्म भएका मनुष्यहरूले धेरै पुण्य गर्नु पर्दछ।**

**ये धम्मा हेतुप्पभावा तेसं हेतु तथागतो आह।**
**तेसं च यो निरोधो एवं वादी महासमणो॥**

**— पंचभद्रवर्गीय भिक्षु अस्सजीत**

**अर्थ**

(यस संसारमा) हेतुबाट उत्पन्न हुने जति पनि धर्महरू छन् ती सबैको कारण तथागत बताउनु हुन्छ र तिनको निरोध पनि बताउनु हुन्छ। यही नै महाश्रमण (तथागत) को वाद हो।

**यो च वस्स सतं जीवे अपस्सं धम्ममुत्तमं।**
**एकाहं जीवितं सेय्यो पस्सतो धम्ममुत्तमं॥**

**— बुद्ध, धम्मपद ८,९(११)**

**अर्थ**

उत्तम धर्म नदेख्नेको एक सय बर्षको आयुको जीवनभन्दा उत्तम धर्म (बुद्धोपदेशित धर्म) लाई देख्ने व्यक्तिको एक दिन मात्रको जीवन श्रेष्ठोत्तम (सार्थक) हुन्छ।



Downloaded from http://dhamma.digital

पुप्फानि हेव पचिनन्तं व्यासत्तमनसं नरं ।
सुत्तं गामं महोघोव मच्चु आदाय गच्छति ॥

— बुद्ध, धम्मपद ४,३(४)

अर्थ

काम भोगरूपी पुष्पलाई रोज्ने आशक्तियुक्त व्यक्तिहरूलाई मृत्यु (काल) ले उही प्रकारले पक्रेर लान्छ जसरी कि आकस्मिक रूपमा आएको ठूलो बाढीले सुतिरहेको गाउंलाई बगाएर लान्छ ।

अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।
अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मता ॥

— बुद्ध, धम्मपद २,१(१)

अर्थ

अप्रमादी हुनु अमृत पदको साधना गर्नु हो भने प्रमादी हुनु मृत्यु पदको साधना गर्नु हो । प्रमादी व्यक्ति सदैव जीवित रहे पनि मरेतुल्य नै हो । किन्तु अप्रमादी व्यक्तिमरेर गए पनि अमर हुन्छ ।

सब्बे सङ्खारा अनिच्चा'ति यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

— बुद्ध, धम्मपद २०,२(५)

अर्थ

"सम्पूर्ण संस्कार अनित्य हुन्" भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट विराग प्राप्त हुन्छ । यही निर्वाणको मार्ग हो ।

सब्बे सङ्खारा दुक्खा'ति यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

— बुद्ध, धम्मपद २०,३(६)

अर्थ

सम्पूर्ण संस्कार दु:ख हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट निर्वेद (विराग) प्राप्त हुन्छ, यही विशुद्धि (निर्वाण) को मार्ग हो ।

सब्बे धम्मा अनत्ता'ति यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

— बुद्ध, धम्मपद २०,४(७)

अर्थ



Downloaded from http://dhamma.digital

सम्पूर्ण धर्म (पञ्चस्कन्ध) अनात्मा हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट विराग प्राप्त हुन्छ, यही निर्वाणको मार्ग हो ।

**अभिवादन सीलिस्स निच्चं वुड्ढा'पचायिनो ।**
**चतारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥**

– बुद्ध, धम्मपद ८,८(१०)

अर्थ

त्रिरत्नलाई पूजा र अभिवादन गर्ने, वय:बृद्ध, शीलबृद्ध र ज्ञानबृद्धहरूलाई आदर सत्कार गर्ने सज्जनको आयु, वर्ण, सुख र बल, यी चारै प्रकारका धर्मफलको बृद्धि हुन्छ ।

**सील दस्सन सम्पन्नं धम्मट्ठं सच्चवादिनं ।**
**अत्तनो कम्म कुब्बानं तं जनो कुरुते पियं ॥**

– बुद्ध, धम्मपद १६,७(९)

अर्थ

शीलवान्, सद्धर्ममा प्रतिष्ठित, सत्यवादी र धर्म कार्यमा संलग्न रहने पुद्गललाई लोकजनले मन पराउंछन् ।

**सब्ब दानं धम्मदानं जीनाति, सब्बं रसं धम्मरसो जीनाति ।**
**सब्बं रतिं धम्मरतिं जीनाति, तण्हक्खयो सब्ब दुक्खं जीनाति ॥**

– बुद्ध, धम्मपद २४,१०(२१)

अर्थ

यावत् दानलाई धर्मदानले जितेको हुन्छ । यावत् रसलाई धर्मरसले जितेको हुन्छ । यावत् प्रेमलाई धर्मप्रेमले जितेको हुन्छ । तृष्णा क्षय (निर्वाण) ले सम्पूर्ण दु:खलाई जितेको हुन्छ । अर्थात् दानमध्येमा धर्मदान श्रेष्ठोत्तम छ, रसमध्येमा धर्मरस श्रेष्ठोत्तम छ । प्रेममध्येमा धर्मप्रेम श्रेष्ठोत्तम छ । तृष्णा क्षयले सम्पूर्ण दु:खलाई विनाश गर्दछ ।

**यो सहस्सं सहस्सेन सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं स वे सङ्गाम जुत्तमो ॥**

– बुद्ध, धम्मपद ८,३(४)

अर्थ

संग्राममा गई हजारौं हजार सैनिकहरूलाई जित्न सक्ने व्यक्तिभन्दा आफ्नो मन एउटालाई जित्न सक्नेलाई संग्राम जीत भनिन्छ ।



Downloaded from http://dhamma.digital

"चरथ भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय, देवमनुस्सानं। देसेथ भिक्खवे, धम्मं आदि कल्याणं, मज्भे कल्याणं, परियोसाने कल्याणं, सात्थं, सब्यञ्जनं, केवल परिपुण्णं, परिसुद्धं ब्रम्हचर्य पकासेथ।"

— बुद्ध

अर्थ

"भिक्षुहरू ! बहुजन हितका लागि, बहुजन सुखका लागि, लोकमाथि दया गर्नका लागि, देवताहरू र मनुष्यहरूका प्रयोजनका लागि, हितका लागि, सुखका लागि, चारिका (भ्रमण) गर। आदि (अतीत काल) मा कल्याणकारक, मध्य (वर्तमान काल) मा कल्याणकारक, अन्त (पर्यवसान=भविष्य काल) मा पनि कल्याणकारक यस धर्मको उपदेश गर। अर्थयुक्त (कुशल अर्थ सहितको) ब्यञ्जनयुक्त (कुशल व्यञ्जन=व्याख्यान सहितको), धर्मले भरिपूर्ण रहेको परिपूर्ण परिशुद्ध ब्रम्हचर्य धर्मलाई प्रकाश गर।"

# अन्तिम जिन बचन

"हन्ददानि भिक्खवे, आमन्तयामि वो, वय धम्मा संखारा,
अप्पमादेन सम्पादेथ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखक परिचय



**आर. बि. वन्द्य**

२०१९ मा बौद्ध भक्ति गीतको रचना प्रकाशित गरी बुद्ध धर्मको क्षेत्रमा कलम चलाउन थाल्नु भएका बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्द्यज्यूको प्रस्तुत पुस्तक बुद्ध धर्मको क्षेत्रमा एघारौं प्रकाशित पुस्तक हो । बुद्ध धर्मका विषयमा ग्रन्थहरू लेख्न शुरू गर्नुभन्दा अगाडि उहाँ साहित्यमा अभिरूची लिनुहुन्थ्यो । उहाका नेपाली साहित्यिक रचनाहरू विभिन्न मासिक पत्रिकाहरूमा प्रकाशित हुने गर्दथ्यो । उहाँका अन्य विषयका अंग्रेजी, नेपाली र नेपाल भाषाका रचनाहरू पनि समय समयमा विभिन्न पुस्तक पुस्तिका तथा पत्रिकाहरूमा प्रकाशित भएका छन् । साहित्य, परोपकार र धर्म र दर्शनको सेवा उहाँका अतिरिक्त रूचीका विषय हुन् ।

किशोरावस्थादेखि बुद्ध धर्मको साधनामा लाग्नु भएका श्री वन्द्यज्यूले बुद्ध धर्मका सूक्ष्म पक्षहरू र वैज्ञानिक पक्षहरूका सम्बन्धमा विभिन्न संघ संस्थाहरूमा अनेकौंबार रोचक तथा गहन प्रवचनहरू दिनु भएको छ । उहांको प्रचलित नाम हो राजा भाइ शाक्य । उहांले त्रि.वि.वि.बाट एम.ए. (अर्थशास्त्र) मा सर्वोत्कृष्ट स्थान हासिल गर्नु भएको थियो ।

३५ बर्षसम्म लामो श्री ५ को सरकारको सेवामा रहंदा उहाँले काठमाडौं उपत्यकामा भूमि प्रशासक, सप्तरीमा प्रमुख जिल्ला अधिकारी र भूमि सुधार मन्त्रालय तथा वाणिज्य मन्त्रालयमा विभिन्न पदमा रही नेपालको भूमि व्यवस्थाको सुधार र विकासमा र देशको वाणिज्य तथा पारवहन क्षेत्रको सुधारमा अनुपम ऐतिहासिक योगदान पुऱ्याउनु भएको छ । उहाँले आफ्नो कूटनैतिक जीवनमा नेपाल–भारत सम्बन्धमा शिथीलता आउंदाको समयमा भारतको कोलकातामा नायव महावाणिज्यदूतको पदमा रही महत्वपूर्ण सेवा पुऱ्याउनु भएको थियो भने उहाँ सरकारी सेवाको आखिरी दिनसम्म पनि भारतको नयां दिल्लीमा इकोनोमिक मिनिष्टरको पदमा क्रियाशील रहनु भयो ।

उहाँ विख्यात त्रिशक्तिपट्ट, सुप्रवल गोरखा दक्षिणबाहु र प्रवल गोरखा दक्षिणबाहुबाट विभूषित हुनुहुन्छ र श्री ५ महाराजाधिराज सरकार र श्री ५ को सरकारबाट प्राप्त समेत गरी ५ अलंकार पदकहरूबाट सुशोभित हुनुहुन्छ । निजी क्षेत्रबाट उहाँले नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्रशंसापत्र र प्रशंसा पदक, श्रीशाक्यसिंह विहारबाट आदरपत्र र फिलिपिन्सको बागियोको "वाइजमेन्स क्लव" बाट प्रथम मानार्थ सदस्यता प्राप्त गर्नु भएको छ ।

उहाँले भारत, चीन, बंगलादेश, श्रीलंका, माल्दीभ्स, म्यानमार, थाइल्याण्ड, फिलिपिन्स, इण्डोनेशिया, हंगकंग, सिंगापुर, अष्ट्रेलिया, पपुआ न्यूगिनी, इटाली, फ्रान्स, संयुक्त अधिराज्य, इराक, कुवेत, युगोस्लाभिया, संयुक्त अरव एमिरेट्स आदि देशहरूको भ्रमण गर्नु भएको छ ।

धार्मिक सहिष्णुता र सहअस्तित्वमा गहिरो आस्था राख्नु हुने श्री वन्द्यज्यू धर्म र दर्शनको क्षेत्रमा उदारवादी दृष्टिकोण राख्नुहुन्छ । मानव मात्रको व्यक्तिगत सुख, शान्ति र कल्याणको साथै आर्य मार्ग ज्ञान र फलले चिरस्थायी विश्व शान्ति कायम गर्नमा पनि अनुपम भूमिका खेल्न सक्ने कुरामा विश्वस्त हुनुहुन्छ । उहाँ धर्मोदय सभाका सदस्य, श्रीशाक्यसिंह विहार, श्री सुमंगल विहार, श्री नगरमण्डप श्रीकीर्ति विहार र श्री प्रणिधिपूर्ण विहारका आजीवन सदस्य हुनुहुन्छ । उहां प्रज्ञानन्द स्मृति चिकित्सालयमा सल्लाहकार हुनुहुन्छ ।

सरकारी सेवाको व्यस्त जीवनमै दश वटा बुद्ध धर्म सम्बन्धी ग्रन्थ लेख्न भ्याउनु भएका श्री वन्द्यज्यूबाट बुद्ध धर्म क्षेत्रले आगामी दिनहरूमा अमूल्य ग्रन्थरत्नहरू लाभ गर्न सकिने अपेक्षा गर्न सकिन्छ । उहाँको यस गम्भीर प्रकृतिको प्रस्तुत पुस्तकबाट नेपालका बुद्धिजीवीहरू निकै लाभान्वित हुने आशा गरेको छु । उहाँका नेपालीमा ७, अंग्रेजीमा २ र नेपाल भाषाका ३ वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

– **डा. टी. एन. पथिक**

संस्थापक ┌ पथिक हेल्थ फाउण्डेशन तथा
अध्यक्ष └ नेपाल योग चिकित्सा अनुसन्धान केन्द्र

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

| | पुस्तकको नाम | प्रकाशन वर्ष वि.सं. | ई.सं. |
|---|---|---|---|
| १. | संघनायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी (नेपाल भाषा) | २०३२ | १९७५ |
| २. | काकवलीय महाजनहरूको कथा (नेपाली भाषामा अनुवाद) | २०३२ पौष | १९७६ |
| ३. | Sanghanayaka Ven. Pragnananda Mahasthabir (A concise Biography) | २०३५ | १९७८ |
| ४. | क) जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग (एक प्रारम्भिक विवेचना) – नेपाली भाषामा अनुवाद (प्रथम संस्करण) | २०४१ | १९८४ |
| | ख) ऐ. (द्वितीय संस्करण) | २०५९ | २००२ |
| ५. | पञ्चआलोक (नेपाली भाषामा अनुवाद) | २०४२ | १९८५ |
| ६. | अखिल नेपाल भिक्षु महासंघया आजीवन धर्मानुशासक अरिय धम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी (नेपाल भाषा) | २०४३ | १९८६ |
| ७. | A Brief Biographical Account of Ariya Dhamma Rakkhita Nepal Buddha Sasana Vansalankar Siri Sangha Maha Nayak Most Venerable Pragnananda Mahasthabir. The Life Long Dharmanushasaka of All Nepal Bhikshu Mahasangha, Nepal. | २०४३ | १९८६ |
| ८. | धातु भेदानुपस्सना (नेपाली भाषामा अनुवाद) | २०४४ | १९८७ |
| ९. | बुद्ध धर्म र आधुनिक विज्ञान (नेपाली) | २०४४ | १९८७ |
| १०. | नेपालमा बुद्ध धर्मको आधुनिक इतिहासको अनुपम व्यक्तित्व संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर (नेपाली) | २०५६ | १९९९ |
| ११. | क) आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म (नेपाली) प्र.संस्करण | २०५८ | २००१ |
| | ख) ऐ. (द्वितीय संस्करण) | २०५९ | २००२ |
| १२. | स्थविरवादी बौद्ध परम्पराय् बुद्ध पूजा (नेपाल भाषा) | २०५८ | २००१ |

# लेखकका अप्रकाशित साहित्यिक कृतिहरू

१. मतिना (कथा संग्रह, २०१८) – नेपाल भाषा
२. ल्हायेम्व पाहाँ (कथा संग्रह, २०१९) – नेपाल भाषा
३. म आउने छु (कथा तथा कविता संग्रह, २०१८–२०१९) – नेपाली भाषा
४. ए मानव छ दं (कविता संग्रह, २०१८–२०१९) – नेपाल भाषा
५. मालाच्वना जिं नं (गीत संग्रह, २०१८–२०२०) – नेपाल भाषा

Downloaded from http://dhamma.digital